

# द्वन्द्वबाट रूपान्तरणतिर

सामाजिक रूपान्तरण, पुनर्संरचना र ट्रेड युनियनका विषयमा बहस

सम्पादन
विष्णु रिमाल / उमेश उपाध्याय

# द्वन्द्वबाट रूपान्तरणातिर

## From Conflict to Transformation

सामाजिक रूपान्तरण, पुनर्संरचना र ट्रेड युनियनका विषयमा बहस

# द्वन्द्वबाट रूपान्तरणतिर
(सामाजिक रुपान्तरण, पुनर्संरचना र ट्रेड युनियनका विषयमा बहस)
From Conflit to Transformation

**सम्पादन:**
विष्णु रिमाल
उमेश उपाध्याय

**शुद्धाशुद्धि** : कवीन्द्र शेखर रिमाल

**प्रकाशन** : २०६७ असार

**प्रकाशक** :
नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)
पुतलीसडक, मनमोहन मजदुर भवन, काठमाडौं
फोन : ४ १६ ८० ००, फ्याक्स : ४ १६ ८० ०१
इमेल : office@gefont.org वेब : www.gefont.org

**प्रकाशन सहयोग** :
फ्रेडरिख इवर्ट इस्टीफटुङ्ग (एफइएस), नेपाल

**तस्बीर** :
सुदर्शन कार्की

**आवरण तस्बीर** :
महेन्द्र श्रेष्ठ

**मूल्य** : रु. ४००/-

**डिजाइन तथा मुद्रण व्यवस्थापन** :
एम्ज माउस, पुतलीसडक

© GEFONT 2010

जिफन्ट प्रकाशन नं. ११४
ISBN : 978-9937-8197-3-2

# विषय सूची


समर्पण v

प्रस्थान विन्दु vii

भाग-१ पहिलो सत्र

**रुपान्तरण र अर्थ-राजनीतिक विषय-वस्तु** १

- सन्दर्भ र प्रश्नहरू ३
- विचार र बहस ५
- बहस । टिप्पणीहरू ४५
- प्रत्युत्तर ७१
- कार्यपत्र र सन्दर्भ सामग्रीहरू ८९

भाग-१ दोस्रो सत्र

**रुपान्तरण र अर्थ-राजनीतिक विषय-वस्तु** १३३

- सन्दर्भ र प्रश्नहरू १३५
- विचार र बहस १३७
- बहस । टिप्पणीहरू १६१
- प्रत्युत्तर १८६
- कार्यपत्र र सन्दर्भ सामग्रीहरू १९९

भाग-२ तेस्रो सत्र

**रुपान्तरण र सामाजिक-साँस्कृतिक पक्ष** २३३

- सन्दर्भ र प्रश्नहरू २३५
- विचार र बहस २३७
- बहस । टिप्पणीहरू २८९
- कार्यपत्र र सन्दर्भ सामग्रीहरू ३०९

भाग-३ निष्कर्ष सत्र

**सामाजिक रुपान्तरणका लागि पुनर्संरचनाः ट्रेड युनियनका विषयहरू** ३५९

- सन्दर्भ र प्रश्नहरू ३६१
- विचार र बहस ३६५
- बहस । टिप्पणीहरू ३८३
- प्रत्युत्तर ४००
- कार्यपत्र र सन्दर्भ सामग्रीहरू ४०५

सहभागी परिचय ४१५



# समर्पण

ऐतिहासिक जनआन्दोलन सफल भएको झण्डै १ वर्ष बितिसकेको थियो। ०६४ सालको वैशाख २-४ गतेसम्म हामी जिफन्टका नेतृत्वमा रहेकाहरू मिरावेल रिसोर्ट, धुलिखेलमा जम्मा भयौं। यो पल्टको उद्देश्य थियो, 'नेपाल'लाई फेरि एकचोटि बुझ्ने प्रयत्न गर्ने, भर्खरै प्राप्त भएको उपलब्धीलाई संस्थागत गरी समृद्ध र समुन्नत नेपालको निर्माण कसरी गर्ने भन्नेमा बौद्धिक बहस सञ्चालन गर्ने !

हामीसँग परिवर्तनले जगाएको उर्लदो आकाङ्क्षा थियो- १० वर्षमा कहाँ पुग्ने, २० वर्षमा कहाँ पुग्ने भन्ने आकासिंदो सपना थियो। जिफन्ट राष्ट्रिय कमिटीका नेताहरूका अतिरिक्त नेकपा (एमाले)का नयाँ र पुराना पुस्ताका अनुभवी नेताहरू हामीसँगै हुनुहुन्थ्यो र हुनुहुन्थ्यो नाम चलेका केही विद्धत वर्ग। हामीले स्वीडेनका एक प्रोफेसर र समाजवादी आन्दोलनमा समर्पित मलेसियाका ट्रेड युनियन नेतालाई विशेष आमन्त्रण गरेका थियौं।

संयोजकले कार्यक्रमको अपेक्षा प्रस्तुत गर्ने, वक्ताले विषयवस्तु प्रस्तुत गर्ने, परिसंवादकर्ताले त्यसमाथि विश्लेषण गर्ने, सुरुको अन्तरक्रियाकर्ताहरूले राय राख्ने र इच्छुक सहभागीहरूले टिप्पणी राख्ने गरी सहभागी सबैलाई सक्रिय बनाउने गरी कार्यक्रमको स्वरुप तय गरिएको थियो।

हामीले छलफल सुरु गर्‍यौं। विषयलाई अझै बोधगम्य बनाउन कार्यपत्रका अतिरिक्त विचार/सिद्धान्तसंग सम्बन्धित प्रकाशित पुस्तकको नेपाली भावानुवादलाई सन्दर्भ सामग्रिका रुपमा संलग्न गर्‍यौं। छलफललाई जाँगरिलो बनाउन प्रसिद्ध भुगोलविद् टोनी हेगनले तयार पारेको डक्युमेन्ट्री र जिफन्टले तयार पारेको जनआन्दोलन सम्बन्धी वृत्तचित्र समेत प्रदर्शन गरियो।

संविधानसभाको निर्वाचन अगावै भिडियो र सम्पादित पुस्तकको रुपमा "बहसको संग्रह"लाई प्रकाशन गर्ने सुरुको योजना थियो। तर समयले हामीलाई

नराम्रो गरी गाँज्यो। राजनीतिक संक्रमणकाल र राजनीतिक गतिविधिमा भएको हाम्रो सङ्लग्नताले सोचे बमोजिम काम हुन सकेन।

हामीले २२ घण्टा बहस गरेछौं। त्यसको सबै "श्रव्य र दृष्य" दुवै रुपमा रेकर्ड गरियो। श्रव्य रेकर्डलाई अक्षरमा उतारियो, जुन कष्टसाध्य काम क. किरण माली गर्नुभयो। क. अग्निशिखा सुरु देखिनै उत्साहित मान्छे, उहाँले बहसको "श्रव्य सामग्री"को मूल सम्पादन र एउटा सन्दर्भ सामग्रीको नेपाली भावानुवाद गर्ने जिम्मा लिनुभयो।

हामीले समय-सीमा तोकेनौं, भ्याएको समयमा काम गर्दै जाने नीति बनायौं। "श्रव्य सामग्री" सम्पादनको पहिलो दुई मस्यौदा सकेपछि क. अग्निशिखाको आकस्मिक, असामयिक र दुर्भाग्यपूर्ण देहावसान भयो। यसले अलि समय हाम्रो अभियानलाई विचलित समेत पार्‍यो।

हामीले फेरि सम्पादनको काम थाल्यौं। यसपटक क. विष्णु रिमाल र उमेश उपाध्यायले अग्रसरता लिनुभयो। जिफन्ट परिवारमा क. कवीन्द्रशेखर रिमालले एउटा सदावहार जिम्मेवारी बहन गर्दै आउनु भएको छ– भाषिक शुद्धाशुद्धि हेर्ने। यसपटक पनि त्यो जिम्मेवारी उहाँले नै फत्ते गर्नुभयो।

अहिले यो प्रकाशन तपाईंहरूको हातमा छ, जुन त्यही कार्यक्रममा प्रस्तुत कार्यपत्र, सन्दर्भ सामग्री र बहसको सम्पादित संग्रह हो।

यसको तयारीका क्रममा सङ्लग्न सबै महानुभावप्रति जिफन्ट अनुगृहीत छ।

क. अग्निशिखा, जो यो प्रकाशन अगावै बित्नुभयो, हामी उहाँको योगदानमा नतमस्तक छौं। र उहाँको सम्मानमा यो प्रकाशन समर्पण गर्दछौं।

**– नेपाल ट्रेड युनियन महासंघ**

# प्रस्थान विन्दु

– विष्णु रिमाल

"श्रमिकहरूको अठार घण्टे दिन्दिनैको सङ्घर्षपछि पनि
एकादशी र साउन महिनाहरूले ताँत लगाएको,
संसार नबुझ्ने स–साना नानीहरूले
'आमा भोक लाग्यो' को गीत गाएको।
धुलोमा फुत्फुती खेल्ने अवधूतहरूले
पसिनै–पसिनाले नित्य नुहाएको
अर्काथरीले तिनै पसिना सँगालेर मासु र मदिराको भोग लगाएको।"

राजनीतिज्ञ एवं साहित्यकार मोदनाथ प्रश्रितद्वारा झण्डै ५ दशक अघि लेखिएका यी पङ्क्तिमा नेपाली राज्यको असन्तुलित पक्षको खुलासा मात्रै छैन, यसलाई तुरुन्त सच्याउनु पर्ने आग्रह समेत रहेको छ। दुई हजार बैसट्ठी/त्रिसट्ठीको ऐतिहासिक जनआन्दोलन पछि एक दशक लामो द्वन्द्व, त्यसको कारण र परिवर्तनको आवश्यकतामा केन्द्रित भएर अहिले नेपाली समाजमा बहस आरम्भ भएको छ। बहसका विभिन्न पाटाहरू छन्, तर एउटा साझा निष्कर्ष भने निस्किएको छ– "नेपाली समाज जस्तो अवस्थामा छ, त्यसलाई बदल्नुपर्छ ! नेपाली राज्यको विद्यमान चरित्रलाई रूपान्तरण गर्नुपर्छ।"

समाज बदल्ने र राज्यको चरित्र नै फेर्ने सर्न्दभमा प्रयुक्त शब्दहरू–"परिवर्तन र रूपान्तरण" ले आ–आफ्नै अर्थ बोक्छन्। परिवर्तनले 'रूप'गत पक्षलाई सङ्केत गर्छ भने रूपान्तरणले 'सार'लाई। परिवर्तन क्रमिक प्रक्रिया हो भने रूपान्तरण योजनाबद्ध प्रक्रिया ! देवराज दाहालका अनुसार– "रूपान्तरणले सामाजिक तहको आधारभूत संरचनालाई छोड्छ र द्वन्द्वको जडलाई रूपान्तरण गर्छ। यसभित्र मनग्गे मात्रामा पुराना र नयाँ शक्तिहरू बीच आपसी सम्मिलन भएको हुन्छ। यो अर्थमा रूपान्तरणले समाजको गतिशील सन्तुलनको नेतृत्व गर्छ।"

राज्य के हो भन्नेमा दार्शनिक/सैद्धान्तिक रूपमा व्याख्या, विविधतायुक्त छन्। मार्क्सले राज्यलाई "बुर्जुवाहरूको कार्यकारी कमिटी" भनेका छन् भने लेनिनले यसलाई "शासक वर्गको सङ्गठन" ! एउटा नेपाली उखान– "जसको सिता खाई,

उसैको गिता गाई!" मा ग्राम्स्सी सहमति जनाउँछन्–"राज्य भनेको जसको वर्चस्व छ, त्यसैको निहित स्वार्थपूर्ति गर्ने साधन हो।"

लेनिनले रूपान्तरित राज्यमा सर्वहारा वर्गको अधिनायकत्व हुनुपर्ने फर्मुला अघि सारे। माओले लेनिनले भन्दा भिन्नै प्रकारले चिनियाँ समाजको रूपान्तरण गरे, तसर्थ उनले राज्य व्यवस्थाको सञ्चालन, क्रान्तिकारीको संयुक्त अधिनायकत्वमा हुने विचार अघि सारे। ग्राम्स्सीले राज्यसत्ता 'वर्चस्वशाली वर्गको हुने' तर्क अघि सारे। उनी भन्छन्– "एउटा वर्ग दुई तरिकाले वर्चस्वशाली हुन्छ। एकातिर ऊ नियन्त्रणकारी हुन्छ भने अर्कोतिर नेतृत्वकारी। त्यसले आफ्ना सहयोगी वर्गहरूको नेतृत्व गर्छ भने विरोधी वर्गहरूलाई दमन गर्छ।" जननेता मदन भण्डारीको विचार पनि ग्राम्स्सीसँग मिल्दोजुल्दो छ– सहयोगीलाई लोकतन्त्र दिने र विपक्षीलाई नियन्त्रण गर्ने दुईधारे तरवार जस्तै हो राज्यसत्ता। राज्यमा कुनै पनि प्रकारको अधिनायकत्व थोपरिदैन; सत्तामा पुगेको वर्गले राज्यसत्ताको प्रयोग मात्र गर्छ !

देवराज दाहालको मान्यता छ– "वर्ग जब सत्तामा जान्छ, जाने बित्तिकै उसले त्यहाँको संस्कृति बोक्नुपर्छ, त्यहाँको संस्थाहरूलाई संरक्षण गर्नुपर्छ। त्यहाँ संस्थागत नीतिहरू हुन्छन्, त्यो बोक्ने बित्तिकै वर्गको आत्महत्या हुन्छ।" यो प्रसङ्गमा शंकर पोखरेल प्रतिवाद गर्छन्– 'राज्यले ठूलाबडाहरूको संरक्षण गर्ने र सानालाई नियन्त्रण नै गर्ने खालको काम गर्दै आइरहेको सत्यलाई हामीले बुझ्नुपर्छ।'

मार्क्सको एउटा चर्चित टिप्पणी छ– "दार्शनिकहरूले विश्वको विभिन्न कोणबाट व्याख्या मात्रै गरे, मुख्य कुरा त यसलाई कसरी बदल्ने भन्ने हो ...।" हामी पनि अहिले 'नेपाली राज्यको चरित्र बदल्नुपर्छ' त भनिरहेका छौं, तर बदल्ने, कसरी? यही बहसमा नेपाली समाज अहिले केन्द्रित छ।

देवराज दाहालको दृष्टिकोणमा आदिमकालदेखि अहिलेसम्मको द्वन्द्व भनेको दुईवटा कुराको हो– एउटा आकाङ्क्षाको र अर्को सङ्गठनको। कानुनले शान्ति सुव्यवस्था कायम गर्न खोज्छ, राजनीतिले त्यसलाई परिवर्तन गर्न खोज्छ। त्यसैले तिनीहरू कहिल्यै पनि मिल्दैनन्। कानुनले परम्परा बढी बोकेको हुन्छ। राजनीतिले जहिले पनि जनताको आकाङ्क्षा बोकेको हुन्छ, जुन परिवर्तनउन्मुख हुन्छ।

कार्ल मार्क्सले वर्ग रोजे। श्रमशक्ति, श्रमको अतिरिक्त शोषण र त्यसबाट सिर्जना हुने वर्ग द्वन्द्वलाई रूपान्तरणको प्रक्रियाका रूपमा सैद्धान्तिकृत गरे। मार्क्स भन्छन्– "श्रमशक्ति भनेको व्यक्तिको 'काम गर्ने क्षमता र कामको दक्षता' हो; जसलाई व्यक्तिले पारिश्रमिकमा खास समयको लागि श्रम–खरिदकर्तालाई बिक्री गर्छ।" श्रमशक्तिको मालिकले पनि यसलाई सधैका लागि खरिदकर्तालाई बिक्री गर्न भने सक्दैन। यदि कसैले सधैको लागि श्रमशक्ति बिक्री गरेमा त्यो खरिदकर्ताको दास बन्न पुग्छ र दास आफैमा निहित श्रमशक्तिको पनि 'मालिक' हुँदैन। दासहरू बाँच्नका लागि स्वामीहरूमा निर्भर हुन्छन् भने सामन्तका नोकरहरू आ–आफ्ना मालिकहरू माथि !

"श्रमिक भनेका स्वतन्त्र मानिस हुन्। उनीहरू दासहरू जस्तो उत्पादनको साधनका अङ्ग पनि होइनन् र स्वरोजगार किसान जस्तो उत्पादनको साधनका मालिक पनि होइनन्"; आफ्नो प्रसिद्ध कृति 'पुँजी'मा मार्क्स भन्छन्। तसर्थ, उनीहरूसँग उत्पादनका साधन पनि हुँदैन र त्यत्तिकै उनीहरूको भोको पेट भरिदिने मालिक पनि हुँदैन। उनीहरू काम खोज्न स्वतन्त्र छन् र कामै गर्दिन भन्न पनि स्वतन्त्र हुन्छन्।

काम गर्ने अर्थात खास समयलाई बिक्री गरिने श्रमशक्तिको मोलतोल कानुनी विधिद्वारा गरिने सम्झौताबाट व्यवस्थित गरिन्छ। खरिदकर्ताले व्यक्तिबाट एक चोटि काममा श्रमशक्ति खर्च गराएपछि व्यक्तिको काम गर्ने क्षमता सिद्धिन्छ र त्यसलाई फेरि जगाउन व्यक्तिलाई 'भोजन– आराम र मनोरञ्जन' चाहिन्छ। त्यसै भएर नै कामको घण्टा, काममा लगाउने विधि, पारिश्रमिक र त्यसको दर लगायतका विषयहरूको श्रमशक्तिका मालिक–श्रमिक र त्यसको खरिदकर्ता–रोजगारदाता बीच मोलतोल हुन्छ। दुबै पक्षले आ–आफ्नो भागमा बढी लाभ ल्याउन तर्क–विर्तक, मोल–मोलाइ र संझौताका नयाँ–नयाँ प्रस्ताव गर्छन्। यो प्रक्रियामा सिङ्गो समाज "काम गर्ने र काम लगाउने" गरी दुई फ्याकमा बाँडिन्छ। राजनीतिक दल, राज्य, सरकार र नागरिक समाजका संस्थाहरू यही आधारमा विभक्त हुन पुग्छन्; जसलाई हामी 'वर्गीय विभाजन' भन्दछौं। यही विभाजनले द्वन्द्व निम्त्याउँछ र द्वन्द्व सङ्घर्षमा रूपान्तरण हुन्छ। द्वन्द्वरत पक्ष बीच हुने संझौताले सङ्घर्ष शान्तिमा रूपान्तरण हुन्छ र समाजले फड्को मार्छ। अर्को चरणको "असहमति- द्वन्द्व- र, सङ्घर्ष" सुरु नभएसम्म समाजले स्थायित्व ग्रहण गर्छ।

दासयुगमा मालिकहरू, दासलाई शारीरिक रूपमै दण्डित गर्थे। सामन्ती युगमा रैतीहरू दण्डबाट जोगिन जमिनका मालिकलाई कुत तिर्थे। तर पुँजीवाद यस्तो सार्वजनिक प्रणाली हो, जहाँ उत्पादनका साधनको मालिक (पुँजीपति) लाई उसको स्वामित्वको कार्यथलोमा "शोषण र शासन" गर्ने विधि पनि राज्यले बनाउँछ। यसरी पुँजीवाद निजी नभएर सार्वजनिक विषय बन्न पुग्छ र श्रमिकहरू पनि कसैको दबाबमा नरहने हुँदा नयाँ सामाजिक वर्गको रूपमा अगाडि आउँछन्।

राजनीतिक दलहरूले लिने दर्शन र विचारधारा मूलतः श्रमशक्तिको प्रयोग, त्यसबाट आर्जन हुने मुनाफा र मुनाफा माथि नागरिकको हकसँग सम्बन्धित दृष्टिकोण हो। त्यसको प्रयोग र व्यवस्थापन कसरी गर्ने भन्नेमा आउने विविधताले दलहरू भिन्नभिन्न हुन पुग्छन् र उनीहरूले अङ्गालेको दृष्टिकोणकै आधारमा समाजमा त्यो दलको पहिचान कायम हुनपुग्छ। यसबाटै 'को श्रमजीवी वर्गीय, को पुँजीपक्षीय' भन्ने मानक तय हुनपुग्छ।

"तर नेपालका पार्टीहरू वर्गआधारित हैन, विचारआधारित छन्।" प्रदिप ज्ञवालीको तर्कमा- विचारआधारित पार्टीहरूलाई वर्गआधारित बनाउनको निम्ति

पार्टीहरूलाई 'तिमीहरूको वर्ग आधार यो हो, तिमीहरूको लक्षित समूह यो हो, यिनीहरूको वकालत गर' भनेर नयाँ ढंगले जुटाउनु पर्ने हुन्छ।

युरोपेली अनुभवले बताउँछ– "वर्गको विश्लेषण गर, श्रमशक्तिको बनौटको आङ्कलन गर र त्यसपछि राजनीतिक चेतना वृद्धि गर। त्यसैले मात्र लक्ष्यमा पुऱ्याउन सक्छ।"

सन् १३८० मा राजनीतिक शक्ति सुदृढ गरेपछि जयस्थिति मल्लले नेपाल राज्यलाई जातिगत तहमा ढाले। उनले "ब्राम्हण, क्षत्री, वैस्य, शूद्र" गरी जनताको जातीय विभाजन गरे। हिन्दू विधि अन्तरगतको मनुस्मृतिमा आधारित यस्तो विभाजन मार्फत "ब्राम्हण, क्षत्री, वैस्य, शूद्र, तथा क्षत्रीमा पनि राजा र हाकिम" हरूको फरक–फरक 'काम–कर्तव्य–अधिकार' तोकिएको न्यायप्रणाली लागू गरे।

यसलाई निरन्तरता दिंदै 'खस–ठकुरी–क्षत्री' सेनाका प्रमुख हाकिम, बाहुनहरू सल्लाहकार र गुरुङ, मगर तथा अन्य पहाडी जनजाति सिपाही रहने गरी पृथ्वीनारायणले आफ्नो फौजको जिम्मेवारी समेत जात/जातिको आधारमा विभाजन गरे। गोर्खा राज्यको शक्ति विस्तारसँगै यसैलाई नै नेपालको राष्ट्रिय पहिचान बनाइयो; र यसैबाट सामाजिक सम्बन्धको नियम स्थापित हुन पुग्यो।

"जंगबहादुरले १८४६ को 'कू' द्वारा शक्ति हत्याएपछि जनताको स्वतन्त्रता अझै संकुचित पारे र राज्यको 'अधिकार' थप सुदृढ गरे।" देवराज दाहाल भन्छन्– "१८५४ को मुलुकी ऐनलाई चन्द्र समसेरले १९१० मा संशोधन गरे। उनले नेपाली समाजलाई विभिन्न मान्यतामा विभाजन गरी जात आधारित सामाजिक तहलाई संस्थागत गरे र वार्षिक रूपमा पजनी गर्ने र जमिन तथा अन्य सुविधा दिने प्रणाली राज्यले परिभाषित गर्ने चलन चलाए। यहाँसम्म कि उनले राणा परिवारलाई समेत तीन समूहमा बाँडी राजकीय सामन्तवाद र निजी तहको सामन्तवाद बीच द्वन्द्वको वीजारोपण गरे।"

नेपालको समाजिक संरचना समाजशास्त्रीहरूका लागि अनुसन्धानको थलो हुन सक्छ। यहाँको सामाजिक संरचनामा परम्परागत जाति र जनजातिको सम्मिश्रण छ। अर्थ–राजनीतिक दृष्टिकोणबाट हेर्दा सामन्ती युगलाई छिचोलेर पुँजीवादी युगमा प्रवेश गरिसकेको भए तापनि पुँजीवादी मुलुकहरूमा जस्तो 'सर्वहारा' र 'बुर्जुवा' वर्ग बीचको स्पष्ट सामाजिक ध्रुवीकरण देखिन्न। त्यसैले नेपाललाई जाति समूह, विभिन्न जनजातिहरू, धर्म–संस्कृतिका अनुयायीहरू र भाषाभाषीहरू सहितका "अल्पसङ्ख्यक"हरूको साझा भूमि भन्ने गरिएको हो। परम्परागत परिभाषामा "अर्ध–सामन्ती" भन्ने गरिएको "कृषिउत्तर (पोष्ट-पिजेन्ट)" समाज यसको वर्गीय स्वरूप हो।

बैसट्ठी/त्रिसट्ठी सालको परिवर्तनले यिनै अल्पसङ्ख्यक "नेपाली जाति" भित्रका "पहिचान हराएको र सामाजिक उत्पीडनको शिकार भएको" अनुभूति गरिरहेका नागरिकहरूलाई "अब कस्तो राज्य बनाउने?" भन्ने कुराको फैसलामा

आफैं संलग्न हुन पाउने अवसर दियो; आफ्नो एजेण्डा प्रस्ताव गर्ने 'स्पेस' यसले दियो।

श्रमको संसार पनि पहिलेको जस्तो रहेन। विश्वव्यापी रूपमै अहिले श्रमिकहरूको विविधीकरण भएको छ, कोही 'कम्प्युटरबेस (कम्प्युटर-आधारित)' श्रमिक छन्, कोही 'होमबेस (घर-आधारित)' श्रमिक छन्। आज युरोपमा 'घरमै बसेर काम गर्छु है' भन्न पाइन्छ। युरोपको कारखानाहरूको लागि भारतमा बसेर काम गर्नेहरू धेरै छन्। प्रो. लेफ विजेलिन भन्छन्- "वर्गको बारेमा कुरा गर्दा हिजो हामीले शोषणको थलो कारखाना देख्थ्यौं। 'त्यहाँ शोषण हुन्छ, त्यहाँ संगठित होइन्छ, त्यहींबाट आन्दोलन सुरु गर्ने हो' भन्ने थियो। आज शोषणको क्षेत्र छरिएको छ। हिजो "वर्ग" एक ठाउँमा हुन्थ्यो, आज वर्ग सबैतिर छिरेको छ। हाम्रो सङ्गठनात्मक रणनीतिमा यसले के फरक पार्छ? अब आउने नयाँ मुद्दाहरूलाई मार्क्सवादले कसरी सामना गर्छ भन्ने नै यसको सार हो।"

जिफन्टको महाधिवेशनद्वारा पारित नीतिगत दस्तावेज यससँग मिल्दो देखिन्छ-"आजको श्रम सम्बन्धमा 'आर्थिक प्रक्रिया प्रमुख र प्रतिष्ठानहरूको भौतिक अवस्थिति गौण' हुन पुगेको छ। समसामयिक श्रमको संसारमा धेरै कुरा प्रतिष्ठान भित्रका श्रमिकको बलमा हैन "बजारको शक्ति"द्वारा निर्धारण हुन थालेको छ। जहाँ 'अदृश्य' मालिकले विश्वको एउटा कुनामा बसेर गरेको एउटै निर्णयबाट विश्वभरि छरिएर काममा घोटिइरहेका सबै श्रमिकहरूको भाग्य-भविष्य मिनेट भरमै छिनोफानो हुन्छ।"

श्रमको संसारको यो विविधता आजको परिघटना हैन। पुँजीवाद मरणासन्न अवस्थामा पुगिसक्यो भन्ने लेनिनको तर्कलाई नकार्दै सवा शताब्दी पुरानो लेख-इभोल्युसनरी सोसलिजम (विकासवादी समाजवाद)मा वर्न्स्टीनले दाबी गरे- "पुँजीवादले आफूलाई व्यवस्थित गर्न सक्ने गरी संरचनाको विकास गरिसकेको छ- यसले 'सङ्कट'लाई टार्न सक्छ। ... मार्क्सको परिकल्पनाभन्दा उल्टो मध्यवर्ती सामाजिक समूहको विकास भएको छ, जसले समाजलाई बुर्जुवा वर्ग र श्रमिक वर्गको रूपमा ध्रुवीकरण गर्नुभन्दा पनि 'स्थिर' गर्ने जडानको काम (स्टेवलाइजिङ फङ्सन) गरिरहेको छ। ... त्यसैले आँकलन गर्न सकिने भविष्यमा (फोरसिएवल फ्युचर) नै पुँजीवादको अन्त्य हुनेवाला छैन।"

सन् १७०० पछि घरेलु उत्पादन (क्राफ्ट प्रडक्सन) सुरु भयो। १७५० को दशकमा औद्योगिक क्रान्ति सुरु हुनुअघि कार्यथलोमा श्रमिकको जति नियन्त्रण थियो बाफलाई ऊर्जाको रूपमा प्रयोग गर्न थालेपछि उनीहरूको पकड अलि कमजोर हुन पुग्यो। मार्क्सले जतिखेर (सन् १८५० को दशक) "पुँजीवादको चिहान खन्ने सिपाही"को रूपमा श्रमिकहरूलाई चित्रित गर्दै थिए त्यत्तिबेलासम्ममा बिजुलीको प्रयोग र 'ठूलो मात्राको उत्पादन प्रक्रिया (मास प्रडक्सन)' सुरु भइसकेको थियो। बीसौं शताव्दीको सुरुवातसँगै एफ. डव्लु. टेलरको "वैज्ञानिक व्यवस्थापनका

सिद्धान्त" र हेनरी फोर्डको एसेम्ब्ली लाइनको प्रयोग उद्योगमा सुरु भयो। यसपछि कार्यथलोमा श्रमिकको नियन्त्रण झनै कमजोर हुन पुग्यो। सन् १९७० पछि त संगठित श्रमको संसार "मास कस्टोमाइजेशन"को चरणमा प्रवेश गर्‍यो, जहाँ 'नयाँ कम्प्युटर मशिन टुल्स'को प्रयोगद्वारा एकैचोटि ठूलो मात्रामा विविधता युक्त वस्तु उत्पादन सुरु भयो। यसबाट कार्यथलोमा श्रमिकहरूको नियन्त्रण कति छ भन्नेमा नै ठूलो प्रश्नचिन्ह खडा हुन पुग्यो।

यो प्रसङ्गमा देवराज दाहाल तर्क गर्छन्- पुँजीको विश्वव्यापीकरण भइरहेको छ र अहिलेको पुँजीवाद वित्तीय पुँजीवाद नै हो। अहिलेको अर्थतन्त्र साङ्केतिक हो, वास्तविक अर्थतन्त्र होइन, जसमा मजदुरहरूको नियन्त्रण छैन। उनका अनुसार वर्गीय आन्दोलनमाथि जातीय आन्दोलनको छायाँ परेकोले अचेल नेपाल जस्तो देशमा "वर्ग सङ्घर्ष"को ठाउँ "जन-सङ्घर्ष"ले ओगट्न थालेको छ।

पश्चिम युरोपेली समाजवादीहरूको भनाइलाई उद्धृत गर्दै डोनाल्ड सासोनले "समाजवादीले गम्भीरतापूर्वक हल खोज्नु पर्ने चार आधारभूत प्रश्नहरू" उल्लेख गरेका छन्- 'वर्तमान असमान समाज व्यवस्थालाई जोगाइ राख्ने पक्ष के हो; यसभित्र समाहित प्रवृत्तिहरू के के छन्; पुँजीवाद कतातिर जाँदै छ र अहिले देखिएको परिवर्तन रणनीति परिवर्तनका लागि आधारभूतरूपमा पर्याप्त छ कि छैन?'

ग्राम्स्सीलाई उद्धृत गर्दै राजन भट्टराई आफ्नो प्रस्तुतिमा भन्छन्- क्रान्ति (रूपान्तरण) भनेको एक समाजिक व्यवस्थाबाट, अर्को सामाजिक व्यवस्थामा रूपान्तरण गर्ने पूर्ण प्रक्रिया हो। यसको पहिलो प्रक्रिया राज्यसत्ता कब्जा गर्ने र त्यस पछि सुधार गर्दै जाने हो। दोस्रो प्रक्रिया नयाँ वर्चस्व स्थापना गर्ने हो। वर्चस्व स्थापना गर्ने वा राज्यसत्ता कब्जा गर्ने बाटो एउटा मात्र छैन, फरक-फरक हुनसक्छन्। प्रमुख पक्ष भनेको नयाँ सामाजिक व्यवस्थाको स्थापना गर्ने हो, जुन अहिलेको भन्दा आधारभूत रूपमा नै भिन्न प्रकारको हुन्छ।

पाउलो फ्रेरीका अनुसार "उत्पीडितहरूलाई सपना बाँडेर ल्याएको परिवर्तन वास्तवमा दिगो र प्रभावकारी हुँदैन। परिवर्तन भन्ने कुरा व्यक्ति वा समुदायले आफ्नै दैनिकी र अनुभवहरूबाट सिकेका श्रृङ्खलाबद्ध शिक्षण विधिबाट मात्रै सम्भव छ। आफ्नो वास्तविक जीवनबाट टाढा रहेर बुनेको सपनाहरूबाट बनेका परिवर्तनहरू यथार्थमा सही र टिकाउ हुँदैनन्।"

फेरि पनि सपनाको खेती किन गरिन्छ? कैयौं दशक लामो आन्दोलन र सङ्घर्षबाट स्थापित परिवर्तन वास्तवमा आम जनताले अनुभूत गर्ने प्रकारको किन हुँदैन?

डा. गोविन्द नेपाल भन्छन्- "आधारभूत वर्गले भन्दा पनि समाजको माथिल्लो वर्गले परिवर्तनको नेतृत्व गर्ने र अवसरहरूको उपयोग गर्नाले पनि हाम्रा पार्टी, हाम्रा सङ्गठनहरू, त्यस्तै संसारकै आन्दोलनहरू सहभागितामूलक भएनन्। म तीनवटा

उदाहरण दिन चाहन्छु, एउटा भारतीय आन्दोलनको उदाहरण दिन चाहन्छु। त्यहाँ मोतिलाल नेहरू, जो बेलायतमा पढेर आएका थिए उनका छोरा जवाहरलाल नेहरू लगायतका मान्छेले शासनको नेतृत्व गरे। नेपालका राणा शासन खत्तम गर्नेमा छ–सात सालसम्म राणा शासकपछि सबभन्दा बढी सुविधा जुन वर्गले पाएको थियो त्यसैले नेतृत्व गऱ्यो। आम मान्छेहरू राणा शासन हुँदा र राणा शासन हट्दाको भोलिपल्ट जस्ताको तस्तै भइरहे। अहिलेको तराई आन्दोलनको कुरा गरौं, जहाँ यादवहरूले मधेशी आन्दोलन सुरु गरेका छन्। त्यहाँ मुसहरहरू, दासहरू, त्यहाँ भएका गरीबहरू, चमारहरूको नेतृत्व गरिएको छैन। त्यसैले जहिले पनि पुरानो व्यवस्थाको सबभन्दा सुविधाभोगी वर्ग र व्यक्तिले आन्दोलनको नेतृत्व गरेको कारणले समावेशीकरण अलि गाह्रो भएको हो कि भन्ने मेरो धारणा छ।"

उनी थप्छन्–"सपना बढी बाँडे पछि छिट्टै मोहभंग हुन्छ, अनि मान्छेहरू निराश हुन्छन्। पार्टीहरूसँग सीमा थोरै रहेछ, पार्टीले "सबै" पूरा गर्न सक्दो रहेनछ। हामी पनि पार्टीबाट बढी अपेक्षा गर्छौं, र त छिट्टै सपना भाँचिन्छ, अनि हामी कमजोर हुन्छौं। पार्टीको बाध्यताले गर्दा पनि अलि बढी सपनाको खेती हुने गरेको हो कि, यो कुरालाई पनि हामीले मनन गर्नु जरुरी छ।"

मार्क्स भन्छन्–'श्रमजीवी वर्गको मुक्ति श्रमजीवी वर्ग आफैंको काम हुनुपर्छ।' जब बुर्जुवा सर्वोच्चतामाथि विजय हासिल हुन्छ र सर्वहारा नै शासकवर्ग बन्छन् तब लोकतन्त्रको लागि भएको लडाइ जितिन्छ। वर्गीय शक्तिलाई सर्वहाराले वर्गीय वैमनस्यताको विद्यमान अवस्थालाई बढार्न प्रयोग गर्नेछ।

बैसट्ठी/त्रिसट्ठीको आन्दोलनले नेपाली समाजलाई रूपान्तरण गरी सक्यौं त? डा. अर्जुन कार्कीले आफ्नो प्रस्तुतिमा एउटा रोचक प्रसङ्ग चर्चा गरेका छन्।

"मेरो एकजना साथी हुनुहुन्छ निकारागुवाको। उहाँ निकारागुवाको क्रान्ति पछाडि संयुक्त राष्ट्रसंघको राजदूत भएर आउनु भएको थियो। मेरो उहाँसँग नैरोबीमा भेट भयो। मैले "नेपालमा हामीहरूले ठूलो परिवर्तन ल्यायौं" भनें। सबै मान्छेहरूले 'बधाई' भने। निकारागुवाली साथीले दुई–तीन वटा कुरा सोधे– "तिमीहरूले नयाँ सेना बनायौ?" हाम्रो सेना छदैछ नि मैले भनें। "पुलिस बनायौ? न्यायाधीशहरू फेऱ्यौ?" होइन, हाम्रो पुरानै छ भनें। "नयाँ संसद बनायौ?" मैले भने हामीले पुरानैबाट काम चलायौं। उनले भने– "त्यसो भए तिम्रो देशमा के परिवर्तन भयो र केका लागि म तिमीलाई बधाई दिउँ?"

"मैले उद्योगी–व्यापारीहरूको वर्ग स्रोत र हाम्रो राजनीतिक सत्ता शक्तिमा रहेका मान्छेहरूको वर्ग स्रोतको कुरा गरें। मैले न्यायाधीशको कुरा गरें, मैले प्रहरी, सेनाको कुरा गरें। केही पनि परिवर्तन भएको छैन। ठूलो परिवर्तन भयो भनिएको छ। चिन्तन सबभन्दा ठूलो कुरा हो, झण्डा होइन। मानसिकता क्रान्तिकारी, जनमुखी, मजदुरमुखी, किसानमुखी भयो भने मात्र त्यसले काम गर्दो रहेछ। नभए हाम्रो राज्य सत्ता, शक्ति केन्द्र तथा शक्ति सञ्चालन र शक्तिको संरचनाहरूलाई परिचालन गर्ने

कुरामा ठूलो सङ्कट र समस्या आउने रहेछ। ज्ञानेन्द्रलाई त हामीले पाखा लगायौं तर ज्ञानेन्द्रको जस्तै चिन्तन र मानसिकता भएका धेरै मानिसहरू हाम्रो समाजमा, कम्युनिस्ट र कांग्रेस पार्टीहरूभित्र, लोकतान्त्रिक पार्टीहरूभित्र हुन सक्छन्। त्यस विरुद्धको क्रान्ति र त्यस विरुद्धको लडाइं पूरा भएको छैन।"

उनको निष्कर्ष थियो– "शक्ति केन्द्र र शक्ति संरचना पार्टीभित्र पनि हुन्छ। पार्टीभित्र शक्तिको परिचालन कसरी हुन्छ, शक्ति केन्द्रमा मान्छेहरू कसरी पुग्छन्, शक्तिको उपयोग कसरी हुन्छ भन्ने कुराले राज्यको शक्तिलाई कसरी सञ्चालन गर्ने भन्ने कुराको पनि निर्धारण गर्दोरहेछ।"

देवराज दाहाल थप्छन्– "हामी विश्व व्यवस्थालाई परिवर्तन गर्न सक्दैनौं। उनीहरूले हामीलाई परिवर्तन गर्छन्। हामीले अन्तर्राष्ट्रिय मूल्य र मान्यता, अन्तर्राष्ट्रिय सन्धिहरूलाई अनुमोदन गरेका छौं, त्यस विरुद्ध हामी जान सक्दैनौं। त्यो गर्‍यौं भने राष्ट्रको एकाधिकार, राष्ट्रको जुन वैधानिकता हो, त्यो गुम्न सक्छ। त्यो भित्र बसेर हामीले काम गर्नुपर्छ। त्यसैले हाम्रो विकल्प भनेको आन्तरिक रूपमा हामीले आफूलाई सक्षम बनाउनको निमित्त धेरै कुराहरूमा सोच्नुपर्छ।"

"भूराजनीतिले आन्तरिक प्राथमिकताहरूलाई नकार्छ। त्यसैले दुई खालको द्वन्द्व, बाहिरबाट आएको र भित्रको आन्दोलनलाई कसरी सन्तुलनमा लैजान्छौं भन्ने कुरा नेतृत्वको सफलतामा भरपर्छ। हाम्रो राज्य, नागरिक समाज, अर्थतन्त्र परनिर्भर छ। हाम्रो विकल्प त्यो परनिर्भरता भित्रै हो त? त्यस बारेमा बहस गर्नुपर्छ जस्तो लाग्छ।"

बाहिरको नीतिहरू सबै त्याग्नुपर्छ भन्ने होइन त्यसलाई आन्तरीकरण गर्नु पर्‍यो। त्यो कसरी हाम्रो स्वार्थमा मिल्न सक्छ ? हाम्रो सहभागिता कसरी बढाउन सक्छौं? सोच्नुपर्छ। राज्य र समाजलाई समग्रतामा हेरेर नीति बनायौं र सबैको स्वार्थको त्यसमा प्रतिनिधित्व भयो भने हामी फेरि संवैधानिक स्थिरता, संवैधानिक संप्रभुतातिर जान सक्छौं। होइन भने आन्तरिक र बाहिरी दबाबहरूलाई सन्तुलन गर्न नसकेर हामी फेरि द्वन्द्वको शिकार हुन सक्छौं।

उनको तर्क छ– "नेतृत्व वर्गले नीति पनि नबनाउने, त्यसलाई कार्यान्वयन पनि नगर्ने देखियो। त्यो हाम्रो कमजोरी सातसालदेखि कै हो। कानुन बनाइन्छ– लागू हुँदैन। सातसाल, छयालिस साल र अहिलेको आन्दोलनले भविष्यबारे सोच्नको निमित्त हामीलाई खुला अवसर दियो त? मेरो विचारमा दिएको छैन।"

यसरी रूपान्तरणलाई शक्ति संरचनाले गाँज्छ। शक्ति संरचनामा यथास्थिति रह्यो भने रूपान्तरणका कष्टसाध्य उपलब्धि निरर्थक र अनुपयोगी बन्न सक्छन्।

हरेक देशका आफ्नै विकल्प र आ–आफ्ना रोजाइ हुन्छन्। दक्षिण अफ्रिकाले "फ्रिडम चार्टर"लाई आफ्नो झण्डा बनायो। रङ्गभेद विरुद्धको लडाइदेखि संविधानसभा मार्फत नयाँ संविधान बनाउँदा समेत त्यसैको वरिपरि आफूलाई बाँधिरह्यो। माओपछि तङ सियाओ पिङ्गले– "बुर्जुवा उदारीकरणको विरोध,

राजनीतिक तथा आर्थिक संरचनाको सुधार, विश्वसँग खुल्लाद्वार नीति र एक देश–दुई प्रणालीको नीति" लाई आधुनिक चीन निर्माणको चार आधारभूत सिद्धान्त भने।

उत्पादक शक्तिको विकासमा समर्पित रहने र यसैलाई आधार मान्दै जनताको जीवनस्तर क्रमिक रूपमा उकास्ने नीति उनले घोषणा गरे। सन् १९८० को दशकमा उनको एउटा भनाइ चर्चित थियो– "टाइम इज मनी, एफिसियन्सी इज लाइफ (समय पैसा हो, दक्षता जीवन)।" त्यतिखेर उनले एक जना जापानी साथीसँगको प्रसङ्ग चर्चा गर्ने गरेका थिए– "मैले सोधें, चाँडो भन्दा चाँडो विकास गर्न चीनले के मा जोड दिनु पर्ला? उनले सुझाब दिए, यातायात र सञ्चार– उच्च पारिश्रमिक र उच्च उपभोग !" तङ्गको तर्क थियो– "समाजवाद भनेको गरिबीको अन्त्य हो, दरिद्रता समाजवाद हैन। साम्यवाद त झन हुनै सक्दैन।"

पाउलो फ्रेरीको तर्क छ– "उत्पीडितहरूसँग आफ्नो मुक्तिको निम्ति दुईवटा मुख्य बाटाहरू छन्। पहिलो, आफूमाथि भइरहेको उत्पीडनको भार, त्यसको स्वरूप र प्रक्रियाबारे गहन ढङ्गले बुझ्न सक्नु पर्दछ। यसको बुझाइ जति गहन हुन्छ, उत्पीडन विरुद्धको सङ्घर्षमा त्यसको प्रतिविम्बन पनि त्यत्तिकै सशक्त र जागरुक हुन्छ। दोस्रो, यस्तो अवस्थाको सिर्जना– जहाँ अरुलाई उत्पीडन गर्नु भनेको आफ्नै विकास र सुरक्षाको निम्ति पनि हानीकारक हुन्छ भन्ने कुरा उत्पीडकहरू स्वयं ले नै महसुस गरुन्।"

जस्तो कि एडम स्मिथले पनि "वेल्थ अफ नेसन"मा लेखेका छन्– दासप्रथा भन्दा सम्पत्ति आर्जन गर्न ज्यालादारी श्रम बढी प्रभावकारी हुन्छ। दासका मालिकले दासहरूको स्याहार सुसारको लागि आफ्नै पुँजी खर्चिनुपर्छ। तर रोजगारदाताले भने तोकेको दरमा ज्याला तिरे पुग्छ; बाँकी जे जे खर्च आवश्यक पर्छ श्रमिक आफैंले बन्दोवस्त गर्नुपर्छ। दासहरूलाई काम नएभएको बेला पनि खुवाउनु–पियाउनु पर्ने, बिरामी हुँदा उपचार, सुत्केरी स्याहार्ने र काम गर्न सक्ने नहुञ्जेलसम्म तिनका बालबच्चालाई समेत पालन पोषण गर्ने जिम्मा दास–मालिकको हुन्छ। दासहरू भाग्लान् कि भनेर बाँधी राख्न पनि दास–मालिकले राम्रै खर्च गर्नुपर्छ।

स्वतन्त्र श्रमिक आफैंमा नागरिक र उपभोक्ता पनि हो। उनीहरू बाँधा र रैतीले जस्तै खान र उपभोग गर्न पुग्ने जतिमात्र उत्पादन गर्दैनन्, बरु बजारमा अरुले खरिद गर्ने वस्तुहरू समेत उत्पादन गर्छन्। उनीहरू अरु चिज किन्नका लागि आवश्यक पर्ने पैसा चाहन्छन् र आफैंले काम गरेको ठाउँमा उत्पादन हुने वस्तु आफ्नै उपभोगका लागि पनि खरिद गर्नुपर्छ भन्ने ठान्छन्। त्यसैले आफ्नो उपभोगलाई चाहिने भन्दा बढी उत्पादन गर्ने जाँगर श्रमिकहरूमा हुन्छ जबकि यस्तो जाँगर दासहरूमा हुन्न।

नेपाली उद्योग/व्यवसायमा लामो समय देखि सामन्ती उत्पादन सम्बन्ध कायम छ। "श्रममा सहभागी हुने र श्रम नगरी उपभोग गर्ने बीचको दूरी नै यो सामन्ती

उत्पादन र सम्बन्धको मूल आधार हो।" उमेश उपाध्याय भन्छन्– "सामन्तवादमा काम भनेकै दुःख हो। त्यसकारण काम नगरीकन उपभोग गर्नु चाहिँ सुख, मर्यादा, इज्जतको कुरा भयो। त्यसैले कुलिनता, संभ्रान्तता र काममा सहभागिता दुईवटा परस्पर विरोधी विन्दुको रूपमा सामन्तवादले विकास गर्दछ, त्यसलाई अभ्यास गर्दछ। काममा सहभागितालाई शून्य पार्दै जानका लागि दासहरूको प्रयोग अधिकतम गर्नुपऱ्यो, सेवकहरूको प्रयोग अधिकतम गर्नुपऱ्यो। यो स्थितिले दास, सेवक र श्रममा संलग्नहरूलाई भाग्य र सहिष्णुताको स्थितिमा राख्न, उनीहरूलाई सहिष्णु बनाउनको लागि अन्याय, अत्याचारलाई पनि न्यायपूर्ण ठहऱ्याउनु पऱ्यो। त्यसको लागि धर्मले, नेपालको सन्दर्भमा खासगरी हिन्दू धर्मले, महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो।"

यस्तो उत्पादन सम्बन्धलाई तोड्नु भनेकै नेपालको सन्दर्भमा रूपान्तरणको प्रक्रिया आरम्भ गर्नु हो। त्यसको आरम्भ कसरी हुन सक्ला?

एकपटक फेरि हामी दक्षिण अफ्रिकाका 'परिवर्तनका बाहकहरू' बीचको बहसलाई अध्ययन गरौं।

रंगभेदी शासनको अन्त्यपछि राष्ट्रपति नेल्सन मण्डेलाकै कार्यकालमा "लोकतान्त्रिक दक्षिण अफ्रिका भोलि कस्तो हुनेछ, समाजवादी कि पुँजीवादी?" भन्ने बहस सुरु भयो। आफ्ना मान्यताहरूलाई जोड दिंदै ट्रेड यूनियन (कोसाटु) र दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीले "समाजवाद हाम्रो भविष्य हो, यसको निर्माण अहिल्यै थालौं (सोसलिजम इज आवर फ्युचर, विल्ड इट नाउ)" को नारा अघि सारे। उनीहरूले असमान र उत्पीडनमा पिसिएको अफ्रिकालाई उठाउन पुनर्निर्माण र विकासको कार्यक्रम (आरडिपी–रिकन्स्ट्रक्सन एण्ड डेभलपमेन्ट पोग्राम) लाई परिवर्तनको आत्माको रूपमा व्याख्या गरे।

अर्कातिर सत्ताधारी अफ्रिकी नेशनल कँग्रेसले भने रंगभेदी शासनको आर्थिक जरा उखेलेर मात्रै परिवर्तन दिगो हुने नीतिमा जोड दियो। "उत्पीडित विश्वको अन्य भागभन्दा अलि फरक हाम्रो देशमा, आम जनतामा सम्पत्ति र जमिन फिर्ता गरिएन भने मुक्तिको खासै अर्थ रहने छैन। त्यसैले हाम्रो रणनीतिको आधारभूत पक्ष भनेकै हाम्रो विजयले दिने परिवर्तनलाई औपचारिक प्रजातन्त्र भन्दा माथि उठाउनु हो। विद्यमान आर्थिक शक्तिहरूको भूमिका जस्ताको तस्तै रहन दिनुको अर्थ रंगभेदी हैकमको जरामा मलजल गर्नु हुनेछ।" यही मान्यतामा एएनसीले अल्पसङ्ख्यक गोरा साहूहरूको मुठ्ठीमा रहेको अर्थतन्त्र, बहुसङ्ख्यक कालाहरूको हातमा ल्याई कालाहरूलाई धनी बनाउने कार्यक्रम– ब्लाक इकोनोमिक इम्पाओरमेन्ट (विइइ–वि; कालाहरूको हातमा अर्थतन्त्रको सशक्तिकरण) कार्यक्रम अघि साऱ्यो।

यसपछि नयाँ विवाद "कालालाई धनी बनाउने कि गरीब अफ्रिकीलाई अधिकार सम्पन्न बनाउने" अघि बढ्यो। नेल्सन मण्डेलाका उत्तराधिकारीका रूपमा थावो एम्वेकी दोस्रो कार्यकालको लागि राष्ट्रपतिमा चुनिएपछि ट्रेड युनियन, कम्युनिस्ट

पार्टी र सरकारमा रहेका एएनसीको नेतृत्व बीच सैद्धान्तिक र शैलीगत दुबै प्रकृतीको विवाद चुलीमा पुग्यो।

"के हाम्रो लोकतान्त्रिक राज्यले पक्षपोषण गरेको र गरिरहेको श्रमिक वर्ग र शहरी तथा ग्रामीण गरीब जनसमुदायहरूको हात माथि पर्दै गएको छ? वा एकाधिकार पुँजीवादले बितेको दशकमा तुलनात्मक रूपमा आफूलाई सुदृढ गरेको छ ? के सन् १९९४ पछि एनडीआरका चालक शक्तिको वर्चस्व समाजमा बढेको छ?"

बहस यसरी अघि बढ्यो।

"स्थिति पहिले भन्दा पनि साह्रै खराब भयो!" भन्नेहरूलाई सरकारमा रहनेहरूको जवाफ थियो- "आज, हिजोभन्दा राम्रो भएको छ र भोलि निश्चित रूपमा आजभन्दा असल हुनेछ।" दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीको दाबी छ, एनडीआरले आफ्नो घोषित बाटो फेरेको छ। जसको कारण एनडीआरका चालक शक्तिलाई भन्दा एकाधिकार पुँजीवादलाई ज्यादा लाभ पुगेको छ।

सन् २००७ मा आइपुग्दा "के हामीहरू पहिले कै क्रान्तिकारी बाटोमा अडिग छौं त? सन् १९९४ मा रंगभेदी शासन अन्त्य भएपछिको हाम्रो राज्य तथा समाज रूपान्तरणको मार्ग के हो?" विवादको अर्को पाटोमा यसप्रकारको चाख लाग्दो सैद्धान्तिक बहस पनि सुरु भयो। रंगभेदी शासनको पतनपछि आफैले शासनको बागडोर सम्हाल्दा सिद्धान्तलाई व्यवहारमा उतार्ने क्रममा उत्पन्न अनुत्तरित प्रश्नहरूको सूची लामै हुन पुग्यो-

- के समाजवाद पुँजीवादको गर्भबाटै जन्मन्छ?
- एनडीआरको चरित्र के हो- पुँजीवादी कि समाजवादी?
- दक्षिण अफ्रिका समाजवादमा पुग्ने बाटो कुन हो- पुँजीवादी, समाजवादी वा गैरपुँजीवादी?
- एनडीआरलाई समाजवादी बाटोतर्फ उन्मुख गराउनु वा यसको क्रान्तिकारीकरण गर्नुपर्छ भन्नु, यो कार्यक्रमलाई श्रमजीवी वर्गद्वारा अपहरण गराउनु वा "छलाङ मार्ने कच्चा काम" बाट धरापमा पार्नु नै हो त?
- एनडीआरले उपनिवेशकालीन उत्पीडनको उत्तराधिकारको रूपमा रहेको एकाधिकार पुँजीवादको पुनर्संयोजन गर्ने हो कि त्यसको अन्त्यको लागि काम गर्ने?
- हाम्रो 'सपना'को राष्ट्रिय लोकतान्त्रिक राज्य कस्तो हुन्छ- "बुर्जुवा" कि अन्य कुनै प्रकारको?
- एनडीआर समाजवादी रूपान्तरणको लागि बाधक हो कि समाजवादको लागि छरितो बाटो?

- एनडीआरको सबैभन्दा बलशाली तथा गतिशील बाटो कुन हो? के यो वर्ग निरेपेक्ष कार्यक्रम हो? आदि।

दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टी र ट्रेड यूनियनले अघि सारेको नारा– 'समाजवाद हाम्रो भविष्य हो, यसको निर्माण अहिले थालौं'को व्याख्याबाटै बहसको थालनी भयो। "श्रमिक वर्ग र त्यसका सहयोगीहरूले राज्यसत्ता कब्जा नगरेसम्म समाजवादी उत्पादन सम्बन्ध सुरु हुनै सक्दैन" भन्ने व्याख्या यो नारा क्वाइन गर्दा तय गरिएको थियो। अहिले यही मान्यतामा विश्वास गर्नेहरूको तर्क छ– पहिलेको नारालाई "समाजवाद हाम्रो भविष्य हो, अहिले श्रमिक वर्गको शक्ति निर्माण गरौं" भन्नुपर्छ। अर्काथरीको भनाइ छ– यसको पुनर्संयोजन "समाजवाद भविष्य हो, समाजवादी सुधार अहिल्यै थालौं" हुनुपर्छ। यी दुई लाइनमा चलेको विवादको मुद्दा हो– "राष्ट्रिय सङ्घर्षमा वर्गीय विषयको खोजी गर्ने कि वर्ग सङ्घर्षको राष्ट्रिय विषय खोज्ने?" यसै बहसको आसपास रहेर ए एन सी का विज्ञको निष्कर्ष छ– राष्ट्रिय लोकतान्त्रिक राज्य अहिलेको राज्य जस्तै हो, शुद्ध पुँजीवादी। दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीले भनेको "मिश्रित समाजवादी अर्थतन्त्र" पनि 'मार्क्सवादी–लेनिनवादी' होइन। 'मिश्रित' भन्नुको अर्थ हो– सामाजिक जनवादी !

"समाजवाद पुँजीवादको गर्भबाटै जन्मन्छ" यो भनाइ पनि अहिले बहसको विषय बन्न पुगेको छ। यो बहस दक्षिण अफ्रिकाको बाटो "पुँजीवादी–समाजवाद उन्मुख कि गैर पुँजीवादी" भन्ने विषयसँग जोडिएको छ। मोजाम्बिक र अङ्गोलाका प्रगतिशील राष्ट्रिय मुक्ति क्रान्तिले विश्व पुँजीवादी उत्पादन प्रक्रियालाई पन्छाई समाजवादमा पुग्न अपनाएको समाजवाद–उन्मुख बाटो र जाम्बियाले अपनाएको गैरपुँजीवादी बाटोलाई "जिउँदो समाजवाद" को रूपमा बहसकर्ताहरूले उदाहरणको रूपमा चर्चा गरेका छन्।

अफ्रिकी नेसनल कङ्ग्रेसका एक नेता जोयल नेट्सीटेन्झेले दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीका महासचिव ब्लेड जिमान्डेको "समाजवाद उन्मुख" र "गैरपुँजीवादी बाटो" को व्याख्यालाई "तर्कसंगत नरहेको" भनेर बहस अघि बढाएका छन्। उनको तर्क छ, कविलातन्त्रबाट दास युग, दास युगबाट सामन्तवाद र सामन्तवादबाट पुँजीवादी संक्रमणको ऐतिहासिक कालखण्डमा जसरी उत्पादन सम्बन्ध फेरियो, त्यसै गरी समाजवादी उत्पादन सम्बन्ध पनि फेरिन्छ। यो पुँजीवादको गर्भबाट जन्मदैन, बरु यस्ता सम्बन्ध त दिग्विजयी श्रमिक वर्गले सचेतनतापूर्वक आफैं सिर्जना गर्छन्। उनको भनाइ छ– समाजवादी क्रन्तिमा पहिलो र जटिल काम भनेकै श्रमिक वर्गमा शक्तिको हस्तान्तरण हो। यो शक्ति वलात् कब्जा गरेर वा चुनाब जितेर अभिव्यक्त हुनसक्छ। यो क्युवामा जस्तै फराकिलो आधारमा निर्मित क्रान्तिकारी मोर्चालाई "क्रान्तिकारी श्रमजीवी वर्गको पार्टी"मा रूपान्तरित गरेर पनि हुन सक्छ।

नेपालको द्वन्द्व समाधानमा दक्षिण अफ्रिकाको अनुभवको पटक-पटक चर्चा गरे झैं, सरकार सञ्चालन र राजनीतिक कार्यक्रमको सन्दर्भमा दक्षिण अफ्रिकीहरूले बहसमा उठाएका प्रश्नहरू पनि हाम्रो छलफलमा निश्चितै सहायक होला भन्न सकिन्छ। अहिले नेपालमा पनि भीमकाय संविधानसभा छ, यसभित्र रहेका यथास्थितिवादी, उग्रवामपन्थी र दक्षिणपन्थी सबै प्रवृत्ति नयाँ नेपाल कस्तो बनाउने भन्नेमा आ-आफ्नै तरिकाको व्याख्या गरिरहेका छन्। दक्षिण अफ्रिकीहरूले आफ्नो राजनीतिक कार्यक्रम एनडीआरको भविष्य, समाजवादको निर्माण र समाजिक रूपान्तरणमा बहस केन्द्रित गरे झैं हामी पनि "जनताको बहुदलीय जनवाद-जबज", मार्क्सवादको सृजनात्मक प्रयोग र नेपाली समाजको रूपान्तरणमा बहस केन्द्रित गरिरहेका छौं।

'जबज'को सिर्जनात्मक प्रयोगका सन्दर्भमा घनश्याम भुसालले ४ प्रश्नहरू अघि सारेका छन्-

- नेपाली समाजको मुख्य क्रान्तिकारी वर्ग कुन हो ?
- त्यसका सहयोगी वर्गहरू कुन-कुन हुन् ?
- तिनीहरूका अलग-अलग विचारधाराहरूको पहिचान कसरी गर्ने ?
- हाम्रो सन्दर्भमा "अर्गानिक आइडियोलोजी"को निर्माण कसरी हुन्छ ?

'छलफलमा टुंगो लगाउनु पर्ने विषय र त्यसलाई रिभिजिट (पुनर्मूल्याङ्कन) गर्नु पर्ने विषय' भन्दै गौरी प्रधानले निम्न १० प्रश्नहरू अघि सारेका छन्-

- सर्वहारा वर्गको अधिनायकत्व कि जनताको जनवाद ?
- जनवादी केन्द्रीयता कि जनवादी विकेन्द्रीयता ?
- राज्य एकात्मक कि राज्य संघात्मक ?
- समाजमा 'वर्ग कि, जातजाति कि, वर्ग र जातजाति' दुबै ?
- कानुनी शासन कि लोकतान्त्रिक शासन ?
- समावेशीकरण कि सशक्तिकरण ?
- मार्क्सवाद-लेनिनवाद-माओवाद कि जनवाद-समाजवाद-साम्यवाद ?
- राष्ट्रवाद कि अन्तर्राष्ट्रवाद ?
- क्रान्ति गन्तव्य कि यात्रा या यात्रा र गन्तव्य दुइवटै ?
- जनताप्रति जिम्मेवार राज्य कि कल्याणकारी राज्य ?

उनको प्रश्न छ- यी प्रश्नहरूमा अहिले रिभिजिट गर्नुपर्छ कि पर्दैन? पर्छ भने यसमा नेपालकै अनुभवको आधारमा विचारहरू बनाउन सक्छौं।

प्रश्न अरु पनि छन्- "वर्ग उत्थान/परिवर्तन वा संक्रमणको परिदृश्य कस्तो हुन्छ? सर्वहारा वर्ग र बुर्जुवा वर्गको बीचमा कुनै वर्गको प्रभावकारी अस्तित्व छ कि छैन? यस्ता वर्गको उत्पादन सम्बन्ध 'राख्ने वा फ्याक्ने'मा कस्तो भूमिका रहन्छ? रूपान्तरणमा ट्रेड युनियनको भूमिका के हुन्छ?"

यी सबै प्रश्नहरूबाट एउटा निष्कर्ष भने निस्किएको छ– नेपाली समाजको विश्लेषण पहिले रुसमा लेनिनले र पछि चीनमा माओले गरेको विधिबाट सम्भव छैन। यहाँको सामाजिक संरचना, वर्ग बनौट र वर्ग चरित्र निक्र्यौल गर्न नयाँ विधि खोज्नैपर्छ। वर्ग विश्लेषणमा आय-जमीन-सम्पत्तिको लेखा जोखा मात्र पर्याप्त हुँदैन; सर्वहारा-श्रमजीवी वर्ग निर्धारण गर्ने आधारका बारेमा परम्परागत मान्यताले काम दिँदैन।

घनश्याम भुसाल, प्रा. चैतन्य मिश्रहरूका अनुसार नेपाली समाज अर्ध-सामन्ती हैन, "पुँजीवादी" नै हो। झण्डै ४० वर्षदेखि भारतको श्रम सम्बन्धका बारेमा नियमित अध्ययनरत नेदरल्याण्डका एकजना प्राध्यापक यान ब्रेमन थप्छन्- "नेपाली समाजलाई कुनैपनि अर्थमा 'सामन्ती'समाज भन्न मिल्दैन। 'पुँजीवाद' यहाँको राजनीतिक अर्थशास्त्रको संगठित गर्ने सिद्धान्त बनिसकेको छ। तर नेपाल औद्योगिक समाजमा रूपान्तरित भइसकेको छैन। अर्को शब्दमा भन्नुपर्दा, युरोपमा १९ औं शताब्दी र २० औं शताब्दीको सुरुवातमा भए जस्तो परिवर्तनका प्रक्रियाहरू यहाँको समाज विकासमा भएको छैन। कृषि पेशाबाट बाहिरिएको समूह ठूलो छ, तर त्यो समूह औद्योगिक श्रमशक्ति भएकै छैन। न त तिनीहरूले आफूलाई अर्थतन्त्रको यो वा त्यो क्षेत्रको स्थिर रोजगारीमा टिकाई राख्न सकेका छन्। त्यसैले म नेपाली समाजलाई कृषि युग पछिको (कृषिउत्तर- पोस्ट पिजेन्ट सोसाइटी) समाज भन्नु उपयुक्त ठान्छु।"

परम्परागत रूपमा भन्ने गरिएको सर्वहारा र आजको श्रमिक वर्ग बीच कसरी फरक छुट्याउनु हुन्छ? आयको आधारमा पत्र पत्रमा कित्ताकाट गरिएका अहिलेका श्रमिक वर्गलाई एउटै वर्गको रूपमा लिन मिल्छ? यसले श्रमजीवी वर्गीय आन्दोलनमा कस्तो प्रभाव पार्छ?

उनी भन्छन्- "यहाँको वर्ग संरचनामा 'पुरानो वर्ग र नयाँको मिश्रण' देखिन्छ। परम्परागत वर्गहरूको केही लक्षण यहाँ अझै छ। तर मूल अन्तरविरोध भनेको आफूलाई आजभोलि 'मध्यम वर्ग' भन्न रुचाउने बुर्जुवा वर्ग र आन्तरिक रूपमा विभिन्न उपसमूहमा विभक्त श्रमजीवी वर्गको बीचमा नै छ। वास्तवमा राजनीतिक अर्थशास्त्रको अस्पष्ट चरित्र, सर्वहारा वर्ग को हुन् भन्ने स्पष्ट परिभाषा गर्न असम्भव हुने गरी प्रतिविम्वित हुन पुगेको छ।"

के ट्रेड यूनियन 'एउटै वर्ग' (सिङ्गल क्लास) को सङ्गठन हो? उनी भन्छन्- ट्रेड यूनियन 'एउटै वर्ग' को सङ्गठन होइन। तर रोजगारीका हिसाबले फरक-फरक देखिने- "नियमित वा दैनिक; ज्याला रोजगार वा स्वरोजगार; समय आधारित वा

पिसरेटमा काम गर्ने" श्रमिकहरू एकै ठाउँमा बाँध्न प्रयत्नशील छ। यी सबैलाई एकै ठाउँमा ल्याउनु र तिनीहरूको राजनीतिक र आर्थिक स्वार्थको एकै साथ सम्बोधन गर्ने काम वास्तवमै अप्ठ्यारो छ।"

सामाजिक रूपान्तरणको सन्दर्भमा वर्ग सङ्घर्षलाई कसरी परिभाषित गर्नु हुन्छ? नेपालमा कतिपय बुद्धिजीवीहरू जात/जाति/क्षेत्र र लैङ्गिक पहिचानको सङ्घर्षमा केन्द्रित नेपाली मुडलाई हेरेर नेपालमा अब क्लास स्ट्रगल (वर्ग सङ्घर्ष) हैन, मास स्ट्रगल (जनसङ्घर्ष)को माध्यमबाट मात्र रूपान्तरण हुन्छ भन्ने तर्क गर्दैछन्, तपाई के भन्नु हुन्छ?

"जातिपाती, धर्म, क्षेत्र जस्ता परम्परा र उत्पत्तिसँग जोडिएका विषयवस्तुको आधार श्रमिकलाई सङ्गठनतिर आकर्षण गर्न खोज्नु सजिलो त हुन्छ तर यस्तो अल्पकालीन रणनीतिले प्रकारान्तरमा एक हुनु पर्ने वर्गलाई आपसमा विभाजित हुन नै मलजल गर्छ।"

प्रो. यान व्रेमनको यी जवाफ र दक्षिण अफ्रिकीहरूले चलाइरहेको बहसका पक्षभित्रै हाम्रो आजको बहसमा अनुत्तरित ताजा प्रश्नहरूको ताजै उत्तर खोज्ने प्रयत्न गर्नु उपयुक्त हुन्छ।

# रूपान्तरण र
# अर्थ-राजनीतिक विषय-वस्तु

भाग-१ पहिलो सत्र



# सन्दर्भ र प्रश्नहरू

- विष्णु रिमाल

कार्यक्रमको संयोजकको रूपमा म यो भागको सन्दर्भ र त्यससँग जोडिएका केही प्रश्न राख्ने अनुमति चाहन्छु।

यो कार्यक्रमलाई मूलरूपमा तीन भागमा बाँडिएको छ। पहिलो दिन, अर्थ–राजनीतिको बारेमा छलफल गरिने छ। दोस्रो दिन, सामाजिक–साँस्कृतिक विषयको बारेमा र अन्तिम दिन, हामी निष्कर्षमा जान्छौँ। छलफलको मूल विषय 'सामाजिक रूपान्तरणका लागि पुनर्संरचना' भएकोले यसैको वरिपरि हाम्रो छलफल केन्द्रित हुनेछ।

राजनीतिक रूपान्तरणको सन्दर्भमा समावेशी–सहभागितामूलक लोकतन्त्रको बारेमा चर्चा गर्नेछौं। अहिलेसम्मका 'प्रजातन्त्र, जनवाद वा जनतन्त्र'लाई किन सहभागितामूलक मानिएन? के भयो भने लोकतन्त्र सहभागितामूलक हुन्छ भन्ने प्रश्नको उत्तर पहिचान गर्ने प्रयत्न गरिने छ। गणतन्त्रको बारेमा कुराकानी गरिने छ र 'श्रमिक नियन्त्रित ट्रेड यूनियन' को बारेमा छलफल गरिने छ। जनताको बहुदलीय जनवाद र जिफन्टको सम्बन्धको बारेमा बहस गर्नेछौं।

अचेल, "लोकतन्त्र तलबाट कि माथिबाट" भन्ने बहस गर्ने गरिएको छ। "समाजवाद 'माथिबाट लागू गरिएको' ले नटिकेको हो" भन्ने पनि हामीले सुनेका छौं। त्यसैले समाजवाद, लोकतन्त्र, तल–माथि, सहभागिता– यी जम्मै विषयहरूलाई जोडेर यो सत्रमा छलफल गरिने छ।

यो सत्रमा हामी तीन भिन्नाभिन्नै प्रस्तुति गर्नेछौं। पहिलोले 'कमजोर नेपाली राज्य र सामाजिक रूपान्तरण'बारे हामीलाई केही भन्ने छ। इतिहासप्रति गर्व नगर्ने र भविष्यको सपना नदेख्ने नेतृत्व, कार्यकर्ता तथा अधिकारप्रति भरोसा नगर्ने, भनसुन र चाकडीमा आधारित जनमानसिकताको बारेमा पनि हामी चर्चा गर्नेछौं।

'लोकतान्त्रिक गणतन्त्र' र 'एक्काइसौं शताब्दीको जनवाद' को सेपमा टाक्सिएको नेकपा (एमाले)को 'जनताको बहुदलीय जनवाद' को सान्दर्भिकताका बारेमा हामी यहाँ छलफल गर्नेछौं।

जनताको बहुदलीय जनवादले "सर्वहारा वर्गको अधिनायकत्व"को ठाउँमा "राज्यसत्ताको प्रयोग" भन्ने शब्द किन प्रयोग गर्‍यो? अधिकार केन्द्रीकृत एकदलीय र 'कार्यकर्ता आधारित पार्टी'को ठाउँमा 'जनआधारित कार्यकर्ता पार्टी' तथा बहुदलीय प्रतिस्पर्धा आवश्यकता छ भनेर किन भन्यो? तलबाट अभ्यास गरिने लोकतन्त्रमा जनवादी केन्द्रीयताले तादात्म्यता राख्छ कि राख्दैन– जनवादी केन्द्रीयताको सान्दर्भिकता कै बारेमा पनि हामी चर्चा गर्न सक्छौं। कम्युनिस्ट मात्र सदस्य बन्ने कम्युनिस्ट पार्टीमा, गैरकम्युनिस्ट आम जनतामाथि बुर्जुवा वर्गले साम, दाम, दण्ड, भेदद्वारा वर्चस्व कायम गरेको समसामयिक राजनीतिबाट कसरी जनतालाई "उपभोक्ता नभएर नागरिक" बनाउन सकिन्छ भन्नेमा हामी तर्क गर्नेछौं। पार्टी र जनसङ्गठन, खासगरी पार्टीसँग ट्रेड यूनियनको सम्बन्ध कस्तो हुनु पर्छ भनेर हामी छलफल गर्नेछौं।

दोस्रो प्रस्तुतिले मूलतः दक्षिण अमेरिका र दक्षिण अफ्रिकाको सहभागितामूलक लोकतन्त्र र ट्रेड यूनियन आन्दोलनको चर्चा गर्नेछ। शुल्क तिर्ने सङ्घर्षशील सदस्यद्वारा नियन्त्रित यूनियनको विकास कसरी गर्ने भन्ने विषय यहाँ चर्चाको विषय बन्न सक्छ । तेस्रो प्रस्तुति मूलतः युरोपेली वामपन्थीहरूको एकसय वर्षको सफलता र विफलताको बारेमा हुनेछ । सैद्धान्तिक विवाद नभएर 'रौं' बराबरको मतभेदमा पार्टी छियाछिया पार्ने हाम्रा वाम–अग्रजहरूले सच्याउन नसकेको गल्ती, हामी र हामीभन्दा पछिको पुस्ताले कसरी सच्याउन सक्लान् भन्ने बारेमा यो प्रस्तुतिले बुझ्न मद्दत पुर्‍याउँछ भन्ने हाम्रो अपेक्षा रहेको छ।

कमजोर राज्य नेपालमा सामाजिक रुपान्तरणको विषय ७
- देवराज दाहाल

सहभागितामूलक लोकतन्त्र र
श्रमिक नियन्त्रित ट्रेड युनियन आन्दोलन २१
- अरोकिया दास

समाजवादका एक सय वर्ष :
बीसौं शताब्दीका पश्चिम युरोपेली बामपन्थी ३१
- राजन भट्टराई


# विचार र बहस



# कमजोर राज्य नेपालमा सामाजिक रुपान्तरणको विषय

- देवराज दाहाल

म सामाजिक परिवर्तन र सामाजिक रुपान्तरणमा के फरक छ, अलिअलि वर्गको बारेमा र रुपान्तरण गर्नको निम्ति हामीकहाँ विकल्पहरू कत्तिको छ, त्यसको बारेमा छलफल गर्छु । प्रविधिको हिसाबले हामी तेस्रो पुस्ताको प्रविधिमा छौं, प्रजातन्त्रको हिसाबले पनि तेस्रो लहरको प्रजातन्त्रमा छौं, मानव अधिकारको हिसाबबाट हेर्दा पनि तेस्रो पुस्तामै छौं । पहिलो प्रजातन्त्र बुर्जुवा थियो । जुन बेला महिला, दासहरू र सम्पत्ति नहुनेहरूलाई अधिकार दिइएको थिएन । औद्योगिक क्रान्तिपछि प्रजातन्त्रको दोस्रो पुस्ता आयो, त्यो प्रतिनिधिमूलक थियो । त्यसले वर्गको आधारमा दलहरू बनायो, वर्गको आधारमा विश्व दृष्टिकोण दियो, वर्गको आधारमा विश्वविद्यालयहरू स्थापना भए । ज्ञान पनि त्यही आधारमा उत्पादन भयो र त्यसलाई संविधानले नियन्त्रण गर्‍यो । दुइटै वर्गलाई र वर्ग सङ्घर्षलाई त्यसले रोक्यो । अहिलेको पुस्ता प्रजातन्त्रको तेस्रो पुस्ता हो । यो सहभागितामूलक नै हो ।

अहिले हामी अधिकारमुखी संस्कृतितिर अगाडि बढ्दै गइरहेका छौं । जनतामा संप्रभुता अन्तरनिहित गरेका छौं । तेस्रो पुस्ताको प्रविधिमूलक जुन सञ्चार छ, त्यसले हरेक व्यक्तिलाई संप्रभु मानेको छ । संविधान सभाको बहसले हाम्रो समाजलाई राजनीतीकृत गर्दै लैजाने छ । जनता त्यो क्रममा नागरिकको रुपमा रुपान्तरण हुन्छन् र नागरिकबाट सचेतनशील वर्गमा ।

रुपान्तरण यहाँ मात्र हैन विश्वव्यापी रुपमै भइराखेको छ ।

सुरुमा जातिकै आधारमा धेरैजसो दर्शनहरू लेखिए, राज्यहरू र संस्थाहरू बनाइए । जातिपछि वर्गमा र औद्योगिक क्रान्तिपछि युरोप र पश्चिमी मुलुकहरूले त्यसलाई नागरिकमा रुपान्तरण गरे । नागरिकबाट अहिले मानव अधिकारले हामीलाई मान्छेतिर लगिरहेको छ । ‘मान्छे’ विश्वव्यापी अवधारणा हो, नागरिक भनेको

> रुपान्तरणले समग्रतामा समेट्ने हुनाले यो आधारभूत रुपमै समाजको माथि र तलका दुबै संरचनालाई त्यसले रुपान्तरण गर्छ ।

राज्यको सदस्य हो । हामीले बाह्र बुँदे सम्झौतादेखि अन्तरिम संविधानसम्म मानवअधिकार लगायत विभिन्न अधिकारहरू पाएका छौं । यसले नागरिकको दायरालाई अझ फराकिलो बनाएको छ। हामीले अवलम्बन गरेको तेस्रो पुस्ताको मानवअधिकार, तेस्रो पुस्ताको प्रविधि जुन सूचनामूलक क्रान्ति हो र तेस्रो पुस्ताको सहभागितामूलक प्रजातन्त्रका कारणले विश्वव्यापी रुपान्तरणको जुन प्रक्रिया छ त्यो प्रक्रियाको हामी अभिन्न अङ्ग भएका छौं ।

सामाजिक रुपान्तरणले समग्रमा प्रणालीलाई नै परिवर्तन गर्छ। एउटा चरणबाट अर्को चरणमा जान्छ र परम्परालाई नै विच्छेद गर्छ । सामाजिक परिवर्तनले त्यो विच्छेद गर्दैन । सामाजिक परिवर्तन एउटा सानो क्षेत्रमा मात्रै पनि हुन सक्छ । नेतृत्वको तहमा हुनसक्छ, प्रविधिको तहमा हुनसक्छ, अर्थको तहमा हुनसक्छ, समाजको केही परिवर्तनलाई त्यसले आत्मसात गरेको हुनसक्छ । तर रुपान्तरणले समग्रतामा समेट्ने हुनाले यो आधारभूत रुपमै समाजको माथि र तलका दुबै संरचनालाई त्यसले रुपान्तरण गर्छ । यस अर्थमा यो योजनाबद्ध प्रक्रिया नै हो । नेपालको द्वन्द्वको जुन स्थिति र गतिशीलता छ, त्यो चाहिँ रुपान्तरणतिर या परिवर्तनतिर कता जान्छ भन्न गाह्रो छ। पुरानै वर्ग सत्तामा बस्ने हो कि त्यसले नयाँ वर्गसँग आत्मसात गरेर जाने हो; वा पुरानो जुन थिचिएको वर्ग छ त्यो नै इतिहासको क्रममा अगाडि आउने हो भन्न गाह्रो छ। अहिले पनि हाम्रो देशको राष्ट्रिय परिस्थिति क्रान्तिकारी नै छ। त्यो कता जान्छ भन्ने कुरा त्यसलाई नेतृत्व गर्ने वर्ग, उनीहरूको शक्ति, उनीहरूले निर्माण गरेका सङ्गठनहरू, त्यसलाई समर्थन गर्ने सञ्चारहरू र त्यसका संवाहकहरूमा भर पर्छ। यो रुपान्तरणको संवाहक को हो? आठ दल हो कि त्यसको विरुद्धमा बढिसे बढी मागहरू राख्ने नागरिक समाज वा समाजलाई परिवर्तन गर्ने बुद्धिजीवीको जमात हो- जुन विभिन्न वर्ग, विभिन्न जाति, विभिन्न दलहरूमा छरिएर बसेका छन्। एउटा कुरा के प्रस्ट छ भने बुद्धिजीवी वर्गको जुन आधार हो, यो अलिकति

फराकिलो भएको छ- त्यो राजनीतिक रुपमा र अलिकति सामाजिक रुपमा फराकिलो भएको छ ।

तर त्यसलाई धान्ने हाम्रो अर्थतन्त्र भने छैन । किनभने जनताले राज्यलाई तिर्ने करहरूले हाम्रो अर्थतन्त्रको कुल गार्हस्थ उत्पादनको १२ प्रतिशत मात्र ओगट्छ । त्यसलाई आधुनिकतातिर रुपान्तरण गर्ने नेतृत्व, अर्थ, प्रविधि, विचार, ज्ञान र शिक्षाको आधार अझै पनि कमजोर भएको हुनाले हामी साँच्चै रुपान्तरणतिर जान सक्छौं कि सक्दैनौं, यस कुरामा हामीले बहस गर्नुपर्छ ।

जनआन्दोलनले पाँचवटा क्षेत्रमा रुपान्तरण गरेको छ ।

पहिलो हो बहसको रुपान्तरण । हामी पहिले प्रजातन्त्र भन्थ्यौं । अहिले हरेक दलको आफ्नै शब्द- लोकतन्त्र, जनतन्त्र, गणतन्त्र, लोकतान्त्रिक गणतन्त्र, समावेशी प्रजातन्त्र आदि । यी विभिन्न शब्दहरूले नयाँ किसिमको बहसहरू सिर्जना गरेका छन् । तर हामीले अङ्गालेको व्यवस्थालाई प्रतिनिधित्व गर्ने एउटै शब्द भएन भने हाम्रो मूल्यमा सङ्कट आउँछ । हाम्रो समाजले उत्पादन गरेका शब्दहरू, धारणाहरू लिनुपर्छ जस्तो मलाई लाग्छ । पश्चिमी राष्ट्रले त्यहाँको जुन सामाजिक, आर्थिक, प्राविधिक प्रक्रियाहरू छन्, त्यहाँबाट शब्द लिएर राखे । त्यसैले पश्चिममा सहमति के छ भने उनीहरूको एउटै शब्द -प्रजातन्त्र । त्यो भित्र सानो सानो कुरामा बहसहरू हुनसक्छन्, तर मूलभूत कुरामा होइन । हामी शब्दमै प्रस्ट भएनौं ।

दोस्रो, सन्दर्भको रुपान्तरण भएको छ । मध्य दक्षिणपन्थीबाट मध्य वामपन्थी गठबन्धन जुन भइरहेको छ त्यो सन्दर्भको रुपान्तरण हो । तेस्रो, कर्ताको रुपान्तरण, पहिले राजा कर्ताको रुपमा थिए भने अहिले निलम्बित भएका छन् ।

> *आधुनिकतातिर रुपान्तरण गर्ने नेतृत्व, अर्थ, प्रविधि, विचार, ज्ञान र शिक्षाको आधार अझै पनि कमजोर भएको हुनाले हामी साँच्चै रुपान्तरणतिर जान सक्छौं कि सक्दैनौं, यस कुरामा हामीले बहस गर्नुपर्छ ।*

माओवादी संभाव्य पात्र थियो, अहिले वास्तविक पात्र भएको छ । यो कर्ताको रुपान्तरण हो । अर्को रुपान्तरण विषयको रुपान्तरण हो । नयाँ नयाँ विषयहरू आइरहेका छन् । केन्द्रीकृत राज्यको ठाउँमा संघीय राज्यको कुरा आइरहेको छ । त्यस्तै सुरक्षाको सुधारका कुराहरू उठिरहेको छ । माओवादीका लडाकुहरूलाई कसरी निशस्त्रीकरण, अपरिचालन र एकीकरण गर्ने जस्ता कुराहरूमा बहस भइरहेको छ । सेनाको कुरामा पनि त्यही कुरा लागू हुन्छ । हामीकहाँ बहुमतले जित्ने पुरानो जुन निर्वाचन प्रणाली थियो त्यसबाट मिश्रित र मिश्रितमा पनि समानुपातिकलाई जोडेर हामीले अगाडि लगिरहेका छौं । यही प्रक्रियामा जुन पाखा लागेका वर्गहरू थिए तिनीहरूले बिस्तारै आफ्नो आधिपत्य अगाडि बढाउन सकिरहेका छन् । त्यस्तै विधिको रुपान्तरण भएको छ । जुन पुरानो संविधान थियो, त्यो संविधानलाई हामीले खत्तम गऱ्यौं र अन्तरिम व्यवस्थापन गर्नको निम्ति, संक्रमणकालको निम्ति अन्तरिम संविधान जारी भएको छ । विधिको रुपान्तरण पनि यहाँ भइरहेको छ ।

तर त्यो रुपान्तरण अधिसंरचनामा मात्रै (सुपर स्ट्रक्चरल) भएको रुपान्तरण हो ।

शान्ति सम्झौतामा द्वन्द्व व्यवस्थापन भनिएको छ, द्वन्द्वको रुपान्तरण भनिएको छैन । व्यवस्थापनले मूलभूत कारणहरू सम्बोधन गरेन, जहाँ द्वन्द्व निहित छ त्यसको संरचनाहरू रुपान्तरण भएन भने फेरि अर्को खालका द्वन्द्वहरू सुरु हुन सक्छन् । तीन खालकै कर्ताहरू, वास्तविक पात्रहरू जुन सत्तामा छन्, संभाव्य पात्रहरू जुन भोलि सत्तामा आउन सक्छन्, सीमान्तकृत पात्रहरू जुन पिछडिएका छन् तिनीहरूलाई कसरी समाहित गर्न सकिन्छ ? यी तीनवटै कर्ताहरूका बीच सहमति कायम गर्ने हिसाबले गयो भने द्वन्द्व व्यवस्थापन र हामीले खोजेको

सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रुपान्तरण पनि अगाडि बढ्न सक्छ ।

यसै सन्दर्भमा राज्यको पुनर्संरचनाको कुरा छ । राज्यको पुनर्संरचना किन गर्ने भन्दा "वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरूलाई हल गर्न" भनिएको छ । यी सबै समस्या हल भयो भने हामीले खोजेको प्रजातन्त्र सहभागीमूलक नै हुन्छ, प्रतिनिधिमूलकबाट हामी एक कदम अगाडि जान्छौं । तर सोच्नु पर्ने कुरा चाहिँ के हो भने त्यसको लागि पूर्व अवस्थाहरू तयार गरेका छौं कि छैनौं । अर्थतन्त्र, शिक्षा, वैदेशिक लगानी, प्रविधि आदिका संस्थागत आधारहरू बलियो भयो भने हामी जुनसुकै व्यवस्था पनि धान्न सक्छौं । कमजोर भयो भने व्यवस्था जतिसुकै राम्रो भए पनि धान्न नसकिने हुनसक्छ ।

राजनीतिमा मैले 'चारवटा विरोधाभास'का कुरा लेखेको छु । एउटा हो अन्तरिम संविधान । बीचबीचमा हामीले संविधान परिवर्तन गर्नुपर्ने स्थिति आयो । मधेसीको माग, जातीय कुराहरूको माग, महिलाहरूको माग जस्तो विभिन्न किसिमको मागले गर्दा संवैधानिक स्थायित्व प्राप्त गर्न सक्छौं कि सक्दैनौं, संविधानको सर्वोच्चता हुन सक्छ कि सक्दैन जस्ता प्रश्न उठिरहेका छन् । यसले तीनवटा वर्गको बीचमा फेरि द्वन्द्व सिर्जना गरेको छ । पहिलो; अहिले सरकारमा बसिरहने यथास्थिति, दोस्रो; यथास्थितिलाई परिवर्तन गर्ने र तेस्रो अहिलेको यथास्थितिका पीडितहरू (पुरानो सत्ताका) ।

यो द्वन्द्वमा नेतृत्वकै भूमिका ठूलो हुन्छ । नेतृत्वले सुधारमूलक प्रक्रियाहरूलाई कसरी अगाडि लैजान सक्छ ? लैजान सकेन भने फेरि दुर्भाग्य हुनसक्छ । ०४६ सालदेखि अप्रिलको जनआन्दोलनसम्मको स्थिति हेरियो भने सबैभन्दा ठूलो सङ्कट राजनीतिक क्षेत्रमा देख्न सक्छौं । त्यसले सुधारका प्रक्रियाहरू अगाडि लैजान

> *राजनीति भन्ने बित्तिकै दुइवटा कुरा आउँछन्, एउटा राज्य र अर्को नीति । नीतिमा हाम्रो स्वामित्व हुन त्यो हामी आफैले बनाउनुपर्छ, त्यसमा हाम्रो सहभागिता हुन्छ । त्यसले समाज र राज्यको बीच मध्यस्थताको काम गर्नुपर्छ ।*

सकेन । सुधारलाई अगाडि लैजाने जुन वर्ग हो, त्यसको नेतृत्व र प्रविधि सशक्त भएन भने त्यो जता पनि जान सक्छ । अहिलेको राजनीति पनि स्थिर छैन ।

नेपाली राष्ट्र स्वतन्त्र, अविभाज्य, सार्वभौम, धर्मनिरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक भनेर प्रस्तावनामा व्याख्या गरिएको छ । स्वतन्त्र राष्ट्रले आफ्नो नीति आफै बनाउन सक्छ । हाम्रो संसदले जुन दिन राष्ट्रको लागि आवश्यक पर्ने नीति आफैले बनाउन सक्छ, त्यो दिन हामीले सार्वभौम ठाने हुन्छ । हाम्रो राजनीति स्वाधीनतातिर गएको छ कि छैन ? राजनीति भन्ने बित्तिकै दुइवटा कुरा आउँछन्, एउटा राज्य र अर्को नीति । नीतिमा हाम्रो स्वामित्व हुन त्यो हामी आफैले बनाउनुपर्छ, त्यसमा हाम्रो सहभागिता हुन्छ । त्यसले समाज र राज्यको बीच मध्यस्थताको काम गर्नुपर्छ । यस्तो भएन भने समाजले फेरि विद्रोह गर्न सक्छ । स्वामित्व कसरी हाम्रो हुने र त्यसले हामीलाई कसरी फाइदा गर्ने बारे नेतृत्व वर्गले बहस गर्नुपर्छ ।

अन्तरिम संविधानमा विश्वव्यापी नयाँ सिद्धान्तहरू छन् । विभिन्न किसिमका सामाजिक न्याय, सामाजिक सुरक्षा, रोजगारी, शिक्षा, सूचनाको हक, संस्कृति, स्वास्थ्यलाई मौलिक अधिकारको रुपमा लिएको छ । तर यो आदर्श नीति राम्रो भएपनि यसलाई लागू गर्ने हाम्रो प्रशासन भएन, स्रोत भएन, सशक्त संस्थाहरू भएनन् भने यसले हाम्रो राजनीतिलाई आकाङ्क्षामुखी बनाएर लैजान्छ । हामीले आकाङ्क्षा पूरा गर्न सकेनौं भने नेतृत्व वर्गको विश्वसनीयता सङ्कटमा हुन्छ । हाम्रो कार्यक्रम, हाम्रो आकाङ्क्षा क्रान्तिकारी भयो, तर स्रोतहरू हामीसँग भएनन् भने जनता क्रान्तिकारी हुन्छन् र व्यावहारिक (मोडरेट) पार्टी वा यथास्थितिवादी (कन्जरभेटिभ) पार्टीलाई उनीहरू समर्थन गर्दैनन् । जो बढी 'क्रान्तिकारी' हो त्यतैतिर लाग्छन् । त्यसैले हाम्रो दूरदृष्टि कस्तो खालको छ, हाम्रो संस्थाहरू

कस्ता छन्, कस्ता संस्थाहरू हामी प्रयोग गरेर राष्ट्रिय सहकार्य गर्न सक्छौं यसबारे सोच्नुपर्छ। तिनीहरू बीच संयोजन हुनु आवश्यक हुन्छ।

चौथो, दिगो शान्तिको निम्ति सबै पक्षहरू बीच एक किसिमको समझदारी आवश्यक हुन्छ। हामीले जुन द्वन्द्वका अवशेष हो, द्वन्द्व समाधानको प्रकृयामा त्यसलाई बिर्सनु हुँदैनथ्यो। शान्ति तथा मेलमिलाप आयोग स्थापना हुनुपर्थ्यो। संवैधानिक विवाद व्यवस्थापन गर्नको निम्ति संवैधानिक अदालतहरू स्थापना हुनुपर्थ्यो। हामी सबैलाई पन्छाएर लगिरहेका छौं। यसले गर्दा नेतृत्वमा एक किसिमको विश्वसनीयताको सङ्कट उत्पन्न हुनसक्छ। समाजमा द्वन्द्व चर्किने जुन फ्लास प्वाइन्टहरू हुन् त्यसलाई संयुक्त रुपले हामीले निराकरण गर्न सकेनौं भने त्यसले अर्को खालको द्वन्द्वहरू ल्याउन सक्छ। त्यसैले कसरी सहमति र सम्झौताद्वारा द्वन्द्व समाधान गर्ने, त्यसको लागि कस्तो किसिमको नियम कानुनहरू र नीतिहरू बनाउनुपर्छ भन्ने बारेमा अगाडि नै बहस गर्नुपर्छ।

हाम्रो राज्यको विकल्पहरू केके छन् त? समाज चलायमान भएर गइरहेको छ- मानवअधिकार, प्रजातन्त्र र प्रविधि सबै कुरामा। कतिपय सन्दर्भमा हाम्रो राष्ट्रिय सीमाहरूले काम गर्न सकिरहेका छैनन्। यो स्थितिमा राज्यलाई कसरी प्रभावकारी बनाउने, नेतृत्व कसरी प्रभावकारी हुने भन्ने विषय महत्वपूर्ण हुन्छ। हाम्रो राज्य आफ्नो अस्तित्व र विकासको लागि बाहिरी सहायतामा निर्भर छ। वैधानिकताको लागि मात्रै यहाँ चुनाब गरेर हुँदैन, विदेशी राष्ट्रहरूले त्यो चुनाबलाई मान्यता दिएनन् भने त्यो अवैधानिक हुन सक्छ। हामी त्यसमा पनि आधारित छौं। हाम्रो अर्थतन्त्र आन्तरिक रुपमा एकीकृत छैन, त्यो पनि बाहिरी रूपमा बढी एकीकृत भएको देखिन्छ। यसले गर्दा राज्य पनि बाहिर, अर्थतन्त्र पनि बाहिर, र हाम्रो नागरिक समाज पनि आन्तरिक रुपमा ऐक्यबद्ध भन्दा पनि बाहिरै भएको देखिन्छ। यसले गर्दा यी राज्यका सुशासनका तीनवटै शक्तिलाई आन्तरिक

> *हामी पहिले आफ्नो संविधान आफैं बनाउँथ्यौं; अब त्यसलाई अन्तर्राष्ट्रिय मान्यता पनि चाहिन्छ ।*

समन्वयमा (इन्टरनल कन्स्टिलेसनमा) कसरी ल्याउन सकिन्छ ? त्यो भयो भने जनताको बफादारिता राज्यतिर हुन्छ । उनीहरू बाहिरतिर गए भने जनतामा पनि विदेशीतिर बढी झुकाव हुने प्रवृत्ति बढ्न सक्छ । त्यसलाई पोस्टनेसनल कन्स्टिलेसनल भनिन्छ । त्यसैले नेशनल कन्स्टिलेसनमा उनीहरूलाई कसरी ल्याउन सकिन्छ र जनता राष्ट्रप्रति, राष्ट्र जनताप्रति उत्तरदायी हुने व्यवस्था सिर्जना गर्न सकिन्छ त्यसबारे बहस गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

भूमण्डलीकरणको प्रभाव खासगरी राजनीतिमा पर्छ । अर्थशास्त्र, राजनीतिशास्त्र, शिक्षा, भूगोल विभिन्न विषयहरूमा हाम्रो ज्ञान खण्डित थियो । भूमण्डलीकरणले सबैलाई एकै ठाउँमा ल्याइदियो । अब हामीले अन्तरविषयात्मक किसिमले बहस गर्न सकेनौं भने भूमण्डलीकरणको प्रक्रियाहरू बुझ्न सक्दैनौं । त्यसैले राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक विभिन्न किसिमबाट त्यसलाई हेर्न आवश्यक छ । संस्थाहरू पनि ज्ञानअनुसार नै बनेका थिए । यो संस्थाले यो काम गर्ने, अर्कोले अर्को किसिमको काम गर्ने, अर्कोले अर्को । भूमण्डलीकरणले तिनीहरूको सीमालाई परिवर्तन गरिदियो । फेरि नयाँ किसिमको नीतिहरू बनाएर तिनीहरूको समन्वय, सन्तुलन र कामको बँटवारा गर्न सकेनौं भने पनि सङ्कट आउन सक्छ ।

हामी पहिले आफ्नो संविधान आफै बनाउँथ्यौं, अब त्यसलाई अन्तर्राष्ट्रिय मान्यता पनि चाहिन्छ । किनभने हामी अन्तर्राष्ट्रिय संस्था, अन्तर्राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय प्रक्रियाहरूको अभिन्न अंग भइरहेका छौं । उनीहरूले विश्वस्तरको तादात्म्यता (ग्लोबल कन्सिस्टेन्सी) खोजिरहेका छन् । त्यसले हाम्रो नियमलाई भूमण्डलीकृत बनाइरहेको छ, जुन हाम्रो जनताको आकाङ्क्षाभन्दा बाहिर पनि जान सक्छ । त्यसलाई पनि हामीले सन्तुलन गर्नु आवश्यक छ । अन्तर्राष्ट्रिय युगको चाहना र हाम्रो आवश्यकता बीच सन्तुलन आवश्यक छ ।

राष्ट्रले हामीलाई अन्तर्राष्ट्रिय पहिचान दिन्छ, त्यसैले हाम्रो विभिन्न किसिमको विविधताहरूलाई नागरिकमा कसरी रुपान्तरण गर्न सक्छौं भन्ने हो । नागरिक भनेको राष्ट्रिय परिचय बोकेको मान्छेहरू हुन् । हामीले राष्ट्रिय परिचयमा त्यसलाई रुपान्तरण गर्न सकेनौं, सबैले आ-आफ्नै परिचय बोकिरह्यौं भने हाम्रो राष्ट्रको एकीकरण हुन सक्दैन । हामी आन्तरिक रुपमै आ-आफ्नै वर्गीय, क्षेत्रीय, जातीय, धार्मिक परिचयहरूमा गाँजियौं भने हामीले बाहिर पनि चाहेको भूमिका खेल्न सक्दैनौं र भित्र पनि सहकार्य गर्ने स्थिति हुँदैन । त्यसैले यसको तालमेल गर्नु आवश्यक छ ।

राज्यको सामाजिक संरचना सम्बन्धमा हन्टिङ्गनले भनेका छन्- जुन सभ्यताको निर्माण भएको छ त्यो दुइवटा कुराहरूबाट भएको छ । एउटा धर्म, अर्को भाषा । नेपालमा यो दुइवटै छोड्दैछौं कि जस्तो मलाई लाग्दैछ । त्यो छोड्यौं भने नेपाल राष्ट्र अड्न सक्दैन । राष्ट्रको जराहरू भनेका यिनीहरू नै हुन् त्यो काट्यौं भने हामी खत्तम हुन्छौं । हामी विविधताको राष्ट्र हौं । यहाँ सबै अल्पसङ्ख्या (माइनरिटी) मा छौं । सबैभन्दा बढी क्षत्रीहरू १८ प्रतिशत मात्रै छन्, त्यसपछि दलित १२/१४ प्रतिशत, त्यसपछि बाहुन र तामाङहरू छन् । नेपाल अल्पसंख्यकहरूको मुलुक भएको हुनाले सहमतिको संस्कृति, समझदारीको संस्कृति, छलफलको संस्कृतिलाई हामीले कसरी अगाडि लैजाने सोच्नैपर्छ । धर्म र संस्कृति आफै खराब हुँदैन । अहिले नेपालमा सुरक्षाको रिक्तता, शान्ति सुव्यवस्थाको रिक्तता र आधिकारिकतामा शून्यता भयो । सुरक्षाको शून्यतामा प्रजातन्त्र, विकास, शान्ति केही पनि हुँदैन ।

राज्यको आविष्कार नै कमजोरलाई संरक्षण गर्न भएको हो । राजनीतिक द्वन्द्व समाधान गर्न, आफ्नो जनतामाथि बाहिरी आक्रमण नहोस् भन्ने सन्दर्भमा र जनतालाई सुख र सुविधाहरू कसरी पुऱ्याउन सकिन्छ भन्ने सन्दर्भमा भएको

> *नेपाल अल्पसंख्यकहरूको मुलुक भएको हुनाले सहमतिको संस्कृति, समझदारीको संस्कृति, छलफलको संस्कृतिलाई हामीले कसरी अगाडि लैजाने सोच्नैपर्छ ।*

हो । बलियोको लागि होइन कमजोरको लागि राज्य आएको हो । तर अहिले राज्यको एकाधिकारमा क्षयीकरण भएको छ । राष्ट्र तीनवटा कुराले बलियो हुन्छ । एउटा, उसको दण्ड वा वैधानिक हिंसामा एकाधिकार हुन्छ, अरुले हिंसा गर्न पाउँदैन । दोस्रो, करमा एकाधिकार हुन्छ । तेस्रो, जनताको बफादारितामा एकाधिकार हुन्छ । यी तीनवटै एकाधिकार हाम्रो राष्ट्रले गुमाएको स्थिति छ । त्यसैले राज्य र समाज बीचको एकतामा सन्तुलन छैन । थुप्रै पूर्व आधुनिक शक्तिहरू चलायमान भएर गइरहेका छन् । जसले राज्यमा प्रश्नहरू उठाइरहेका छन् । राज्यले जबसम्म राज्यको जस्तो काम गर्न सक्दैन, दीर्घकालीन शान्ति, विकास र प्रजातन्त्रको कल्पना नै गर्न सकिदैन ।

हिंसामा साना साना प्रतिस्पर्धात्मक शक्तिहरू आइरहेका छन् । हिंसा भनेको हतियारै प्रयोग गरेर मार्ने मात्र होइन । नेपाल बन्द गऱ्यो, अरुलाई असुविधाहरू पुऱ्यायो, अधिकारहरू उपभोग गर्नबाट रोक्यो र आफ्ना उद्देश्यहरू प्राप्त गर्नको निम्ति प्रजातान्त्रिक माध्यमहरू भन्दा बाहिर गयो- ती सबै हिंसा हुन् । त्यस्तै, आपराधिक ग्यांगहरू बढ्नु भनेको राष्ट्रको संप्रभुता कमजोर हुनु हो । राष्ट्रको सम्प्रभुता जति कमजोर हुँदै जान्छ त्यत्तिकै आपराधिक ग्यांगहरू सशक्त भएर आउँछन् । यो 'आधिकारिकता (अथोरिटी)'मा पनि क्षयीकरण हुनु हो । राज्यको आधिकारिकता बढ्नु भनेको राज्यको वैधानिकता बढ्नु हो । जनताले राज्यलाई स्वीकार्नु हो । राज्यलाई स्वीकार्ने भन्दा पनि तिरस्कार गर्ने प्रवृत्ति बढ्दै गयो भने हाम्रो राज्य "नेपाल"को रुपमा धेरै समयसम्म रहन गाह्रो हुन्छ ।

हरेक द्वन्द्वको समाधान गर्न सकिन्छ । त्यसलाई जातीय, धार्मिक, भाषा, क्षेत्र विभिन्न किसिमले हेरिएन भने त्यसको समाधान हुँदैन । नेपाली समाजका कर्ताहरूलाई पूरै उपयोग (अप्टिमाइज) कसरी गर्ने, सोच्नुपर्छ । अर्कोको मूल्यमा एउटा कर्तालाई अधिक उपयोग (माक्सिमाइज) गर्ने बित्तिकै अर्काले त्यसलाई

मान्दैन । त्यसैले शान्तिले जति बढी शान्तिको मित्रहरू उत्पादन गर्छ, शान्तिलाई समर्थन गर्ने वर्गहरू जन्माउँछ, त्यो बढी दिगो हुन्छ । दुश्मनहरू जन्मायौं भने त्यो धेरै टिक्दैन ।

राज्यले गुमाएको नीतिगत सर्वोच्चता पनि हो । नीति गुमाउनु भनेको राजनैतिक अवमूल्यन हो । किनभने राजनीतिले नीति बनाउँछ । विशेषज्ञले नीति बनाउने होइन । राजनीतिक क्षेत्र, सार्वजनिक क्षेत्र हो । यसको निजीकरण हुँदैन । राजनीतिक क्षेत्र भनेको जनतालाई प्रतिनिधित्व गर्ने क्षेत्र हो; वैधानिकताको क्षेत्र हो । त्यसैले यहाँ निर्वाचित प्रतिनिधिहरूले राष्ट्र, समाज र अर्थतन्त्रको लागि कानुनहरू बनाउँछन् । तर हाम्रो राज्यको क्षयीकरणले गर्दा विकासका कुनै पनि लक्षहरू प्राप्त गर्न सकिरहेका छैनौं । डा. देवेन्द्रराज पाण्डेले लेख्नु भएको छ असफल विकास । असफल विकास तब हुन्छ, जब हामीले सिकेको ज्ञानको अर्थै हुँदैन, त्यो समाजलाई कामै लाग्दैन । हाम्रो समाजले हाम्रो राज्य बनाएको कुरा कहिल्यै बिर्सनु हुँदैन । हाम्रो समाजमा ज्ञान छ । हामीले जुन लिएको ज्ञान हो त्यो केही हदसम्म ठीक छ, केही हदसम्म गलत छ । त्यसलाई आलोचनात्मक रूपमा हेर्नुपर्छ । हाम्रा पुराना धर्म शास्त्रहरूले हामी नेपालीहरू कहाँ मिल्न सक्छौं मिल्नेकुराहरू नै देखाएका छन् । पश्चिमको सामाजिक विज्ञानहरू हेर्‍यौं भने कहाँ कहाँ नेपालीहरू छुट्टिन सक्छन्- जातीय हिसाबले, उमेरको हिसाबले, वर्गीय हिसाबले, धार्मिक हिसाबले त्यो मात्र देखिन्छ । भिन्नता बढी देखाउने-एकता नदेखाउने ? हामीले पुनर्विचार गर्नुपर्छ । त्यसले समाजको एकीकरण गर्न सक्छ कि सक्दैन ? एकीकृत समाजलाई राज्यसँग जोड्न सक्छ कि सक्दैन ? र, विश्वव्यापीरुपमा त्यसले सहकार्य गर्न हामीलाई सक्षम बनाउन सक्छ कि सक्दैन ?

*नीति गुमाउनु भनेको राजनैतिक अवमूल्यन हो । किनभने राजनीतिले नीति बनाउँछ । विशेषज्ञले नीति बनाउने होइन । राजनीतिक क्षेत्र, सार्वजनिक क्षेत्र हो । यसको निजीकरण हुँदैन ।*

शासनका उद्देश्यहरू हुन्छन् । पहिलो राष्ट्रिय सुरक्षा, दोस्रो कानुनी शासन, तेस्रो नागरिकको आवाजहरू । नागरिकलाई प्रतिनिधित्व गर्न सक्ने क्षमताहरू र उनीहरूको सहभागिता बढाउन सक्ने संस्थाहरू बनाउनु पर्‍यो । चौथो, उनीहरूको आवश्यकताहरू पूरा गर्न सक्षम हुनु पर्‍यो । र, पाँचौं, द्वन्द्व निवारण गर्न सक्नु पर्‍यो । यसमा धेरै हदमा हामीहरू कमजोर भएको मलाई लाग्छ । एक खालको द्वन्द्वलाई हामीले सम्बोधन गर्न खोज्यौं तर त्यसले थुप्रै खालको द्वन्द्वहरूलाई सिर्जना गरिरहेको छ । द्वन्द्व आफैमा खराब होइन तर त्यसलाई समाधान गर्ने संयन्त्र कमजोर छन् । अहिले नेपाली समाजमा भूराजनीतिक, संरचनात्मक, सोचाइगत, घोषित र सुसुप्त पाँच खालको द्वन्द्वहरू छन् । एउटालाई समाधान गरिएन भने त्यो अर्कोमा आफै रुपान्तरण हुन्छ, त्यसलाई गरिएन भने अर्कोमा रुपान्तरण हुन्छ, त्यसलाई पनि गरिएन भने अर्कोमा रुपान्तरण हुन्छ ।

हामी विश्व व्यवस्थालाई परिवर्तन गर्न सक्दैनौं । उनीहरूले हामीलाई परिवर्तन गर्छन् । हामीले अन्तर्राष्ट्रिय मूल्य र मान्यता, अन्तर्राष्ट्रिय सन्धिहरूलाई अनुमोदन गरेका छौं, त्यस विरुद्ध हामी जान सक्दैनौं । त्यो गर्‍यौं भने राष्ट्रको एकाधिकार, राष्ट्रको जुन वैधानिकता हो, त्यो गुम्न सक्छ । त्यो भित्र बसेर हामीले काम गर्नुपर्छ । त्यसैले हाम्रो विकल्प भनेको आन्तरिक रुपमा हामीले आफूलाई सक्षम बनाउनको निमित्त धेरै कुराहरूमा सोच्नुपर्छ । नेतृत्व वर्गले नीति पनि नबनाउने, त्यसलाई कार्यान्वयन पनि नगर्ने देखियो । त्यो हाम्रो कमजोरी सातसालदेखि कै हो । कानुन बनाउँदा कानुन लागू हुँदैन । सातसाल, छयालिस साल र अहिलेको आन्दोलनले भविष्यहरूबारे सोच्नको निमित्त हामीलाई खुला अवसर दियो त ? मेरो विचारमा दिएको छैन ।

फेरि, भूराजनीतिको कुरा आइरहेको छ । जुन भूराजनीतिले आन्तरिक प्राथमिकताहरूलाई नकार्छ । त्यसैले दुई खालको द्वन्द्व, बाहिरबाट आएको

र भित्रको आन्दोलनलाई कसरी सन्तुलनमा लैजान्छौं भन्ने कुरा नेतृत्वको सफलतामा भर पर्छ । हाम्रो राज्य, नागरिक समाज, अर्थतन्त्र परनिर्भर छ । हाम्रो विकल्प त्यो परनिर्भरताभित्रै हो त ? त्यसबारेमा बहस गर्नुपर्छ जस्तो लाग्छ । बाहिरको नीतिहरू सबै त्याग्नुपर्छ भन्ने होइन त्यसलाई आन्तरिकीकरण गर्नु पर्‍यो । त्यो कसरी हाम्रो स्वार्थमा मिल्न सक्छ ? हाम्रो सहभागिता कसरी बढाउन सक्छौं ? सोच्नुपर्छ । राज्य र समाजलाई समग्रतामा हेरेर नीति बनायौं र सबैको स्वार्थको त्यसमा प्रतिनिधित्व भयो भने हामी फेरि संवैधानिक स्थिरता, संवैधानिक संप्रभुतातिर जान सक्छौं । होइन भने, आन्तरिक र बाहिरी दबाबहरूलाई सन्तुलन गर्न नसकेर हामी फेरि द्वन्द्वको शिकार हुन सक्छौं ।



# सहभागितामूलक लोकतन्त्र र श्रमिक नियन्त्रित ट्रेड युनियन आन्दोलन

- अरोकिया दास

एउटा ट्रेड युनियनकर्मीको रुपमा मैले धेरै कुरा दक्षिण अफ्रिकाको कोसाटु, ब्राजिलको कुट, नेपालको जिफन्ट र यस्तै अरु ट्रेडयुनियन महासंघहरूबाट सिकेको छु । आफ्नो अनुभवको आधारमा त्यसलाई नै म तपाईंहरूसँग राख्न चाहन्छु । सामाजिक वास्तविकता भनेको के हो भन्नेबाट म आफ्नो कुरा सुरु गर्छु ।

सामाजिक वास्तविकताका धेरै महत्वपूर्ण तत्वहरू छन् । ती मध्ये एउटा उत्पादन सम्बन्ध पनि हो । शक्ति सम्बन्धको समिकरण पुनरुत्पादनको विषय हो । सम्पूर्ण उत्पादनको सम्बन्ध, जसले परिवार र समाजलाई जोड्छ- संस्कृति हो, त्यो पनि एउटा महत्वपूर्ण पक्ष हो । ट्रेड युनियन आन्दोलनमा हामी धेरैले यी सबै विषयहरूलाई हेर्दैनौं, खाली शक्ति संरचनालाई मात्रै ध्यान दिन्छौं । यी सबै तत्वहरू मिलेर एउटा समाज बन्छ । पश्चिमाहरूको हिसाबमा सामाजिक असचेतनता सन्दर्भ बाहिरको कुरा हो । तर हाम्रो सन्दर्भमा यो महत्वपूर्ण छ । सामाजिक सम्झौताको सन्दर्भमा हेर्ने हो भने, यसले धेरै ठूलो महत्व राख्दछ । उदाहरणको लागि म यदि दलित समुदायबाट आएको छु र अर्को कुनै कम्पनीको चिफ एक्जेक्युटिभ अफिसर बाहुन जातको छ भने, उनीहरूबीचको अन्तर हेर्न लायक हुन्छ । एउटाले आफूलाई सर्वोत्तम ठान्छ । तीनहजार वर्षदेखिको यो 'प्रचलन'- एउटा पक्षले हैकम जमाएको अनुभव गर्ने र अर्को पक्षले दमित रहेर पनि त्यसलाई स्वीकार्ने हो । सहभागितामूलक लोकतन्त्रको कुरा गर्ने हो भने, यो तीनहजार वर्षदेखिको प्रभुत्व, यसबारे व्यक्ति र समाज दुबैको मनोवैज्ञानिक सोचलाई नै परिवर्तन गर्नुपर्छ । यी सबै कुराहरूलाई प्रतिबिम्बित गर्ने, जानकारी प्रवाहमा ल्याउने, स्कुल, मेडियादेखि लिएर सबैका संस्थागत स्वरुपहरू, यी सबैले समाजका विभिन्न आयामहरूलाई प्रभावित गर्छन् ।

आधुनिकतालाई हेर्दा यसका दुई पक्ष छन् । एउटा प्रजातन्त्र जुन सहभागिता हो र अर्को पुँजीवाद जुन शोषण हो । दुइवटै एकअर्कासँग सामान्जस्य राख्दैनन्,

*आधुनिकतालाई हेर्दा यसका दुई पक्ष छन् । एउटा प्रजातन्त्र जुन सहभागिता हो र अर्को पुँजीवाद जुन शोषण हो । दुइवटै एकअर्कासँग सामान्जस्य राख्दैनन्, फरक-फरक कुरा हुन् । एउटा अधिकार हो भने अर्को शोषण ।*

फरक-फरक कुरा हुन् । एउटा अधिकार हो भने अर्को शोषण । हामीले यो दुईवटाको असामन्जस्यको बीचबाटै जानुपर्छ र नयाँ संस्कृतिको विकास गर्नुपर्छ । पुँजीवाद असामन्जस्यहरूलाई व्यवस्थित गर्नका लागि फुर्तिलो छैन । यो औपनिवेशिक हिसाबले लादिएको प्रणाली हो । जुन समयदेखि पुँजीवाद लादिन थाल्यो त्यसका सांस्कृतिक प्रभावहरू, सांस्कृतिक दबाबहरू देखिँदै आएका छन् ।

हामी दुई किसिमका सांस्कृतिक भारहरूबाट थिचिएका छौं, एउटा पारम्परिक सांस्कृतिक भार र अर्को पुँजीवादको सांस्कृतिक भार । यो केही व्यक्ति, समूह "प्राधिकार" हुने कुरामा अनुदित हुन्छ र अरुलाई दमन गर्ने र आफ्नो श्रेष्ठता सावित गर्ने जुन पक्ष हो त्यसैलाई देखाउँछ ।

केही वर्ष अगाडि थाइल्याण्डमा मैले एउटा अनुसन्धान गरेको थिएँ । त्यसमा श्रमिकहरू र तालिमसँग सम्बन्धित विषय थियो । थाई श्रमिकहरू सांस्कृतिक रुपमा जुन हैकममा परे त्यो धेरै ठूलो थियो, त्यसको एउटा कारण राजतन्त्र हो, राजा पनि हो । थाईहरूको 'ग्रान्डजाई' भन्ने एउटा भनाइ छ । यसको अर्थ हो- "जे दिइएको छ, त्यसलाई स्वीकार गर, त्यसको समीक्षा नगर ।" सहभागितामूलक लोकतन्त्रको विषयमा चर्चा गर्दा यी कुराहरूमा ध्यान पुऱ्याउनु जरुरी हुन्छ । यी अनुभवहरूको आधारमा मैले लाद्न खोजिएको एउटा संस्कृतिको विरुद्ध अर्को किसिमको कार्यक्रम, अर्को किसिमको सोच विकसित गर्ने प्रस्ताव गरेको छु, त्यसलाई प्रतिसंस्कृति भनिएको छ ।

यो एकले अर्कोलाई सिकाउने (वान टु वान कोचिङ्ग) विधि हो । समूहमा गएर सिकाउने नभई व्यक्ति व्यक्तिलाई दीक्षित गर्ने कुरा हो । मैले यसमा आठजना श्रमिकहरूलाई चयन गरें । चालिसवटा सत्रहरू चलाएँ । सुरुमा अप्ठ्यारो भयो, तर जब उनीहरूले मलाई विश्वास गरे, त्यसपछि आफ्नो कुरा बुझाउन सजिलो हुँदै

गयो । सांस्कृतिक दमनको कुरा उनीहरूले बिस्तारै बुझ्दै गए । ट्रेड युनियनकर्मीको रुपमा यो धेरै महत्वपूर्ण विषय हो । आफू सिर्जनात्मक हुनुभन्दा पनि श्रमिक जनतालाई प्रभावकारी ढङ्गले सहभागी हुन कसरी सिर्जनात्मक बनाउन सकिन्छ भन्ने हिसाबले पनि यो महत्वपूर्ण छ । सिर्जनात्मक हुनेमा सबैभन्दा प्रमुख 'बाधा'को रुपमा रहेको छ- डर र गल्ती पो हुने हो कि भनेर मान्छेलाई यसले सिर्जनात्मक हुनबाट रोक्छ । यो तालिमको मुख्य उद्देश्य "डरलाई कसरी हटाउने" भन्ने थियो । हजारौं वर्षदेखि अधिकारीहरू र समाजका ठेकेदारहरूबाट लादिएको जुन प्रभुत्व छ, त्यस विरुद्ध मान्छे लड्न सक्छन्, सिक्न सक्छन् भन्ने कुरा मलाई अनुभव भयो ।

तर बुझ्नु मात्रै पर्याप्त हुँदैन, प्रक्रियामा संलग्नता जरुरी हुन्छ । यसमा ब्राजिलका चिन्तक, आन्दोलनकारी पाउलो फ्रेरीको शिक्षा सान्दर्भिक छ । आफ्नो चिन्तनमा "स्वतन्त्रताको डर" भन्ने शब्द उनले प्रयोग गरेका छन् । मान्छेलाई स्वतन्त्रतासँग पनि डर हुँदो रहेछ ।

लोकतन्त्र अभ्यासमा चार/पाँच वर्ष पछाडि अथवा चार/पाँच वर्षको अवधिलाई हेर्दा त्यसमा देखिने जुन परिवर्तनहरू हुन्छन्, त्यसको विषयमा मैले भन्न चाहेको होइन । हाम्रो आफ्नै बुझाइमा लोकतन्त्रलाई हामीले हेर्नुपर्छ । 'आफ्नो लागि आफै निर्णय गर्न सक्ने' गरी मान्छेको सशक्तीकरण हुने कुरा महत्वपूर्ण हुन्छ । केही वर्ष अगाडि मैले क. मदन भण्डारीको भनाइ पुस्तिकामा भेटेको थिएँ- "जब मान्छे समाजवादका लागि तयार हुन्छन्, तब मात्र हामी समाजवाद प्राप्त गर्न सक्छौं ।" त्यसपछि मात्र त्यो काम गर्न सकिन्छ । सहभागितामूलक लोकतन्त्र विकसित गर्न अथवा श्रमिक नियन्त्रित ट्रेड युनियन आन्दोलन तयार गर्न हामीले केही महत्वपूर्ण आधारभूत कुराहरूमा ध्यान दिनुपर्छ । मेरा यी भनाइहरू दक्षिण अफ्रिका र ब्राजिलको अनुभवका आधारमा झिकिएका निष्कर्षहरू हुन् ।

> *कुनै पनि सङ्गठनको दूरदृष्टि 'नयाँ समाजको विकास कसरी हुन्छ' भन्ने हुनुपर्छ । यो आवश्यकतालाई सङ्गठनले आत्मसात गरेको हुनुपर्दछ ।*

कुनै पनि सङ्गठनमा अभिमुखीकरण हुनुपर्दछ र त्यो राजनीतिक दिशातिर उन्मुख हुनुपर्छ। यसले तीन रुपहरू लिन्छ। पहिलो, सङ्गठनको प्राथमिकता, दोस्रो, साधनहरूलाई बाँडफाँड गर्ने कुरा र तेस्रो, रणनीति र कार्यनीतिहरू । कुनै पनि सङ्गठनको दूरदृष्टि 'नयाँ समाजको विकास कसरी हुन्छ' भन्ने हुनुपर्छ । यो आवश्यकतालाई सङ्गठनले आत्मसात गरेको हुनुपर्दछ । सामाजिक आन्दोलनमा धेरै क्षेत्रहरूलाई समन्वय गरेर अगाडि बढाउन सक्नुपर्दछ । सामाजिक र राजनीतिक पक्षहरूमा विजयलाई नेतृत्व गर्न सक्ने हुनुपर्दछ । सङ्घर्षमा पनि निरन्तरता हुनुपर्दछ वा युक्तिसङ्गत किसिमबाट संचालित हुनुपर्दछ । लक्ष प्राप्त नहुञ्जेलसम्म दक्षिण अफ्रिका र ब्राजिलमा सङ्घर्षको निरन्तरता भएको हो । यो सँगसँगै चल्ने प्रक्रिया भएको हुनाले अरु देशमा पनि ठ्याक्कै त्यस्तै हुनुपर्छ भन्ने होइन । विभिन्न संस्थाहरू एकात्मक हिसाबले जानुपर्छ भन्ने पनि होइन ।

दक्षिण अफ्रिकामा कालाहरूको चेतना अभियानसँग पनि जोडिएको थियो । अफ्रिकीहरूको आकाङ्क्षालाई अगाडि बढाउने यसको लक्ष्य थियो । स्टेभे विको भन्ने नेता मारिएपछि जुझारु व्यक्तिहरूको एउटा ठूलो श्रृङ्खला तयार भएको थियो । उनीहरू कुनै एउटा संस्थाबाट आएका थिएनन्, धेरै वटा संस्थाहरूबाट विकसित भएका थिए । सिङ्गो राजनीतिक र सामाजिक संस्कृतिबाट उनीहरू सुशिक्षित थिए । वर्णभेदको शासनलाई अन्त्य गर्न विभिन्न संस्कृतिहरूबाट, विभिन्न सङ्गठनहरूबाट आएका जुझारु मान्छेहरूको समूहले ठूलो योगदान पुऱ्याउन सक्यो ।

श्रमिक नियन्त्रित ट्रेड युनियन आन्दोलनको प्रश्नतिर आउँदा ऐतिहासिक परिप्रेक्षलाई बुझ्नुपर्ने हुन्छ । कसरी दक्षिण अफ्रिकाको ट्रेड युनियन महासंघ- कोसाटु विकसित भयो र उनीहरूको सङ्गठन गर्ने रणनीति कस्तो थियो, सङ्गठन निर्माणका लागि उनीहरूले कस्तो किसिमको विधि प्रयोग गरे भन्ने हेर्नुपर्ने हुन्छ । जुन बेला अफ्रिकी नेशनल काँग्रेस (एएनसी) प्रतिबन्धित भइसकेको थिएन, जुझारु ढङ्गले आफ्ना

संघहरूलाई परिचालित गर्दै ट्रेड युनियन आन्दोलनको विकासलाई प्रभावकारी ढङ्गले अगाडि बढाउँदै थियो । राजनीतिक सक्रियतामा, राजनीतिक आन्दोलनकारीका रुपमा लगातार संलग्न हुँदै जाँदै थियो । तर १९६० पछि यसले प्रभावकारी ढङ्गले काम गर्न सकेन । त्यसपछि फेडरेसन अफ साउथ अफ्रिकन ट्रेड युनियन (फोसाटु) भन्ने नयाँ किसिमको संरचना बन्यो । पहिलेको साउथ अफ्रिकन कंग्रेस अफ ट्रेड युनियनस (साक्टु) भन्दा यसले फरक ढङ्गबाट काम गर्न सुरु गऱ्यो । यसले स्थानीय तहमा सङ्गठनको संरचनाहरू बनाउने काम थाल्यो । साक्टुको संरचनाहरू थिएन, तर फोसाटुको संरचनाहरू थिए । असाध्यै दमनकारी रंगभेदी शासन भएको हुनाले सानासाना लाभहरूमा पनि ध्यान पुऱ्याउनु र सङ्गठनको अस्तित्वलाई जोगाउनु, बलियो बनाउनु जरुरी थियो त्यसबेला ।

अर्को अनुभव खानीमा काम गर्ने श्रमिकहरूको रीष्ट्रिय युनियनको छ । दक्षिण अफ्रिकाको खानी उद्योग त्यसबेला धेरै बलियो थियो र अहिले पनि बलियो छ, खास गरेर सुन र हिराको खानी । खानी श्रमिकहरूको राष्ट्रिय युनियनले धेरै लोकप्रियता प्राप्त गऱ्यो । यो वास्तवमा स्थानीय तहको स्थानीय प्रतिनिधि (सपस्टेवार्ड) आधारित थियो । त्यसकारणले यो लोकप्रिय पनि भयो । साक्टु बढी राजनीतिक थियो । फोसाटु कार्यकर्ता आधारित थियो र नयाँ आन्दोलनमा आधारित थियो । दुबैको सङ्गठन निर्माणको सैद्धान्तिक आधार समान थियो । दुबै तल्लो तह सपस्टेवार्ड तहमा उत्पादन र खानी उद्योगमा केन्द्रित थिए । धेरैजसो खानी श्रमिकहरूको खानीकै आसपासका स्थानहरूमा बसोबास थियो । स्थानीय श्रमिकहरू र बाहिरबाट आएका आप्रवासी श्रमिकहरूका बीचमा खानी उद्योगको क्षेत्रमा घुलमिल भयो र त्यसले नयाँ रुप लियो । यसरी कोसाटु बनेपछि तल्लो तहमा, कार्यथलोको तहमा श्रमिकहरूलाई सङ्गठित गर्ने कुरा कोसाटुको विशेषताको रुपमा देखियो । कार्यथलो मै सङ्गठित गर्ने र श्रमिकहरूको नेतृत्वलाई विकसित गर्ने काम गरियो ।

> *पूर्णकालीन नेता कार्यकर्ताहरूको दबदबा नहोस्, उनीहरूको चाहना अनुसार मात्र नहोस् भन्नाका निम्ति बढीभन्दा बढी कार्यथलोमा काम गरिरहेका श्रमिकहरूको बहुलता हरेक समितिमा कायम गरिन्छ ।*

ब्रिटिसहरूको ट्रेड युनियन निर्माणको तरिका भन्दा कोसाटुको फरक थियो । किनभने यसले तल्लो तह (सपफ्लोर) बाटै नेतृत्व विकसित गर्ने काम गर्‍यो । माथिको नेतृत्वबाट तल्लो तहमा नेतृत्व विकसित गर्ने होइन कि तलबाट नेतृत्व निर्माण गर्ने काम कोसाटुले गर्‍यो ।

श्रमिक नियन्त्रित ढङ्गको युनियन निर्माण गर्ने कोसाटुको प्रक्रियामा पहिला कार्यथलो तहका (सपस्टेवार्डहरू)  नेताहरूको चुनाब गर्ने र उनीहरूको समिति बनाइन्छ । यी कमिटीहरू श्रमिकको नेतृत्वमै केन्द्रित हुन्छन् । पहिले 'सपस्टेवार्ड' नभइकन (एउटा कार्यथलोको निर्वाचित नेता नभइकन) त्यो भन्दा माथिल्ला कमिटीमा रहेर काम गर्ने कुरा कल्पना बाहिर हुन्छ । माथिल्ला तहमा रहने पूर्णकालीन नेता कार्यकर्ताहरू, राजनीतिक कार्यकर्ताकै रुपमा आएका भए पनि कार्यथलो तहका समितिहरू र नेतृत्वबाट पूर्णरुपमा नियन्त्रित हुन्छन् । यस्ता पूर्णकालीन नेता कार्यकर्ताहरूको दबदबा नहोस्, उनीहरूको चाहना अनुसार मात्र नहोस् भन्नाका निम्ति बढीभन्दा बढी कार्यथलोमा काम गरिरहेका श्रमिकहरूको बहुलता हरेक समितिमा कायम गरिन्छ । कार्यथलो आधारित र कार्यथलोकै निर्वाचित नेताहरू (सपस्टेवार्ड) बाट अगाडि बढ्ने किसिमको रणनीति अपनाइन्छ ।

विभिन्न औद्योगिक क्षेत्र, व्यवसायहरू, विभिन्न कार्यथलोमा काम गरिरहेका यिनै सपस्टेवार्डहरू मध्येबाट कोसाटुको स्थानीय तहको संरचनाको निर्माण हुन्छ । यसरी स्थानीय तहदेखि क्षेत्रीय र राष्ट्रिय तहमा, राजनीतिक स्तरमा श्रमिकहरूको भूमिका प्रमुख भएर गयो र कोसाटुको निर्माणमा यसको महत्वपूर्ण भूमिका रह्यो । त्यसकारण, अध्यक्षदेखि राष्ट्रिय स्तरको कोसाटुको नेतृत्व स्थानीय तहकै प्रतिनिधि मध्येबाट निर्वाचित हुन्छ, महासचिव मात्रै पूर्णकालीन व्यक्ति निर्वाचित हुन्छन् ।

१९९४ मा दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टी, एएनसी र कोसाटुको बीचमा सहमति भयो र उनीहरूले एउटै मोर्चा बनाएर काम गरे । कोसाटु संविधान निर्माण गर्ने काममा र श्रममुखी धेरै कुराहरू संविधानमा ल्याउने कुरामा सफल रह्यो । कतिपय संस्थाहरू पनि विकसित भए, जसले रोजगारदेखि लिएर श्रमिकका विभिन्न पक्षहरूलाई प्रतिनिधित्व गर्ने कुराहरूलाई अगाडि बढाउने काम गरे । त्यस्ता संस्थागत संरचनाहरू पनि विकसित भए । कोसाटुको नेतृत्वका धेरै असल कमरेडहरू अफ्रिकन नेसनल कंग्रेसको तर्फबाट संसद सदस्य भए, कतिपय मन्त्री पनि भए । रंगभेदी शासन विरुद्ध सङ्घर्ष गरेको एउटा महत्वपूर्ण नेतृत्वकारी समूह संसद र मन्त्रीमण्डलतिर गइसकेपछि त्यसले कोसाटुको नेतृत्वमा एक किसिमको रिक्तता सिर्जना गर्‍यो ।

एएनसी र दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टी समाजवादको लागि लडेका हुन् र नेल्सन मण्डेला रिहा हुँदा केही न केही नवउदारवादी किसिमले जाने नीतिमा कुनै न कुनै किसिमको एउटा सहमति राखेर रिहा भएको हुनुपर्छ । 'गिएर' भन्ने विकास नीति १९९४ मा एएनसी र मण्डेलाहरूले स्वीकार गरेको देखिन्छ । गिएरको रणनीति निजी क्षेत्रद्वारा नेतृत्व गरिएको विकासको मार्गमा हिंड्ने हो । निजीकरण त्यसको महत्वपूर्ण पक्ष रह्यो ।

सरकारको एउटा अङ्ग भएर कोसाटु गएको हुनाले यस्तो किसिमको विकास नीतिलाई स्वीकार गरेर जाँदा श्रमिकहरूको कल्याणकारी काम र कल्याणकारी आयोजनाहरूसँग सम्बन्धित बजेटमा ठूलो कटौती पनि भयो । त्यही गठबन्धनमा रहेर काम गर्ने अथवा त्यो गठबन्धनबाट बाहिर निस्किने भन्ने विषय कोसाटुमा अहिले विवादको विषय बनेको छ । फेरि पनि हामीले त्यही प्रश्नलाई हेर्नुपर्ने हुन्छ कि ट्रेड युनियनहरू पार्टी राजनीतिभित्र रहेर जाने हो कि छुट्टै लिंकमा मात्रै रहेर जाने हो । अर्को महत्वपूर्ण विवादको विषय देशभक्त बुर्जुवाको विषयमा हो । कालो भए पनि गोरो भए पनि

*ब्राजिलको आन्दोलन खाली औद्योगिक श्रमिकहरूमा सीमित आन्दोलन होइन, यो ग्रामीण क्षेत्रका स-साना किसानहरू, भूमिहीन कृषि श्रमिकहरूलाई पनि समेटेको आन्दोलन हो ।*

बुर्जुवा मान्छे बुर्जुवा नै हो । ट्रेड युनियन आन्दोलनभित्र यी सबै कुराहरू प्रतिविम्बित भइरहेका छन् । दक्षिण अफ्रिकामा मेरो अनुभवको कुरा यति नै हुन् ।

ब्राजिलमा राष्ट्रपति लुलाको पीटी भन्ने पार्टी १९८० मा बनेको हो र १९८३ मा त्यहाँको ट्रेड युनियन महासंघ कुटको स्थापना भएको हो । म आफू अटोमोबाइल इन्डस्ट्रिजसँग सम्बन्धित भएर ट्रेड युनियन आन्दोलनमा काम गरेको हुनाले १९८३ मा ब्राजिलमा जाँदा स्थानीय तहको ट्रेड युनियनकर्मीको रुपमा काम गरेर राजनीतिक आन्दोलनकारीको रुपमा विकसित भएको व्यक्ति लुलासँग भेट्ने अवसर पाएँ । त्यहाँ ट्रेड युनियनको दिशा के हुनुपर्दछ, श्रमिकको हितको लागि के कुरा र कुन मार्गमा जानुपर्छ भन्ने कुरामा धेरै प्रस्ट पाएँ । उहाँहरूले भन्ने गरेको नयाँ युनियन आन्दोलन के हो भन्ने मैले त्यसबेला बुझेको थिइनँ । १९८६ मा फेरि ब्राजिल गएको बेला मैले यो बढी अनुभव गरें । धेरैजसो ट्रेड युनियन आन्दोलनकारीहरू युवा थिए । तिनीहरू समाजवाद निर्माणका लागि प्रतिबद्ध थिए । ब्राजिलको आन्दोलन खाली औद्योगिक श्रमिकहरूमा सीमित आन्दोलन होइन, यो ग्रामीण क्षेत्रका स-साना किसानहरू, भूमिहीन कृषि श्रमिकहरूलाई पनि समेटेको आन्दोलन हो ।

मैले एउटा पहाडी क्षेत्रमा भ्रमण पनि गरें, जहाँ भूमिहीन श्रमिकहरूले भूमि कब्जा गरेर खेती गर्न थालेका थिए । त्यो भूमि एउटा मोटर कम्पनीको थियो । सत्तरी र असीको दशकमा अलिक प्रगतिशील खालको सरकार बनेको बेला सिर्जित "लाभ"लाई बाहिर लैजान दिने वा फर्काउने होइन, त्यसलाई पुनर्लगानी गर्नु पर्दछ भन्ने सरकारको अवधारणा रहेछ । त्यसैकारण त्यो मोटर कम्पनीले लाभलाई बाहिर लान नपाएपछि हजारौं एकड जमिनहरू खरिद गऱ्यो ।

लुलाको सरकारलाई सामाजिक आन्दोलनकारीहरूको सरकार भनेर मानिन्छ । त्यहाँ मानिसहरू भूमिको लागि लडिरहेका छन् । ब्राजिलको ८० प्रतिशत जनसङ्ख्या

शहरमा बस्छ र बाँकी गाउँहरूमा बस्छन् । तर जुझारुपन शहरका युनियनहरूको भन्दा गाउँका युनियनहरूको बढी छ । ग्रामीण क्षेत्रका युनियनहरूमा प्रतिरोध गर्ने क्षमता उनीहरूको संस्कृतिमा आधारित छ, आन्दोलनमा मात्रै आधारित होइन । "एमएसटी" भन्ने भूमिहीन किसानहरूको युनियन, कुट र पीटी दुबैसँग सम्बद्ध छैन । एमएसटी क्याथोलिक चर्चसँग सम्बद्ध छ । जसले मुक्तिको आन्दोलनलाई सहयोग पुऱ्याएको छ । एल्बेरिनो थोरै जमिन भएको किसान हुन्, त्यहाँबाट उनी युनियनमा आएर बिस्तारै कुटको उपाध्यक्षसम्म भए । उनी के भन्छन् भने 'म किसान हुँ, म अहिले उपाध्यक्ष छु । भोलि म यो पोजिसनबाट हट्नासाथ फेरि आफ्नो खेतमा फर्किएर किसानको रुपमै काम गर्नेछु ।' औद्योगिक मजदुरको क्षेत्रबाट जो युनियनको आन्दोलनमा आएका छन्, तिनीहरू आफ्नो कामबाट हट्नु पऱ्यो भने उनीहरू युनियनमा पूर्णकालीन हुन सक्छन्, कामतिर फर्कन सक्दैनन् । फर्किने ठाउँ नभएको हुनाले आफ्नो पोजिसनलाई कायम राख्न, उनीहरू कुनै न कुनै किसिमबाट कर्मचारीतन्त्रको (ब्युरोक्राटिक) अभ्यास गर्दछन् ।



### डोनाल्ड सासोनको पुस्तक –

# समाजवादका एक सय वर्ष : बीसौं शताब्दीका पश्चिम युरोपेली बामपन्थी पुस्तकको संक्षिप्त विश्लेषण

- राजन भट्टराई

समाजवादप्रति चासो राख्ने, त्यसको इतिहास जान्न चाहने, समाजवादको उद्भव, विकास र विगतमा यसका चुनौतीहरू कस्ता रहे, त्यतिबेला चलेका विवादहरू के थिए भनेर बुझ्न चाहनेहरूका लागि डोनाल्ड सासोनको किताब 'वान हन्ड्रेड इयर्स अफ सोसलिजम्, द एक्सपेरिएन्स अफ वेस्ट युरोपियन सोसलिष्ट' पढ्नु उपयुक्त लाग्यो । यो किताबको म यहाँ सारांश प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सासोनले १८८९ देखि १९८९ सम्मको यो किताबलाई एकसय वर्षको इतिहास भनेका छन् । त्यो इतिहासलाई उनले तीन कालखण्डमा विभाजित गरेका छन् । पहिलो कालखण्ड उनले समाजवादी र कम्युनिस्टहरूको विस्तारको काल भनेर १८८९ देखि १९४५ सम्मलाई लिएका छन् । दोस्रो, समाजवादी आन्दोलनको सशक्तीकरणको काल भनेर १९४५ देखि १९७३ को समयलाई उल्लेख गरेका छन् । तेस्रो, समाजवादी र कम्युनिस्ट आन्दोलनको सङ्कटको कालको रुपमा १९७३ देखि १९८९ सम्मलाई उल्लेख गरेका छन् । उनको यो किताबमा सात भाग र त्यसभित्र चौबीसवटा अध्यायहरू छन् । त्यसभित्र राजनीतिक, सैद्धान्तिक, आर्थिक, निर्वाचनको प्रक्रिया, श्रमिकहरूको भूमिका आदि सबै कुराहरू छन् र मूलतः बढी केन्द्रित राजनीतिक अर्थशास्त्रमा भएको मैले पाएँ । त्यतिबेलाको राजनीतिक अर्थशास्त्र कुन रुपमा गएको थियो र समाजवादीहरूले त्यसलाई के हिसाबले अगाडि लिएर गएका थिए भन्ने कुरा नै उनले राखेका छन् ।

पहिलो विस्तारको काल भनियो, जतिबेला कार्ल मार्क्सको भर्खरै निधन भएको थियो र १९८७ मा दोस्रो अन्तर्राष्ट्रिय सम्पन्न भएको थियो । दोस्रो अन्तर्राष्ट्रियबाट समाजवादीहरूका केही कार्यक्रमहरू बाहिर आइसकेका थिए । किताबमा १८८९ मा फ्रान्सेली राज्य क्रान्तिलाई कसरी लिने भन्नेबारेमा समाजवादीहरू बीच विवाद उत्पन्न भएको उल्लेख छ । त्यो विवादमा एकातिर बुर्जुवाहरू 'यो हाम्रो उपलब्धि हो,

> *र्तमान पुँजीवादी व्यवस्था चीरस्थायी छैन, किनभने हरेक समाज व्यवस्थाका आ-आफ्ना चरणहरू हुन्छन् । तिनको चरित्र तत्कालिक आर्थिक, सामाजिक व्यवस्था अनुसार तय भएको हुन्छ र त्यो परिवर्तनशील छ ।*

त्यसैले हामीले यसलाई (उत्सवको रुपमा) मनाउनुपर्छ' भनेर मनाउन लागिरहेका थिए भने त्यतिबेलाका वामपन्थीहरू चाहिँ "त्यसका सच्चा उत्तराधिकारी हामी हौं, हामीले पो मनाउनुपर्छ", त्यसलाई मनाउने हैसियत बुर्जुवाहरूको होइन भन्ने मतमा थिए । प्रोफेसर सासोनका अनुसार विवाद यहाँबाट सुरु भयो र १९१९ सम्म आउँदा जति विवादहरू भए, विगत सय वर्षको समाजवादी आन्दोलनको इतिहास त्यसैभित्र घुमिरह्यो । विचारको हिसाबले, राजनीतिको हिसाबले, उठाइएका एजेण्डाका हिसाबले । ती छलफलले नै त्यसपछिको सय वर्षको समाजवादी आन्दोलन चल्यो ।

१९ औं शताब्दीको पछिल्लो अवस्थामा बर्न्स्टीनदेखि लेनिनसम्म सबै समाजवादीहरूको बीचमा तीन प्रकारको प्रस्तावनामा सहमति थियो । पहिलो, विद्यमान सामाजिक व्यवस्था अन्यायी छ, शोषणमा आधारित छ । दोस्रो, वर्तमान पुँजीवादी व्यवस्था चीरस्थायी छैन, किनभने हरेक समाज व्यवस्थाका आ-आफ्ना चरणहरू हुन्छन् । तिनको चरित्र तत्कालिक आर्थिक, सामाजिक व्यवस्था अनुसार तय भएको हुन्छ र त्यो परिवर्तनशील छ । हरेक समाजवादी व्यवस्था आ-आफ्नो अवस्थामा रहेको हुनाले यो परिवर्तनशील छ भन्ने कुरामा विवाद थिएन । तेस्रो, मजदुर वर्ग आधारभूत रुपमा एकै किसिमको हुन्छ, त्यसको सङ्गठित प्रयासले परिवर्तनलाई सहज तुल्याउन सक्छ । भाग्य भए सुख पाइन्छ भन्ने कुरा गलत हो । परिवर्तन सङ्गठित सङ्घर्षबाट मात्रै संभव छ । जब दोस्रो अन्तर्राष्ट्रिय १८८७ मा सम्पन्न भयो, त्यसपछि १८९१ मा समाजवादी पार्टी खासगरी जर्मन प्रजातान्त्रिक समाजवादी पार्टी (जर्मन सोसियलिस्ट डेमोक्राटिक पार्टी अहिले पनि छ) ले मार्क्सवादलाई आफ्नो मार्गदर्शक सिद्धान्त मानिसकेपछि युरोपमा समाजवादको फैलावटमा एउटा उल्लेख्य फड्को मारेको एंगेल्सको भनाइ छ ।

त्यसयता थुप्रै पश्चिमी युरोपका देशहरूमा समाजवादी पार्टीहरू अघि बढ्ने क्रम सुरु भयो । निर्वाचनमा भाग लिने कुरा सुरुदेखि सहज प्रक्रिया बन्यो । १८९५ मा जर्मनीमा भएको चुनाबको परिणामलाई लिएर एंगेल्सले आफ्नो मृत्युभन्दा ठीक

अगाडि गरेको एउटा टिप्पणी छ-'यो संसारभरका समाजवादीहरूको लागि उदाहरण बन्न सक्छ, हामी क्रान्तिकारीहरू विद्रोही हौं र बुझ्नु के पर्छ भने हामी गैरकानुनी लडाइका लागि मात्र होइन, कानुनी लडाइका लागि पनि अगाडि बढिरहेका छौं । यसकारण यो क्रान्तिकारीहरूका लागि ठूलो शिक्षा हो कि निर्वाचनबाट हामी यति छिटो एउटा सर्वहारा वर्गको चिन्तनलाई र सङ्गठनलाई विस्तार गर्न सक्यौं । यसलाई सबैले पछ्याउनुपर्छ ।' यो सन्दर्भ मैले किन जोडेको भने बीचमा आएर समाजवादीले चुनाबमा भाग लिनु हुँदैन भनेर बहस सुरु गरे, अहिलेसम्म हामी त्यसमा रुमल्लिरहेका छौं । वास्तवमा त्यतिबेलाको सन्दर्भलाई हेर्ने हो भने एंगेल्स आफैले लेनिनभन्दा अगाडि नै हस्तक्षेप गरिसकेको विषय रहेछ यो । त्यसपछि समाजवादी आन्दोलनमा पश्चिम युरोपका समाजवादी पार्टीहरूबीच चुनाबमा भाग लिनुपर्छ, कानुनी लडाइंमा जानुपर्छ भन्ने मान्यता त्यति ठूलो विवाद बनेन ।

जब पहिलो विश्व युद्ध सुरु हुने अवस्था आइपुग्यो र रुसमा जब मेन्सेभिक र बोल्सेभिकको बीचमा विवादहरू सुरु भए, त्यसपछाडि भने क्रमिक रुपमा चुनाब, संसदीय र गैरसंसदीय, कानुनी र गैरकानुनी लडाइका बारेमा विवादहरू भएको पाइन्छ ।

- पहिलो, "वर्तमान असमान समाज व्यवस्थालाई जोगाई राख्ने पक्षहरू के के हुन्?"
- दोस्रो, समाजवादका आधारहरू के के हुन सक्छन् ?
- तेस्रो, त्यसको प्राप्तिको बाटो के हुनुपर्छ ?
- चौथो, अहिलेको पुँजीवाद कतातिर उन्मुख भइरहेको छ ?
- पाँचौं, के अहिले भइरहेको घटनाहरूले आधारभूत रणनैतिक महत्व राख्दछन्?

*श्रमिक वर्गले पनि कानुनी एवं समानताको आधारमा बुर्जुवा वर्गसँग भिड्न सक्ने संसदीय प्रजातन्त्रको विकास भएको छ ।*

समाजवादीहरूको बीचमा बहसका यस्ता प्रश्नहरू थिए त्यति बेला । भ्ला. ई. लेनिन, एडवार्ड वर्न्स्टीन, कार्ल काउत्स्की, रोजा लक्जेम्वर्ग अगुवा समाजवादी चिन्तकका रुपमा रहेकाले तिनीहरूको बीचमा यी पाँचवटा प्रश्नहरू आधारभूत तहमै उठिरहेका विषय थिए । त्यसैभित्र रहेर कुन आन्दोलनलाई कसरी लिने, कुन खालको बाटोलाई कसरी लिने भन्नेमा आन्दोलन केन्द्रित भएको प्रो. सासोनले उल्लेख गरेका छन् । त्यसपछि जर्मन प्रजातान्त्रिक समाजवादी पार्टीले आफ्नो कार्यक्रम अगाडि सार्‍यो, त्यसलाई 'इर्फट' कार्यक्रम भनिन्छ । इर्फट भन्ने स्थानमा भएको सम्मेलनमा पारित भएको कार्यक्रम थियो । त्यसको अघिल्लो सैद्धान्तिक प्रस्तावना कार्ल काउत्स्कीले लेखेका रहेछन् र पछिको तात्कालिक कार्यक्रम एडवार्ड वर्न्स्टीनले लेखेका हुन् । त्यो कार्यक्रम पारित भइसकेपछि आधारभूत रुपमा त्यहाँबाट विवाद सुरु भएको हो भन्ने सासोनको भनाइ छ । एंगेल्सले त्यो कार्यक्रमलाई टिप्पणी गर्दा त्यसभित्र सर्वहारा वर्गको अधिनायकत्वको कुरा उल्लेख नभएको बाहेक कार्यक्रमको अरु विषयका बारेमा कुनै असहमति राख्नु भएको रहेनछ । त्यसलाई चुनौती दिने क्रममा एडवार्ड वर्न्स्टीनको संशोधनवादी धार अथवा चिन्तन अगाडि आयो । वर्न्स्टीनको भनाइमा पुँजीवाद पहिले मार्क्सले कल्पना गरेको भन्दा नयाँ चरणमा प्रवेश गरिसकेको छ । यसले आफ्नो सङ्कटलाई आफूभित्रैबाट सुधार गरेर टार्न सक्दछ । श्रमिक वर्गले पनि कानुनी एवं समानताको आधारमा बुर्जुवा वर्गसँग भिड्न सक्ने संसदीय प्रजातन्त्रको विकास भएको छ । यसको अर्थ हो विद्यमान राज्य व्यवस्थाबाटै शान्तिपूर्ण ढङ्गले शक्ति प्राप्त गर्न सकिन्छ । पुँजीवादले नयाँ नयाँ प्रवृत्तिहरू पहिचान गरेको छ । जटिल बैंकिङ्ग प्रणाली, संयुक्त एकाधिकारवाद, पुँजीवादमा वृद्धि र सञ्चारको विकास, साना तथा मध्यम आकारको कृषि फार्महरूको विकास र यसको अतिरिक्त मध्यवर्ती सामाजिक समूह जस्तै साना किसानहरू, साना व्यवसायीहरूको विकास भइसकेको छ । यसको अर्थ सर्वहारा वर्ग र पुँजीपति वर्ग बीचको अन्तर्विरोधमा सर्वहारा वर्गले पुँजीपतिमाथि विजय प्राप्त गर्छ र तत्काल पुँजीवाद ढल्छ भनेर मार्क्सले त्यतिबेला भनेको कुरालाई भन्दा पनि यो विकसित भएको कुरालाई बुझ्न सक्नुपर्छ भनेर

एडवार्ड वर्न्स्टीनले आफ्नो संशोधनवादी विचार अगाडि सारे । वर्न्स्टीनको यो भनाइ र लेनिन, रोजाहरूको "पुँजीवाद मार्क्सले भने झैं ढल्छ, यो त्यति लामो समयसम्म जाने पनि छैन, यसलाई तुरुन्तै ढाल्न सकिन्छ" भन्ने विचार अर्को विवादको केन्द्र बन्यो । १८८९ देखि १९१४ सम्म आउँदा समाजवादीहरूको बीचमा, खासगरी पश्चिम युरोपका समाजवादीहरूको बीच यो विवाद देखिन्छ ।

त्यसपछि १९१४ मा आइपुग्दा पश्चिम युरोपका समाजवादीहरूमा दुईवटा कुरामा चर्को विवाद भयो । यति चर्को विवाद हुँदा पनि पार्टीगत रुपमा यिनीहरू एउटै पार्टीभित्र थिए, रुसमा बाहेक पश्चिम युरोपका सन्दर्भमा । तर १९१४ मा आइपुग्दा समाजवादीहरूको बीचमा पहिलो विश्व युद्धलाई कसरी हेर्ने भन्ने अर्को विवाद जन्म्यो । सुरुमा सबै समाजवादीहरू युद्ध हाम्रो लागि बेफाइदा हो भनेर युद्ध टार्न र शान्तिको अभियानमा लागे । तर युद्ध अपरिहार्य हुने स्थितिमा पुगिसकेपछि विवाद सुरु भयो । जर्मनी, फ्रान्स र अरु केही देशमा समाजवादीहरू संसदमा थिए । 'संसदमा भोट हाल्नु पर्ने बेला कता हाल्ने?' यो चर्को विवादको अवस्थामा १९१४ मा आइपुगिसकेपछि विभाजनको रेखा थप कोरियो । खासगरी जर्मनी, फ्रान्स लगायतका देशहरूमा कार्यकर्ता पंक्तिमा युद्धको पक्षमा मत बढ्यो । "फ्रान्समाथि अरु कुनै मुलुकले आक्रमण गर्छ भने यो हामी फ्रेञ्च सबैका लागि आक्रमण हो, त्यसैले मार्क्सवादको यो अन्तर्राष्ट्रिय वा राज्य हुनु हुँदैन भन्नेजस्ता मान्यताहरूले यहाँ काम गर्दैनन्" भनेर बहुसङ्ख्या युद्धको पक्षमा लाग्यो । त्यसमा पनि जर्मनीमा अझ के स्थिति बनेछ भन्दा रोजा, कार्ल काउत्स्की संसदमा पनि नभएको अवस्थामा संसदको ठूलो सङ्ख्याले युद्धको पक्षमा भोट हाल्यो । यता रुसमा यसको भन्दा ठीक विपरीत मेन्सेभिक र बोल्सेभिक दुबैले युद्धको विपक्षमा भोट हाले । "यो युद्ध जारशाहीलाई टिकाउने युद्ध हो । क्रान्तिकारीहरूका लागि यसको भूमिका छैन । त्यसकारण यसको विरोध गर्नुपर्छ र जारशाहीलाई यही बेला धक्का हानेर अन्त्य गर्नुपर्छ" भनेर लेनिनले विचार अगाडि सारे । उनको विचार १९१७ मा आएर पूरा भयो । यता

> *क्रान्तिकारी युद्ध भनेर लेनिनले विचार अगाडि सारे, सशक्त आमहडताल भनेर जानुपर्छ भन्ने रोजा र क्रमिक सुधारको बाटोबाट जानुपर्छ भन्ने वर्न्स्टीनको तीनवटा धारहरूकै बीचमा विवाद थियो ।*

पश्चिम युरोपमा भने लेनिनको जस्तो विचार राख्नेहरू अल्पमतमा परे । सासोनको तर्क छ- पश्चिम युरोपमा 'युद्धको पक्षमा जानुपर्छ र हामी हाम्रो मुलुकमाथि भएको आक्रमणको विरुद्धमा उभिनुपर्छ' भन्नेहरू बहुमतमा रहे । त्यसभित्रका जो अल्पमतको नेतृत्वमा थिए, उनीहरू पछिल्लो कालमा धेरै अल्पमतमा परे ।

अर्को ठूलो विवादको विषय आन्दोलनको रुप कस्तो हुनुपर्छ भन्नेमा थियो । त्यति बेला "हिंसा सिद्धान्त हुनु हुँदैन" भन्नेमा लेनिनदेखि वर्न्स्टीनसम्मको एउटै मत थियो । बर्न्स्टीन युद्धको सवालमा तटस्थ बसेका थिए । जर्मनीको संसदमा भोट हुँदा सुरुमा उनले युद्धको पक्षमा जाने तर्क पेश गरे । पछिल्लो कालमा, त्यसको विपक्षको मतमा सहमत भएपनि उनी तटस्थ बस्ने मान्यता अनुसार त्यसको विपक्षमा पनि गएनन् भन्ने भनाइ छ । त्यसबेलाका समाजवादीहरूमा मूलतः तीन खालको विवाद देखिन्छ । "कानुनी कि गैरकानुनी (सङ्घर्षको बाटो)?" त्यसभित्र क्रान्तिकारी युद्ध भनेर लेनिनले विचार अगाडि सारे, सशक्त आमहडताल भनेर जानुपर्छ भन्ने रोजा र क्रमिक सुधारको बाटोबाट जानुपर्छ भन्ने वर्न्स्टीनको तीनवटा धारहरूकै बीचमा विवाद थियो । पहिला रोजा र लेनिन एकै ठाउँमा उभिरहेको अवस्थामा १९१२/१४ मा आइपुग्दा, खासगरी सशक्त आमहडताल र क्रान्तिकारी युद्धको बीचमा उनीहरू बीच पनि विवाद देखा पर्‍यो । "संसदीय र गैरसंसदीय" भन्ने सवाल र "सरकारमा सामेल हुनु हुन्छ र हुनु हुँदैन" भन्नेमा फेरि विवाद अगाडि बढ्यो । विवाद बढ्ने क्रममा पहिलो विश्वयुद्धलाई समर्थन गर्नुपर्छ र पर्दैन भन्नेमा जे विवाद बढेको थियो, त्यसले कानुनी र गैरकानुनी लडाइ गर्नु हुन्छ कि हुँदैन, सरकारमा सामेल हुनु हुन्छ कि हुनु हुँदैन भन्ने विवाद थप्यो । जो सुधारवादी भनेर चिनिएका थिए उनीहरूले सरकारमा सामेल हुनुपर्छ, चुनावमा भाग लिएर जानुपर्छ भने । त्यसैको परिणामस्वरुप १९१७ मा स्वीडेनमा पहिलो पटक समाजवादीहरू पुरानो आफ्नो मान्यतालाई तोड्दै सरकारमा सामेल भए । लेनिन लगायतको ठूलो पंक्ति त्यसरी

जानु हुँदैन, सुधारवादीहरूसित हामी सम्झौता गरेर जान सक्दैनौं, उनीहरूको र हाम्रो बीचमा तात्विक अन्तर छ भन्ने कुरामा अडिग रहे ।

१९१७ को क्रान्ति सम्पन्न भइसकेपछि लेनिनले २१ बुँदाहरू रहेको "तेस्रो अन्तर्राष्ट्रियका केही आधारभूत प्रस्थापनाहरू" अगाडि सारे । "जो जो भाग लिन चाहन्छन्, तिनीहरूले २१ वटा बुंदा मान्नुपर्छ" भनेर उनले सर्त अघि सारेपछि केही बुँदाहरू विवादास्पद बने, जसले गर्दा सांगठनिक रुपमा एक रहेको सिङ्गो पश्चिमी युरोपको समाजवादी आन्दोलनभित्र विभाजन ल्याइदियो । विभाजनका ती बुँदाहरूमध्ये मुख्य बुँदाहरू यस्ता थिए- पहिलो, यदि तेस्रो अन्तर्राष्ट्रियमा भाग लिन आउने हो भने सबै समाजवादी पार्टीहरूले आफूभित्रका सुधारवादीहरूलाई निष्कासन गर्नुपर्छ । लेनिनको विचारको विजय भएको थियो । त्यो अवस्थामा उनले पश्चिम युरोपेली पार्टीहरूले पनि वर्न्स्टीन जस्ता जो सुधारवादी छन्, उनीहरूलाई निष्कासन गर्नुपर्ने पहिलो शर्त राखे, तेस्रो अन्तर्राष्ट्रियमा भाग लिन आउनका लागि । दोस्रो सर्त थियो- गैरकानुनी राजनीतिक कामका लागि तयार रहनुपर्छ । अर्थात, संसदीय र कानुनी आन्दोलनबाट क्रान्ति सम्पन्न हुँदैन, यसका लागि गैरकानुनी बाटो नै समाउनुपर्छ । तेस्रो, सोभियत युनियन मुक्त भइसकेपछि संसारका आफूलाई समाजवादी भन्नेहरूले सोभियत संघको नेतृत्वलाई मान्नुपर्छ । चौथो, समाजवादी भन्न प्रतिबन्ध-सबैले अब आफूलाई समाजवादी होइन कम्युनिस्ट भन्नुपर्छ । पाँचौं, कोही पनि कुनै पनि दक्षिणपन्थी वा मध्यपन्थीसित सरकारमा सामेल हुनु हुँदैन ।

यसरी यी पाँच बुँदालगायत २१ वटा बुँदा लेनिनले अगाडि सारिसकेपछि पश्चिम युरोपका समाजवादी पार्टीहरूभित्र तहल्का मच्चियो । एकातर्फ सोभियत संघमा क्रान्ति सम्पन्न भइसकेको कारणले गर्दा क्रान्तिप्रतिको अगाध विश्वास, क्रान्तिप्रति एकखालको समर्पण र अब सोभियतसंघले लिएको बाटो ठीक हो भन्नेमा एउटा मत बनिरहेको थियो । अर्कोतर्फ लेनिनका विवादास्पद कुराले पश्चिम युरोपका पहिलेदेखि

> *१९१८ र १९२० को समय नै पश्चिम युरोपलाई मुक्त गर्नका लागि अथवा पश्चिम युरोपमा समाजवाद स्थापना गर्ने सबै भन्दा उर्वर बेला थियो । तर त्यो उर्वर समयलाई लेनिनका २१ बुँदाले धक्का दिए ।*

नै चुनाबमा भाग लिइरहेका, कानुनी बाटोमा गइरहेका समाजवादी हुन् या पछिल्लो कालमा आफूलाई कम्युनिस्ट भन्ने हुन् प्रजातान्त्रिक प्रक्रियामा सामेल हुनबाट अलग हुनै सकेनन् । "तोड्नुपर्छ" भनेर लेनिनले भनेकै आधारमा त्यसलाई तोड्ने कुरा हुन सकेन, पार्टीहरू विभाजित भए । समाजवादी पार्टीबाट फुटेर कम्युनिस्ट पार्टीका नाममा अलग पार्टीहरू बन्न थाले र तेस्रो अन्तर्राष्ट्रियमा भाग लिन गए । सासोनको निष्कर्ष छ- त्यो भन्दा अगाडि एउटा माहौल बनेको थियो । १९१८ र १९२० को समय नै पश्चिम युरोपलाई मुक्त गर्नका लागि अथवा पश्चिम युरोपमा समाजवाद स्थापना गर्ने सबै भन्दा उर्वर बेला थियो । तर त्यो उर्वर समयलाई लेनिनका २१ बुँदाले धक्का दिए ।

तेस्रो अन्तर्राष्ट्रियको विवादपछि पार्टीहरू विभाजित बनिसकेपछि बिस्तारै आफूलाई सुधारवादी भन्नेहरू "सुधारको बाटो"लाई नै पछ्याउँदै गए, मध्यपन्थीहरूसित आफूलाई नजिक ठान्न थाले । सैद्धान्तिक विवादहरू चर्कंदै जाँदा कम्युनिस्टहरूले उनीहरूसँग आफूलाई टाढा राख्न थाले । लेनिनको मृत्यु भयो । सोभियत संघ, तेस्रो अन्तर्राष्ट्रियको नेतृत्वदायी संस्था बनिसकेको थियो, त्यसको मार्गदर्शनलाई मान्ने र नमान्नेको बीचमा विवाद चलिरहेको थियो । स्टालिन आइसकेपछि त्यसलाई अझ कडा ढङ्गबाट केन्द्रीकृत रुपमा लिएर जाने कुराहरू भए । तेस्रो अन्तर्राष्ट्रियको नेतृत्वको आधारमा १९१९ देखि १९४३ सम्मको बीचमा कुनै पनि राष्ट्रमा समाजवादको स्थापना हुन सकेन । १९४३ मा, दोस्रो विश्वयुद्ध चलिरहेको बेला तेस्रो अन्तर्राष्ट्रिय आफैमा विवादास्पद बनेपछि स्टालिनले त्यसलाई विघटन गरिदिए । त्यसबीच एउटै मात्र मुलुकमा समाजवाद स्थापना भयो- त्यो हो मंगोलिया । तर मंगोलियाको समाजवाद स्थापनामा तेस्रो अन्तर्राष्ट्रियको भूमिका भन्दा पनि अरु नै परिवेशले काम गरेको छ भन्ने यो किताबका लेखकको विचार रहेको छ ।

त्यसपछि सोभियत संघ आफ्नै ढङ्गले अगाडि बढिरहेको थियो भने पश्चिम युरोपभित्र समाजवादलाई नयाँ ढङ्गले व्याख्या गर्ने, समाजवादलाई सुधारेर अगाडि बढ्नुपर्छ, पुँजीवाद तुरुन्तै ढल्दैन भन्ने वर्न्स्टीनको लाइन अनुसार प्रजातान्त्रिक समाजवाद र कल्याणकारी राज्यको बीचमा विवादहरू अगाडि आए । त्यसक्रममा खासगरी सरकारमा पनि सामेल हुने र लोककल्याणकारी राज्यको अवधारणा कस्तो हुनुपर्छ भन्ने कुराहरू कार्यक्रमिक रुपमा अगाडि आउन थाले । "दोस्रो विश्वयुद्धपछि समाजवादी विचारलाई काउन्टर दिनका लागि लोककल्याणकारी विचार आए" भन्ने विचारको विपक्षमा लेखकको भनाइ छ- यस्तो होइन, १९३० को दशकमा जति बेला आर्थिक मन्दी पश्चिमी युरोपले ब्यहोर्नु पर्‍यो, त्यसबाट बेरोजगारी, मुद्रास्फिती आदि समस्याहरू भोग्नुपर्‍यो । त्यसलाई समाधान गर्दै स्वीडेनमा सोसल डेमोक्र्याटहरू पनि रहेको सरकारले अगाडि सारेको कार्यक्रम नै "कल्याणकारी कार्यक्रम"का लागि मोडेल हो । खासगरी ८/१० वटा कुरा तिनीहरूले त्यति बेला नै लागू गर्न सुरु गरिसकेका थिए । त्यसमध्ये "सबैका लागि बेरोजगारी बीमा, वृद्ध भत्ताको व्यवस्था, श्रमिकलाई न्यूनतम ज्यालाको ग्यारेन्टी, किसान र माछा व्यवसायीलाई मूल्य स्थिरताको सुविधा, ठूलो परिवार हुनेहरूका लागि आवासको व्यवस्था, सबैका लागि सुत्केरी बिदा, तलबी वार्षिक बिदाको व्यवस्था, नव-विवाहितलाई राज्यको तर्फबाट सहुलियत ऋणको व्यवस्था, सबैका लागि शिक्षा, सबैका लागि स्वास्थ्य" थिए । आधारभूत रुपमा सङ्कटमा ढल्ने अवस्थामा पुगिसकेको पुँजीवादलाई संरक्षण दिने र पुनर्जीवित गराइदिने काम भने यो कार्यक्रमले गर्‍यो ।

अर्को महत्वपूर्ण समय दोस्रो विश्वयुद्धको समय हो । त्यतिबेला अघिल्लो विभाजनपछि पनि एकखालका कम्युनिस्टहरू पश्चिम युरोपमा आफ्नो ढङ्गले अगाडि बढिरहेका थिए । समाजवादीहरू सरकारमा जाने, संसदमा जाने काम गरिरहेका थिए । सन् १९३९ मा दोस्रो विश्वयुद्ध सुरु भयो । सुरुको अवस्थामै (१९३९) स्टालिनले हिटलरसँग अनाक्रमण सन्धि गरे । यसले हुनै नसक्नेजस्तो घटना भयो भन्ने पश्चिम युरोपका,

> १९३० को दशकमा जति बेला आर्थिक मन्दी पश्चिमी युरोपले व्यहोर्नु पऱ्यो, त्यसबाट बेरोजगारी, मुद्रास्फिती आदि समस्याहरू भोग्नुपऱ्यो ।

खासगरी वामहरूमा प्रभाव पऱ्यो । "दोस्रो विश्वयुद्धको कारक जर्मनीको नाजिवाद र इटालीको फासिवाद हो र त्यस विरुद्धको आन्दोलन नै अहिलेको प्रधान विषय हो" भनेर कम्युनिस्टहरू र आमरुपमा समाजवादीहरूको बीचमा मतैक्यता रहेको थियो । तर स्टालिनले हिटलरसँग अनाक्रमण सन्धि गरेपछि तेस्रो अन्तर्राष्ट्रियले त्यसलाई समर्थन गऱ्यो । अबको युद्धको केन्द्र साम्राज्यवाद विरोधी अर्थात त्यतिबेलाको ब्रिटिस साम्राज्य, फ्रान्सेली साम्राज्य, पश्चिम युरोपको अरु साम्राज्यवादी मुलुकहरू विरुद्ध केन्द्रीकृत भयो । यसबाट "मुसोलिनीको फासिवाद र हिटलरको नाजिवादको विरुद्धमा आन्दोलन होइन" भन्ने खालको सन्देश गयो । यसपछि फेरि महाविवाद वा ठूलो छलफल सुरु भयो । हिटलर र फासिज्मको विरुद्धमा आफूलाई उभ्याएर अग्रपंक्तिमा जानुपर्छ भनेर हिजोसम्म भनिरहेकाहरूको बीचमा समस्या उत्पन्न भयो । केही कम्युनिस्ट पार्टीहरूले तेस्रो अन्तर्राष्ट्रियसित सम्बद्ध भएको हुनाले हुबहु त्यसलाई समर्थन गरे तापनि विभाजन देखा पऱ्यो र कतिपय विभाजित भएर गए । तर यो पनि लामो समयसम्म टिकेन । १९४१ को जुनमा अनाक्रमण सन्धिलाई तोडेर एकपक्षीय ढङ्गले हिटलरले सोभियत संघमाथि आक्रमण गरे । यो आक्रमणपछि स्टालिनले फेरि १९४१ जुलाईमा चर्चिलसित सम्झौता गरे । "अब हामी नाजी विरुद्ध लड्नुपर्छ, फासिज्मका विरुद्धमा लड्नुपर्छ" भनेर धारणा अगाडि सारे । तेस्रो अन्तर्राष्ट्रियले दुई वर्ष अगाडि आफूले भनेको कुराको ठीक विपरीत गएर निर्णय गरिदियो । जसले गर्दा पश्चिम युरोपमा एउटा सकारात्मक वातावरण सिर्जना भयो । त्यसले कम्युनिस्टहरूका लागि एक किसिमको ऊर्जा पनि दियो । १९३९ मा आएको नैराश्यतालाई चिरेर फासिज्मको विरुद्ध अग्रपङ्क्तिमा रहेर सोभियत संघका सैनिकहरूले सिङ्गो युरोपमा लडे । भनिन्छ, त्यो लडाइमा सोभियत संघका दुई करोडभन्दा बढी सैनिक र सर्वसाधारण मारिए ।

पश्चिम युरोपमा पनि कम्युनिस्टहरू अग्रपंक्तिमा रहेर फासिवाद र नाजिवादका विरुद्ध लडेकोले कम्युनिजमप्रति फेरि सकारात्मक धारणा विकास भयो । मान्छेहरूमा

त्यसप्रतिको आकर्षण बढ्यो। १९४५ पछि कम्युनिस्टहरूले के अवधारणा राखे भने अब कम्युनिस्ट र समाजवादीहरू एउटा समझदारीमा पुग्नुपर्छ र दक्षिणपन्थी शक्तिहरूलाई परास्त गरेर अगाडि जानुपर्छ। यद्यपि अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको स्थिति, त्यसको ठीक विपरीत बनेको थियो । सन् १९४५ मा जब पूर्वी युरोप रुसी सेनाबाट मुक्त भयो, बर्लिनमा पर्खाल खडा भयो, त्यसले समाजवादीहरू र बुर्जुवाहरूलाई अब कम्युनिस्टहरूको खतरा बढ्यो भन्ने लाग्यो । कम्युनिस्टहरूले दोस्रो विश्व युद्धमा खेलेको भूमिकाका कारण बढेको आकर्षणलाई कसरी न्यूनीकरण गर्ने भन्ने योजनामा उनीहरू लागिसकेका थिए । त्यसमा खासगरी अमेरिकाको नेतृत्वमा मार्शल प्लान देखि, साम्यवादविरोधी एउटा चरम विचार 'म्याककार्थि'सम्म अमेरिकामा सुरु गरियो। तर कम्युनिस्टहरूलाई के लागिरहेको थियो भने पश्चिम युरोपमा त्यो सफल हुने छैन। जब शीतयुद्ध सुरु भयो त्यसपछि कम्युनिस्टहरू प्रतिरक्षात्मक बने, अनि बिस्तारै हिजो वाम झुकाव भएकाहरूले मध्यमार्गी र कहीँ कहीँ दक्षिणपन्थीहरूसित गठबन्धनमा सामेल हुने, दक्षिणपन्थी विचारलाई आफू नजिक ठान्ने, कम्युनिस्टहरूलाई छुवाछूत जस्तो व्यवहार गर्ने, अमेरिकाबाट प्रभावित बन्ने खालको स्थिति देखा पर्‍यो। १९४७ मा आइपुग्दा करिब एकदर्जन देशबाट कम्युनिस्टहरू जो गठबन्धनमा थिए वा सरकारलाई बाहिरबाट समर्थन गरेका थिए, सबैलाई निकालियो ।

१९४५ देखि १९७३ सम्मको अवधिलाई प्रजातान्त्रिक समाजवादीहरूको स्वर्णयुग भनिन्छ । यो 'युग'मा पश्चिम युरोपको आर्थिक वृद्धि उच्चदरमा थियो । त्यसपछि त्यहाँ पूर्ण रोजगारीको व्यवस्था सुरु गरियो । स्वास्थ्य, शिक्षा, पेन्सनको व्यवस्था, बेरोजगारी भत्ताको व्यवस्था, सबैखालका सुविधाहरूलाई पश्चिम युरोपका देशहरू लागू गर्न सफल भए। उनीहरूको आर्थिक अवस्था तेलसित यति धेरै जोडिएको थियो कि थोरै भाउ बढ्दा पनि त्यसले ठूलो असर पार्न सक्थ्यो । सँगसँगै त्यतिबेला वृद्धि दर जुन तहमा गइरहेको थियो, त्यसबाट आइरहेको नाफाले कल्याणकारी राज्यको लागि दिइने सुविधाहरू दिइरहेका थिए । जब तेलको भाउ बढ्ने स्थिति बन्यो, ती

*भनीहरूको आर्थिक अवस्था तेलसित यति धेरै जोडिएको थियो कि थोरै भाउ बढ्दा पनि त्यसले ठूलो असर पार्न सक्थ्यो ।*

सुविधाहरूको बीचमा अन्तर सुरु भयो । यो अन्तरले गर्दा हिजो आफूलाई दबित अवस्थामा राखेका दक्षिणपन्थीहरू अथवा पछिल्लो कालका नवउदारवादीहरूको 'अब यो टिक्दैन' भन्ने विचार अगाडि आउन सुरु भयो । कल्याणकारी राज्यका लागि सुविधा दिने कुरा नै गलत छ, राज्यको भूमिका साँघुर्‍याउनुपर्छ भन्ने विवाद दक्षिणपन्थीहरूबाट अगाडि सारियो । एक पछि अर्को गर्दै लोककल्याणकारी राज्यको पक्षमा भएका प्रजातान्त्रिक समाजवादीहरू परास्त हुन थाले । क्रमिक रुपमा दक्षिणपन्थीहरूको बाहुल्यता बढ्न थाल्यो । सन् १९८१ मा आइपुग्दा मूलभूत रुपमा बेलायतमा मार्गरेट थ्याचर, जर्मनीमा हेल्मुट कोल र अमेरिकामा रोनाल्ड रेगनको नेतृत्व स्थापित भयो । त्यसपछि 'कल्याणकारी कार्यक्रम'को विपक्षमा दक्षिणपन्थीहरू हावी बने । स्वर्णिम युगमा आफूलाई उभ्याएका समाजवादीहरू फेरि सङ्कटमा पुगे । ट्रेड युनियनहरूभित्र पनि पूर्ण रोजगारीको कुराबाट जान सम्भव छैन भन्ने बहस सुरु भयो र कतिपय ट्रेड युनियनहरू विभाजित भएर दक्षिणपन्थीहरूलाई भोट हाल्ने स्थिति समेत बन्यो । सासोनको भनाइ छ- सोभियत संघ र पूर्वी युरोपमा कम्युनिस्टहरूले खाएको धक्का सबैभन्दा ठूलो धक्का थियो ।

आदर्शवादको तहमा रहेका मागहरूलाई यथार्थवादी बनाउने कसरी? – शंकर पोखरेल ४७

राज्य त्यो बेला कमजोर हुन्छ, जुन बेला सम्पूर्ण जनताको त्यसमा हस्तक्षेप गर्ने क्षमता कमजोर हुन्छ – प्रमेश हमाल ५६

ललित बस्नेत / विनोद श्रेष्ठ / रमेश बडाल / डा. गोविन्द नेपाल / नरनाथ लुइंटेल / कमल गौतम / हरिदत्त जोशी / गौरी प्रधान / डा. डिल्लीराज खनाल ६०

# बहस । टिप्पणीहरू



# आदर्शवादको तहमा रहेका मागहरूलाई यथार्थवादी बनाउने कसरी?

- शंकर पोखरेल

देवराज दाहालज्यूले कमजोर राज्य नेपालमा सामाजिक रुपान्तरण सम्बन्धमा अत्यन्त महत्वपूर्ण तथा विचारोत्तेजक प्रस्तुति गर्नुभएको छ । उहाँले अगाडि सार्नु भएका मूल विषयमा आधारित रहेर आफ्ना थप टिप्पणी राख्ने अनुमति चाहन्छु । उहाँले अत्यन्त महत्वका साथ तेस्रो पुस्ताको राजनीतिको कुरा गर्नुभएको छ । त्यसलाई राज्यसँग जोडेर जसरी प्रस्तुत गर्नुभएको छ, त्यो हामी मार्क्सवादबाट दीक्षित भएकाहरूका लागि "नयाँ" कुरा बन्न पुगेको छ । जस्तो कि, राज्यको सन्दर्भमा पहिलो पुस्ता जातिगत राज्यको अवधारणाबाट अगाडि बढेको, दोस्रो वर्गका आधारमा अगाडि बढेको र तेस्रो नागरिक समाजका आधारमा अगाडि बढेको भन्ने सन्दर्भ उहाँले उल्लेख गर्नुभएको छ । जब कि मार्क्सवादले राज्यको उत्पत्ति र त्यसको रुपान्तरणको प्रक्रियामा वर्ग सङ्घर्षलाई नै मुख्य कडी मान्दै आएको छ । प्रारम्भिक अवस्थामा र राज्य निर्माणका सन्दर्भमा, "जातीय" भन्नुको तात्पर्य राष्ट्रियताको पक्षबाट बुझ्नु उपयुक्त होला भन्ने मलाई लाग्छ । दाहालजीले पनि त्यही सन्दर्भमा उल्लेख गर्नुभएको होला । त्यो हिसाबले राज्य निर्माणको प्रक्रियाभित्र पनि वर्ग सङ्घर्ष नै प्रमुख पक्ष थियो र अहिले पनि छ भन्ने बुझ्नुपर्छ । यद्यपि, पछिल्लो अवधिमा राज्यको चरित्रमा केही परिवर्तन आएका छन् । यो सन्दर्भमा स्वाभाविक रुपमा नागरिक समाजको सचेत तप्काले पनि राज्यमाथि दखल दिन सुरु गरिसकेको छ । यस अर्थमा राज्यले सुधारवादी स्वरुप ग्रहण गर्दै गइरहेको छ । तर राज्यको मूल चरित्रमा भने परिवर्तन भएको छैन । राज्यका सन्दर्भमा प्रवृत्तिगत हिसाबले तीनवटा प्रवृत्तिहरू छन् भन्ने उहाँको भनाइप्रति मेरो पनि सहमति छ, तर त्यसले राज्यको आधारभूत चरित्र बदलियो भन्ने खालको निष्कर्ष चाहिँ निकाल्नु उपयुक्त हुँदैन । यसमा थप बहसको आवश्यकता छ भन्ने लाग्छ । उहाँले "तीन चरणमा राज्यको विकास भएको" भन्ने सन्दर्भलाई आर्थिक-सामाजिक कोणबाट चर्चा गरिदिनुभयो भने बहसमा सजिलो हुने थियो ।

विश्वव्यापीकरणका सन्दर्भमा चर्चा गर्दा त्यसको प्रभाव सबै पक्षमा पर्ने र राजनीतिमा ज्यादा प्रभाव पर्ने भन्ने कुरा एउटा निष्कर्ष पनि निक्लन सक्छ । तर यसो भन्दा विश्वव्यापीकरणबाट कोही अछुतो रहन सक्दैन भन्ने नाममा विश्वव्यापीकरणले सबै चीजहरूलाई प्रभाव पार्छ भन्दा त्यसकै लहरमा प्रभावित भएर जाने, आफ्नो स्वतन्त्र भूमिका नदेख्ने, नखोज्ने खालको स्थिति विकसित हुन सक्छ । विश्वव्यापीकरणको दुईवटा पक्षहरूको अलिकति वर्गीकरण गरेर अध्ययन- विश्लेषण गरिनुपर्ने हो । एउटा, विश्वव्यापीकरणको साम्राज्यवादी स्वार्थको पक्ष, जसले तेस्रो विश्वका मुलुकहरू र आम श्रमजीवी जनतामाथि प्रभुत्व र उत्पीडन लाद्ने प्रयत्न गर्छ, चाहे त्यो डब्लुटीओ (विश्व व्यापार संघ)को माध्यमबाटै किन नहोस् । विभिन्न प्रकारका अन्तर्राष्ट्रिय संघ संस्थाका माध्यमबाट, अनुबन्धका माध्यमबाट साम्राज्यवादी हस्तक्षेप र नियन्त्रणलाई कायम राख्नका लागि गरिएका राजनीतिक कोसिसहरू त्यस सन्दर्भमा हुन सक्छन् । अर्कोतर्फ सूचना र सञ्चारको विकासले विश्वव्यापीकरणको सामाजिक पक्ष पनि बनेको छ, त्यसप्रति सकारात्मक हुनुपर्छ । हामीहरू विश्वव्यापीकरणको आमरुपमा चर्चा गर्दा त्यसका दुबै पक्षप्रति सकारात्मक हुने, साम्राज्यवादी र त्यसको उत्पीडनकारी पक्षलाई पनि नजरअन्दाज गर्छौं । फेरि, विश्वव्यापीकरणको विरोध गर्ने क्रममा त्यसको सामाजिक पक्षलाई पनि विरोध गर्छौं । यो दुई खालका अतिवादी सोचहरू रहेको परिप्रेक्ष्यभित्र साम्राज्यवादपरस्त विश्वव्यापीकरण र त्यसका हैकमहरूको विरोध गर्ने, सामाजिक पक्षलाई सकारात्मक ढङ्गले ग्रहण गर्ने खालको मान्यताको पक्षपोषण गर्ने सन्तुलित दृष्टिकोण आवश्यक होला भन्ने मलाई लाग्छ ।

दाहालजीले रुपान्तरणका संवाहक को हुन्, को होइनन् भन्ने महत्वपूर्ण प्रश्न खडा गर्नुभएको छ । यो नेपालको राजनीतिका सन्दर्भमा अहम् महत्वको प्रश्न हो । सरोकारवालाका रुपमा विभिन्न पक्षहरू देखा परिरहेका छन् र प्रत्येकले

> *रुपान्तरणकै सन्दर्भमा अहिले नेपाली समाजमा सीमान्तकृत समूहका अपेक्षाहरू आदर्शवादको तहमा विकसित भएका छन् । उनीहरू शतप्रतिशत न्याय, शतप्रतिशत हक, शतप्रतिशत सहभागिताको अपेक्षा गरिराखेका छन् ।*

आफूलाई त्यसको हकदार ठान्न थालेका छन् । तर, मुख्य सरोकारवाला को हो भन्ने किटान गर्नुपर्छ । सामाजिक रुपान्तरणको सन्दर्भमा कुनै एउटाको पहल मात्रै पर्याप्त हुन सक्दैन, यो स्वाभाविक पक्ष हो । त्यसमा धेरै पक्षहरूको भूमिका, योगदान हुन सक्छ । तरपनि राजनीति नै सामाजिक रुपान्तरणको मुख्य पक्ष हो भन्ने कुरालाई किटान गरेर त्यसपछि मात्र उहाँले अगाडि सार्नुभएका प्रभाव पार्ने अन्य पक्षहरूको सन्दर्भमा चर्चा गर्दा ठीकै होला ।

रुपान्तरणकै सन्दर्भमा अहिले नेपाली समाजमा सीमान्तकृत समूहका अपेक्षाहरू आदर्शवादको तहमा विकसित भएका छन् । उनीहरू शतप्रतिशत न्याय, शतप्रतिशत हक, शतप्रतिशत सहभागिताको अपेक्षा गरिराखेका छन् । अर्कातिर राज्य वा मूलधारको राजनीति सामान्य सुधारमा सीमित छ । यी दुईवटाको बीचको अन्तर अहिलेको रुपान्तरणको सन्दर्भमा साह्रै जटिल बनेको छ । आदर्शवादमा आधारित अपेक्षाहरूलाई नियन्त्रण गर्ने हिसाबले सार्थक बहस पनि भएको छैन । समृद्ध मुलुकहरूले पनि हासिल गर्न नसकेका उपलब्धिहरू हामी पछौटे समाजमा कसरी हासिल गर्न सक्छौं भन्ने विषयमा पनि बौद्धिक क्षेत्रमा बहस भएको छैन ।

मागहरू आदर्शवादको तहमा छन्, त्यसलाई यथार्थवादी बनाउने कसरी ?

राजनीतिक दलहरू सुधारमा सीमित रहने खालको स्थितिबाट माथि उठ्न नसक्दा उत्पन्न भएको अन्तरले संक्रमण काललाई व्यवस्थित नगर्दै फेरि अर्को विद्रोह हुन सक्ने सम्भावनाहरू प्रकट भएका छन् । सामाजिक रुपान्तरणको सन्दर्भमा यो पक्षलाई अलिकति गहिराइका साथ हेर्नुपर्छ । राज्यको सन्दर्भमा दाहालजीले अगाडि सार्नु भएको एउटा विचारका सन्दर्भमा मैले अलिकति थप स्पष्टता चाहेको छु । 'राज्य कमजोरलाई संरक्षण दिन अगाडि आएको हो' भन्ने

कुरा बहसको विपरीत भयो जस्तो लाग्छ । त्यो, राज्यको निर्माणको सन्दर्भमा अहिलेसम्म हामीले भन्दै आएको मान्यता भन्दा पृथक चिज भयो । त्यसले के स्पष्ट पार्दैन भने- 'कमजोर वर्गलाई राज्यले संरक्षण गर्छ कि कमजोर वर्गमाथि सुविधा प्राप्त वर्गहरूको हितका लागि नियन्त्रण कायम गर्छ ?' राज्यले ठूलाबडाहरूको संरक्षण गर्ने र सानालाई नियन्त्रण नै गर्ने खालको काम गर्दै आइरहेको सत्यलाई हामीले बुझ्नुपर्छ ।

अहिलेको रुपान्तरणको दिशा "कमजोरहरूको लागि राज्य हो" भन्नेमा केन्द्रित छ भन्न सकिन्छ । तर परम्परागत रुपमा राज्य नै कमजोरलाई संरक्षण गर्नका लागि आएको हो भन्ने कुरा वर्ग सङ्घर्षको मान्यता भन्दा पृथक खालको हुन जान्छ भन्ने मलाई लाग्छ । तीनवटा कारणले गर्दा राज्य बलियो छ भन्ने दाहालजीको विचारप्रति मेरो सहमति छ । उहाँले "राजनेता, नेता र बोस (ठालू)" गरी राजनीतिक नेतृत्वको चर्चा गर्नुभएको छ । हामीकहाँको नेतृत्व 'बोस'को तहमा छ भन्ने विश्लेषण मलाई अलि निराशाजनक जस्तो लाग्छ । 'बोस'ले त निश्चित मान्छेहरूलाई परिचालन गर्ने हैसियत राख्छ । आमरुपमा हाम्रो राजनीतिक नेतृत्व बोसको क्षमता पनि राख्छ कि राख्दैन भन्ने हो । अर्थात, हामीकहाँ नेतृत्वको एउटा ठूलो हिस्सा एकप्रकारले भन्ने हो भने 'बिग बोस'हरूको पछाडि हिंड्ने सहयोगीको तहमा मात्र देखिन्छ । पदका हिसाबले ऊ नेता हो, आचरणको हिसाबले ऊ 'बिग बोस'को 'कारिन्दा' हो । राजनीतिक दलभित्रको नेतृत्वको नकारात्मक चित्र, त्यो हदसम्म छ भन्ने मलाई लाग्छ । यद्यपि हामीले त्यसमा सुधारको अपेक्षा त गर्नैपर्छ । प्रत्येक परिवर्तनपछि नेतृत्वको विकास हुन्छ भन्ने मान्यतालाई अगाडि सार्ने हो भने हाम्रो राजनीतिक संक्रमणपछाडि नेतृत्व विकसित हुन सक्छ भन्ने कुरा ठानौं । अहिले नै राजनेताको तहमा विकसित हुन्छ भन्ने कुरा कठिन होला ।

> *पछाडि परेका जाति र सामाजिक समूहहरू वर्ग सङ्घर्षको परिप्रेक्षमा 'निषेध गर्ने पक्ष हुन् कि वर्ग सङ्घर्षका अङ्ग हुन्?' मेरो बुझाइमा ती सामाजिक समूहहरू वर्गसङ्घर्षकै सहयोगी हुन्, अङ्ग हुन् ।*

वर्ग र जातिको सन्दर्भमा चलिरहेको बहसमा दाहालजीले वर्गसङ्घर्षको हिमायती कम्युनिस्टहरू नै आजभोलि जातीयताको वकालत गर्न थालेका छन् भनेर चिन्ता प्रकट गर्नुभएको छ । यसमा अलिकति गहिरिएर बहस गर्नु आवश्यक छ । पछाडि परेका जाति र सामाजिक समूहहरू वर्ग सङ्घर्षको परिप्रेक्षमा 'निषेध गर्ने पक्ष हुन् कि वर्ग सङ्घर्षका अङ्ग हुन्?' मेरो बुझाइमा ती सामाजिक समूहहरू वर्गसङ्घर्षकै सहयोगी हुन्, अङ्ग हुन् । यो मान्यता मार्क्सवादले नै स्थापित गरेको मान्यता हो । तसर्थ, आज चलिरहेको जातीय अधिकारको प्रश्नमा पछाडि परेका सामाजिक समूहहरू वर्ग सङ्घर्षका सहयोगी हुन् भन्ने मान्यतालाई नेपाली कम्युनिस्टहरूले स्थापित गर्नु उपयुक्त नै हुन्छ ।

समष्टिगत रुपमा हेर्ने हो भने सामाजिक रुपान्तरणको सन्दर्भमा उहाँले अत्यन्त महत्वपूर्ण मुद्दाहरू अगाडि सार्नुभएको छ । यसको दिशा के हो भन्ने सन्दर्भमा भने दाहालजीले यसलाई प्रश्नमै छोड्नु भएको छ, अलिकति किटान गरिदिएको भए ज्यादा उपयुक्त हुन्थ्यो । हामी रुपान्तरणकै प्रक्रियाको बहस र छलफलमा सहभागी भइरहेको सन्दर्भमा प्रस्तावित मोडेल यस्तो हुनु पर्ला भन्ने कुरा गरिदिएको भए अझ उपयुक्त हुन्थ्यो ।

सहभागितामूलक लोकतन्त्र र श्रमिक नियन्त्रित ट्रेडयुनियन आन्दोलनका सन्दर्भमा अरोकिया दासले दुईवटा आन्दोलनको अनुभवलाई चित्रण गर्नुभएको छ। नेपालको परिप्रेक्षमा त्यसलाई कसरी हेर्ने भन्ने कुरामा दुईचारवटा सन्दर्भहरू उल्लेखनीय छन् भन्ने मलाई लाग्छ। एउटा, दक्षिण अफ्रिकाको सन्दर्भ- जातिवादी सरकारका कारणले मजदुर आन्दोलनमा सङ्कट उत्पन्न भएपछि उनीहरूले आधारभूत तहमा जाने जुन नीति अवलम्बन गरे, त्यसले आन्दोलनको विकासलाई सहयोग पुऱ्यायो भन्ने उहाँको निष्कर्ष अत्यन्त महत्वपूर्ण हो । आधारभूत तहमा जाने भनेको कार्यशैलीको मात्रै प्रश्न होइन । त्यो श्रमिक वर्गका बीचमा जाने प्रश्न

मात्रै नभई आधारभूत तहमा आधारित सङ्गठनको संरचना विकास गर्ने प्रश्न हो भन्ने मलाई लाग्छ । नेतृत्व तल्लो तहबाट निर्वाचित हुने र राजनीतिक रुपमा पूर्णकालीन कार्यकर्ता पनि तल्लो तहमा गएर निर्वाचित हुने विधिलाई दक्षिण अफ्रिकाले जसरी प्रयोग गरेको छ, त्यो पार्टीको लोकतान्त्रीकरणको कुरा चलिरहेको सन्दर्भमा नेपालमा पनि सङ्गठनात्मक सिद्धान्तको एउटा महत्वपूर्ण विषय हुन सक्छ । नेतृत्व सबै केन्द्रमुखी हुँदा सङ्गठन संरचनाभित्र स्थानीय तहमा त्यहाँको सरोकारसँग, भावनासँग जोडिएर नेतृत्व अगाडि बढ्न सक्दैन । यो ट्रेड युनियन आन्दोलनका लागि मात्र होइन, राजनीतिक आन्दोलनका सन्दर्भमा पनि लागू हुन्छ ।

दासले ट्रेड युनियन आन्दोलनसँग जोडेर दक्षिण अफ्रिकाको सन्दर्भमा जुन अनुभव अगाडि सार्नुभएको छ, सरकारमा नजाँदासम्म उनीहरू अत्यन्त आक्रामक, क्रान्तिकारी थिए, सरकारमा गइसकेपछि बिस्तारै सुविधाभोगी, अक्रान्तिकारी हुन थाले भन्ने प्रसङ्ग, मलाई लाग्छ कम्युनिस्ट आन्दोलनले आफ्नो समग्र अपेक्षा र योजनाका बीचमा पुनरावलोकन गर्नुपर्ने विषय हो । नेकपा (एमाले)को नौ महिने सरकारभन्दा पछाडिका सरकारहरूको सन्दर्भमा प्रत्येक पटक हामी के देख्छौं भने "सरकारमा गएको टीम अयोग्य र असक्षम भयो, अब सक्षम टीम पठाऔं" भन्ने, त्यो 'सक्षम' टीमलाई फेरि अयोग्य बनाउने र त्यसलाई फेरि फिर्ता बोलाउने, फेरि अर्को सक्षम टीम पठाउने र प्रत्येक सक्षम टीमहरूलाई सरकारमा पठाएर असक्षम बनाउने... ..." हाम्रो आफ्नै खालको अनुभव छ । हामीले आफ्नो कार्य क्षमतालाई प्रयोग गर्दा कस्तो विधि अपनाउनुपर्ने हो, त्यसको पनि छलफल गर्नुपर्छ । हाम्रा अपेक्षाहरू र यथार्थका बीचमा जुन 'खाडल' देखिने गर्छ, त्यसले सिङ्गो सङ्गठनको आदर्शमै प्रश्न खडा गरेको स्थिति छ ।

> नेतृत्व सबै केन्द्रमुखी हुँदा सङ्गठन संरचनाभित्र स्थानीय तहमा त्यहाँको सरोकारसँग, भावनासँग जोडिएर नेतृत्व अगाडि बढ्न सक्दैन ।

दासले अन्त्यमा उठाउनु भएको प्रसङ्ग ट्रेड युनियनहरू सत्तामा सहभागी हुने कि बाहिरबाट दबाब दिने भन्ने हो । यसलाई कुन रुपमा हेर्ने ? बुर्जुवाहरूको सत्तालाई अन्त्य गरेर श्रमिकहरूको सत्ता निर्माण गर्ने हाम्रो लक्ष छ । अब श्रमिकहरू सत्ता सञ्चालन गर्दा अपेक्षाहरू पूरा गर्न नसकेर सत्ताबाट बाहिरनुपर्छ भन्ने खालको कुरा गर्दा अर्को अन्तरविरोध उत्पन्न हुने हो कि, यसलाई कसरी हेर्ने ? कि, सम्पूर्ण क्रान्ति पछाडि मात्रै मजदुर वर्ग सत्तामा जाने भन्ने कुरा गर्नु पर्‍यो । फेरि त्यति बेला पनि मजदुर वर्ग सुधारवादी भइदिने खतरा हुन सक्ने भयो । क्रान्ति पछाडिको मजदुर वर्ग पनि सुविधाभोगी हुन सक्छ, सुधारवादी हुन सक्छ । सत्ता र वर्ग बीचको सम्बन्धका बारेमा अलिकति छलफल-बहस चल्दा उपयुक्त होला । ब्राजिलको अनुभवका सन्दर्भमा उहाँले चर्चा गर्नुभएको एउटा सन्दर्भ रुचिकर लाग्यो । जुनसुकै भूमिकामा गए पनि अन्त्यमा आफ्नो पेशा व्यवसायमा फर्किन्छु भन्ने खालको मानसिकता कायम छ भन्ने कुरा उहाँले बताउनुभयो । हामीले नेपाली समाजको आर्थिक, सामाजिक, सांस्कृतिक आदर्शको परिप्रेक्षमा हेर्दा त्यो संभव देखिदैन । जो आउँछ, त्यसको एक प्रकारले वर्ग उत्थान हुन्छ, अनि पुरानो ठाउँ छोडिहाल्छ । दक्षिण अफ्रिकाको पनि त्यस्तै देखियो । अनुभवको हिसाबले सुधारवादी भए भन्नुको अर्थ वर्ग उत्थान भए भन्ने कुरा नै होला ।

राजनजीले थुप्रै महत्वपूर्ण सन्दर्भहरू उठाउनुभएको छ । युरोपको कम्युनिस्ट आन्दोलन तथा समाजवादी आन्दोलनको सन्दर्भमा गरिएको समीक्षा भएको कारणले गर्दा त्यसलाई समष्टिगत रुपमा विश्व कम्युनिस्ट आन्दोलनकै सन्दर्भमा कसरी हेर्न सकिन्छ त्यो एउटा पाटो हो । सामान्यतया विचारकहरूले आफ्नो विचार प्रस्तुत गर्दा मूल विचारप्रति कति इमान्दार भएर प्रस्तुत गर्छन्, त्यसलाई हेर्नुपर्छ । जो जुन विचारप्रति प्रतिबद्ध छ आफ्नो विचारसँग सम्बन्धित सन्दर्भको ज्यादा खोजी गर्छ र अर्को सन्दर्भका आलोचनात्मक पक्षलाई ज्यादा उठाउँछ । युरोपमा कम्युनिस्ट आन्दोलन किन कमजोर भयो भन्ने कुराका सन्दर्भमा दोस्रो

कम्युनिस्ट इन्टरनेशनल पछाडिका विवादहरूले कमजोर भयो भन्ने सन्दर्भसँग ऐतिहासिक सन्दर्भलाई हेर्दा ठीकै लाग्यो । तर एसियाको सन्दर्भ त्यो भन्दा फरक छ । युरोपको त्यो बहसले एसियालाई खासै प्रभावित गरेको छैन । मूलतः चिनियाँ सांस्कृतिक क्रान्ति पछाडिको बहसले एसियाको कम्युनिस्ट आन्दोलनलाई सबैभन्दा ज्यादै नकारात्मक प्रभाव पारेको छ भन्ने बुझ्नुपर्छ । युरोपको सन्दर्भसँग जोडेर मात्रै एसियाको कम्युनिस्ट आन्दोलनको अध्ययनको सन्दर्भलाई पूर्णता दिन कठिन होला ।

समाजवादमाथिको सङ्कट वा कम्युनिस्ट आन्दोलनमाथिको सङ्कटको कुरा गर्दा अर्थराजनीतिको सन्दर्भ उल्लेख नगरेकोले त्यो सन्दर्भ महत्वपूर्ण होला भन्ने लाग्छ । किनकि, सोभियत संघ र समाजवादको पतनका पछाडि त्यहाँको राजनीतिक ढाँचा मुख्य जिम्मेवार रह्यो । जसलाई हामीले विश्लेषण गर्दै आइरहेका छौं । उत्कृष्ट प्रजातन्त्र भनियो, प्रजातन्त्रको अनुभूति जनताले गर्न पाएनन् । त्यस अर्थमा प्रजातान्त्रिक अभ्यासका दृष्टिकोणले उनीहरू कमजोर देखा परे । अर्थतन्त्रका हिसाबले भन्ने हो भने दुईवटा पक्षको चर्चा गर्नुपर्छ भन्ने मलाई लाग्छ । एउटा, सामाजिक स्तर बढिसकेपछि उनीहरूलाई आवश्यक पर्ने सेवा सुविधाका सन्दर्भमा राज्यका उत्पादनका साधन र सम्बन्धहरू केन्द्रित नहुँदाको अन्तर, आधारभूत तहका उपभोग्य वस्तुहरू चाहिँ डम्पिङ साइटमा फाल्नुपर्ने र मध्यमवर्गीय हैसियत आर्जन गरिसकेपछि उसले चाहेका सामानहरूको अभाव हुने । यो खालको परस्पर भिन्न खालको चित्र देखिन्थ्यो भन्ने सन्दर्भमा के लाग्छ भने समाजको सामाजिक विकास जुन रुपमा हुन्छ त्यही रुपमा उत्पादनमा पनि परिवर्तन गर्नुपर्ने हो । वस्तु र सेवाको उपलब्धतामा पनि परिवर्तन गर्नुपर्नेमा ती मुलुकहरूले गर्न नसक्दाखेरीको पनि सङ्कट हो भन्ने मलाई लाग्छ ।

> *हामीले विजेताहरूका दृष्टिकोणहरूलाई आधार बनाएर आफ्नो दृष्टिकोण निर्माण गर्‍यौं । विजेता खास समयको लागि मात्रै विजेता हुँदो रहेछ । इतिहासकै विजेता हुँदो रहेनछ ।*

उनीहरू कम्युनिस्ट भन्ने नाममा आधारभूत सेवा सुविधाको कुरामा केन्द्रित भए, तर सामाजिक जीवन विस्तार हुने क्रममा सुविधाहरूको अपेक्षा हुन्छ भन्ने कुरालाई समाजवादी मुलुकले बुझ्न नसक्दा जनतामा बढी असन्तुष्टि भयो, यस्तोखाले आर्थिक उत्पादन पद्धतिले पनि काम गर्‍यो भन्ने मलाई लाग्छ । अन्तमा, एसियामा खासगरी नेपालको सन्दर्भमा कुरा गर्दा विजेताहरूका आधारमा कम्युनिस्ट आन्दोलनको ज्यादा अध्ययन गरियो । जसले जित्यो उसले आफ्ना सामग्रीहरूको प्रचार-प्रसार गर्‍यो । हामीकहाँ सर्वसुलभ ढङ्गले तिनै सामग्रीहरू आए । र, हामीले विजेताहरूका दृष्टिकोणहरूलाई आधार बनाएर आफ्नो दृष्टिकोण निर्माण गर्‍यौं । विजेता खास समयको लागि मात्रै विजेता हुँदो रहेछ । इतिहासकै विजेता हुँदो रहेनछ । एउटा समयमा विजेता ठहरिएकाहरू इतिहासको कालखण्डमा पराजित हुँदा रहेछन् । सोभियत संघको सन्दर्भमा हेर्ने हो भने इतिहासको कालखण्डमा उसले विश्व कम्युनिस्ट आन्दोलनको नेतृत्व गर्‍यो, तर इतिहासको अर्को कालखण्डमा त्यसको विकासमा धक्काको स्थिति सिर्जना गरिदियो ।



# राज्य त्यो बेला कमजोर हुन्छ, जुन बेला सम्पूर्ण जनताको त्यसमा हस्तक्षेप गर्ने क्षमता कमजोर हुन्छ

– प्रमेश हमाल

म मूलत: रुपान्तरणको लागि पुनर्संरचना भन्ने विषयमा केन्द्रित रहेर अगाडि बढ्न चाहन्छु । नेपालीमा "ट्रान्सफरमेसन" शब्दले नै गुणात्मक परिवर्तन जनाउने हुँदा त्यसै माथि केन्द्रित हुन चाहन्छु ।

कस्तो पुनर्संरचना गर्ने, कस्तो किसिमको संरचना बनाउने ? विचारको संरचना के हो ? संस्थाको संरचना के हो ? राज्यको संरचना के हो ? नीतिको संरचना के हो ? कार्यक्रमको संरचना के हो ? यी सबै कुरामा हाम्रो ध्यान जानु जरुरी छ । अहिले उठिरहेको ज्वलन्त मागहरू के हुन्, हामी कस्तो किसिमको समाज निर्माण गर्न चाहन्छौं ? हामी कस्तो आर्थिक-सामाजिक पद्धति निर्माण गर्न खोजिरहेका छौं? अहिलेको अवस्थाबाट हामी कुन अवस्थामा जान चाहन्छौं । अहिलेको सामन्तवादी उत्पादन व्यवस्थामा रहेको उत्पादन सम्बन्धलाई नयाँ उत्पादन प्रणालीमा कसरी रुपान्तरण गर्छौं ?

मेरो विचारमा हामीले चाहेको प्रणाली भनेको समाजवाद उन्मुख पुँजीवादी व्यवस्था होला ! अलि किटानीका साथ भन्दा जहाँ राज्यले कल्याणकारी व्यवस्था लागू गर्नेछ, अहिलेको असमानतालाई समतामूलक समाजमा परिवर्तन गरिन्छ । सामाजिक विभेदलाई सम्बोधन गरिने छ । मलाई यही नै रुपान्तरण होला जस्तो लाग्छ । निरंकुश राज्यव्यवस्था, अथवा ठूला मान्छेहरू, धनी मान्छेहरू, समाजमा प्रभुत्व भएको मान्छेहरूको निमित्त मात्रै राज्य रहेको जुन किसिमका राजनीति छ, त्यसलाई आधारभूत रुपमा जनतामा हस्तान्तरण गरौं । राज्यलाई आधारभूत जनतामा पुऱ्याऔं ।

दाहालजीले केही केही कुराहरू उठाउनु भएको छ । हामी विचारको कुरा गरौं, त्यसपछि त्यो विचार अघि बढाउने संस्थाको कुरा गरौं । त्यो संस्थाले निर्माण

गरेको राज्यको कुरा गरौं । त्यो राज्यले निर्माण गर्ने नीति, नियम, कानुन, कार्यक्रमको कुरा गरौं, त्यसपछि पुनर्संरचनाको कुराहरू पूर्ण हुन्छन् । पहिला विचारमै केन्द्रित हुनुपर्छ जस्तो लाग्छ । किनभने यहाँहरू धेरैजसो विचारका संवाहक हुनुहुन्छ ।

दाहालजीले कमजोर राज्यको कुरा गर्नु भयो । निश्चित रुपमा हाम्रो अहिलेसम्मको राज्य, कमजोर राज्यको रुपमा नै उपस्थित भएको हो । किनभने राज्य त्यो बेला कमजोर हुन्छ, जुन बेला सम्पूर्ण जनताको त्यसमा हस्तक्षेप गर्ने क्षमता कमजोर हुन्छ । सम्पूर्ण जनताको, सम्पूर्ण कामदारवर्गको सहभागिता, हस्तक्षेप भयो भने त्यो राज्य सक्षम हुन्छ । अहिले सुरक्षाको बारेमा हिजोको शास्त्रीय पहुँचहरू हराइसकेका छन् । हिजो सुरक्षा भन्दा सिमानाको सुरक्षा थियो । अहिले पर्यावरणको कुरा पनि आइसकेको छ । आ-आफ्नो नागरिकको सम्बन्ध रहेको हरेक आर्थिक, सामाजिक कुराहरूको सुरक्षाको प्रश्न उठिरहेको छ । त्यसैले योबारेमा राज्यको भूमिका रहनुपर्ने हुन्छ र यस्ता रुपान्तरणका निम्ति हाम्रो राज्य तदनुरुप निर्माण गर्नुपर्ने हुन्छ ।

राज्यको पुनर्संरचना गर्ने भनेको पहिलो त अब नेपालमा राजतन्त्र रहन सक्दैन, राजतन्त्रको अन्त्य गर्नु राज्यको पहिलो पुनर्संरचनाभित्र पर्छ भन्ने लाग्छ । त्यस्तै किसिमले राज्यका विभिन्न अङ्गहरू कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकाहरूको पुनर्संरचनाको बारेमा विशेष ध्यान दिनुपर्छ । कसरी प्रभावकारी बनाउने, कसरी जनताका मागहरूलाई सम्बोधन गर्न चुस्त दुरुस्त बनाउने । राज्यको पुनर्संरचना भन्दा राज्यको विभाजन जातीय रुपमा गर्ने हो कि क्षेत्रीय रुपमा भन्ने तिर मात्र हाम्रो बढी ध्यान जान्छ । पुनर्संरचना भनेको ती संस्थाहरूलाई कसरी चुस्त, दुरुस्त बनाउने र हाम्रा मागअनुरुप, विचारअनुरुप राज्यलाई कसरी बनाउने भन्ने हो । हामी अलि गहन छलफलमा जानुपर्छ भन्ने लाग्छ ।

दाहालजीले ठीकै किसिमले कुरा उठाउनु भएको छ - राज्यलाई सञ्चालन गर्ने प्रक्रियामा कसरी शक्ति तल दिने ? अहिले उठेको प्रश्न भनेको शक्ति दिने र जनताको समान सहभागिताको कुरा हो । यसै सन्दर्भमा संघात्मक राज्य अथवा राज्यलाई विभाजन गर्ने प्रसङ्ग उठिरहेको छ कि जस्तो लाग्छ। विभाजन संघात्मक बनाउने अर्थमा हो । यसलाई गहिरिएर विश्लेषण गर्नुपर्छ भन्ने लाग्छ ।

दासजीले ट्रेड युनियन आन्दोलनलाई मजदुरहरू सँगसँगै राज्यको हितको निम्ति परिचालन गर्नुपर्छ भन्ने कुरा राख्नु भएको छ । दक्षिण अफ्रिका र ब्राजिलको अनुभवहरू खुबै चाख लाग्दो छ। ती सबै कुरा भनेको राज्यलाई दबाब दिनको निम्ति, राज्यलाई सुव्यवस्थित गर्न निम्ति अपनाइएका विधि हुन् । हामीले कुन नीति लिने, कुन कार्यक्रम लिने, कसरी अगाडि बढ्ने भन्ने कुरा पनि आउँछन् । यसरी हामीले छलफललाई अगाडि बढायौं भने यो सार्थक हुनेछ, प्रभावकारी हुनेछ र उद्देश्यमूलक हुनेछ भन्ने लाग्छ ।

समाजवादको एकसय वर्ष भन्ने किताबको बारेमा राजनजी धेरै संक्षेपमा प्रस्तुत हुनुभयो । अलि धेरै विस्तृत हुनुपर्थ्यो जस्तो मलाई लाग्छ । हामीले निर्माण गर्न खोजेको आर्थिक, सामाजिक व्यवस्थालाई रुपान्तरण गर्नको निम्ति हामीले लिएका विचारहरूलाई कति मात्रामा पुनर्संगठित गर्नु जरुरी छ, पुनर्संयोजन गर्नु जरुरी छ, पुनर्लेखन गर्न जरुरी छ भन्ने बारेमा अलिकति बढी आउनुपर्ने थियो होला । हामीले अनुसरण गर्दै आएको मार्क्सवादलाई २१ औं शताब्दीमा आइसकेपछि पुनर्संरचना गर्न अगाडि बढ्नुपर्छ कि पर्दैन? हामीले पनि जनताको बहुदलीय जनवादको नाममा यसलाई अगाडि बढाउने प्रयत्न गरेका छौं । जनताको बहुदलीय जनवादको जुन कुराहरू छन्, त्यसमा परिमार्जित गर्नुपर्ने कुनै कुराहरू छन् कि भन्ने बारेमा हामीले ध्यान दिनु जरुरी छ ।

> *मजदुरहरूले कस्तो भूमिका निर्वाह गर्ने, कसरी अगाडि जाने र उनीहरूले कस्तो राज्यव्यवस्थाको पक्षपोषण गर्ने, कसरी मजदुरहरूको नेतृत्व र भूमिका तय गर्ने भन्ने बारेमा अलिकति गहिरिएर जानुपर्छ भन्ने लाग्छ ।*

समाजवादको एक सय वर्ष भन्ने किताबमा समाजवादी आन्दोलनमा के के कुरामा महाविवाद उत्पन्न भयो भन्ने केही उल्लेख गरियो । तर त्यो भन्दा पनि केही महत्वपूर्ण कुराहरू छन्, जसलाई हामीले अहिले सम्बोधन गर्नुपर्ने छ । अधिनायकवादको प्रश्न, अधिनायकत्वको प्रश्न अत्यन्त गम्भीर रुपमा उठेको प्रश्न हो । राज्यमा कुनै न कुनै वर्गको हैकम रहने भएपनि अबको यो प्रतिस्पर्धामूलक समाजमा, अर्थव्यवस्थामा हामीले यसलाई कसरी निर्दिष्ट गरेर जाने भन्ने विषयमा गहिरो छलफल अगाडि बढाउनुपर्छ भन्ने लाग्छ। यहाँ सङ्गठित मजदुरहरूको नेताहरू हुनुहुन्छ। मजदुरहरूले (रुपान्तरणको लागि) कस्तो भूमिका निर्वाह गर्ने, कसरी अगाडि जाने र उनीहरूले कस्तो राज्यव्यवस्थाको पक्षपोषण गर्ने, कसरी मजदुरहरूको नेतृत्व र भूमिका तय गर्ने भन्ने बारेमा अलिकति गहिरिएर जानुपर्छ भन्ने लाग्छ। मजदुरको 'नेतृत्व'लाई पछि अधिनायकत्व भनेर व्याख्या गरियो, त्यसलाई कसरी स्थापित गर्ने ? कम्युनिस्ट आन्दोलनमा अझै पनि एउटा प्रवृत्ति रहेको छ, हिंसात्मक आन्दोलनको प्रवृत्ति । हामीले यसलाई कसरी लिने ? छलफलको यो पाटोलाई त्यो किताबले त्यति गहिरिएर विश्लेषण गर्न सकेको छैन । यो विषयमा राजनजीले आलोचनात्मक रुपबाट त्यसलाई समीक्षा गर्नुभएको भए छलफलको निम्ति बढी सजिलो हुन्थ्यो भन्ने लाग्छ ।

अर्को पनि एउटा प्रश्न छ- क्रान्तिको प्रश्न । क्रान्ति गुणात्मक परिवर्तन हो- रुपान्तरण हो, त्यो कसरी हुन्छ ? यो निरन्तर प्रक्रिया हो कि यो वलात् प्रक्रिया हो । त्यो किताब यस बारेमा अलि मौन छ । तर यी कुराहरू सम्बोधन गर्नुपर्ने विषय हुन् भन्ने लाग्छ ।

एकताका हामीले पार्टीको संरचना प्रजातान्त्रिक केन्द्रीयता आधारित बनायौं । अब प्रजातान्त्रिक विकेन्द्रीकरणको विधि अनुरुप पार्टीलाई पुनर्गठित गर्नुपर्ने पो हो कि ?

## ललित वस्नेत



उपेक्षित र उत्पीडित वर्गहरूको नीति निर्माणमा पहुँच छैन, राज्यका साधन स्रोतमा पहुँच छैन । पुनर्संरचना गर्ने कुरामा नेतृत्व, नीति निर्माण र साधन स्रोतमा ती वर्गको पहुँच पुऱ्याउने खालको विचारले मात्र सार्थक परिणाम ल्याउँछ। देवराजजीले राख्नुभएको विचारजस्तै समाजवादी र मार्क्सवादी विचार राख्ने पार्टीहरूले वर्गीय रुपमा उठाउनुपर्ने कुरा भनेको जातभित्र वर्ग खोज भन्ने हो । जातभित्र वर्ग खोज्नुपर्नेमा अहिले पार्टीहरू जातको पछाडि लागेका छन् । विचारनिष्ठ भएर, सिद्धान्तनिष्ठ भएर त्यहाँ जानुपर्छ, विचलित हुनु हुँदैन । उग्रवादी सोच राख्ने माओवादीहरूले जातीय सङ्गठन बनाउँदै हिंडिसकेपछि 'विचारप्रधान' होइन 'जातप्रधान' बनाएर हामी हिंडेका छौं, त्यस्तो चिन्तन जात र वर्गलाई छुटाएनौं भने भोलि सरकारमा पुग्न सक्दैनौं कि भन्ने सोच र चिन्तनले आएको हो ।

समाजलाई वास्तविक परिवर्तन गर्ने सिद्धान्तले हो भन्ने कुरामा निष्ठावान हुने हो भने वर्गलाई प्राथमिकता दिनुपर्छ । उपेक्षित र उत्पीडित वर्गलाई सम्बोधन हुने खालको कुराहरू हामीले गर्न सकेनौं भने, विविध ढङ्गले छरिएर रहेका मान्छेहरूलाई एकीकृत गर्ने खालको सोच बनाएनौं भने हामीले गर्ने भनेको रुपान्तरण 'गाना' गाउनेमा मात्र सीमित हुन्छ ।

वर्गीय सङ्गठनहरू, मजदुर सङ्गठनहरूलाई राजनीतिक पार्टीहरूको गहना बनाउने हिजोको परम्परा छ । सयौं पार्टीले, सयौं सङ्गठनहरू बनाउने कुराले वर्गीय मुक्ति हुन सक्छ ? बरु यो वर्गलाई धुजाधुजा बनाउने, टुक्राटुक्रा पार्ने खालको कुरा हो । त्यसलाई एकीकृत रुपमा कसरी लैजान सकिन्छ भन्ने नयाँ सोच र

चिन्तनले मात्रै रुपान्तरण र परिवर्तन हुन सक्छ भन्ने लाग्छ । मार्क्सवादको वर्ग सङ्घर्षको कुरा, सिद्धान्तको कुरा अहिले समयोचित छ भन्ने लाग्छ । सोभियत संघ विघटन पछाडि समाजवादको विश्वव्यापीकरणलाई त्यसले धरापमा पारेको छ । मार्क्सपछाडिको विकास क्रममा आधुनिक प्रविधिले जुन खालको फड्को मारेको छ, यसलाई नयाँ सोच र चिन्तनका साथ विश्लेषण गर्नुपर्छ भन्ने लाग्छ । यसमा नयाँ व्याख्याका साथ जाँदा आधारभूत वर्गको भूमिका रुपान्तरण वा परिवर्तनमा सार्थक र परिणाममुखी हुन सक्छ भन्ने लाग्छ ।

**विनोद श्रेष्ठ**



हामीले जुन बेला ट्रेड युनियन आन्दोलनको सुरुवात गर्‍यौं त्यो बेला ट्रेड युनियन आन्दोलनमा लाग्ने मजदुर कार्यकर्ताहरू र अहिलेको समग्र रुपमा अन्तर्राष्ट्रिय रुपमै आएको मजदुर वर्गको फेरबदललाई पनि हामीले गम्भीरताका साथ नियाल्नुपर्छ भन्ने लाग्छ । मजदुर वर्ग आधारभूत रुपमा सबै एकै किसिमका हुन्छन् भन्ने व्याख्या जुन बेला हामीले गरेका थियौं, अब त्यो व्याख्या काम लाग्छ कि लाग्दैन भन्ने कुरालाई पनि नयाँ परिस्थितिमा हेर्नुपर्छ । किनभने अहिले हामी सम्पूर्ण ज्यालाजीवी श्रमिकहरू ट्रेडयुनियनमा अटाउन सक्छन् भनिरहेका छौं । "ब्लु कलर" मात्र होइन "ह्वाइट कलर" ... "गोल्डेन या सबै खाले कलर" वालालाई ट्रेड युनियनमा लिइरहेका छौं । यस्तो अवस्थामा अब ट्रेड युनियन आन्दोलनलाई कुन दिशामा लाने भन्ने बारेमा पनि सोच्नुपर्छ । मजदुर वर्गभित्रै पनि थुप्रै उप -वर्गहरू जन्मिएका छन् कि छैनन् ? कामको आधारमा भन्ने हो भने सबैभन्दा तल्लो कृषि मजदुरदेखि लिएर आफ्नो बुद्धि बेचेर कलम चलाएर जीविकोपार्जन गर्ने ज्यालाजीवी समेतलाई ट्रेड युनियन आन्दोलानमा लिइरहेको अवस्थामा,

आम्दानीको आधारमा देखिने वर्गभित्रको उप वर्गको विश्लेषण हामीले कसरी गर्ने ?

श्रमिकको कुन मान्यता अन्तरगत ट्रेड युनियनमा नियन्त्रण भन्ने सम्बन्धमा पनि थप पुष्टि र व्याख्या गर्नुपर्छ भन्ने लाग्छ । अघि दासजीले ब्राजिलको व्याख्या गर्दा त्यहाँको ट्रेड युनियन र पार्टीको अन्तरसम्बन्धको कुरा उठेको छ । हाम्रो सन्दर्भमा, पार्टी र ट्रेड युनियन आन्दोलनको कुरा गर्दा हातेमालो आधारमा जानुपर्छ भन्ने कुरा पनि गरिरहेका छौं र कतै पार्टी नियन्त्रित ट्रेड युनियन आन्दोलनलाई नै निरन्तरता दिनुपर्छ भन्ने विचार छ, हामीले यसलाई कसरी व्याख्या गरेर जाने ? कस्तो सम्बन्ध कायम गर्दा सम्पूर्ण श्रमजीवी जनताको हितका खातिर ट्रेड युनियन आन्दोलनले काम गर्न सक्छ भन्ने कुरामा पनि थप छलफल गर्नुपर्ने हो कि भन्ने लाग्छ । कतै हामी पार्टीभित्रै ट्रेड युनियन आन्दोलन निर्माण गरिरहेका छौं भने कहीँ ट्रेड युनियन नियन्त्रित पार्टी समेत देखिएका छन् । कुन नीति अवलम्बन गर्दा हामीलाई राम्रो हुन्छ ?

हामीले पहिला सङ्गठन सञ्चालनको लागि लेनिनको 'जनवादी केन्द्रीयता'को नीति अपनायौं । अब 'तलबाट माथि नियन्त्रित गर्ने प्रजातन्त्र' र 'समावेशीकरण सहितको रुपान्तरण' खोजेको हो भने हामीले नीतिमा फेरबदल गर्नुपर्ने हो कि? केन्द्रीयताको सट्टा सहभागितामूलक प्रजातन्त्रमा जोड दिने हो भने यसलाई हामीले जनताको बहुदलीय जनवादसँग जोडेर व्याख्या गर्नुपर्छ जस्तो मलाई लाग्छ ।

**रमेश बडाल**



यो सहभागितामूलक प्रजातन्त्रका सन्दर्भमा भेनेजुएलाको अनुभव उल्लेखनीय छ । सहभागितामूलक प्रजातन्त्र व्यवहारमा लिएर जाने विभिन्न चरणहरू हुँदारहेछन् । अहिले भइरहेको प्रजातन्त्र “सम्भ्रान्त” प्रजातन्त्र भनिदो रहेछ, अभिजात्य वर्गको प्रजातन्त्र भनिदो रहेछ । किनभने यसमा धनी र गरीबहरूको बीचमा सँगसँगै प्रतिस्पर्धा गराइन्छ र असमानहरू बीच प्रतिस्पर्धा गराइयो भने माथिल्लो वर्गका मान्छेहरू मात्रै अगाडि जान्छन् । पछाडि पर्ने व्यक्तिहरू पछाडि परेको पऱ्यै हुन्छन् । त्यस्तो अवस्थाबाट मुक्ति पाउनको लागि सहभागितामूलक प्रजातन्त्र आवश्यक छ । यसका मोडेलहरू हेर्दा पहिलो, जसमा नेताहरू जनताको अगाडि हामी यस्तो गर्दैछौं भनेर भन्ने र जनताले ताली बजाउने हो । दोस्रो, जनतालाई आएर ‘तपाईंहरूको कुरा के छ सबैथोक भन्नुस्’ भनेर भन्ने तर निर्णय चाहिँ जनताले गर्न नपाउने हुँदोरहेछ । तेस्रो मोडेलमा जनताले निर्णय भने गर्न पाउँछन्, तर उनीहरूलाई स्रोतमा हस्तक्षेप गर्ने अधिकार हुँदैन । निर्णय चाहिँ उनीहरूको हुन्छ, हामी यो गर्ने भनेर भन्न सक्छन्, तर बजेट निर्माण उनीहरूबाट हुँदो रहेनछ । त्यसले गर्दा कार्यान्वयनमा जान अप्ठ्यारो हुँदो रहेछ । चौथो, निर्णय र स्रोत दुबैमा जनताको पहुँच हुने हुनाले आफूले गरेको निर्णय कार्यान्वयन गर्न सक्ने हुन्छन् । यी चार किसिमका मोडेलहरू हुँदो रहेछन् ।

भेनेजुएलाको राजधानी काराकासमा ३२ वटा जिल्लाहरू रहेछन् (अथवा हाम्रो वडाहरू भन्ने जस्तो) । जसमा लिबर्टाडोर, सुक्रे, चाभिस्टा, एलहाटिलो, चकाओ, बारुटा चाहिँ त्यहाँका नगरपालिकाहरू रहेछन् । ती नगरपालिकाहरूमा सहभागितामूलक प्रजातन्त्र लागू भएपछि के गरिएको रहेछ भने प्रायः सबै

क्षेत्रहरूमा बराबरी नै बजेट दिइदो रहेछ, तर कुनै नगरमा ३० लाख जनसङ्ख्या छ भने कुनैमा एक/डेढ लाख रहेछ । त्यसले गर्दा लिबर्टाडोरमा विकास राम्रो भएन, बाटोघाटो पनि राम्रो भएन । एलहाटिलो र बारुटाजस्तो नगरमा चाहिँ बजेट भएको कारणले बढी विकास भयो । त्यसकारण अभिजात वर्गकाहरू जति एउटा नगरपालिकामा जाने र गरीबहरू जति चाहिँ सरेर अर्को नगरपालिकामा जाने क्रम सुरु भयो । यस किसिमको अन्तरविरोध सुरुवात भइसकेपछि राज्यको पुनर्संरचनाको कुरामा भौगोलिक विभाजन र जनसङ्ख्याको अनुपात मिल्नुपर्छ, स्रोतको वितरण समान हुनुपर्छ, निर्णयको कार्यान्वयन गर्न सक्ने हैसियत प्रदान गरिनुपर्छ र यथार्थ आधार हुनुपर्छ भन्ने स्पष्ट भयो । यी चारवटा कुरालाई बेवास्ता गर्‍यौं भने सहभागितामूलक प्रजातन्त्र सफल हुँदैन भन्ने उनीहरूको निचोड रहेछ ।

सबै जनता आशै-आशामा बाँचेका छन् । हामीले गएको सालको जनआन्दोलनमा जनतालाई धेरै “आशा”हरू बाँडेका छौं । निराश हुनु भनेको आशा मार्नुभन्दा पनि बढी खतरनाक हुन्छ भन्ने मलाई लाग्छ । त्यसले अपराधीकरणलाई जन्म दिन्छ । गएको सालमा हामीमा जुन “आशा” थियो, त्यो निराशामा परिणत भएपछि एकैचोटी मधेस आन्दोलनले जन्म लियो । हाम्रो योजना बिनानै मधेसको आन्दोलन उठ्यो, किनभने हामीले संघीयताको कुरा समयमा उठाउन सकेनौं । यो आन्दोलनले संविधान संशोधनमा मधेसी, दलित, जनजाति, महिलाका मुद्दालाई सम्बोधन गराउने प्रयास गरेको छ । तर यहाँ वर्गका मुद्दाहरू सम्बोधन गरिएको छैन । यो उदाहरणलाई हेर्ने हो भने फेरि नयाँ किसिमको अन्तरविरोध हामीले नचाहँदा नचाहँदै उत्पन्न हुने अवस्था छ ।

## डा. गोविन्द नेपाल



विशेष गरी देवराजजीसँग मेरा जिज्ञासा छन् । नागरिक बलियो हुँदा के के फाइदा हुन्छ ? राज्य बलियो हुँदा के के फाइदा हुन्छ ? ती दुबै बलियो हुन सम्भव छ कि छैन? स्वीडेनको कुरा आयो, पश्चिम युरोपको कुरा आयो । लोककल्याणकारी राज्य व्यवस्था कायम गर्ने हो भने नागरिक र राज्य दुबै पो बलिया हुन्थे कि !

दासजीको प्रस्तुतिको सन्दर्भमा, आधारभूत वर्गले भन्दा पनि समाजको माथिल्लो वर्गले परिवर्तनको नेतृत्व गर्ने र अवसरहरूको उपयोग गर्नाले पनि हाम्रा पार्टी, हाम्रा सङ्गठनहरू, त्यस्तै संसारकै आन्दोलनहरू सहभागितामूलक भएनन् । म तीनवटा उदाहरण दिन चाहन्छु, एउटा भारतीय आन्दोलनको उदाहरण दिन चाहन्छु । त्यहाँ मोतिलाल नेहरू, जो बेलायतमा पढेर आएका थिए, उनका छोरा जवाहरलाल नेहरू लगायतका मान्छेले शासनको नेतृत्व गरे । नेपालका राणा शासन खत्तम गर्नेमा २००६/०७ सालसम्म राणाभन्दा बाहेकको सबभन्दा बढी सुविधा जुन वर्गले पाएको थियो, त्यसैले नेतृत्व गऱ्यो । आम मान्छेहरू राणा शासन हुँदा र राणा शासन हट्दाको भोलिपल्ट जस्ताको तस्तै भइरहे । अहिले तराई आन्दोलनको कुरा गरौं, जहाँ यादवहरूले मधेसी आन्दोलन सुरु गरेका छन् । त्यहाँ मुसहरहरू, दासहरू, त्यहाँ भएका गरीबहरू, चमारहरूको नेतृत्व गरिएको छैन । त्यसैले जहिले पनि पुरानो व्यवस्थाको सबभन्दा सुविधाभोगी वर्ग र व्यक्तिले आन्दोलनको नेतृत्व गरेको कारण समावेशीकरण अलि गाह्रो भएको हो कि भन्ने मेरो धारणा छ । सपना बढी बाँडे पछि छिट्टै मोहभङ्ग हुन्छ, अनि मान्छेहरू निराश हुन्छन् । पार्टीहरूसँग सीमा थोरै रहेछ, पार्टीले "सबै" पूरा गर्न सक्दो रहेनछ । हामी पनि पार्टीबाट बढी अपेक्षा गर्छौं, र त छिट्टै सपना भाँचिन्छ,

अनि हामी कमजोर हुन्छौं । पार्टीको बाध्यताले गर्दा पनि अलि बढी सपनाको खेती हुने गरेको हो कि, यो कुरालाई पनि हामीले मनन गर्नु जरुरी छ ।

राजनजीको विचारको सन्दर्भमा प्रश्न छ- फ्रान्सको राज्यक्रान्ति कसको भने जस्तै नेपालको अहिलेको आन्दोलन कसको ? हिजोको राजाको शासनसँगको लडाइभन्दा अबका नेपालको नयाँ पुँजीपति वर्गसँगको लडाइंलाई हामीले दह्रो गर्नु पर्नेछ । मार्क्सवादलाई आर्थिक रुपमा मात्रै मार्गदर्शक सिद्धान्त मान्ने या राजनीतिक रुपमा पनि मान्ने ? कहीँ कहीँ आर्थिक रुपमा पनि मान्ने सुनेका छौं, कहीँ राजनीतिक रुपमा मात्र मान्ने भन्ने सुनेका छौं । दुईवटै मान्ने सफल भयो या फरक-फरक हिसाबले मान्ने सफल भए ? यसको उदाहरण भइदिएको भए बुझ्न सजिलो हुन्थ्यो । वर्गको परिवर्तन सँगसँगै वर्गको विश्लेषण अब कसरी गर्ने भन्ने कुरा पनि छ ।

**नरनाथ लुइंटेल**



वर्गीय सङ्गठन चाहिन्छ भनिरहेको बेला जातीय सङ्गठन पनि आवश्यक छ भन्ने सुनें । जातीय सङ्गठन निर्माण गर्दा पनि पहुँच पुग्नेहरूको नेतृत्व रहेको छ । पहुँच पुग्नेहरूको नेतृत्व जातीयमा पनि भयो र वर्गमा पनि भयो भने पहुँच नपुग्नेहरू फेरि एक ठाउँमा जम्मा भएर अर्को विद्रोह हुन सक्दैन?

## कमल गौतम



राजनजीले उठाउनु भएको कुरा शिक्षाको लागि हो भन्ने ठानेको छु । दासजीले उठाउनु भएको मजदुर नियन्त्रित ट्रेड युनियनको कुराप्रति मेरो सहमति छ र यसलाई नयाँ ढङ्गले हामीले पनि व्याख्या विश्लेषण गर्नु र बहस चलाउनुपर्छ । राजनीतिक पार्टी पनि जननियन्त्रित हुनुपर्छ र तल्लो निकायबाट निर्वाचित हुनुपर्छ भन्नेतर्फ हामी जानुपर्छ । दाहालजीले उठाउनु भएका कुराहरूमा राजनीतिक परिवर्तन नेपाली समाजमा भएको छ, तर त्यति हुँदाहुदै पनि राजनीतिक वर्गभित्र सामन्तवादी संस्कार, सामन्तवादी चिन्तन देखिएको छ । यो नेपाली समाजको रुपान्तरणको लागि बाधक हो भन्ने महसुस गरेको छु । दाहालजीले हाम्रो नेपाली समाजमा, नागरिक र नागरिक समाजको भूमिका उल्लेख गर्नु भएन । नेपाली समाजमा नागरिक समाजको भूमिका कमजोर रहेको छ भन्ने मलाई महसुस भएको छ । हाम्रो सामाजिक संस्कार नातागोता आदि कारणले यति जेलिएको छ, त्यसलाई सुधार्न हामीलाई अझ दसौं वर्ष लाग्छ । अहिलेको सरकारमा पनि नातावाद, कृपावाददेखि विविध खालका कुरा छन्, जसले सामाजिक रुपान्तरणलाई अगाडि जान दिएको छैन । यो नातावाद र कृपावादसँगै जातीय संस्कारको बारेमा नयाँ ढङ्गले पुनर्संरचनामा जानुपर्छ भन्ने लाग्छ ।

### क. हरिदत्त जोशी



दासजीलाई मेरो एउटा प्रश्न छ । जब कोसाटुका थुप्रै सांसदहरू मन्त्री बने त्यसपछि उसको पहिलेको क्रान्तिकारीपन कमजोर हुँदै गयो भनेर उहाँले व्याख्या गर्नुभयो । मजदुरविरोधी नीतिसमेत सरकारले ल्याउने, मजदुरको हक कटौती हुने, सामाजिक सुरक्षामा पनि कटौती हुने कुरा उहाँले भन्नुभयो । लामो समयदेखि आन्दोलनमा रहेका नेताहरू सरकारमा गएर काम गर्न नसकेको हो अथवा सरकारसितको गठबन्धन वा संलग्नताको कारण त्यस्तो नीतिको विरोध गर्न नसकेर हो, यसबारे प्रस्ट पारिदिनु भए हुन्थ्यो ।

### गौरी प्रधान



एकदमै चाखलाग्दोखालको सेसन भएकोले मलाई केही प्रश्न मात्र राख्न मन लागेको छ। हाम्रो अहिलेको छलफलमा टुंगो लगाउनुपर्ने विषय या त्यसलाई रिभिजिट (पुनर्मूल्याङ्कन) गर्नुपर्ने विषयहरू निम्न छन् । यी प्रश्नहरूमा अहिले रिभिजिट गर्नुपर्छ कि पर्दैन ? पर्छ भने यसमा नेपालकै अनुभवको आधारमा विचारहरू बनाउन सक्छौं ।

- सर्वहारा वर्गको अधिनायकत्व कि जनताको जनवाद ?
- जनवादी केन्द्रीयता कि जनवादी विकेन्द्रीयता ?
- राज्य एकात्मक कि राज्य संघात्मक ?
- समाजमा 'वर्ग कि, जातजाति कि, वर्ग र जातजाति' दुबै ?

- कानुनी शासन कि लोकतान्त्रिक शासन ? समावेशीकरण कि सशक्तीकरण ?
- मार्क्सवाद-लेनिनवाद-माओवाद कि जनवाद-समाजवाद-साम्यवाद ?
- राष्ट्रवाद कि अन्तर्राष्ट्रवाद ?
- क्रान्ति गन्तव्य कि यात्रा या यात्रा र गन्तव्य दुइवटै ?
- समाजको रुपान्तरण कि परिवर्तन ?
- राज्य कल्याणकारी कि राज्य जनउत्तरदायी ? जनताप्रति जिम्मेवार राज्य कि कल्याणकारी राज्य ?

**डा. डिल्लीराज खनाल**



देवराज दाहालजीले हामी नयाँ उदारवादबाट अनुदारवादमा जान लागेका छौं, खासगरी त्यो सेप्टेम्बर ११ पछि भयो भन्नुभएको छ । अलिकति ऐतिहासिक परिप्रेक्षलाई हेर्दा जतिबेला एसियाली, पूर्वी एसियाली मुलुकहरूमा नयाँ खालको बणिकवाद हावी हुँदै थियो, तर पश्चिमा देशहरू अझै पनि संरक्षणवादी नीति (प्रोटेक्टिभ रिजिम) मा नै थिए । तर अहिले सन्दर्भ फेरिएको छ । अहिले के देखिन्छ भने व्यापारमा अझै पनि युरोप अमेरिकामा आफ्नो खालको रोकावट छंदैछ । तर मूलतः वित्तीय पुंजी उदारवादको प्रकृयामा गइराखेको छ, त्यसले कता कता मलाई हिजो लेनिनले भन्नुभएको जस्तो औद्योगिक पुँजी र बैंक पुँजीमा जोडिएर वित्तीय पुँजीमा जाने र त्यो चरण भनेकै विश्व पुँजीवादको साम्राज्यवादी चरण भन्न सकिन्छ, त्यसको एउटा उच्चतम चरणतिर अगाडि गएको हो कि भन्ने एउटा दिशा देखिन्छ, यद्यपि त्यसभित्रका थुप्रै अन्तरविरोधहरू पनि छन् । अलिकति राजनीतिक रुपमा व्याख्या गर्न त्यसलाई अहिले नै अलि मिल्दैन कि भन्ने मलाई लाग्छ । अर्को कुरा

के हो भने, मैले नाम भन्ने भन्दा पनि, १९९० मा जति बेला हामीले अन्तरिम सरकार बनाएका थियौं, विदेशी सहायतामा अलिकति नीति उल्टाउने खालको मात्र सोच अघि सारियो । त्यस्तो खासै केही भएको चाहिँ होइन । वास्तवमा हामीले जुन बेला बजेट बनायौं त्यतिबेला हामीले त्यो बजेट मार्फत केही नयाँपन ल्याएका हौं । त्यसो भएकोले विदेशी सर्तहरूबाट अलिकति टाढा गयौं, प्रतिरोध गऱ्यौं भन्ने कुरा व्यवहारमा नै देखिए जस्तो लाग्दैन ।



# प्रत्युत्तर

- देवराज दाहाल

मार्क्सले थिच्चिएकाहरूको मुक्तिको कुरा गरे । थिच्चिएकाहरूको बराबरको स्तरमा आएपछि सबैको मुक्ति हुन्छ भन्ने कुरा आयो । मार्क्सको एउटा दृष्टिकोण के छ भने समाजमा सामाजिक न्याय छैन, संरचनागत अन्याय छ, त्यसैले द्वन्द्व हुन्छ। त्यसैले द्वन्द्वलाई, त्यो संरचनालाई परिवर्तन गरेर सबै समान भइसकेपछि त्यहाँ सहकार्य हुन्छ। मार्क्सको अन्तिम उद्देश्य वर्ग सङ्घर्ष चर्काइरहने हो, युद्ध चर्काउने होइन । बुद्धको पनि त्यही दृष्टिकोण थियो । बुद्धले जातलाई मानेनन् । राज्यको बारेमा शंकरजीले धेरै कुराहरू मार्क्सवादी हिसाबले उठाउनु भएको छ। मार्क्सले पश्चिमी मुलुकहरू केहीको अध्ययन गरेर वर्गको हिसाबले राज्यको निर्माण भएको भन्ने लेखे । तर पूर्वीय दर्शन, यहाँको जातीय संरचना र कसरी विभिन्न जात मिलेर राज्य बनाए, यताको धर्म संस्कृति बारे उनको किताबको फुटनोट्समा पनि उल्लेख भएको पाइँदैन । उताको र यताको राज्यको स्थापना हेर्दा कतिपयमा धर्मको हिसाबले मिल्छ, अरु हिसाबले मिल्दैन । किनभने उताको राष्ट्र भनेको भौगोलिक राष्ट्र हो, त्यसलाई संस्कृतिले परिभाषित गऱ्यो। नेपाल कुन हो? पृथ्वीनारायण शाहले त्यसलाई अधिकारको रुपमा प्रयोग गरे । नेपालीहरू जहाँ जहाँ छन्, नेपाली भाषा जहाँ जहाँ बोलिन्छ, नेपाली राष्ट्रियता जहाँ जहाँ छ जम्मै नेपाल भन्ने हिसाबले लिए । अङ्ग्रेजहरूसँग पनि त्यसमा पछिसम्म धेरै विवाद भयो, धेरै वार्ता भइसकेपछि मात्र हामीहरूले पश्चिमको राज्यको भौगोलिक प्रणालीलाई स्वीकार गरेका हौं । अहिले पनि भारतको विभिन्न ठाउँमा बस्ने नेपालीहरूले आफूलाई नेपाली भनेर परिचय दिइरहनुको एउटा कारण त्यो पनि हो ।

हाम्रो जुन राष्ट्रियता थियो, त्यो भौगोलिक मात्रै थिएन, वैचारिक पनि थियो । पश्चिममा राष्ट्रको निर्माण सामाजिक सम्झौताको हिसाबले भयो, हाम्रो यहाँ कविलाले । यसलाई मोदनाथ प्रश्रितजीले राम्रोसँग व्याख्या गर्नु हुन्छ होला ।

जहिले पनि संविधान बनाउँदा ख्याल गर्नुपर्ने कुरा के हो भने पहिलो, राज्यको वैधानिकता वा कुनै शक्तिहरू छन् भने तिनीहरूको वैधानिकता कायम गर्ने । दोस्रो, जनतालाई अधिकारहरू कसरी दिने, कस्तो खालको अधिकारहरू र कस्तो खालको कर्तव्यहरू निर्दिष्ट गर्ने । तेस्रो, हामीले हेर्ने भनेको शक्तिको पृथकीकरण, शक्तिको सन्तुलनहरू र त्यसपछि शक्तिको विकेन्द्रीकरणको कुराहरू हुन् । यो जम्मै अधिकारहरू राज्यको विरुद्धको अधिकार हो । कमजोरलाई दिइने हो । किनभने पहिले धनी, शक्तिशालीहरूले राज्यको प्रतिनिधित्व गर्थे । मार्क्सले भनेको एउटा कुरा कहाँ सत्य हो भने राज्य धेरैथोरै केही हदसम्म वर्गीय थियो तर पुँजीवादी वर्गहरूको बीचमा त्यसले स्वायत्तता कायम गरेको थियो । एउटा मात्र पुँजीपतिको पक्ष लिंदैनथ्यो । त्यो हिसाबले राज्य केही हदसम्म तटस्थ भएको देखिन्छ । पछि जब संवैधानिक प्रक्रियाहरू सुरु भए, जब धर्म, संस्कृति र अन्य मानकहरूले प्रभाव पार्न थाल्यो, अन्तर्राष्ट्रिय कानुनहरूले प्रभाव पार्न थाल्यो, त्यसपछि राज्य तटस्थ भएको देखिंदैन ।

मेरो विचारमा प्रजातन्त्रलाई बलियो बनाउने हो भने वर्गीय धारणालाई नीतिगत रुपमा मान्यता दिनुपर्छ । वर्गको आधारमा राज्य सञ्चालन कहीं पनि भएको छैन । वर्ग राज्यमा जाने बित्तिकै उसले वर्गको संस्कृति छोडेर राज्यको संस्कृति बोक्नुपर्छ । किनभने राज्यका शास्वत मान्यताहरू छन्, अन्तर्राष्ट्रिय कानुनहरूले त्यसलाई परिभाषित गरेको छ । वर्ग जब सत्तामा जान्छ, जाने बित्तिकै उसले त्यहाँको संस्कृति बोक्नुपर्छ, त्यहाँको संस्थाहरूलाई संरक्षण गर्नुपर्छ । त्यहाँ संस्थागत नीतिहरू हुन्छन्, त्यो बोक्ने बित्तिकै वर्गको आत्महत्या हुन्छ । हामीले गर्न सक्ने कुरा कसरी कमजोर पक्षहरूलाई, कमजोर वर्गलाई माथि उठाउन सकिन्छ, आर्थिक, राजनीतिक, सामाजिक कस्तो खालको नीतिहरू आवश्यक छन्, भन्ने हो । ती नीतिहरू हामीले अवलम्बन गर्‍यौं भने कमजोर सशक्त रुपमा अगाडि आउन सक्छ र उसको सशक्तीकरण हुन्छ ।

> *प्रजातन्त्रको आधार भनेको नागरिक हो; जसलाई संविधानले राजनीतिक व्यक्तित्वको रुपमा मानेको हुन्छ । लोक भनेको अपरिभाषित क्षेत्र हो ।*

प्रजातन्त्रले विचारधारालाई नै आदर्श बनाएको हुन्छ- "आइडियोलोजी"लाई नै "बायोलोजी"लाई बनाउँदैन, 'बायोलोजी' बनाउने हिटलर हो- जातीयताको आधारमा राज्य बनाउने । त्यसैले, वर्गीय हिसाबले नै केही हदसम्म हेर्नुपर्छ भन्न सकिएला । प्रमेशजीले उठाउनु भएको कसरी नागरिक र राज्यले हस्तक्षेप गर्ने विषयमा, राज्यमा नागरिकले हस्तक्षेप गर्नुपर्छ, जनताले गर्ने होइन । नेपालमा बस्ने भारतीयहरू, चिनियाँहरू, जापानीहरू ती सबै जनता हुन् । हामी किन लोकतन्त्र भनिरहेका छौं भने लोक भनेको अङ्ग्रेजी शब्दमा "फक" (folk) हो, जस्तो लोकसंस्कृति, लोकभाषा, लोकसङ्गीत । प्रजातन्त्रको आधार भनेको नागरिक हो, जसलाई संविधानले राजनीतिक व्यक्तित्वको रुपमा मानेको हुन्छ । लोक भनेको अपरिभाषित क्षेत्र हो । नेपालमा बस्ने सम्पूर्ण जनसङ्ख्या लोकभित्र जोडिन्छ तर तिनीहरू नागरिक होइनन् ।

ललितजीले धेरै कुराहरू उठाउनु भएको छ । भूमण्डलीकरणलाई पनि नियन्त्रण गर्न विश्वव्यापी रुपमा सामाजिक मञ्चहरू स्थापना भएका छन् । सामाजिक आन्दोलन विश्वव्यापी रुपमा चलिरहेको छ, सामाजिक आन्दोलनले त्यसलाई आकार दिन खोजिरहेको छ । सामाजिक विकासले विश्वव्यापी रुपमा मान्यता पाइरहेको छ । विश्व्यापी रुपमा नै सामाजिक घोषणा पत्रहरू आइरहेका छन् । युरोपमा सामाजिक बडापत्र छ, हामीकहाँ दक्षिण एसिया बडापत्र । हुन त राज्यको वर्गीय संस्कृतिले त्यो सामाजिक बडापत्र लागू गरिएको छैन, स्वतन्त्र बजारलाई नै लागू गर्नेमा राज्यहरू गइरहेका छन् । यी सामाजिक घोषणापत्र विश्वव्यापी रुपमा नै आइरहेका छन् । यिनले भूमण्डलीकरणलाई केही हदसम्म राजनीतिक हिसाबले नियन्त्रण गर्न खोजेका हुन् । क्षेत्रीय सहयोग सङ्गठनहरू पनि विश्वव्यापी रुपमा स्थापना भइरहेका छन् । हामी सार्क, विमस्टेकको सदस्य भइरहेका छौं । चिनियाँहरूको एशिया प्यासिफिक रिजनल फोरम छ, आसियान छ । विश्वव्यापीरुपमा जुन क्षेत्रीय सङ्गठनहरू गठन भइरहेका छन् त्यसले

भूमण्डलीकरणको नकारात्मक प्रभावलाई रोकेर सहकार्य गर्ने, राष्ट्र राष्ट्र मिलेर सहकार्य गर्ने संस्कृति बनेको छ ।

त्यस्तै, ट्रेड युनियन आन्दोलन विश्वव्यापी रुपमा गइरहेको छ । पुँजीको विश्वव्यापीकरण भइरहेको छ र अहिलेको पुँजीवाद वित्तीय पुँजीवाद नै हो । अहिलेको अर्थतन्त्र सांकेतिक हो, वास्तविक अर्थतन्त्र होइन, जसमा मजदुरहरूको नियन्त्रण छैन । जातीय आन्दोलन पनि विश्वव्यापी रुपमा भइरहेको छ । यसले प्रगतिशील राजनीतिलाई कमजोर पार्छ । जनजातीय द्वन्द्व विश्वव्यापी रूपमा फैलिरहेको छ । यी कुराहरूलाई हामीले ख्याल गर्नुपर्छ ।

विनोदजीले धेरै महत्वपूर्ण कुराहरू उठाउनु भएको छ । ट्रेड युनियन आन्दोलन सहकार्यमा जाने कि पार्टीको अधीनस्त हुने वा आफ्नो स्वायत्तता कायम राख्ने? वास्तवमा यसमा बहस नै गर्नुपर्छ । हाम्रो स्थिति अनुसार ट्रेड युनियनले केही हदसम्मको स्वायत्तता कायम गर्नैपर्छ जस्तो लाग्छ । रमेशजीले ल्याउनु भएको सहभागितामूलक प्रजातन्त्रको कुरा आदर्श हो । अन्तिममा हामी जाने बाटो त्यही नै हो । हामीले चाहे पनि नचाहे पनि नीतिहरू यस्तो बनिरहेका छन् कि त्यसले हामीलाई प्रभाव पार्छन् । कतिपय प्रभाव पार्ने नीतिहरूमा हामी विभिन्न किसिमले भाग लिइरहेका छौं । जस्तै, हङकङमा डब्लुटीओको मिटिङ हुँदा त्यहाँ सरकार पक्षबाट नौ-दस जना र ट्रेड युनियन लगायत विभिन्न सामाजिक संस्थाहरूबाट सयभन्दा बढी गएका थिए । त्यस्तै, सियाटल फोरममा मजदुर सङ्गठनलगायत विभिन्न संस्थाबाट गएका थिए । यसरी जनतामा एक किसिमको चेतना आइरहेको छ । जुन नीतिले हामीलाई प्रभाव पार्छ त्यसमा हामीले भाग लिन पाउनुपर्छ, त्यो सहभागितामूलक नै हो । त्यसैले डब्लुटीओको मिटिङ गर्न अप्रजातान्त्रिक देशको खोजी हुन्छ । किनभने मान्छेहरू आउँछन्, उनीहरूलाई रोक्न सकिंदैन । सहभागिताले नै सशक्तीकरण गर्छ, त्यसले नै हामीलाई स्वामित्व

*सहभागिताले नै सशक्तीकरण गर्छ, त्यसले नै हामीलाई स्वामित्व दिन्छ र त्यसबाट नै चेतना आउँछ ।*

दिन्छ र त्यसबाट नै चेतना आउँछ । पाउलो फ्रेरीले “सहभागिताले कसरी हामीलाई चेतनशील बनाउँछ, त्यो नहुँदा किन हामी चेतनशील हुँदैनौं, अनुभवले सिकाएको ज्ञान मात्रै मनासिब हुन्छ, किताबहरू मात्रै पढेर हुँदैन” भन्ने बुझाउनु भएको छ ।

गोविन्दजीले माओवादीको सम्बन्धमा कुरा उठाउनु भएको छ । माओवादीको समस्या समाधान भइसकेको छैन, त्यो प्रक्रियामा छ । त्यो समाधान हुन पनि सक्छ, फेरि अर्को किसिमबाट द्वन्द्व सिर्जना पनि हुनसक्छ । माओवादीले सुरुमा उठाएको मागहरू र सरकारमा गइसकेपछि उसले लिएका नीतिहरू बीच अन्तराल हुने बित्तिकै त्यो भित्र अर्को किसिमको समस्या आउन सक्छ । अहिले तराईमा हामीले तीनवटा समूहहरू देखेका छौं, तिनीहरू माओवादीबाटै फुटेर गएका हुन् । त्यो भित्र अर्को ग्रुपले बाहिर बसेर वैचारिक सङ्घर्ष गरिरहेको छ । त्यसैले उनीहरूको सोचाइ र गराइको बीच अन्तराल बढ्यो भने आफूले सिर्जना गरेको अन्तरविरोधमा उनीहरू फस्न पनि सक्छन् । तर एउटा कुरा के छ भने, उनीहरूले सामाजिक ऊर्जा प्रदान गरे, समाजलाई रुपान्तरणको संघारमा लगेर राखिदिए, समाजमा विभिन्न पिछडिएको, मौनता धारण गरेको जुन वर्ग छन् तिनीहरूलाई अगाडि ल्याइदिए । त्यसलाई सकारात्मक रुपमा लैजानको निम्ति संस्था नै चाहिन्छ, नीतिहरू नै चाहिन्छ ।

सहभागी बढी भए, संस्थाहरू कमजोर भए भने त्यसले अन्ततः व्यवस्थालाई नै ढाल्छ । त्यसैले सहभागिता र संस्थाहरूको बीचमा एक किसिमको सन्तुलन हुनुपर्छ । हामी बाल्टिनमा त्यति मात्रै पानी राख्न सक्छौं जति त्यसको आकार छ । बढी हुने बित्तिकै पोखिन्छ । त्यसैले हामीहरू संविधानसभामा त्यतिमात्रै सहभागिता गराऔं वा बढी सहभागिता बनाउन त्यति नै बढी संस्थाहरू बनाऔं ताकि त्यो, सहभागिताको नियम र कानुनभन्दा बाहिर नजाओस् । राजनीतिक

प्रक्रिया भन्दा बाहिर गएर अराजनीतिक नहोस् । यसतर्फ हामीले सोच्नुपर्छ जस्तो लाग्छ ।

नागरिक र नागरिक समाज दुई फरक कुरा हुन् । हामी सबै नागरिक हौं तर हामी सबै नागरिक समाजको सदस्य होइनौं । हामीले कुनै पहल लियौं, जसले समाजलाई फाइदा गर्छ भने त्यो नागरिक समाज हुन्छ । यसको लागि आकार र संस्था चाहिँदैन, यो आन्दोलन पनि हुन सक्छ, सञ्जाल पनि हुनसक्छ । यो एक किसिमको नागरिक शिक्षा दिने कुनै व्यक्ति पनि हुनसक्छ । त्यसैले नागरिक समाज र एनजीओमा धेरै फरक छ । एनजीओ प्रोजेक्टले बाँधिएको हुन्छ, नागरिक समाजलाई त्यसले बाँधेको हुँदैन । नागरिक समाज अराजनीतिक पनि होइन, गैरराजनीतिक पनि होइन । हाम्रो र पश्चिमको नागरिक समाज अलिकति फरक छ । हाम्रो पुरानो नागरिक समाज भनेको कर्तव्यमुखी हो, अधिकारमुखी होइन । जस्तो परोपकार संस्था छन् । उनीहरू अधिकार खोज्दैनन्, उनीहरू राज्य विरुद्ध जाँदैनन्, बजार अर्थतन्त्र विरुद्ध पनि जाँदैनन् । जो कमजोर छ, त्यहाँ गएर निःस्वार्थ भावनाले सहयोग गर्छन् । तर अधिकारमुखीको संस्कृति अर्कै छ । पश्चिमको खासगरी धर्ममा आधारित सामाजिक सेवामा आधारित समाज कर्तव्यमुखी नै छन्, अधिकारमुखी होइन । तर अहिले खासगरी पूर्वी युरोपको आन्दोलन पछि जुन नागरिक समाजको सिर्जना भयो त्यो नागरिक समाजले प्रतिराजनीतिक भनेर एउटा यस्तो ठाउँ सिर्जना गऱ्यो जुन त्यहाँको कम्युनिस्ट पार्टी, कम्युनिस्ट राज्य, कम्युनिस्ट राजनीतिक प्रणाली विरुद्ध लाग्यो । त्यसपछि राजनीतिकरण हुँदैगयो, बढी अधिकारमुखी र कम कर्तव्यमुखी हुँदै गयो । हामीले त्यही मोडेल ठ्याक्कै यहाँ ल्यायौं । हाम्रो नागरिक समाज कहिले पार्टी विरुद्ध जान्छ, कहिले राज्यकै विरुद्ध गइरहेको देख्छु, कहिले विद्रोही विरुद्ध गइरहेको छ । त्यो भएकोले उनीहरूको दिशालाई आकार दिन र उनीहरूसँग सहकार्य गर्नको निम्ति छलफल हुन आवश्यक छ । कसरी नागरिक समाजले नागरिकलाई

> *आदिमकालदेखि अहिलेसम्मको द्वन्द्व भनेको दुईवटा कुराको हो- एउटा आकाङ्क्षाको अर्को सङ्गठनको । कानुनले शान्ति सुव्यवस्था कायम गर्न खोज्छ, राजनीतिले त्यसलाई परिवर्तन गर्न खोज्छ ।*

सशक्तीकरण गर्ने? अहिले संविधानसभा हुँदैछ भने नागरिक शिक्षा कसरी दिने, कुनै कमजोर वर्ग छ भने त्यसलाई कसरी उठाउने, ती विषयहरूमा बढी बहस गर्नुपर्ने हुन्छ । यो अराजनीतिक होइन । यसले प्रजातान्त्रीकरणलाई मद्दत गर्छ । नागरिक समाज भएन राज्य मात्रै भयो भने त्यहाँ स्वतन्त्रता कमजोर पनि हुनसक्छ । नागरिक समाजले सामाजिक कार्यहरू गर्छन्, राष्ट्रियस्तरमा गर्न उनीहरूलाई अझै पनि गाह्रो छ । राष्ट्रियस्तरमा सम्पूर्णरुपमा प्रतिनिधित्व गर्ने भनेको राज्य नै हो । त्यसो भएकोले कमजोर राज्यमा नागरिक समाज बलियो हुन्छ भन्ने ग्यारेन्टी छैन ।

यस्तो स्थितिमा रुपान्तरण कस्तो हुन्छ भन्नेबारे छलफल नै गर्नुपर्छ । गौरीजीको थुप्रै प्रश्नहरू छन् । एउटै कुरा के भन्छु भने आदिमकालदेखि अहिलेसम्मको द्वन्द्व भनेको दुईवटा कुराको हो- एउटा आकाङ्क्षाको अर्को सङ्गठनको । कानुनले शान्ति सुव्यवस्था कायम गर्न खोज्छ, राजनीतिले त्यसलाई परिवर्तन गर्न खोज्छ । त्यसैले तिनीहरू कहिल्यै पनि मिल्दैनन् । कानुनले परम्परा बढी बोकेको हुन्छ । राजनीतिले जहिले पनि जनताको आकाङ्क्षा बोकेको हुन्छ, जुन परिवर्तनउन्मुख हुन्छ । यी दुईवटाको बीचबाट कार्ल मार्क्सले वर्गको रुपमा रुपान्तरण गरे । यो सबै त्यहीसँग सम्बन्धित छ, हामीले विकास किन गर्न सकेनौं, हामी कहाँ प्रजातन्त्र किन स्थायी हुन सकेन, यसबारे अलि बहस गर्नुपर्छ । सायद हामीले सिकेको ज्ञान ठीक थिएन कि, हामीले त्यसलाई लागु गर्न सकेनौं कि, हाम्रा संरचनात्मक कमजोरीहरू थिए कि, संस्थागत कमजोरीहरू थिए- यी सबै कुराहरूमा छलफल गर्नुपर्छ जस्तो लाग्छ । चीनले मार्क्सको त्यति मात्रै कुरा लिएको छ जुन मिल्दो छ । राज्यको बारेमा माओ त्सेतुङको आफ्नै धारणा छ । उनले राज्यको कहिले पनि अन्त हुँदैन भनेका छन् । कम्युनिस्ट समाजमा पनि गैरप्रतिद्वन्द्वी अन्तर्विरोध हुन्छ त्यसैले राज्य रही रहन्छ । वर्गको बारेमा, राज्यको बारेमा, यी सबै हुने भएकोले हामीले हाम्रो राज्यको कसरी विकास गर्ने, कसरी त्यसले सामाजिक

वर्गहरू जेन्डर, विभिन्न जनजातीय समूहलाई मद्दत गर्न सक्छ भन्ने बारेमा नयाँ कुरा लिऔं । यसो भयो भने शान्ति, सुव्यवस्था, स्थायित्व हुन्छ, परिवर्तन पनि हुन्छ । परिवर्तनका पूर्वसर्तलाई धान्ने भनेको अर्थतन्त्र, शिक्षा, प्रविधि, सङ्गठन र नेतृत्व हो । यी सबैमा हामी कमजोर छौं । त्यसैले यिनलाई बलियो बनायौं भने हामी जस्तै किसिमको परिवर्तनहरूलाई पनि धान्न सक्छौं ।

डिल्लीजीले उठाउनु भएको कुरा ठिकै हो । उदारवाद र नव-उदारवादको सन्दर्भ मैले त अमेरिकन थिङ्क ट्यांकहरूको लेखबाट र फ्रान्सिस्को फुकुमायाबाट लिएको हुँ । ट्वीनटावरमा आक्रमण भएपछि उनीहरूले के सोचे भने निजी क्षेत्रहरूलाई सबै कुरा दिंदा राष्ट्रकै सुरक्षा हुँदो रहेनछ । उनीहरूलाई खतरा भयो, त्यसैले उनीहरू राज्यलाई केही हदसम्म बलियो बनाउनैपर्ने रहेछ भन्ने निचोडमा पुगे । सुरु सुरुमा उनीहरू नव-उदारवाद अन्तरगत एकलकाँटेमा जान खोजिरहेका थिए । अफगानिस्तानलाई किन मद्दत गर्ने, त्यो कहाँ हो कहाँ हामीलाई मतलबै छैन भन्थे । जब अफगानीले हाने, उनीहरूले देखे कि आफ्नो सुरक्षा त अफगानिस्तानसँग पनि जोडिएको रहेछ, भोलि त्यो नेपाल र अन्त्यको सन्दर्भमा पनि हुन सक्छ ।

# प्रत्युत्तर

- अरोकिया दास



यहाँ केही प्रश्नहरू छन्, सबैलाई संक्षेप गरेर भन्दैछु किनभने ती एकअर्कामा गाँसिएका छन् । एउटा प्रश्न तलबाट निर्वाचित नेतृत्वका विषयमा छ । कोसाटुमा सबै नेताहरू तलबाट निर्वाचित हुन्छन् र उनीहरूले 'सप-स्टेवार्ड'का रुपमा काम गरेको हुनैपर्छ ।

सन् १९९४ मा दक्षिण अफ्रिकामा जब रंगभेद अन्त्य भयो र एएनसी सरकारमा गयो, मानिसहरूले राजनीतिक अधिकार प्राप्त गरेको हुँदा एएनसी सरकारमा गएपछि अधिकारहरू पूरा गर्नेछ भन्ने बुझे । उनीहरूको आन्दोलनभित्र समाजवादको विषय पनि जोडिएको थियो । हिजो समाजवादका जुन सपना बाँडिएको थियो, त्यो अनुसार काम अगाडि जान सकेन । खासगरी राष्ट्रिय प्रजातन्त्रको सङ्घर्ष पूरा भयो तर समाजवादतर्फ जाने कुरा हुन नसकेकोले मान्छेमा नैराश्यता सुरु भयो । कोसाटु, साउथ अफ्रिकन कम्युनिस्ट पार्टी र एएनसीको गठबन्धनलाई सामाजिक आन्दोलन र ट्रेड युनियन आन्दोलनमा रहेकाहरूले मन पराएका थिएनन् ।

जोशीजीको अघिको प्रश्नको सन्दर्भमा नेतृत्व जब सरकारमा गयो, संसदमा गयो त्यसपछि सिङ्गो कोसाटु कम जुझारु भएको भन्ने अर्थ चाहिँ लाग्दैन । तर, त्यसको हिजोको जुन बौद्धिक क्षमता थियो, त्यो अनुसार काम हुन सकेन । काला हुन् या गोरा, जसले लामो समयसम्म आन्दोलनमा योगदान दिएका थिए, तिनीहरू त्यहाँबाट बाहिरिए । एफरमेटिभ एक्सन भनेर कालालाई सुविधा दिने जुन कार्यक्रम ल्याइयो, त्यो कार्यक्रम जो योग्य र सक्षम गोरा ट्रेड युनियनकर्मीहरू थिए, उनीहरूलाई चित्त बुझेको थिएन । सुरुका दिनमा नवउदारवादी नीति नै बोके पनि एएनसीको सरकारले खासगरी मजदुरसितको सम्बन्धलाई अगाडि लिएर जाने कुरामा विश्वमै उदाहरणीय काम गरेको थियो । विश्वकै उत्कृष्ट

संविधान बन्यो । १९९४ पछि पुनर्निर्माणको जुन कार्यक्रम ल्याइएको थियो, त्यो पनि राम्रो थियो । त्यसले केही आशा दिएको थियो । जब गियर (GEAR) भन्ने कार्यक्रम ल्याइयो, सरकारले नवउदारवादी आर्थिक नीतिप्रति बेसी झुकाव राख्न सुरु गऱ्यो । सरकारको एउटा सहयात्री भएको हुँदा कोसाटुलाई लागेको थियो, हामी नीतिगत रुपमा हस्तक्षेप गर्न सक्छौं, हाम्रो भूमिका हुन्छ । वास्तवमा जब यी कार्यक्रमहरू आउन थाल्यो, त्यसपछि उनीहरूको भूमिका कमजोर हुँदै गयो, राज्यसित कोसाटुको अन्तरविरोध देखा पऱ्यो ।



# प्रत्युत्तर

- राजन भट्टराई

साथीहरूको आलोचना के छ भने मेरो प्रस्तुति धेरै संक्षिप्त भयो । मलाई सासोनको किताबको सारांश वा मुख्य कुराहरू मात्र राख्न भनिएको थियो । त्यतिबेलाका समाजवादी भनिनेहरू कम्युनिस्ट र सोसल डेमोक्र्याट दुईटै थिए । तिनीहरूले के के कुरामा बहस चलाएका थिए र त्यो बहसले पछिल्लो कालसम्म के असर पर्‍यो भन्ने कुरा पश्चिमी युरोपमा बेसी भएको हुनाले त्यसको सारांश यसमा आओस् भन्ने आयोजकहरूको आशय हुनुपर्छ। त्यही ठानेर मैले सारांश खिच्ने प्रयत्न गरें। पश्चिम युरोपको समाजवादी आन्दोलनको कुरा भएको हुनाले त्यसभित्र हाम्रो परिप्रेक्ष्य मैले राखिनँ ।

शंकरजीले उठाउनु भएको कुरा जायज हो । पश्चिम युरोपको समाजवादी आन्दोलन र कम्युनिस्ट आन्दोलनको प्रभाव हामीकहाँ खासै छैन । बरु सोभियत संघको छ, तर पश्चिम युरोपको केही पनि छैन । तर त्यति बेलाका जे विषयहरू छलफलमा थिए ती कुराहरू सन्दर्भको रुपमा उठाउनु उपयुक्त होला भन्ने आयोजकहरूको आशय रह्यो । हाम्रो कम्युनिस्ट आन्दोलनलाई प्रजातान्त्रिकरण गर्ने भनेर अभियानहरू सुरु गरिसकेपछि हिजो हामी लेनिन र स्टालिन मात्रै पढ्थ्यौं भने अब हामीमा रोजा पनि पढ्नुपर्छ, ग्राम्स्सी पनि पढ्नुपर्छ भन्ने सोच सुरु भएको छ। अलि फराकिलो भएर बन्र्स्टीन पो पढ्नुपर्छ कि ! बन्र्स्टीनले भनेको कुरा भइरहेको छ, हाम्रो बाटो पनि शान्तिपूर्ण परिवर्तनको बाटो भएकोले त्यतै पो जानुपर्ने हो कि ! कम्युनिस्ट आन्दोलनभित्र भइरहेका परिवर्तनको परिप्रेक्ष्यमा यी बहसहरू के थिए, त्यहाँ कसरी भएको थियो भन्ने कुरा राख्ने नै आशय हो । प्रमेशजीले जुन कुरा उठाउनु भएको छ ती सबै सैद्धान्तिक कुराहरूमा हामीले रिभिजिट गर्ने हो कि होइन ? अब सर्वहारा वर्गको अधिनाकत्वको बहसको कुरा मैले यहाँ सुरु गर्ने कि नगर्ने ? मार्क्सवादलाई रिभिजिट गर्नुपर्छ कि पर्दैन ? डोनाल्ड सासोनले जे भनेका छन्, त्यसको आधारमा भन्ने हो भने, उनी आफैं

मार्क्सवादी हुन्, उनले भनेको कुरा म पढेरै सुनाउन चाहन्छु । मेरो विचारमा यो चाखलाग्दो होला । “नवसंशोधनवादी धार जब १९४५ पछि आयो, १९ औं शताब्दीको अन्तिममा जब बर्न्स्टीन र उनका समर्थकहरूले संशोधनवादी विचार ल्याएका थिए, त्यतिबेला दोस्रो अन्तर्राष्ट्रियका सबै पार्टीहरूले त्यसको विरोध गरेका थिए । तर १९५० को दशकमा जब समाजवादी पार्टीका नेताहरूले नवसंशोधनवादी विचार अगाडि ल्याए, पार्टीका बहुसंख्यक कायकर्ता र समर्थकहरूले यसको समर्थन गरे ।”

समाजवादको आधारभूत पक्ष भनेको व्यक्तिगत पुँजीको अन्त्य हो । अर्थात, व्यक्तिगत पुँजीमा टिकेको पुँजीवादी व्यवस्थाको अन्त्य र सामूहिक स्वामित्वमा आधारित समाजवादी व्यवस्थाको स्थापना हो । तर नवसंशोधनवादी विचारले उत्पादनका साधनमाथिको स्वामित्वलाई महत्व दिएन र यसको राष्ट्रियकरण गर्ने कुरालाई पनि कम आँक्यो । उत्पादनका साधनको राष्ट्रियकरणको विषयलाई यसको व्यावहारिकतासँग जोडियो । जस्तो, व्यक्तिको एकाधिपत्यको अन्त्य, संरक्षित रोजगारी, ठूला लगानीका लागि अनुमति, अत्यावश्यक सुविधाहरूको सुनिश्चितता जस्ता गहिरो समाजवादी विचारहरू अगाडि सारिए र हिजो समाजवादी तथा गैरसमाजवादीका बीच रहेको गहिरो खाडललाई पुर्ने काम गरियो । बेलायती संशोधनवादी अर्थशास्त्री क्रस लायनका अनुसार अहिलेको पुँजीवाद हिजोको जस्तो एकाधिकार पुँजीवाद होइन, आजको पुँजीवादमा व्यापारिक वर्गले आफ्नो नेतृत्वदायी भूमिका गुमाइसकेको छ । आर्थिक नियन्त्रणहरू औद्योगिक व्यवस्थापकहरूको हातमा गइसकेका छन् भने पूर्ण रोजगारीको व्यवस्थाले सङ्गठित श्रमशक्तिको भूमिका पनि बढाइदिएको छ । यस अवस्थामा उत्पादनका साधनमाथिको स्वामित्वको सवालले त्यति महत्व राख्दैन किनकि पूर्ण रोजगारीको व्यवस्थाले कामदारहरू बलिया भइसकेका छन् । त्यस्तै, साझेदारी लगानी र संयुक्त शेयरको व्यवस्थाले व्यक्तिको एकाधिकारवादी

> *सामाजिक पहिचान वर्गीय पहिचानभन्दा धेरै जटिल कुरा हो । एक दिनभरमा एउटा मानिस अभिभावक हुन्छ, उपभोक्ता हुन्छ, शिक्षक हुन्छ, नागरिक हुन्छ, यात्रु हुन्छ, बिरामी हुन्छ, यहुदी हुन्छ, खन्चुवा हुन्छ अनि करदाता हुन्छ ।*

लगानीको प्रक्रियालाई पनि अन्त्य गरिदिएको छ । उनले बहसलाई यो हिसाबले राख्न खोजेका छन् ।

अन्तिममा विनोदजीले उठाएको एउटा कुरा म यहाँ राख्न चाहन्छु । यसमा किताबकै कुरा उद्धृत गरौं । मार्क्स र एंगेल्सले कम्युनिस्ट पार्टीको घोषणा पत्र लेख्दा संसारका मजदुरहरू एक होऔं भन्ने भनाइ वास्तवमा उनीहरूको उद्देश्यको अभिव्यक्ति थियो, तथ्यको आधारमा गरिएको अभिव्यक्ति थिएन । यो लेखकको भनाइ हो । “पुँजीवादी उत्पादन अन्तरगत रहेका सबै ज्यालादारी मजदुरहरूका लागि उनीहरूको जातीय, धार्मिक र क्षेत्रीय पहिचान भन्दा आ-आफ्नो आर्थिक र सामाजिक हैसियत नै उनीहरूलाई राजनीतिक रुपमा एकताबद्ध पार्नको लागि महत्वपूर्ण हुनेछ” यसरी सूत्रबद्ध गरिएको भए, यो बढी विश्लेषणात्मक र ठीक सावित हुन सक्थ्यो । तर त्यसो हुन सकेन । किन हुन सकेन भन्ने सम्बन्धमा जोन डोन भन्ने लेखकको कुरा उनले यहाँ उल्लेख गरेका छन् -

“त्यस्तो मानिस हामीले भेटेका छैनौं जसले आफ्ना सबै सामाजिक पहिचानहरू आफू श्रमिक भएबापत छोडिदिएको होस् । सामाजिक पहिचान वर्गीय पहिचानभन्दा धेरै जटिल कुरा हो । एक दिनभरमा एउटा मानिस अभिभावक हुन्छ, उपभोक्ता हुन्छ, शिक्षक हुन्छ, नागरिक हुन्छ, यात्रु हुन्छ, बिरामी हुन्छ, यहुदी हुन्छ, खन्चुवा हुन्छ अनि करदाता हुन्छ । यस्तै यस्तै धेरै प्रकारका भूमिकाहरू उसले निर्वाह गरिरहेको हुन्छ । यस्तो जटिलताबाट गुज्रिरहनु परेको वर्तमान समयमा एक व्यक्तिको पहिचान पूर्णरुपमा एकै किसिमको मात्र हुन्छ भनी कल्पना गर्न कठीन छ ।”

मजदुरहरूको वर्गको व्याख्याको बारेमा मैले यो उद्धृत गरेको हुँ ।



# एमाले सत्तामा गएर व्यवस्थापन गर्न नसक्ने, आन्दोलन गर्न मात्र सिपालु भन्ने खालको टिप्पणी गरिन्छ

-ईश्वर पोखे्रल, सत्रका सहजकर्ता

अब हामी यो सत्रको अन्त्यतिर छौं । देवराज दाहालजीले यति बेलाको हाम्रा ज्वलन्त विषय- राज्यको पुनर्संरचनासित सम्बन्धित भएर सामाजिक रुपान्तरणको विषयमा केन्द्रित हुँदै आफ्नो विचारहरू प्रस्तुत गर्नुभएको छ । उहाँको प्रस्तुतिले हामीलाई थप ऊर्जा प्रदान गरेको छ । हाम्रा उत्सुकता र जिज्ञासाहरू बढेका छन् भन्ने म ठान्दछु । अरोकिया दासले दुईवटा देशमा केन्द्रित भएर मजदुर आन्दोलनका अनुभवहरू र खासगरी मजदुर वर्गीय राजनीतिक सङ्गठनहरू सत्तामा पुगिसकेपछि पैदा हुने जटिलता र त्यो जटिलतालाई हल गर्नको लागि अपनाउनुपर्ने नीति एवं त्यसको संरचनागत व्यवस्थामा केन्द्रित हुने हिसाबले केही विचार राख्नुभयो । त्यो हाम्रो लागि अत्यन्त महत्वपूर्ण छ । आयोजककै चाहना अनुसार राजनजीले आफ्नो विचार प्रस्तुत गर्नुभयो । खासगरी शंकर पोखरेल र प्रमेश हमालजीले यिनै विषयमा केन्द्रित भएर टिप्पणी गर्नुभएको छ । बाँकी सहभागी साथीहरूले आफ्ना जिज्ञासा पेश गर्नुभएको छ, म सबैलाई धन्यवाद दिन चाहन्छु ।

यो सत्रमा उठेका कतिपय कुराहरूमा मेरा पनि केही जिज्ञासा छन् । यो मेरो नितान्त निजी विचार हो । मलाई लाग्छ, जुन किसिमले परिवर्तन भएको छ, त्यो परिवर्तनलाई धान्न नसक्ने, बोक्न नसक्ने राजनीतिक नेतृत्व अहिलेको एउटा बाध्यताको स्थिति हो । परिवर्तनकारी जनताले जे माग गरेका छन्, आमजनताको जे चाहना छ, त्यसलाई गन्तव्यसम्म पुऱ्याउने आँट र इमान तथा योजना हामी राजनीतिक नेतृत्वमा देख्दैनौं । संविधान निर्माणको प्रक्रिया होस् या सरकार गठनको कुरा या विस्तृत शान्ति सम्झौताको प्रसङ्गमा होस्, समग्रतामा यस्तै प्रकट भएको छ । त्यसैले अहिलेको शक्ति सन्तुलनको स्थितिको हामीले उल्लेख गर्दा स्वाभाविक छ, राजनीतिक नेतृत्वमा देखा परेको यो अन्तरविरोधी

स्थितिको हामीले उल्लेख गर्नुपर्छ जस्तो मलाई लाग्छ। यसलाई हामीले चिन्न सकेनौं भने हाम्रा विवेचना र विश्लेषणहरू अन्योलग्रस्त हुन्छन् जस्तो लाग्छ।

परिवर्तन के हो भन्ने जस्ता प्रसङ्ग दाहालजीले उठाउनु भएको छ। ठीक हो, यो परिवर्तनलाई कसरी बुझ्ने, त्यसमा प्रस्टताको जरुरत छ। शान्तिपूर्ण जनआन्दोलन अगाडि बढ्ने सिलसिलामा त्यो शान्तिपूर्ण जनक्रान्तिको प्रक्रियामा प्रवेश गऱ्यो। हामीले यही विश्लेषणलाई अगाडि सारेका छौं। त्यसका चारवटा आधारहरू हामीले उल्लेख गरेका छौं- जनसहभागिताको हिसाबले, यसको विस्तारको हिसाबले, जनताको प्रतिरोधी चरित्रको हिसाबले र यसले उठाएका राजनीतिक कार्यसूचीहरूको हिसाबले त्यो शान्तिपूर्ण आन्दोलन जनक्रान्तिमा प्रवेश गऱ्यो। क्रान्ति गरिरहेको बेला कुनै एउटा सुखद दिनको हामीलाई कल्पना हुन्छ। कुनै निश्चित गते, निश्चित महिनाको खोजी हामी गर्छौं। तर, यथार्थ कुरा के हो भने हामी यो क्रान्तिकारी परिवर्तनको प्रक्रियामा प्रवेश गरेका छौं र शान्तिपूर्ण जनक्रान्तिको यो प्रक्रिया अहिले जारी छ। स्वाभाविक छ, शान्तिपूर्ण जनक्रान्तिको प्रक्रियालाई आन्दोलनको बलमा बनेको सरकार, आन्दोलनको बलमा स्थापित भएको यो संसद र अहिले पनि आन्दोलनका एजेन्डा बोकेका राजनीतिक पार्टीहरू, आन्दोलनको चाहना राख्ने नागरिक समाजहरू, अगाडि बढाउने संयन्त्रहरू हुन्। यो प्रक्रिया कहाँ गएर टुंगिन्छ त ? हामीले भनेका छौं, लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र र सामाजिक न्यायसहितको एउटा व्यवस्था कायम नहुन्जेल यो प्रक्रिया टुङ्गिंदैन। यो प्रक्रियामा सकारात्मक ढङ्गले योगदान गर्नेहरूको त्यसै आधारमा मूल्याङ्कन हुनुपर्छ। सरकार, संसद, राजनीतिक दलहरू र नागरिक समाजको हकमा पनि यही हो। त्यसो हुनाले एउटा परामिटरमा उभिएर अहिलेको अवस्थाको विश्लेषण गर्नुपर्छ भन्ने लाग्दछ।

यति बेला दुईवटा गलत प्रवृत्तिले हामी आक्रान्त भइरहेका छौं। एउटा प्रक्रियावादको सिकार भयौं, अर्को प्रक्रियालाई बिलकुल बेवास्ता गर्ने प्रवृत्तिबाट पनि। १५ दिनमा अन्तरिम संविधान, दुई महिनामा अरू के के श्रृङ्खलाबद्ध अभिव्यक्तिहरू, यो वा त्यो नेताको यो वा त्यो पार्टीको आए, यो वा त्यो विषयमा प्रकट भए। तर प्रक्रिया त निश्चित रुपमा पार गर्नै पर्थ्यो, त्यसलाई बेवास्ता गर्नाले हामीले त्यसको केही समयपछि नै धक्का खाँदै पनि गयौं, अहिलेसम्म त्यही भोग्दैछौं । अरु देशमा के भयो भनेर जस्ताको तस्तै नक्कल गर्ने प्रवृत्ति यहाँ हाबी हुन खोज्यो। प्राप्त भएका उपलब्धिहरूलाई संस्थागत गर्ने महत्वपूर्ण कोशेढुङ्गा संविधानसभाको निर्वाचन हो । यो निर्वाचन एउटा सङ्कटको मोहरीमा पुगेको छ । के कारणले यो स्थिति पैदा भएको हो? आवश्यक प्रक्रियालाई पनि उल्लङ्घन गर्ने, त्यसलाई मान्यता नदिने, त्यसलाई पालना नगर्ने प्रवृत्तिहरूका कारणले पनि हो। यो प्रवृत्ति, विभिन्न राजनीतिक शक्तिहरूमा पनि देखा परेको छ भन्ने मलाई लाग्छ।

देवराजजी कम्युनिस्ट आन्दोलनलाई बडो नजिकबाट हेर्ने मित्र हुनुहुन्छ। नेपालको सामाजिक विशेषताअनुरुप कम्युनिस्ट पार्टी निर्माणको प्रश्न गम्भीर भएर यति बेला हाम्रो अगाडि देखा परेको छ। जनताको बहुदलीय जनवादलाई सूत्रीकरण गरिरहेको बेला हामीले केही विशेषताहरूलाई आत्मसात गर्दै नयाँ ढङ्गले अगाडि बढ्ने सोच ल्यायौं। त्यसले नेपालको कम्युनिस्ट आन्दोलनलाई नयाँ उचाइ पनि प्रदान गर्‍यो। तर अझै पनि नेपालको सामाजिक विशेषता अनुसार कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउने चुनौती हाम्रो अगाडि छ। गौरीजीले धेरै प्रश्नहरू गर्नुभएको छ। यतिबेला नेपालको कम्युनिस्ट आान्दोलनका विद्यार्थीहरू यी यावत विषयमा नयाँ ढङ्गले आफूलाई पुनर्गठित गरेर अगाडि बढ्नुपर्ने आवश्यकताको अगाडि उभिएका छन् । विचारमा पुनर्गठन, सङ्गठनमा पुनर्गठन, कार्यशैली पुनर्गठन, आचरणमा पुनर्गठनको ठाउँमा परिस्थितिले पुर्‍याएको छ । हामीले पुनर्गठनको यो आवश्यकतालाई बोध गरेनौं भने परिवर्तनको ध्येय बोकेको यो

> हामीले पुनर्गठनको यो आवश्यकतालाई बोध गरेनौं भने परिवर्तनको ध्येय बोकेको यो आन्दोलन अगाडि बढ्न गाह्रो छ ।

आन्दोलन अगाडि बढ्न गाह्रो छ । अब विचार, सङ्गठन र कार्यशैलीको पुनर्गठन नहुने हो भने कम्युनिस्ट आन्दोलनले गन्तव्य प्राप्त गर्न सक्दैन । यो गम्भीर चुनौती हाम्रो अगाडि छ ।

जहाँसम्म नक्कलको कुरा छ, यसमा म के भन्न चाहन्छु भने अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका नेताहरूले आफ्नो आफ्नो ठाउँमा त्यसको अभ्यास गर्ने सन्दर्भमा केही नीति सिद्धान्तहरूलाई सूत्रबद्ध गरे । ती सूत्रबद्ध गरिएका कुराहरूको दुईवटा महत्व छ- तत्कालीन महत्व र सर्वकालीन महत्व । तर हामीले, अरु देशकाहरूले अपनाएको नीतिलाई सर्वकालीक महत्वकै हिसाबले ग्रहण गऱ्यौं, त्यसको तात्कालिक महत्व मात्र थियो भन्ने बुझेनौं । जसले गर्दा कुनै ठाउँमा कुनै विशेष स्थितिमा नेताहरूले निकालेका निष्कर्षहरूलाई नै शास्वत सिद्धान्तजस्तो बनायौं । जसले गर्दा देश देशका कम्युनिस्ट आन्दोलनहरूले नोक्सानी ब्यहोर्नु पऱ्यो । अहिले पनि यस्तै स्थिति छ । त्यसैले हाम्रो सामाजिक विशेषताको आधारमा कम्युनिस्ट पार्टी निर्माणको सवाल हाम्रो अगाडि चुनौतीको रूपमा रहेको छ । यहाँ उठेका कतिपय कुराहरूलाई यसै आधारमा पनि हेर्नुपर्छ ।

हामी कम्युनिस्ट आन्दोलनमा लागेका विद्यार्थीहरूले राज्यको बारेमा एक ढङ्गले पढ्यौं, हामीलाई पढाइयो । अहिले पनि राज्यको बारेमा त्यो केवल दमनकारी संयन्त्र हो भन्ने कुरा मात्रै हामीलाई सिकाइयो, हामीले त्यही कुरा सिक्यौं । तर राज्यको एउटा स्वरुप छ भन्ने हामीलाई बुझाइएन र हामीले बुझेनौं । जसले गर्दा हामी सरकारमा गएर पनि भूमिकालाई बुझ्ने मामलामा समस्या रहे । त्यसैले राज्यलाई हेर्ने सम्बन्धमा अध्ययनको नयाँ सुरुवात गर्न जरुरी छ । राज्य दमनकारी संयन्त्र मात्रै हो कि जनताको हित गर्नका खातिर निर्माण भएको संस्था पनि हो ? यसको द्वन्द्वात्मक चरित्र छ कि छैन ? यस ढङ्गले नबुझ्दा हाम्रा व्यवहारहरू धेरै समयसम्म बरालिएका पनि छन् ।

एमाले सत्तामा गएर व्यवस्थापन गर्न नसक्ने, आन्दोलन गर्न मात्र सिपालु भन्ने खालको टिप्पणी गरिन्छ । यसमा केही सत्यता पनि छ । हामीले अबको अवस्थामा त्यसलाई कसरी व्यवस्थित गर्ने भन्ने गम्भीर प्रश्न हाम्रो अगाडि छ । यसलाई व्यवस्थित गर्न नसक्ने हो भने पटक पटक हामी सरकारमा जान्छौं, तर ठीक ढङ्गले भूमिका निर्वाह गर्न सक्दैनौं भन्ने दृष्टान्त सबैको अगाडि स्थापित हुन खोज्दै छ । राज्य सत्तालाई बुझ्ने मामलामा हाम्रो परम्परागत बुझाइलाई अब कसरी सच्याउने भन्ने अवस्था छ ।

राजनजीको प्रस्तुतिलाई त्रुटीपूर्ण भन्नै मिल्दैन । दोस्रो विश्वयुद्धको बेला कम्युनिस्टहरू युद्धको पक्ष वा विपक्षमा रहेको भन्ने खालले मात्रै विषय प्रस्तुत भयो । दुईवटा साम्राज्यवादी केन्द्रहरूले युद्धलाई सञ्चालन गरिरहेको प्रसङ्गमा स्वाभाविक छ, युद्धका एउटा एउटा केन्द्र बनिरहेका ती देशका कम्युनिस्ट पार्टीहरूले कस्तो नीति लिने भन्ने मामलामा गम्भीर प्रश्न उठेको हो, युद्धको पक्ष वा विपक्षमा भनेर मात्रै ठीक ढङ्को चित्रण हुँदैन । वास्तावमा त्यसबेला उठेको कुरा मातृभूमि वा पितृभूमिको रक्षाको लागि अर्को साम्राज्यवादी क्याम्पको विरुद्ध आफ्नै देशको साम्राज्यवादी शक्तिको पक्षमा लाग्नुपर्छ भन्ने ढङ्गले वकालत गर्दा ती देशका कम्युनिस्ट र लेफ्ट पार्टीहरू बदनाम भए भन्ने खालको प्रसङ्ग हो ।

जिफन्टले पहिले पहिले पनि आफ्नो नीति निर्माण गर्ने सिलसिलामा, नीतिलाई औपचारिक रुप दिने सिलसिलामा, गृहकार्य अन्तरगत या विचारलाई अलिकति ठोस बनाउने सिलसिलामा यस किसिमका कार्यक्रमको आयोजना गर्दै आएको रहेछ, खुशी लाग्यो । यस किसिमको कार्यक्रममा मैले पहिलो पटक सहभागी हुने मौका पाएँ- मौका दिनु भएकोमा धन्यवाद दिन चाहन्छु र यो सत्र समाप्त भएको घोषणा गर्दछु ।

कमजोर राज्य नेपालमा सामाजिक रुपान्तरण ९१
- देवराज दहाल

सहभागितामूलक लोकतन्त्रमा श्रमिक नियन्त्रित युनियनहरू १०१
- अरोकिया दास

समाजवादका एक सय वर्ष :
विसौं शताब्दीका पश्चिम युरोपेली बामपन्थी ११३
- डोनाल्ड सासोन

# कार्यपत्र र सन्दर्भ सामग्रीहरू

# कमजोर राज्य नेपालमा सामाजिक रुपान्तरण

- देवराज दहाल

## परिचय

सामाजिक रुपान्तरण भनेको सोचाइ, प्रकृति, संरचना, संस्थाहरू, नियम, प्रविधि र समाजको साँस्कृतिक ढाँचा जस्ता मानवीय प्रयत्नबाट व्यापक दायरामा गरिने परिवर्तन हो । सामाजिक परिवर्तन भनेको क्रमिक प्रक्रिया हो । यसभित्र मनग्गे मात्रामा पुराना र नयाँ शक्तिहरू बीच आपसी सम्मिलन भएको हुन्छ । सामाजिक रुपान्तरणको विचारले ऐतिहासिक फड्को चाहन्छ । रुपान्तरणले सामाजिक तहको आधारभूत संरचनालाई छोड्छ र द्वन्द्वको जडलाई रुपान्तरण गर्छ । यो अर्थमा सामाजिक रुपान्तरण भनेको योजनाबद्ध प्रक्रिया हो । यसले समाजको गतिशील सन्तुलनको नेतृत्व गर्छ ।

नेपालको द्वन्द्वको गतिशीलतालाई हेर्दा नेपाली समाजको रुपान्तरण कुन तहमा होला भन्ने चाहिँ अस्पष्ट नै छ । के ऐतिहासिक रुपमा हैकम लाद्दै आएको वर्ग टिकिरहला या यसले नयाँ वर्गलाई आफूमा समाहित गर्ला ? यो इतिहासलाई उल्टाउँदै तल परेको वर्गको स्वार्थ रक्षा गर्ने राज्य तथा समाजको स्थापना गर्ला ? निश्चित रुपमा विकसित राजनीतिक सचेतनाले ठीकै मात्रामा नेपालको राजनीतिक शक्तिको सामाजिक आधार विकास गरिरहेको छ । तर, कुनै पनि अर्थमा यसले विद्यमान सामाजिक तहको पुनर्संरचना गरेको छैन । कसैले पनि अन्दाज गर्न सकिरहेका छैनन् - टम्म मोटाएको राजनीतिक वर्गलाई कहिलेसम्म नेपाली गरीब जनताले पोसिरहनु पर्ने हो । त्यस्तो राजनीतिक वर्ग लैङ्गिक, सामाजिक र अन्तरपुस्ता न्याय आधारित लोकतान्त्रिक प्रक्रियाको सट्टा कुनै अर्कै प्रकृतिको राजनीतिक समिकरण मार्फत राजनीतिक प्रक्रिया माथि हैकम कायम राख्न चाहन्छ ।

यो कार्यपत्र राज्य र समाज बीचको ऐतिहासिक सम्बन्ध, राज्यको सामाजिक बनावट, नेपाली राज्यको अवस्था, राज्यको पुनर्संरचना तथा विश्व अर्थतन्त्रको गतिशीलता र नेपालको भविष्यको रोजाहरूमा केन्द्रित छ ।

## ढाँचागत अवस्था

सात दल र नेका (माओवादी) बीच नयाँ दिल्लीमा गरिएको १२ बुँदे सहमतिको जगमा गत वर्ष (अप्रिल ६-२४) भएको जन आन्दोलनले ऐतिहासिक रुपमा गठित नेपाली समाजको अधिसंरचना (super structure) को ठाउँमा ५ क्षेत्रमा रुपान्तरण गऱ्यो ।

१. आम रुपमा भनिने गरिएको प्रजातन्त्रको ठाउँमा त्यस्तै भाव बुझाउने विभिन्न सोचहरू जस्तै - लोकतन्त्र, जनतन्त्र, गणराज्य, समावेशी लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्र जस्तो रुपान्तरणका विषयमा बहस शुरु
२. मध्य दक्षिणपन्थीबाट मध्य वामपन्थी गठबन्धनको स्थितिमा रुपान्तरण
३. संविधान सभाको पहिलो बैठकसम्म राजतन्त्र निलम्बन र माओवादीको उदय सहित सत्ताका पक्षमा रुपान्तरण
४. एकात्मक र केन्द्रीकृत राज्यको ठाउँमा संघीय राज्य, लडाकूको अपरिचालन, निशस्त्रीकरण र सम्मिलन तथा सुरक्षा क्षेत्रको सुधार प्रक्रिया, पहिलो हुनेले जित्ने चुनाब प्रणालीको सट्टा यो विधि सहितको मिश्रित प्रणाली र पाखा पारिएकाहरूलाई मूल प्रवाहिकरण गर्ने विषय वस्तुमा रुपान्तरण
५. राजनीतिक संक्रमणकालको व्यवस्थापन गर्न २०४७ को संविधानको ठाउँमा अन्तरिम संविधान जारी गरी विधिमा रुपान्तरण ।

नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताले सांस्कृतिक, सामाजिक, आर्थिक र राजनीतिक रुपान्तरण मार्फत द्वन्द्व व्यवस्थापन गर्न चाहेको छ । पाखा पारिएकाहरूलाई समावेश गरी शासनका क्षेत्रहरूको पुनर्संयोजन गर्ने, लोकतान्त्रीकरणको प्रक्रिया आरम्भ गर्ने, विकेन्द्रीकरण र शक्ति हस्तान्तरण गर्ने, सामन्तवादको अन्त्य गर्ने, केन्द्रीकृत र एकात्मक राज्यलाई संघीय बनाई महिला, दलित, मधेसी, आदिवासी-जनजाति र राज्यसत्ताबाट पाखा पारिएकाहरू समानुपातिक रुपमा प्रतिनिधित्व गराई रुपान्तरण गर्ने प्रतिज्ञा गरिएको छ । अन्तरिम संविधानको प्रस्तावनामा उल्लेख गरिए अनुसार पुनर्संरचनाको उद्देश्य विद्यमान "वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय" समस्यालाई हल गर्ने र देशलाई सहभागितामूलक लोकतन्त्रको बाटोमा अघि बढाउने राखिएको छ ।

**नेपाली राजनीतिको विरोधाभास**

नेपाली राजनीतिमा ४ प्रकारका विरोधाभासहरू छन् :

१) आठ दलका नेताहरूले जनताको सार्वभौमसत्ता, मानवअधिकार, प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, विधिको शासन र "साझा विकास नीति" को आधारमा नयाँ संविधान मस्यौदा गर्न संविधानसभाको निर्वाचन गर्ने वचन दिएका छन् । यसैलाई मूर्तता दिन कम्तीमा पनि कानुनी रुपमा नेपाली सेना, प्रहरी, न्यायालय र कर्मचारीतन्त्र जस्ता राज्य संचालक अङ्गहरूलाई सरकारको मातहतमा राखिएको छ र यसलाई रुपान्तरणको विषयसँग जोडिएको छ । तर अन्तरिम संविधान जारी गरिएको ३५ दिनमै 'जातीय-क्षेत्रीय र जनसङ्ख्याको अनुपातमा संघीय राज्य बनाउने गरी गरिएको संशोधनले संवैधानिक स्थायित्व र यसको सर्वोच्चता दुवै माथि प्रश्न खडा गरिदिएको छ । बिग्रँदो शान्ति सुरक्षाको अवस्था र राजनीतिक

दलहरूको राज्य पुनर्संरचनाको मागले, समसामयिक राजनीतिलाई आठदलीय गठबन्धनले प्रतिनिधित्व गर्ने लाभग्राही यथास्थितिवादी शक्ति, समाजको गतिशील जमात, सात दल तथा माओवादी भित्रका केही तत्वले प्रतिनिधित्व गर्ने रुपान्तरणका शक्तिहरू र प्रतिगामी सत्ताको प्रतिनिधित्व गर्ने रुपान्तरणबाट पीडित बीच गतिशील तनाव पैदा गरिदिएको छ ।

२) अन्तरिम संविधानले राज्यलाई "स्वतन्त्र, अभिभाज्य, सार्वभौम, धर्म निरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक" रुपमा व्याख्या गरेको छ । तर राज्यको नीति निर्माण गर्ने ल्याकत यी सिद्धान्त भन्दा धेरै टाढा रहेको देखिन्छ ।

३) अन्तरिम संविधानमा 'सामाजिक संझौता' को रुपमा घोषणा गरिएको नयाँ नियमले मानवअधिकार तथा लोकतन्त्रको विश्वव्यापी सिद्धान्तहरू जस्तै - सामाजिक न्याय, सामाजिक सुरक्षा, रोजगारी, शिक्षा, सूचनाको हक, संस्कृति र स्वास्थ्य सेवालाई मौलिक हकहरूको रुपमा उल्लेख गरिएको छ र राज्यको स्रोतबाट वञ्चित गरिएका पाखा-परेका र गरीबहरूलाई पनि उत्तिकै सामाजिक अधिकार दिइने उल्लेखित छ । 'आदर्श' नीतिको अवलम्बनले गरिबी र बेरोजगारीको तहमा ल्याउन सकिन्छ । तर यी अधिकार न सरकारले लागू गर्ने प्रयास गरेको छ, न त, प्रशासन तथा न्याययालयले यसलाई कार्यान्वयन गरेको छ ।

४) दिगो शान्ति कायम गर्नको लागि जनताको पहुँच राज्य, बजार र गैर-राज्य संस्थामा पुऱ्याउन व्यापक रुपमा श्रम आधारित विकास कार्यक्रम शुरु गर्न सबै स्थानीय संस्थाहरू क्रियाशील हुनुपर्छ । द्वन्द्वको अवशेषलाई मेट्न र पीडितलाई न्याय दिन यी कामहरू गरिनुपर्छ । तर द्वन्द्व समाधान गर्ने कमजोर संस्थागत क्षमताले क्षति नै निम्ताउने संभावना रहन्छ र निर्वाचन क्षेत्र, जातीय र स्थानीय लामो द्वन्द्वको थलो बन्ने संभावना देखिन्छ । जसले सहमति र सम्झौतामा द्वन्द्व समाधान गर्न गाह्रो पार्नेछ ।

**परिवर्तित विश्वमा राज्य**

राज्यको पुनर्संरचना तथा व्यवस्थापन र यसको सार्वभौमिकता, स्वतन्त्रता, क्षेत्रीय तथा विश्वव्यापी मान्यता, नियम, प्रक्रिया, संस्था तथा व्यवहारको आधारमा भइरहेको विश्वव्यापीकरणबाट निर्देशित परिवर्तनको माहौलमा नेपाली नागरिकहरूले आफ्नो तर्फबाट नेताहरूले प्रयोग गरिरहेको राजनीतिक शक्तिलाई कसरी प्रभावकारी ढंगले परिवर्तन गर्लान् ? तोकिएको सीमाभित्र रहेको स्वतन्त्र राज्यको कानुन बनाउने, कार्यान्वयन गर्ने, स्रोत परिचालन गर्ने जस्ता अधिकारमाथिको एकाधिकार नयाँ चरणमा प्रवेश गरिरहेको अहिलेको अवस्थामा आधुनिक राज्यलाई कसरी व्याख्या गर्ने ?

नेपाली राजनीतिक नेताहरू अहिले दिगो विकास भन्दा पनि द्वन्द्व व्यवस्थापनमा अल्झिरहेका छन् । राज्य भनेको पहिचानको अभिव्यक्ति हो । तर कतिपय अर्थमा नेपाली राज्यले आफ्नो सार्वभौमिकता अन्तरराष्ट्रिय शासन सामु गुमाउँदै छ । यसले निजी तथा सार्वजनिक रुपमा रहेको नागरिक अधिकार, नागरिक समाज र बजार प्रविधि र पर्यावरणीय प्रक्रियामा पनि स्वायत्तता गुमाइरहेको छ । नागरिकहरू राजनीतिक, आर्थिक र नागरिकका विभिन्न संस्थाहरू मार्फत आफ्नो अधिकार माग गर्दै आन्दोलनरत छन् । अन्तरिम संविधानले यस्ता थप अधिकार दिने अनुभूति प्रदान गरेको छ, तर, यसमा रहेको कमजोर प्रावधानले राज्यलाई विभिन्न स्वार्थ समूहबाट माग अघि सार्ने क्रममा सृजित अराजकताबाट संरक्षण गर्न सकेको छैन । युवा, महिला, पेशाकर्मी, श्रमिक, समुदाय आधारित सङ्गठन र गैरसरकारी संस्था जस्ता स्वायत्त संस्थाहरूमध्ये अधिकांश 'निष्पक्ष' छैनन् । र, वस्तु र सेवा प्रदान गर्ने संरचनाको राज्यमा अभाव भए पनि यी संस्थाहरू राज्यको भूमिकाको विकल्प हुन सक्दैनन् ।

**राज्य–समाज सम्बन्धको ऐतिहासिक परिप्रेक्ष**

१७६९ मा नेपाली राज्य स्थापना भएदेखि १९७० को दशकसम्म समाजको अधिसंरचनाको रुपमा राज्यले (विविध रुपमा) जातीय-सामाजिक ढाँचामा रुपान्तरण गर्न सक्रिय भूमिका खेल्यो । २३८ वर्ष पुरानो राजतन्त्र पनि निरंकुश, बन्दी, संसदीय, सक्रिय, संवैधानिक र निलम्वित जस्ता विभिन्न प्रक्रियाबाट गुज्रियो । राज्यले विभिन्न भूमिका खेल्यो -

- सार्वजनिक व्यवस्था र सुरक्षा (आपसी कलह र बाह्य आक्रमणबाट देशवासीको रक्षा
- कानुन व्यवस्था, निर्देशन र संचालन (लक्ष्य, उद्देश्य निर्धारण, नीति निर्माण तथा निर्णय, कानुन कार्यान्वयन र न्याय सम्पादन)
- समाजको सङ्गठन (संस्थाहरूको स्थापना, शिक्षा, सामाजिकीकरण र संचार)
- उत्पादनका साधनमाथिको स्वामित्व (भूमि, जंगल, पूँजीगत वस्तु, औद्योगिक र संचार इकाइ र संगठित क्षेत्रमा श्रमिक)
- नियमन (वित्तीय, पूँजी र प्रविधि सम्बन्धी नीतिहरू)
- परिचालन (वैदेशिक व्यापार, परराष्ट्र नीति, यातायात, कर्जा, बैंकिङ र योजना)
- नियन्त्रण (कर्मचारीतन्त्र, प्रहरी, सेना र राजनीतिज्ञहरू)
- वितरण र कल्याणकारी कार्य (अप्ठ्यारामा परेकालाई नयाँ अवसर दिन सामाजिक लगानी सहित सार्वजनिक वस्तु र सेवा)

- द्वन्द्व समाधान (अदालत र स्थानीय निकायहरू) ।

यी स्रोत माथि राज्यको स्वामित्वले राजकीय, सार्वभौम सत्ता तथा स्वतन्त्रता र राज्यको सुदृढ अधिकारको लागि ढाँचा उपलब्ध गरायो । १६४८ को 'वेस्टफेलियाको शान्ति' पछि मात्र सार्वभौम राज्यको अवधारणा विकसित भएको हो । नेपाली राज्यको निर्माण यो सन्दर्भ र पश्चिमा इतिहासभन्दा पृथक आफ्नै विशेषतामा भएको पाइन्छ । १८ औं शताब्दीको मध्यतिर गोर्खा नाम गरेको फुच्चे हिमाली राज्यको राजा भएपछि (१७४२ मा) पृथ्वी नारायणले अहिलेको नेपालको आकार दिए । जुन मुख्यतः दुई रजौटा समूहहरू - कर्णाली प्रदेशका २२ से र गण्डक प्रदेशका २४ से राज्य समूह सम्मिलन पछि बन्यो । यो नयाँ राज्यलाई चिनाउने गुण एउटै शासकको अधिनमा भूमिको एकीकरण, केन्द्रीकृत फौज, नीतिमा एकीकरण, प्रशासनिक शक्तिको विस्तार र जनताप्रति उत्तरदायित्व बहन थिए ।

पृथ्वी नारायणका फौजको चरित्रमा विविधता थियो । खस-ठकुरी-क्षत्री सेनाका प्रमुख हाकिम, बाहुनहरू सल्लाहकार र गुरुङ, मगर तथा अन्य पहाडी जनजाति सिपाही रहने गरी यसको गठन गरियो । गोर्खा राज्यको शक्ति विस्तारबाट नै नेपालको राष्ट्रिय पहिचान बनेको हो र यसैबाट सामाजिक सम्बन्धको नियम स्थापित भएको पनि हो ।

गोर्खाका शासकहरूले सैन्य शक्तिबाट नै राजनीतिक आधिकारिकता प्राप्त गरे र सीमाको रक्षा गरे । गंगाको किनारामा रहेका उनीहरूका समकक्षीले झैं गोर्खाका शासकहरूले आफ्नो जमिन्दारी (मुलुक) माथिको हक दावी गर्दै सार्वभौमिकता स्थापित गरे, परम्परामा टेकेर साम्राज्य कायम गरे । पैतृक प्राधिकारको आधारमा जमिन्दारी र शासन मार्फत उनीहरूले देशमाथि निश्चित अधिकार र नियम स्थापित गरे । "जमिन्दारी, शासन र देश"- तीन फरक अवधारणाले "शासक, भूमि र जनता"को सम्बन्धको व्याख्या गऱ्यो र यसलाई जमिन्दारी, परम्परा र पैतृक सम्पत्ति गरी फरक फरक अधिकार स्थापित गऱ्यो । भूमिमाथि कब्जा जमाउने संघर्ष उनीहरूको इतिहासको एउटा हिस्सा थियो । ती राज्यको सामाजिक सम्बन्ध क्षेत्रीय, जनजाति प्रणाली र राज्यलाई केन्द्रीकृत गर्ने नीतिलाई जोड्ने प्रक्रियाबाट स्थापित गरियो; जहाँ समाज, कला, भाषा, साहित्य, संस्कृति र धर्मले गतिशीलता, संस्कृतकरण र नेपालीकरण गर्न थप योगदान गऱ्यो ।

प्रशासनिक हिसाबमा राजाले आफूलाई रैतीहरूको मालिक ठान्यो र जीवनयापनका लागि विभिन्न रुपमा जमिन वितरण गरी शासन गरियो । जस्तै गोर्खाका रजौटालाई - राज्य, सैनिक हाकिमहरूलाई जागिर, निजामती सेवाका प्रशासकलाई - नान्कर, किसानलाई - रैकर, नोकर तथा अड्डा अदालतीलाई - रकम, जगेडा, जागिर, धार्मिक संस्थाहरूलाई गुठी, सन्त-बाहुन-पुरेत/पुजारी जस्ता व्यक्ति र युद्धबाट विधवा भएकाहरूलाई - विर्ता, पूर्वी नेपालका राई-लिम्बुहरूलाई -किपट । यस्तो प्रकृतिबाट जमिन वितरण गर्नाले ३ वटा काम भए - शासक गुट बीचको दुश्मनी

अन्त्य, आन्तरिक तथा बाह्य शत्रु विरुद्ध संयुक्त मोर्चावन्दी र एक आपसमा आपसी सहयोगको विस्तार ।

**आर्थिक रुपमा** - सम्पत्ति माथिको अधिकार स्थापित हुनाले समाज व्यवस्था कायम हुन पुग्यो । तहगत र विशिष्टीकरणमा आधारित अर्थ प्रणालीले राज्यको समाजलाई नियन्त्रण गर्ने क्षमता अभिवृद्धि गरिदियो । अर्थतन्त्रको आधारभूत उद्देश्य वस्तु र सेवा उत्पादन तथा बिक्री गर्ने नभई एक-आपसको आवश्यकता पूरा गर्न, सँगै मिलेर बस्न प्रोत्साहित गर्ने थियो । जनता र स्रोतमा राज्यको समन्वयकारी भूमिकाले यसको क्षमता झनै बढायो । राज्य समाजबाट अलग रहेन बरु सापेक्षित रुपमा स्वायत्त संस्था बन्न पुग्यो । सबै व्यवहार एक प्रकारको सहमतिमा चल्न थाल्यो - उनीहरूको पद अनुरुप निश्चित दायित्व पूरा गर्ने र यसको लागि ठोस अधिकार तथा मान दिने । यस्तो सहमति हरेक वर्ष दशैंमा नवीकरण गर्न थालियो ।

**सांस्कृतिक रुपमा** पृथ्वीनारायणको शासनको पहिचान एकीकृत भूमिका जनताले पुज्ने मन्दिर र शक्ति पीठलाई स्वीकार्ने शासकको रुपमा रह्यो । उनले गोरखाको भवानी र गोरखनाथलाई पुज्नुको अतिरिक्त मल्ल शासकहरूको शक्ति पीठ - काठमाडौंको तलेजु, जनकपुरको राम जानकी मन्दिर र पूर्वी नेपालको बराह क्षेत्रमा सम्मान अर्पण गरे । यसरी राज्यको शक्ति जन्मियो, राज्यलाई सुदृढ गर्न भाषा, संस्कृति र समाजलाई स्रोतको रुपमा उपयोग गरियो ।

१८४६ मा जंगबहादुर राणाको अभ्युदय पश्चात १०४ वर्षसम्म राणाहरूको पारिवारिक आधिपत्यताले केन्द्रीकृत राज्य जन्मियो ।

सन् १९५० को राजनीतिक परिवर्तनको समयसम्म नेपाली राज्यको शक्ति संवैधानिक प्रणालीद्वारा नभएर जमिनमाथिको स्वामित्व, जातीय स्थिति र राज्य शक्तिमा रहेको एकतर्फी पहुँचको आधारमा निश्चित हुन्थ्यो । हिन्दू-बुद्धमार्गी दर्शनले समाजका पक्षहरू कसरी चल्ने भन्ने तय गरेको थियो । १९५० को दशकमा यो प्रक्रिया उल्टियो, साम्यवादको आँधीलाई रोक्न जंगल, जमिन र उद्योग राष्ट्रियकरण गरियो । अधिकारको बाँडफाँड सहित कर्मचारीतन्त्रको स्थापनालाई मुख्य नीति बनाइयो । देशको सार्वभौमसत्ता, लोकतन्त्र र विकास भन्दा माथि भूराजनीतिको वर्चस्व कायम गरियो । र यसलाई १९५० को शान्ति तथा मैत्री सन्धि, हस्तान्तरण सन्धि, १९६५ को सैन्य सहयोग सम्झौता र १९९० को संयुक्त विज्ञप्तिद्वारा परिभाषित गरियो ।

१९५० पछिका शासनको छवि 'बजार निर्देशित' हुन पुग्यो, जसले राज्य तथा लोकतन्त्रको अर्थ उल्टाइदियो । यसले शासनसत्ताको पक्षपोषण गर्ने र राष्ट्रिय सुरक्षाको मामिलामा राज्यलाई कमजोर बनायो । यसले कमजोर समाज र बजार जन्मायो । र, राजनीतिक पक्षहरूको शक्ति व्यवस्थापन गर्न असफल भयो । अधिकारवादी सङ्गठन, गैससहरू, उद्योग बाणिज्य संघ, बैंक र शहरीया नागरिक समाज जस्ता खास स्वार्थ

समूहको "अति उत्पादन" ले राष्ट्रिय वास्तविकता, राष्ट्रवाद र जनताको आवश्यकता नबुझ्ने नयाँ चलायमान वर्ग जन्मायो ।

**राज्यको सामाजिक संरचना**

जहाँको जनता सही अर्थमा सार्वभौम हुन्छन्, तिनै जनताको सामूहिक स्वार्थले राजनेताहरूको शक्ति, नीति, सीमा, स्रोत, मान्यता र पहिचानमा प्रयोग गर्ने राजनीतिक एजेण्डा तय गर्छ। र, त्यसैले उनीहरूलाई इतिहासप्रति जवाफदेही बनाउँछ। जिम्मेवार राजनेताले नै मूलतः नेपालको बहुजातीय, बहुभाषिक र बहुधार्मिक विविधतालाई प्रतिनिधित्व गर्न सक्छ र सीमापारि रहेका दुवै विशाल छिमेकीको स्वार्थ बीच असंलग्न नीतिमा आधारित सन्तुलन कायम गर्न सक्छ । नेपालको संयुक्त परिवार प्रणाली वंश हुँदै समुदायसम्म विस्तारित हुन पुगेको हो । जातिगत तह र जनजातीय समूह सामाजिक सङ्गठनको आधारको रुपमा अझै रहेको छ, जसले नेपालीको आर्थिक तथा राजनीतिक व्यवहारलाई आकार दिन सक्छ । तराई, पहाड र हिमाल गरी नेपालमा १०३ भन्दा बढी जाति तथा जनजाति समूहहरू छन् । यिनीहरू बहु-संरचनागत राष्ट्रिय तहमा रहेका छन् । झण्डै अढाइ करोड जनसङ्ख्यामा कुनै पनि समूह १८ प्रतिशत भन्दा बढी छैनन् । यसको अर्थ हो, नेपाल मूलतः अल्पसंख्यक समूहहरूको देश हो, जहाँ स्थिर शासनको लागि यिनै समूहको नियन्त्रण र सन्तुलन पूर्व शर्त हो । नेपालको जनजातीय नक्सा हेर्ने हो भने निःसन्देह यो आफै एउटा आकर्षक मोजाइक बन्छ । यो सामाजिक बहुलताभन्दा पनि यस्तो विविधता हो, जसले राज्यलाई शक्ति र टिकाउपन प्रदान गर्छ । तर असमान सामाजिक तह र शक्ति संरचनाले हुने खाने वर्गलाई समाजको सबै लाभ उपलब्ध गराएको छ र समाजलाई परम्परागत तहबाट आधुनिक सामाजिक संझौतातिर रुपान्तरित गर्न ढिलाइ गरिरहेको छ ।

नेपालमा ८२ भन्दा बढी भाषा बोलिन्छन् । नेपाली भाषा विगत ५०० वर्ष भन्दा अघिदेखि विकसित भई सम्पर्क भाषाको रुपमा पश्चिमा भारतको कुमाउ, गढवालदेखि पूर्वमा आसाम भुटानसम्मका विभिन्न समुदायका जनतालाई जोडी आएको छ। यसले ती समाजको समसामयिक संचार तथा विकासको आवश्यकतालाई पूरा गरिरहेको छ । साझा सांस्कृतिक पृष्ठभूमि, जीवन यापनका लागि नभई नहुने माध्यम, राज्यको संरक्षण तथा क्षेत्रीय सम्पूर्णता जस्ता विषयमा आधारित रहेर नै नेपाली भाषालाई स्वीकारिएको छ। ग्रामीण समाजलाई राष्ट्रिय राजनीतिक संस्कृतिसँग जोड्ने नेपाली भाषाको महत्वले यसको व्यापकता अन्दाज गर्न सकिन्छ, तर विभिन्न संस्कृति र भाषाप्रति यसले गर्नुपर्ने समान व्यवहारको वास्तविक क्षमतामा भने प्रश्न उठ्न सक्छ ।

जातिगत तह निर्धारण र यसलाई नियमित गर्ने कानुन पृथ्वीनारायणभन्दा धेरै अघि मल्ल शासकहरूले व्यवहारमा ल्याए । सन् १३८० मा जयस्थिति मल्लले राजनीतिक शक्ति सुदृढ गरेपछि यसप्रकारको जातिगत तह बनाइएको हो । राजा

जयस्थिति मल्लले हिन्दू विधि अन्तरगत मनुको संभ्कनामा बनाइएको मुनस्मृतिमा ब्राम्हण, क्षत्री, वैस्य, शुद्र, राजा र हाकिमहरूको काम कर्तव्य अधिकार तोकिएको न्यायप्रणाली लागू गरे । यसको आधारमा अपराधको प्रकृति, सीमा, पैसा सापटी, उत्तराधिकारीको प्रणाली, र द्वन्द्व समाधान प्रक्रिया निर्धारण गरियो । जंगबहादुरले १८४६ को 'कू' द्वारा शक्ति हत्याएपछि जनताको स्वतन्त्रता भन्दा राज्यको अधिकार बढाउने नीति सुदृढ गरे ।

१८५४ को मुलुकी ऐनलाई चन्द्र समसेरले १९१० मा संशोधन गरे । उनले नेपाली समाजलाई विभिन्न मान्यतामा विभाजन गरी जात आधारित सामाजिक तहलाई संस्थागत गरे र वार्षिक रुपमा पजनी गर्ने र जमिन तथा अन्य सुविधा दिने प्रणाली राज्यले परिभाषित गर्ने चलन चलाए । यहाँसम्म कि उनले राणा परिवारलाई समेत तीन समूहमा बाँडी राजकीय सामन्तवाद र निजी तहको सामन्तवाद बीच द्वन्द्वको वीजारोपण गरे । नेपाली समाजमा अहिलेका वर्गहरूको सामाजिक संरचनामा लामो निरन्तरता छ, किनकि अधिकांश यिनीहरूमा अक्सर राजनीतिक शक्ति र आर्थिक संरचना दुबैमा नियन्त्रण गर्ने अनुकूलता छ ।

हाल सामाजिक शक्तिहरूको योजनाबद्ध राजनीतीकरण तथा पुँजीवादीकरणका कारणले राज्य-समाजसम्बन्ध उल्टाई अर्के नयाँ आयाम बनेको छ । यसले राज्यका विभिन्न संयन्त्रहरूलाई सामाजिक शक्तिहरूमाथि शासन गर्न, सञ्चालन, नियन्त्रण तथा गति दिन असक्षम बनाइदिएको छ । नेतृत्वको हेपाहा चरित्रले सार्वजनिक तथा निजी क्षेत्र बीचको सीमा लुकाएको छ र दण्डहीनताको संस्कृतिलाई बढाई तल्लो वर्गलाई सामाजिक न्यायबाट वञ्चित पारेको छ । गरीब किसान, भूमिहीन, श्रमिक र अधिकार विहीन जनताको बीचमा नरहेको एकता तथा सीमान्तीकरणले संकेत गर्छ, वर्ग सचेतनता, पहिचान र वर्गीय कार्वाही मार्फत सामाजिक रुपान्तरणमा यस्ता जनताको संलग्नताको संभावना भिनो छ । अर्कातिर व्यापारी, कर्मचारीतन्त्र र राजनीतिक वर्गको वर्ग सचेतनता तथा वर्गीय कार्वाही दुवैमा एकता देखिन्छ । राजनीतिक दलहरूमा पनि वर्गसँग जाति, जनजाति तथा भूभागीय पक्षलाई मिसमास गरी कार्यक्रम बनाउने प्रवृत्ति छ । नेपाली समाजको यही विविधता, राजनीतिक अर्थतन्त्रको संरचना र स्थानीय समस्याको आधारमा आम जनता बीच साभ्का स्वार्थको घुलनलाई हेर्दा यहाँ वर्ग संघर्ष भन्दा जनसंघर्ष संभव देखिन्छ । सामुदायिक वन उपभोक्ता संघ, सहकारी तथा नेपाल आदिवासी जनजाति महासंघको गतिविधिहरूले यही कुरा प्रतिविम्बित गर्छ ।

यसले नागरिक बीचको समानता र नेपालीको बहु-सूक्ष्म पहिचानलाई रुपान्तरण गरी नागरिकहरूको राष्ट्रिय पहिचान बनाउने भन्दा पनि इतिहास, भाषा, धर्म, जनजाति र विश्वासमा आधारित पूर्व-आधुनिककालीन राजनीतिलाई स्थान बनाइ दिएको छ ।

**नेपाली राज्यको अवस्था**

**क**) **राज्यशक्तिको एकाधिकारमा क्षयीकरण** : नेपाली राज्य अहिले कमजोर छ, किनकि यसमा सिंगो देशमा शासन गर्ने एकाधिकार छैन । राज्य-समाज एकतामा सन्तुलन कायम गर्न र विभिन्न सामाजिक, आर्थिक तथा राजनीतिक समूह बीच सन्तुलन कायम गरी राज्यप्रति निर्भर पार्न सरकारी प्रयास असफल भएको छ । थुप्रै पूर्व-आधुनिक राजनीतिक समूहहरू राज्यको स्रोतमाथि आफ्नो हिस्सा दावी गर्दै अर्को विद्रोह गर्ने धम्की दिइरहेका छन् ।

**ख**) **हिंसामा वृद्धि** : अहिले हिंसामा भइरहेको प्रतिस्पर्धात्मक वृद्धि राज्यको हिंसामा रहेको एकाधिकारको क्षयीकरणको परिणाम हो । यसले राजनीतिक प्रणालीको एकीकरण र ग्रामीण क्षेत्रमा राज्यको पहुँचलाई प्रभाव पारेको छ । यसले अफगानिस्तानमा जस्तै युद्ध सरदारलाई जन्म दिने खतरा बढेको छ, जसले पूर्णतः राज्यको एकाधिकार खण्डित एवं ध्वस्त पार्छ । पहिले देखि नै रहेको मूल राजनीति र दलभित्र रहेको विभाजनलाई बढाउँछ र राजकीय शक्तिलाई विभाजित गर्छ । जनताको सार्वभौम सत्तालाई प्रमुख दुश्मन ठान्ने भावना, अपराधी ग्याङ, व्यापारी अपहरणकारी, देशद्रोही, तस्कर र अन्तरराष्ट्रिय बजारका लागू औषध कारोवारीबाट संगठित राष्ट्रिय प्रणालीलाई चुनौती दिइएको छ ।

**ग**) **आधिकारिकतामा क्षयीकरण र नव संरक्षणवादी संस्कृतिको उदय** : राज्यको क्षमता कमजोर पार्ने समाजका प्रभावशाली विभिन्न समूह बीचको टकराव र सार्वजनिक परिदृश्य अल्पसंख्यकहरूलाई पाखा लगाउने कामले नवसंरक्षणवादी संस्कृति जन्मायो । यसले आम नागरिकलाई सशक्तीकरण गर्ने भन्दा पनि आफूले भनेको मान्ने जमातको लाभका लागि सार्वजनिक शक्तिको प्रयोग गऱ्यो । यो पूँजीवादभन्दा अघिको 'संरक्षणवादी, नातावादी, सामाजिक अनुशासनको उल्लङ्घन र संस्थागत संस्कृतिको अभावको रुप हो । यसले जनजाति, मधेसी, थारु र अरु असमावेशी समूहका संघीयता, आत्मनिर्णयको अधिकार, लिंगीय, न्याय र राज्य शक्तिमा समानुपातिक प्रतिनिधित्वको माग जस्ता राजनीतिक आवरणमा सामाजिक प्रतिरोध जन्मायो । माओवादीबाट फुटेको जनतान्त्रिक तराई मुक्तिमोर्चाको दुवै समूह, मधेसी जन अधिकार फोरम, थारु कल्याणकारी सभा र राजनीतिक दलहरूले बनाएका त्यस्तै प्रकृतिका पूर्व-राजनीतिक ऐक्यबद्धता समूहबाट स्वार्थ रक्षा गर्न आ-आफै बल प्रयोग गर्ने कामले 'संरक्षक-संरक्षित' सञ्जाललाई निरन्तरता दिएको छ । राष्ट्रिय एकता दिवसलाई समेत नकारी "नयाँ नेपाल" निर्माणको लागि विद्यमान राज्यको पूर्णतः विघटन गर्नुपर्ने माग गर्ने नागरिक समाजका केही अराजक समूहहरू पनि छन् ।

घ) **नीतिगत सर्वोच्चतामा क्षयीकरण** : नीतिगत सर्वोच्चतामा आएको क्षयीकरणले राजनीति, राज्य र सार्वजनिक नीतिमा राजनीतिक वर्गको अवमूल्यन गर्छ । निःसर्त सहस्राब्दी विकास लक्ष्य, गरिबी न्यूनीकरण रणनीति पत्र र द्वन्द्वपछिको शान्ति निर्माणका रणनीति स्वीकार्नुले संसदकै नीति निर्माणको क्षमतामा रहेको कमीलाई प्रतिविम्बित गर्छ ।

ङ) **राज्य र शासनको असफलता** : नेपालको कमजोर प्रशासनिक क्षमता र आधिकारिकताको निजीकरणले कानुनी शासनको उद्देश्यलाई घटाइ दिएको छ, राष्ट्रिय स्तरमा संस्थागत रुपमा देखिएको अमानवीयताले दण्डहिनताको संस्कृतिलाई बढाइ दिएको छ ।

**नेपालको भविष्यका रोजाइहरू**

चर्को क्रान्तिकारी विगतसँग नाता तोडिने विषय अकल्पनीय हुन सक्ला, किनकि नेतृत्वको राजनीतिक क्षमता नीति निर्माण तथा कार्यान्वयनमा कमजोर छ । नेपालले अनुमोदन गरेको अन्तरराष्ट्रिय मानवीय कानुन र शासनको दायित्वले 'क्रान्तिकारी' भविष्यलाई अनुमति दिंदैन । नेपाली नागरिकलाई सामाजिक सम्बन्धको क्रान्तिकारी रुपान्तरण गर्ने नीति तय गर्न संविधान सभाको निर्वाचन, क्षेत्रीय तथा विश्वव्यापी भूराजनीति दुवै अवसर खोलेको छैन । संसदको नीति निर्माणमा स्वायत्तताको भन्दा पनि दातामा ठ्याक्कै भर पर्नुपर्ने स्थितिले सेवाग्राहीको रुपमा नेपाली समाज तथा राज्यसँग अन्तरराष्ट्रिय समुदायसँग सम्झौता गर्ने थोरै रोजाइ मात्र बाँकी छ । परनिर्भर यस्तो मोडेलमा दाताहरूले विकासको लक्ष्य थोपर्छन्, र प्रापकहरू त्यसैमा हो मा हो मिलाउँछन् । यस सन्दर्भमा नेपालले विकासका नीतिहरूको स्वदेशीकरण गर्दै राष्ट्रिय मामिलामा सहकार्यको संस्कृति अवलम्वन गर्नु आवश्यक छ ।


(श्रीदेवराज दहालको "विक स्टेट एण्ड सोसल ट्रान्सफरमेसन इन नेपाल" को संक्षेपीकरण)

# सहभागितामूलक लोकतन्त्रमा श्रमिक नियन्त्रित युनियनहरू

- अरोकिया दास

आज म तपाईंहरूसमक्ष जे प्रस्तुत गर्न गइरहेको छु, त्यो मुख्यतया मेरो अनुभव र एउटा ट्रेड युनियनकर्मीका रुपमा मेरो आफ्नै बुझाइको कुरा हो । आजसम्मको अवधिको ट्रेड युनियनमा मेरो संलग्नताको दौरान मैले जिफन्ट, कुट (ब्राजिल), कोसाटु र अरु धेरै मुलुकका धेरै मित्रहरूलाई भेटेको छु । तिनीहरूबाट मैले धेरै कुरा सिकेको छु र त्यसमध्येको केही आज तपाईंहरूसँग बाँड्न गइरहेको छु ।

**संस्कृति र वर्ग-वर्चस्व**
प्रारम्भमा म तपाईंहरूसँग छलफल गर्न चाहन्छु- संस्कृति र वर्ग वर्चस्व भन्नाले हामी के बुझ्छौं ? सामाजिक यथार्थका केही तत्वहरू छन् ।



यी सबै तत्वहरू समाजबाटै जम्मा भएका हुन् । ट्रेड युनियन आन्दोलनमा भएकामध्ये हामी धेरैजसो सांस्कृतिक मुद्दाहरूलाई सम्बोधन गर्दैनौं, हामी सत्ता-सम्बन्ध र आर्थिक सम्बन्धहरूलाई मात्र हेर्छौं ।

**(क) सामूहिक असचेतना (कलेक्टिभ अनकनसस्नेस)**

अब म सामूहिक असचेतनाका बारेमा केही व्याख्या गर्न चाहन्छु । सामूहिक असचेतना पश्चिमी मनोविश्लेषकहरूका लागि चलन बाहिरको कुरा हो । तर, मेरा लागि, एसियाली सन्दर्भमा सामूहिक असचेतना धेरै महत्वपूर्ण पक्ष हो । सामूहिक असचेतनालाई सामाजिक सन्दर्भमा हेर्दा यो वर्चस्वको आत्मसात हो । उदाहरणका लागिः म तल्लो जातबाट आएको हुँ । मलाई थाहा छ, मैले के कुरा गरिरहेको छु । एउटा दलित उच्च दक्षतायुक्त नै भए पनि ऊ ठूलो कम्पनीको प्रमुख कार्यकारी अधिकृत छ भने एउटा बाहुन उसको कार्यालयमा जाँदा ऊ स्वाभाविक रुपमा उठ्छ, किन ? यो तीन हजार वर्षदेखिको वर्चस्व हो । जो आत्मसात भइसकेको छ र यो सामूहिक असचेतनाको एक भाग हो ।

यदि हामी लोकतन्त्रको धेरै ठूलो प्रक्रियाका अङ्ग हौं, जसले जनतालाई सशक्त पार्न गइरहेको छ भन्ने मान्ने हो भने हामीले व्यक्तिको मनोविज्ञान र समाजको मनोविज्ञान अनि संस्कृतिबारे बुझ्नैपर्छ । र, अन्त्यमा, सांस्कृतिक उत्पादनहरू वितरण गर्ने सञ्चारमाध्यम, नाट्यशाला, विद्यालयजस्ता माध्यमहरूका सबै आयामहरूका बारेमा बुझ्नैपर्छ । यो किन त्यस्तो भइरहेको छ ?

**(ख) शक्तिको सम्बन्ध (राजनीति)– आधुनिकता**

हामी जब आधुनिकताका बारेमा कुरा गर्छौं, आधुनिकताका दुई भाग छन् । एउटा, लोकतन्त्र हो, जसमा जनताका अधिकारहरू हुन्छन् र अर्को पुँजीवाद हो, जसमा शोषण हुन्छ । यी दुवै आपसमा मेल खाने खालका छैनन् । प्रतिरोधको संस्कृति, जसले ट्रेड युनियनमा आफूलाई एक रुपमा बुलन्द गर्दछ, त्यसको निर्माणका लागि यस अन्तरविरोधलाई पहिचान गर्नुपर्छ । ट्रेड युनियनबारे हामी पछि कुरा गर्नेछौं । अहिले पुँजीवादका बारेमा कुरा गरौं । एसियाली सन्दर्भमा पुँजीवाद आफ्नो विकासमा एकै किसिमको छैन । यो औपनिवेशवादद्वारा थोपरिएको हो, जस्तैः मलेसिया, भारत, नेपाल । हामी पुँजीवादको विकासका अन्तरविरोधबारे एक-एक गरेर जाँदैनौं । यहाँ केही अन्तरविरोधहरू छन्, जसलाई हामीले अहिले सम्बोधन गर्नुपर्छ । सांस्कृतिक आयामबाट हेर्दा हामी अहिले पनि हाम्रा पूर्व मूल्य, प्रणाली र मान्यताहरूकै परम्परामा बाँचिरहेका छौं । ठीक यसै समयमा पुँजीवाद थोपरिएको छ । यससँग पनि यसका आफ्नै सांस्कृतिक मूल्यहरू छन् । हामी अहिले सांस्कृतिक मूल्यका दुईवटा भारीहरूमा किचिएका छौंः एउटा परम्परागत र अर्को पुँजीवादी ।

**(ग) सांस्कृतिक अधीनता (सबमिसिभनेस)**

यी दुई भारीले वर्चस्व, प्राधिकार र अन्ततः सामाजिक नियन्त्रण गर्दछन् । उदाहरणका लागि, मैले थाइल्यान्डका मजदुरहरू बीच पाँच वर्षसम्म तालिमका माध्यमबाट केही अनुसन्धान गरें । थाई मजदुरहरूको सांस्कृतिक आज्ञाकारिता यस क्षेत्रमै सबैभन्दा उच्च छ । यसको एउटा कारण सामन्ती राजतन्त्रात्मक प्रणाली हो । थाइल्यान्डमा एउटा शब्द छ 'ग्रयाङ जाई' । 'ग्रयाङ जाइ' को अर्थ हो- तपाईंको हृदय वा सम्मान दिनुहोस् । यसको अर्थ के हो ? 'ग्रयाङ जाइ' को एउटा तत्व आज्ञाकारी हुनु हो- तर्क नगर्नु वा आफूभन्दा ठूलासँग दोहोरो कुराकानी नगर्नु ।

मैले व्यवस्थापकहरूलाई दक्ष बनाउनका लागि लिखित पुस्तक पढें । यसले तिनीहरूलाई थाई संस्कृतिको आज्ञाकारिताको अवधारणा सिकाउँछ र यो अवधारणाले युनियन निर्माण एवम् पारिश्रमिक वृद्धि कसरी रोक्ने भनेर पढाउँछ । तपाईंले सोध्न सक्नुहुन्छ- मैले यसबारेमा किन कुरा गरिरहेको छु ? मेरो विचारमा, सहभागितामूलक लोकतन्त्रमा सहभागी हुनका लागि आफैं सोच्न स्वतन्त्र हुनुपर्छ । त्यसैले मैले मजदुरको तालिमका लागि एउटा जवाफी सांस्कृतिक कार्यक्रमको विकास गरें । यो एक-एक गरेर सिकाउने कार्यक्रम थियो । मैले आठजना मजदुर छनौट गरें । दुई घण्टाका दरले झन्डै ४० वटा सत्र चले । सुरुमा तिनीहरूलाई बुझ्न गाह्रो भयो । तिनीहरूले मलाई सहयोग गरे । मैले तिनीहरूमा सबै प्रकारको आज्ञाकारिता पाएँ । एउटै मात्र प्रश्न हो- तिनीहरूमा भिजेको संस्कृतिको वर्चस्वको प्रभाव प्रस्फुटित भयो ।

ट्रेड युनियनकर्मी भएका कारण हाम्रा लागि रचनात्मक हुनु निकै महत्वपूर्ण हुन्छ । धेरैसँग आलोचनात्मक सोचाइ छैन । सिर्जनशीलताको एउटा अवरोध त्रास हो- गल्ती गर्ने त्रास, अस्वीकृत हुने त्रास आदि । त्यसैले यसको अभिप्राय त्यस त्रासलाई तोड्नु थियो । यस अनुभवले मलाई शिक्षा दियो कि हजारौं वर्षको सामाजिक नियन्त्रण र माथिल्लाहरूको वर्चस्वका बाबजुद उपयुक्त किसिमको शिक्षण प्रक्रिया हुने हो भने मानिसहरू परिवर्तन हुन सक्छन् । शिक्षा एक्लै आफैंमा पर्याप्त हुँदैन । आशाका लागि प्रक्रियामा संलग्नताले बाटो देखाउँछ । यहाँ म ब्राजिलका शिक्षाशास्त्री पाउलो फ्रेरीलाई उल्लेख गर्न चाहन्छु । मान्छेभित्र अन्तरनिहित कुरा बाहिर ल्याउन र उनीहरूलाई सशक्त पार्नका लागि उहाँको पूरै अवधारणा भनेको "पेडागोजी" पद्धति वा "सम्वादयुक्त (डायलोजिकल)" पद्धति थियो । उनले एउटा शब्दावली प्रयोग गर्छन्, यो धेरै महत्वपूर्ण छ- 'स्वतन्त्रताको डर' । मैले देखें, मेरो तालिम प्रक्रियामा यो एकदम सत्य सावित भयो ।

**(घ) लोकतन्त्र**

एसियाली सन्दर्भमा हामी ४ देखि ५ वर्षमा निर्वाचनमा जान्छौं । अभियानका क्रममा हामी धेरै राजनीतिकरण हुन्छौं । निर्वाचनपछि ४ देखि ५ वर्षसम्म अराजनीतीकरण हुन्छौं । यो चक्र जारी रहन्छ । हाम्रो आफ्नो बुझाइ र संस्कृतिका आधारमा

लोकतन्त्रलाई हेर्नुपर्छ । मुख्य कुरा जनतालाई उनीहरूको निर्णय उनीहरूबाटै गर्न सक्ने गरी सशक्तीकरण गर्नु हो । यस विन्दुमा म कमरेड मदन भण्डारी ठीक हुनुहुन्थ्यो भन्ने ठान्छु । निकै समयअघि उहाँले आफ्नो पुस्तकमा एउटा कुरा लेख्नुभएको रहेछ- "जब जनता समाजवादका लागि तयार हुन्छन्, तब मात्र हामी समाजवादका लागि अघि बढ्न सक्छौं ।" मलाई धेरै भन्नु छैन, सहभागितामूलक लोकतन्त्र वा श्रमिक नियन्त्रित ट्रेड युनियन आन्दोलनका लागि हामीले केही कुरामा विचार गर्नुपर्छ । दक्षिण अफ्रिका र ब्राजिलको अनुभव हेरौं-

**दक्षिण अफ्रिका**[1]

कुनै पनि सङ्गठनको कार्यदिशा हुन्छ । त्यो राजनीतिक कार्य दिशा हो, जसले सामाजिक परिवर्तनका तीनवटा स्वरुप अभिव्यक्त गर्न सक्नै पर्छ- साङ्गठानिक प्राथमिकताहरू; स्रोतहरू र रणनीति तथा कार्यनीतिहरू ।

नयाँ समाज कस्तो हुनुपर्छ भन्ने कुराको दूरदृष्टि सङ्गठनसँग हुनुपर्छ र सामाजिक आन्दोलनमा विभिन्न क्षेत्रहरूको समन्वय हुनुपर्छ; राजनीतिक र सामाजिक रुपमा विजयका लागि नेतृत्व गर्न । यसको अर्थ उपलब्धि प्राप्त नगरुन्जेल हामीले सङ्घर्ष जारी राख्नुपर्छ भन्ने हो ।

यो ब्राजिल र दक्षिण अफ्रिकामा भएको कुरा हो । यस्तै कुरा अरु मुलुकहरूमा पनि हुनुपर्छ भन्ने आवश्यकता भने छैन । यदि तपाईंसँग दृष्टिकोण छैन, सङ्गठन पनि हुँदैन ।

(१) **दक्षिण अफ्रिकी अश्वेत सचेतनता (ब्लाक कनसस्नेस) आन्दोलन**

दक्षिण अफ्रिकाको अश्वेत सचेतनता आन्दोलन अफ्रिकीहरूको मुक्तिको आन्दोलनका रुपमा सुरु भयो । स्टेभ बिकोले अश्वेत सचेतनता आन्दोलनको अग्रसरता लिए र पछि अन्ततः उनी सत्ताद्वारा मारिए । तिनीहरूले लडाकू पुस्ता उत्पादन गरे, जसले पूर्णतया अश्वेत मुक्तिको प्रश्न उठाए । तिनीहरू एक मात्र सङ्गठनका रुपमा आएनन् । तिनीहरू धेरै सङ्गठनहरूबाट आए । तिनीहरूलाई त्यतिबेला सम्पूर्ण ऐतिहासिक तथा राजनीतिक संस्कृतिले सहयोग गऱ्यो । त्यसले निरङ्कुश सत्तालाई ध्वस्त पार्नका लागि योगदान गऱ्यो । अहिले श्रमजीवी वर्गले त्यो लडाकू स्थान ग्रहण गरेको छ ।

(२) **कङ्ग्रेस अफ साउथ अफ्रिकन ट्रेड यूनियन्स (कोसाटु)– श्रमिक नियन्त्रित युनियनहरू**

श्रमिक नियन्त्रित ट्रेड युनियन आन्दोलनलाई बुझ्न हामीले ऐतिहासिक सन्दर्भलाई बुझ्नुपर्छ :

- क्रमैले अहिलेको कोसाटु कसरी विकसित भयो ?

1 कोसाटुको Shop Stewards म्यागजिनबाट उद्धृत

- सङ्गठन गर्ने रणनीति के थियो ?
- तिनीहरूले प्रयोग गरेको विधि के थियो ?

पचासको दशकको मध्यतिर, साउथ अफ्रिकन कङ्ग्रेस अफ ट्रेड युनियन (साक्टु) लाई अफ्रिकी नेसनल कङ्ग्रेस (एएनसी) सँग सम्बद्ध गरियो, जुन त्यतिबेला प्रतिबन्धित थिएन । यसले लडाकू सङ्घर्षलाई प्रोत्साहित गऱ्यो । यसका आबद्ध सङ्गठनहरूलाई परिचालन गर्दै र ट्रेड युनियनलाई मान्यता दिलाउन सङ्घर्षमा आधारित हुँदै यसले राजनीतिक आन्दोलनलाई प्रोत्साहित गऱ्यो ।

१९६० तिर त्यसले काम गर्न सकेन । त्यसपछि १९६० मा फेडेरेसन अफ साउथ अफ्रिकन ट्रेड युनियन्स गठन गरियो । यसको सङ्गठन गर्ने तरिका साक्टुको भन्दा निकै भिन्न थियो, सुस्तसुस्त यसले संरचना निर्माण गऱ्यो । सुरुका वर्षहरूमा साक्टुसँग कुनै संरचना थिएन । तर, कोसाटुसँग संरचनाहरू थिए । यससँग स्रोत जुटाउने र सङ्गठन बनाउने अवधारणाहरू थिए । धेरै निरङ्कुश सत्ता थियो । कङ्ग्रेस अफ युनियन्स इन साउथ अफ्रिका (सीयुएसए) द्वारा सञ्चालित नेसनल युनियन अफ माइन वर्कर्स (एनयुएम-नुम) को अनुभवले युनियन राजनीतिको मुहार नै बदलिदियो । "नुम"ले जनपरिचालनको लोकप्रिय शैली ल्यायो । काम गर्ने ठाउँमै बस्ने खानी मजदुरहरूको जीवनशैलीले यसलाई सम्भव बनाइयो । उत्पादनमा समेत तीव्र वृद्धि सम्भव भयो । कोसाटुको प्रारम्भिक दिनमा कार्यकर्ता आधारित सङ्गठन गर्ने तरिकाको ठाउँमा यस्तो आन्दोलनमुखी तरिका आयो । कार्यकर्ताहरू सप स्टेवार्डका रुपमा निर्वाचित गरिए । आज "नुम" सम्भवतः सङ्गठन र सङ्ख्यामा कोसाटुको नेतृत्वदायी युनियन हो ।

खानीमा काम गर्ने धेरै आप्रवासीहरू खानी वरिपरिको समुदायका रुपमा बसे । त्यसैले "नुम"ले यी आप्रवासीहरूलाई स्थानीय अफ्रिकी कामदारहरूसँग घुलमिल बनायो । उदाहरणका लागि, खानी मजदुरहरू सामूहिक भए किनभने जब कुनै समस्या गहिरो गरी आउँथ्यो, त्यसबेला तिनीहरू एक्लाएक्लै हुन सक्दैनथे । यो खानी मजदुरहरूको संस्कृति थियो ।

अब म दुई-तीनवटा मुख्य कुरा उल्लेख गर्न चाहन्छु ।

- साक्टु- राजनीतिक थियो ।
- कोसाटु-कार्यकर्ता आधारित थियो ।
- एनयुएम (नुम)- आन्दोलन आधारित थियो ।

यी दुई सङ्गठन कोसाटु र "नुम"ले सङ्गठन गर्ने साझा सिद्धान्त तय गरे । उत्पादनमूलक क्षेत्र र खानी क्षेत्र दुवैको हृदयमा सप स्टेवार्ड कमिटीहरूमार्फत् श्रमिक नियन्त्रित सिद्धान्त गहिरोसँग बसेको थियो ।

(३) **सप स्टेवार्डहरू**
बेलायती ट्रेड युनियनमा सप स्टेवार्डहरूलाई नेतृत्वप्रतिको खतराका रुपमा हेरिन्छ । तर कोसाटुले सप स्टेवार्डहरूलाई आफ्नो नेतृत्वको अग्रभागमा राख्यो । सप स्टेवार्डहरू निर्वाचित भएर र सप स्टेवार्डहरूको निर्माण गऱ्यो । यिनीहरू कोसाटुको श्रमिक नियन्त्रित युनियनको प्रक्रियाका दुई महत्वपूर्ण भाग भए । निर्वाचन र समितिहरूको निर्माण सधैं श्रमिक नेतृत्व स्थापित गर्नका लागि महत्वपूर्ण सङ्गठनात्मक केन्द्रविन्दु रह्यो । कोही पहिले सप स्टेवार्डमा थिएन भने त्यो कहिल्यै पनि युनियनको पदाधिकारी हुन सक्दैन । यसरी कोसाटुको पूर्णकालीन स्थानमा रहेका पूर्वविद्यार्थी वा राजनीतिक कार्यकर्ताहरू श्रमिक नियन्त्रणका विषय बने । व्यवहारमा, सबै समितिहरूमा मजदुरहरूको बहुमत हुनुको अर्थ प्राज्ञिकहरू र पूर्णकालीन कर्मचारीहरूको बौद्धिक वर्चस्वलाई नियन्त्रण गर्नु थियो । त्यसैले काम आधारित सप स्टेवार्डहरूका समितिहरूका दुई काम थिए ।
पहिलो, घटकहरू, स्थानीय र क्षेत्रीय तहसँग समन्वयका लागि सङ्गठनले उच्च तहको प्राथमिकता दिनु । दोस्रो, सप स्टेवार्डहरूसँग निश्चित भौगोलिक वा औद्योगिक क्षेत्रहरूमा भएका विभिन्न घटकहरू कोसाटुको स्थानीय तह निर्माण गर्न एकै ठाउँमा आउनु । यस तरिकाबाट श्रमिकहरूले स्थानीय, क्षेत्रीय र राष्ट्रिय तथा राजनीतिक र विकासका मुद्दाहरूमा भूमिका निर्वाह गर्न सम्भव भयो ।

(४) **श्रमिकहरूको नियन्त्रण**
पुँजीवाद र रङ्गभेदविरोधी सङ्घर्षमा श्रमिक नियन्त्रण दक्षिण अफ्रिकी ट्रेड युनियन आन्दोलनको एउटा महत्वपूर्ण वैचारिक र व्यावहारिक विजय हो । श्रमिकहरूको मुक्तिका लागि तिनीहरूको राजनीतिक तथा आर्थिक सङ्घर्षमा यो औजारका दुई पक्ष थिए (र अझै छन्) ।

- श्रमिकहरूले आफ्नै ट्रेड युनियन सङ्गठनहरू र नेताहरूलाई नियन्त्रण गर्दछन् ।
- श्रमिकहरूले कार्यथलोमा कम्पनीको नोकरशाही शक्तिलाई सीमित पार्छन् वा भत्काउँछन्; यसलाई श्रमिकको लोकतन्त्रमार्फत विस्थापित गर्छन् ।

युनियनहरूमा आफ्नै सम्मानका लागि सदस्यहरूबाट नेतृत्वमाथि जनादेश, उत्तरदायित्व, पहुँच र फिर्ता बोलाउन सक्ने दबाब कायम राखियो । श्रमिकहरूको मुख्य उद्देश्य कम्पनीका विरुद्धको सङ्घर्षमा आफ्नो सङ्गठनको प्रभावकारिता सुनिश्चित गर्नु थियो । अश्वेत श्रमिक वर्ग समुद्रपारीको शक्तिविहीनताका बारे विशेष सतर्क थियो ।

यहाँ पनि दक्षिण अफ्रिकामा धेरै कामदारहरू ट्रेड काउन्सिल अफ साउथ अफ्रिका र यसका घटकहरूको नोकरशाहीपनको अनुभवबाट गुज्रिएका थिए । 'श्रमिकहरूको नियन्त्रण' युनियनहरूले कम्पनीको होइन, श्रमिकहरूको सेवा गर्छन् भन्ने सुनिश्चित गर्नकै लागि थियो ।

अमेरिकालाई छोडौं, पश्चिम युरोपमा 'समाजवादी' मुलुकहरूमा ट्रेड युनियनहरू नोकरशाहीपनबाट ग्रस्त थिए । श्रमिकहरूको नियन्त्रणलाई बढाएर अश्वेत श्रमिकहरूले अगाडिका ठूला चुनौतीहरूलाई सामना गर्नका लागि आधारभूत रुपमा ट्रेड युनियन आन्दोलनलाई क्रान्तिकारीकरण गरे ।

दक्षिण अफ्रिकामा अश्वेत श्रमिकहरूले कारखाना तह र विशाल समाजमा जुन सफलता हासिल गरे, त्यो श्रमिक नियन्त्रणबिना सम्भव हुने थिएन । रङ्गभेदी निरङ्कुश शासनका बेला पनि अश्वेत श्रमिकहरू प्रगतिशील ट्रेड युनियन निर्माण गर्न सफल भए । यी युनियनहरू पुँजीवादीहरू र रङ्गभेदी राज्य संयन्त्रबाट स्वतन्त्र रहे ।

वास्तवमा यस स्वतन्त्रताले रङ्गभेदवादी मालिक र तिनीहरूको राज्यका विरुद्ध निर्णायक विजय हासिल गऱ्यो ।

पहिले नै भनिएझैं श्रमिकको नियन्त्रणको अर्को पाटो भनेको कार्यथलोमा कम्पनीको शक्तिका विरुद्धमा थियो । श्रमिकको नियन्त्रणको यो पक्ष अश्वेत ट्रेड युनियन आन्दोलनमा उनीहरूको समाजवादी झुकावबाट आएको थियो । दक्षिण अफ्रिकामा पनि समाजवादको समृद्ध इतिहास छ । १९७० को दशकमा उब्जेको युनियनको आन्दोलनले, आफ्ना अग्रजहरूको इतिहासलाई आफ्नै खतराका कारण अस्वीकार गरेको हुनसक्छ । त्यसबाहेक अरुहरूका बीचमा विश्व राजनीतिक परिस्थिति, समाजवाद र पुँजीवादबीचको शीतयुद्धका रुपमा चित्रित छ । सबैभन्दा महत्वपूर्ण कुरा, अश्वेत श्रमजीवी वर्गले तीतो दैनिक सङ्घर्षका माध्यमबाट सिकिरहेको थियो, त्यो भनेको रङ्गवाद र पुँजीवाद यसका मूर्त दुश्मनहरू थिए । अश्वेत श्रमिकहरूको अस्तित्वका आधारभूत सर्तहरू थिए: राज्य र मालिकहरूका विरुद्ध तिनीहरूको सङ्घर्ष, सङ्घर्षमा तिनीहरूले प्राप्त गरेको राजनीतिक ज्ञान, अन्तर्राष्ट्रिय रुपमा तिनीहरूले निर्माण गरेको गठबन्धनको प्रकार; यी सबैले तिनीहरूलाई समाजवादी दिशामा अघि बढ्न सहयोग गरे । कारखानामा लडाइका लागि श्रमिकहरूको नियन्त्रण महत्वपूर्ण हतियार बन्यो ।

वर्तमान अवस्थामा श्रम आन्दोलनमा श्रमिकहरूको नियन्त्रणको सङ्गठनात्मक पक्षका बारेमा पुनर्विचार गर्नुपर्ने आवश्यकता छ ।

१९९१ मा जातिवादी निरङ्कुशता, भएकै बेला मैले कोसाटुका केही नेताहरूलाई भेटें । उनीहरू धेरै लडाकू थिए, उनीहरूले लोकतान्त्रिक प्रक्रियामार्फत् समाजवाद, श्रमिकहरूको नियन्त्रण, सामाजिक आन्दोलन र अरु धेरै पक्षका लागि काम गरे । अफ्रिकी राष्ट्रिय कङ्ग्रेस (एएनसी) को नेतृत्वमा लोकतान्त्रिक शक्तिहरूको विजयपछि त्यसले ट्रेड युनियन आन्दोलनका लागि नयाँ क्षितिज खुला गऱ्यो । त्यसपछि ट्रेड

युनियनहरूका सदस्यहरूको नयाँ आकाङ्क्षालाई पूरा गर्नुपर्ने भयो । लोकतन्त्रको स्थापनाको परिणामस्वरुप ट्रेड युनियनकर्मीहरूले नागरिक समाजका सबै संस्थाहरूमा श्रमिकहरूको हितलाई बढाउनमा व्यस्त रहनुपऱ्यो, जुन अझै पनि जारी छ ।

त्यहाँ धेरै राम्रा कामहरू भए । कोसाटु संविधान मस्यौदा समितिको अङ्ग थियो र त्यसले श्रम क्षेत्रका लागि राम्रो खाका निर्माण गर्न योगदान गऱ्यो । विकास नीतिहरू हेर्नका लागि श्रमिकहरू, तिनीहरूका ट्रेड युनियन, रोजगारदाताका सङ्घ र बेरोजगारहरूको समेत सङ्लग्नता रहने गरी नीति निर्माण गर्ने निकायका रुपमा केही संस्थाहरू स्थापना गरिए ।

महत्वपूर्ण कुरा धेरै ट्रेड युनियनकर्मीहरू सरकार र रोजगारीमा छन् । कैयौं सवालहरूमा यस 'विकास' का कारण होनहार र अनुभवी ट्रेड युनियनकर्मीहरू आफ्नो क्षेत्र र सङ्गठनहरूबाट विस्थापित हुन थाले । यसकारण तथाकथित प्रतिभा पलायनको कोलाहल भयो । पूर्ण रुपमा तयार भए पनि/नभए पनि नयाँ नेताहरूले उत्तराधिकार सम्हाले ।

उदाहरणका लागि : सबै प्रतिकूलताहरूका बाबजुद कोसाटुले सदस्यहरूको सङ्ख्या विस्तार जारी राख्यो । ठीक त्यसै समयमा, महासङ्घका वर्तमान केही नेताहरू र यसका घटकहरूमा अनुभव र तालिमको अभावका कारण राजनीतिक र सङ्गठनात्मक गम्भीर समस्या देखा परे । यतिबेलासम्म यूनियनमा "आउने-जाने" प्रकृया जारी थियो । यसका अतिरिक्त पटक-पटक श्रम आन्दोलनका नाममा शपथ खाएका केही युनियनकर्मीहरू पनि सजिलै 'लाभमूलक' स्थानमा जान लालायित देखिए । यसक्रममा कैयौं 'क्यारिरिस्ट' र अवसरवादीहरूले नवधनाढ्य (बुर्जुवा) हुनका लागि ट्रेड युनियनहरूलाई 'मागी-खाने-भाँडो' का रुपमा प्रयोग गरेः ठूला कम्पनीका माथिल्ला पदहरू प्राप्त गरेर, परामर्श दातृ संस्थाहरू खोलेर, युनियन लगानी कम्पनी स्थापना गरेर र तिनीहरूका शाखाहरू खोलेर वा यस्तै-यस्तै काम गरेर । पुँजीवादीहरूले मजदुर नेताहरूको यो 'परिपक्वता' लाई सक्रिय रुपमा समर्थन गरे । केही अनैतिक राजनीतिज्ञहरू पनि युनियनकर्मीहरूलाई दिग्भ्रमित पार्ने काममा सहभागी बने । कम्पनीहरू र तिनीहरूका राजनीतिक प्रतिनिधिहरू युनियन आन्दोलनलाई राजनीतिक र सङ्गठनात्मक रुपमा कमजोर पार्न चाहन्छन् । कामदार वर्गमाथि पुँजीपति वर्गको वर्चस्व स्थापना गर्ने लोकतन्त्रमा सम्भवतः यो एउटा सबभन्दा प्रभावकारी तरिका हो । त्यसकारण, यसमाथि दुःख मनाउ गर्नुको कुनै अर्थ छैन, यस्ता प्रतिक्रियावादी परिदृश्यको प्रतिवाद गर्न कदमहरू उठाउनैपर्छ ।

**(५) वृद्धि, रोजगारी र पुनर्वितरण (ग्रोथ, इम्प्लवाइमेन्ट एण्ड रिडिस्ट्रीव्युसन- गियर) कार्यक्रम**

अफ्रिकी राष्ट्रिय कङ्ग्रेस (एएनसी) ले कोसाटु र दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीको विरोधका वावजुद "विकास, रोजगारी र पुनः वितरण (ग्रोथ, इम्प्लवाइमेन्ट एण्ड रिडिस्ट्रीव्युसन- गियर) कार्यक्रम अगाडि साऱ्यो, जुन नवउदारवादी नीतिहरूमा

आधारित थियो। जस्तैः आर्थिक विकास, निजीकरण, दक्षिण अफ्रिकाको विश्व अर्थतन्त्रमा सामेली, सुनजस्ता वस्तुको निर्यात प्रवर्धन र अन्तर्राष्ट्रिय प्रतिस्पर्धा आदि। सन् १९९४ मा सरकारले 'गेयर'को नाममा यही कार्यक्रम स्वीकार्न कोसाटु र दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीमाथि दबाब दियो । अब कोसाटुले सरकारका विरुद्ध लड्नुपर्ने भयो । केही वर्षअघि उनीहरूले बजेट बनाउँदा श्रमिकका धेरै कल्याणकारी सुविधाहरू कटौती भयो । यसले कोसाटुभित्र विवाद ल्यायोः गठबन्धनबाट बाहिरिने वा गठबन्धनको अङ्ग बनिरहने? जिफन्टका कमरेडहरू, अहिले तपाईंहरू पनि सरकारको एउटा भाग हुनुहुन्छ, तपाईंहरूको आफ्नै सरकार निर्माण हुने सम्भावनाहरू छन् । त्यतिखेर तपाईंहरूले पनि सरकारलाई समर्थन गर्नुहुन्छ, यो अनुभवलाई ख्याल गर्नुहोस् ।

त्यहाँ अहिले 'बी'-वीईई (ब्लाक इकोनोमिक इम्पावरमेन्ट अर्थात अश्वेत आर्थिक सशक्तीकरण) भनिने कार्यक्रम छ। जातिवादी सत्ताका बेला अश्वेत जनतालाई आर्थिक विकास वा निजी व्यापारमा जाने अवसरबाट रोकिएको थियो । त्यसैले सरकारले यो नीति ल्यायो । अश्वेत उद्यमीहरूलाई प्रोत्साहित गऱ्यो । त्यहाँ 'को देशभक्त बुर्जुवा हो' भन्नेमा पनि ठूलो विवाद छ। यसको अर्थ, अश्वेत बुर्जुवा नै हो । मेरो विचारमा बुर्जुवा भनेको बुर्जुवा नै हो, चाहे त्यो कालो होस् वा सेतो । त्यसैले यो राजनीतिको ट्रेड युनियन आन्दोलनभित्र केही अन्तरविरोध छ ।

मैले दक्षिण अफ्रिकामा भारतीय मूलका केही युवा विद्यार्थीहरूसँग छलफल गरें । तिनीहरू आफूलाई भेदभाव गरिएको महसुस गर्छन्, किनभने उनीहरूलाई 'अश्वेत' भनिँदैन, 'कलर्ड' भनिन्छ । 'कलर्ड'को यस पुस्ताले अफ्रिकी राष्ट्रिय कङ्ग्रेसलाई समर्थन गर्दैन । बरु, तिनीहरू पूर्वजातिवादी सत्तालाई समर्थन गर्छन्, जहाँ उनीहरूले जातिवादीसँग मिलेर व्यापार गर्न पाएका थिए। यो देखेपछि मेरो दिमागमा, आफ्नै अनुभव आधारित एउटा प्रश्न आयो- ट्रेड युनियनहरू राजनीतिक दल वा राजनीतिकै एउटा अङ्ग बन्नुपर्छ वा उनीहरूले राजनीतिक दललाई बाहिरबाटै समर्थन गर्नुपर्छ ?

**ब्राजिल**

ब्राजिलसँग आर्थिक 'तेजी' र 'झट्का' को इतिहास छ। यसको विकास उच्च मूल्यवृद्धि र विदेशी ऋणबाट नकारात्मक रुपमा प्रभावित छ । यसले सङ्कटको बेला उद्धार गरेको छ। तर, १९९० को दशकका आर्थिक सुधारहरूले मुलुकको अर्थतन्त्रमा केही स्थायित्व ल्यायो। परिवर्तनले निजीकरण र यसको बजारको खुलापनलाई पनि आफूमा समाहित गऱ्यो ।

तर त्यहाँ धनी र गरीब बीच ठूलो खाडल छ । धेरैजसो खेतीयोग्य जमिन धनी परिवारको मुठ्ठीमा नियन्त्रित छ। मुभमेन्ट अफ ल्यान्डलेस रुरल वर्कर्स (भूमिहिन ग्रामिण मजदुर आन्दोलन-एमएसटी) ले जमिनको पुनर्वितरणको माग गरिरहेको छ । यसका लागि प्रत्यक्ष विरोध र जमीन कब्जाको नीति यसले लिएको। रियो द जेनेरिया

र साओपाउलो जस्ता ठूला शहरहरूको सामाजिक अवस्था निर्दयी हुन सक्छ, जहाँ जनसङ्ख्याको एक तिहाइ स्लमहरूमा बस्छ ।

१९७८ अघिसम्म ब्राजिलमा ट्रेड युनियन आन्दोलन सानो दायरामा मात्र सीमित भयो । धेरै ठाउँमा देखिएन, स्थानीयस्तरमा मात्र गतिविधि भए र श्रम आन्दोलन निश्चित क्षेत्रमा मात्र रह्यो ।

१९७४ देखि १९७८ को बीचमा स्लो डाउन (काममा ढिलाइ गर्ने) र बन्द-हडताल गर्ने काम भयो, तर यस्ता कामहरू सामान्यतया एउटा कम्पनीमा मात्र सीमित रहे । सैनिक शासनले निर्मम दमन गरी आम प्रतिरोधलाई रोक्यो । परम्परागत ट्रेड युनियनको संरचना व्यवसायीहरूको सहयोगी र अधिनायकवादी थियो । "पेलेगोस्" भनिने (साहूका साथी) युनियनका नेताहरूको सरकार र व्यवस्थापनसँग गहिरो साँठगाँठ थियो ।

१९८८ को संविधानमा केही परिवर्तनहरू गरिए, तापनि १९३० को दशकमा विकसित कर्पोरेटिभ[२] लेवर युनियनको मोडेलले अहिले पनि ट्रेड युनियनहरूलाई राज्यसँग जोड्छ, जुन निम्न तत्वहरूमा आधारित छ :

(क) राज्यद्वारा प्रदत्त प्रतिनिधित्वको एकाधिकार
(ख) निश्चित भूभागमा एउटा मात्र युनियन, निश्चित रोजगारीको क्षेत्रमा एउटा मात्र युनियन ।
(ग) सबै श्रमिकहरूबाट अनिवार्य शुल्क सङ्कलनः युनियनमा संलग्न भए पनि नभए पनि वर्षको एक दिनको कमाइ बराबर दिनैपर्ने युनियन कर
(घ) श्रम अदालत प्रणालीको कानुनी शक्ति ।

१९७० को मध्यतिरबाट श्रमिकहरू लामो राजनीतिका निद्राबाट बिउँझे र विरोध गर्न थाले । सैनिक सत्ताका आर्थिक नीतिहरूले गरीब र मध्यम वर्गको पारिश्रमिक खुम्चिरहेको थियो । श्रमिकहरूले राज्य र व्यवस्थापनसँगको सम्बन्धमा पुनः अग्रसरता लिन सुरु गरे । १९७८ मा आन्दोलनको ज्वारभाटा सिर्जना भयो, साओ बेर्नार्डो द क्याम्पोबाट सुरु भयो र त्यसपछि देशव्यापी रुपमा विस्तार भयो । त्यही वर्ष साओ बेर्नार्डोको मेटल उद्योगका श्रमिकहरूले पहिलो अधिवेशन आयोजना गरे र युनियनका गतिविधिका लागि मुख्य कार्यक्रमिक नीतिहरू निर्धारण गरे : सामूहिक सौदाबाजी, युनियनहरूको स्वतन्त्रता र श्रमिकहरूका आधारभूत अधिकारहरू सुनिश्चित गर्ने आधारभूत श्रम कानुन ।

'नयाँ युनियन आन्दोलन'का हिमायतीहरूले सरकारको हस्तक्षेपबिना व्यवस्थापन र मजदुरबीच स्वतन्त्र वार्ताको वकालत गर्दै विद्यमान श्रम युनियन

2 Iram Jácome Rodrigues -Crisis of Unionism in Latin America? Aspects of the Brazilian Experience

संरचनाको खण्डन गऱ्यो । यससँगै, तिनीहरूले कारखाना तहमा युनियनहरूलाई बलियो बनाउन आधारभूत र न्यूनतम तहमै सङ्गठन गर्ने पद्धति अवलम्बन गरेर ट्रेड युनियन आन्दोलनको विभिन्न नयाँ ढाँचाको निर्माण जारी राखे ।

ब्राजिलको लोकतन्त्रतर्फको संक्रमणकालमा श्रमिक आन्दोलन मुख्य राजनीतिक खेलाडीका रुपमा उदय भयो । ठूला कर्पोरेटवादी युनियनहरू व्यापारिक संस्था जस्तै सञ्चालित थिए । श्रमिक र राजनीतिक शक्तिका अलावा तिनीहरूसँग उल्लेख्य आर्थिक स्रोत पनि थियो । जब उनीहरूले पुनःसङ्गठनको काम सुरु गरे, अधिवेशनहरू, सेमिनारहरू, नेतृत्व विकासका तालिमहरू, युनियनका सदस्य/कार्यकर्तासँग सम्पर्क विस्तार गर्न देशभित्र डुलफिर गर्न लाग्ने खर्च गर्न उनीहरू सक्षम थिए र यस्ता कार्यक्रम जारी राखे । यस्तो सामाजिक आन्दोलन, जो समयक्रममा राजनीतिक आन्दोलन बन्यो, त्यसले श्रमिक वर्गलाई सार्वजनिक विषयहरूमा संलग्न हुने बाटो खुल्ला गऱ्यो । यस्तो वातावरणमा विकसित हुन पुगेको कुट (सीयुटी), ब्राजिलको श्रम आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नका लागि अगाडि आयो ।

युनियनमा सङ्गठनको अभ्यासमा पनि मुख्य परिवर्तनहरू गरिए । जस्तैः राज्य तहमा युनियनको सङ्गठन, श्रमिकहरूको वर्गीकरणको विस्तार, जुन निश्चित युनियनसँग सम्बद्ध हुनसक्छ र राष्ट्रिय तहमा क्षेत्रगत युनियनहरू गठन गर्ने प्रयत्न । नयाँ युनियन संरचनाले आर्थिक क्षेत्रमा र व्यापक रुपमा सम्भव भएसम्मका भौगोलिक तहमा युनियन सङ्गठन स्थापना गर्ने प्रयत्न अङ्गीकार गरेको थियो । दोस्रो अपेक्षा भनेको कार्यथलोमा सङ्गठन बलियो बनाउनु र सबै उच्च तहहरूलाई 'सङ्गठनको जग'सँग जोड्नु थियो ।

१९८० मा श्रमिक पार्टी (पीटी- जुन दुईपटक चुनाव जितिसकेका ब्राजिलको वर्तमान राष्ट्रपति लुलाको पार्टी हो) को स्थापना भयो । १९८३ मा "सेन्ट्रल युनिका दोस् ट्राब्लाडोर्स अर्थात केन्द्रीय श्रमिक सङ्गठन" (सीयुटी-कुट) गठन गरियो । मैले मेरो ब्राजिलका एकजना मित्रलाई भेटें, जो म जस्तै अटो उद्योगमा काम गर्थे । १९८३ मा मैले उनलाई अटो उद्योगसम्बन्धी एक सम्मेलनमा भेटें । उनी ब्राजिलको मर्सिडिज बेन्जबाट आएका थिए । यो मेरो पहिलोपटक थियो, म वास्तविक कार्यथलो कार्यकर्ता अनि एउटा ट्रेड युनियनकर्मीसँग सम्पर्कमा आएको थिएँ । उनी धेरै मुखर र लडाकू तथा ट्रेड युनियनको दिशा के हुनुपर्छ भन्नेमा धेरै स्पष्ट थिए ।

त्यस समयमा उनीहरूले कुरा गरिरहेको 'नयाँ युनियनवाद' के थियो भन्नेबारे मैले बुझिनँ । त्यसपछि मैले १९८६ मा ब्राजिलको भ्रमण गरें । मैले देखें- ट्रेड युनियन कार्यकर्ताहरूको बहुसङ्ख्या पूरै युवा मानिस थिए । तिनीहरू समाजवाद निर्माणमा पनि त्यत्तिकै मुखर थिए । तिनीहरूले उत्पादनको अभिलेख राखिरहेका थिए । यो अभिलेख निकै मसिनो गरी राखिएको थियो । 'यो किन गरिरहेको ?' भनेर मैले सोधें । तिनीहरूले भने- 'एक दिन हामी यो कम्पनी पूरै लिनेछौं र यसलाई कसरी चलाउनुपर्छ भनेर हामीले जान्नैपर्छ ।'

त्यो १९८६ को साहस थियो । दक्षिण अफ्रिकाको जस्तै नभएर ब्राजिलको आन्दोलन औद्योगिक मात्र होइन, यो ग्रामीण क्षेत्रहरूमा साना किसानहरू र भूमिहीन किसानहरूमा पनि छ । मैले एउटा ठूलो पहाडको भ्रमण गरें, जहाँ भूमिहीन किसानले जग्गा कब्जा गरेका थिए र खेती गरिरहेका थिए । तिनीहरूले मलाई भने- त्यो जग्गा एउटा मोटर कम्पनीसँग सम्बन्धित छ, १९७० को सुरुवातको तीव्र औद्योगीकरणका बेला यहाँ एउटा सरकार थियो, जसले त्यहाँ कमाएको नाफा ब्राजिलभन्दा बाहिर पठाउन नपाइने व्यवस्था गरेको थियो । कम्पनीले ब्राजिलमै पुनः लगानी गर्नुपर्दथ्यो । त्यसैले ती कम्पनीहरूले लाखौं हेक्टर जमिन किने ।

लुलाको सरकारको पालामा, जनता जमिनका लागि लडिरहेका थिए र मारिएका थिए । ब्राजिलको जनसङ्ख्याको ८० प्रतिशत शहरहरूमा बस्छन् । बाँकी ग्रामीण क्षेत्रमा बस्छन् । तर, शहरको भन्दा ग्रामीण युनियनहरूको लडाकुपन धेरै माथि थियो । एमएसटीका रुपमा चिनिने भूमिहीन कृषि मजदुरहरूको आन्दोलन कुटसँग सम्बद्ध छैन र पीटीसँग पनि सम्बन्धित छैन । यो स्वतन्त्र छ । मेरा लागि यो धेरै रमाइलो र महत्वपूर्ण कुरा थियो कि एमएसटीको उत्पत्ति क्याथोलिक चर्चबाट भएको थियो ।

मेरो दोस्रो भ्रमणमा मैले कुटका उपाध्यक्ष एभलिनो गेन्जरसँग छलफल गरेको थिएँ । मैले उहाँलाई भनें कि १९८६ मा म ब्राजिल आउँदा देखेको भन्दा कुट अहिले भिन्न छ । मैले भनें- 'यो किन नोकरशाही भयो ?' उहाँले मलाई आफू सानो जमिनसहितको साना किसान भएको बताउनुभयो । उहाँ युनियनको सदस्य हुनुहुन्छ र उहाँ कुटको राष्ट्रिय उपाध्यक्ष निर्वाचित भएको पनि भन्नुभयो । उहाँले भन्नुभयो- 'यदि कसैले आफ्नो पद गुमायो र युनियनको पूर्णकालीन कामबाट बाहिर निस्कियो भने ऊ फेरि कारखानामा फर्किन सक्दैन । त्यस्ता व्यक्तिहरूको पद कायम राख्नका लागि पनि केही मात्रामा नोकरशाही सिर्जना गरिएको छ ।'

# समाजवादका एक सय वर्ष : विसौं शताब्दीका पश्चिम युरोपेली बामपन्थी

- डोनाल्ड सासोन

खासगरी पश्चिम युरोपको समाजवादी आन्दोलन, त्यसमा पनि मूलतः जर्मनी, बेलायत, इटाली र फ्रान्सको समाजवादी आन्दोलनलाई विस्तृत रुपमा प्रस्तुत गरेर प्रोफेसर डोनाल्ड सासोनले “समाजवादका एकसय वर्ष बीसौं शताब्दीका पश्चिम युरोपेली बामपन्थी” नामक पुस्तक सन् १९९६ मा प्रकाशित गरेका हुन् । इजिप्टमा जन्मेर फ्रान्समा अध्ययन गरेका र हाल बेलायतमा स्थायी बसोबास गर्दै आएका प्रोफेसर सासोन आफूलाई मार्क्सवादी भन्न रुचाउँछन् । सन् १८८९ देखि सन् १९८९ सम्मको अवधिलाई समेटेर तयार पारिएको यस पुस्तकमा उनले पश्चिम युरोपको समाजवादी आन्दोलन, जसभित्र प्रजातान्त्रिक समाजवादी र कम्युनिस्ट आन्दोलन पर्दछन्, लाई मूलतः तीन कालखण्डमा विभाजन गरेका छन् । सन् १८८० को दशकदेखि सोभियत समाजवादी राज्यको उदय अर्थात् १९१७ सम्म पश्चिम युरोपका प्रजातान्त्रिक समाजवादी र कम्युनिस्टहरूका बीच सैद्धान्तिक र राजनैतिक विषयहरूमा विवादहरू रहे तापनि साँगठानिक रुपमा उनीहरूका बीच विभाजन थिएन । तर अक्टोवर क्रान्तिपछि लेनिनले तेस्रो अन्तर्राष्ट्रिय बनाउने क्रममा जुन सर्तहरू अगाडि सारिदिए, त्यस पश्चात पश्चिम युरोपेली प्रजातान्त्रिक समाजवादी र कम्युनिस्टहरू बीच विभाजन देखा पर्‍यो । लेनिनको निर्देशन अनुसार समाजवादी पार्टीहरू विभाजित हुँदै कम्युनिस्ट पार्टीको गठन प्रक्रिया आरम्भ भयो । तसर्थ समाजवादी भन्नाले यस पुस्तकका लेखकले सुरुमा दुवै खाले समाजवादीलाई उल्लेख गरेका छन् । तर पछि जब विभाजन भयो त्यसयता भने उनले छुट्टाछुट्टै विश्लेषण गरेका छन् ।

१. समाजवादी र कम्युनिस्ट आन्दोलनको विस्तारको काल (१८८९ देखि १९४५)
२. समाजवादी आन्दोलनको सशक्तीकरणको काल (१९४५ देखि १९७३)
३. समाजवादी र कम्युनिस्ट आन्दोलनको सङ्कटको काल (१९७३ देखि १९८९)

उल्लेखित तीन कालखण्डलाई उनले सात भागमा विभाजित गरेका छन् भने त्यस अन्तरगत २४ वटा च्याप्टरमा पश्चिम युरोपको सिंगो समाजवादी आन्दोलनका विभिन्न पक्षहरूका बारेमा विस्तृत व्याख्या र विश्लेषण गरेका छन् । समाजवादी र कम्युनिस्ट आन्दोलनको उद्‌भव, यसको विकास र यसको सङ्कटका बारेमा

सैद्धान्तिक, राजनैतिक, आर्थिक र अन्य पक्षहरूमा देखापरेका प्रवृत्ति र चुनौतीहरूलाई विश्लेषणात्मक र व्याख्यात्मक दुवै कोणबाट प्रस्तुत गरिएको छ। प्रोफेसर डोनाल्डले आफ्नो विश्लेषणलाई तथ्यपरक बनाउनका लागि पर्याप्त तथ्याङ्कहरूको तालिका पनि दिएका छन्। विस्तृत अनुसन्धानात्मक प्रणालीबाट तयार पारिएको उनको यस पुस्तक समाजवादी आन्दोलनमा रुचि राख्नेहरूका लागि भने पढ्नै पर्ने पुस्तक हो।

**समाजवादको विस्तारको काल** (**१८८९ देखि १९४५**):
वैज्ञानिक समाजवादका जननी कार्ल मार्क्सको देहान्त भइसकेको दशक भए पनि सन् १८८० र ९० को दशक पश्चिम युरोपमा समाजवादी आन्दोलनको विस्तार र विकासका लागि अत्यन्त महत्वपूर्ण समय मानिन्छ। यस समयमा समाजवाद र यसको सैद्धान्तिक, राजनैतिक र आर्थिक आधारहरू र यसलाई प्राप्त गर्ने बाटोका बारेमा जे जति छलफल र बहसहरू भए; अनि जुन गतिमा पश्चिमी युरोपका मुलुकहरूमा समाजवादी राजनैतिक दलहरू स्थापना भए वास्तवमा युरोपको त्यसयताको समाजवादी आन्दोलन लगभग यसैको सेरोफेरोमा घुमिरह्यो भन्दा फरक पर्दैन। त्यतिबेलाका विचारकहरूले जुन गहिराइमा छलफल गरेका थिए र आ-आफ्नो मान्यताको पक्षमा जसरी सैद्धान्तिक आधारहरू खडा गरिएका थिए, त्यसले नै विगत १०० वर्षको युरोपको समाजवादी आन्दोलनका विभिन्न धारहरूलाई निर्देश गरेको पाइन्छ। प्रोफेसर सासोनका अनुसार त्यस बेलाको समाजवादी आन्दोलन मूलतः निम्न तीन प्रकारका प्रस्तावनामा आधारित थियो।

**पहिलो**, विद्यमान सामाजिक व्यवस्था अन्यायी छ अर्थात शोषणमा आधारित छ, **दोस्रो**, वर्तमान पुँजीवादी व्यवस्था चिरस्थायी छैन। किनभने हरेक समाज व्यवस्थाका आआफ्ना चरणहरू हुन्छन् र तिनको चरित्र तत्कालीन आर्थिक र सामाजिक व्यवस्थानुसार तय भएको हुन्छ। त्यो परिवर्तनशील छ। **तेस्रो** प्रस्ताव भनेको मजदुर वर्ग आधारभूत रुपमा एकै किसिमको हुन्छ र त्यसको संगठित प्रयासले परिवर्तनलाई सहज तुल्याउन सक्छ। भाग्य भए सुख पाइन्छ भन्ने कुरा गलत हो। परिवर्तन संगठित संघर्षबाट मात्र सम्भव छ।

दोस्रो अन्तर्राष्ट्रिय र सन् १८९१ मा जर्मन समाजवादी पार्टीको स्थापना र यसले मार्क्सवादी विचारलाई अंगिकार गरेपछि भने युरोपमा समाजवादी विचारको फैलावटमा उल्लेख्य विकास भएको थियो। सन् १८९५ मा भएको निर्वाचनमा जर्मन समाजवादी पार्टीले प्राप्त गरेको मतबाट प्रभावित भएर एंगेल्सले जर्मन समाजवादी पार्टीलाई बधाइ दिदै आफ्नो प्रतिक्रियामा भनेका थिए। जर्मन समाजवादीहरूले निर्वाचनको हतियारलाई यति प्रभावकारी हिसाबले प्रयोग गरिदिए कि जसबाट प्रजातान्त्रिक समाजवादीहरू हजारौं गुणाका दरले फैलन सके। यो संसारभरका समाजवादीहरूका लागि एउटा उदाहरण बन्न सक्छ। हामी क्रान्तिकारीहरू विद्रोही हौं र बुझ्नु के पर्छ भने हामी गैर कानुनी लडाइका लागि होइन कानुनी लडाइका

लागि अगाडि बढिरहेका छौं । यसै समयमा पश्चिम युरोपका अधिकांश मुलुकहरूमा समाजवाद पक्षधर पार्टीहरूको गठन भएको थियो ।

**सैद्धान्तिक र राजनैतिक विवाद** : एकातर्फ समाजवादी विचारको फैलावट व्यापक रुपमा आगाडि बढिरहेको थियो भने अर्कोतर्फ यसका सैद्धान्तिक मान्यताहरूका बारेमा चर्को बहस पनि चलिरहेको थियो । तत्कालीन समाजवादी आन्दोलनभित्र प्रमुखरुपमा आन्दोलनका तात्कालिक कामहरू वा कार्यनीतिसँग जोडिएका विषयहरू र दीर्घकालिक उद्देश्य अर्थात रणनीतिक उद्देश्यलाई कसरी बुझ्ने भन्ने सवालहरू थिए । "वर्तमान असमान व्यवस्थालाई जोगाई राख्ने पक्षहरू के के हुन् ? समाजवादका आधारहरू के के हुन सक्छन् ? यसको प्राप्तिको बाटो कुन हुनु पर्दछ ? अहिलेको पुँजीवाद कतातर्फ उन्मुख भइरहेको छ? र के हाल घटिरहेका घटनाहरूले आधारभूत रुपमा रणनीतिक महत्व राख्छन् ?" यी र यससँग जोडिएका विषयहरूमा त्यस समयका विचारकहरू खासगरी फ्रेडरिक एंगेल्स, कार्ल काउत्स्की, भि. आइ. लेनिन, रोजा लक्जम्बर्ग, एडवार्ड बर्न्स्टीन लगायतका बीचमा बहस र विवाद चलेको थियो । खासगरी दोस्रो अन्तर्राष्ट्रिय र जर्मन समाजवादी पार्टीको इरफर्ट कार्यक्रम पारित भएपछि भने विवाद बढेको थियो ।

**इरफर्ट कार्यक्रम र इडवार्ड बर्न्स्टीन**: यसमा सर्वहारावर्गको अधिनायकत्वको बारेमा उल्लेख नभएको कुरालाई लिएर एंगेल्सले यसको आलोचना गरेका थिए । इरफर्ट कार्यक्रमको पहिलो सैद्धान्तिक भाग समाजवाद बोल्छ कार्ल काउत्स्कीले लेखेका थिए । एडवार्ड बर्न्स्टीनले लेखेको दोस्रो भागमा "सामाजवादीहरूले आफ्नो विश्वासलाई व्यवहारमा कसरी उतार्ने" भन्ने प्रस्ताव गरिएको थियो । बीसौं शताब्दीभरि नै पश्चिम युरोपका समाजवादीहरूको केन्द्रीय कार्यक्रमको रुपमा भूमिका खेल्ने त्यो कार्यक्रमको मूल मर्म भनेको 'समाजको प्रजातान्त्रिकरण, कल्याणकारी राज्य र श्रम बजारको नियमितता' नै थियो । बर्न्स्टीनको भनाइमा पुँजीवाद पहिले मार्क्सले परिकल्पना गरेको भन्दा नयाँ चरणमा प्रवेश गरेको छ । यसले आफ्नो सङ्कटलाई आफूभित्रैबाट सुधार गरेर टार्न सक्दछ । श्रमिकवर्गले पनि कानुनी एवं समानताको आधारमा बुर्जुवा वर्गसँग भिड्न सक्ने संसदीय प्रजातन्त्रको विकास भएको छ । यसको अर्थ हो- विद्यमान राज्यबाटै शान्तिपूर्ण ढंगले 'शक्ति' प्राप्त गर्न सकिन्छ । पुँजीवादले नयाँ-नयाँ प्रवृत्तिहरू पहिचान गरेको छ, त्यो हो-जटिल बैंकिङ्ग प्रणाली, एकाधिकार (कार्टेल-संयुक्त एकाधिकार) पुँजवादमा वृद्धि र सञ्चारको विकास । औद्योगिक विकासकै हाराहारीमा कृषि क्षेत्रमा पनि विकास भएको छ - साना तथा मध्यम आकारका कृषि फर्महरूको पश्चिम युरोप र उत्तर अमेरिकामा विस्तार भएको छ, जुन मार्क्सवादी सिद्धान्तमा परिकल्पना गरिएको भन्दा उल्टो छ । "यसको अतिरिक्त मध्यवर्ती सामाजिक समूहको विकास भएको छ,

जसले समाजलाई ध्रुवीकरण (बुर्जुवा वर्ग र श्रमिक वर्गको रुपमा) गर्नुभन्दा पनि 'स्थिर' गर्ने काम गरिरहेको छ ।"

यसरी बर्न्स्टीनले कार्ल काउत्स्कीको दुई थेसिस- कोल्याप्स थ्योरी (पुँजीवाद मरणासन्न अवस्थामा छ) र पपेरिजेसन थेसिसप्रति (यसमा के उल्लेख छ भने बहुसङ्ख्यामा श्रमिकहरू गरीब हुँदै जान्छन्, धनीहरू भने सम्पत्तिवाल बन्दै जान्छन्) असहमति जनाउँदै भने- "त्यसैले सङ्कट टार्न पुँजीवाद सफल भइसक्यो । यो आफूलाई पुनर्संरचना गर्न सक्षम हुनेछ र निरन्तर विकसित हुनेछ, आँकलन गर्न सकिने भविष्यमा (फोरसिएवल फ्युचर) नै पुँजीवादको अन्त्य हुनेवाल छैन । त्यसैले यही राज्य व्यवस्थाभित्र तत्कालको राजनीतिक तथा सामाजिक लाभ प्राप्त गर्न आन्दोलनले रणनीति पहिलाउन सक्नुपर्छ ।"

त्यस्तै "पुँजीवाद तत्काल ढल्छ- त्यसपछि कस्तो समाज व्यवस्था कायम गर्ने; आँकलन गर्न सकिने भविष्यमा नै पुँजीवाद ढल्नेवाला छैन- यही राज्य व्यवस्थाभित्र तत्कालको राजनीतिक तथा सामाजिक लाभ प्राप्त गर्न आन्दोलनले रणनीति पहिलाउनु पर्छ; र हेर्दै जाउँ-लड्दै जाउँ जे त होला" भन्ने गरी तीन प्रवृत्ति यस सन्दर्भमा प्रभावी थिए । यसैमा आधरित भएर राजनीतिक नेता तथा विचारकहरूले समाजवाद के हो? भन्ने प्रश्नमा बहस गरे । केही, समाजवादलाई अन्तिम लक्ष्य भन्दथे भने कोही समाजवाद भनेको अब लागू गर्ने कार्यक्रम हो भन्दथे । सन् १९१७ को बोल्सेभिक क्रान्ति अघि समाजवादका त्यस्तो कुनै नमूना भौतिक रुपमा देखा परेकै थिएनन्, सबैसँग आँकलन र परिकल्पना मात्र थिए । एडवार्ड बर्न्स्टीनका अनुसार 'समाजवाद कुनै लक्ष्य होइन, कहिल्यै नसकिने प्रक्रिया हो ।' उनको धारणा थियो- "नढाँटीकन भन्ने हो भने म मा 'हाम्रो अन्तिम लक्ष्य समाजवाद' भन्नेमा असाध्यै कम चाख वा अनुभूति छ । लक्ष्य जे सुकै होस् मलाई त्यति चाख छैन, मेरो लागि आन्दोलन नै सबै थोक हो । र, मैले भनेको आन्दोलन समाजको आम गतिशीलता (समाजिक प्रगति) र यो परिवर्तन ल्याउन सक्ने सङ्गठन सहितको राजनीति तथा आर्थिक आन्दोलन दुबै हो ।" उनी मार्क्सवादी सिद्धान्त र व्यवहारमा रहेको बेमेलको कडा आलोचक थिए ।

**काउत्स्की, रोजा, लेनिन** : बर्न्स्टीनको 'व्यावहारिक माग' प्रति यी तीन नेताको असहमति थिएन । यिनीहरूको असहमति त उनको पुँजीवादको सन्दर्भमा रहेको 'सैद्धान्तिक' मान्यताप्रति थियो । किनकि यी सबै नेताहरू 'पुँजीवाद'को तत्काल अन्त्यको सम्भावना देख्दै थिए, यद्यपि काउत्स्की भने रोजा, लेनिनहरूको 'पुँजीवादको अन्त्य पछिको समाज व्यवस्था कस्तो बनाउने' भन्ने योजनाका विपरीत 'हेर्दै जाउँः- गर्दै जाउँ' भन्ने मतमा थिए । 'निस्क्रिय रणनीति' को रुपमा चिनिएको काउत्स्कीको मान्यता थियो- "पुँजीवाद त ढल्छ, तर त्यसको ठाउँमा 'यस्तो वा उस्तो' समाज व्यवस्थाको परिकल्पना गरिरहनु पर्दैन, त्यो आफै हुन्छ । उत्तेजना ठहरिने (प्रोभोकेशन) हरेक कुरालाई सावधानीपूर्वक हटाउनु पर्छ, विस्तारित आन्दोलनले आफैले उपयुक्त बाटो पहिलाउने छ ।"

**आन्दोलनको रुप** : यसमा लगभग सबैको समान मत 'हिंसा सिद्धान्त हुन सक्दैन' भन्नेमा छ। गैरकानुनी क्रान्तिकारी आन्दोलनमा जोड दिइएको देशहरूमा पनि हिंसाको प्रयोग सिद्धान्तको विषय थिएन। यहाँसम्म कि लेनिनले, जसको छवि 'हिंसात्मक आन्दोलनमा जोड दिने अनुदारवादी' को रुपमा कसै कसैले उल्लेख गरेको पाइन्छ- गैरकानुनी तथा हिंसालाई सिद्धान्तको रुपमा कहिल्यै लिएनन्। सन् १९०४ मा मेन्सेभिकहरूले आफ्नो प्रकाशन मार्फत् "अब मजदुरहरूले राज्यको बैंकका शाखा तथा शस्त्र भण्डारहरू कब्जा गर्नुपर्छ" भन्ने आव्हान गर्दा विरोध गर्ने लेनिन नै थिए- "यदि सामाजिक प्रजातन्त्रले सामजिक क्रान्तिको आव्हान गरेको हो भने यस्ता कामले निश्चित रुपमा क्रान्तिकै बदनाम गर्छ।"

सारमा त्यो बेलाको समाजवादीहरूमा आन्दोलनको रुपका बारेमा निम्नानुसारको विवाद थियो-

- कानुनी कि गैर कानुनी
  - क्रान्तिकारी युद्ध (लेनिन)
  - सशक्त आमहडताल (रोजा लक्जेम्वर्ग)
  - क्रमिक सुधार (बर्न्स्टीन)
- संसदीय कि गैर संसदीय
  - समाजवादीहरू बुर्जुवा पार्टीहरूसँग सरकारमा सामेल हुनु हुन्छ कि हुँदैन

माथि उल्लेख गरेझैं लेनिनले कानुनी र गैरकानुनी दुबै बाटालाई सामाजिक परिवर्तनको माध्यमका रुपमा स्वीकारे। आम रुपमा के विश्वास गरिन्छ भने मेन्सेभिक र बोल्सेभिक बीचको मुख्य विवाद भनेको संघर्षको तरिकामा नभएर 'कस्तो सङ्गठन बनाउने' भन्नेमा हो। मेन्सेभिकहरू 'खुल्ला' र 'प्रजातान्त्रिक पार्टी' को पक्षमा थिए भने लेनिन 'पेशेवर क्रान्तिकारीहरूको गुप्त सङ्गठनले नै रुसी समाजलाई समाजवादमा पुऱ्याउन सक्छ' भन्ने मान्यतामा थिए। यसरी लेनिन क्रान्तिकारी युद्धको बाटोका प्रवक्ता थिए।

**मजदुर वर्गको व्याख्या** : राजनीतिक आन्दोलनमा सैद्धान्तिक आधार निरुपण गरेर मात्रै हुँदैन, सामाजिक आधार पनि तय गरिनु पर्छ भन्नेमा युरोपेली समाजवादीहरू एकमत देखिन्छन्। मार्क्सले मजदुरवर्ग (श्रमिकवर्ग, वर्किङ क्लास) लाई सामाजिक परिवर्तनको आधारको रुपमा चित्रित गरेपछि लगभग त्यसैको वरिपरि सबै समाजवादीहरूको विश्लेषण घुमेको पाइन्छ। श्रमिकवर्ग कस्तो वर्ग हो? उनीहरूको दाबी छ- यो आधारभूत रुपमा 'समानरुपको (होमोजेनियस क्लास)' वर्ग हो। श्रमिकहरूले पाउने ज्याला र गर्ने कामको प्रकृतिको आधारमा उनीहरू 'फरक-फरक' छन् भन्नु गलत हो,

जे सुकै काम वा जतिसुकै ज्याला थापे पनि उनीहरूको आधारभूत स्वार्थ 'उस्तै' हुन्छ। जस्तै- पुँजीवादको मातहतमा आफ्नो जीवनस्तर कसरी सुधार्ने र विद्यमान अन्यायी समाज व्यवस्थाको बदलामा सही अर्थको समानतामा आधारित नयाँ समाज व्यवस्था स्थापना गर्न संघर्ष गर्ने । विश्लेषकहरू भन्छन्- "सर्वहारा आफैंमा 'समानरुपको (होमोजेनियस मास)' समूह भने होइन- यो समूहमा एउटै देशभित्रको भिन्नताको 'रेञ्ज' पनि ठूलो छ । फरक-फरक व्यवसायमा काम गर्नेहरू सीपका आधारमा विभाजित छन्, क्षेत्र वा राज्यको आधारमा भौगोलिक रुपमा विभाजित छन्, र विभाजित छन् राष्ट्रियता (जातीय वा सांकृतिक) को आधारमा । धर्म, परम्परा तथा पूर्वाग्रहको आधारमा, लिङ्गीय वा जातजातिको नाममा एक-आपसमा विभाजित छन्, उनीहरू प्रविधिको विकासको कारणले निरन्तर पुनर्संगठित भइरहन्छन् । यी सबै चिराहरूलाई (समजवादले त वैचारिक तथा सांगठानिक एकता मात्र दिन्छ ।"

**संसदको पक्षमा काउत्स्की र विपक्षमा लेनिन** : लेनिनले संसदलाई 'खसीको टाउको राखेर कुकुरको मासु बेच्ने थलो... र बुर्जुवाहरूको गफ गर्ने अखडा' को रुपमा चित्रित गरेका छन् । काउत्स्कीले भने आफ्नो रचना संसदवाद (पार्लियामेण्टारिजम-१८९३) मा लेख्छन्- "सही अर्थको संसदीय शासन सर्वहारा वर्गको अधिनायकत्वको लागि त्यति नै प्रभावकारी औजार बन्न सक्छ, जति त्यो बुर्जुवा वर्गको अधिनायकत्वको लागि उपयोगी छ ।"

**सरकारमा सामेल हुने र नहुने बीचको विवाद** : सन् १९१४ सम्म कुनैपनि युरोपेली समाजवादीहरू बुर्जुवा पार्टीहरूसँग सरकारमा सामेल भएका थिएनन् । र यो १९१४ अघिको समाजवादी आन्दोलनको अर्को तर चर्को बहसको विषय थियो । द्विविधामा रहेका समाजवादीहरू प्रथम विश्व युद्ध भड्किने समयमा आएपछि अझ विवादित र विभाजित हुन पुगे । यस प्रसङ्गमा 'श्रमिक वर्गको राज्य हुन्छ कि हुँदैन' भन्ने बहसले 'सरकारमा सामेल हुनु हुन्छ कि हुँदैन' भन्ने विषयलाई नयाँ मोड दियो । फ्रान्सका तत्कालीन समाजवादी गुइस्दे र उनका अनुयायी जाउरेसहरू 'युद्धदुष्ट हो' भन्ने मान्यतामा अडिग रहँदा रहँदै पनि 'श्रमिकहरूको राज्य हुँदैन' भन्ने मार्क्सवादी मान्यताको विपक्षमा उभिए । उनीहरूले घोषणा गरे- 'यदि हाम्रो देशलाई कसैले थर्काउँछ भने हामी फ्रान्सको रक्षामा सीमानामा पुग्नेहरूमा पहिलो हुनेछौं, किनकि हाम्रो नसा-नसामा यसको रगत बगिरहेको छ ।' यही मान्यतामा नै १९१४ मा पश्चिम युरोपेली समाजवादीहरूले सरकारको समर्थन गरे र युद्धमा प्रवेश गरे । यसैगरी स्वीडिसहरू उदारवादीहरूको तटस्थ नीतिको समर्थन गर्दै अनिच्छापूर्वक (१९१७ बाट) सरकारमा सामेल भए । र, यसरी सरकारमा सामेल हुने कि नहुने भन्ने हिचकिचाहट पनि सकियो, जसको जस्तो हैसियत छ, त्यही अनुरुप युरोपेली समाजवादीहरू बुर्जुवा पार्टीहरूसँग केन्द्रीय वा स्थानीय रुपमा विभिन्न सरकारमा सामेल हुनथाले ।

**पहिलो विश्वयुद्ध र समाजवादीहरूमा विभाजन** : युरोपेली समाजवादीहरू सुरुका दिनहरूमा युद्धको विपक्षमा र शान्तिको पक्षमा थिए । खासगरी युद्धले साम्राज्यवादीहरू र प्रतिक्रियावादीलाई सहयोग गर्ने भएका कारण यसको विरोध हुनुपर्छ भन्ने मान्यतामा सबै युरोपेलीहरूका बीच समानता थियो । तर जब युद्ध सुरु भयो र यसको पक्षमा व्यापक जनमत देखापर्‍यो तब समाजवादीहरू बीच पनि विभाजन देखा पर्‍यो । खासगरी पार्टीका कार्यकर्ता युद्धको विपक्षमा थिए भने आमजनमत यसको पक्षमा थिए । पहिलो विश्वयुद्धका समयमा समाजवादीहरू मूलतः तीन क्याम्पमा विभाजित भए :

- देशभक्त समाजवादी: भैलेन्ट र गुदे फ्रान्स, सिदेन्नान जर्मनी, बन्देरभेलाते बेल्जीयम, प्लेखानोभ रुस, हाइदमान बेलायत, बिस्सोलाती इटाली लगायतका व्यक्तिहरूले नेतृत्व गरेका समूहहरू
- मध्यपन्थी वा युद्ध विरोधी समाजवादी: कार्ल काउत्स्की, बन्स्र्टीन जर्मनी, म्याकडोनाल्ड र हार्डे बेलायत, बेर्डोन फ्रान्स लगायतका समूहहरू
- युद्धविरोधी वामपन्थीहरू: कार्ल लिवरनेच्ट र रोजा लक्जम्वर्ग जर्मनी, लेनिन रसिया, ग्राम्स्सी इटाली आदि ।

**अन्तोनिओ ग्राम्स्सी:** नयाँ सामाजिक क्रान्ति सम्पन्न गर्न नागरिक समाजको भूमिका महत्वपूर्ण हुन्छ । राज्यसत्ता कब्जा गर्न भन्दा पहिले सामाजिक समूहहरूले आफ्नो नेतृत्व स्थापित गर्न सक्नुपर्छ । सरकारमा सामेल हुनभन्दा पहिले आफ्नो वर्चसव समाजमा स्थापित गर्ने कुरालाई नै ग्राम्स्सीले उनको हेजमोनिक अवधारणासँग जोडेका छन् । यसका लागि उनले मूलतः दुई अवधारणा अगाडि सारेका छन् :

- राज्यसंयन्त्रको नियन्त्रण गर्नुभन्दा पहिले समाजमा पर्याप्त मात्रामा 'हेजमोनि' स्थापना गर्न सक्नुपर्दछ
- त्यसले मात्र साँच्चैको सत्ता कब्जा गर्न र निरन्तरता दिन सकिन्छ ।

ग्राम्स्सीको विचारमा क्रान्ति भनेको राज्यसत्ताको कब्जा अथवा एक समाजिक व्यवस्थाबाट अर्को सामाजिक व्यवस्थामा रुपान्तरण गर्ने पूर्ण प्रक्रिया हो । यसको **पहिलो प्रक्रिया** क्रान्ति गरेर राज्यसत्ता कब्जा गर्न र त्यसपछि सुधार गर्दै जानु हो । **दोस्रो प्रक्रिया** क्रान्ति भनेको नयाँ हेजमोनि स्थापना गर्ने हो र हेजमोनि स्थापना गर्ने वा राज्यसत्ता कब्जा गर्ने कुनै एक मात्र बाटो छैन, यसका फरक-फरक बाटोहरू हुनसक्छन् । प्रमुख पक्ष भनेको नयाँ सामाजिक व्यवस्थाको स्थापना गर्न हो, जुन अहिलेको भन्दा आधारभूतरुपमा नै भिन्न प्रकारको हुन्छ ।

**रुसी क्रान्ति र तेस्रो अन्तर्राष्ट्रिय** : युद्धको विपक्षमा आफूलाई उभ्याउँदै रुसीहरूले सन् १९१७ को क्रान्ति सम्पन्न गरे । जसको सिंगो युरोपमा व्यापक प्रभाव पर्‍यो । सन् १९१८ देखि १९२० सम्मको समय नै पश्चिम युरोपको समाजवादी क्रान्तिका लागि सबैभन्दा अनुकूल समय मानिन्छ । तर जब लेनिनले तेस्रो अन्तर्राष्ट्रियको सदस्य हुनका लागि २१ वटा सर्तहरू अगाडि सारे त्यसले गर्दा प्रथम विश्वयुद्धको विरोध र समर्थनको सवाललाई लिएर यसअघि नै विभाजनको रेखा कोरिसकेको समाजवादी आन्दोलनभित्र व्यापक विभाजन ल्याइदियो । लेनिनका २१ बुँदामध्ये निम्न बुँदाहरू विवादास्पद मानिन्छः

- सबै समाजवादी पार्टीहरूले आफूभित्रका सुधारवादीहरूलाई निष्कासन गर्नुपर्छ
- गैरकानुनी राजनैतिक कामका लागि तयार रहनुपर्छ
- सोभियत युनियनको समर्थन गरेको हुनुपर्छ
- सबै समाजवादीले आफूलाई कम्युनिस्ट भन्नुपर्छ
- दक्षिणपन्थीहरूसँग सरकारमा सामेल हुनु हुँदैन, आदि ।

त्यस्तै लेनिनले पहिलो र दोस्रो अन्तर्राष्ट्रियका भन्दा फरक तेस्रो अन्तर्राष्ट्रियलाई केन्द्रीकृत सङ्गठनका रुपमा अगाडि बढाउने र यसको केन्द्र तत्कालीन सोभियत संघ बनाउने विचार ल्याए । यसबाट सुधारवादी र क्रान्तिकारीहरूबीच थप विभाजन ल्याइदियो । यसबाट तत्कालीन युरोपका अधिकांश समाजवादी पार्टीहरू विभाजित हुनपुगे र हिजोसम्म एक रहेका समाजवादी पार्टीहरूबाट कम्युनिस्टहरू अलग हुनपुगे । अर्कोतर्फ संसारको कम्युनिस्ट आन्दोलनलाई निर्देश गर्ने उद्देश्यका साथ गठन गरिएको तेस्रो अन्तर्राष्ट्रिय आफैंमा असफल भयो र सन् १९४३ मा आएर विघटन हुनपुग्यो । सन् १९१९ देखि १९४३ सम्म मंगोलिया बाहेक संसारका कुनैपनि मुलुकमा कम्युनिस्ट आन्दोलन सफल हुन सकेन र मंगोलियाको सफलताको श्रेय पनि तेस्रो अन्तर्राष्ट्रियमा गएन ।

**रुसी क्रान्ति पछिको युरोप** : रुसी अक्टोबर क्रान्तिको प्रभावबाट क्रान्तिकारीहरूको प्रभाव विस्तार भए तापनि लेनिनका २१ बुँदाका कारण त्यसयता युरोपका अन्य राष्ट्रहरूमा क्रान्ति सम्पन्न हुन सकेन । यसका लागि मूलतः निम्नकारणहरू जिम्मेवार थिए :

- पश्चिम युरोपेली समाजवादीहरूको स्थापनाकालदेखिको कार्यनीति निर्वाचनमा भाग लिने, कानुनी लडाइ गर्ने रहिआएको थियो । लेनिनले तेस्रो अन्तर्राष्ट्रिय

मार्फत गैरकानुनी आन्दोलनलाई मान्यता दिने मान्यता अगाडि सार्नाले अधिकांश समाजवादीहरू त्यससँग सहमत हुन सकेनन् ।

- दोस्रो उदार प्रजातान्त्रिक व्यवस्थालाई उपयोग गरेर सुधारको बाटोबाट समाजवादको बाटोमा आगाडि बढ्न सकिन्छ भन्ने मान्यतामा अधिकांश समाजवादीहरू थिए ।
- क्रान्तिपछिको रुसी समाजवादको मोडेल जुन सर्वहारावर्गको नेतृत्वमा कम्युनिस्ट पार्टीको एक दलीय व्यवस्थाले पश्चिम युरोपका बहुदलीय र खुला प्रतिस्पर्धात्मक वातावरणमा हुर्केका समाजवादीहरूलाई आकर्षण गर्न सकेन
- सोभियत संघलाई नेता मानेर अगाडि जाने विषयमा पनि पश्चिम युरोपेली समाजवादीहरूमा हिच्किचाहट रह्यो ।
- पहिलेदेखि नै पुँजीवाद भित्रबाट नै सुधार गरेर अगाडि जान सकिन्छ भन्ने बर्न्स्टीनको विचारबाट प्रभावित समाजवादीहरूलाई रुसी क्रान्तिको कठोर बाटोले प्रभावित पार्न सकेन । सुधारमा विश्वास गर्ने समाजवादीहरूमा लेनिन लगायतकाहरूको विश्वास रहेन ।

**समाजवादीहरू सरकारमा** : यसरी सैद्धान्तिक र राजनैतिक विभाजन बढ्दै जाँदा समाजवादीहरू क्रमशः आफ्ना सरकारमा नजाने पुराना मान्यताहरू परिवर्तन गर्दै मध्यपन्थी र कतिपय स्थानमा दक्षिणपन्थी शक्तिहरूसँग गठबन्धन गरेर सरकारमा सामेल हुनथाले । पहिलो विश्वयुद्ध नसकिदै स्वीडिसहरू सरकारमा सामेल भएका थिए भने पहिलो र दोस्रो युद्धको बीचमा समाजवादीहरूले मध्यमार्गी शक्तिहरूसँग गठबन्धन गरेर बेलायत, स्पेन, स्वीडेन, नर्वे र जर्मनीमा सरकारमा सामेल हुनपुगे ।

**स्वीडिस प्रजातान्त्रिक समाजवादी मोडेल** : सन् १९३० को दशकको आर्थिक महासङ्कट (ग्रेट डिप्रेसन)का समयमा स्वीडिस प्रजातान्त्रिक समाजवादी सरकारले जुन कार्यक्रमहरू अगाडि सारेर त्यसबेलाको बढ्दो बेरोजगारी र आर्थिक मन्दीलाई चिर्न सफल भयो, त्यो नै वास्तवमा दोस्रो विश्वयुद्धपछिको सिंगो पश्चिम युरोपको प्रजातान्त्रिक समाजवादी मोडेलका लागि आधार बन्नपुग्यो । जस अन्तरगत पुँजी र श्रम बीचको सम्झौता र पूर्ण रोजगारी सहितको लोक कल्याणकारी राज्य थियो । स्वीडिस मोडेलको चुरो चाहिँ यसको “थ्योरी अफ अर्गनाइज्ड क्यापिटालिजम” हो । जसमा यसले वर्ग सम्झौतालाई पछ्याएको छ ।

**नर्डिक राष्ट्रहरूको कल्याणकारी कार्यक्रम** : सन् १९३० को दशकको स्वीडेन लगायतका नर्डिक राष्ट्रहरूले सुरुवात गरेको कल्याणकारी कार्यक्रम अन्तरगत निम्न अनुसारको थियो:

- सबैका लागि बेरोजगारी बीमा
- वृद्धभत्ताको व्यवस्था
- श्रमिकलाई न्यूनतम ज्यालाको निर्धारण
- किसान र माछा व्यवसायीलाई मूल्य स्थिरताको सुविधा
- ठूलो परिवार हुनेहरूका लागि आवासको व्यवस्था
- सबैका लागि सुत्केरी बिदा
- तलब सहितको वार्षिक छुट्टीको व्यवस्था
- नवविवाहितका लागि राज्यको तर्फबाट सहुलियत ऋणको व्यवस्था
- सबैका लागि शिक्षा
- सबैका लागि स्वास्थ्य

**रोजगारदाता र श्रमिक बीचको सम्झौता** : सन् १९१८ मा जर्मनी र त्यसयता प्रायः सबै पश्चिम युरोपका मुलुकहरूले पछ्याएको यो सम्झौता वर्ग सम्झौता हो । जसमा श्रमिक वर्गले पुँजीपति वर्गको व्याख्या गरे अनुसारको उच्च आर्थिक वृद्धि र उत्पादकत्वको विकासबाट सामाजिक सुधार र पूर्ण रोजगारीको व्यवस्था सहितको समाज स्थापना गर्नसकिन्छ भन्नेमा सहमत हुनु हो । अर्थात पुँजीवादी आर्थिक नीतिभित्रै रहेर सामाजिक क्षेत्रका सुधार गर्न सकिन्छ भन्ने मान्यताको सहमति । यसै बीच तत्कालीन बेलायती लेवर पार्टीका नेता जि. डि. एच. कोलले सोभियत संघको सफलताबाट प्रभावित भई योजनाबद्ध आर्थिक विकासको नीति अपनाउन पुगे र उनको तर्क थियो कि उत्पादनका साधनहरूमाथिको नियन्त्रणभन्दा आर्थिक नियन्त्रण धेरै गुणाले महत्वपूर्ण र प्रभावकारी हुन्छ ।

**दोस्रो विश्वयुद्ध र द्विविधायुक्त युरोपेली कम्युनिस्ट** : पहिलो विश्वयुद्धको बेला झैं दोस्रो विश्वयुद्ध सुरु भएपछि पनि युरोपेली वामपन्थीहरूका बीच विभाजन देखा पर्‍यो; खासगरी सन् १९३९ मा जब तत्कालीन सोभियत संघ र जर्मनी अर्थात् स्टालिन र हिटलरका बीच अनाक्रमण सन्धिमा सम्झौता भयो । नाजीवाद र फासीवादलाई प्रमुख दुश्मनका रुपमा चित्रित गर्दै आएका युरोपेली कम्युनिस्टहरू स्टालिनले हिटलरसँग गरेको सम्झौताबाट आश्चर्य चकित भए । त्यतिमात्र नभई दोस्रो विश्वयुद्धको सूत्रधार मानिएको नाजीवादका विरुद्ध अन्य पक्षसँग एकताबद्ध भएर अगाडि जानुपर्ने बेला उल्टो सोभियत संघको त्यस किसिमको निर्णयबाट सिंगो युरोपेली कम्युनिस्टहरूमा एक किसिमको असमन्जस्यता देखापर्‍यो । त्यसभन्दा अगाडि बढेर जब कम्युनिस्ट अन्तर्राष्ट्रियले तात्कालिक युद्धलाई फासीवादी युद्ध नभनी साम्राज्यवादी युद्ध घोषणा गर्‍यो । त्यसको लगत्तै फ्रान्सेली र बेलायती कम्युनिस्ट पार्टीहरूले कम्युनिस्ट अन्तर्राष्ट्रियको उक्त घोषणाप्रति आफ्नो सहमति प्रकट गरे भने इटलीको कम्युनिस्ट पार्टीले यसको विरोध गर्‍यो ।

परिस्थितिले त्यतिबेला उल्टा खायो जब स्टालिन र हिट्लरका बीचको सम्झौता भएको करिब दुई वर्ष पुग्दा नपुग्दा सन् १९४१ को जुनमा नाजी जर्मन सेनाले सोभियत संघमाथि आक्रमण सुरु गऱ्यो । हिजोसम्म साम्राज्यवादी भनिएको युद्ध, अब सोभियत संघमाथिको आक्रमण पछि फासीवादी युद्धका रुपमा परिणत भयो । त्यसै वर्षको जुलाई १३ मा स्टालिन र चर्चिलका बीचमा सम्झौता भयो र बेलायत र सोभियत युनियनको गठबन्धन बन्यो । यस पश्चात मस्कोको औपचारिक निर्देशन बिना नै रातारात युरोपेली कम्युनिस्टहरूले यस समझदारीको स्वागत गर्नपुगे । फासीवादको विरुद्ध आफ्नो अभियानलाई अगाडि बढाए । त्यसपछि युद्ध नसकिन्जेल युरोपेली कम्युनिस्ट पार्टीहरूले अग्रपंक्तिमा रहेर नाजीवादको विरोध गरिरहे । लेनिनले सन् १९१९ मा गठन गरेको तेस्रो अन्तर्राष्ट्रियको पनि स्टालिनले सन् १९४३ मा विघटन गरिदिए र यस पश्चात युरोपेली कम्युनिस्ट पार्टीहरूले स्वतन्त्रतापूर्वक आफ्ना नीतिहरू तय गर्न पाउने वातावरण बन्यो ।

**कम्युनिस्टको प्रतिष्ठामा वृद्धिसँगै सक्तटको सामना** : स्टालिन र हिट्लरका बीचको सन्धि र त्यसले पारेको नकारात्मक प्रभावका वावजुद दोस्रो विश्वयुद्धको समयमा युरोपेली कम्युनिस्टहरूको भूमिका समाजवादीहरूको भन्दा प्रभावकारी रह्यो । खासगरी सोभियत संघको रक्षाका नाममा र फासीवादका विरुद्धको भूमिका उल्लेख्य रह्यो । सन् १९४३ देखि १९४६ सम्म सोभियत युनियनको इज्जत धेरै माथि उठेको थियो । योजनाबद्ध आर्थिक विकास, सामूहिक नेतृत्व प्रणाली र स्टालिनको नेतृत्वमा भएको नाजीवाद विरुद्धको युद्धले समाजवादको प्रतिष्ठालाई धेरै माथि उठाएको थियो । पश्चिम युरोपेली राष्ट्रहरूमा कम्युनिस्ट पार्टीहरू लोकप्रिय आन्दोलनका माध्यमबाट सत्तासीन भए भने, अल्बानिया र युगोस्लाभियामा मात्र सत्ता परिवर्तन हुन सक्यो । अन्य मुलुकमा पुँजीवादका विरुद्धको सशक्त आन्दोलन हुन सकेन । युद्धका बेलाको भूमिकाका कारण त्यस पछि पनि कम्युनिस्ट पार्टीहरू गठबन्धन सरकारमा सामेल त भए, तर तिनले पुँजीवादी सामाजिक व्यवस्थालाई विस्थापित गरेर समाजवादको स्थापना भने गर्न सकेनन् । उनीहरूको भूमिका पनि केवल पुँजीवादभित्रको सुधारको प्रक्रियालाई अगाडि बढाउने नै रह्यो । यो अवस्था पनि धेरै दिन टिक्न सकेन । खासगरी अमेरिकाको नेतृत्वमा शीतयुद्धको सुरुवातसँगै कम्युनिस्ट विरोधी अभियान सुरु गरियो । जसका कारण हिजोसम्म कम्युनिस्ट पार्टीहरूसँग सहकार्य गर्दै गरेका समाजवादी र मध्यमार्गी पार्टीहरूले कम्युनिस्ट पार्टीहरूसँगको सहकार्य टुटाउन थाले । सन् १९४७ मा मात्र फ्रान्स, इटली, नर्वे, बेल्जियम, लक्जम्बर्ग र अष्ट्रियामा कम्युनिस्टहरूलाई गठबन्धन सरकारबाट हटाइयो । कम्युनिस्टहरूको अनुमान थियो कि हिजो फासीवादका विरुद्ध स्थापित गठबन्धन युद्ध पछिको कालमा पनि कायम रहने छ र त्यसका माध्यमबाट सामाजिक र  आर्थिक सुधारको अभियानलाई अगाडि बढाउन सकिने छ । तर युद्ध पछिको युरोपको अवस्थामा खासगरी अमेरिकाको मार्शल कार्यक्रम, ट्रयुम्यान

डक्ट्रिनका नामले परिचित अमेरिकी राष्ट्रपति ह्यारी ट्रयुम्यानको कम्युनिस्ट विरुद्धको जेहाद, बर्लीनको पर्खाल र स्टालिनको नेतृत्वमा पूर्वी युरोपमा स्थापित समाजवादी व्यवस्था र त्यसमाथिको सोभियत नियन्त्रण जस्ता कारणले पश्चिम युरोपेली कम्युनिस्ट पार्टीहरूको लोकप्रियतामा ह्रास आउन सुरु भयो । यस अवस्थालाई चिर्नका लागि पश्चिम युरोपेली कम्युनिस्टहरूले जनताको प्रजातन्त्र (People's Democracy) नामको सामाजिक जनवादी भन्दा क्रान्तिकारी कार्यक्रम अगाडि सारे । तर पनि यसले सिंगो जनमतलाई आकर्षित गर्न सकेन ।

अर्कोतर्फ पुँजीवादले भोग्नुपरेको आर्थिक मन्दी अनि पुँजीवादी समाज भित्रबाट जर्मनी र इटलीमा क्रमशः हुर्केको नाजीवाद र फासीवादका कारण उसको प्रतिष्ठा नराम्ररी खस्केको थियो । त्यस्तै समाजवादीहरूको युद्धको बेलाको भूमिका पनि उल्लेख्य रहेन । उनीहरूका बीच युद्धप्रति फरक-फरक अवधारणाहरू थिए भने कम्युनिस्ट पार्टीहरूप्रति अविश्वास पनि व्याप्त थियो । तटस्थ रहेका देशहरू स्विट्जरल्याण्ड, आयरल्याण्ड र स्पेनमा समाजवादीहरू नगण्यमात्रामा थिए भने स्वीडेनमा पहिलो शक्तिका रुपमा भए पनि उनीहरूको भूमिका स्पष्ट थिएन । स्वीडिस समाजवादीहरू आफूलाई युद्धबाट टाढा राख्ने कोसिस गर्दै थिए । अर्कोतर्फ नाजीले जर्मनीसँगको आफ्नो व्यापार र व्यावसायिक सम्बन्धलाई पनि कायमै राखेका थिए । स्वीडिस नाजीलाई भन्दा स्वीडिस कम्युनिस्टहरूलाई त्यतिबेला सुरक्षाको खतरा बढी थियो । बेलायतको लेबर पार्टी चर्चिलको सरकारमा सामेल भयो भने फ्रान्समा समाजवादी गुल्ले र कम्युनिस्टका बीचको सम्बन्ध त्यति राम्रो थिएन ।

२. **प्रजातान्त्रिक समाजवादी आन्दोलनको स्वर्णिमकाल** (**१९४५ देखि** १९७३):
युद्धबाट ध्वस्त बनेको पश्चिम युरोपका मुलुकहरूले मार्शल प्लान अन्तरगतको अमेरिकी आर्थिक सहयोग र जनतामा स्थापित राष्ट्रवादको भावनालाई उपयोग गरेर युद्ध अन्त्य भएको करिब पाँच वर्ष पुग्दा नपुग्दै आफ्ना राष्ट्रहरूलाई पुरानो अवस्थामा फर्काउन सफल भए । त्यसयता उनीहरूले सन् १८८७ मा दोस्रो अन्तर्राष्ट्रियले अगाडि सारेका सामाजिक कल्याणकारी कार्यक्रमहरू लागू गर्न सुरु गरे । खासगरी पुँजीवादी व्यवस्थाको संरचनाभित्र नै सरकारको भूमिकालाई बढाएर, सार्वजनिक क्षेत्रहरूको विकास गर्दै योजनाबद्ध संयन्त्रको निर्माण गरी अगाडि बढ्ने नीतिहरू लिए । "पुँजीवादले विकास गर्न सक्दैन" मार्क्सले कल्पना गरेभन्दा पृथक पुँजीवादले आफूलाई परिवर्तन गरी लगातार विकास गर्दै गयो । खासगरी युद्ध पछिको पश्चिम युरोपको विकासले यसलाई पुष्टि गर्‍यो । त्यस्तै यसको पक्षमा जनसमर्थन पनि व्यापक भयो । पुँजीवादी व्यवस्थामा समाजवादी व्यवस्थाका केही पक्षहरू समावेश गरी जाने नीति जुन इदवार्ड बर्न्स्टीनले करिब पाँच दशक अघि परिकल्पना गरेका कुरा अहिले व्यवहारमा लागू गरिए । जस अन्तर्गत शिक्षा, स्वास्थ्य जस्ता विषयहरूलाई आधारभूत हकको रुपमा निःशुल्क गरियो । पूर्ण रोजगारी र पेन्सनको व्यवस्था, बेरोजगारी भत्ता,

न्यूनतम ज्यालाको निर्धारण, तलब सहितको वार्षिक बिदा आदि जस्ता सामाजिक कल्याणकारी व्यवस्थाहरू सबै पश्चिम युरोपेली राष्ट्रहरूमा लागू गरिए । त्यस्तै ठूला उद्योगहरू र बैंकहरूको राष्ट्रियकरण गरियो । केन्द्रीय योजनाबद्ध आर्थिक विकासको नीति पनि लागू गरियो । यसबाट मजदुरवर्गमा पुँजीवादभित्र पनि समाजवाद पक्षीय सुधार गरी मजदुरको हित गर्न सकिंदो रहेछ भन्ने सन्देश गयो । अर्कोतर्फ बढ्दो कम्युनिस्ट प्रभावलाई नियन्त्रण गर्नका लागि पनि सफल बन्यो ।

**बर्न्स्टीनका भनाइको पुष्टि** : समाजवादभित्र जनताका आधारभूत स्वतन्त्रतालाई सुरक्षित गर्दै उनीहरूलाई सशक्तीकरण गर्ने र असमानताको खाडल बिस्तारै पुर्दै जाने नीति समाजवादीहरूको रह्यो । त्यस्तै समतामूलक समाज स्थापना गर्न लगातारका प्रयत्नले आय आर्जनमा रहेको खाडललाई साँगुर्‍याउन सकिन्छ र जनताका आधारभूत अधिकारहरूलाई स्थापित गर्न सकिन्छ भन्ने मान्यतालाई अगाडि सारियो । पश्चिम युरोपका कुनैपनि समाजवादी र कम्युनिस्ट पार्टीहरूले व्यक्तिगत पुँजीको अन्त्यको वकालत गरेका थिएनन् । संसदमा बहुमत सिद्ध गरेर सुधारको माध्यमबाट समाजवादमा फड्को मार्न सकिन्छ भन्नेमा उनीहरूको पनि विश्वास थियो । एउटा उच्चस्तरको सक्षम र मुनाफा युक्त पुँजीवादी व्यवस्थाले कल्याणकारी राज्यको स्थापना, आयको पुनर्वितरण र धेरै सामाजिक अवसरहरू निर्माण गर्न सक्तछ । तर यसले समाजवादी व्यवस्थाबाट अर्को कुनै व्यवस्थामा फड्को मार्ने काम गर्ने छैन । यसरी सन् १९४८ मा आइपुग्दा समाजवादको पक्षमा पश्चिम युरोपेली देशहरूमा ठुलो जनमत तयार भयो । पश्चिम युरोपका समाजवादीहरूका बीच बर्न्स्टीन सही ठहरिए, जसले भनेका थिए समाजवादीहरूले भविष्य कस्तो हुन्छ भन्न छाडेर वर्तमानमा के गर्न सकिन्छ भनेर सोच्नुपर्छ । यस किसिमको समाजवादी प्रणालीको लेनिनले धेरै अगाडि खण्डन गरेका थिए र यसैका आधारमा युद्ध पछिको युरोपका कम्युनिस्टहरूले पनि यसबाट आफूलाई पृथक राखे, जसले गर्दा प्रजातान्त्रिक समाजवादी प्रणालीलाई “बुर्जुवा समाजवादी” भनियो र कम्युनिस्ट समाजवादीका बीचमा कहिल्यै सँगै जान नसकिने किसिमको चिनियाँ पर्खाल खडा हुनपुग्यो ।

**नवसंशोधावादी विचार र समाजवादीहरूमा सैद्धान्तिक बहसको अभाव** : १९ औं शताब्दीको अन्तिम दशकमा जब बर्न्स्टीन र उनका समर्थकहरूले संशोधनवादी विचार अगाडि ल्याएका थिए, त्यतिबेला दोस्रो अन्तर्राष्ट्रियका सबै पार्टीहरूले त्यसको विरोध गरेका थिए । तर सन् १९५० को दशकमा जब समाजवादी पार्टीका नेताहरूले नवसंशोधनवादी विचार अगाडि ल्याए, यसको विरोध नभएको मात्र होइन, पार्टीका बहुसंख्यक कार्यकर्ता र समर्थकहरूले यसको समर्थन गरे । समाजवादको आधारभूत पक्ष भनेको व्यक्तिगत पुँजीको अन्त्य हो अर्थात व्यक्तिगत पुँजीमा टिकेको पुँजीवादी व्यवस्थाको अन्त्य र सामूहिक स्वामित्वमा आधारित समाजवादी व्यवस्थाको स्थापना

हो । तर नवसंशोधनवादी विचारले उत्पादनका साधनमाथिका स्वामित्वलाई महत्व दिएन र यसको राष्ट्रियकरण गर्ने कुरालाई पनि कम आँक्यो । उत्पादनका साधनको राष्ट्रियकरणको विषयलाई यसको व्यावहारिकतासँग जोडियो । जस्तो, व्यक्तिको एकाधिपत्यको अन्त्य, संरक्षित रोजगारी, ठूला लगानीका लागि अनुमति, अत्यावश्यक सुविधाहरूको सुनिश्चितता, जस्ता गैर समाजवादी विचारहरू अगाडि सारिए । हिजो समाजवादी र गैरसमाजवादीका बीच रहेको गहिरो खाडललाई पुर्ने काम गरियो । एक बेलायती संशोधनवादी अर्थशास्त्री ऋसल्याण्डका अनुसार अहिलेको पुँजीवाद हिजोको जस्तो एकाधिकारवादी पुँजीवाद होइन । आजको पुँजीवादमा व्यापारिक वर्गले आफ्नो नेतृत्वदायी भूमिका गुमाइसकेको छ, आर्थिक निर्णयहरू औद्योगिक व्यवस्थापकहरूका हातमा गइसकेका छन् । पूर्ण रोजगारीको व्यवस्थाले संगठित श्रमशक्तिको भूमिका पनि बढाइदिएको छ । यस अवस्थामा उत्पादनका साधनमाथिको स्वामित्वको सवालले पनि त्यति महत्व राख्दैन । किन कि पूर्ण रोजगारीको व्यवस्थाले कामदारहरू बलिया भइसकेका छन् । त्यस्तै साझेदारी लगानी र संयुक्त सेयरको व्यवस्थाले व्यक्तिको एकाधिकारवादी लगानीको प्रक्रियालाई पनि अन्त्य गरिदिएको छ ।

यसबेलाको संशोधनवादले कम्युनिस्ट आन्दोलनको मात्र आलोचना गरेन, त्यसले परम्परावादी समाजवादीहरूको पनि आलोचना गर्‍यो र आफूलाई त्यसबाट अलग गर्ने कोसिस गर्‍यो । नवसंशोधनवादी विचारले लगातारको समाजिक विकासको विचारलाई परित्याग गरी पुँजीवाद अन्तरगतको आर्थिक वृद्धिको पक्षपोषण गर्नथाल्यो । त्यस्तै सन् १९५० को दशकबाट युरोपका सबै समाजवादी पार्टीहरूले मार्क्सवादलाई आफ्नो कार्यक्रमबाट अलग गरिदिए । त्यस्तै समाजवादीहरूले सन् १९५० र ६० को दशकमा आएका परिवर्तनहरूका बारेमा अवधारणाहरू बाहिर ल्याउन सकेन । जस्तो पप संस्कृति, औद्योगिक क्षेत्रमा पुनर्स्थापित द्वन्द्व, विद्यार्थी आन्दोलनको भूमिका, महिलावाद, काला जातीमा आएको चेतना, समलैंगिक अधिकार, तेस्रो विश्वको समस्या, वातावरणीय समस्या, परम्परागत परिवारमा आएका सङ्कट, जात र धर्ममा आएको विखण्डन, आदि विषहरूमा समाजवादीहरूका बीच राजनैतिक र सैद्धान्तिक बहसहरू भएनन् । युरोपेली समाजवादीहरूले वर्तमानमा टिक्नका लागि विगतलाई तिलाञ्जलि दिए, तर भविष्यप्रति भने अन्धा बने । जे जति सैद्धान्तिक बहसहरू भए, ती पहिलो विश्वयुद्ध अगाडि मात्र भए; जसको अगुवाइ बर्न्स्टीन, काउत्स्की, लेनिन, रोजा जस्ता व्यक्तिहरूले गरेका थिए । त्यसयताको युरोपेली समाजवादी आन्दोलनमा एउटा पनि समाजवादको वैचारिक विषयलाई आधार बनाएर विवेचनायुक्त बहस र छलफल भएनन् ।

**निर्वाचनमा समाजवादीहरू** : युरोपेली समाजवादीहरूले सुरुदेखि नै निर्वाचनमा भाग लिंदै आएका थिए । पहिलो विश्वयुद्धभन्दा अगाडि र दुवै विश्वयुद्धको बीचको समयमा स्वीडेनमा मात्र उनीहरूले स्पष्ट बहुमत हासिल गर्न सफल भएका थिए । तर

सन् १९५० र ६० को दशकमा भएका निर्वाचनहरूमा कम्युनिस्टहरूको तुलनामा समाजवादीहरूले निर्वाचनमा आफ्नो मतमा वृद्धि गरे । खासगरी सन् १९४५ पछिको आर्थिक वृद्धि र कल्याणकारी कार्यक्रमको कार्यान्वयनका कारण पश्चिम युरोपका सबै राष्ट्रहरूमा प्रजातान्त्रिक समाजवादीहरूको पकड बलियो बन्न पुग्यो । यस बीचको समयमा पश्चिम युरोपमा सालाखाला ४० प्रतिशत मत समाजवादीहरूको पक्षमा रहेको थियो । त्यस्तै झण्डै ३४ प्रतिशत निर्वाचित प्रतिनिधिहरू वामपक्षीय विचारका थिए । तर सन् १९७१ मा पुग्दा नपुग्दा यो सङ्ख्या बढेर करिब ४० प्रतिशतको हाराहारीमा पुगेको थियो । यस बीचमा समानुपतिक निर्वाचन प्रणाली भएका मुलुकहरूमध्ये स्वीडेनमा मात्र समाजवादी पार्टीको स्पष्ट बहुमत थियो भने अन्यत्र कतै साना कम्युनिस्ट पार्टीहरूसँग मिलेर त कतै मध्यमार्गीसँग मिलेर सरकार बनाइएका थिए । अस्ट्रिया, नर्वे, डेनमार्क, स्वीडेन, बेलायतमा एकल वा वाम पक्षीय मिलिजुली सरकारहरू थिए । जर्मनी, हल्याण्ड, फिनल्याण्ड, फ्रान्स, बेल्जियम र इटलीमा मध्यमार्गीहरूसँग मिलेर सरकार बनाइएको थियो ।

अर्कोतर्फ कम्युनिस्टहरूको खासगरी स्टालिनको मृत्यु पछि खुश्चेवद्वारा उनको निन्दाको विषय, सन् १९५६को हँगेरी माथि सोभियत हस्तक्षेप, बर्लिनको पर्खाल, एकदलीय कम्युनिस्ट व्यवस्था आदि विषयहरू र अमेरिकाको नेतृत्वमा पुँजीवादीहरूको लगातारको विरोध अभियानका कारण उनीहरू क्रमिकरुपमा कमजोर बन्न पुगे । फ्रान्स, फिनल्याण्ड र इटली बाहेकका मुलुकहरूमा कम्युनिस्ट पार्टीहरूको निर्वाचन परिणाम ज्यादै नकारात्मक रह्यो । यसका बावजुद कम्युनिस्टहरूले समाजवादी पार्टीहरूसँग साझेदारी गरेर सरकारमा सामेल भए, कतिपय मुलुकमा बाहिरबाट समर्थन पनि दिएका थिए ।

**पुँजीवादको स्वर्णयुगको अन्त्य** : दोस्रो विश्वयुद्ध पछिको अभूतपूर्व पुँजीवादी आर्थिक विकासको अवस्था सन् १९७३ मा आएर रोकियो । तर यसको मतलब धेरै समाजवादीले कल्पना गरे अनुरुप पुँजीवादी व्यवस्था नै सङ्कटमा परेर यसको छिट्टै अन्त्य भने भएन । यस समयको आर्थिक विकास रोकिनुलाई पुँजीवाद भित्रका धेरै पक्षमध्येको एक क्षेत्रको समस्याका रुपमा लिइयो अर्थात यो सङ्कट पुँजीवादी आर्थिक प्रणालीभित्रको आर्थिक वृद्धिदरमा आएको समस्या थियो । यसभन्दा अघि लगानीको वृद्धिसँगै रोजगारीमा पनि वृद्धि हुँदै आएको थियो । जसका कारण पूर्ण रोजगारीको सुनिश्चितता हुन सकेको थियो । यो नै कल्याणकारी राज्यव्यवस्थाको मेरुदण्ड थियो । त्यस्तै बढ्दो आर्थिक वृद्धिले लगानीमा वृद्धि भएको थियो र त्यसबाट प्राप्त मुनाफाबाट राज्यले शिक्षा, स्वास्थ्य, सेवा, यातायात, बालबालिका र वृद्धहरूको हेरचाह जस्ता क्षेत्रहरूमा लगानी गर्न सक्षम भएको थियो । यसबाट राजनैतिक रुपमा पुँजीवादी व्यवस्थाले स्थायित्व पाएको थियो । त्यस्तै ट्रेडयुनियनको शक्ति पनि बढेको थियो र त्यसबाट श्रमिकको हितमा थुप्रै कामहरू भएका थिए । यदि पुँजीवादको पुरानो एकाधिकारवादी व्यवस्था

कायम हुँदो हो त यस किसिमका सामाजिक स्थायित्व र आधारभूत जनताको पक्षमा निश्चय नै कामहरू हुन सक्ने थिएनन् । मार्क्सले भने झैं पुँजीवाद धेरै अगाडि नै असफल भइसक्थ्यो ।

प्रजातान्त्रिक समाजवादी मोडलको पुँजीवादी व्यवस्थाले सन् १९७० को दशकमा आएर नयाँ सङ्कटको सामना गर्नुपर्‍यो । प्रजातान्त्रिक समाजवादी र पुरातनवादीहरू (कन्जरभेटीभ) का बीचको राजनैतिक अन्तरविरोध बढ्न गयो । यी दुई शक्तिका बीचमा सन् १९५० र ६० को दशकमा उत्पादनको अतिरिक्त मुनाफालाई कसरी वितरण गर्ने भन्नेमा विवाद थियो भने सन् १९७० र ८० मा आएर यिनीहरूका बीचमा ग्राम्स्सीको भाषामा भन्दा पुँजीवादको पुनर्गठनमा राज्यको भूमिका कस्तो हुने भन्नेमा अन्तरविरोध देखापर्‍यो । समाजवादीहरू तात्कालिक राज्यको नियन्त्रणकारी भूमिकालाई कायम राख्न चाहन्थे भने कन्जरभेटिभहरू राज्यको भूमिकालाई घटाएर बजार र निजीक्षेत्रको भूमिका बढाउने पक्षमा थिए । सन् १९९० सम्म आइपुग्दा पश्चिममा समाजवादीहरूको पूर्णरुपमा पराजय भयो भने पूर्वी युरोपमा कम्युनिस्टहरू परास्त भए र विश्वव्यापी रुपमा नै बजारमुखी एकाधिकारवादी पुँजीवादीहरूको पुनरागमन भयो ।

**नियन्त्रित पुँजीवाद र बजारमुखी एकाधिकारवादी पुँजीवाद बीचको विवाद** : सन् १९७० पछि कुल राष्ट्रिय उत्पादनको वृद्धि, रोजगारी र उत्पादनको क्षेत्रमा ह्रास आयो र मूल्य वृद्धि भयो । यो नै मुद्रास्फिति र बेरोजगारी बढाउनका लागि प्रमुख कारण बन्यो । खासगरी अघिल्ला दशकहरूमा अभूतपूर्व आर्थिक वृद्धिका लागि भूमिका खेलेका पक्षहरू सस्तो श्रमशक्ति, सस्तो कच्चापदार्थ र खाद्यान्न, पुँजीको सर्वसुलभता, र अमेरिकाबाट नयाँ-नयाँ प्रविधिको नियमित स्थानान्तरण थिए । तर सन् १९७० मा आइपुग्दा यी पक्षहरू रोकिन पुगे । अहिलेसम्म बुझ्न नसकिएको र अर्थशास्त्रीहरूले पनि चित्त बुझ्दो जवाफ दिन नसकेको पक्ष भनेको- “अचानक उत्पादनको क्षेत्रमा आएको मन्दीको कारण के हो ?” र यही परिस्थिति किन अमेरिकाले ब्यहोर्न परेन ? पश्चिम युरोपको आर्थिक उत्पादनका क्षेत्रमा आएको यो परिवर्तन नै समाजवादको विकासलाई अवरुद्ध पार्ने कारक बन्नपुग्यो ।

जब पश्चिम युरोपमा आर्थिक मन्दी सुरु भयो, तब पूर्वी युरोपबाट भागी आउने सस्ता श्रमिकको सङ्ख्या पनि घट्यो । जसको कारण श्रमशक्तिको अभाव देखिन थाल्यो भने अर्कोतर्फ उत्पादनको मूल्यमा पनि वृद्धि भयो । यसै समयमा बेलायत, जर्मनी जस्ता मुलुकहरूले आप्रवास सम्बन्धी कानुन ल्याए । अर्को महत्वपूर्ण पक्ष भनेको सन् १९७३ र ७९ को तेल मूल्यमा भएको वृद्धिले ल्याएको सङ्कट थियो । दुइपटक गरेर तेल उत्पादक राष्ट्रहरूको सङ्गठनले १२ गुणा मूल्य वृद्धि गरिदियो ।

यस बीचमा कन्जर्भेटिभहरूको तर्क थियो कि वर्तमान आर्थिक सङ्कटको प्रमुख कारण भनेको राज्यको अनावश्यक हस्तक्षेपकारी भूमिका नै हो । लोक कल्याणकारी राज्यले लिएका नीतिहरू जस्तो असक्षम र जीर्ण अवस्थाका उद्योगहरूलाई दिइने

सहुलियत, न्यूनतम ज्यालाको व्यवस्था, स्रोतहरूलाई उत्पादनमुखी क्षेत्रबाट बाहिर्याउनु, उच्चस्तरको करप्रणाली लागू गरिनु । त्यस्तै बेरोजगारी भत्ताको व्यवस्था आदि कारणले मुद्रास्फिती बढेको हो र आर्थिक मन्दी देखापरेको हो भनी कन्जर्भेटीभहरूबाट आक्रमण हुन थाल्यो । यद्यपि यस किसिमका आक्रमणहरू पहिले पनि नभएका होइनन्, तर आर्थिक विकासका र राजनैतिक स्थायित्वका कारण यी पक्षहरू हाबी हुन सकेका थिएनन् । तर जब आर्थिक मन्दी देखा पर्‍यो र यसबाट बेरोजगारी बढ्न सुरु भयो, त्यसले दक्षिपन्थीहरूको मनोबल बढ्यो, जनमत पनि क्रमशः उनीहरूको पक्षमा जान थाल्यो ।

कन्जर्भेटीभहरूको आरोप थियो युनियन धेरै बलिया भए जसका कारण सरकारले श्रमबजारमा कठोर नियमहरू बनायो, श्रमिकको 'हायरिङ्ग र फायरिङ्ग'मा कडा नियमहरू लागू गरिए । बेरोजगारी भत्ता धेरै राखियो, कामको घण्टा निर्धारण गरियो, कार्यक्षेत्रको स्वास्थ्य सुरक्षाको व्यवस्था भयो, पेन्सनको व्यवस्था, आवास गृह आदि जस्ता बजारलाई नियन्त्रित गर्ने पक्षले आर्थिक मन्दी भएको कुरा अगाडि सारे । यी सबैका लागि प्रजातान्त्रिक समाजवादी राज्यव्यवस्थालाई दोष दिइयो । यसको समाधानका लागि कन्जर्भेटिभ अर्थशास्त्रीहरूले निम्न सुझाबहरू अगाडि सारेः

- ट्रेडयुनियनहरूसँग सम्बन्धित सबै कानुनी प्रावधानहरू हटाइनु पर्छ ।
- हडताल गर्न नपाइने नियमहरू लागू गरिनु पर्दछ ।
- साना व्यवसायहरूलाई सबै किसिमका रोजगारी संरक्षित कानुनहरू लागू नहुने वातावरण बनाइनु पर्दछ ।
- स्वास्थ्य र सुरक्षा सम्बन्धी नियमलाई ऐच्छिक बनाइनु पर्दछ ।

आर्थिक स्वतन्त्रताका नाममा माथि उल्लेखित र अन्य जस्तो विनाकारण हटाइए बापत पाउने सुविधा, मातृत्व संरक्षणको लागि तलब, निष्कासनको अग्रिम सूचना, जस्ता नियमहरू बेलायतमा लेबर पार्टी सरकारमा रहँदै हटाउने वातावरण बनाइयो र पछि कन्जर्भेटिभहरू सरकारमा आइसकेपछि लागू गरियो । यसको असर अन्य युरोपेली मुलुकहरू खासगरी स्क्याण्डिनेभियन राष्ट्रहरू बाहेक अन्यत्र लागू गरियो । यसरी सन् १९५० र ६० को दशकमा प्रजातान्त्रिक समाजवादीकालमा भएको उच्च आर्थिक वृद्धिदर र पूर्ण रोजगारीको व्यवस्था एक पछि अर्को गर्दै विस्थापित हुन पुग्यो ।

**रेगन र थ्याचर दशक** : सन् १९७० को आर्थिक सङ्कटले क्रमशः समाजवादी कार्यक्रमलाई असान्दर्भिक बनाइदियो । जसको परिणाम निर्वाचनमा पनि देखा पर्‍यो । सन् १९८० मा आइपुग्दा नपुग्दा बेलायत र जर्मनीमा कन्जर्भेटिभ पार्टीहरू सत्तामा आए भने अमेरिकामा पनि दक्षिणपन्थी विचारक रोनाल्ड रेगन राष्ट्रपतिमा निर्वाचित भए । यसको असर सिंगो पश्चिमी राष्ट्रहरूमा पर्न थाल्यो । एक पछि अर्को गर्दै निर्वाचन परिणाम

दक्षिणपन्थी पार्टीहरूको पक्षमा जान थाल्यो । रेगन-थ्याचरको नामले चिनिएको यो दशकमा समाजवादी कार्यक्रमहरू एक पछि अर्को गर्दै हटाइन थालिए । कल्याणकारी राज्यव्यवस्था, पूर्ण रोजगारी र अधिकार सहितका युनियनहरूको व्यवस्थामध्ये पहिलो नराम्ररी सङ्कटमा पर्‍यो, दोस्रो विगतको विषय बन्यो भने तेस्रोका अधिकारहरू पनि नराम्ररी कटौती गरिए । सार्वजनिक क्षेत्रका उद्योगहरू निजीकरणको प्रक्रिया अगाडि बढाइयो; जुन विगतमा कल्पनाभन्दा बाहिरको विषय थियो । शिक्षा, स्वास्थ्य क्षेत्रमा राज्यबाट दिइदै आएका सुविधाहरू क्रमशः हटाइए । र, लोककल्याणकारी कार्यक्रमहरू हटाउँदै नवउदारवादी आर्थिक कार्यक्रम लागू गर्न थालियो । निजी क्षेत्रलाई बढावा दिने र राज्यको भूमिकालाई साँगुरो गराउँदै लग्ने नीति लिइयो ।

त्यस्तै युरोपका समाजवादी पार्टीहरू क्रमशः मध्यम वर्ग पक्षीय भएर गए । जसले गर्दा मजदुरवर्गमा पनि विभाजन देखा पर्न थाल्यो र कतिपय अवस्थामा मजदुरहरूले कन्जर्भेटिभ पार्टीहरूलाई सहयोग गर्न थाले । त्यसैगरी कामदार वर्ग भित्र पनि दक्ष र अदक्षको वर्गीकरण सुरु भयो । पश्चिम युरोपमा दक्ष मजदुरहरूको बढ्दो सङ्ख्याका कारण मजदुर आन्दोलन पनि हिजोको जस्तो एकगठ हुन पाएन ।

**समाजवादको सङ्कट र मजदुर वर्ग** : मार्क्स र एंगेल्सले कम्युनिस्ट पार्टीको घोषणापत्रमा उल्लेख गरेको “संसारका मजदुरहरू एक हौं” भन्ने भनाइ वास्तवमा उनीहरूको उद्देश्यको अभिव्यक्ति थियो, तथ्यको आधारमा गरिएको अभिव्यक्ति थिएन । यसको सट्टा निम्नानुसार सूत्रीकरण गरिएको थियो । यो भन्दा बढी विश्लेषणात्मक र ठीक हुन सक्थ्यो: पुँजीवादी उत्पादन अन्तरगत रहेका सबै ज्यालादारी मजदुरहरूका लागि उनीहरूको जातीय, धार्मिक र क्षेत्रीय पहिचानभन्दा आ-आफ्नो आर्थिक र सामाजिक हैसियत नै उनीहरूलाई राजनैतिक रुपमा एकताबद्ध पार्नका लागि महत्वपूर्ण हुनेछ । तर त्यसो हुन सकेन किनकि जस्तो जोहन डोनले लेखेका छन्- “त्यस्तो मानिस हामीले भेटेका छैनौं, जसले आफ्ना सबै सामाजिक पहिचानहरू आफू काम गर्ने श्रमिक भए बापत छोडिदिएको होस् ।” सामाजिक पहिचानको विषय वर्गीय पहिचानभन्दा धेरै जटिल कुरा हो । एक दिनभरमा एउटा मानिस अभिभावक हुन्छ, उपभोक्ता हुन्छ, शिक्षक हुन्छ, नागरिक हुन्छ, यात्रु हुन्छ, बिरामी हुन्छ, यहुदी हुन्छ, खन्चुवा हुन्छ, अनि करदाता हुन्छ यस्तै यस्तै धेरै प्रकारका भूमिकाहरू उसले निभाइरहेको हुन्छ । यस्तो जटिलताबाट गुज्रन परेको वर्तमान समयमा एक व्यक्तिको पहिचान पूर्णरुपमा एकै किसिमको मात्र हुन्छ भनी कल्पना गर्न कठिन छ ।

अन्त्यमा, मार्क्सले कहिले पनि समाज कसरी पुँजीवादबाट समाजवादमा फड्को मार्छ भन्ने कुरा गम्भिररुपमा अध्ययन गरेनन् । उनले समाजवादको व्याख्यामा न्यायपूर्ण वितरण प्रणालीको चर्चा मात्र गरेका छन्- जस्तो “योग्यता अनुसारको काम र काम अनुसारको दाम ।” उनले कहिले पनि समाजवादी समाजको सैद्धान्तिक व्याख्या पनि गरेका छैनन् । समाजवादी समाजको निर्माण कसरी हुनसक्छ ? यस अन्तर्गत

बजारको सम्बन्ध कसरी हुन्छ ? विचार, संस्कृति, राजनीति, राज्य र परिवारको भूमिका के र कस्तो हुनेछ भन्नेमा पनि खासै व्याख्या गरेका छैनन् । उनलाई विश्वास थियो कि पुँजीवाद लामो समयसम्म टिक्दैन तर उनले भनेनन् कि यसको अन्त्य कसरी वा कुन बाटोबाट हुनेछ । उनले सही व्याख्या गरेका थिए कि पुँजीवादमा पुँजीको केन्द्रीकृत विकास हुनेछ र यसले अन्तर्राष्ट्रिय रुप लिंदै जाने छ; जुन भइरहेको छ । तर यसको विश्वव्यापी राजनैतिक विस्तार कसरी नियन्त्रण हुनेछ भन्ने कुरामा भने मार्क्स र उनका समर्थकहरू सबै नै चुपचाप रहे ।

अहिलेको नवउदार पुँजीवादी व्यवस्थाले हामीलाई मनलागेको व्यक्ति वा समूहलाई मतदान गर्ने अधिकार दिएको छ । त्यसैगरी हामीलाई मनलागेको सामान खरिद गर्ने छुट पनि दिएको छ, तर काममा भने हामीलाई भने अनुसार मात्र गर्न बाध्य पारिएको छ । समाजवादीहरूले पुँजीवादको यो काममा रहेको नियन्त्रणलाई हटाउन विगत १०० वर्षदेखि संघर्ष गर्दै आएका छन् । यसमा उनीहरू केही मात्रामा सफल पनि भए । जसअनुसार अहिले कम्तीमा युरोपमा निश्चित घण्टा मात्र काम गरे हुने भएको छ ।  विगतको शताब्दीको भन्दा स्वाभिमान पूर्वक । तर प्रजातन्त्रको विस्तार हुँदा, भौतिक रुपमा सुविधा सम्पन्न बन्दा, सामाजिक कल्याणका कार्यक्रमहरू लागू हुँदा तथा विज्ञान र प्रविधिको विकास हुँदा पनि मजदुरहरूले आफ्नो कार्यअवस्थामाथि वा उत्पादनका साधनमाथि आफ्नो नियन्त्रण कायम राख्न भने सकेका छैनन् । पुँजीवादलाई नियन्त्रण गर्ने कुरा अरु केहीलाई नियन्त्रण गर्ने भन्दा गाह्रो विषय हो । किनकि पुँजीवाद यस्तो व्यवस्था हो, जसमा धेरैलाई थोरैले नियन्त्रण गरिराखेको हुन्छ । पुँजीवाद आफैंमा कुनै सिद्धान्त होइन, न यो कुनै दर्शन नै हो वा विश्वासको झुण्ड नै हो । मार्क्स र वेभरका अनुसार, यो त उत्पादनको एउटा मोडल हो, एक किसिमको अनौठो मोडेल जहाँ मानवलाई व्यापारजन्य समग्रीहरूको उत्पादनका लागि संगठित रुपमा लगाइएको हुन्छ ।

# रूपान्तरण र
# अर्थ-राजनीतिक विषय-वस्तु

भाग-१ दोस्रो सत्र



## सन्दर्भ र प्रश्नहरू

– विष्णु रिमाल

यो सत्रमा हामी खासगरी आर्थिक शोषण, कल्याणकारी राज्यव्यवस्था र समाजवादका विषयमा बढी केन्द्रित हुनेछौं। मूलरूपमा युरोपेली सामाजिक जनवादीहरू, युरोपेली वामपन्थीहरू र नर्डिक देशहरूको कल्याणकारी राज्यव्यवस्थासम्बन्धी अनुभवहरूलाई साटासाट गर्ने योजनामा हामी छौं।

केही समय अघि, जिफन्टमा एउटा सानो प्रवचन कार्यक्रम आयोजना भएको थियो। त्यसमा केही सहभागीहरूले प्रश्न गर्नुभयो– समाजमा गरीब वर्ग मध्यम वर्गमा रूपान्तर हुन्छ कि, धनी वर्ग चाहिँ मजदुर हुँदै गरीब वर्गमा रूपान्तरित हुन्छ? सामाजिक रूपान्तरणको विषयमा चर्चा गर्दा यो विषयलाई कसरी लिने?

हामी मार्क्सवादीहरू 'पुँजी'को सामाजिकीकरणको पक्षधर हौं। कल्याणकारी राज्यव्यवस्था मिश्रित अर्थप्रणालीभित्र चल्ने व्यवस्था हो। अर्थशास्त्रीको रूपमा मार्क्स पछि आएका किन्सले कल्याणकारी राज्यव्यवस्थाको व्याख्या गरे, पक्षधरता लिए। किन्स 'मार्क्सवादी' थिएनन्। त्यसो भए, कल्याणकारी राज्यव्यवस्था हामी मार्क्सवादीहरूले अपनाउन हुने व्यवस्था हो कि होइन?

नेकपा (एमाले) को मार्गदर्शक सिद्धान्त–जनताको बहुदलीय जनवाद (जवज) हो, जसलाई उसले मार्क्सवादको सिर्जनात्मक प्रयोग या नेपालको सन्दर्भको मार्क्सवाद भनेको छ। 'जबज'ले कल्याणकारी राज्यव्यवस्थालाई नकारेको छैन। बरु त्यसलाई आर्थिक–राजनीतिक प्रणालीको मामिलामा आफ्नो एउटा आधार नै मानेको छ। कल्याणकारी राज्यव्यवस्था मार्फत नै हामी समाजवादतिरको यात्रा तय गर्न सक्छौं भन्ने त्यसको व्याख्या छ। के हामी यहाँ कुनै विरोधाभास पाउँछौं?

जिफन्टको एउटा कार्यक्रममा डच प्रोफेसर यान ब्रेमनलाई हामीले सोधेका थियौं– तपाईं मार्क्सको समयको "पुँजीवादको चिहान खन्ने" श्रमिक र अहिले हाम्रो समयको

श्रमिकको बीचमा कसरी तुलना गर्नुहुन्छ? उनको जवाफ थियो– "हामीलाई अर्को मार्क्स चाहिएको छ, जसले आजको श्रमिक वर्गको परिभाषा देओस्।" पहिले युरोपमा जस्तो श्रमिक वर्गलाई एकताबद्ध गरेर वर्ग सङ्घर्ष मार्फत राज्यसत्ता प्राप्त गर्ने स्थिति अब एशियाली देशहरूमा हुन्छ भन्ने आफूलाई विश्वास छैन भन्ने उनको तर्क थियो। उनको तर्क थियो– 'ग्रेभ डिगर'हरू (चिहान खन्नेहरू) अहिले छैनन्, अहिले 'इन्फर्मल वर्करहरू' (अनौपचारिक क्षेत्रका श्रमिकहरू) छन्। तिनीहरू चौबाटोमा उभिएर एकैचोटी चारैतिर आँखा डुलाइरहेका हुन्छन्। एउटा काम छोड्न नपाउँदै उनीहरू अर्को काममा हामफालिसकेका हुन्छन्। जसले गर्दा श्रमिकहरू बीचको ऐक्यबद्धता टुटेको छ।

मार्क्सको समयमा श्रमिकहरू एउटै कारखानाभित्र सधै "सँगै काम गर्ने र सँगै बस्ने" हुँदा आफ्नो श्रमको शोषण गर्ने मालिकविरुद्ध विप्लव गर्ने योजना बनाउँथे र त्यस्तो ल्याकत पनि राख्थे। तर अहिलेका श्रमिकहरू भने आजको गुजारा टार्ने काम सिध्याउना साथ, भोलिको छाक टार्ने अर्को काम खोज्न विवस हुने भएकोले त्यो ढंगले जान सक्ने स्थितिमा छैनन्। अहिलेका श्रमिकहरूमा "सर्वहाराकरण (प्रोलेटराइजेशन)" हैन, "स्वाँठपन (लुम्पेनाइजेशन)" हुर्कदै गइरहेको छ। "स्वाँठ" श्रमिकहरूले अगुवादस्ता (भ्याङ्गार्ड) को रूपमा क्रान्तिको नेतृत्व गर्छ भन्नु अपूर्ण हुन्छ भन्ने उनको तर्क थियो।

के यो सान्दर्भिक छ, हामी यसमा पनि छलफल गरौं।

पृथ्वीनारायण शाहले भूगोल जोडेको समयदेखि अहिलेसम्मको नेपालको इतिहास हेरौं। अझ, बाइसे–चौबिसे राज्यदेखि नेपालमा वर्ग सङ्घर्षको इतिहास के रह्यो र औद्योगिक सम्बन्धको ढाँचाहरूमा के के परिवर्तन हुँदै आए भन्ने बारेमा पनि हामी यहाँ चर्चा गर्नेछौं।

आर्थिक शोषण, कल्याणकारी राज्य व्यवस्था र समाजवाद तथा युरोपेली समाजवादीहरू
- प्रो. लेफ विज़ेलिन
१३९

मार्क्स @2000 अर्थात 'सन् २००० मा मार्क्स': रोनाल्डो मन्कको अवधारणामाथि संक्षिप्त विश्लेषण
- कृष्ण उपाध्याय
१४३

नेपालमा उत्पादन सम्बन्ध र वर्ग संघर्षको इतिहास: संक्षिप्त विश्लेषण
- उमेश उपाध्याय
१५०

# विचार र बहस



# आर्थिक शोषण, कल्याणकारी राज्य व्यवस्था र समाजवाद तथा युरोपेली समाजवादीहरू

– प्रो. लेफ विजेलिन

यो विषय आफैमा गम्भीर विषय हो र आयोजकहरूले प्रस्तोताका रुपमा मलाई छान्नु भएको छ । युरोपको समाजवादीहरूको अनुभवमा, आर्थिक शोषणको बारेमा प्रस्तुत गर्न मलाई भन्नुभएको छ । शोषण भन्नाले एउटा व्यक्ति वा समूहले अर्को व्यक्ति वा समूहबाट अनुचित ढङ्गले लाभ लिनेगरी गर्ने काम हो । यसको आधारमा तीनवटा पक्ष छन्- समाजवादीहरू आमरुपमा; युरोपका समाजवादीहरू विशेष रुपमा र स्वीडेनको कल्याणकारी राज्यव्यवस्था ठोस रुपमा, युरोपको सामाजिक जनवादीहरूको कुरा गर्दा यो पुँजीवादभित्रको कल्याणकारी राज्यव्यवस्था नै हो ।

कल्याणकारी राज्य व्यवस्थालाई राज्यको शक्ति र हामीले दिने सेवा कल्याणका कामको मात्राको आधारमा सन्तुलन गरिन्छ । तर विकसित देश युरोपमा अहिले आर्थिक गतिविधि र कल्याणको हिसाबकिताबको तुलना छैन । सन् २००१ को एउटा तथ्याङ्क अनुसार स्वीडेनमा कुल गार्हस्थ उत्पादनको २९ प्रतिशत कल्याणमा खर्च गरिएको छ । अमेरिकाको उदाहरण लिने हो भने १५ प्रतिशत मात्रै छ, त्यो युरोपको तुलनामा कम हो ।

युरोपेली युनियन आर्थिक र राजनीतिक उद्देश्यले बनेको हो- युरोपमा राजनीतिक शान्ति कायम गर्ने र आर्थिकरुपमा स्वतन्त्र बजार निर्माण गर्ने । त्यसको सामाजिक उद्देश्य चाहिँ छैन ।

सबैभन्दा पहिला जर्मनीबाट समाजवादी राज्यको अवधारणा विकास भएको हो । यो समाजवादी राज्य व्यवस्था कल्याणमा आधारित भयो । यसले सामाजिक सेवालाई प्राथमिकतामा राख्यो । यसको परिणाम स्पष्ट रुपमा श्रमबजारमा रहेका श्रमिकहरूको लागि सेवा पुऱ्याउने, जनतालाई सेवा पुऱ्याउने भन्ने रह्यो । सामाजिक सेवाहरू व्यक्तिको आम्दानीको आधारमा दिइने भयो । जसको काम

> *स्वीडिस मोडेल, मिश्रित अर्थतन्त्रको मोडेल हो । सजिलो ढङ्गले बुझ्नको लागि यो समाजवाद र पुँजीवाद बीचको बाटो हो ।*

गरेको रेकर्ड हुँदैन, त्यसले सुविधा नपाउने स्थिति हुन गयो । धेरै कमाउनेहरूलाई सामाजिक सुरक्षाबाट बाहिर राखियो र उनीहरूलाई अरु नै विधिबाट समेट्ने प्रयत्न गरियो । इटली, ग्रीस र स्पेनजस्ता युरोपेली देशहरूमा यो भन्दा अर्कै खालको व्यवस्था अपनाइयो ।

दक्षिण युरोपेली देशहरूमा सामाजिक कल्याणका विषयहरू स्वेच्छामा आधारित भए । सरकारले चन्दा दिएको रकम कोषमा राख्ने र जो जो व्यक्ति संलग्न हुन चाहन्छन्, उनीहरूले त्यसबाट कल्याणकारी सुविधा लिने; परिवारले पाउने सुविधाको आधारमा हिसाबकिताब गर्न थालियो । यसलाई पहिला “स्वीडिस मोडेल” भनिन्थ्यो, अहिले “नर्डिक मोडेल” भन्न थालिएको छ । त्यहाँ एक ढङ्गको संस्था निर्माण गरेर यो यो कुरा पाउने र यो यो नपाउने भनेर उनीहरूले सञ्चालन गर्न थालेका छन् । यी सोचाइ स्रोतको पुनर्वितरणमा आधारित छ ।

स्वीडिस मोडेल, मिश्रित अर्थतन्त्रको मोडेल हो । सजिलो ढङ्गले बुझ्नको लागि यो समाजवाद र पुँजीवाद बीचको बाटो हो । कलकारखाना ध्वस्त नगरिकनै संभवतः विश्वकै माथिल्लो तहको सेवा प्रदान गर्ने स्थिति हो भन्न सकिन्छ ।

सन् १८५० तिर स्वीडेनमा गरिबी सहायता कानुन बनाइयो । रमाइलो कुरा के छ भने यो समाजवादी विचार बोकेको पार्टीले होइन, दक्षिणपन्थी र उदारवादी पार्टीहरूले बनाएको हो । यो, बढिरहेको सामाजिक आन्दोलनको दबाबको कारणले बनेको थियो । १८८९ मा यो आन्दोलनले सामाजिक जनवादी पार्टी बनायो । त्यसअघि १८८८ मा स्वीडेनको ट्रेड युनियन महासंघको जन्म भएको थियो । यसको छोटो नाम एल-ओ हो । एल-ओसित सोसल डेमोक्राटिक पार्टीको साह्रै गहिरो नाता छ । यी दुईवटा शक्ति सोसल डेमोक्राटिक पार्टी र ट्रेड युनियन

(एल-ओ) का साथै अन्य केही ट्रेड युनियन मिलेर स्वीडेनमा सम्भव भएजति सबैलाई सङ्गठित गर्ने प्रयत्न गरियो ।

स्वीडेनको युनियन आन्दोलनमा ९० प्रतिशतको हाराहारीमा श्रमिकहरू सङ्गठित छन् । १८४२ मा नै स्वीडेनमा निःशुल्क प्राथमिक शिक्षा प्रणाली लागू गरिएको थियो । यो  व्यवस्था पछि, माध्यमिक शिक्षा हुँदै उच्च शिक्षामा पनि विस्तार गरियो । स्वीडेनको शैक्षिक स्तर युरोपभरिमा सबैभन्दा माथि छ भन्न सकिन्छ । स्वीडेनमा सन् १९०० मा शतप्रतिशत मान्छे शिक्षित भए ।



# मार्क्स @ 2000 अर्थात 'सन् २००० मा मार्क्स': रोनाल्डो मन्कको अवधारणामाथि संक्षिप्त विश्लेषण

- कृष्ण उपाध्याय

यो किताबले भविष्यको बारेमा कुरा गर्छ । राजनजीले अघि अतितको कुरा गर्नुभयो। यो किताबको उद्देश्य मार्क्सवादलाई विश्वव्यापीकरण गर्नु हो । युरोपको अर्थतन्त्रको आधारमा, युरोपको वर्गको आधारमा मार्क्सीय चिन्तन दिनु मात्रै होइन । यो किताबले भन्न खोजेको छ- मार्क्सवाद धर्म होइन । रोनाल्डो यो किताब जतिखेर लेख्दै थिए, त्यतिखेर सोभियत संघ विघटन भएको ८ वर्ष पुगिसकेको थियो । एक किसिमको निराशाको स्थिति थियो । मान्छेहरू प्रश्न गर्दै थिए- "मार्क्सवादको सान्दर्भिकता गइसक्यो कि ? केही मान्छेहरू 'होइन' भन्थे ।" आर्सन नामका विद्वानले भने- मार्क्सवादको सान्दर्भिकता सिद्धियो । अनि, केही मान्छेहरूले प्रतिवाद गर्दै भने- शोषण छ, अन्याय छ, अत्याचार छ, त्यसले गर्दा मार्क्सवादको सान्दर्भिकता मरेको छैन । बिहानको सत्रमा राजनजीले वर्न्स्टीनको कुरा गर्नुभयो, अनि मार्क्स आफैको । दुईवटा धारमा हेर्दा, एउटा धारमा सामाजिक जनवादीहरू छन्, उनीहरू पनि खासै राम्रो अवस्थाबाट गुज्रिरहेका छैनन् । अर्को धार १९८९ मा आरामसँग ढल्यो, बिना लडाइं । अघि एकजना साथीले भन्नुभएको थियो मार्क्स आधुनिकतावादी हुन् । आधुनिकीकरणको सिद्धान्तको बारेमा जतिपनि संरचना छन्, त्यो मार्क्सको देन हो । उत्तर आधुनिकताका ज्याक डेरिडा हरेक वस्तुलाई खण्डित गरेर हेर्नुपर्छ भन्छन् । उनी भन्छन् मार्क्स मरेका छैनन्, मार्क्स बिना भविष्य छैन; त्यसैले मार्क्सवादको योगदान बिनाको कुनै भविष्य छैन । डेरिडा जसलाई हामी मार्क्सवादी भन्छौं, त्यस किसिमको मार्क्सवादी होइनन् । यो किताब मार्क्सवादी विचारबाट आएको जुन उतारचढाव छ, त्यही कोण (ट्राजेक्टोरी) बाट सुरु हुन्छ ।

किताबको सुरुवात बालिबर भन्ने एकजना मान्छेको भनाइबाट सुरु भएको छ जसले २१ औं शताब्दीमा मार्क्सलाई अतितको आन्दोलनको रुपमा मात्रै पढिंदैन, बरु समसामयिक लेखकको रुपमा हेरिनेछ भनेका छन् । बुद्धिविलासीहरू के

> उत्तर आधुनिकताका ज्याक डेरिडा हरेक वस्तुलाई खण्डित गरेर हेर्नुपर्छ भन्छन् । उनी भन्छन् मार्क्स मरेका छैनन्, मार्क्स बिना भविष्य छैन; त्यसैले मार्क्सवादको योगदान बिनाको कुनै भविष्य छैन ।

भन्छन् भने एकजना जवान मार्क्स छ, अर्को प्रौढ मार्क्स छ । जवान मार्क्स र प्रौढ मार्क्सको कुरा मिल्दैन । अनि अर्का बुद्धिविलासीहरू के भन्छन् भने "होइन एकजना अर्थशास्त्री मार्क्स छन्, अर्काथरी चाहिँ दार्शनिक मार्क्स छन् । ती दुईबीचमा कुरो हुँदैन ।" काउत्स्की र लेनिनका अनुसार "मार्क्सवाद भनेको जर्मन दर्शन, फ्रान्सेली समाजवाद र ब्रिटिस राजनीतिक अर्थशास्त्र हो ।" त्यसैले मार्क्सलाई सुरुदेखि नै हामीले हेर्न थाल्यौं भने कसरी मार्क्सवाद धर्म होइन र यो आफैमा कसरी परिमार्जित गर्दै जाने शास्त्र हो भन्ने कुरालाई लेखकले विश्लेषण गरेका छन् । उनी के भन्छन् भने मार्क्सले आदर्शवादी समाजवादी विचारको विरुद्ध वैज्ञानिक आधारमा क्रान्तिकारी सिद्धान्तको प्रतिपादन गरे ।

कम्युनिस्ट घोषणा पत्रको एउटा कथनले के भन्छ भने जब पुँजीवादमा सङ्कट आउँछ, यसले आफै सर्वहारा वर्गको सिर्जना गर्छ र त्यही सर्वहारा वर्ग नै पुँजीवादको चिहान खन्ने एउटा जमात हुन्छ । त्यसपछि वर्गविहीन कम्युनिस्ट समाजको परिकल्पना त्यहाँभित्र छ । रोनाल्डो भन्छन्, कम्युनिस्ट घोषणा पत्रमा भएका कैयौं कुराहरू कार्यान्वयन नभएको जस्तो देखिन्थ्यो, पुँजीवादको पतन र सर्वहारा वर्ग विश्वासी वर्ग हुने मिठो कल्पना थियो । स्थायी क्रान्ति टाढाको विषय बन्यो । मार्क्सलाई अर्थशास्त्रीको रुपमा, "यो वा त्यो" अलग अलग 'शास्त्री'को रुपमा हेर्नु हुँदैन । सोलोडोलो हेर्दा मार्क्सको 'पुँजी' लाई 'पोस्टरिकार्डियन अर्थशास्त्र'को रुपमा हेर्न सकिन्छ । तर यसलाई राजनीतिक आँखाले हेर्दा यो, 'अलग अलग गरेर एकै ठाउँमा कस्सिएको एउटा ठोस विचारको रुपमा छ' भनिन्छ । मार्क्सले पुँजीवादमा हुने भनेको क्रान्ति, आफैलाई विस्मित पार्दै बेलायतमा नभएर अन्तैतिर भइरहेको थियो ।

मार्क्सवाद ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवाद हो भनेर हामीले सिकेका छौं । त्यसपछि एंगेल्सले ड्युहरिङ्ग मतखण्डन (एन्टिड्युहरिङ) मा ऐतिहासिक

भौतिकवादको बारेमा लेख्नुभएको छ । लेखकले के देखाउन खोजेको हो भने मार्क्सले आफ्नो जीवनकालमा ऐतिहासिक भौतिकवाद भन्ने शब्द प्रयोग गर्नु भएन । स्टालिनले १९३८ को एउटा पम्प्लेटमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद भनेर मार्क्सवादलाई कट्टरतामा ढाले । मैले के भन्न खोजेको हो भने मार्क्सले कम्युनिस्ट घोषणामा लेखेको आफ्नै विचारलाई 'लेख्दा लेख्दै' संशोधन गर्नुभयो । स्टालिनले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई पद्धति भनेर 'यहाँभन्दा यता उता गर्न नपाइने' गरी सम्पूर्ण विश्लेषणको फ्रेमवर्क यही हो भने । यसरी पछाडि विकसित गरिएको तरिका र मार्क्सको तरिकामा के फरक पऱ्यो त ? मार्क्सको तरिकालाई क्रान्तिकारी समालोचना भनिएको छ (सम्भवतः यसको उल्था आत्मालोचना हुन्छ होला) । लेखकको भनाइ छ- क्रान्तिकारी समालोचनाको प्रक्रियाले सबै नयाँखाले क्रान्तिकारी प्रवृत्तिहरूतर्फ इंगित गर्छ । यसले के गर्दो रहेछ भने जतिपनि नयाँ प्रवृत्तिहरू आउँछन् ती सबै प्रवृत्तिको बारेमा यसले छलफल गर्न खोज्छ । मार्क्सको पछाडि, हिजो हामीले पढेको शास्त्रीय मार्क्सवादको पछाडि यस्ता थुप्रै विषयहरू आएका छन्, जसलाई मार्क्सवादले सम्बोधन गर्नुपर्छ । रोनाल्डो के भन्छन् भने महिलावादका कुरा आएका छन्, विनिर्माणका कुराहरू आएका छन्, यी सबैमा मार्क्सवादी कोणबाट केही न केही गरिनुपर्छ । उनका अनुसार मार्क्सको तरिकाले यसलाई सम्बोधन गर्न सक्छ । यो किताबको एउटा विशेषता, यसले फरक-फरक विषयहरूमा मार्क्सवादले कसरी व्यवहार गरेको छ भन्ने प्रस्टाएको छ ।

सोभियत संघको बारेमा हामी सबैलाई थाहा छ । मार्क्सले दिएको सिद्धान्तलाई लेनिनले रणनीतिक रूप दिए । दुईवटा लेनिन छ भन्छन् उनी । एउटा लेनिन प्रत्यक्ष प्रजातन्त्र, लोकतन्त्रको कुरा गर्छन् । अर्को लेनिन चाहिँ सत्ता सोभियतमा नियन्त्रण गर्ने । जीवनको अन्तिम समयमा लेनिनको गुनासाहरू के थिए रे भने, राज्य- पार्टी र नोकरशाहीतन्त्रको अधिनायकत्वमा जान लाग्यो, सर्वहारा

> मार्क्सवाद हिजो जसरी युरोसेन्ट्रिक (युरोपमुखी) थियो; 'ग्राम्स्सी'हरूको योगदानपछाडि मार्क्सवादको विश्वव्यापीकरण भएको छ; यसमा युरोपमुखी र अर्थतन्त्रमा आधारित विश्लेषण मात्रै छैन ।

वर्गको अधिनायकतन्त्र भएन । सम्पूर्ण क्रान्तिको अवधारणा सम्भवतः मार्क्सले बिर्सन लागे पनि लेनिनले बिर्सनु भएको थिएन । युरोपमा क्रान्तिलाई अगाडि लाने कुरामा काफी प्रयत्न भयो । जर्मनीमा हुन्छ कि भन्ने कुरा भयो, त्यो आस मारी सकेपछि अब रुसलाई केन्द्र बनाएर जानुपर्छ भन्ने टुंगोसम्म लेनिन पुगेको लेखक बताउँछन् । लेनिनलाई किन पश्चिमले गाली गरेन ? किनभने लेनिनको बेला प्रजातन्त्र थिएन भन्ने गुनासा कम लेखकहरूबाट आएको छ । मार्क्सवादी र गैरमार्क्सवादी समालोचकहरूबाट पनि त्यो कम आएको छ । लेखकको सोझो भनाइ छ, लेनिनपछि पूरै अधिनायकवादी खालको आधुनिकीकरण भयो र स्टालिन पछाडिको राजनीति चाहिँ निरंकुश भयो । उनको भनाइमा त्यो लेनिनले परिकल्पना गरेको राजनीतिक व्यवस्था थिएन । सत्तरीको दशकमा आउँदा केही मानिसहरू यति निराश भइसकेका थिए कि क्रान्तिको अवधारणा नै भएन । त्यसपछि १९७० को दशकमा युरो कम्युनिज्मको उद्भव भएको कुरा, निर्वाचनमा कम्युनिस्टहरूले सहभागी हुन थालेको कुरा छन् । लेखक कुन टुंगोमा पुग्छन् भने सम्भवतः हामी उनका मार्क्सका महत्वपूर्ण सम्पदाहरूको नवीकरण गर्न सक्छौं होला, हाम्रो आफ्नै समयलाई आफ्नै आँखाले हेरेर । युरोपको सन्दर्भमा मार्क्सवाद र पर्यावरण, मार्क्सवाद र प्रकृतिजस्ता थुप्रै विश्लेषण छन् । यहाँनिर मैले उठाउन खोजेको महत्वपूर्ण पक्ष के हो भने पर्यावरण सँगसँगै पर्यावरणीय महिलावाद आयो । त्यसपछि दिगो विकासका कुराहरू आए र विश्वव्यापीकरणको सन्दर्भहरू रहे । लेखकको भनाइ के छ भने, मार्क्सवाद हिजो जसरी युरोसेन्ट्रिक (युरोपमुखी) थियो, 'ग्राम्स्सी'हरूको योगदानपछाडि मार्क्सवादको विश्वव्यापीकरण भएको छ, यसमा युरोपमुखी र अर्थतन्त्रमा आधारित विश्लेषण मात्रै छैन । एसियाली मजदुरहरूको बारेमा, कामदार वर्गको विकासको अध्ययनमा एकजना विद्वान १९६२ देखि निरन्तर श्रमसम्बन्धलाई हेरिराख्नु भएको छ र उहाँको निचोड के छ भने सबै मान्छेहरू अहिले कारखानामा छैनन् । अहमदावादको वरिपरि सुरत भन्ने शहर थिएन, सानो शहर थियो, त्यो पछि आफैमा हिराको कारखानाको रुपमा विकसित

भयो । कारखानाहरू ढले, मान्छेहरू बाहिर गए । नियमित काममा भएका मान्छेहरू 'अनौपचारिक/अनियमित' काममा गए । हिजो कारखानाभित्र सङ्गठित भए जसरी उनीहरू सङ्गठित हुन सकेनन् । त्यसपछि उनीहरू बिस्तारै भइपरी आउने काम गर्ने, आज बालुवा बोक्ने, भोलि ईंटा बोक्न जाने भए । कारखानाको नियमित कामबाट हटे, अनौपचारिक क्षेत्रभित्र प्रवेश गरे । त्यसैले एशियाको मजदुर वर्गको वर्गीकरण एशियाकै जस्तो नभएर 'युरोप' जस्तो हुनपुगेको छ ।

मार्क्सवादी कोणबाट जाँदा, पहिलो प्रस्तावना- मजदुर वर्गले क्रान्ति गर्छ भन्ने हो । दोस्रो प्रस्तावना- रुसमा मजदुर वर्गको विकास भएको छैन, त्यसैले गर्दा अगुवादस्ता (भाङ्गार्ड) को रुपमा रहेको कम्युनिस्ट पार्टीले त्यसको अगुवाइ गर्छ भनियो र त्यसको दीर्घकालीन असर पर्‍यो । आज मजदुरको विविधिकरण भएको छ, कोही 'कम्प्युटरबेस' मजदुर छन्, कोही 'होमबेस' मजदुर छन् । युरोपमा घरमा बसेर काम गर्छु है भन्न पाइन्छ । युरोपको कारखानाहरूको लागि भारतमा बसेर काम गर्नेहरू छन् । वर्गको बारेमा कुरा गर्दा हिजो हामीले शोषणको थलो कारखाना देख्थ्यौं- "त्यहाँ शोषण हुन्छ, त्यहाँ सङ्गठित होइन्छ, त्यहींबाट आन्दोलन सुरु गर्ने हो" भन्ने थियो । आज शोषणको क्षेत्र छरिएको छ । हिजो "वर्ग" एक ठाउँमा हुन्थ्यो, आज वर्ग सबैतिर छिरेको छ । यसको अर्थ के हो? त्यसले हाम्रो सङ्गठनात्मक रणनीतिमा फरक पार्छ भन्ने नै यसको सार हो । अब आउने नयाँ मुद्दाहरूलाई कसरी मार्क्सवादले सामना गर्ने हो भन्ने कुरा पनि छ । महिलाहरूको कुरा आएको छ, मजदुरहरूकै बीचमा पनि महिलाहरूसँगको विभेद छ, त्यसलाई कसरी सम्बोधन गर्ने ? यस्ता पक्षहरू धेरै छन् ।

अन्त्यमा, म 'विकास'को बारेमा केही कुरा भन्छु । लेनिनले विकासको कुरा गर्दा 'सोभियत प्लस इलेक्ट्रिफिकेसन' भन्नुहुन्छ । लेनिनको साम्राज्यवादको सिद्धान्तलाई पछि तेस्रो विश्वका मान्छेहरूले विश्लेषणको लागि सहारा बनाए ।

> *आज मजदुरको विविधिकरण भएको छ, कोही 'कम्प्युटरबेस' मजदुर छन्, कोही 'होमबेस' मजदुर छन् । युरोपमा घरमा बसेर काम गर्छु है भन्न पाइन्छ । युरोपको कारखानाहरूको लागि भारतमा बसेर काम गर्नेहरू छन् ।*

उनीहरूले भने- साम्राज्यवादीहरूले विशेषगरी तेस्रो विश्वलाई चुसिरहेका छन्, आक्रमण गरेका छन्, त्यसैले उनीहरूसँग व्यवहार नगर । त्यसलाई 'डिपेन्डेन्सी थ्योरी' भनिन्छ । त्यसका प्रखरवक्ता समिर अमिन जो नासेर सरकारको आर्थिक सल्लाहकार थिए, अहिले भागेर अफ्रिकातिर बस्छन् र लेख्छन् । त्यो सिद्धान्तले साम्राज्यवादीहरूसँग सम्पूर्ण रूपमा सम्बन्ध तोड्न भन्छ । यस किताबका लेखक रोनाल्डो के भन्छन् भने ३० वर्षको लडाइंमा डिपेन्डेन्सी थ्योरी, जुन साम्राज्यवादको विश्लेषणका आधारमा विकास भएको थियो त्यो पनि असफल भयो । अन्तिममा यिनले भनेको कुरा अहिले पनि मार्क्सवादको सम्भावना छ, तर मार्क्सवादलाई फेरि पनि सिर्जनात्मक रुपमा हेर्नुपर्छ । जतिपनि नयाँ मुद्दाहरू आउँछन्, नयाँ विषयहरू आउँछन् तिनलाई नयाँ ढङ्गबाट हेर्नुपर्छ ।



# नेपालमा उत्पादन सम्बन्ध र वर्ग संघर्षको इतिहासः संक्षिप्त विश्लेषण

- उमेश उपाध्याय

यो प्रस्तुति मूलतः चारवटा कुराहरूमा केन्द्रित छ। पहिलो कुरा, उत्पादन सम्बन्ध र वर्ग सङ्घर्षको कोणबाट हेर्दा पाँच वटा कालखण्डको विभाजन गर्ने कोसिस गरिएको छ । अर्थशास्त्रीय कोणबाट व्याख्या गर्ने भन्दापनि ऐतिहासिक कोणबाट व्याख्या गर्ने प्रयास गरेको छु । दोस्रो कुरा, उत्पादन सम्बन्धमा देखिएका पक्षहरूलाई खासगरी सामन्ती उत्पादन सम्बन्धका केही पक्षहरू र आधुनिक उत्पादन सम्बन्धका परम्परागत औद्योगिक उत्पादन सम्बन्ध, आधुनिक-जो सेवामूलक, ज्ञानमूलक, बौद्धिकतामूलक श्रमजीवीहरूसँग सम्बन्धित उत्पादन सम्बन्ध छ, त्यसको बारेमा कुराहरू राख्ने कोसिस गरिएको छ । त्यस्तै, वर्गसङ्घर्षको सम्बन्धमा राजनीतिक दललाई हेर्ने कोसिस गरिएको छ। विभिन्न वर्गहरूको पहुँच र प्रभावको स्थितिलाई आङ्कलन गर्ने चेष्टा गरिएको छ ।

कालखण्डमा हेर्दा प्राचीन नेपाल, मध्ययुगीन नेपाल, एकीकरण पूर्वको नेपालको उत्पादनको मूल साधन भूमि भएकोले भूमिआधारित उत्पादनको सम्बन्ध र भूमिआश्रित, दासआधारित उत्पादन सम्बन्धको रुपमा यसलाई व्याख्या गर्नुपर्छ जस्तो लाग्छ । किनभने, सामन्ती उत्पादन र सम्बन्ध र दासयुगीन उत्पादन र सम्बन्धको मिश्रित रुप धेरै लामो समयसम्म यो अवधिमा अभ्यास भइरहेको हो र आभिजात्य वर्ग, सानाठूला व्यापारीहरू, दासहरू, अर्धदासहरू, किसानहरू, शिल्पीहरू नै मूलभूत रुपमा रहेको र वर्गहरूको धेरै ठूलो विविधता पनि नभएको, स्थानीय तहमा स्वतन्त्र समुदायहरूको उपस्थिति, स्वतन्त्र समुदायहरूको आफ्नै पकेट अर्थतन्त्र रहेको अवस्था देखिन्छ। खासगरी, मध्ययुगीन नेपालमा व्यापारको अलिकति विस्तार भएकोले गर्दा उत्पादन सम्बन्धहरूमा परिवर्तनका केही संकेतहरू देखापरेको देखिन्छ । एकीकरण पूर्वको अवस्थालाई हेर्दा, एकीकरणको जतिजति नजिक आयो त्यति त्यति नै के भएको छ भने दासताआधारित भूमि सम्बन्धमा, अलिकति परिवर्तन उन्मुख स्थिति उत्पन्न भएको देखिन्छ ।

वर्ग विविधता कम, वर्गीय सङ्घर्ष पनि कमजोर तर राज्यको कडा दमन र कठोर दण्ड व्यवस्था यो अवधिको विशेषता हो । सङ्घर्षहरूलाई दमन गर्नको निम्ति मूल दुईवटा हतियारहरू यो सम्पूर्ण अवधिभरि प्रयोग भएको देखिन्छ- धर्म र राजनीति । एकीकरण पछिको नेपाललाई हेर्दा सामन्तवाद शक्तिशाली भएर आयो र दासआधारित प्रणालीलाई यसले विस्थापित गऱ्यो भन्ने लाग्छ । रैतीआधारित जमिन्दारी सामन्तवाद स्थापना भयो र भूमिलाई नयाँ किसिमबाट व्यवस्थापन गरियो । भूमिको सन्तुलित बाँडफाँड गरियो । आभिजात्य वर्ग र त्यसको सहयोगी वर्गको बीचमा, विभिन्न वर्गीकरणको बीचमा भूमिको सन्तुलित बाँडफाँडको प्रयास भइसकेको, राज्यको पनि एकीकरण भइसकेको हुनाले सामन्तवाद शक्तिशाली भयो। त्यसकारण एकीकरण पछिको नेपालको कालखण्ड शक्तिशाली सामन्तवादको काल हो। सामन्तवाद शक्तिशाली भइसकेको हुनाले, समुदायहरूका स्वतन्त्रताहरू दमित भइसकेको हुनाले, स्वतन्त्र समुदायहरूका गतिविधिहरूबाट, सङ्घर्षहरूबाट, सामन्तवादलाई खतरा कम भइसकेको हुनाले सामन्तवादका संवाहकहरू बीचको आपसी षडयन्त्रहरूको कालखण्ड बन्यो यो। त्यसकारणले गर्दा दरबार लगायतका शक्ति केन्द्रहरू बीच ठूला सङ्घर्षहरू भए, षडयन्त्रमूलक सङ्घर्षहरू भए ।

एकीकरण पछिको नेपाल र दोस्रो विश्वयुद्धभन्दा अगाडिको नेपाललाई हिसाब गर्ने हो भने राजनीति, धर्म र षडयन्त्र तीनवटा कुराहरूको सम्मिश्रणले सबै कुराहरूलाई नियन्त्रित गरेको अवधि हो भन्ने लाग्छ। अन्तर्राष्ट्रिय पात्रहरूको पनि यसपछि भूमिका सुरु भयो। बेलायतको भूमिका सुरु भयो। दोस्रो विश्वयुद्ध पछिको नेपालमा सामन्तवाद आत्तिइसकेको थियो । आत्तिएको सामन्तवाद र परिवर्तनकारी शक्तिहरू बीचको सङ्घर्ष र समन्वयका श्रृंखलाहरू चलिरहे। दोस्रो विश्वयुद्धको हाराहारीमा नेपाली समाजले सांगठानिक जीवनमा प्रवेश गऱ्यो। सङ्गठन गर्न नदिनेहरू बीचको सङ्घर्ष तीव्र भयो । मध्यम वर्गको उदय भयो,

*श्रममा सहभागी हुने र श्रम नगरी उपभोग गर्ने बीचको दूरी नै यो सामन्ती उत्पादन र सम्बन्धको मूल आधार हो ।*

तीव्र गतिले विकास पनि भयो । त्यसको भूमिका सकारात्मक, नकारात्मक दुबै किसिमको रह्यो । षडयन्त्रहरूमा पनि सामेल भयो र षडयन्त्रहरू विरुद्ध जनमुखी राजनीतिको पक्षमा पनि सामेल भयो । यो अवधिको मुख्य विशेषता के हो भने सामन्तवादले पनि अब आफ्नो संरक्षणका लागि सङ्गठनहरूको निर्माण नगरी नहुने रहेछ भन्ने कुरा जानी नजानी आत्मसात गर्‍यो । आफ्नो ढालको रुपमा विभिन्न थरीका सङ्गठनहरू विकास गर्ने क्रम सामन्तवादले पनि थाल्यो । अन्तर्राष्ट्रिय पात्रको हकमा पहिले ब्रिटिस इण्डिया मात्रै थियो भने अब भारतका साथसाथै अमेरिका, चीन लगायत, धैरैखाले अन्तर्राष्ट्रिय पात्रहरूको पनि नेपालको राजनीतिमा भूमिका रह्यो ।

उत्पादन सम्बन्धका पक्षहरूलाई हेर्दा भूमिआधारित कृषिआधारित उत्पादन सम्बन्धमा सम्पत्तिमाथि स्वामित्व नै यसको मुख्य निर्धारक तत्व हो । सम्पत्तिको रुपमा भूमि भएको हुनाले बाँधापन दासता जस्ता कुराहरू व्याप्त रहेको जमिन्दारी सामन्तवाद र त्यसको विकास, त्यसको क्षयको सम्पूर्ण अवधिलाई यसले ओगट्यो । काम नगर्नेहरूलाई सम्मान गर्ने र काम गर्नेहरूलाई अपहेलित गर्ने संस्कृतिलाई अझै बलियो बनाउने क्रम यो अवधिभरि रह्यो । श्रममा सहभागी हुने र श्रम नगरी उपभोग गर्ने बीचको दूरी नै यो सामन्ती उत्पादन र सम्बन्धको मूल आधार हो । वस्तुको उपभोग, सेवाको उपभोग र शक्तिको उपभोग यी तीनवटा कुरालाई मैले उपभोगभित्र राखेको छु । वस्तु, सेवा र शक्ति (हैकम) को उपभोगलाई अधिकतम बनाउँदै लैजाने, काममा सहभागितालाई शून्य बनाउँदै जाने । यसरी शून्यतिर झार्दै जाँदा यी दुईवटा बीचको दूरी जति लामो भयो काममा सहभागिता शून्यतिर झर्दै जाने, वस्तु, सेवा र शक्तिको उपभोग चाहिँ अधिकतम हुँदै जाने हुन्छ र त्यो दूरीलाई जति बढाउन सक्यो, त्यति नै कुलिनता र संभ्रान्तताको स्थिति बढ्छ, उत्तिनै बढी मर्यादा, उत्तिनै बढी इज्जत, उत्तिनै बढी सुख हुन्छ । सामन्तवादमा काम भनेकै दुःख हो ।

त्यसकारण काम नगरीकन उपभोग गर्नु चाहिँ सुख, मर्यादा, इज्जतको कुरा भयो । त्यसैले कुलिनता, संभ्रान्तता र काममा सहभागिता दुईवटा परस्पर विरोधी विन्दुको रुपमा सामन्तवादले विकास गर्दछ, त्यसलाई अभ्यास गर्दछ । काममा सहभागितालाई शून्य पार्दै जानका लागि दासहरूको प्रयोग अधिकतम गर्नुपर्‍यो, सेवकहरूको प्रयोग अधिकतम गर्नुपर्‍यो । यो स्थितिले दास, सेवक र श्रममा संलग्नहरूलाई भाग्य र सहिष्णुताको स्थितिमा राख्न, उनीहरूलाई सहिष्णु बनाउनको लागि अन्याय, अत्याचारलाई पनि न्यायपूर्ण ठहर्‍याउनु पर्‍यो । त्यसको लागि धर्मले खासगरी नेपालको सन्दर्भमा हिन्दू धर्मले महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो । पछिल्लो अवधिमा ठूलो मात्रामा खेती हुन थालिसकेपछि, जंगल फाँड्दै खेती गर्नु परिसकेपछि ठूलो सङ्ख्यामा दासहरूलाई, कमाराहरूलाई नियन्त्रण गर्न झमेला भयो । त्यसकारणले गर्दा निःशुल्क श्रमलाई उपभोग गर्ने हिसाबले दासमोचन, कमारा अमलेखजस्ता कुराहरू पनि समयक्रममा आएका हुन् । यसलाई धर्मसँग जोडेर दयालुताको आधारमा भनेर पनि व्याख्या गर्ने गरिन्छ । तर, त्यो दयालुताको आधारमा भन्दा पनि समयको आवश्यकता थियो । झमेला बोक्नु भन्दा स्वतन्त्र बनाइदिने र नियन्त्रण गर्ने ! त्यसकारण जमिन्दारी सामन्तवाद त्यस किसिमले अगाडि बढेको हो भन्ने लाग्छ ।

उत्पादन सम्बन्धलाई यथास्थितिमा राख्न मान्छेको सङ्गठित हुने प्रयत्नलाई रोक्नु एकदम जरुरी भयो । सङ्गठित भयो भने मान्छेले उत्पादन सम्बन्धलाई यथास्थितिमा रहन दिंदैन भन्ने हिसाबले सङ्गठनहरू विरुद्ध उभिनु सामन्तवादको विशेषता हो । त्यसकारण सामन्ती उत्पादन र सम्बन्धमा सङ्गठनलाई निषेध गर्नु यसको विशेषता हो । तर श्रमजीवीका सङ्गठनहरूलाई निषेध गर्दा गर्दै पनि आफ्नो पक्षमा सङ्गठनहरू बनाउनु पछिल्लो अवधिमा सामन्तवादको लागि जरुरी भयो । त्यसकारण सङ्गठनहरूको निर्माण गर्ने काम पनि सामन्तवादले गरेको देखिन्छ । अर्कोतिर पुँजी आधारित, प्रविधि आधारित उत्पादन सम्बन्धलाई हेर्दा

> *सेवामूलक/ज्ञानमूलक 'नलेज इकोनोमी'सँग सम्बन्धित श्रमजीवी वर्ग र खासगरेर बौद्धिक श्रमसँग सम्बन्धित श्रमजीवी वर्ग पनि भूमि आधारबाट मुक्त भएको छैन ।*

दोस्रो विश्वयुद्धको हाराहारीमा परम्परागत कारखाना प्रणालीले प्रवेश गऱ्यो र क्रमशः पछिल्लो अवधिमा गएर जमिन्दार वर्ग नै उद्यमी र व्यवसायी वर्गको रुपमा परिणत हुन थाल्यो । त्यसले आफूलाई परिवर्तन गर्न थाल्यो, औद्योगिक लगानीतर्फ आकर्षित भयो । किनभने, जमिनबाट भन्दा अरु किसिमबाट लाभका सम्भावनाहरू बढेर गए । तर उसको मानसिकता भने रोजगारदाता र श्रमिकको सम्बन्धलाई स्वीकार गर्न सक्ने अवस्थामा पुगेन । श्रम लगानीकर्ता र पुँजी लगानीकर्ता बीचको सम्बन्धलाई स्वीकार गर्न जमिन्दारी मानसिकताले, सामन्ती मानसिकताले दिंदैन । यसकारणले गर्दा उत्पादन सम्बन्धमा चाहिँ पुरानो सामन्ती सम्बन्धलाई नै कायम राख्ने चेष्टा भएको देखिन्छ । परम्परागत कारखानामा उत्पादनसम्बन्ध पनि आधुनिक पुँजीवादी सम्बन्धमा जान सकेको देखिंदैन । सेवामूलक/ज्ञानमूलक 'नलेज इकोनोमी'सँग सम्बन्धित श्रमजीवी वर्ग र खासगरेर बौद्धिक श्रमसँग सम्बन्धित श्रमजीवी वर्ग पनि भूमि आधारबाट मुक्त भएको छैन । सर्वहाराकरण भएको भन्न सकिने किसिमको श्रमजीवी वर्ग हाम्रो नभएको अथवा ज्यादै नगण्य सङ्ख्यामा मात्र भएको हुनाले, भूमिआधारबाट न बौद्धिक श्रमजीवी वर्ग मुक्त छ, न ज्ञानमूलक श्रमजीवी वर्ग मुक्त छ । कुनै पनि सेवाक्षेत्रमा गएको श्रमजीवी पनि यो भूमिआधारबाट मुक्त छैन । गाउँसँग उसको सम्बन्ध टुटेको छ, भूमिसँग उसको सम्बन्ध टुटेको छैन । यसकारणले गर्दा आधुनिक औद्योगिक अथवा सेवामूलक उत्पादन सम्बन्धको जुन विस्तार हो त्यसमा खाली पुँजीपति वर्ग, जमिन्दार वर्ग, सामन्ती वर्ग, भू-स्वामि वर्ग मात्रै जिम्मेवार होइन कि यो सिङ्गो अवधिमा श्रमजीवी वर्ग आफै पनि सामन्ती उत्पादन र सम्बन्धलाई तोडेर नयाँ उत्पादन र सम्बन्धमा जानको लागि त्यत्ति सक्षम भइसकेको देखिंदैन ।

अर्कोतिर वर्गसङ्घर्षमा राजनीतिक दलको भूमिकाको पनि मूल्याङ्कन गर्नु जरुरी छ । मूलतः दुईपाटाका राजनीतिक दलहरू, विपन्न, तलका, पिछडिएका वर्गहरूको

पक्ष लिने राजनीतिक दल र आभिजात्य वर्ग अथवा उच्च आय वर्गको पक्ष लिने राजनीतिक दलहरूमध्ये उच्च वर्गको, आभिजात्य वर्गको पक्ष लिने राजनीतिक दलहरूको कुरा नगरेर विपन्न वर्गको पक्ष लिने राजनीतिक दलहरूको कुरा यहाँ उठाउन खोजिएको छ । खासगरेर कम्युनिस्ट पार्टीहरूको सन्दर्भमा मात्रै कोट्याउने चेष्टा गरिएको छ । वर्गसङ्घर्षका चारवटा उद्देश्य; जस्तो सत्तालाई चाहिँ स्वीकार्ने तर ज्यादती विशेष विरुद्ध वर्गसङ्घर्ष सञ्चालन गर्ने, स्वतःस्फूर्त खालका सङ्घर्षहरू हुन्छन् । अर्को, कामका अवस्थाहरूमा र जीवनस्तरमा सुधारका लागि आर्थिक र सुविधासँग सम्बन्धित विषयहरूलाई मुद्दाहरूको रूपमा लिएर गरिने वर्ग सङ्घर्ष । तेस्रो, सामाजिक रुपान्तरणको निश्चित लक्ष्य बोकेर गरिएको वर्ग सङ्घर्ष र चौथो, सत्ता परिवर्तनमा केन्द्रित वर्ग सङ्घर्ष । चार किसिमका उद्देश्यहरूबाट वर्ग सङ्घर्ष सञ्चालन हुन्छन् भन्ने मलाई लाग्छ । यी कुनै पनि उद्देश्यहरूलाई ठ्याक्कै पक्रेर वर्ग सङ्घर्ष सञ्चालन गर्न सकेको देखिंदैन । वर्गीय विषयहरूलाई सम्बोधन गर्न विफल भएको हुनाले नै वर्गीय विषयमा दलहरूको दृष्टिकोणमा असन्तुलन पनि देखापरेको छ । त्यसकारण, सामाजिक समूहका द्वन्द्वहरू, जातीय द्वन्द्वहरू र अरु किसिमका द्वन्द्वहरूले जब आकार लिंदै गए, त्यसबेला सामाजिक द्वन्द्वका चक्रहरूमा राजनीतिक दल फस्ने, स्पष्ट धारणा व्यक्त गर्न नसक्ने र सामाजिक समूहहरूले राखेका मुद्दाहरूमा केन्द्रित भएर कहिले वर्गको विषयलाई छोड्ने, सामाजिक द्वन्द्व, सामाजिक समूहहरूले उठाएका कुराहरूमा अलमलिने र दुईवटालाई सन्तुलन गर्न नसक्ने अवस्था देखिएको छ । हामीले आजको द्वन्द्वको समाधान 'वर्ग जोड तीन' (क्लास प्लस थ्री) भन्ने गरेका छौं । वर्ग त्यसपछि जेण्डर, जाति जनजाति र क्षेत्र, वर्ग जोड तीन र वर्ग जोड तीनको सामाजिक-आर्थिक सन्तुलनतर्फ दलहरूको ध्यान गएको देखिन्न ।

इतिहासलाई खोतल्दा वर्ग सङ्घर्षका दुई महत्वपूर्ण भागहरू देखिन्छन् । सत्तरीको दशकमा कोअर्डिनेसन केन्द्रले हिंस्रक सङ्घर्ष सुरु गऱ्यो, पछि त्यो नेकपा (माले)

> *वर्ग सङ्घर्षको बलमा नै नेकपा (एमाले) र नेकपा (माओवादी) निर्णायक शक्तिको रूपमा स्थापित भए ।*

हुँदै एमालेको रुपमा विकसित भयो । बीसौं शताब्दीको अन्त र २१ औं शताब्दी जोड्ने अन्तिम एकदशकमा माओवादीहरूले पनि वर्ग सङ्घर्षलाई हिंस्रक ढङ्गबाट अगाडि बढाए । यी दुई महत्वपूर्ण छोटा कालखण्डहरू हुन् । यी कालखण्डहरू लगभग एकदशकका रहे । वर्ग सङ्घर्षको बलमा नै नेकपा (एमाले) र नेकपा (माओवादी) निर्णायक शक्तिको रुपमा स्थापित भए । तर सैद्धान्तिक, व्यावहारिक हिसाबले त्यसलाई, त्यसबाट विकसित स्थितिलाई कार्यान्वयन गर्ने किसिमको सैद्धान्तिकरण हुन सकेन । त्यसो हुनाले वर्ग र वर्ग सङ्घर्षको मामिलामा दुबै शक्तिहरू अन्योलमा पुगे भन्ने लाग्छ । अरु जो श्रमिकपक्षधर भन्ने राजनीतिक दलहरू छन् उनीहरूको वर्ग सङ्घर्षको कुरा फलाको मात्रै हो । यसकारण वर्गको विषय दलहरूबाट उपेक्षित रह्यो । चिनियाँ नवजनवादी क्रान्तिको वर्ग विश्लेषणलाई लामो कालसम्म अनुकरण गर्ने, त्यसैलाई अनुसरण गर्ने प्रवृत्ति हाम्रो रह्यो । वर्ग विश्लेषण भन्नासाथ माओको त्यही लेख सम्झिने र त्यही आधारमा वर्ग विश्लेषण गर्ने हाम्रो परम्परा रह्यो । नयाँ किसिमबाट आफ्ना वर्गहरूको, उपवर्गहरूको विकासलाई नजिकबाट हेर्ने हाम्रो परम्परा रहेन । त्यसकारण हाम्रो राजनीतिक आन्दोलन  व्यवहारमा विद्यार्थी समुदायमा आश्रित भयो । २०४६ पछि चाहिँ मध्यम वर्गमा केन्द्रित हुन गयो । मूलतः त्यो पनि शहरी मध्यम वर्गमा, ग्रामीण मध्यम वर्गमा होइन । सुविधातिर प्रवृत्त रहने, झुम्मिरहने खालको जुन बौद्धिक समूह हो, त्यसैमा आधारित हुन गयो राजनीति । गाउँआधारित भनिएको माओवादी राजनीतिलाई हेर्दा त्यो पनि वर्ग आधारित नभएर जातिआधारित हुन पुग्यो । जातीय भावनालाई भड्काएर त्यस आधारमा अगाडि बढ्न खोज्यो र सिङ्गो समाजलाई चाहिँ भयको आधारमा नियन्त्रित गरेर जाने किसिमको भएको हुनाले दस्तावेजमा जतिसुकै ठूलो वर्गसङ्घर्षको कुरा गरिए पनि वास्तवमा त्यो वर्ग सङ्घर्ष होइन ।

नेपाली राजनीतिमा वर्गीय पहुँच र प्रभावको स्थितिलाई आङ्कलन गर्दा वर्ग संरचना विविध किसिमका छन् ग्रामीण वर्ग संरचना आफ्नो किसिमको छ, शहरी वर्ग संरचना आफ्नो किसिमको छ । ग्रामीण वर्ग संरचना, शहरी वर्ग संरचना, परम्परागत औद्योगिक सम्बन्धमा आश्रित शहरी वर्गसंरचना अथवा आधुनिक सेवा ज्ञानमा आधारित, जो शहरी वर्ग संरचना छ, यी सबैलाई जति उधिने पनि ग्रामीण वर्ग सङ्घर्षले शहरको वर्ग सङ्घर्षलाई प्रभावित नगरीकन कुनै पनि आन्दोलन सफल भएको छैन । शहरसँग नजोडिकन कुनै पनि आन्दोलनका उपलब्धिहरूले संस्थागत स्वरुप लिन नपाएको हाम्रो स्थिति छ ।

अहिले समकालीन नेपालमा रेमिटेन्स आधारित वर्ग संक्रमण छ । रेमिटेन्स पहिले पनि थियो, नभएको होइन । खासगरेर सुगौली सन्धिपछि रेमिटेन्सको महत्वपूर्ण योगदान छ, यद्यपि त्यसलाई उपेक्षा गरिएको थियो । पछिल्लो अवधिमा चाहिँ रेमिटेन्सको महत्वलाई सबैले आत्मसात गर्ने र त्यसको व्याख्या गर्ने, आँकडाहरूमा हेर्ने, त्यसमा संलग्न श्रमको कोणबाट हेर्ने भन्दापनि त्यसमा प्राप्त हुने आम्दानी, विदेशी मुद्राको कोणबाट, विदेशी मुद्राको तथ्याङ्कबाट हेर्ने दृष्टिकोण रह्यो । तर यो रेमिटेन्सलाई जुनसुकै दृष्टिकोणबाट हेरिए पनि रेमिटेन्सले वर्ग संक्रमणमा महत्वपूर्ण योगदान गरेको छ । मध्यम वर्गको विकासमा रेमिटेन्सको ठूलो योगदान छ । पुरानो समयदेखि अहिलेसम्म एउटा ध्रुवीकृत त्रिकोणमा यदि वर्गहरूलाई राख्ने हो भने, सबै वर्ग, उपवर्गहरूलाई तीनवटा कोणमा राखेर हेर्ने हो भने सामन्ती वर्ग एउटा ध्रुवमा छ, उद्यमी व्यवसायी वर्ग एउटा ध्रुवमा छ र श्रमजीवी वर्ग एउटा ध्रुवमा छ । यी तीनवटा ध्रुवको बीचमा अन्तर्क्रिया भइरहेको छ । सङ्घर्ष पनि भइरहेको छ र समन्वय पनि भइरहेको छ । यसलाई आर्थिक हिसाबले आङ्कलन गर्ने हो भने सामन्ती वर्गको प्रभाव घट्दो भएको प्रस्ट छ । यसको आकार पनि घट्दो छ, त्यसैले यथास्थिति कायम राख्नको लागि, समाजको पुनर्संरचना र रुपान्तरणलाई छेक्नको लागि विभिन्न किसिमबाट

*सबै वर्ग, उपवर्गहरूलाई तीनवटा कोणमा राखेर हेर्ने हो भने सामन्ती वर्ग एउटा ध्रुवमा छ, उद्यमी व्यवसायी वर्ग एउटा ध्रुवमा छ र श्रमजीवी वर्ग एउटा ध्रुवमा छ ।*

यो प्रयत्नशील छ । शक्तिको बलमा होइन, षडयन्त्रको बलमा क्रियाशील छ, जहिले पनि षडयन्त्रको बलमा परिवर्तनलाई छेक्न खोजिरहेको छ । उद्यमी व्यवसायीको भने प्रभाव बढ्दो छ, यसको आकार पनि बढ्दो छ । महत्वाकाङ्क्षा पनि बढ्दो छ, संयुक्त लगानी र बहुराष्ट्रिय कम्पनीहरूसँग जोडिएर जाँदा अझ बढी लाभ प्राप्त हुन सक्ने, अझ पहुँच विकसित गर्न सक्ने भएको हुनाले भूमण्डलीकरणका नीतिहरूलाई राष्ट्रिय हिसाबमा बढी उत्तेजित गरेर जानका लागि यो तम्सिएको छ । यसले साना उद्यमीहरू, स्वरोजगारहरू, पेशेवर दक्ष समूहहरू र बौद्धिक समुदायलाई पनि आफूसँग जोडेर आफ्नो घेरालाई विस्तारित गर्ने प्रयत्न गरिरहेको छ । राज्यलाई आफ्नो पक्षमा राख्नको लागि राजनीतिक दलहरूभित्रको लबीङलाई पनि यसले बढाएको छ । शेरबहादुर देउवाको पालामा जुन किसिमले सांसदहरूको किनबेच भयो, त्यसले राजनीतिक दलहरूभित्र उद्यमी व्यवसायी वर्गले कसरी खेलिरहेको छ भन्ने कुरालाई प्रतिविम्वित गर्दछ । मिडियालाई आफ्नो नियन्त्रणमा राख्न पनि यो वर्ग क्रियाशील छ । यो कुनै पनि वैचारिक सीमाहरूबाट मुक्त छ । उसले कुनै विचारधारा, कुनै सिद्धान्तको कुरा गर्छ भने त्यो प्राविधिक विचार मात्रै हो । यसैमा आधारित भएर, लाभमा केन्द्रित भएर अगाडि जाने प्रवृत्ति उनीहरूमा छ । उनीहरू एकैपल्ट 'संरक्षणवाद'को कुरा गर्दै राज्यसँग संरक्षण माग्छन् र उदारीकरणको कुरालाई पनि उठाइरहेका हुन्छन् । संयुक्त लगानीमा बहुराष्ट्रिय कम्पनीसित साझेदारी गरेर जान पाए भने उदारीकरणको पक्षमा ठूलो वकालत गर्छन् । जसले पाएका हुँदैनन् संरक्षणवादको कुरा गर्छन् । यसकारण उनीहरू द्विविधामा पनि छन्, उनीहरूलाई यसरी अगाडि जानको निम्ति नवउदारवादी नीति र पुँजीद्वारा नेतृत्व गरिएको जुन विश्वव्यापीकरण छ, यसले सहयोग पुऱ्याइरहेको छ, सहुलियत प्रदान गरिरहेको छ । त्यसकारणले गर्दा उनीहरू उत्साहित छन् ।

अर्कोतिर श्रमजीवी वर्ग खासगरेर ट्रेड युनियनहरू र किसान सङ्गठनहरू पुरानै वैचारिक सीमाहरूमा विभाजित छन् । राजनीतिक विचारधाराको आधारमा विभाजित छन् । प्राविधिक विचारमा कम केन्द्रित छन्, तर शक्ति सुदृढीकरणको लागि प्रयत्नशील छन् । उद्यमी व्यवसायी वर्गसँग प्रतिस्पर्धा गर्न र उनीहरूले गर्न सक्ने लबीङबाट आफ्ना हितहरूलाई सुरक्षित गर्न, राज्यलाई पुँजीपक्षीय हुनबाट रोक्नका लागि श्रमजीवीहरूको एकत्रित शक्ति जरुरी हुन्छ । श्रमिक वर्ग समाज रुपान्तरणमा नेतृत्वकारी हुन सकेको छैन, तर निर्णायक चाहिँ छ । आन्दोलनमा प्रभावकारी सहभागिताले गर्दा यो निर्णायक शक्ति हो, नेतृत्वकारी शक्ति अझै होइन । तर निर्णायक भएर पनि आफ्नो शक्तिको मूल्य यसले पाएको छैन । त्यसैले, पुँजीपक्षधरताबाट राज्यलाई हटाएर श्रम र पुँजीको बीचमा सन्तुलित व्यवहार गर्ने बनाउनको लागि अझै धेरै काम गर्नु छ । अहिलेको रुपान्तरणको लागि, पुनर्संरचनाको सम्बन्धमा वर्गीय स्थिति र समाज तथा राज्यमा विभिन्न वर्गहरूको पहुँच र प्रभावको स्थितिको मूल्याङ्कन, विश्लेषण र त्यस आधारमा रणनीतिहरू तय गर्नु आवश्यक हुन्छ ।

वास्तवमा पार्टीहरू वर्गआधारित हैन, विचारआधारित छन् १६३
- प्रदीप ज्ञवाली

विष्णु लम्साल / कवीन्द्रशेखर रिमाल / विन्दा पाण्डे / मुकुन्द न्यौपाने / रमेश बडाल / सीता लामा / ललित वस्नेत / राजन भट्टराई / प्रमेश हमाल / शंकर पोखरेल / ईश्वर पोखे्रल / प्रदिप ज्ञवाली / डा. डिल्लीराज खनाल १७०

# बहस । टिप्पणीहरू



# वास्तवमा पार्टीहरू वर्गआधारित हैन, विचारआधारित छन्

- प्रदीप ज्ञवाली

ताजा प्रश्नहरूको ताजा उत्तर खोज्न यस्ता खालका छलफलहरूले महत्वपूर्ण सहयोग पुऱ्याउँछन् । राज्यको या अहिलेको समग्र समाजको पुनर्संरचनाको कुरा गरिरहँदा एउटा मुद्दा बिर्सिएको छ नै त नभनुं, तर त्यो अलिकति ओझेलमा परेको छ भन्ने लाग्छ । खासगरेर राज्यको पुनर्संरचनाको कुरा गर्दा, राज्यको वर्गीय चरित्र, त्यसले कुन वर्गको समुदायको हित गर्ने हो, अहिलेको राज्यले कसको हित गरिरहेको छ र त्यसको ठाउँमा हामीले कुन वर्गको हित गर्ने राज्य निर्माण गर्न चाहेका हौं, जातीय, भाषिक, लैंगिक मुद्दाहरूको कारणले वर्गीय प्रश्न प्रायः ओझेलमा पर्ने गरेको छ । राज्यको पुनर्संरचना भनिए पनि वस्तुतः केही जातीय समुदायका, केही भाषिक समुदायका, केही इलाका अभिजातहरूको बीचमा सत्ताको पुनः बाँडफाँडमा पुगेर राज्यको पुनर्संरचना अवमूल्यन हुने खतरा देखा पर्दैछ । मधेसीको नाममा या राई- लिम्बुहरूलाई समावेश गर्ने नाउँमा त्यहाँ भित्रका अभिजातहरू मात्रै आउने, सारमा राज्यको वर्गीय चरित्र रुपान्तरण नहुने हो कि भन्ने प्रश्न उठेको छ । पुनर्संरचनाको विषयमा राज्यको वर्गीय चरित्रलाई सबैभन्दा जोड दिएर जानुपर्छ भन्ने लाग्छ, यो अभिजातहरूको बीचमा सत्ताको पुनः बाँडफाँडमा मात्रै सीमित नहोस् भन्ने मेरो अलिकति आग्रह छ ।

दोस्रो, राजनजी र प्रमेशजीले उठाउनु भएको विषयमा खासगरेर समग्र समाजवादी आन्दोलन, मार्क्सवादी आन्दोलन, कम्युनिस्ट आन्दोलनको १५० वर्षको इतिहासमा पुनरावलोकन जरुरी छ । अहिलेसम्म हाम्रो आँखा नै कस्तो भइदियो भने स्टालिनको आँखाबाट रुसलाई हेर्ने या माओको आँखाबाट विश्वलाई हेर्ने, त्यो भन्दा अलि पर गएर नहेर्ने खालको स्थिति भयो । हिजो केशव बडाल कमरेडले कतै प्रसङ्ग उठाउँदै हुनुहुन्थ्यो- हामीले गोथा कार्यक्रमको आलोचना पढ्यौं, गोथा चाहिँ पढेनौं । एन्टी डयुहरिङ पढ्यौं, डयुहरिङ चाहिँ पढेनौं ।

विश्वासघाती काउत्स्की पढ्यौं तर स्वयं काउत्स्कीको मौलिक रचना पढेनौं । त्यसैले कम्युनिस्ट आन्दोलनका समग्र विवादहरूका बारेमा नयाँ उचाइमा उठेर छलफल गर्नु जरुरी छ । हिजोका कैयौं आग्रहबाट मुक्त भएरै हामी अगाडि बढ्नुपर्छ । तर त्यसो गर्दा अन्तहीन बहसमा फेरि हामी नफसौं । आजको हाम्रो नेपालको लोकतान्त्रिक या कम्युनिस्ट आन्दोलनको सेवामा त्यसलाई लगाउने हिसाबले मात्रै बहसमा जानुपर्छ । बौद्धिक विलासतिर हाम्रो समग्र आन्दोलन नमोडियोस् भन्ने कुरामा ध्यान दिनुपर्छ । मार्क्सवादको व्याख्याको एउटा स्कुल मात्र पढ्ने, आडम स्मिथभन्दा पर गएर अर्थशास्त्र नहेर्ने या बेलायती पार्लियामेन्टरी सिस्टमको मोडेलभन्दा अरु नहेर्ने खालको जुन एउटा साँघुरो सोच छ, त्यसबाट अलिकति फराकिलो भएर हेर्नुपर्छ भन्ने लाग्छ । सुरुमै हाम्रो स्वीडिस पाहुनाले लोककल्याणकारी राज्यको बारेमा कुरा गर्नुभएको छ । यो छलफललाई टुंगो लगाउनुपर्छ जस्तो लाग्छ । राजनले लोककल्याणकारी राज्य भनेको समाजवादकै एउटा अङ्ग हो भन्ने ढङ्गले प्रस्तुत गर्नुभएको थियो । हाम्रा स्वीडिस पाहुनाको भनाइ के रह्यो भने, होइन यो पुँजीवादको कुरा हो र सोसल डेमोक्रेटिक पार्टी बन्नु भन्दा अगाडि देखि नै यो कल्याणकारी राज्यका केही पक्षहरूलाई कार्यान्वयन गर्न थालिएको थियो । त्यसैले हामीले टुंगो लगाउनु जरुरी छ, लोककल्याणकारी राज्य समाजवादी आन्दोलनको अङ्ग हो या पुँजीवादी आन्दोलनको अङ्ग हो ।

मेरो बुझाइमा यो पुँजीवादी आन्दोलनकै अङ्ग हो । तर मार्क्सवाद विज्ञान भएको कारणले राम्रा कुराहरू, यदि हाम्रो आन्दोलनमा काम लाग्छन् भने हामीले अन्तबाट पनि सिक्न सक्छौं । जसरी हामीले पुँजीवादी आन्दोलनको दौरान विकसित भएका प्रजातन्त्रका आधारभूत कुराहरूलाई सिकेका छौं । सोभियत मोडेलको समाजवादको असफलताले पनि लोककल्याणकारी राज्यका केही राम्रा कुराहरूलाई सिक्दै समाजवादले आफ्नो अन्तरविरोध, आफ्ना सङ्कटलाई समाधान

> *सोभियत मोडेलको समाजवादको असफलताले पनि लोककल्याणकारी राज्यका केही राम्रा कुराहरूलाई सिक्दै समाजवादले आफ्नो अन्तरविरोध, आफ्ना सङ्कटलाई समाधान गर्नुपर्ने आवश्यकता छ ।*

गर्नुपर्ने आवश्यकता छ । तर हाम्रो सन्दर्भमा यसको सार्थकताको कुरा गर्दा ११-१३ प्रतिशत मात्र सार्वजनिक क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान भएको र पूर्णरूपमा विदेशी सहयोगमाथि आश्रित हुने देशमा लोककल्याणकारी राज्यका अवधारणाहरूलाई हामीले कति थेग्न सक्छौं ? यो एउटा प्रश्न हो । त्यसैले पहिले हामीले अर्थतन्त्र बलियो बनाउने र त्यो अर्थतन्त्र बलियो हुँदै जाने क्रममा नै राज्यले सामाजिक क्षेत्रमा गर्ने लगानीलाई बढाउन सकिन्छ ।

कृष्ण उपाध्यायजीले 'मार्क्स @ 2000,' सम्बन्धमा राख्नुभएको दुई तीनवटा कुरा एकदमै मन पर्‍यो । मार्क्सले खास सन्दर्भमा भन्नुभएको कुरा, त्यसको विशिष्ट अनुभवहरू या विशिष्ट शिक्षाहरूलाई कैद नगर्ने हो भने र मार्क्सवादलाई मुख्यतया समाजको अध्ययन, विश्लेषण गर्ने एउटा पद्धति र शोषणमूलक समाजको ठाउँमा शोषणविहीन समाज निर्माण गर्ने सैद्धान्तिक मार्ग दर्शनको रुपमा हेर्ने हो भने त्यसको सार्थकता एकदमै छ । त्यस अर्थमा त्यस किताबका लेखकले जे कुराहरू अगाडि सारेका छन्, त्यो सही छ, त्यसले हामीलाई एउटा नयाँ धारणा दिएको छ । मार्क्सवादलाई आजको सन्दर्भसँग गाँसेर आजका प्रश्नहरूसँग त्यसलाई साक्षात्कार गराउनुपर्छ । तिनीहरूको सामना गर्नुपर्छ र ती कुराहरूलाई मिलाएर अगाडि बढ्नुपर्छ । विज्ञान भएको कारणले मार्क्सवादले त्यसो गर्न सक्छ र हाम्रो सन्दर्भमा नयाँ प्रश्नहरूको उत्तर दिन सक्नेगरी त्यसलाई अद्यावधिक गर्नुपर्छ । आजका नेपालका समस्याहरू समाधान गर्न मार्क्सवादले सामर्थ्य राख्छ भन्ने ढङ्गले हेर्नु राम्रै होला । तर उहाँको प्रस्तुतिमा एउटा तथ्य अलिकति मिलेन भन्ने लाग्छ- मार्क्सले ऐतिहासिक भौतिकवाद भनेर शब्द प्रयोग गर्नु भएन भन्ने प्रसङ्ग । तर मार्क्स आफैले भनेको दुईवटा कुरामा हामीले ख्याल गरौं । एउटा, उहाँ के भन्नुहुन्छ भने 'वर्ग सङ्घर्ष मेरो आफ्नो उत्पादन होइन, तर वर्ग सङ्घर्षलाई सर्वहारा राज्यसँग जोडेर मैले लगें । दोस्रो, इतिहासलाई व्याख्या गर्ने एउटा नयाँ धारणा विकसित गरें ।' खासगरेर राजनीतिक अर्थशास्त्रको

समीक्षाको भूमिकामा उहाँले बडो राम्रोसँग उत्पादन सम्बन्ध र उत्पादक शक्ति बीचको अन्तरसम्बन्धको आधार र ढाँचा बीचको, त्यसले क्रान्ति कसरी निर्माण गर्छ भन्ने विचार अगाडि सार्नुभएको छ । र, ऐतिहासिक भौतिकवादको निचोड त्यो हो । त्यसैले, ऐतिहासिक भौतिकवाद बारेमा मार्क्सले बोलेनन् भन्ने कुरा सान्दर्भिक होइन जस्तो लाग्छ ।

नेपालको सन्दर्भमा उमेशजीले धेरै कुराहरू अगाडि सार्नुभएको छ । नयाँ ढङ्गले अनुसन्धान गर्ने प्रयत्न गर्नुभएको छ । यस सन्दर्भमा दुईतीनवटा कुराहरू उठाउन चाहेको छु । हामी कुन समाजमा छौं, त्यो समाजको उत्पादक शक्ति के हो, उत्पादन सम्बन्ध के हो, त्यो उत्पादन सम्बन्ध कसरी उत्पादक शक्तिको बाधक बनिरहेको छ, त्यसको रक्षाको निम्ति बनेका वैचारिक, राजनीतिक र अन्य ढाँचाहरू के के हुन् भन्ने विश्लेषणबाटै क्रान्तिको थालनी हुन्छ या क्रान्तिसम्बन्धी सिद्धान्तको प्रश्नको थालनी हुन्छ । त्यसैले सबभन्दा पहिले हाम्रो मुलुकको सामाजिक-आर्थिक संरचनाको टुंगो लगाउनु जरुरी छ । हामीले गएको ५६-५७ वर्षदेखि अर्धसामन्ती, अर्धऔपनिवेशिक भन्दै आएका छौं, यसको बारेमा ठूला प्रश्न चिन्हहरू उठिरहेका छन् । उठेका प्रश्नहरूसँगै मेरो सहमति भन्ने होइन, तर हामी भाग्न मिल्दैन । चैतन्य मिश्रलगायत केही साथीहरूको एउटा सोच, एउटा तर्क छ कि अब नेपाल सामन्ती रहेन, अर्धसामन्ती रहेन । यो पुँजीवादी ढाँचामा रुपान्तरित भयो उहाँहरूको व्याख्यामा के छ भने जब श्रम ज्यालादारीमा रुपान्तरित हुन्छ त्यहाँदेखि नै पुँजीवादको प्रारम्भ हुन्छ अहिले नेपालको कृषिमाथि आधारित श्रम र अन्य श्रम पनि ज्यालादारीमा रुपान्तरित भएको हुनाले अब नेपालमा सामन्तवाद रहेन । अवशेषहरू होलान्, तर अर्धसामन्ती या सामन्ती भन्न मिल्दैन । यी प्रश्नमाथि तपाईं सहमत या असहमत जे भएपनि जवाफ त दिनैपर्छ । त्यसैले यदि अर्धसामन्ती नै हो भने पनि ५६ वर्षमा त्यो 'अर्ध'को विकास कहाँसम्म पुग्यो ? अर्धबाट ५१, ५२, ५५

> *आफ्नो हातमा गुमाउने भन्ने कुरा केही पनि नभएको, जित्नलाई सारा संसार भएको र एउटै छानाभित्र हजारौंको सङ्ख्यामा एकदमै सङ्गठित भएको त्यो खालको सर्वहारा अहिले छैन ।*

हुँदै वर्षको एकप्रतिशत मात्र बढ्या हो भने पनि अहिले त थुप्रै हुने भयो, सय नै नाघिसक्यो । त्यो ढाँचाको बारेमा छलफल गर्नु पर्ला, त्यसले नै हाम्रो क्रान्तिको चरित्र के हो भन्ने कुराहरूको टुंगो लाग्छ । हाम्रै पंक्तिभित्र पनि अहिले नयाँ छलफल गत वर्षदेखि प्रारम्भ भएको छ । क्रान्ति नै हो भने नेपालमा अब त सामन्तवाद गत वर्षको आन्दोलनले पक्कै फाल्यो र अब हाम्रो क्रान्तिको चरित्र के हो भन्ने प्रश्न यहाँ उठिरहेको छ । यी प्रश्नहरूमा हामीले प्रवेश गर्नुपर्छ भन्ने लाग्छ । अहिले मसँग यसको जवाफ छैन । वर्गको कुरा गर्दा उमेशजीसँग बिल्कुलै सहमत छु । मार्क्सले जे परिभाषित गर्नुभएको थियो त्यस्तो खालको सर्वहारा वर्ग, आफ्नो हातमा गुमाउने भन्ने कुरा केही पनि नभएको, जित्नलाई सारा संसार भएको र एउटै छानाभित्र हजारौंको सङ्ख्यामा एकदमै सङ्गठित भएको त्यो खालको सर्वहारा अहिले छैन । हाम्रो देशको श्रमिक वर्ग, जसलाई हामीले श्रमजीवी या श्रमिक भन्ने गरेका छौं, त्यो अलिक विशेष खालको छ । त्यसैले नयाँ परिभाषा सायद आवश्यक होला । कृषि र गैरकृषि, सेवा क्षेत्र सबैमा लागेका मान्छेहरूलाई श्रमिक वर्गको बृहत्तर श्रेणीभित्र राखेर यसको पुनः परिभाषा जरुरी छ भन्ने लाग्छ । अबको ट्रेड युनियन आन्दोलनले, अबको मार्क्सवादी आन्दोलनले ती सबैको प्रतिनिधित्व गर्नुपर्छ । परम्परागत ढङ्गले फ्याक्ट्रीमा, त्यो पनि आधुनिक प्लान्टहरू जडान भएका फ्याक्ट्रीका मजदुरहरूलाई मात्रै समेटेर हामी अगाडि बढ्न सायद सक्दैनौं ।

मजदुर वर्ग किन क्रान्तिको नेता हुन्छ ? ऊसँग गुमाउनलाई केही छैन, गुमाए मैला र हतकडी, जिते सारा संसार भएको कारणले यसले क्रान्तिको नेतृत्व गर्छ भनेर पढेको थिएँ । अहिले त के भयो भने गुमाउन केही चिज नभएको मान्छे चाहिँ नेता हुन नसक्ने भयो । ऊ ब्युरोक्रेसीमा एकदम जब्बर हुने भयो । बरु, गुमाउने चिज भएकाहरू पेसा व्यवसाय भएकाहरू आन्दोलनमा सहज ढङ्गले लाग्ने भए । सायद यो छलफलको नयाँ विषय बन्ला । अनुभवले के

भन्छ भने हाम्रा आफ्ना पुराना मान्यताहरूलाई पुनरावलोकन गर्न हामी तयार हुनुपर्छ, नेपालको सन्दर्भमा वर्ग, संरचना सायद पिरामिड आकारको छैन, यो मादल आकारको छ । तल्लो श्रमिक वर्ग पनि एकदम थोरै अथवा केही पनि नभएको एकदम थोरै र बीचको मध्यम वर्ग निम्न मध्यम वर्ग ठूलो भएको हुनाले नेपालको वर्गीय आन्दोलनको पनि एउटा खासै स्थिति होला, त्यसमा हामीले ध्यान दिनुपर्छ । खासगरेर छयालिसको परिवर्तनपछि या अर्थतन्त्रमा उदारीकरणको एउटा सहउत्पादनको रुपमा स्वरोजगारहरूको साह्रै ठूलो पंक्ति तयार भएको छ । यसलाई हामीले कसरी आन्दोलनमा ल्याउने या त्यसलाई कसरी व्याख्या गर्ने ? ऊ ज्यालामा छैन, त्यसैले श्रमिक भन्न पनि गाह्रो र उसले शोषण गर्दैन त्यसकारण शोषक भन्न पनि गाह्रो, त्यसलाई कुन पहिचानभित्र राख्ने भन्ने सम्बन्धमा पनि बहस चलाउनुपर्छ । रीष्ट्रिय पुंजीपतिहरूको हामीले जुन परम्परागत व्याख्या गर्दै आइरहेका छौं, अर्थतन्त्रको विश्वव्यापीकरणको कारणले र उनीहरू मल्टिनेशनल, ट्रान्सनेशनलहरूसँग जोडिंदै गएको कारणले सीमारेखा के हो, पुँजीपतिहरूको सीमा रेखा कसरी छुट्याउने र त्यो पुँजीपति वर्गलाई आन्दोलनमा कसरी ल्याउने ? उनीहरूलाई ल्याउन जरुरी छ । यति बेलाको हाम्रो मुलुकको मुख्य कार्यसूची पुँजीवादलाई सुदृढ गर्ने या पुँजीवादी क्रान्तिलाई सम्पन्न गर्ने हो । आफ्नो अर्थतन्त्रलाई सुदृढ गर्ने, त्यो नगरिकन समाजवाद या अर्को कुनै क्रान्तिमा हामी जान सक्दैनौं भने त्यो पुँजीपतिको व्याख्या हामीले कसरी गर्ने ? जस्तो बहुराष्ट्रिय निगमहरूले यहाँ खोलिराखेका उद्योगहरू, त्यसले पनि औद्योगिकीकरणलाई कुनै न कुनै हिसाबले सघाएको होला । जस्तो लिभरको कुरा गरौं, डाबरको कुरा गरौं या कोकाकोलाको कुरा गरौं, तिनले पैदा गरेको रोजगारी, त्यसले अर्थतन्त्रमा पुऱ्याइरहेको सहयोगलाई हामीले कसरी लिने र त्यस आधारमा पार्टीहरूको वर्ग आधारलाई कसरी पुनः बाँडफाँड गर्ने ? परिवर्तित वर्गीय संरचनाको आधारमा उनीहरूलाई कसरी अगाडि बढाउने भन्ने विषयमा पनि ध्यान दिनुपर्छ ।

> *नेपालको सन्दर्भमा जतिपनि राज्यको लोककल्याणकारी चरित्र अथवा जे मुद्दाहरू अहिले उठिरहेका छन् . . . यसको एकमात्र श्रेय वाम आन्दोलनलाई जान्छ, यहाँको श्रमजीवी आन्दोलनलाई जान्छ ।*


अहिले वास्तवमा पार्टीहरू एकदमै वर्गआधारित छैनन्, विचारआधारित छन् । विचारआधारित पार्टीहरूलाई वर्गआधारित बनाउनको निम्ति वर्गको नयाँ ढाँचा परिभाषित गरेर तिमीहरूको वर्ग आधार यो हो, तिमीहरूको लक्षित समूह यो हो, यिनीहरूको वकालत गर भनेर उनीहरूलाई नयाँ ढङ्गले जुटाउनुपर्ने हुन्छ । एकजना कुटनीतिज्ञको भनाइ के थियो म तपाईंहरूको विचारसँग अथवा वाम आन्दोलनसँग सहमत छैन, तर एउटा सत्य के हो भने नेपालको सन्दर्भमा जतिपनि राज्यको लोककल्याणकारी चरित्र अथवा जे मुद्दाहरू अहिले उठिरहेका छन् र राज्य जसरी प्रगतिशील दिशामा अगाडि बढिरहेको छ, यसको एकमात्र श्रेय वाम आन्दोलनलाई जान्छ, यहाँको श्रमजीवी आन्दोलनलाई जान्छ । उनीहरूले उठाएका मुद्दाहरू अब यस्ता भइसके कि अब राज्यले सम्बोधन नगरी हुँदैन, त्यसो भएर तपाईंहरूले यसमा गर्व गर्नुपर्छ । राज्यमा प्रभावको हिसाबले भन्ने हो भने अहिलेको अन्तरिम संविधानमा व्यवस्था भएको मौलिक हक अधिकार अथवा राज्यको चरित्रको, निर्देशक सिद्धान्तको कुराहरू गरौं या अहिले जतिपनि मुद्दाहरू उठिरहेका छन्, श्रमजीवी वर्गको एउटा सशक्त उपस्थितिको परिणाम हो भन्ने लाग्छ ।

**विष्णु लम्साल**



ट्रेड युनियन आन्दोलनको लागि चुनौतीको रुपमा विश्वव्यापीकरण र उदारीकरण रहेको छ । जसका विरुद्ध हामी विभिन्न ढङ्गले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा सङ्गठित हुँदै आएका छौं । तथापि विश्वव्यापीकरण र उदारीकरणलाई तत्कालै खत्तम गरेर जानसक्ने अवस्था देखिंदैन । चाहे समाजवादी मुलुकहरू हुन्, चाहे पुँजीवादी मुलुकहरू, यसबाट कोही अछुत छैनन् । पुँजीवादी मुलुकले त यसलाई उपयोग नै गरिराखेको छ भने समाजवादी मुलुकले पनि यसका कतिपय सकारात्मक पक्षलाई अङ्गिकार गरेर आफूलाई अगाडि बढाउँदै र त्यसबाट लाभ लिइरहेको अवस्था छ । यस अवस्थामा हामी ट्रेड युनियनकर्मी, ट्रेड युनियन आन्दोलनमा लागेका संघ संस्था र व्यक्तिहरू यसको प्रभावलाई रोक्ने अभियानमा त लाग्नुपर्छ नै, सँगसँगै यसका उपलब्धिहरूलाई, यसका सकारात्मक पक्षहरूलाई उपयोग गर्ने कुरा पनि सोच्ने हो कि । यसको विरोध मात्रै गरेर बस्दा यसबाट हुन सक्ने लाभ गुम्ने हो कि ? यसमा मार्क्सवादीहरूको दृष्टिकोण के हो ? स्वीडेन, डेनमार्क र विशेष गरेर युरोपेली मुलुकहरूमा श्रमलचकता जसरी अपनाइएको छ, त्यसको मूल उद्देश्य भनेको मजदुरहरूलाई सामाजिक सुरक्षाको ग्यारेन्टी गरेर उनीहरूको जीवनलाई सुरक्षित गर्ने थियो । त्यसमा पनि अहिले सङ्कट आउन लागेको हाम्रो मित्र लेफले भन्नुभयो । अब हामीले पनि यहाँ श्रम लचकताको अभ्यास गर्ने कुरा गरिराखेका छौं । त्यत्रो समृद्ध मुलुकमा त यसले समस्या देखायो भने हामीले यसलाई अवलम्बन गर्नुभन्दा पहिले त्यहाँ किन कमजोर हुँदैछ, किन असफल हुँदैछ भन्ने अध्ययनतिर ध्यान दिनुपर्छ ।

### कवीन्द्रशेखर रिमाल



जातिलाई प्राथमिकता दिने कि वर्गलाई भन्नेबारे थोरै कुरा राख्न चाहन्छु । हाम्रो देशमा जातिगत रुपमा धेरै पिछडिएका जातिहरू छन् । तिनीहरू वर्गीय रुपले पनि पिछडिएका छन् । ती जाति जनजातिको उत्थानको निम्ति हामीले जातिगत रुपमा प्राथमिकता दिनुपर्ने एकदम प्रस्ट छ । जातिको रुपमा आउँदा यो जातिगत भयो भन्ने कुरा उठिरहेको छ । जाति र वर्ग दुबैलाई प्राथमिकता दिएर कसरी अगाडि बढाउन सकिन्छ ? जात/जाति, जनजातिको उत्थानका कुराहरूलाई र वर्गलाई पनि हामीले प्राथमिकता दिनु परेको छ । यी विषय हाम्रो नेपालमा एकदम सम्बन्धित छन् ।

### विन्दा पाण्डे



वर्ग प्रमुख कुरा हो । त्यति हुँदा हुँदै पनि कविन्द्रजीले भनेजस्तै वर्गभित्र पनि तल्लो भनिएका जाति र विकट भनिएको क्षेत्र र महिलाहरू अझै बढी पिछडिएको स्थितिमा रहेका छन् । त्यसैले उनीहरूको बीचमा, प्याकेज प्रोग्रामको हिसाबले एउटा अफरमेटिभ एक्सनको योजनासहित अगाडि आउनुपर्छ भन्ने लाग्छ । त्यसले गर्दा पार्टीकै हिसाबबाट पनि वर्ग कि जाति भन्ने सन्दर्भमा पार्टीको निर्वाचन क्षेत्रभित्र पनि अझै दबिएको, अझै पछाडि पारिएको जुन जाति, जुन लिंग, जुन क्षेत्र छ, त्यसमा विशेष योजनासहित, प्याकेज प्रोग्रामसहित स्पष्ट भएर जानुपर्छ होला, अन्यथा हामी फेरि पनि जाति कि वर्ग भन्ने कुरामा रुमल्लिनुपर्ने स्थिति रहन्छ । यसको अन्त्य गरिनुपर्छ ।

अर्को कुरा, हामी कल्याणकारी राज्यको कुरा गरिराखेका छौं । श्रमजीवी वर्गको हिसाबबाट कुरा गर्दा पनि हामीले गरिबीको रेखामुनि रहेको सम्पूर्ण जनसङ्ख्यालाई कसरी त्यो प्याकेजभित्र ल्याउन सकिन्छ भन्ने सोच्नुपर्छ । यसमा खासगरी गणना नगरिएको श्रम अथवा त्यो हिसाबले श्रम गरिराखेको श्रमजीवीहरूलाई पनि त्यो दायराभित्र कसरी ल्याउने भन्ने प्रश्न छ । जस्तो, श्रममा ऊ भाग लिन्छ तर उसले ज्याला पाइराखेको हुँदैन । हामीले ज्यालाजीवीलाई मात्रै सामाजिक सुरक्षाको घेराभित्र ल्याउँदा पनि घरमा बसेर काम गर्ने अधिकांश महिलाहरू र परम्परागत खालको श्रम गरिराखेकाहरू (जस्तो, लुगा सिएर बाली लिने) सामाजिक सुरक्षाको घेरा बाहिर रहन सक्छन् । कल्याणकारी व्यवस्थाको सम्बन्धमा सामाजिक/आर्थिक हिसाबले सबैभन्दा तल्लो वर्गमा पर्ने पक्षलाई सही रूपमा कसरी समेट्ने भन्नेमा पनि अलिकति ध्यान दिनु जरुरी हुन्छ ।

### मुकुन्द न्यौपाने



समाजवाद र मार्क्सवादको बारेमा प्रस्तुत भएका र देवराजजीको प्रस्तुतिको सन्दर्भमा केही भन्न चाहन्छु । म दुनियाँमा समाजवाद स्थापना भएकै छैन भन्ने निष्कर्षमा पुगेको छु । रुसमा पनि समाजवाद स्थापित भएको थिएन, चीनमा पनि समाजवाद स्थापित भएको छैन । त्यो सामाजिक पुँजीवादको चरणमा छ । सामाजिक पुँजीवादको चरण पार नगरी समाजवादमा पुगिंदैन । यसलाई लेनिनले पनि देख्न सकेनन्, माओले पनि देख्न सकेनन्, मार्क्सले पनि देख्न सकेनन् भन्ने मेरो आरोप छ । मार्क्सको दर्शनमा द्वन्द्वात्मक भौतिकवादको "निषेधको-निषेध"को व्याख्या के हो भने काल अगाडि गइसकेपछि त्यो पछाडि फर्किंदैन र त्यो निरन्तर अगाडि जान्छ । कुमालेको चक्र जस्तै इतिहासको चक्र पछाडि फर्किंदैन । जहाँ सामाजिक क्रान्ति हुन्छ,

त्यहाँ रुपान्तरण हुन्छ- परिणाम, गुणमा परिवर्तन हुन्छ, त्यो गुण फेरि पुरानोतिर फर्किंदैन । भ्रुसिल किरा पुतलीमा रुपान्तरण भइसकेपछि त्यही पुतली भ्रुसिल किरा हुँदैन । यदि रुसको समाजवाद पुँजीवादतिर फर्किएको हो भने मार्क्सवादको यो व्याख्या गलत भयो भन्ने निष्कर्षमा हामी पुग्छौं र मार्क्सवाद असफल भयो भन्ने टुंगोमा पुगिन्छ । त्यसैले, मार्क्सवादलाई जोगाउनको लागि म कुन टुंगोमा पुगें भने "रुसमा समाजवाद स्थापित भएकै थिएन ।" सामाजिक पुँजीवादलाई लेनिनले समाजवाद भने । चीनको अहिलेको व्यवस्था पनि सामाजिक पुँजीवाद नै हो । यो दार्शनिक आधारमा 'निषेधको निषेध' भन्ने व्याख्यालाई मार्क्सवादको कोषबाट हटाइदिनुपर्छ । यसले गञ्जागोल सृष्टि गर्दोरहेछ भन्ने निष्कर्षमा म पुगें ।

समाजवाद किन स्थापना भएको छैन त? अतिरिक्त मूल्यको सिद्धान्तमा मार्क्स के भन्छन् भने पुँजीवादको सार कुरा भनेको अतिरिक्त श्रम, अतिरिक्त मूल्य हो । यो रहेसम्म पुँजीवाद रहन्छ । यसो भन्दा चीनमा पनि अतिरिक्त श्रम र अतिरिक्त मूल्य छ, रुसमा पनि अतिरिक्त श्रम र अतिरिक्त मूल्य थियो, फरक के थियो त भन्दा चीनमा राज्यले शोषण गर्छ, रुसमा निजी पुँजीवादले शोषण गर्छ । श्रमिकमाथि पुँजीवादमा निजी पुँजीपतिले शोषण गर्छ, सामाजिक पुँजीवादमा राज्यले शोषण गर्छ । तर भिन्नता के भन्दा राज्यले शोषण गरेर जम्मा गरिएको पैसा कल्याणकारी काममा लगाइन्छ । अहिले चीनमा कल्याणकारी काम धेरै भएका छन् र त्यहाँ राज्यले राष्ट्रभरिका श्रमिकहरूको अतिरिक्त श्रममा, अतिरिक्त मूल्यमा उठाएको पैसा राज्यको काममा खर्च गर्छ । निजी पुँजीवाद र सामाजिक पुँजीवादीको भिन्नता यही हो ।

मार्क्सले 'दुईवटा वर्ग'को मात्रै परिकल्पना गरे । बीचको मध्यम वर्ग ध्वस्त हुन्छ भने । एउटा पुँजीपति वर्ग- अर्को सर्वहारा वर्ग, यी दुईवटा वर्गको बीचमा द्वन्द्व

बढ्दै जान्छ । अनि विश्वयुद्धै हुन्छ भन्छन् उनी । त्यो विश्वयुद्धमा सर्वहारा वर्गले जित्छ र त्यसपछाडि समाजवादको स्थापना हुन्छ । पुँजीपति वर्ग हार्छ । मार्क्सका ती भनाइ परिस्थिति फेरिने क्रममा सही सावित भएन । लेनिनको कालमा जाँदा प्रतिक्रियावादी भनिएको किसान वर्ग लेनिनको व्याख्यामा क्रान्तिकारी भयो । तर उनले 'किसान वर्ग'लाई 'मजदुरवर्गको सहयोगी क्रान्तिकारी' मात्रै भनेर मजदुर-किसान एकताको कुरा गरे । माओ-त्से-तुङको कालमा आइपुग्दा किसानलाई निर्णायक शक्ति भनेर विश्लेषण गरे । त्यसैले अब तेस्रो मध्यम वर्ग शक्तिशाली भएर आयो भन्ने विश्लेषण हामीले गर्नु जरुरी छ ।

अहिलेको विश्व मध्यम वर्गको पकडमा छ भन्ने कुरा बुझ्नु जरुरी छ । अहिलेको राज्य र प्रविधि पनि मध्यम वर्गको हातमा छ । अधिकांश प्रधानमन्त्रीदेखि लिएर मन्त्रीहरू, सेना र पुलिसका अफिसरहरू, राज्यका कर्मचारीहरू, ठूला हाकिमहरू सबै मध्यम वर्ग, उच्च मध्यम वर्ग घरानाबाट आएका हुनाले राज्यमा पनि मध्यम वर्गको पकड भयो । यो वर्ग मजदुर वर्गलाई पनि चाहिने भयो । पुँजीपति वर्गलाई पनि चाहिने भयो । प्रविधि र ज्ञान पनि यसैसँग छ । त्यसैले अब यो मध्यमवर्गको अस्तित्व समाप्त नहुनेगरी स्थापित भएको हुनाले तीनवटा वर्ग आजको संसारमा छन् भनेर हामीले नबुझ्ेसम्म पार्टीको चरित्र बुझिँदैन । नेपालका पार्टीहरू उच्च मध्यम वर्ग र मध्यम वर्ग, निम्न मध्यम वर्गका पार्टीहरू हुन् । ती कम्युनिस्ट पार्टीहरू हुन् या काँग्रेस पार्टी । माओवादी निम्न मध्यम वर्गको पार्टी हो । निम्न मध्यम वर्गको आवारा चरित्र जुन हुन्छ त्यो माओवादीभित्र छ । मध्यम वर्गको अलिकति भद्र चरित्र एमालेभित्र छ । उच्च मध्यम वर्गको चरित्र के हो भन्दा सके थिचेर खाने, नसके मिलेर ठग्ने । यो काँग्रेसभित्र छ । सके थिचेर खाने चरित्र धनी किसानको हुन्छ । त्यसैले धनी किसानको चरित्र काँग्रेसले बोक्यो । मध्यम किसानको चरित्र एमालेले बोक्यो । धेरै मध्यम किसानहरू, मध्यम वर्गबाट आएका मान्छे यसमा छन् । निम्न-मध्यम

किसान र आवाराहरूलाई चाहिँ माओवादीले बोक्यो । माओवादीमा निम्न मध्यम वर्ग हावी भयो, एमालेमा मध्यम वर्ग हावी भयो, काँग्रेसमा उच्च मध्यम वर्ग, धनी किसान र साना जमिन्दारहरू हावी भए । यसरी हामीले पार्टीका चरित्रहरू बुझ्यौं भने अहिले पार्टीहरू "मजदुर वर्गको पार्टी होइनन्" भन्ने बुझिन्छ । ११ वटा कम्युनिस्ट पार्टी छन्, सबैले मजदुर वर्गको पार्टी भन्छन् । मजदुर वर्ग ११ खाले हुन्छ कि हुँदैन? साम्यवाद ११ प्रकारको हुन्छ कि हुँदैन? के ११ वटा मार्क्सवाद हुन्छ ? सबैका दस्तावेज पढौं र अध्ययन गरेर यो सबैलाई एउटा ठाउँमा ल्याउनको निम्ति 'आजको मार्क्सवाद कहाँनेर छ, भन्ने विषय टुंग्याउन पाए सार्थक हुन्छ ।

**रमेश बडाल**



सामाजिक सुरक्षासँग सम्बन्धित मेरो एउटा प्रश्न रहेको छ । हामी एफएनसीसीआईको भेलामा गयौं भने उदार अर्थतन्त्रको वकालत गर्छौं र त्यहीं श्रमिकहरू छन् भन्ने बिर्सिन्छौं । श्रमिकहरूको भेलामा गयौं भने रोजगार संरक्षणको कुरा गर्छौं र अर्थतन्त्रको कुरा बिर्सन्छौं । त्यसले गर्दा नीतिमा पनि हामी कहाँ अडिने हो स्पष्ट हुनु आवश्यक छ। सामाजिक सुरक्षाको सम्बन्धमा श्रमिक वर्गले चार/पाँच वर्ष यतादेखि विशेष रुपमा उठाइरहेको कुरा के छ भने विश्वव्यापीकरणका नकारात्मक प्रभावलाई नियन्त्रण गर्ने हो भने सामाजिक सुरक्षाको प्रणालीलाई स्थापित गरेर जानुपर्छ । तर कस्तो प्रकारको सामाजिक सुरक्षा प्रणाली अवलम्बन गर्ने, त्यो श्रमिकहरूको एजेन्डा मात्रै हो कि, राजनीतिक तहबाट नै सोच्नुपर्ने एजेन्डा हो? अहिलेसम्म राजनीतिक तहबाट यो विषय उठाइएको पाइँदैन । एमालेले पनि यसलाई गौण

रुपमा लिएको हो कि भन्ने मलाई लागेको छ । पार्टीले हामी कुन धरातलबाट जाने भन्ने नीति तय गर्नु आवश्यक छ ।

स्वीडेन कल्याणकारी राज्य व्यवस्थाको चुचुरोमा पुगेर फेरि तल झर्दैछ भन्ने कुरा आइरहेको छ । त्यसले गर्दा सामाजिक सुरक्षाको सन्दर्भमा हामीले यसलाई गम्भीरतापूर्वक मनन गर्नु पर्दछ । जहाँसम्म आर्थिक रुपमा कमजोर भएका मुलुकहरूमा यो लागू हुन सक्छ कि सक्दैन भन्ने सवाल छ, जुन जुन देश युद्धबाट ग्रस्त भएर आर्थिक रुपमा तन्नमटाट भए, ती ती देशमा नै सामाजिक सुरक्षा प्रणालीको सुरुवात भएको इतिहास छ । सन् १९३० को महामन्दी पछाडि अमेरिकामा रुजवेल्टले बेभरेज कमिसन बनाएर सामाजिक सुरक्षाको सुरुवात गरे । सन् १९३५ मा न्युजील्याण्डमा सुरु भयो । प्रथम विश्व युद्ध र दोस्रो विश्व युद्धको बीचमा नै सामाजिक सुरक्षा प्रणालीको सुरुवात भएको छ । हाम्रो देश पनि सशस्त्र द्वन्द्वबाट ग्रस्त भएर तन्नमटाट अवस्थाबाट माथि उठ्न सक्ने स्थिति भएको हुँदा यही बेला लोक कल्याणकारी प्रणालीलाई स्थापित गरेर जान सक्छौं भन्ने लाग्छ ।

### सीता लामा



कल्याणकारी राज्य व्यवस्थाको सन्दर्भमा स्वीडिस मोडेल प्रख्यात छ । तर त्यसमा समस्या आएको छ भनिरहेको अवस्थामा अलिकति विरोधाभास र अस्पष्टता देखियो । सिद्धान्त र व्यवहार दुबैमा वर्ग सङ्घर्ष सधै उपेक्षित छ भनेर हामीले निर्क्यौल गरिसकेपछि यसलाई हामीले बुँदागत रुपमा लैजानुपर्ने हुन्छ । पुनर्संरचना गर्ने क्रममा ट्रेड युनियनको विषयहरू समावेश गर्नु सहज हुन्छ भन्ने मलाई लागेको छ । वर्गीय

आन्दोलनभित्र नै जातीय आन्दोलन पनि छ र यसले जनजाति, महिलादेखि लिएर सबैलाई समेटेको छ भनेर हामी श्रमजीवी वर्गले किटानका साथ अगाडि बढ्यौं भने मात्रै यसले सार्थकता पाउनेछ भन्ने मलाई लाग्छ ।

### ललित वस्नेत



मैले दुईवटा कुरा मात्रै उठाउन खोजेको छु । पहिलो, उमेशजीले उठाउनु भएको कुराको बारेमा छ। वर्ग सङ्घर्षको बारेमा छलफल गर्दा अहिलेको राजनीतिमा यसको विश्लेषण के हो, राजनीतिक शक्ति सन्तुलन के हो भन्नेबारे हामीले किटान गर्न सक्यौं भने हामी त्यता उन्मुख हुन सक्छौं र भावी रणनीति पनि तयार गर्न सकिन्छ भन्ने लाग्छ । अर्को कुरा, अर्ध-सामन्ती र सामन्तीका सन्दर्भमा अहिलेको आधुनिकीकरणको स्थितिमा पनि हामीले त्यसलाई अर्ध-सामन्ती अवस्था नै छ भन्ने ठहर गर्नुपर्छ भन्ने मेरो धारणा छ ।

### राजन भट्टराई



विश्लेषकको रूपमा विषय प्रस्तुत गर्ने क्रममा मेरो प्रस्तुतिमा अन्यौल रहेको हो कि भन्ने लाग्यो । युरोपमा लोककल्याणकारी कार्यक्रम भनेर ल्याइदा ती कार्यक्रम समाजवादी वा समाजवादी व्यवस्था अन्तरगत भनेर वा त्यसको कुनै एउटा अङ्गको रुपमा ल्याइएको थिएन । पुँजीवादी व्यवस्थाभित्र नै ल्याइएको हो । दोस्रो कुरा, हाम्रो सन्दर्भमा जनताको बहुदलीय जनवादको कार्यक्रमका रुपमा यसलाई ल्याइरहेका

छौं । खासगरी आर्थिक कार्यक्रममा लोककल्याणकारी राज्य व्यवस्थालाई लिएर जानुपर्छ भनिरहेका छौं । लोककल्याणकारी राज्यका केही अङ्गका केही विषयहरू हिजो समाजवादको रुपमा सामान्य चर्चा नहुँदै पनि लागू भएका छन्- जस्तै स्वीडेनमै शिक्षाको सवालमा, स्वास्थ्यको सवालमा र जर्मनीमा १८८३ मै केही लागू भएको छ । त्यसकारण हामीले कतिसम्म त्यसलाई लिएर जान सक्छौं भन्ने बारेमा छलफल अगाडि बढाइनुपर्छ । मार्क्सवादी आन्दोलनका विवादका सम्बन्धमा प्रजातान्त्रिक समाजवादीहरूले टाउकोको रूपमा मार्क्सवादी सिद्धान्त नै राखे । तर त्यसभन्दा पछाडि आएका विवादहरूमा उनीहरूले आफूलाई फरक ढङ्गले लिएर गए । पुँजीवाद सुधारेर जान सकिने व्यवस्था हो, समाजवादले एउटा अवस्थामा गएपछि फड्को मार्छ भन्ने लाग्दैन भनेर वर्न्स्टीनले भनेका कुराहरू यस्ता थुप्रै विवादहरू, लेनिनले खण्डन गरेका कुराहरू यस्तै विवादमा पर्छन् । हाम्रो परिप्रेक्ष्यमा विवादलाई अगाडि लिएर जाऔं भन्ने मेरो मान्यता हो । यसको अर्थ विवादहरूमा जानेवित्तिकै हामी स्वाभाविकरुपमा अर्कोतिर जान लागेको भन्ने अर्थ लाग्दैन । छलफलमै प्रवेश नगर्ने तर कार्यक्रमिक हिसाबमा हामी त्यहाँसम्म जाने स्थिति पनि नभइरहेको अन्तरविरोधात्मक अवस्थालाई अन्त्य गर्न छलफल गर्नुपर्छ भन्ने मेरो आशय हो ।

छयालीस साल पछाडि आर्थिक रुपमा हामी के हौं भन्ने कुराको अब एउटा न्यूनतम मानक खडा गर्ने कि नगर्ने । राजनीतिक रुपमा वामहरूले आफ्नो भूमिकालाई हस्तक्षेपकारी बनाए तर आर्थिक रुपमा किन सकेनन् ? उदाहरणको लागि खानेपानी संस्थानलाई निजीकरण गर्ने कुरामा हामीले पनि "निर्णय भइसकेको विषय भएकोले पछाडि फर्किन सक्दैनौं" भनेर सम्झौता गर्‍यौं । तसर्थ, ०४६ सालबाट ०६३ सालको आन्दोलनसम्म आउँदा असफल भएको केही कुरा छन् भने आर्थिक नीतिहरू छन् । यो असफलतालाई फेरि ०६३ सालबाट ०७३ सालसम्म नपुर्‍याऔं, चाहे आइएमएफ आओस्; चाहे वर्ल्ड बैंक

आओस्, चाहे एशियन डेभलेपमेन्ट बैंक आओस्, चाहे अमेरिका नै आओस् ! "यो हाम्रो जनताप्रतिको प्रतिबद्धता हो, राज्यका तर्फबाट न्यूनतम मानक हो, त्यसबाट पछाडि हट्न सक्दैनौं" हामीले किन नभन्ने ?

**प्रमेश हमाल**



म उमेशजीको ध्यानाकर्षण गर्न चाहन्छु । उहाँले वर्गसँग सम्बन्धित विषय प्रस्तुत गर्दा केही कुरा त्यहाँ अभाव छ, त्यसलाई समपुष्टि गर्नुभयो भने अध्ययन गर्नको निम्ति अझ बढी सान्दर्भिक हुनेछ भन्ने लाग्छ । खासगरी अहिले हाम्रो देशको मुख्य अन्तर्विरोध कसरी अभिव्यक्त भइरहेको छ ? विश्वअर्थतन्त्र र एकाधिकारका कैयन कुराहरू छन्, जसलाई हामीले सम्बोधन गर्नु पर्ला । त्यस्तै किसिमले हाम्रो देशभित्र रहेको पुँजीको अन्तर्विरोध- वित्तीय पुँजी र औद्योगिक पुँजीबीचको अन्तर्विरोध, ठूला उत्पादक र साना उत्पादक बीचको अन्तरर्विरोध, पुँजीवाद र कामदार बीचको अन्तर्विरोध, यिनीहरूलाई अलि सूत्रबद्ध गरिदिनुभयो भने राम्रो हुन्छ । त्यस्तै किसिमले वर्ग सङ्घर्षसँग जोडिएको सामाजिक अन्तर्विरोधहरू पनि छन् । जाति/जनजातिका कुराहरू पनि उठेका छन् । त्यसलाई पनि सूत्रबद्ध गऱ्यौं भने त्यो बढी उपयुक्त हुन्छ भन्ने लाग्छ । यसरी अन्तर्विरोधहरूलाई सूत्रबद्ध गरिसकेपछि वर्ग सङ्घर्षको पहुँच स्पष्ट हुन्छ, दिशा स्पष्ट हुन्छ । उत्पादक शक्तिको मुक्तिको विषयलाई गञ्जागोल रुपमा नराखौं ।

## शंकर पोखरेल



लोककल्याणकारी वा सामाजिक सुरक्षालाई तीनवटा परिप्रेक्ष्यमा हेर्नुपर्छ भन्ने लाग्छ । मानवीयताको र परोपकारको सन्दर्भमा हेर्ने एउटा दृष्टिकोण छ । यो चाहिँ स्वाभाविक रुपमा परिवारले पनि गर्दै छ, समाजले पनि गर्दैछ र राज्यले पनि गर्नै पर्ने विषय हो । दोस्रो पक्ष विकास रणनीतिसँग सम्बन्धित छ । विकास रणनीतिका सन्दर्भमा जनशक्ति, विकासको एउटा महत्वपूर्ण आधार हो भन्ने पक्षलाई बुझ्नुपर्छ । यो लोककल्याणको विषय वा सामाजिक सुरक्षाको विषय जनशक्ति विकासको आधार हो भन्ने मान्यतालाई अगाडि बढायौं भने यो विकास-रणनीतिको अङ्ग बन्न सक्छ । अन्यथा, यो परोपकारको विषय मात्रै बन्ने र त्यसपछाडि क्षमता भयो भने लगानी गर्ने भन्ने कुरा हुन्छ । जनशक्ति विकासका प्रसङ्गमा लगानीलाई स्वाभाविक मान्नुपर्छ र त्यो उत्पादनमूलक लगानी हो भन्ने खालको मान्यता अगाडि सार्नुपर्छ जस्तो लाग्छ । अर्को, यसलाई सामाजिक रुपान्तरणका लागि चेतनाको विकाससँग जोड्ने हो भने पछाडि परेका समाजहरूको चेतनालाई समृद्ध बनाउनका लागि यस्ता कुराहरू आवश्यक हुन्छन् भन्ने पक्षलाई बुझ्नुपर्ने हुन्छ । चेतनाको विकासको सन्दर्भमा मूल पक्ष त वर्ग सङ्घर्ष हो, तर सबै कुरा वर्गसङ्घर्ष नै हो भन्नु गलत हुन्छ । त्यसो हो भने शिक्षाको सन्दर्भ नै आउने थिएन, ज्ञानको सन्दर्भ नै आउने थिएन । त्यस अर्थमा सामाजिक रुपान्तरणका परिप्रेक्ष्यमा पनि मान्छेको चेतनालाई, उसको संस्कृतिलाई समृद्ध गर्ने परिप्रेक्ष्यमा पनि यो विषयलाई बुझ्नुपर्छ भन्ने लाग्छ । त्यसैगरी औद्योगिक द्वन्द्व र राजनीतिक स्थायित्वका परिप्रेक्ष्यमा पनि लोककल्याणका कुराहरू अगाडि आएका छन् । यो पक्षलाई पनि हामीले बिर्सनु हुँदैन । किनारामा पुऱ्याइएका समुदायहरूलाई

अगाडि बढाउने सन्दर्भमा त अहिले झन् महत्वका साथ यो विषय अगाडि आएको छ ।

मूलधारको राजनीतिमा पछाडि परेका/पारिएका समुदायलाई अगाडि ल्याउनुपर्छ भन्ने बित्तिकै हामी उदार अर्थतन्त्र वा उदार प्रणालीको मात्रै कुरा गरेर अगाडि जान सक्ने स्थितिमा छैनौं । पछिल्लो आन्दोलनको सन्दर्भ हाम्रो अहिलेको परिवर्तन उदार प्रजातन्त्र पनि नेपालमा असफल भएको भन्ने निष्कर्ष सहितको सोच हो । त्यस अर्थमा हामीले फेरि आर्थिक रुपमा उदार अर्थतन्त्र भन्न थाल्यौं भने उदार प्रजातन्त्र नै नेपालको लागि एक मात्र बाटो भन्ने खालको निष्कर्ष निक्लन्छ । जो अहिलेको परिवर्तनका परिप्रेक्ष्यमा अनुपयुक्त हुन्छ भन्ने लाग्छ । अहिलेको परिवर्तनलाई सामाजिक न्यायसहितको रुपान्तरणको परिप्रेक्ष्यमा बुझ्दा, लोककल्याणकारी राज्यव्यवस्थालाई हामीले आजको सन्दर्भमा बुझ्दा यी तीनचारवटा विषयलाई जोडेर बुझ्नु उपयुक्त होला भन्ने लाग्छ ।

अन्त्यमा, मैले कमरेड मुकुन्द न्यौपानेले अगाडि सार्नुभएको एउटा सन्दर्भमा आफ्नो राय प्रस्तुत गर्छु । अहिलेको राजनीतिक संक्रमण र वर्ग रुपान्तरणको जुन प्रक्रिया छ, यो प्रक्रियाभित्र हामीले राजनीतिक पार्टीहरूलाई फलानो राजनीतिक पार्टी फलानो प्रकारको वर्ग आधारमा छ भनेर कीटान गर्ने उपयुक्त समय होइन भन्ने लाग्छ । बरु अघि क. प्रदिप ज्ञवालीले भन्नुभएको नेपालका राजनीतिक पार्टीहरू वर्ग आधारित हुन सकिरहेका छैनन्, उनीहरूको मूल आधार सैद्धान्तिक नै छ भन्ने कुरामा आधारित भएर हामीले अब यिनीहरूलाई आफ्नो वर्ग आधारतर्फ लक्षित गर्ने प्रयासहरूको खाँचो छ भन्ने निष्कर्षसहित अगाडि बढ्ने कोसिस गर्‍यौं भने सही गन्तव्यमा पुग्छौं । माओवादी र नेकपा एमालेको वर्ग आधारमा भिन्नता छ भन्ने कुरा मनोगत मात्रै हो । कुनै तात्विक रुपमा अन्तर छ भन्ने मलाई लाग्दैन । एउटै वर्ग आधारका हुन् । उनीहरूको भूमिका

दुईवटा भिन्न भिन्न वैचारिक मान्यतामा आधारित छ । त्यो कुनै वर्ग आधारको भिन्नताले भएको हो भन्ने मलाई लाग्दैन ।

**ईश्वर पोखेल**




तीनचारवटा कुराहरू सङ्क्षिप्तमा राख्न चाहन्छु । विष्णु रिमालले यो सेसन खुला गर्दा 'यसमा प्रस्तुत गरिने विचारहरूले मूलभूत रूपमा दुईवटा विषयलाई सम्बोधन गर्ने अपेक्षा गरेका छौं' भन्नुभएको थियो । ती दुईवटा मध्ये "वर्ग तलबाट बढ्दै गएको हो कि माथिबाट खस्किँदै गएको हो" भन्ने पनि एउटा विषय थियो । प्रस्तुत गरिने विचारहरूले त्यसको निर्क्यौल गर्छ भन्ने अपेक्षा थियो । दोस्रो अपेक्षा उहाँले के गर्नुभएको थियो भने, अहिलेको बदलिएको अवस्थामा विभिन्न कारणले "लम्पटिकरण"बाट आक्रान्त भएको मजदुरवर्गले अब आन्दोलनको नेतृत्व गर्न सक्छ कि सक्दैन ? यस्तै सरोकारको विषयमा जवाफ आउने मेरो पनि अपेक्षा थियो । तर मैले प्रस्तुतिमा यी दुईवटा विषयमा केन्द्रित भएर त्यसको समाधान पाउन सकिनँ । यो छलफलमा पनि केही आइहाल्ला भन्ने थियो अझै राम्ररी आएन । जे होस् यी ज्वलन्त विषयहरू हुन् । स्वीडेनमा सोसल डेमोक्रेटहरूले चालीस वर्ष लभभग शासन गर्दा सामाजिक कल्याणका जुन कुराहरू, मोडेल ल्याए स्वीडेनका साथी लेफले बडो राम्रो प्रस्तुति गर्नु भयो । उहाँले "तर, अहिले त्यहाँ सङ्कट सिर्जना भयो । त्यो सङ्कटको कारण, दक्षिणपन्थीहरूले त्यहाँ सरकार बनाए" भन्नुभयो । सोसल डेमोक्रेटहरूले त्यस्तो लोककल्याणकारी कामहरू गरिरहेको बेला, सारा जनताको बीचमा लोकप्रिय भइरहेको सन्दर्भमा त्यो स्थिति कसरी आयो भन्ने पक्षमा अलि विश्लेषण भएन । विश्लेषण अलिकति सुन्न पाए हुन्थ्यो ।

लोककल्याणकारी राज्यको सन्दर्भमा शंकरजीले अलिकति कुराहरू ल्याउनुभयो । छलफलको क्रममा “राज्य समृद्ध नभइकन, कल्याणकारी व्यवस्थाको कुरा गर्न सक्दैनौं” भन्ने ठाउँमा पो पुग्छौं कि भन्ने जस्तो लाग्यो । पहिले नै चर्चा भइसकेको छ, दोस्रो विश्वयुद्ध पछि संसारभरि समाजवादको पूरै विजयपताका जुन रूपमा फैलिएको थियो, त्यो अवस्थामा सङ्कटग्रस्त पुँजीवादले आफ्नो रक्षाको लागि समाजवादले अगाडि सारेका कतिपय उत्कृष्ट कुराहरूलाई आफूमा पनि समाहित गऱ्यो । त्यो सिलसिलामा पुँजीवादी मुलुकहरूभित्र पनि लोककल्याणकारी कार्यक्रमहरूले प्रवेश पाए । त्यो विचार या त्यो कार्यक्रम त्यसरी आयो भन्ने एउटा ऐतिहासिक परिप्रेक्ष्य मैले थाहा पाएको छु । लोककल्याणकारी राज्य, एउटा ऐतिहासिक पृष्ठभूमिसहित; हाम्रो यहाँको आवश्यकता र यहाँको स्थितिले माग गरेको हो भन्ने नबुझिकन ‘देश धनी नभई यो लोककल्याणकारी कार्यक्रम लागू गर्न सकिंदैन’ भन्ने ठाउँमा हाम्रो छलफल पुग्यो भने यसले हामीलाई कहाँ पुऱ्याउँछ ? त्यसो हुनाले, यो विषयलाई पनि अलि सन्तुलित बुझ्नुपर्छ जस्तो लाग्छ ।

वर्ग विश्लेषणको सन्दर्भमा उमेशजीले जुन विचारहरू ल्याउनुभएको छ, त्यसमा महत्वपूर्ण कुराहरू छन् । वर्ग विश्लेषण कुनै मनोगत आग्रहको कुरा होइन, वर्ग विश्लेषणका वैज्ञानिक आधार छन् भने त्यो आधारमा उभिएर नै त्यसको खोजी हुनुपऱ्यो, विश्लेषण गरिनु पऱ्यो । स्वाभाविक छ, उत्पादनका साधनहरूमाथिको स्वामित्वको प्रश्न नै वर्ग विश्लेषण गर्ने एउटा महत्वपूर्ण आधार हो । शोषणका रुपहरूको कुरा आए, उत्पादनका साधनमाथि स्वामित्वको प्रश्न आयो, वर्ग विश्लेषणलाई प्रभावित पार्ने विषयहरू यिनै त हुन् । यो कुरामा बहस नगरीकन अगाडि जानुपर्छ भन्ने मलाई लाग्छ । त्यस्तो गरिएन भने वास्तवमा मनोगत ढङ्गले वर्ग विश्लेषण गर्न पुग्छौं । वर्ग विश्लेषण मनोगत ढङ्गले गरियो भने हाम्रो क्रान्तिको दिशा दिग्भ्रमित हुन पुग्छ भन्ने मलाई लाग्छ । त्यसो हुनाले

बरु जिफन्ट जस्तो संस्थाले परम्परागत ढङ्गले हिजोदेखि गर्दै आइरहेका कतिपय विश्लेषणबाट मुक्ति दिलाउँदै ठोस ढङ्गले वर्गको विश्लेषण गर्नु पऱ्यो। ठोस ढङ्गले विश्लेषण नगर्ने हो भने हचुवाको भरमा हामी विश्लेषण गर्न पुग्छौं र त्यही आधारमा नीति बन्न पुग्छ। स्थानीय वर्ग सङ्घर्षको विकास भएर एउटा विन्दुमा पुगेपछि त्यो वर्ग सङ्घर्ष राजनीतिक रुपमा, केन्द्रीय ढङ्गले अभिव्यक्त हुन्छ, प्रकट हुन्छ। मुकुन्द न्यौपाने त्यसलाई जोडेर भन्न चाहनु भएको छ। त्यसमा अलिकति भिन्न हुनुपर्छ जस्तो लाग्छ। राजनीतिक दलहरूको वर्ग आधार कुन छ भन्ने खालको विश्लेषण गर्न हामी पुग्यौं भने, यो वास्तवमा यथार्थसित मेल खाँदैन भन्ने मलाई लागेको छ।

**प्रदीप ज्ञवाली**



मेरो एउटै टिप्पणी के थियो भन्दा लोककल्याणकारी कार्यक्रम ल्याउँदा राज्यको आर्थिक स्थितिलाई मजबुत गराउने कुरालाई पनि सँगसँगै हेर्नुपर्छ। होइन भने आर्थिक स्थिति कमजोर हुँदै जाने, राज्यको ऋण बढ्दै जाने स्थिति भयो भने त्यसलाई धेरै दिन थेग्न गाह्रो हुन्छ। राज्यको स्थिति कमजोर भएको कारणले लोककल्याणको कुरा नउठाउँ भन्ने मेरो आशय होइन। दोस्रो, पार्टीहरूको वर्ग आधारको कुरामा, वर्ग आफै एकदम चलायमान भइरहेको हुनाले पार्टीहरू एकदमै वर्ग आधारित भएका छैनन्, विचार आधारित छन्, तर उनीहरूलाई आफ्नो लक्षित समूह चिन्न लगाउनुपर्छ।

**डा. डिल्लीराज खनाल**



लोककल्याणकारी व्यवस्थाको एउटा पक्ष भनेकै सामाजिक सुरक्षा प्रणाली हो । अन्तर्राष्ट्रिय श्रमबजार बढेर गएको छ, अदक्ष श्रमिकहरू श्रमबजारबाट विस्थापित भएका छन् र सामाजिक सुरक्षा प्रणाली झन् पछि झन् खत्तम भएर गइरहेको छ। जुन ढङ्गले उदारीकरणको कुरा अगाडि बढिरहेको छ त्यसमा हामीले धेरै कुराहरू परिवर्तन गर्न नसकौंला, तर प्रभावित गर्ने हिसाबले कसरी जान सक्छौं भनेर सोच्न पऱ्यो । समानान्तर रूपमा कम्तीमा हामी के गर्न सक्छौं भने मानव स्रोत विकास, त्यसमा पनि सीप विकास र न्यूनतम सामाजिक सुरक्षाका कुराहरूलाई लोककल्याणसँग जोडेर लान सक्छौं । त्यसतिर जति ध्यान दिनुपर्ने हो, प्राथमिकता दिनुपर्ने हो, कतै हामी चुकिरहेका त छैनौं, त्यसबारेमा सोच्नु पऱ्यो ।



# प्रत्युत्तर

– लेफ विजेलिन

सामाजिक सुरक्षा प्रणाली नहुँदैमा मान्छेले काम गर्दैनन् भन्ने होइन । त्यसलाई न्यूनतम ज्यालासँग जोड्नुपर्छ । त्यो आम्दानीसँग जोडिएको हुन्छ । वास्तवमा जोसँग आम्दानी छैन उसलाई आम्दानी चाहिन्छ । कुनै श्रमिकले रोजगारी गुमायो भने उसको पारिश्रमिक ८० प्रतिशतसम्म सामाजिक सुरक्षा प्रणालीले कभर गर्ने निश्चित हद चाहिँ छ । यो उसले एक वर्षसम्म मात्रै पाउँछ, त्यसबीच उसले काम पायो भने त्यो सकिहाल्यो । बिरामी बिदाको कुरामा पनि यही लागू हुन्छ । एउटा निश्चित हदसम्म मात्रै तलबी बिदा पाउँछ, त्यो भन्दा बढी पाउँदैन । एक वर्षभन्दा बढी काममा अनुपस्थित हुने अवस्थामा उसको अपाङ्गताको स्थितिमा भने अपाङ्गतालाई कभर गर्ने छुट्टै प्रणाली छ । स्वीडेनको सामाजिक सुरक्षा प्रणाली समयसँग सम्बन्धित छ । कति अवधिसम्म त्यसले कभर गर्ने भन्ने कुरा हो । चाहे त्यो बेरोजगार बीमाको कुरा होस् अथवा तलबी बिदाको कुरा होस् वा अरु किसिमका सामाजिक सुरक्षा हुन्, एक निश्चित समयभित्र मात्र पाइन्छ, त्यो भन्दा बढी हुँदैन । सामाजिक सुरक्षा समयको हदभित्र रहने हुँदा र यसको सीमा पनि धेरै ठूलो नहुँदा मुश्किलले बाँच्न पुग्ने मात्रै हुन्छ । सुविधाजनक स्थिति यसले बनाउँदैन । अर्कोतिर, बालकालिकाहरूको लागि निःशुल्क शिक्षाको व्यवस्था छ । राज्यले यस्ता आधारभूत सामाजिक सुरक्षा जुन दिन्छ त्यही लिएर मान्छे बाँचिराख्छ ।

सामाजिक सुरक्षा प्रणालीको दुरुपयोग पनि हुने गर्छ । आधारभूत जीवनस्तरलाई धान्ने मात्रै आम्दानी हुँदा धेरै मान्छेहरू यो आम्दानीमा रहन रुचाउँदैनन् । त्यसकारण गतिलो कामको खोजीमा लाग्छन् । उच्च दरमा कर लिएर त्यसको आधारमा सामाजिक सुरक्षा प्रणालीलाई, लोककल्याणकारी प्रणालीलाई सञ्चालन गर्ने जुन कुरा छ त्यो अप्ठ्यारो विषय हो र सबैतिर लागू हुने विषय पनि होइन । धनी मान्छेहरूले जतिपनि कर तिर्न तयार हुने स्थिति हुँदैन । यो प्रगतिशील

खालको प्रणाली हो । धनी मान्छेहरू बढी तिर्न तयार हुनुपर्छ । यसको निजी समाधान छैन, सरकारले नै वास्तवमा समाधान खोज्नुपर्छ । यसका अरु तरिका पनि हुनसक्छन्, करै छल्ने कुरामा पनि अरु तरिका हुनसक्छन् । व्यवसायी उद्यमीहरूले नयाँ क्षेत्रमा लगानी गरेर करहरू छुट लिने स्थिति हुन्छ । त्यसले गर्दा कर कम तिर्ने स्थितिको सिर्जना पनि हुन सक्छ । यो लिने कुरा मात्रै होइन दिने कुरा पनि हो । यो विश्वव्यापीकरणकै परिणाम हो कि, स्वीडिस सरकारले जब करको दरलाई माथि उठाउन खोज्यो, करको राशीलाई बढाउन खोज्यो, उद्यमीहरू, व्यवसायीहरू मुलुकबाहिर अरुतिर आफ्नो कारोवारहरू बढाउन थाले । त्यसकारण विश्वव्यापीकरणले कठिनाईहरू सिर्जना गर्‍यो ।

कल्याणकारी सामाजिक सुरक्षा प्रणालीलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नको लागि पूर्वाधार के हुन्छ भन्ने विषयमा पनि टिप्पणी आएको छ । यो विषय निकै कठिन छ । स्वीडिस समाजमा कामलाई खाली बाँच्नको लागि मात्रै, आम्दानी कमाउनको लागि मात्रै नभएर “काम भनेको नगरी हुँदैन” भन्ने भावना पनि छ । संविधानले पनि नियन्त्रणको विषय र व्यवस्थापनका संयन्त्रहरूलाई व्यवस्थित गरेको छ । स्वीडेनमा राजनीतिज्ञहरूको आदर्शको कारणले गर्दा सबै जनताले उनीहरूप्रति विश्वास गर्छन् र आफूले कर तिर्दा यो दुरुपयोग हुँदैन, हाम्रै हितमा आउँछ भन्ने विश्वासमा कर तिर्छन् ।

“सामाजिक जनवादीहरूले ४४ वर्ष शासन गरिसकेपछि दक्षिणपन्थीहरूले कसरी सत्ता लिए” भन्ने प्रश्न बडो अप्ठ्यारो छ । मेरो विचारमा धेरै करको कारणले गर्दा पनि यस्तो हुन गयो । कर धेरै माथिका धनीलाई पनि लाग्यो, तलका मान्छेलाई पनि लाग्यो । स्वीडेनमा विश्वव्यापीकरणको प्रभाव पर्‍यो र धेरै कम्पनीहरू उदाहरणको लागि भारत लगायतका विभिन्न देशमा काम गर्न थाले । यसबाट स्वीडेनमा बेरोजगारी बढ्यो । त्यसले पनि सरकार फेर्नु पर्‍यो भन्नेमा उनीहरू पुगे । मूल्य-

मान्यतामा पनि क्षयीकरण भयो। जसले गर्दा हुर्केका केटाकेटीहरूले समेत अन्तातिर भोट हाल्दिए। अर्को कुरा अहिलेका सोसल डेमोक्रेट, सोसियल डेमोक्रेट नै रहेनन्, यिनीहरू अर्कै खाले हुन् भन्ने भावनाले पनि त्यहाँ काम गरिराखेको छ। स्वीडेनको राजनीतिमा पुरानाको ठाउँमा नयाँ पेसेवर खालको मान्छेहरू आए। ती पेसेवरहरूले सामाजिक जनवादको आत्मा नै गुमाएका छन्। विषय जानेका छन् तर मूल विषय भुलेका छन्। स्वीडेनमा पनि नयाँ राजनीतिक वर्गको जन्म भयो। पहिला तलबको एउटा सीमा थियो, अहिले राजनीतिज्ञहरूको तलब बढेको बढ्यै छ। तिनीहरू जनताबाट अलि पृथक हुन थाले। स्वीडेनमा पनि नेपालमा जस्तै हुन थालेको छ। राजनीतिज्ञका छोराछोरीले राजनीतिज्ञसितै बिहे गरेर ती पनि राजनीतिमा नै जाने। पुरानो मूल्य-मान्यता अहिले ओरालो लागेको छ।



# प्रत्युत्तर

- कृष्ण उपाध्याय

मैले मार्क्सको दुईवटा उदाहरण दिएको थिएँ । पहिलो पोथा कम्युनिस्ट मेनिफेस्टो थियो । त्यसमा उहाँले जे कुरा भन्नुभयो त्यसलाई उहाँले "अइटिन ब्रुमेर अफ बोनापार्ट"मा आएर सच्याउनु भएको छ । त्यो उहाँका आत्मविवेचना थियो । स्टालिनले पछि विकास गरेको संरचनामा जस्तो "यहाँबाट तिमी बाहिर जान पाउँदैनौ, गयौ भने तिमी मार्क्सवादी नै हुँदैनौ" भन्ने खालको थिएन । त्यसैले म योभन्दा बढी जान्नँ । अर्को कुरा यो किताबको र हाम्रो पनि सार, मार्क्सवादको सिर्जनात्मक प्रयोग हुनुपर्छ र जतिपनि प्रादुर्भाव भएका मुद्दाहरू छन्, तिनलाई हामीले या त पन्छाउनुपर्छ, या सम्बोधन गर्नुपर्छ; 'कसैले पनि यसबारे भन्नुभएको छैन' भनेर पन्छिनु हुँदैन भन्ने हो । हामी कति सिर्जनात्मक भयौं भने मार्क्सवादका राजनीतिक विचारहरूलाई पनि हामीले जनताको पक्षमा उपयोग गर्न थाल्यौं । मानव अधिकार उदार पुँजीवादीहरूको व्यवस्था नै भए पनि हामीले त्यसको प्रयोग गर्‍यौं । महिला मजदुर श्रमिक वर्गको बारेमा मार्क्सवादको भन्दा अरु कसैको योगदानै छैन । सबै मार्क्सवादको प्रयोग हुन्, जुन मानवअधिकार हुन् । निजी सम्पत्तिको बारेमा मार्क्सवादको चिन्तन अगाडि आइसकेको छ । यहाँ जतिपनि राजनीतिक समुदाय छन्, तिनले यसलाई पुनर्विचार गर्नुपर्छ होला । मजदुरहरूको बारेमा मजदुरहरूले क्रान्तिको नेतृत्व गर्छन् भन्ने मार्क्सवादको जुन प्रस्तावना हो, त्यसमा अब यथार्थ चाहिँ के हो भने मजदुर वर्गको विकास नभएको अवस्थामा पनि कम्युनिस्ट पार्टीहरूले 'म मजदुर वर्गको नेता हुँ' भन्ने गरेका छन् । त्यसमा हामीले अलिकति लेखाजोखा गर्नुपर्छ होला । क्रान्तिको नेतृत्वकर्ता या त मजदुर मात्रै होइन अरु पनि हो भन्ने ठाउँमा जानु पर्‍यो अथवा नेपालको परिप्रेक्ष्यमा अरु पनि वर्ग छन्, जसलाई कम्युनिस्ट पार्टीले नेतृत्व गर्नुपर्छ भन्नु पर्‍यो ।

हाम्रो समाजमा मार्क्सवादको कुरा मिल्छ कि मिल्दैन भन्ने प्रश्नमा मेरो एकमात्र सोझो उत्तर छ- मिल्छ । उदाहरण, त्यही मानव अधिकारको कुरा हो । हिजो ती

हाम्रा विचार थिएनन्, कतिपय उदारपन्थीको विचार थिए । तर हामीले त्यसलाई यहाँको राजनीतिक परिवर्तनमा, यहाँको जनतालाई बढी अधिकारमुखी बनाउन, स्वयम् श्रमिकहरूलाई पनि अगाडि बढाउन कतिपय कुराहरूमा प्रयोग गरेका छौं । जस्तै- सङ्गठनको अधिकार ! तपाईंले त्यसलाई राजनीतिक अधिकारको रुपमा लिएपनि हुन्छ, मजदुरहरूको अधिकारको रूपमा लिए पनि हुन्छ । मानवअधिकारका कतिपय कुराहरूलाई हामीले अहिलेको राजनीतिक संरचनाभित्र प्रयोग गरेका छौं । यो नेपाली मार्क्सवादीहरूको सबैभन्दा ठूलो उपलब्धि हो । विश्वव्यापीकरणको बारेमा हामी ठाडो धारणा नबनाऔं । विश्वव्यापीकरणका दुईवटा हाँगाहरू आएका छन् । एउटा हाँगा उदारवादी र समाजवादी छ, जसको राजनीतिक पक्ष छ । त्यो राजनीतिक पक्ष मानव अधिकारको नाममा आएको छ । मजदुर अधिकारको हाँगाबाट पनि आएको छ । त्यसलाई अन्तर्राष्ट्रिय कानुनमा राम्रोसँग राखिएको छ । त्यसको व्यवस्थापन संयुक्त राष्ट्रसंघ अथवा त्यसका निकायहरूले गर्ने गरेका छन् । मजदुर अधिकारका कुरा गर्नु हुन्छ, आइएलओका कुरा गर्नु हुन्छ भने ती सबै समाजवादी विचारबाट उत्पादित विषयवस्तु हुन् । अर्को चाहिँ आर्थिक साम्राज्यवादको पक्षबाट आएको छ र आर्थिकरूपमा हामीलाई नियन्त्रण गर्ने विषयहरू छन् । हामीलाई बेफाइदा हुने विषयमा सकेसम्म विरोध गर्नुपर्छ । तर यसले जुन रूपमा अन्तर्राष्ट्रिय ऐक्यबद्धता कायम गर्न हामीलाई मद्दत पुऱ्याएको छ, त्यो पक्षलाई पनि बिर्सनु हुँदैन । किनभने, विश्वव्यापीकरणको जुन राजनीतिक पक्ष छ, त्यो पक्ष जनताको खिलाफमा त्यति छैन । तर आर्थिक कार्यक्रम गर्दा कहिले कहिले उनीहरूले राजनीतिक अधिकारलाई कुण्ठित गर्ने कोसिस गरेका छन् र उनीहरूभित्रै पनि अन्तरविरोध छ । यी दुईवटा कुराको विश्लेषण हुनुपर्छ भन्ने लाग्छ ।



# प्रत्युत्तर

- उमेश उपाध्याय

सामन्त वर्ग आफ्नो अस्तित्व रक्षाको निम्ति अत्यन्त क्रियाशील छ । त्यसले सत्तामा स्थापित, नयाँ लोकतन्त्रमा पनि स्थापित पार्टीहरूभित्र आफ्नो स्वार्थलाई समायोजन गर्नका निम्ति प्रयत्न गर्छ गर्छ । त्यसको ताजा उदाहरण नेपाली काँग्रेस हो, सामन्त वर्गले नेपाली काँग्रेसभित्रबाट स्थान सुरक्षित राख्न प्रयत्न गर्छ । त्यसकारण सामन्त वर्गको प्रभाव घट्न धेरै समय लाग्छ । समाज, राज्यका नीतिहरूमा, राज्यका कार्यक्रमहरूमा श्रमिक वर्गको पहुँच र प्रभावको स्थिति न्यून छ । आन्दोलनमा मात्रै यसको पहुँच र प्रभावको स्थिति बढेर गएको छ । किनभने श्रम ऐनलाई संशोधन गर्न बनेको शाही अध्यादेश खारेज गराउन पनि ट्रेड युनियनहरूले लोकतान्त्रिक सरकारलाई ७२ घण्टे अल्टिमेटम दिनुपर्‍यो । यसैबाट बुझौं, राज्यमा पहुँच र प्रभावको स्थिति तेज गतिमा बढ्न सकेको छैन ।

सामाजिक अन्तर्विरोध लगायत सामाजिक समूहभित्रका अरु विभिन्न अन्तर्विरोध जुन छन्, तिनलाई पनि समेटेर हामीले वर्गको विश्लेषण गर्नुपर्छ । यहाँ राजनीतिक पार्टीका नेताहरू हुनुहुन्छ, त्यस्तैगरी पार्टीका नीति निर्माणमा र राज्यका नीतिहरूको निर्माणमा तथा परिमार्जनमा संलग्न रहने साथीहरू पनि भएको हुनाले तपाईहरूको विचारलाई उजागर गर्ने हिसाबले पनि कतिपय कुराहरू प्रस्तुत गरिएका हुन् ।

पहिलेको हाम्रो वर्ग विश्लेषणको प्रमुख आधार "भौतिक सम्पत्तिमा स्वामित्व" हुन्थ्यो । तर अहिले आएर भौतिक सम्पत्तिमा स्वामित्व बिना नै मान्छेले वर्ग संक्रमण गर्न सक्छ । प्राविधिक ज्ञानमा आधारित जनशक्तिले कुनै भौतिक सम्पत्तिमा आफ्नो स्वामित्व नहुँदा नहुँदै पनि आय वितरणलाई धेरै प्रभावित गर्छ । त्यसले गर्दा, वर्ग संक्रमण छिटो छिटो गर्न थाल्छ । त्यसकारण 'नलेज इकोनोमी'को जति फैलाव हुँदै जान्छ, त्यो क्षेत्रमा श्रमिकहरूको जति सङ्ख्या

विस्तारित हुँदै जान्छ; त्यति नै त्यसले भौतिक सम्पत्ति माथिको स्वामित्वलाई मात्रै आधार बनाएर जाने स्थिति अन्त्य गराउँदै लैजान्छ । परिवर्तन छिटो छिटो भइरहेको छ, त्यसकारण निश्चित आधारहरूलाई केलाएर ठोस ढङ्गबाट विश्लेषण गर्न सक्ने स्थिति छैन । अहिले विश्वव्यापीकरणको कारणले गर्दा, सम्पत्तिमा स्वामित्वको कारणले गर्दा, प्रविधि र प्राविधिक ज्ञानमा छिटो छिटो भइरहेको परिवर्तनले गर्दा आधारहरू पनि छिटो छिटो परिवर्तन भइरहेका छन् । निश्चित आधारमा टेकेर पहिला जसरी वर्ग विश्लेषण गर्न सकिन्थ्यो र एकपल्ट गरेको वर्ग विश्लेषणले बीसौं वर्ष, पचासौं वर्ष काम दिन्थ्यो, अब काम दिनेवाला छैन । एक-दुई वर्षमा पनि स्थिति फेरिन सक्छ । वर्तमान वर्ग विश्लेषणमा घोत्लिनु भनेको अलिकति बढी अध्ययन गरेर जानुपर्ने विषय हो ।

# डब्लुटिओलाई "मरिजाओस्" भनेर जति सरापे पनि त्यसबाट हामी मुक्त हुँदैनौं



- केशव बडाल, सत्रका सहजकर्ता

विचार निर्माणको अभियानमा ट्रेड युनियन महासंघले आफ्नो गतिविधिलाई अत्यन्त प्रभावकारी ढङ्गले लगिरहेको छ । त्यसले सिङ्गै नेपालको कम्युनिस्ट आन्दोलनलाई, यहाँको मजदुर आन्दोलनलाई बल पुऱ्याउनको निम्ति बहुत ठूलो भूमिका निभाउन सक्छ भन्ने अहिलेसम्म भएका छलफलले देखाएको छ ।

प्रो. लेफ विजेलिनले स्वीडेनको बारेमा विचार प्रस्तुत गर्नुभएको छ । १८४० देखि ५० सम्म युरोपमा आएका सङ्कटले रोग लागेर स्वीडेनमा आलु उत्पादन ध्वस्त नै भयो । फ्रान्सेली राज्य क्रान्ति र बेलायतको औद्योगिक क्रान्तिबाट उत्पन्न भएको बेरोजगारी, स्वचालित यन्त्रको विकास भइसकेपछि लाखौं लाखको सङ्ख्यामा बेरोजगार भए । यो सङ्कटको समाधान कसरी गर्ने भन्ने सन्दर्भमा जनतामा छरिएको पुँजी, छरिएको श्रम र छरिएको सीपलाई एक ठाउँमा केन्द्रित बनाएर र सहकारीको माध्यमबाट अगाडि बढ्नुपर्छ भन्ने सोच आयो । सहकारी हरहिसाबका तानाशाहीको विरुद्धमा पनि छ, चाहे त्यो लुइ १६ औंको तानाशाही होस्, चाहे १८१४ पछिको नेपोलियन बोनापार्टको, चाहे त्यो अरु कुनै नाउँको, तानाशाही विरुद्ध लोकतन्त्रलाई जनस्तरसम्म स्थापित गर्नको निम्ति सहकारी महत्वपूर्ण छ । अमेरिकाको बजारबाट स्वीडेन, नर्वे, डेनमार्क, फिनलाण्ड लगायतका देशहरूमा अब देश टिक्ने कि नटिक्ने प्रश्न नै उठ्यो । जोगिनको निम्ति उनीहरू अगाडि बढे । यसको निम्ति श्रमिकहरू मिलेर सहकारी ढङ्गले सबै प्रकारका अर्थतन्त्रलाई अगाडि बढाउनुपर्छ र त्यो श्रमिकको हितमा लोकतन्त्रको हितमा अथवा बहुसंख्यक जनताको हितमा हुनुपर्छ भनेरे स्वीडेन, फिनलाण्ड, डेनमार्क लगायतका देशहरू अगाडि बढेका हुन् । यो यहाँ लेफका प्रस्तुतिमा अलिकति कम आयो । लोककल्याणकारी राज्यको प्रस्तुति समाजवादीहरूले होइन, गैरसमाजवादीहरूले गरेका हुन् भन्ने पनि उहाँले बताउनु भएको छ । कार्यक्रम जोसुकैले ल्याओस्, हामीले त्यस्तो किसिमको कार्यक्रम स्वीकार्नुपर्छ ।

क्रिश्चियन मिसिनरीहरूले चलाएको साक्षरता अभियान र स्वास्थ्य अभियानबाट उनीहरूको प्रभाव बढ्छ, 'पाखा पारिएका जात'लाई बलियो पार्छ भनेर "त्यो बेठिक हो" भन्ने सोच आफैमा साँघुरो सोच हो । बहुसंख्यक जनताको हित अनुकूल आएका जुनसुकै कार्यक्रमलाई सदुपयोग गर्ने र श्रमजीवी वर्गको हितमा र राज्य सत्तामा समेत लैजानको निम्ति बल पुऱ्याउनुपर्छ भन्नेमा अलिकति जोड पुगेन कि !

आर्थिक स्तर कस्तो भएपछि लोककल्याणकारी राज्य बनाउने भन्ने बहस पनि यहाँ भयो । प्रतिव्यक्ति आय थोरै भए पनि ठीक खालको व्यवस्थापन गऱ्यौं भने कल्याणकारी कार्यक्रमलाई लागू गर्न सकिन्छ । नेपालकै सन्दर्भमा भन्ने हो भने जब २०५१ साल मंसिर १४ गते एमालेको सरकार बन्यो त्यतिखेर असारमा ल्याएको बजेटको आधा अवधि सकिएको थियो, राजस्व २४ अर्ब उठाउने र २ अर्ब चाहिँ 'आफ्नो गाउँ आफैं बनाउँ' कार्यक्रममा गाउँ पठाउने भन्ने निर्णय गरियो । २४ अर्ब राजस्व पनि उठ्यो । कुनै नयाँ आमूल परिवर्तन गरेको होइन, नयाँ उद्योग खोलेको पनि होइन । तर लोककल्याणका कामहरूमध्ये त्यो पनि एक हो । वृद्ध भत्ता, विधवा भत्ताका कुरा, त्यसपछिका प्रक्रिया अरु पनि थपिए । त्यसैले कल्याणकारी काम गर्नको निम्ति पहिले सम्पन्न हुनुपर्छ भन्ने कुरा होइन सम्पन्न हुनको निम्ति कल्याणकारी कार्यक्रम जरुरी हुन्छ । ठूलो सम्पत्ति भनेको मानव श्रम हो । अहिले चीनको जम्मा १३ प्रतिशत भूमि मात्रै खेतीयोग्य छ, १ अर्ब ३० करोड मान्छे त्यहाँ छन् । त्यहाँको श्रमलाई अत्यधिक सदुपयोग गरेको हुनाले उसको आर्थिक वृद्धि दर "दुई अङ्क"मा गयो । त्यसैगरी भारतकै कुरा गर्ने हो भने केरला लगायत पंजाब, हरियाणामा, जहाँ तुलनात्मक रुपमा श्रमिकहरूप्रति अलि सकारात्मक दृष्टिकोण छ र समूहमा आधारित विकासका क्रियाकलापहरू सहकारी लगायतका क्षेत्रमा अगाडि बढेको छ, त्यहाँ प्रतिव्यक्ति आय माथि उठेको छ । लोककल्याणकारी कार्यक्रमलाई तीव्र पाऱ्यौं भने हाम्रो

> श्रमिक वर्गहरूको एकता, क्षमता र खासगरी वस्तु र सेवाको उत्पादन गर्ने मान्छेहरू सङ्गठित भएर अगाडि बढ्ने आधार बलियो पाऱ्यौं भने विश्वव्यापीकरणलाई चुनौती दिन सकिन्छ ।

प्रतिव्यक्ति आय, आयात प्रतिस्थापन, रोजगार सिर्जना, निर्यात प्रवर्धन र गरिबी निवारण गर्ने क्षमता तीव्र हुन्छ ।

आर्थिक मोडेलको बारेमा हामी अहिले पनि स्पष्ट छैनौं र भएनौं । निर्णायक विन्दुमा त्यो नभएकै हो । जस्तो खानेपानी संस्थान निजीकरण गर्ने कुरा नेकपा (एमाले) को दर्शन र यसले विगतमा पास गरेको संस्थागत निर्णयको हिसाबले त्यसलाई समर्थन गर्नु पार्टीको नीति, सिद्धान्त, कार्यक्रम विपरीत हो । तर त्यही सर्वसम्मतिले पास भएको छ ।

विश्वव्यापीकरण, निजीकरण, उदारीकरणको माहोलमा केही समय पहिले अन्तर्राष्ट्रिय सहकारी महासंघले एउटा नीति अगाडि सारेको थियो । जसअनुसार विश्वव्यापीकरणले पारेको नकारात्मक असरलाई चुनौती दिनको निम्ति सहकारी र श्रमजीवी वर्गका त्यही प्रकृतिका समुदायमा आधारित संस्थाहरूले विश्वभर आफ्नो सञ्जाल बनाउनुपर्छ, अनुभवहरूको आदानप्रदान गर्नुपर्छ । अहिले १४८ वटा देश डब्लुटिओको सदस्य भइसके, नेपाल पनि भइसकेको छ । यसलाई "मरिजाओस्" भनेर जति सरापे पनि त्यसबाट हामी मुक्त हुँदैनौं, त्यसलाई चुनौती दिन सकिने क्षमता पनि पुग्दैन । यो संस्था बहुराष्ट्रिय निगमहरूको स्वार्थमा बनेको हो । श्रमिक वर्गहरूको एकता, क्षमता र खासगरी वस्तु र सेवाको उत्पादन गर्ने मान्छेहरू सङ्गठित भएर अगाडि बढ्ने आधार बलियो पाऱ्यौं भने विश्वव्यापीकरणलाई चुनौती दिन सकिन्छ । श्रमजीवीवर्गको प्रयासहरू विश्वभर अगाडि बढ्नुपर्छ । हाम्रो आर्थिक मोडेल के हुने भन्ने सम्बन्धमा एमालेले भन्ने गरेजस्तो मात्रै पनि पास हुँदैन, माओवादीले भनेको मात्रै पनि पास हुँदैन, काँग्रेसले भनेको मात्रै पनि पास हुँदैन । हाम्रो देशको अर्थतन्त्र मिश्रित अर्थतन्त्र हो । मिश्रित अर्थतन्त्रमा सहकारी, निजी र सार्वजनिक, यी तीनवटा चिजलाई समान ढङ्गले जान सक्ने आधार बनाउनुपर्छ । सन् १९७१ मा बनेको बंगलादेशको

संविधानमै के लेखेको छ भने देशको अर्थतन्त्रका तीनवटा स्तम्भ सहकारी, निजी र सार्वजनिक हुनेछन् । संविधानले नै दिशा निर्देश गऱ्यो । देशको श्रमजीवी वर्गको निम्ति समूहमा आधारित संस्थालाई राज्यले बढी प्रोत्साहन दिनुपर्छ भन्यो । तर हामीले अन्तरिम संविधानमा त्यो व्यवस्था गर्न सकेनौं । छैन भनौं भने जे पनि छ, तर स्पष्ट रुपमा राष्ट्रलाई त्यसले मार्ग निर्देश दिन सकेको छैन । अन्तिममा जुनसुकै ठाउँमा जेसुकै भने पनि आर्थिक मोडेल, आर्थिक कार्यक्रम बेठिक खालको भयो भने राजनीतिक भाषण जतिसुकै मिठा भए पनि त्यसले त्यो जसको निम्ति हामी काम गरिरहेका छौं, त्यो माथि उठ्न सक्दैन ।

उमेशजीले अगाडि सार्नुभएको विषयमा तिनलाई समाधान गर्ने हिसाबले ध्यान दिनुपर्छ । मुकुन्द न्यौपानेले उठाउनु भएको विषय ठीक कि बेठीक? उहाँले आफूलाई लागेका कुराहरू, यो अलिकति उत्तेजित ढङ्गले आओस्, मान्छेलाई छोओस् र यसमा आफ्नो ठाउँमा छलफल गरेर निचोडमा पुगियोस् भन्ने आशयले राखेको हुँ भन्नुभएको छ ।

वर्ग र जातको विषयमा सवाल उठेका छन् । निष्कर्ष आएको छैन । यसमा शंकर पोखेल र अरु साथीहरूको सोचमा केही विविधता पाएको छु । हाम्रो देशमा जातीय शोषण, थिचोमिचो पनि छ । १४ प्रतिशत दलित छन् र छुवाछूतको अवस्था समेत विद्यमान छ । नेपालको यादवको सङ्ख्यामा पहाडी विश्वकर्माको सङ्ख्या २ सय मात्रै फरक छ । बेरोजगार भएका दलितहरूको सङ्ख्या ठूलो छ । तराईमा धेरै किसिमका दलितहरू छन् । दलित समुदाय दोहोरो, तेहोरो शोषणमा परेको छ । त्यसैगरी तराईमै कमैयामध्ये ९० प्रतिशत थारु समुदायका मान्छे छन् । मुक्तिको घोषणा भयो, तर जमिन दिलाउने कुरामा अहिले पनि अलमल भइराखेको छ । जातको विषय उठाउँदा वर्ग बिर्सिने, वर्गको विषय उठाउँदा जात बिर्सिने दुईवटै गलत हुन् । आधारभूत कुरा त्यो जातको पनि वर्ग हुनु

> *जुनसुकै ठाउँमा जेसुकै भने पनि आर्थिक मोडेल, आर्थिक कार्यक्रम बेठिक खालको भयो भने राजनीतिक भाषण जतिसुकै मिठा भए पनि त्यसले त्यो जसको निम्ति हामी काम गरिरहेका छौं; त्यो माथि उठ्न सक्दैन ।*

पऱ्यो । जातीय शोषण, लिंगीय शोषणका तमाम आधार पनि समाप्त हुनुपर्छ । वर्ग शोषण समाप्त गर्ने त मार्क्सवादको आधारभूत दर्शन नै हो, त्यही आधारमा हामी अगाडि बढ्नुपर्छ भन्ने कुरा हो ।

जातीय समस्यालाई सबभन्दा धेरै उठाउने समाजशास्त्रका प्राध्यापक डा. कृष्ण भट्टचनको लेख पढें । उहाँले जातीय स्वशासन हुनुपर्छ र त्यो जातीय स्वशासनभित्र जुन जातको शासन हुने हो, त्यो भन्दा बाहेकका त्यहाँ बस्न त पाउँछन्, तर बसेपनि कैयौं गुणा कर तिर्नुपर्छ भनेर लेख्नु भएको छ । श्रमजीवी वर्ग, कुनै पनि कम्युनिस्ट पार्टी त्यसमा सहमत हुन सक्दैनन् । किनभने, अनेक शोषणका रुपहरू भए पनि यो जातलाई बढी ट्याक्स लगाउने भन्ने त छैन । यस्ता खालका कुराहरू आएका छन् । झट्ट हेर्दा जाति जनजातिका साथीहरू कतिपयलाई राम्रो पनि लाग्ला, तर जातीय शोषणलाई कायम राख्नको निम्ति उहाँको त्यो अभिव्यक्ति सहयोगी बन्छ । शोषण कायम राख्नुपर्छ, विभेद कायम राख्नुपर्छ भन्ने ठाउँमा पुगिन्छ । तराई आन्दोलनको सन्दर्भमा सीमावर्ती क्षेत्रका जनतामा राष्ट्र र राष्ट्रियताको माया छैन कि भन्ने आशंका त्याग्नुपर्छ । यो राष्ट्रलाई सीमावर्ती क्षेत्रकै जनताले आजसम्म जोगाएका छन् । उनीहरूको राष्ट्रियतालाई आदर गर्ने, उनीहरूको हक स्थापित गर्ने, उनीहरूलाई यो देशको राष्ट्रिय राजनीतिको धारमा अगाडि बढाउनको निम्ति लानेगरी श्रमजीवी वर्गलाई समेटेर जानुपर्छ र अन्य तहबाट जुन प्रचार भइराखेको छ त्यसलाई चुनौती दिनुपर्छ । यस आधारमा जातीय, क्षेत्रीय, भाषिक समस्या हल गर्ने र राष्ट्रिय स्वाधीनता, राष्ट्रिय एकतामा मात्रै श्रमजीवी वर्गको हक स्थापित हुन्छ भन्ने कुरा बुझ्नु जरुरी छ ।

विचार प्रस्तुत गर्ने सबै साथीलाई योगदानका लागि धन्यवाद दिन चाहन्छु ।

युरोपेली समाजवाद र कल्याणकारी राज्यको नर्डिक ढाँचा
- लेफ विजेलिन
२०१

"पूँजीवादको चिहान खन्नेहरू"का सीमा
- रोनाल्डो मङ्क
२११

ऐतिहासिक कोणबाट उत्पादन सम्बन्ध र वर्ग सङ्घर्ष
- उमेश उपाध्याय
२२८

# कार्यपत्र र सन्दर्भ सामग्रीहरू

# युरोपेली समाजवाद र कल्याणकारी राज्यको नर्डिक ढाँचा

- लेफ विजेलिन

**युरोपेली समाजवाद**

समाजवादको अवधारणा धेरै विविधतायुक्त छ । यसलाई राजनीतिक आन्दोलनको मुख्य विचार मानिन्छ, जसले आर्थिक-सामाजिक प्रणालीका लागि लडाइँ गर्दछ । जहाँ सम्पत्ति र धनको वितरण सामाजिक नियन्त्रणका विषय हुन्छन् ।

समाजवाद कसरी प्राप्त गर्न सकिन्छ भन्ने बारेमा सुरुदेखि नै समाजवादीहरू फरक-फरक मत राख्छन् । मुख्य प्रश्नहरू केन्द्रीकृत वा विकेन्द्रित नियन्त्रण र निजी सम्पत्ति कसरी चलाउने भन्नेमा सरोकार राख्छन् । सामाजिक समानताको मात्रा र परिवारको सङ्गठन तथा सामुदायिक जीवनका थप विषयहरूमा पनि विवाद छ। पहिलो अन्तर्राष्ट्रिय (१८६४) मा हामीले समाजवादीहरूबीचको पहिलो विभाजन देख्यौं । मुख्य विचारहरू कम्युनिस्ट, सुधारवादी वा सामाजिक जनवादी र स्वच्छन्दतावादी (अनार्किस्ट) थिए । जस्तो- १८६९ मा स्थापना भएको सोसल डेमोक्रेटिक वर्कर्स पार्टी अफ जर्मनी (हाल जर्मन सोसल डेमोक्रेटिक पार्टी (एसपीडी का नामले चिनिन्छ),ले समाजवाद प्राप्तिका लागि सुधारका पक्षमा क्रान्तिको अवधारणालाई खुला गऱ्यो । अर्कोतर्फ परम्परागत मार्क्सवादीहरूले वर्गविहीन समाज (उत्पादनका साधनहरूको स्वामित्व राज्यले बहन गर्ने अवस्था) को बाटोमा क्रान्तिकारी समाजवादलाई सङ्क्रमणकालीन अवस्थाको रूपमा पक्षपोषण गरे ।

समाजवादी आन्दोलनको प्रारम्भकालमा युरोपमा 'समाजवाद' र 'साम्यवाद' पर्यायवाची शब्दका रूपमा प्रयोग हुन्थे । तर, समाजवादका विविध रूपहरूका भिन्नाभिन्नै आन्दोलनहरू भएझैं ती शब्दका पनि अर्थहरू अलग-अलग हुँदै गए ।

जब सामाजिक जनवादीहरू शक्तिमा आए र सरकारमा गए, परिस्कृत (मोडोरेट) र क्रान्तिकारी समूहबीच विभाजन थप चर्कियो । सन १९१७ को रुसी क्रान्तिले सामाजिक जनवादीहरू र कम्युनिस्टहरूबीचको परिभाषागत विभाजनलाई स्पष्ट पाऱ्यो । धेरैजसो भूभागहरूमा कम्युनिस्ट पार्टीहरू र अझ परिस्कृत समाजवादी पार्टीहरूबीचका सबै सम्पर्कहरू भताभुङ्ग भए ।

ठीक त्यसैबेला जव कम्युनिस्टहरूले रुसमा सत्ता कब्जा गरे, बीसौं शताब्दीको पहिलो दशकमा युरोपका धेरै बुद्धिजीवीहरूका बीचमा परिस्कृत समाजवाद उल्लेख्य रूपमा प्रभावशाली बन्यो । सामान्यतया अनुदार सरकारहरू सत्तामा थिए, तर

तिनीहरू सामाजिक कल्याणकारी सुधारहरू अवलम्बन गर्न बाध्य भए, विशेषगरी दोस्रो विश्वयुद्धपछि । दोस्रो विश्वयुद्धपछिको अवधि समाजवादीहरू र कम्युनिस्टहरूका बीचको विचारधारात्मक सङ्घर्षको अवधि थियो । मैले बुझे अनुसार, क्रान्तिकारी समाजवादको चुनौतीमुनि परिस्कृत समाजवादीहरूले तिनीहरूको सुधारका लागि सुनुवाईको अवसर प्राप्त गरे । त्यसैले यसो भन्न सकिन्छ कि पश्चिम युरोपका धेरैजसो औद्योगिक मुलुकहरूले विशेषतः युद्धपछिको अवधिमा कल्याणकारी राज्यको सिर्जनाको रूप देख्न सके । समाजवादी पार्टीहरू, मुख्यतः सामाजिक जनवादीहरू पुँजीवादी कल्याणकारी राज्यको उदयसँगै चिनिन थाले । २० औं शताब्दीको अन्त्यमा एकीकृत युरोपको धारणा बलियो भएर आयो । हामीले विभिन्न तर्कहरू सहित युरोपेली सङ्घ (इयु) निर्माण गऱ्यौं । यो उदार बजारमा आधारित थियो । यसले पश्चिम युरोपेली समाजवादीहरू माथि १९८० को दशकको अन्त्य र १९९० को दशकको सुरुमा तिनीहरूका पार्टीहरूलाई पुनर्निर्माण गर्न र तिनीहरूका परम्परागत आर्थिक कार्यक्रमहरूमा पुनर्विचार गर्न कडा दबाब सिर्जना गऱ्यो ।

त्यसै समयमा बीसौं शताब्दीको अन्तिम एक चौथाई अवधि पूर्वी युरोपमा कम्युनिस्टहरूका लागि मुख्य सङ्कटको अवधि रह्यो । दैनिक उपभोग्य सामान र घरवासको बढ्दो अभाव, तलबभत्ता भुक्तानीमा समस्या, सभा गर्ने र भाषण गर्ने व्यक्तिगत अधिकारमा चोट आदिले धेरै भन्दा धेरै मानिसहरू प्रभावित भए । १९८९ र १९९१ को बीचमा पूर्वी युरोपमा कम्युनिस्ट पार्टीको शासनको समाप्तिसँगै समाजवादको सोभियत अवधारणा विश्वव्यापी राजनीतिक शक्तिका रूपमा धेरै वा थोरै अलप भयो र यसले समाजवादको सोभियत रुसका कमाजोरीहरूलाई प्रदर्शन गऱ्यो ।

**कल्याणकारी राज्यका सामान्य अवधारणाहरू**

त्यसो भए कल्याणकारी राज्यको परिभाषा के हो त ? यो यस्तो राज्य हो, जसले आफ्ना नागरिकहरूलाई कल्याणकारी सेवाहरू उपलब्ध गराउन सक्छ, जससँग आफ्ना नागरिकहरूको कल्याणको उत्तरदायित्व हुन्छ । यस उत्तरदायित्वले धेरै वा थोरै कल्याणकारी राज्यको अवधारणालाई समेटेको छ । यो कोहीलाई दिइने 'सुरक्षा जालो' मात्र होइन, सबैमा लागू हुन्छ । किनभने, यसले हरेक मानिसलाई अधिकारको हिसाबले समेट्छ । अन्तिममा यो त्यस्तो राज्य हुन सक्छ, जहाँ समाजमा कल्याण उपलब्ध गराइन्छ । राज्यले मात्र होइन अरू स्वतन्त्र सेवाहरूले पनि यसलाई सहयोग गर्छ (कम्पनीहरू, निजी निगमहरू, दान गर्ने संस्थाहरू र अरू गैरनाफामूलक संस्थाहरूलाई राज्यले आर्थिक सहायता उपलब्ध गराउँछ)। यो युरोपेली महाद्वीपको अति सामान्य अवधारणा हो ।

यदि तपाईं भौतिक विषयवस्तुलाई छोडेर मनोवैज्ञानिक वा मानसिक उन्नतिलाई आफ्नो परिभाषामा समेट्न चाहनुहुन्छ भने विभिन्न खाले स्वतन्त्रताको

अभावमा केही समाजवादी मुलुकहरूमा हासिल भएको यसभन्दा उच्चस्तरको विकास अर्कै कुरो हो ।

अवश्य नै केही तेल-आधारित, नव-धनाढ्य अरबेली मुलुकहरू (साउदी अरेबिया, कुवेत, अरब इमिरेट्स) लाई कसरी हेर्ने भन्ने प्रश्न छ । तिनीहरूले आफ्ना खास नागरिकलाई सबै किसिमका कल्याणकारी सेवाहरू उपलब्ध गराउँछन् । तर, सबै बासिन्दामा यो लागू हुँदैन । जस्तैः आप्रवासी कामदारहरू, जो कहिलेकाहीँ त बहुमतमा हुन्छन् ।

सामान्यतयाः लोककल्याणको मात्रा मुलुकको अर्थतन्त्रको शक्तिसँगै सम्बन्धित हुन्छ । यो आम रूपमै लागू गर्न उपयुक्त हुन्छ । तथापि, तपाईंले विकसित मुलुकहरूलाई हेर्नुभयो भने उनीहरूको आथिर्क क्षमता र लोककल्याणको खर्चका बीचमा टिठलाग्दो सम्बन्ध पाउनुहुनेछ । उदाहरणका लागि : २००१ मा स्वीडेनले कूल गार्हस्थ उत्पादनको २९ प्रतिशत लोककल्याणमा खर्च गऱ्यो । र, यसको प्रतिव्यक्ति आय २४,००० अमेरिकी डलर छ । जर्मनीमा २७ प्रतिशत र २५,०००, हङ्गेरीमा २० प्रतिशत र १२,०००, क्यानाडामा ८ प्रतिशत र २७,००० तथा अमेरिकामा १५ प्रतिशत र ३४,००० डलर क्रमशः लोककल्याणमा खर्च प्रतिशत र प्रतिव्यक्ति आय छ ।

यसबाट बुझ्न सकिन्छ, कल्याणकारी राज्यको अवधारणा आलोचनाबाट मुक्त छैन । उदाहरणका लागि- कल्याणकारी राज्यले आफ्ना नागरिकलाई आत्मनिर्भर र कामप्रति लगनशील बनाउँछ भनिन्छ । तर, माथि उल्लेख गरियो- विकसित मुलुकहरूमा सामाजिक खर्च र आर्थिक क्षमताका बीचमा मिल्दो अनुपात छैन । अर्को आलोचनाले के भन्छ भने सामाजिक सुरक्षाबाट प्राप्त हुने सुविधाका कारण न्यून आय आर्जन गर्ने मानिसहरू काम गर्नुको सट्टा राज्यबाट प्राप्त हुने आयमा निर्भर हुन्छन् । कल्याणकारी राज्यमाथिको तेस्रो आरोप हो-यस्तो राज्यले सधैं चर्को कर लगाउँछ । यो मूलतः साँचो हो, तर अर्कोतर्फ यस्ता राज्यहरूका उच्च ज्याला र उच्च राष्ट्रिय आयमा पनि प्रश्नको घेरामा छन् । र, सामान्यतया, यी राज्यहरूमा कडा प्रगतिशील कर प्रणाली हुन्छ र न्यून आय भएका नागरिकमाथि कर प्रणालीका असरहरू न्यूनीकरण गर्ने प्रणाली हुन्छ । यदि तपाईले कर तिर्नु हुँदैन भने तपाईंले राज्यद्वारा दिइने सेवाहरू आफैँ किन्नुपर्छ ।

**युरोपेली कल्याणकारी राज्यहरू**

संयुक्त अधिराज्यमा दोस्रो विश्वयुद्धपछि कल्याण अभिवृद्धि गर्ने भनेर परिवर्तनका शृङ्खलाहरू चले । त्यसअघि कल्याणकारिता भनेको या दानमा आधारित थियो या त झण्डै अस्तित्वमै थिएन ।

नयाँ नीतिले खर्चको दायरा फराकिलो पाऱ्यो र राज्यको दायित्वलाई विस्तृत बनायो । र, यसको खर्चको अवधारणालाई करको पुनर्वितरणका रूपमा व्याख्या गरियो । कल्याणकारी राज्य विशेषगरी स्वास्थ्यप्रति प्रतिबद्ध थियो, तर यसले शिक्षा,

बेरोजगारी, उपचार-शुल्क आदि जस्ता कुरालाई पनि आफूमा समावेश गऱ्यो । जुनसुकै मूल्यमा पनि स्वास्थ्यको हेरचाह कल्याणकारी राज्यको मुख्य माग बन्यो । पछि कल्याणकारी राज्यका आलोचकहरूसमेत यसलाई उल्ट्याउन असमर्थ रहे । परम्परागत कल्याणकारी राज्यको अवधि सामान्यतः १९४५ देखि १९७० को दशकसम्म रह्यो । यद्यपि, यसका कैयौँ विशेषताहरू आज पनि छन् । कल्याणकारी राज्य स्थापना हुनुको भित्री कारणहरू जटिल छन् । निश्चय नै, दोस्रो विश्वयुद्धपछिका सरकारहरू, जसले विद्रोहका क्रान्तिकारी लहरहरू देखेका थिए, उनीहरू दोस्रो विश्व युद्धपछि आम सामाजिक असन्तोषको खतरालाई कम गर्नका लागि काम गर्न तल्लीन थिए । पुराना उद्योगहरूलाई भन्दा आधुनिक र जटिल उद्योगहरूलाई धेरै स्वस्थ र शिक्षित जनशक्तिको आवश्यकता थियो ।

अन्तिममा, दोस्रो विश्वयुद्धताका सबै क्षेत्रमाथि राज्यको नियन्त्रणले के देखाएको थियो भने राष्ट्रिय जीवनका फराकिला क्षेत्रहरूलाई राज्यले तुलनात्मक रूपमा सफलतापूर्वक सञ्चालन गर्न सम्भव थियो ।

निश्चय नै, कल्याणकारी राज्य स्थापना गर्ने कार्यक्रममा उभिएर लेवर पार्टीले धेरै स्पष्ट विजय हासिल गऱ्यो । यद्यपि, सन् १९८० को दशकबाट बेलायती सरकारले धेरै प्रावधानहरूमा कटौती गर्न सुरु गऱ्यो । अहिले बेलायती सरकारले न्यूनतम मापदण्डहरू, न्यूनतम आय, असुरक्षाको सन्दर्भमा सामाजिक सुरक्षा र सम्भव भएसम्मको तहमा सेवाको प्रावधानलगायतका विषयलाई आधार बनाएर कल्याणकारी राज्यको कुरा गरिरहेको छ। व्यवहारमा हेर्दा संयुक्त अधिराज्यको सामाजिक कल्याणकारी अवधारणा यसको सिद्धान्तभन्दा भिन्न छ । यसले धेरै क्षेत्रलाई समेट्छ तर सुविधा र सेवाहरू धेरै न्यून मात्रामा प्रवाहित गरिएको छ । उपलब्ध सामाजिक सुरक्षा टालटुले छ र सेवाहरू लिन निकै कठिन छ ।

युद्धपछिको जर्मनीमा 'सामाजिक राज्य' को विचार विकास भयो । सामाजिक कल्याण प्राप्तिका लागि आर्थिक विकास नै सर्वोत्तम बाटो हो भन्ने विश्वासमा यो आधारित थियो । सामाजिक सुरक्षाहरू तिनीहरूका प्राथमिकतामा प्रतिविम्बित गर्नुपर्दथ्यो । यसको परिणाम सेवा र श्रम बजारका मानिसहरूको अवस्थाको सम्बन्ध स्पष्टसँग देख्न सकिन्थ्यो । सामाजिक सुविधाहरू आर्जन-आधारित थिए । कामको अभिलेखबिना तिनीहरूलाई समेटिँदैनथ्यो । जे भए पनि बढी आय आर्जन गर्नेहरूलाई मुख्य सामाजिक बीमा प्रणालीमा समेटिँदैनथ्यो र तिनीहरू आफ्नो व्यवस्था आफैं गर्न छाडिन्थे ।

फ्रान्समा धेरैजसो सामाजिक सुरक्षा ऐक्यबद्धताको सिद्धान्तमा आधारित छ । लोककल्याणको सिद्धान्त धेरै जटिल छ, वस्तुहरूलाई सस्तोको सट्टा महँगो बनाइएको छ । हालैका दिनहरूमा सामाजिक नीतिको मुख्य ध्यान खर्च नियन्त्रणमा रहेको छ ।

दक्षिण युरोपका मुलुकहरूमा लोककल्याणलाई परम्परागत रूपमा स्वतन्त्र, स्वयम्सेवा र राज्यद्वारा सहयोग गरिएका संस्थाहरूको दायित्वका रूपमा बुझिन्छ ।

राज्यले कम्पनीहरू, निजी निगमहरू, चन्दाआधारित सङ्गठनहरू र अरू गैरनाफामुखी सङ्गठनहरूलाई आर्थिक सहयोग गर्छ ।

स्वीडेनको कल्याणकारी राज्यको ढाँचा एक अर्थमा हेर्दा 'कल्याणकारी राज्य'को असली रूप जस्तो देखिन्छ । यसले आफ्ना नागरिकहरूलाई समान र सुनिश्चित सुविधाहरू संस्थागत रूपमा प्रदान गर्दछ। यो बेलायती ढाँचाभन्दा सामाजिक समानता प्राप्तिको प्रतिबद्धतामा अगाडि छ र स्रोतहरूको पुनर्वितरणमा आधारित छ ।

समग्र रूपमा युरोपेली सङ्घको सामाजिक नीतिहरूलाई हेर्दा यस कुरालाई ध्यानमा राख्नुपर्छ कि युरोपेली समुदाय राजनीतिक र आर्थिक कारणहरूले स्थापना भएको थियो । राजनीतिक रूपमा युरोपमा शान्ति कायम गर्नु र आर्थिक रूपमा यसको लक्ष्य युरोपेली खुला बजार स्थापना गर्नु थियो । यही विरोधाभासले यसको कुनै स्पष्ट सामाजिक नीति छैन ।

**नर्डिक ढाँचा**

स्वीडेनको ढाँचा वा हालैका दिनमा नर्डिक ढाँचा मिश्रित अर्थतन्त्रको लोककल्याणको ढाँचा हो । यो पुँजीवादी र समाजवादी अर्थतन्त्रको बीचको बाटोका रूपमा थियो र छ। यसले उद्यमशीलतालाई कायमै राखी सबभन्दा स्तरीय संसार सिर्जना गर्नका लागि सफलता हासिल गरेको छ ।

यसअघि नै १८५० तिर स्वीडेनमा 'गरीब राहत कानुन' पारित गरियो । रोचक कुरा, यो काम समाजवादी महत्वाकाङ्क्षा राख्ने पार्टी शक्तिमा नभएको बेला भएको थियो । वास्तवमा यो लिवरल वा कन्जर्भेटिभ सरकारका बेला सुरु भएको थियो । सामाजिक आन्दोलनहरूको विकास र विस्तार भइरहेको बेला उनीहरूको दबाबमा परेर यो काम भएको थियो । सोसल डेमोक्रेटिक पार्टी (१८८९) को जन्म र, धेरै महत्वपूर्ण कुरा, १८९८ मा स्वीडिस ट्रेड युनियन कन्फिडेरेसन (एलओ) स्थापना भयो । त्यसले छिट्टै सोसल डेमोक्रेटिक पार्टीसँग धेरै नजिकको सम्बन्ध स्थापित गर्‍यो । यी दुई शक्तिले अरू केही युनियनहरूसँग समेत मिलेर सम्भव भएसम्म धेरै जनतालाई सङ्गठित गरेर अरू सबै राजनीतिक शक्तिहरूलाई चुनौती खडा गरे ।

जे सुकै कारणले भए पनि सन् १८४२ मा अनिवार्य र निःशुल्क प्राथमिक शिक्षा आरम्भ गरियो । युरोपका धेरै भागमा भन्दा स्तरीय शिक्षा पनि उपलब्ध गराउँदै उच्च शिक्षामा पनि यसलाई विस्तार गरियो । १८९० को आसपासमा साक्षरता झण्डै शतप्रतिशत थियो । जसरी भए पनि यसलाई आश्चर्यका रूपमा अंकित गर्नुपर्छ कि गैर समाजवादीहरूले त्यति पहिला नै यी सुधारहरू सुरु गरे, तिनै कदमहरू १९३० को दशकमा पनि अरू युरोपेली मुलुकहरूमा चालिएनन् । तपाई आश्चर्यमा पर्नुहुन्छ- यी परिवर्तनहरूका लागि कस्ता साँस्कृतिक मूल्यहरू आवश्यक पर्छन् ? अथवा यो गरिबी, जनसङ्ख्या वृद्धि र असङ्ख्य आप्रवासीहरू प्रतिको प्रत्युत्तर थियो ? १९ औं

शताब्दीको अन्त्यमा स्वीडेनको जनसङ्ख्याको एक चौथाइले कामका लागि मुलुक छोड्यो । (नेपालका आप्रवासी श्रमिकसँग तुलना गर्नुहोस् ।)

यो पनि उल्लेख गर्नुपर्छ कि स्वीडेनले पहिलो विश्वयुद्धबाट टाढै बस्ने निधो गऱ्यो र यसबाट लाभान्वित पनि भयो । किनभने, केही बल बियरिङ्ग सलाई, बन्दुकको धुलो जस्ता नयाँ आविष्कार भएका प्रविधिहरूबाट स्वीडेन लाभान्वित भयो २० र ३० को दशकमा सारा युरोपभरिलाई थला पार्ने महामन्दीको अघि र पछिको अवधिमा राजनीतिक र आर्थिक उपायहरू अवलम्वन गरियो । मन्दीले स्वीडेनलाई गम्भीर रूपमा प्रभावित गऱ्यो र धेरै उच्च दरको बेरोजगारी (३० प्रतिशत) पुग्यो । र, ज्याला घटायो, जसले सामाजिक अशान्ति, बन्द-हडताल र अरू सामाजिक द्वन्द्वहरू उत्पन्न गरायो । त्यसैले सामाजिक जनवादीहरूले सार्वजनिक सेवामा व्यापक रोजगारी र कृषि क्षेत्रमा सरकारी सहयोगको कार्यक्रमका आधारमा १९३२ मा निर्वाचन जिते । मुद्राको मूल्य बढ्यो, निर्यात वृद्धि भयो, ज्याला बढ्यो र बेरोजगारी घट्यो । त्यस समयमा राज्यले अर्थतन्त्रलाई नियमित गर्न सुरु गऱ्यो र अर्थतन्त्रका लागि ठूलो महत्वका केही उद्योगहरू राष्ट्रियकरण गरियो । तथापि, धेरै उद्योगधन्दाहरू निजी क्षेत्रमै रहे । राज्यले आवास क्षेत्र (भाडा नियन्त्रण), व्याजदर, ऋण नियन्त्रण जस्ता क्षेत्रमा पनि हस्तक्षेप गऱ्यो । र, झण्डै विश्वासै नलाग्ने गरी स्वीडेन आफूलाई दोस्रो विश्वयुद्धबाट पनि अलग राख्न सफल भयो । निर्यात उच्च थियो । आफूलाई माथि उठाउनका लागि बाँकी युरोपलाई स्वीडेनका उत्पादनहरू चाहिए ।

यस किसिमले हेर्दा तपाई भन्न सक्नुहुन्छ- कल्याणकारी राज्यको अवधारणा सामाजिक जनवादीहरू गठबन्धनबाट सत्तामा आउनुपूर्व १९२० देखि नै तयार भएको थियो । त्यसपछि मन्दी आयो । शक्तिहरूलाई विभाजन नगर्नका लागि १९३८ मा श्रमिक र रोजगारदाताहरूको महासङ्घबीच एउटा धेरै महत्वपूर्ण सहमति भयो । भावी सामाजिक सुधारहरूका लागि सबैले यसलाई असाध्यै महत्वका साथ उल्लेख गरेका थिए । यसले शान्तिपूर्ण औद्योगिक र आर्थिक वृद्धिका लागि आधार निर्माण गऱ्यो । यसले औद्योगिक सम्बन्धका लागि लिखित नियमहरू मात्र सिर्जना गरेन, समस्या समाधानका लागि सहयोग र वार्ताको अनौपचारिक सहमति पनि गऱ्यो । श्रम बजारको विकासका लागि यसले विशेष भावना वा जिम्मेवारीको पनि विकास गऱ्यो भनिन्छ ।

यसैको परिणाम स्वरूप कैयौं दशकसम्म स्वीडेनको अर्थतन्त्रले औसतभन्दा पनि बढी विकास गरिरह्यो । किनभने, उससँगै आधारभूत रूपमा बढ्दो उत्पादकत्व, शिक्षाको उच्चस्तर, राम्रो निर्यात, अन्तर्राष्ट्रिय मागको राम्रो सौभाग्य, प्रविधिगत प्रगति, सफल आविष्कार, सफल उद्योगीहरूको एउटा वर्ग र ३० को दशकको सक्षम सङ्कट-नीति थिए ।

त्यहाँ अर्थतन्त्रको सकारात्मक वृद्धिको योगदान गर्ने केही 'नरम' तत्वहरू पनि थिए । स्वीडेनले उच्च प्रतिष्ठा र तलबसहितको सक्षम र इमानदार निजामती सेवाको विकास गऱ्यो, जसले राज्य र उद्यामीहरूको नयाँ वर्गबीच सकारात्मक

वातावरण सिर्जना गर्न योगदान पुऱ्यायो । भ्रष्टाचार विगतमा थियो र अहिले पनि छ, तर नगण्य मात्रामा। सार्वजनिक प्रशासन र उद्योगबीचको सहयोगलाई एकदम स्वाभाविक बनाइयो । जनसङ्ख्याको उच्चस्तरको शिक्षा र श्रमिकहरूको उच्चस्तरको लचकतातर्फको कदमले पनि उद्योगहरूको आधुनिकीकरणका लागि माग उठाउन जनतालाई पुनः शिक्षित गर्न सघाउ पुऱ्यायो ।

त्यसबेला सामाजिक जनवादीहरूले ४० वर्षभन्दा बढी शासन गरे र सानो भन्दा सानो चीजले 'जनताको घर' बनायो । बेरोजगारी पूरै शून्यमा झऱ्यो । सबै तहको शिक्षालाई पूर्ण रूपमा निःशुल्क बनाइयो र स्वास्थ्य हेरचाह तथा शिशु स्याहारलाई पनि निःशुल्क नै बनाइयो । केही सार्वजनिक बिदाहरूका अलावा त्यहाँ ५ देखि ७ हप्ता पूर्ण रूपमा तलबी बिदा दिन थालियो । एक वर्ष पूर्ण तलबसहितको मातृत्व वा पितृत्व बिदा दिन सुरु गरियो भने बिरामी बिदा पनि पूर्ण तलबसहित दिने व्यवस्था मिलाइयो । तलबको ८० प्रतिशत पेन्सन दिइयो । ६५ वर्षमा अवकाश दिने व्यवस्था मिलाइयो । र, सामाजिक भत्ताहरू बाँच्नका लागि पर्याप्त पारियो । यसरी जीवनका सबै तहमा सबै बासिन्दाको आर्थिक सुरक्षालाई कल्याणकारी राज्यले सुनिश्चित गऱ्यो ।

अरू युरोपेली मुलुकहरू पनि विभिन्न किसिमले यही तहमा पुगे । तिनीहरूमध्ये कोही पनि एउटै समय र यही रूपमा पुग्न सकेनन् । स्वीडेन विश्वको सबैभन्दा उच्चस्तरको थियो वा त्यहाँ सबैभन्दा बढी उदार सामान्य कल्याणकारी प्रणाली थियो भन्नुको अर्थ छैन । किनभने, त्यो परिभाषाको प्रश्न हो । तर, त्यो धेरै उच्च अवश्य थियो । र, स्वीडेनकै ढाँचाका बारेमा किन कुरा गरिन्छ भन्नुका पछाडि केही कारणहरू छन् ।

निश्चय पनि कर उच्च थियो र कडा रूपमा प्रगतिशील थियो । तर, तल्लो तहका सबै स्वीडेनबासीहरूले तिर्न नसक्ने खालको महँगो थिएन । टेलिभिजन, कार आदि किन्न नसक्ने खालको अवस्था थिएन । यी सबै चीजले स्वीडेनको उच्च जीवनस्तरको प्रदर्शन गर्दछन् । यस प्रकारले हेर्दा 'सबैबाट क्षमता अनुसार र सबैलाई आवश्यकता अनुसार' भन्ने पुरानो क्रान्तिकारी भनाइ साकार भएको थियो ।

स्वीडेनमा 'जनताको घर' भनेर चिनिने यो कल्याणकारी राज्य सामाजिक रूपान्तरणको अनुपम नमूना थियो, जसले विश्वव्यापी रूपमा राजनीतिशास्त्री र राजनीतिज्ञहरूको ठूलो ध्यानाकर्षण गराएको थियो । यसका कतिपय पक्षहरूको अरू मुलुकहरूमा पनि अनुशरण गरियो । अन्तर्राष्ट्रिय रूपमा स्वीडेनको ढाँचालाई 'बीचको बाटो' वा 'देश, जसले आफ्ना नागरिकलाई 'कोक्रोदेखि चिहानसम्म रक्षा' गर्छ' वा बोलीचालीको भाषामा 'स्वीडिस मोडल' भनिन्छ ।

तिनीहरूको जटिल स्वभावका कारण आर्थिक विकासका कतिपय तत्वहरूलाई नगण्य रूपमा बुझिएको छ । आधुनिक विकास सिद्धान्तमा कैयौं 'नरम' तत्वहरूले भौतिक पुँजी निर्माणलाई प्रतिस्थापन गरेका छन् । ठ्याक्कै भन्दा उत्पादनको एउटा

महत्वपूर्ण तत्वका रूपमा मानव-दक्षता देखिन्छ । थपमा, प्राथमिक विद्यालय भर्ना, साक्षरता आदिजस्ता विषय आर्थिक वृद्धिसँग अन्तरसम्बन्धित हुन्छन् । शिक्षाको लैङ्गिक अवधारणा पनि आर्थिक वृद्धिसँग अन्तरसम्बन्धित देखिन्छ । जुन मुलुकहरूमा केटीहरू राम्ररी शिक्षित हुन्छन्, त्यहाँ साधारण शिक्षा र आर्थिक वृद्धिमा अझ बलियो अन्तरसम्बन्ध हुन्छ । यो नेपाल जस्ता मुलुकका लागि झन् महत्वपूर्ण हुन्छ । जहाँ स्वाभाविक रूपमा महिलाहरू परम्पराका बाहक छन्, भनिन्छ- “शिक्षित आमाहरूले धेरै फरक पार्छन् ।” सुशासनको पनि निकै महत्व हुन्छ, जसभित्र व्यावसायिक सूक्ष्म आर्थिक व्यवस्थापन र सर्वस्वीकार्य कानुनी घेरा हुन्छन् ।

केही राजनीतिशास्त्रीहरू दिगो आर्थिक विकासका लागि नागरिक समाजको भूमिकालाई महत्वपूर्ण तत्वका रूपमा जोड दिन्छन् । यसले टोलस्तरका सङ्गठनहरू र अरू ग्रामीण तहका सङ्गठनहरूको सञ्जालको संलग्नतालाई आत्मसात गर्छ । यसका लागि लोकतन्त्र, स्वतन्त्र प्रेस, मानवअधिकारको सम्मान, सामाजिक अन्तरक्रिया, ट्रेड युनियनहरू, साना-ठूला सामाजिक सङ्गठनहरू, न्याय र कानुनको रक्षा गर्ने न्यायपालिका प्रणाली जस्ता कुरा चाहिन्छन् ।

एउटा युनियनकर्मीका रूपमा श्रम आन्दोलनको शक्तिका बारेमा जोड दिनु सजिलो छ । एउटा शिक्षकका रूपमा तपाईं स्वीडेनको प्रगतिका लागि सम्भवतः शैक्षिक गुणस्तरलाई महत्वपूर्ण तत्वका रूपमा जोड दिनुहुन्छ । अथवा एक विश्लेषकले भनेझैं स्वीडेन सामान्यतः भाग्यले लाभान्वित पनि भएको हो । जे भए पनि, प्राकृतिक पुँजी, आर्थिक पुँजी, उत्पादक पुँजी, भौतिक संरचनागत पुँजी र सामाजिक पुँजीजस्ता आर्थिक र सामाजिक विकासका लागि आवश्यक विभिन्न किसिमका पुँजीहरूको समिश्रण पाइनु स्वीडेनका लागि भाग्य नै हो ।

हालैका दशकहरूमा, मुलुकको पहिलेको स्थिर उच्च आर्थिक वृद्धि समाप्त भएको छ । स्वीडेनको कल्याणकारी राज्य ठूलो दबाबमा परेको छ । आज मुलुकका आर्थिक सुरक्षा प्रणालीहरू आर्थिक रूपमा थकित छन् र गम्भीर संरचनागत समस्याहरूसँग सङ्घर्षरत छन् । निःशङ्कोच रूपमा, स्वीडेनको अवस्था झन् जटिल बनेको छ । अझै पनि स्वीडेनको कल्याणकारी प्रणालीको मुख्य विशेषता- सबैका लागि सुनिश्चित र सबैका लागि आर्थिक रूपमा भरपर्दो सुरक्षा सञ्जाल अभ्यासमा दुरुस्तै छ ।

केहीले ७० को दशकको सुरुमै तेल-सङ्कटबाट अधोगति सुरु भएको हो भन्छन् । यो केही दक्षिणपन्थी सरकारहरू सत्तामा आएपछि देखा परेको हो, जो उच्च कर र बिस्तारै बढ्दो बेरोजगारीका कारण सत्तामा आएका थिए । ९० को दशकको सुरुतिर आएको विश्वव्यापी मन्दीले स्वीडेनलाई पनि कडा रूपमा प्रभावित गर्‍यो । खुला चलायमान पुँजी, काममा आउटसोर्सिङ् जस्ता विशेषतासहितको विश्व अर्थतन्त्र थियो । अहिले के प्रभाव पर्‍यो र जनतामा खर्च गर्नुको सट्टा बजार उन्मुख उपायहरूमा मुख्य जोड दिँदै आज स्वीडेन युरोपेली सङ्घमा छ ? कन्जर्भेटिभ सरकारहरूको पालामा तिनीहरूले कल्याणकारी प्रणालीलाई कमजोर बनाए र सामाजिक पुँजी वितरणमा

अवरोध सिर्जना गरे । तिनीहरूले व्यक्तिवादी सामाजिक सुरक्षाका उपायहरूलाई प्रोत्साहित गरे ।

केही हदसम्म सामाजिक जनवादीहरूले पनि करलाई अधिकतम बनाउनका लागि लिवरलहरूसँग सहमति कायम गर्दै रहे, जसले कालान्तरमा राज्यको खर्च कटौती गर्दै गयो । त्यसपछि सामाजिक जनवादीहरू फेरि सत्तामा आएपछि श्रम बजारलाई बढी लचिलो बनाउन र अधोपतन रोक्नका लागि केही उपायहरू अवलम्बन गरियो । उदाहरणका लागिः यदि मानिसहरू नयाँ जागिरमा जानका लागि पुनः तालिममा जान तयार भएमा उनीहरूका लागि सरकारले पूर्ण रूपमा खर्च बेहोरिदियो । जब खराब समय आयो, उद्योगहरू बन्द भए र रोजगारीहरू गुमे, त्यसबेला बलिया ट्रेड युनियनहरूले पनि ती उद्योगहरू बचाउनका लागि सरकारी उदार पुँजीको माग गरेनन् । बरु त्यसको सट्टामा सहयोगात्मक दृष्टिकोणबाट व्यक्तिका समस्याहरू समाधन गर्नका लागि समाधानका अन्य क्षेत्रहरू जस्तै- नयाँ रोजगारी सिर्जना, अस्थायी सरकारी जागिरहरू, पुनःतालिम, जागिर खोज्नका लागि नयाँ ठाउँमा जान आर्थिक सहायता जस्ता कुराहरूमा ध्यान दिए ।

नयाँ कन्जर्भेटिभ सरकार (हिउँद २००६) ले बेरोजगारी कटौतीका लागि निकै मिहिनेत गर्‍यो र यसका लागि थप कडा नियमहरू बनायो । नसोचिएको रूपमा ठूला युनियनहरूबाट एकसाता लामो विरोध प्रदर्शन भयो । एक किसिमले हेर्दा तिनीहरूले पश्चाताप महसुस गरेजस्तो देखिन्थ्यो । किनभने, तिनीहरू सामाजिक जनवादीहरूसँग निकट सम्बन्धित थिए, जसले निर्वाचन हारेका थिए । र, निर्वाचन पूर्वका वादविवादहरूमा तिनीहरूले बेरोजगारी र श्रम बजारका कडा नियमहरूका बारेमा तत्कालीन प्रतिपक्षीहरूद्वारा प्रस्तुत विषयहरूका कुनै तर्कहरू गर्न सकेका थिएनन् । त्यसैले नयाँ कन्जर्भेटिभ सरकारले जे गरिरहेको थियो, त्यो पूर्ण रूपमा उनीहरूले निर्वाचनका बेला गरेको प्रतिबद्धता अनुरूप थियो । दक्षिणपन्थीहरूले कन्जर्भेटिभ भएको 'फेसन' मा निकै चलाखीका साथ बेरोजगारीका बारेमा परम्परागत सामाजिक जनवादी तर्कहरू आफ्नो नियन्त्रणमा लिए । प्रतिवाद स्वरूप क्रान्तिकारी समाजवादीहरूबाट अघि सारिएको 'वामपन्थी हुनका लागि हिम्मत गर' भन्ने नाराले पनि काम गरेन ।

स्वीडेनको अवस्था करिब-करिब डेनमार्कको जस्तै देखियो, जहाँ करिब-करिब उस्तै कल्याणकारी प्रणाली थियो । त्यहाँ मानिसहरूलाई हटाउन सजिलो थियो । सरकारले कम रकम दिने भएका कारण युनियनलाई तिरिने बेरोजगारी भत्ता बढी थियो र योग्यतासम्बन्धी नियमहरू झन् कडा थिए । तर, यदि तपाई छानिनुभयो भने तपाइले राम्रो र दीघकालीन बेरोजगार भत्ता पाउन सक्नुहुन्छ । यो प्रणाली 'फ्लेक्सिक्युरिटी'का नाममा चिनिन्छ ।

यो सत्य हो कि स्वीडेनको ढाँचाभित्र समस्या छन् । उदाहरणका लागि- गत दशकहरूमा निजी क्षेत्रबाट इन्टर्नेटमा निकै कम रोजगारीहरू सिर्जना गरिए । ठूलो

खर्च गर्ने थोरै मात्र कम्पनीहरूले यो काम सुरु गरे । ओइसीडी भित्र रहेका अरू मुलुकको तुलनामा कूल गार्हस्थ उत्पादन र प्रतिव्यक्ति आय कम रह्यो । ५० लाख श्रम शक्तिमध्ये १० लाखले कामै गरेनन् । तर, उनीहरू पूर्व पेन्सन योजना, बेरोजगार सुविधाहरू, बिरामी बिदाजस्ता सार्वजनिक कल्याण कार्यक्रमका आधारमा लाभान्वित भइरहे । त्यसैले वादविवादका क्रममा 'बेरोजगार' र 'गैर-रोजगार' मनिसका बीच भिन्नताका बारेमा ध्यान केन्द्रित भएको छ ।

सामान्यतया स्वीडेनको कल्याणकारी प्रणाली लामो समयसम्म अक्षुण्ण रहन्छ र हामी यसलाई धान्न सक्छौं भनिन्छ । नयाँ अवस्था भनेको अप्ठेरो आर्थिक अवस्थामा नै समायोजन होइन । किनभने, स्वीडेनसँग आज धेरै बलियो अर्थतन्त्र छ । बरु, यो कन्जर्भेटिभ र सम्भ्रान्तहरू, केही बलिया मतदाता समूहहरूको इच्छासँगको समायोजन हो, जसले सामाजिक सुरक्षा प्रणालीको निजीकरण र श्रम बजारलाई आफ्नो हित अनुरूप अनियमित बनाउन माग गरिरहेका छन् । अथवा कामदार वर्गसँग बाझ्ने स्वार्थका कारण त्यसो गरिरहेका छन् ।

# "पूँजीवादको चिहान खन्नेहरू"का सीमा

- रोनाल्डो मङ्क

### मार्क्सवाद र श्रमिकहरू

श्रमजीवी वर्ग मार्क्सवादी चिन्तनको केन्द्रभागमा रहेको छ । सर्वहाराको अवधारणा वरिपरि झण्डै-झण्डै मार्क्सवादी मिथकको निर्माण भएको छ । श्रमलाई आधुनिक समाज विकासको केन्द्रभागको रुपमा हेर्ने गरिएको छ । श्रमिकहरूलाई पुँजीवादी समाजको चिहान खन्नेहरूको रुपमा लिने गरिएको छ । यो अध्यायमा मार्क्स आफैले श्रमिकहरू र मार्क्सवादी प्रणालीमा उनीहरूको भूमिका सम्बन्धमा के कस्तो कल्पना गरेका छन् भन्ने विश्लेषण गरिएको छ । साथै रुसी क्रान्तिमा श्रमिकहरूको भूमिका बारेमा पनि दृष्टि दिइएको छ । आखिर त्यो, मार्क्सवादी बाटोबाट नयाँ समाज निर्माण गर्न श्रमिकहरूको लागि पहिलो मौका थियो । राजनीतिमा श्रमजीवी वर्गको भूमिका, जस्तै 'नव श्रमिक वर्ग' आदि विभिन्न बहसहरूमा छलफल पनि गरिएको छ । यो अध्यायले केही उत्तर-मार्क्सवादी विषयलाई समेटेको छ, जसले श्रमजीवी वर्गसम्बन्धी परम्परागत मार्क्सवादी विचारमा पुनर्दृष्टि दिएको छ ।

### मार्क्सको मिथक

मार्क्सको लागि सर्वहारा, पुँजीवादभित्र रहेको वर्ग हो, जसलाई आफ्नो साङ्लो बाहेक गुमाउनु पर्ने केही छैन । श्रमिकहरूको यो वर्ग 'काम नपाउञ्जेलसम्मका लागि बाँच्छ र ... त्यस हदसम्म मात्र काम पाउँछ जतिञ्जेल उनीहरूको श्रमले पुँजीको वृद्धि गर्छ' (१९७३:७३) । यो सर्वहाराको सिर्जना औद्योगिक क्रान्तिद्वारा भएको हो र यो युगका औद्योगिकृत सहरहरूमा यसको भीड लाग्ने गरेको छ । अस्तित्वको संकटले उनीहरूलाई नरोकिने गरी 'सामूहिकता' र त्यसपछि हडताल तथा विद्रोहतर्फ डोऱ्याएको छ । जबकि, उनीहरूसँग हैसियत, सम्पत्ति केही छैन, तैपनि उनीहरू बुर्जुवा वा पुँजीपति वर्गविरुद्ध नयाँ विश्वव्यवस्थाका बाहकहरू हुन् । छोटकरीमा, मार्क्सको लागि सर्वहारा इतिहासमै नयाँ विश्वव्यापी वर्ग हुनेवाला थियो । नयाँ पुँजीवादी समाजको मुटुमा नै उनीहरूको उपस्थिति यसको घातक अन्तर्विरोध थियो । यो नयाँ वर्गले, जसको पुर्ख्यौली रोमन दास र त्यसभन्दा परको थियो, आफूभित्र उत्पादनको नयाँ सहकारी तरिकालाई बहन गरेको छ र नयाँ वर्गहीन समाजको पूर्वानुमान गरेको छ, जुन मार्क्सले साम्यवाद भनेका छन् ।

'कम्युनिस्ट घोषणापत्र' मा सर्वहाराको गाथालाई काव्यात्मक रुपमा बखान गरिएको छः 'आज बुर्जुवासामु उभिने सबै वर्गमध्ये, सर्वहारा नै क्रान्तिकारी वर्ग हो। अन्य वर्गहरू खिइसकेका छन् र आधुनिक उद्योगको परिप्रेक्ष्यमा अन्ततः बिलाउने छन्, सर्वहारा भने यसको विशेष र आवश्यक उत्पादन हो' (मार्क्स, १९७३:७७) । वर्गको रुपमा सर्वहाराको सङ्गठन र 'फलतः' राजनीतिक पार्टीको रुपमा यसको परिवर्तनमा चाहिँ श्रमिकहरू बीचकै प्रतिस्पर्धाले बाधा दिएको छ : 'तर, यो सधैं बलियो, दृढ र शक्तिशालीहरू विरुद्ध उठेको छ (उही: ७६) । यसैकारण 'असंगत जमात सम्पूर्ण मुलुकभरि छरियो (उही : ७५) र प्रबल व्यवस्था विरुद्ध संगठित र सङ्घर्षशील हुन थाल्यो। पुँजीको विस्तारको लागि ज्यालादारी श्रमको आवश्यकता पर्छ। यी श्रमिकहरू माझको प्रतिस्पर्धाले सामूहिकतालाई रोक्छ। बिस्तारै यो स्थितिबाट पार पाइन्छ र ठूला उद्योगहरूले ज्याला श्रमिकहरू माझको सम्पर्कलाई प्रवर्धन गर्छन्। आधुनिक उद्योगको विकासले आफ्नै विनासको बीउ रोपेको छ। 'घोषणापत्र' को प्रसिद्ध कथन यस्तो छ : 'बुर्जुवाहरूले जे जस्तो उत्पादन गर्छन् त्यसभित्र आफ्नै चिहान खन्नेहरू पनि पर्छन्। यसको पतन र सर्वहाराको विजय वा दुवै अपरिहार्य छन्' (उही : ७९)

यो संक्रमणको राजनीतिक प्रतिनिधि एउटा राजनीतिक पार्टी, तर खास प्रकारको पार्टी नै हुन्छ। मार्क्सको लागि, 'कम्युनिस्टहरू अन्य श्रमिकवर्गीय पार्टीहरू विरुद्ध छुट्टै पार्टी गठन गर्दैनन्। उनीहरूको समग्र सर्वहाराको भन्दा छुट्टै स्वार्थ हुँदैन' (१९७३ :७९) । कम्युनिस्टहरू कुनै बेला अँध्यारो मात्र छाएको ठाउँमा उज्यालो भित्र्याउने प्रबुद्ध बुद्धिजीवी होइनन् । उनीहरू त 'विद्यमान वर्गसङ्घर्षबाट र हाम्रै आँखा सामुन्ने जारी ऐतिहासिक आन्दोलनबाट सिर्जित वास्तविक सम्बन्धलाई व्यक्त मात्र गर्छन्' (उही : ८०) । उनीहरू सर्वहारालाई वर्गको रुपमा रचना गर्न र बुर्जुवा व्यवस्थालाई फ्याँक्न चाहन्छन्। तर, मार्क्सको स्थिर भनाइ यो थियो कि : 'श्रमजीवी वर्गको मुक्ति श्रमजीवी वर्ग आफैंको काम हुनुपर्छ।' जब बुर्जुवा सर्वोच्चतामाथि विजय हासिल हुन्छ र सर्वहारा नै शासकवर्ग बन्छन् तब प्रजातन्त्रको लागि भएको लडाइ जितिन्छ। वर्गीय शक्तिलाई सर्वहाराले वर्गीय वैमनस्यको विद्यमान अवस्थालाई बढार्न प्रयोग गर्नेछ। मार्क्सको अर्को प्रसिद्ध कथन छ : 'वर्गहरू र द्वन्द्व रहेको पुरानो बुर्जुवा समाजको साटो अर्कै समाज हुनुपर्छ जसमा प्रत्येकको स्वतन्त्र विकास सबैको स्वतन्त्र विकासमा नै हुनुपर्छ' (उही : ८७) ।

अब हामी विचार गरौं, मार्क्सको लागि यो सर्वहारा वर्गमा को पर्छन् त? एकहदसम्म, सिधा भन्दा जो बाँच्नको लागि काम गर्छन् । फ्रान्ससम्बन्धी आफ्नो रचनामा मार्क्सले थपेका छन् - कारखानाका ती औद्योगिक श्रमजीवी वर्गसँगै तयारी पोशाक श्रमिक र निर्माण श्रमिकहरू, जो औद्योगिक सर्वहारा वर्गको सङ्घर्षको समर्थन गर्छन् । तथापि, यो नयाँ विश्वव्यापी मुक्तिदाता वर्गको परिभाषामा उनले तिनलाई समावेश गरेका छैनन्, जसलाई उनी 'अल्छी सर्वहारा' भन्छन् । 'घोषणापत्र' मा मार्क्सले 'खतरनाक वर्ग'को उल्लेख गरेका छन् जो सामाजिक विकार हुन्, जो पुरानो

समाजको तल्लो तहद्वारा फ्याँकिएका निस्क्रिय सडेगलेका जमात हुन् ... जसको जीवनावस्था प्रतिक्रियावादी दाउपेचमा घुसको औजार बन्न तयार रहन्छ ।' (मार्क्स, १९७३ : ७७) । पछिका आफ्ना रचनामा मार्क्सले उत्पादनशील र अनुत्पादनशील श्रमिक बीचको भेदलाई छुट्याएका छन् र पछिल्लोलाई सर्वहाराको हिस्साको रुपमा समेत लिएका छैनन् । यहाँ भन्न खोजिएको कुरा के हो भने, मार्क्सले वर्ग सम्बद्धताको लागि र वर्गीय गतिविधिको भविष्यवक्ताको रुपमा तथाकथित 'वस्तुगत' मापदण्ड छुट्याउने परम्परा सुरु गरे ।

वर्गको वस्तुवादी मार्क्सवादी परिभाषालाई जी.ए.कोहेनले संवर्धन गरेका छन् । उनैको शब्दमा : 'व्यक्तिको वर्ग अरु केही कुराले होइन, स्वामित्वको सम्बन्धको सञ्जालमा रहेको उसको वस्तुगत स्थानद्वारा स्थापित हुन्छ, यस्तो स्थानको प्रस्ट पहिचान गर्न कठिन नै किन नहोस्' (कोहेन, १९७८ : ७३) । मार्क्सवादको यो कट्टर परम्परामा वर्ग स्थितिको परिभाषा गर्नमा संस्कृति, राजनीति र सचेतनाको कुनै साइनो छैन । यो, वर्गको संरचनागत धारणा हो, जुन इ.पी. थम्पसनको श्रमजीवी वर्गको कारवाहीमा उत्रने अवधारणा विरुद्ध छ । श्रमजीवी वर्गको वस्तुवादी र अन्तर्निहित अर्थशास्त्रीय परिभाषा विरुद्ध थम्पसन तर्क गर्छन् कि, मार्क्सको मतलब यो थिएन । बरु, उनले भनेका थिए - 'साझा अनुभवको परिणामस्वरुप जब केही मानिस आफू बीच आफ्ना स्वार्थहरू तथा आफ्ना स्वार्थहरूभन्दा भिन्न अरुका स्वार्थ विरुद्धको पहिचान स्पष्टसँग महसुस गर्छन् तब वर्गको कुरा चरितार्थ हुन्छ' (उही : ९) । यी दुवै व्याख्या - संरचनात्मक र कारवाही वा अनुभव आधारित - लाई मार्क्सका रचनामा पाउन सकिन्छ ।

मार्क्सवादी परम्परामा मार्क्सवादी राजनीतिक योजनाको लागि श्रमिक वर्ग कत्तिको केन्द्रभागमा रहेको छ भन्ने कुरा स्पष्ट छ । एलेन मिस्किन्स उडले हालैका वर्षहरूमा 'वर्गबाट पछि हट्ने' प्रयासमा संलग्न सबैको खण्डन गर्न कट्टरताको जोरदार वकालत दोहोऱ्याएको छ । उनी लेख्छिन् : 'श्रमजीवी सम्भाव्य रुपमा क्रान्तिकारी वर्ग रहेको भन्ने प्रस्ताव कुनै अवास्तविक निष्कर्ष होइन । बरु, यो भौतिकवादी सिद्धान्तको विस्तार हो, जसले उत्पादनको केन्द्रीयता तथा मानवको सामाजिक जीवनमा शोषणको परिप्रेक्ष्य पेस गर्छ' (१९८१ : १४) । पुँजीवादभित्र श्रमजीवी वर्गले नै अत्यन्त 'प्रत्यक्ष' रुपको पीडा भोग्छन् र यसमा नै पुँजीवादलाई फ्याँक्ने अत्यन्त प्रत्यक्ष 'वस्तुगत' स्वार्थ तथा सामर्थ्य रहेको हुन्छ । पुँजीवादी यन्त्रको मुटुमा रहेको सर्वहारालाई यसको मुक्तिदायी संक्रमणको प्रमुख चालकको रुपमा हेर्ने गरिन्छ ।

मार्क्स आफैमा हामी धेरै हदसम्म श्रमजीवी वर्गको केन्द्रीयताको दार्शनिक वर्णन वा औचित्यीकरण भएको पाउँछौं । 'जर्मन आइडियोलोजी' मा बुर्जुवा समाज आफ्नै युक्तिको विकास मार्फत विस्थापित भइरहेको दृश्य हामी देख्छौं । उत्पादक शक्तिको सर्वव्यापी विकासले उत्तर-पुँजीवादी समाजमा संक्रमणको माग गरेको भान

पर्छ । विनिमयको सर्वव्यापीकरण, सामान उत्पादनको सामान्यीकरण र नयाँ सर्वव्यापी वर्गको रुपमा सर्वहारा आपसमा सम्बन्धित कुरा हुन् ।

सर्वहाराको उदयसँगै, श्रम विभाजनको पराकाष्ठाको रुपमा बुर्जुवा समाजभित्र साम्यवाद प्रवेश भयो । बालिवारले अवलोकन गरे झैं : “सर्वव्यापी वर्ग” को रुपमा सर्वहाराको थिसिसले मार्क्सलाई वर्तमानमा साम्यवादी क्रान्तिको सम्भावनालाई हेर्ने अनुमति दियो (१९९५ : ४०) ।

यो चरणमा वास्तविक मजदुर आन्दोलन, जस्तो कि बिलायतको चार्टिस्ट आन्दोलनबारे मार्क्सको विश्लेषणलाई नियाल्नु उपयोगी हुन सक्छ । मार्क्सको लागि, बिलायतको औद्योगिक क्रान्तिको उत्साही पुँजीवादले गतिशील र आमूल परिवर्तनकारी श्रमिक आन्दोलनलाई पैदा गर्नु नै थियो । १८३८ को जनबडापत्रले पुरुषका लागि सार्वलौकिक मताधिकार र अन्य लोकतान्त्रिक सुधारसँगै छोटो कार्य दिवसको माग गरेको थियो । एंगेल्सले त यो बडापत्रलाई प्रस्तावित ‘सर्वहाराको कानुन’ भनेर औंल्याएका थिए, जसले मध्यम वर्गको कानुनलाई विस्थापन गर्नेछ । मार्क्सको लागि, अलान गिल्वर्टले भने झैं, चार्टिज्मको भावमा थियो - युनियनीकरण, छोटो कार्य हप्ताको लागि कानुनको व्यवस्था तथा मतको लागि लड्न र अन्ततः समाजवादी क्रान्तिमा पुग्न एउटा आमूल परिवर्तनकारी पार्टीको गठन - यो थियो श्रमिक आन्दोलनको लागि नयाँ रणनीति’ (१९८१ : ५२ ) । यस प्रकारको व्याख्यालाई इ.पी. थम्पसनले आफ्नो किताब ‘द मेकिङ अफ द इङ्लिस वर्किङ क्लास’ मा पछ्याएझैं अन्य मार्क्सवादी व्याख्याहरूले पछ्याएका थिए । थम्पसनले चार्टिज्मको निर्माणमा ‘सामाजिक अस्तित्व’ र ‘सामाजिक चेतना’ बीचको प्रत्यक्ष कडीलाई तथ्यको रुपमा पेस गरेका थिए ।

चार्टिज्मलाई हालका स्टेडम्यान जोन्सजस्ता अध्येताहरूले मार्क्सवादी परम्परासँग विच्छेद गरेर श्रमिक तथा राजनीति बीचको सम्बन्धलाई नयाँ ढङ्गबाट हेर्न हामीलाई मद्दत पुऱ्याएका छन् । बेरोजगारी र गरिबीलाई असन्तुष्टिको कारण बनाउने र अर्कोतर्फ चार्टिस्ट संवादमा वर्ग द्वन्द्वको लागि प्रमाण बनाउने एंगेल्स तथा अरुप्रति जोन्स आलोचक छन् । उनका अनुसार ‘जुनरुपमा यी दुई प्रकारका प्रमाणलाई जोडिएको छ त्यो संदिग्ध छ’ । (स्टेडम्यान जोन्स, १९८३:१९) । श्रमिकहरूको असन्तुष्टि र चार्टिज्मको राजनीतिक आन्दोलन बीचको तारतम्य ‘अनुभव’ वा ‘सचेतना’ को सामान्य शब्दावलीमा आधारित हुन सक्दैन । स्टेडम्यान जोन्सले यो तर्क गरेका छन्. कि ‘सचेतना (वा विचारधारा) ले राजनीतिको उत्पादन गर्ने नभएर राजनीतिले सचेतना पैदा गर्दछ (उही : १९) । यसको अर्थ चार्टिज्मको भाषामा नयाँ जोड दिनु हो ।

निष्कर्षमा भन्न सकिन्छ, मार्क्सले सर्वव्यापी ऐतिहासिक नागरिक तथा नयाँ सहकारी र अन्ततः वर्गहीन सामाजिक व्यवस्थाको अगुवाको रुपमा सर्वहाराको सिर्जना गरे । ‘दृष्टिकोणको कुरा’ मा मार्क्स महान थिए तर ‘तथ्यपूर्ण कुरा’ मा कमजोर थिए । श्रमिकहरूको बारेमा निर्धारणवादी, संरचनावादी र अर्थशास्त्रीय तरिकाको सोचमा निश्चित रुपमा ढल्के पनि उनले श्रमिकहरूको आफ्नै गतिविधिमा समेत

जोर दिए । साम्यवादी राजनीतिसम्बन्धी मार्क्सको अवधारणा विलकुल समष्टिपूर्ण पनि छ । श्रमजीवी वर्गको सिर्जनात्मकता र सांगठानिक क्षमतामा उनको जुन जोर छ त्यसले १५० भन्दा बढी वर्षसम्म श्रम अधिकारहरूलाई प्रेरित गरेको छ । तापनि, मार्क्सका कठमुल्लावादी अनुयायीहरू उनको रचनाको आत्मिक पक्षमा जोर दिन्छन् र नयाँ सामाजिक तथा राजनीतिक यथार्थलाई निषेध गर्छन् । यद्यपि, मार्क्सका सोभियत अनुयायीहरूले अगाडि बढेर नयाँ अङ्ग अर्थात् पार्टीको सिर्जना गरे, जुन समूहको गतिविधिलाई विस्थापन गरेर मार्क्सवादी पण्डितहरू माझ सत्य र भूलको निर्णयकर्ता बन्यो ।

**लेनिन, सोभियत र श्रमिकहरू**

१८९० को दशकको मध्यमा, प्रारम्भिक अवस्थामा रहेको रुसी श्रमिक आन्दोलन मार्क्सवादको सम्पर्कमा आएको थियो । रुसमा औद्योगिक पुँजीवाद र मार्क्सवाद सँगसँगै भित्रिएका थिए । यो खास अवस्थामा, ओस्कार एनवेलरले वर्णन गरेझैं 'नवजात रुसी श्रमिक आन्दोलन मार्क्सवादी बौद्धिक समुदायको पूर्ण वशमा रह्यो, जसले सर्वहारालाई यसको आफ्नो मुक्तिको क्रान्तिकारी योजनामा मुक्तिदाताको भूमिका सुम्प्यो (१९७४:२७-८) त्यसैले, अपेक्षा विपरीत, जर्मनीमा नभएर रुसमा मार्क्सवादी-प्रेरित श्रमिक आन्दोलनले क्रान्तिकारी उथलपुथलमा प्रमुख भूमिका निर्वाह गऱ्यो । १९०५ को सोभियत देखि १९१७ को प्रजातान्त्रिक तथा समाजवादी क्रान्तिसम्म यो आन्दोलनले नै प्रमुख भूमिका निर्वाह गर्नेवाला थियो । रुसमा पुँजीवादको नमिलेको विकास र प्रथम विश्वयुद्धको उत्पादनको रुपमा यो क्रान्ति 'श्रमिकहरूको राज्य' को उत्तम उदाहरण बन्न पुग्यो । तर, सारांशमा, यो नाटकीय र अन्त्य भएको सामाजिक प्रयोगमा श्रमिकहरूको नियती के रह्यो त ?

जब फेब्रुअरी १९१७ मा जारको सरकार ढल्यो, कारखानाका मजदुरहरू कार्यवाहीमा उत्रिए । सबै प्रकारका उत्पीडन समाप्त हुने अवास्तविक धारणा छायो । स्वच्छन्द साम्यवाद र स्वच्छन्द ट्रेड यूनियनवादले सजिलै अनुकूलतापूर्वक कट्टर मेन्सेभिक र बोल्शेभिक समेतको अझ बढी स्थिर मार्क्सवादसँग प्रतिस्पर्धा गरे । कारखानाका कमिटीहरूले कारखानाको नियन्त्रण हातमा लिएर नयाँ र अर्ध-स्वचालित आन्दोलनलाई श्रमिकहरूको नियन्त्रणमा पुऱ्याए । आर्थिक अस्तव्यस्तता हुनु र योजना तुहिनुले श्रमिक समूहको बढ्दो उग्रतालाई झन तिखारेर कट्टर मार्क्सवादीहरूले उत्पादनमाथि राज्यको नियन्त्रणमा जोड दिइरहेको बेला कारखानाका श्रमिकहरू भने प्रत्यक्ष नियन्त्रण र स्व-हैकमको माग गरिरहेका थिए । बिना आशंका भन्न सकिन्छ कि, यो स्थिति अन्योलग्रस्त, अपूर्ण आन्दोलन थियो, जसले नयाँ अर्ध-प्रजातान्त्रिक राष्ट्र-राज्यको आर्थिक यथार्थहरूलाई सम्बोधन गरेन । तापनि, यसले केही निर्णायक वर्षसम्म 'श्रमिकहरूको नियन्त्रण' को नारालाई अनिच्छापूर्वक समर्थन गर्न बोल्शेभिकहरूलाई बाध्य बनायो ।

सोभियतहरू खासगरी नयाँ व्यवस्थामा शासनको लागि श्रमिक र सिपाहीहरूलाई पुनर्गठित र संलग्न गराइरहेका थिए । यस क्षेत्रमा पेत्रोगाद सोभियत अग्रणी थियो, जो श्रमिक तथा सिपाहीहरूको गतिशील, अर्ध-स्थायी सभाको रुपमा काम गर्दै थियो । यो अस्तव्यस्त सभाका मार्क्सवादी सहभागीहरूलाई १८७१ को पेरिस कम्युनको सम्झनाले हुँडेलेकोमा शंका थिएन । क्रमिकरुपमा सुव्यवस्था स्थापित गरियो, प्रतिनिधित्वलाई नियमित बनाइयो र कमिटीहरूले नियमित कार्य गर्न थाले । केही महिनाभित्रै, कार्यकारी कमिटीको एउटा सानो ब्युरो बनाइयो, जससँग 'आपत्कालीन' राजनीतिक निर्णय लिने अधिकार थियो । एनवेलरले लेखेझैं, 'पेत्रोगाद सोभियत यसरी अस्थायी क्रान्तिकारी अङ्गबाट सुव्यवस्थित प्रशासनिक यन्त्रको रुपमा फेरियो' (उही : १०८) । यो आवश्यक थियो र यसलाई कर्मचारीतन्त्रको कुनै 'फलामे कानुन' अन्तर्गत राखिनु पनि हुँदैनथ्यो, तर यसले आफूलाई श्रमिक जनताका निकायहरूबाट समेत अलग्याउँदै गयो ।

सोभियत सङ्गठनहरूको तीब्र चाहना र श्रमिकहरूको नियन्त्रणको लागि भएको आन्दोलनले रुसको मार्क्सवादी आन्दोलन भित्र उग्रविवादलाई निम्त्यायो । लेनिन, निर्विवादरुपमा यो आन्दोलनको बौद्धिक नेता थिए, तर १९१७ मा श्रमिकहरूको स्व-व्यवस्थापन सम्बन्धमा उनमा वास्तविक अवधारणा थिएन । श्रमिकहरूको तल्लो तहमा गतिविधि पैदा गर्न उनी उत्सुक भएपनि स्व-व्यवस्थापनको सम्बन्धमा उनमा सीमित ठम्याइ थियो । लेनिनको लागि समाजवाद उत्पादनको साधनमाथि श्रमिकहरूको नियन्त्रण मार्फत नभएर बोल्सेभिक पार्टी मार्फत राज्यमा श्रमिकहरूको नियन्त्रणद्वारा आउनेवाला थियो । १९१९ सम्ममा, श्रमिकहरूको नियन्त्रणको लागि भर्खर सुरु भएको आन्दोलनलाई उद्योगको केन्द्रीकृत प्रशासन र सम्पूर्ण रुपमा परिवेष्ठित राष्ट्रियकरणले निर्णायक रुपमा विस्थापित गरेको थियो । र, १९१८ मा लेनिनले आफ्नो 'थीसिस अन इमेडिएट टास्क अफ द सोभियत गभर्नमेन्ट' मा यस्तो आव्हान गरेका थिए: 'सोभियत निर्देशकहरूको निकायमा हुने एक व्यक्तिको निर्देशनप्रति कामको समयमा आज्ञाकारिता', प्रश्नहीन आज्ञाकारिता' (लेनिन, १९७० : ६८०) । पीसवर्क टेलरवाद र परिणामको आधारमा भुक्तानी नै नयाँ सोभियत तरिका थियो र यसप्रतिको कुनै पनि विरोध लेनिनको लागि 'पेट्टी बुर्जुवा अराजकताको प्रभावको असर' मात्र थियो ।

यसरी कल्पित संसारबाट कामधन्दामा फर्कंदा स्वाभाविक लाभग्राही ट्रेड यूनियनहरू नै हुन्थे । १९१९ सम्ममा, रुसी ट्रेड यूनियनहरूले उद्योग सञ्चालनको लागि सरकारी संयन्त्रसँग गाभिन आफ्नो क्षेत्रलाई फराकिलो बनाए । रवर्ट डेनिल्सले भने झैं, तथापि 'युनियनको प्रशासनिक अधिकारको विपरीत पक्ष श्रम अनुशासन र उत्पादकत्व कायम राख्ने र हड्ताल गर्नु साटो त्यसलाई रोकथाम गर्ने जिम्मेवारी नै थियो (१९६९:१२०) श्रमिकहरूको नियन्त्रणको भाषाले 'दक्षता'को भाषा र टेलरवादी श्रम प्रकियाको लागि ठाउँ छोड्दै थियो । कामदार जनता माझ ट्रेड यूनियनहरू, 'श्रमिक वर्गको पार्टीको लागि 'ट्रान्समिसन वेल्ट' बन्दै थिए । मानौ, यो नयाँ श्रमअनुशासन

पर्याप्त नभए झैं गरी ट्रटस्कीले १९२० मा श्रमको पूर्ण सैनिकीकरणको वकालत गर्दै भनेका थिए :

हामी गम्भीरताका साथ योजनाबद्ध अर्थतन्त्रको कुरा गर्छौं भने, जसले केन्द्रबाट उद्देश्यमा एकता हासिल गर्नुपर्ने हुन्छ, जब आर्थिक योजना अनुरुप श्रमशक्तिलाई काम सुपिन्छ......कामदार जनता रुसभरि भौतारिन सक्दैनन् । उनीहरूलाई विभिन्न ठाउँमा सिपाहीलाई जस्तै राख्नुपर्छ, नियुक्त गर्नुपर्छ, आदेश दिनुपर्छ, (डेनियल्स, १९६९:१२१ मा उद्धृत) ।

यो अभूतपूर्व आक्रमणको पक्ष बनेको श्रमजीवी वर्ग, जुन नयाँ व्यवस्थाको अगुवा वर्ग बन्ने अनुमान थियो, यी सम्पूर्ण बहस र विवादहरूको बेला सोत्र्याम पर्दै गयो । प्रथम विश्वयुद्ध पश्चात रुसलाई १९१८-१९२१को साम्राज्यवादी हस्तक्षेपसँगै बोल्सेभिक तथा उनीहरूका बैरी बीचको गृहयुद्धले पछ्यायो । १९१७ मा ३० लाखको सङ्ख्यामा रहेको औद्योगिक श्रमिक १९१८ मा २५ लाख, १९२० मा १५ लाख हुँदै अन्तत : १९२१मा १२ लाख ५० हजारमा झर्न पुग्यो (फुरेदी, १९८६: १६) । यसबाट के निश्चित छ भने, श्रमिकहरूको प्रजातन्त्रतर्फ डोऱ्याउने पृष्ठभागमा रहेको सामाजिक शक्ति गम्भीर रुपमा विखण्डनको खतरामा थियो । एकताका कम्पनशील रुपमा रहेको श्रम आन्दोलन १९२० को दशकभरि बढ्दो बेरोजगार र राजनीतिक जीवनबाट बञ्चित हुनु पर्दा मार खेपिरहेको थियो । १९३० को दशकमा पुग्दा वर्गको रुपमा सुसंगत र सामूहिकरुपमा कुनै पनि काम गर्ने सोभियत श्रमिकको क्षमतालाई चकनाचुर पारिएको थियो ।

१९१७ मा असामयिकरुपमा घोषित 'श्रमिकहरूको राज्य' 'गिर्नु' का धेरै कथाहरू छन् । महत्वपूर्ण रुपमा उल्लेख गर्नु पर्ने कुरा यो तथाकथित श्रमिकहरूको राज्यमा यसका नेताहरूले श्रमिकहरूलाई गौण भूमिका प्रदान गर्नु नै हो । दोस्रो तथा तेस्रो अन्तर्राष्ट्रियले केही मात्रामा हिस्सेदारी गरेको प्रबल मार्क्सवादी संवाद उत्पादकत्ववादी थियो । राजनीतिक शक्ति कब्जामा लिनु र सचेत योजना बनाउनु आफैमा पर्याप्त नौलो थालनी थियो । कार्मेसरियान्नीले लेखे झैं : 'दूरस्त भविष्यको लागि लेनिनले स्व-व्यवस्थापनको सवाललाई स्थगित गरे, किनकि, त्यस समयमा सम्पूर्ण जनता आर्थिक प्रशासनको काममा पूर्ण शिक्षित हुने थिए' (१९८२ : २६०) यस बीचमा, मार्क्सको अपरिपक्व विकासवादी रचना अनुसार उत्पादक शक्तिहरूको विकासले उत्पादन सम्बन्धको रुपान्तरण माथि श्रेष्ठता हासिल गर्नेछ । लेनिनले कार्यथलोलाई त्यो थलोको रुपमा चिताएका थिए जहाँ वस्तुहरूको उत्पादन हुन्छ र त्यो थलो रुपान्तरणसम्बन्धी मार्क्सको मौलिक विचारको केन्द्रमा रहेको द्वन्द्वग्रस्त सामाजिक सम्बन्धको थलो थिएन ।

यो रुसी क्रान्तिको वास्तविकता प्रतिकूल असभ्य व्याख्याको सवाल होइन जसबाट साम्यवादको सौहार्द विकासबाट सम्पूर्ण रगत र द्वन्द्वलाई टार्न सकियोस् । एस.ए.स्मिथको लागि, १९१८ मा बोल्सेभिकहरू 'क्रूर द्विविधा'को सामना गरिरहेका थिए

: उनीहरू प्रजातान्त्रिक समाजवादको सिर्जना गर्न दृढ थिए तर प्रजातान्त्रिक उत्पादक शक्तिहरूको पुनर्संरचना, खासगरी श्रम अनुशासनलाई पुनर्जीवित गर्नु थियो (१९८३. २६४) । तथापि, समस्या गहिरिदै थियो । एकदलीय शासन तथाकथित 'सर्वहाराको अधिनायकत्व' र यसको स्वगतिविधि प्रतिस्थापनवाद कठिन र अनिश्चित छनोट थियो । पुँजीवादी श्रम प्रक्रिया, श्रम अनुशासन र अति श्रमको ग्रहण छोटो अवधिको लागि श्रमजीवी वर्गको लागि भएपनि लेनिन लगायतका बोट्शेभिक सिद्धान्तकारहरूले दीर्घकालीन रुपमा समाजवादको निर्माणको लागि अमिल्दो थियो भन्नेमा थोरै मात्र हेक्का राखे । तब प्रश्न उठ्छ- के अन्य मार्क्सवादी धाराहरूमा यी विषयमा राम्रो बुझाइ थियो त? नवजात सोभियत राज्यमा विभिन्न विरोधी धाराहरू थिए । 'कम्युनिस्ट नेता. भी ओसिन्सकीले लेनिनलाई पत्रिका 'कम्युनिस्ट'मा मार्क्सको बिर्सिएको मत सम्झाएका थिए, जसमा भनिएको थियो :, 'श्रमजीवी वर्गको मुक्तिको काम श्रमजीवी वर्ग आफैको हुनुपर्छ ।' आफ्ना चाख लाग्दा लेख श्रृङ्खलाहरूमा ओसिन्सकीले सबै मार्क्सवादीहरू परिचित भएका केही आधारभूत सत्यको उच्चारण गरेका थिए । जस्तो कि : राष्ट्रियकरण र समाजवाद समान कुरा होइनन् । प्रजातान्त्रिक, श्रमिक नियन्त्रण बिनाको परिणाम कर्मचारीतन्त्रीय केन्द्रीकरण मात्र हुन पुग्छ । र, 'समाजवाद तथा समाजवादी सङ्गठनको निर्माण गर्ने काम सर्वहारा आफैको हुनुपर्छ, अन्यथा निर्माणै नभए हुन्छ । (सिरियान्नी, १९८२, १४९ मा उद्धृत । ओसिन्स्कीको बुझाइ थियो कि पुँजीवादी श्रमप्रकियाको सारको रुपमा रहेको टेलरवादले श्रमजीवी वर्गको ऐक्यबद्धताको संहार गर्ने छ । समाजवादी राज्यको भौतिक आधारलाई सुरक्षित गर्न श्रम उत्पादकत्व वृद्धि गर्नु आवश्यक छ । तर, उनले श्रमउत्पादकत्व तथा श्रम तीव्रताबीच अन्योल उत्पन्न गराएको आरोप लेनिनलाई लगाए । लेनिनले यस सबन्धमा जवाफ दिएनन् ।

व्यापक परिप्रेक्ष भित्र रहेर हामी यस अवधिको वैकल्पिक मार्क्सवादी परम्परालाई औल्याउन सक्छौं जसको श्रमिकहरूको स्व-गतिविधिप्रति एकदमै सकारात्मक भाव रहेको थियो । रोजा लक्जेम्वर्ग, एन्टोन पनेकोक र अन्टोनियो ग्राम्स्सीले यसलाई 'पुँजी विरुद्धको कान्ति' भनेका थिए । (ग्राम्स्सी, १९७७) । ग्राम्स्सीको यो भनाइको तात्पर्य यो थियो कि, व्यवहारमा रुसी जनताले मार्क्सको 'पुँजी'मा उल्लेखित प्रबल विकासवादी रचनाको अवज्ञा गरेर कान्ति सम्पन्न गरेका थिए । प्रथम विश्व युद्धपछिको अवधिमा विभिन्न युरोपेली मुलुकहरूमा कारखाना कमिटीहरूको अचानक वृद्धि भयो, जसले खासरुपमा 'परिषदवादी' दृष्टिकोणतर्फ डोऱ्यायो । कार्मेन सिरियान्नीले तर्क गरे झैं : कारखाना परिषद नयाँ चेतनाको सिर्जनाको लागि भौतिक तथा संगठानिक आधार बन्ने छ र श्रमिकहरूलाई प्राविधिक र उच्चस्तरको मानसिक गुणका साथ बुर्जुवा विनाको समाज सञ्चालन गर्न तयार पार्ने छ' (१९८२ : ३३८) । यो कुराले मूर्तता नपाएपनि आज पनि यो डुबेको कम्युनिस्ट परम्पराको महत्व कम भएको छैन ।

**श्रमजीवी वर्ग कहाँ छ?**

पहिलो श्रमिक राज्य गिरेर गैर पुँजीवादी, तर मुश्किलैले समाजवादी प्रकृतिको राज्यको रुपमा रहेपछि कट्टर मार्क्सवादीहरू आधारभूत सिद्धान्तहरूको पुनर्पुष्टिका लागि मेहनतसाथ जुटे । तेस्रो वा कम्युनिस्ट अन्तरराष्ट्रियले यो सर्वहारा मसिहावादलाई मार्क्सवादी अर्थमा सर्वहाराको अस्तित्व नै नभएको स्थान लगायत विश्वका विभिन्न भागमा फैलायो । मार्क्सवादी-लेनिनवादी प्रणालीमा सर्वहारा नै मुख्य पात्रको रुपमा अझै पनि देखिएजस्तो थियो । मुक्तिको मार्ग अझै पनि देखिएजस्तो थियो । मुक्तिको मार्ग अझै पनि श्रमजीवी वर्ग र 'सर्वहाराको अधिनायकत्व' मार्फत पसारिएको थियो । सिद्धान्तलाई केही हदसम्म लाइनमा राख्न जेलिएको र चतुर योजनाको प्रयास पनि धेरै भएका थिए । क्रान्तिकारी गठबन्धन नयाँ प्रकारको क्रान्ति र उत्तर - क्रान्तिकारी राज्यका प्रकृति सम्बन्धमा भरपूररुपमा नयाँ तर्जुमा देखा परे । यस्ता परम्परागत सुक्ष्मताहरूमा, १९८९ मा वास्तविकरुपमा विद्यमान समाजवाद' नढलेसम्म भयङ्कर बहस, वैचारिक फूट र साँच्चिकै लडाइ भए ।

महत्वपूर्णरुपमा लिइएको एउटा विषय क्रान्तिमा श्रमजीवी वर्गको सहभागिता हो । जे भएपनि, समाजवादी क्रन्तिको एउटा प्रतिनिधि सर्वहाराको उपस्थिति कहीं कतै नभएको भए क्रान्ति नगिच पुग्ने थिएन । यसै कारण, जेम्स पेत्रासले बीसौं शताब्दीका प्रमुख क्रान्तिबारे समाजशास्त्रीय सर्वेक्षण गरे, तिनको श्रमजीवीवर्गीय तत्वको खोजी गरे र यो निष्कर्षमा पुगे कि : 'यी सबै मामिलामा क्रान्तिको समाजवादी चरित्र थियो । किनभने, श्रमजीवी वर्गका संर्घषहरूले क्रान्तिकारी सङ्गठनका विचार र अभ्यासलाई गम्भीररुपमा प्रभावित गरेका थिए' (१९७८: ४०) । रुसबाट चीन र भिएतनाम हुँदै क्युवासम्म पेत्रासले सर्वहारा प्रतिनिधिहरू यी क्रान्तिका ऐतिहासिक अध्ययनको प्रमाणविरुद्ध काममा लागिरहेको पत्ता लगाए । जब ती प्रमाण ज्यादा अकाट्य हुन्थे, तब पेत्रास पछाडि फर्केर वास्तविक सर्वहाराको स्वार्थको प्रतिनिधित्व गर्ने सर्वहारावादी पार्टीको अध्ययनमा पुग्थे । समाजवादी क्रान्तिमा श्रमजीवी वर्गको समस्या 'जटिल र द्वन्द्वात्मक' छ (उही : ५७) ।

कट्टर मार्क्सवादी संयन्त्र यसकारण थामिएको छ कि, यसले श्रमजीवी वर्ग र क्रान्तिको सम्बन्धमा केही अलौकिक विचारको विकास गरेको छ । उदाहारणको लागि, पेत्रासको तर्क छ : हामीले सोचिरहेको क्रान्तिको विकासमा श्रमजीवी वर्गको रणनीतिक महत्व समाजवादी लक्ष्य पेश गर्ने यसको गुणात्मक महान सामर्थ्यबाट उपलब्ध भएको छ । (१९७८:६३) । तथापि, यो सामर्थ्यको स्रोतको पुष्टिको कुरा त परै जाओस्, कहिल्यै परीक्षण भएको छैन । जब, श्रमजीवी वर्गको स्व-गतिविधिलाई अत्यन्त सहानुभूतिशील पर्यवेक्षक समेतले स्पष्टसँग देख्न सकेका छैनन्, पार्टीलाई भने सर्वहाराको प्रतिनिधित्व गर्ने बनाइयो । र, यहाँ विकासवादप्रतिको मार्क्सवादी प्रवृत्तिलाई पूर्णरुपमा देखाइएको छ ।

क्रान्तिकारी रुपान्तरणतर्फ डोऱ्याउने अनुक्रमको सुरुआत, पार्टीको सङ्गठन र विचारधारालाई संलग्न गरेको विकासवान अवधिसँगै हुन्छ । यसलाई वर्गीय र

राजनीतिक सङ्घर्षले पछ्याउने छन्, जसमा शक्तिहरूलाई एकट्ठा गरिने छ, जनतामा जरा गाडिने छ, आम सदस्यता प्रदान गरिने छ र अन्ततः सत्तामा कब्जा जमाइने छ। (पेत्रास,१९७८ :३७) ।

धैरै वर्षसम्म पश्चिमा मार्क्सवादीहरूलाई तल्लीन गराउने अर्को बहस वास्तविक रुपमा श्रमजीवी वर्गको हिस्सा को हो र अनुमोदनको मार्क्सवादी छाप लगाई पाउन को योग्य हुन्छ भन्ने नै हो । आगामी समाजवादी क्रान्तिको प्रतिनिधि निश्चितरुपमा को होला भन्ने हामीले थाहा पाउने हो भने श्रमजीवी वर्गको गठन निर्णायक कुरा थियो । सच्चा सर्वहारा समाजवादबाट कुनै पनि प्रकारको भडकावलाई 'पेट्टी बुर्जुवा' को लेवल लगाउने कुराले सर्वहारा शुद्धताको लागि यो सङ्घर्ष क्रान्तिको अगाडि बढेको रहेछ भन्ने संकेत हो । अन्य गैर सर्वहारालाई प्रजातन्त्रको लागि भएको सङ्घर्षमा स्वीकार त गरिनेछ, तर जब क्रान्तिको समाजवादी चरण सुरु हन्छ, तब तिनलाई बैरी मानिने छ । श्रमजीवी वर्गको साँध-सीमा रहस्यमय केही समाजशास्त्रीय विवाद मात्र नभएर क्रान्तिकारी योजनाको पूर्णताको लागि निर्णायक भन्ने बुझिने गरिन्थ्यो । कट्टर मार्क्सवादीहरूले अँगाल्ने गरेको पुँजीवादप्रतिको एकाङ्गी धारणा वर्गलाई इतिहासको अविरल अग्रताको कर्ताको रुपमा लिने हेराइसँग मिल्छ ।

उत्पादक र अनुत्पादक श्रमको बारेमा सही मार्क्सवादी परिभाषा सम्बन्धमा पनि गजबको बहस देखापरेको थियो । पछिल्लोलाई सर्वहाराको सीमा बाहिरको कुरा ठानियो । निकोस पौलान्ताजले वर्गको बारेमा व्याख्या गर्न सविस्तार फ्रेमवर्क नै निर्माण गरे र यो निष्कर्षमा पुगे कि, श्रमजीवी वर्गमा विशेषरुपमा उत्पादक, तल्लो तहका ज्यालाजीवीहरू रहन्छन् ( पौलान्ताज,१९७५) । जबकि, उत्पादक श्रमले अतिरिक्त मूल्य उत्पादन गर्छ भने सरकारी कर्मचारी, सेवा क्षेत्रको श्रमिक वा प्रशासनजस्ता अनुत्पादक श्रमलाई यही स्रोतबाट तलब दिइन्छ । मार्क्स आफैंले पुँजीबाट रोजगार लगाइएका मनोरञ्जनकर्मी र विद्यालयका शिक्षकहरूलाई उत्पादकको रुपमा लिए भने पौलान्ताज मार्क्सभन्दा बढी 'मार्क्सवादी' थिए । उनको लागि, ती जो भौतिक सामानको उत्पादनमा लाग्छन् उनीहरूलाई मात्र उत्पादक मान्न सकिन्छ । यो भेदको जब्बर नैतिक भावलाई एकातिर पन्छाएर हामीले बहसको सम्पूर्ण प्रकृतिमा प्रश्न उठाउनै पर्छ । उत्तर - १९६८ को अवधिमा जतिखेर यो बहस चर्केको थियो, श्रमजीवी वर्ग आफै भने गायब भइरहेको देखिन्थ्यो ।

यस सम्बन्धमा एउटा महत्वपूर्ण घटना १९८० मा आन्द्रे गोर्जको 'फेयरवेल टू वर्किङग क्लास' नामक किताबको प्रकाशन थियो । १९६० को दशकदेखि विषेशतः फ्रान्सका औद्योगिक समाजशास्त्रीहरू परम्परागत श्रमजीवी वर्गको 'तरलीकरण' तथा उत्तर-औद्योगिक समाजको 'प्रादुर्भाव' मा दत्तचित्त थिए । गोर्जले यी - सैद्धान्तिक - राजनीतिक विस्तृतीकरणलाई तिनको युक्तिसंगत निष्कर्षमा पुऱ्याए । गोर्जको लागि १९६८ यता बढ्दो रुपमा देखापरेको 'समाजवादको संकट' मार्क्सवादी मिथकको 'सर्वहाराको संकट' को प्रतिविम्ब मात्र थियो । उनको तर्क थियो : 'उत्पादकत्व

श्रमको संभाव्यकर्ता, त्यसैले सामाजिक सम्बन्धको क्रान्तिकारी रुपान्तरणकर्ता दक्ष श्रमिकहरूको लुप्तताले समाजवादी योजनाको अभिभारा लिने र यसलाई यथार्थमा बदल्ने सामर्थ्य भएको वर्गको लुप्ततालाई पनि आवश्यक तुल्ल्यायो' (१९८२: ६७) उनी अन्त्यमा 'उत्तर - औद्योगिक कल्पित संसार' मा पुगे (फ्रान्केल, १९८७) जुन बिल्कुलै युरोपकेन्द्रित र अवास्तविक थियो ।

उत्तर-औद्योगिक कल्पित संसारवादीहरू आफ्नो यो तर्कमा बिल्कुल सही थिए कि, श्रमजीवी वर्ग बारेको मार्क्सवादी विचारले पुँजीको ऐना देखाएको छ । वास्तवमा श्रमिकहरूलाई पुँजीको आवश्यकता अनुरुप श्रमको सामाजिक विभाजनमा वितरण गरिएको छ । ट्रेड यूनियनजस्ता श्रमिकहरूको सङ्गठनहरू पुँजीवादी समाजलाई चुनौती दिनु साटो त्यसभित्रै आफ्ना सदस्यहरूको भूमिकालाई प्रतिविम्बित गर्छन् । गोर्जले भनेझैं: 'पुँजीसँगको सङ्घर्षमा सर्वहाराले पुँजीले नै प्रदान गरेको पहिचानलाई स्वीकार गरे' (१९८२:३९) । उच्च ज्यालाको माग, 'दासतायुक्त ज्याला' को खारेजीको सुरुको समाजवादी आव्हानबाट बिल्कुल भिन्न हो । तैपनि, 'कामको खारेजी'को लागि गोर्जको नयाँ/पुराना आव्हान पुँजीवाद अन्तरगत कामको ह्रासप्रति सोचविचार बिनाको अपर्झटको अराजकतावादी कल्पित संसारवादी प्रतिक्रिया मात्र हो ।

यसले विश्वभरिका लाखौं श्रमिकहरूको आकाङ्क्षालाई पनि प्रतिविम्बित गरेको छैन, जो तलबी रोजगारको संसारमा प्रवेश गर्न चाहन्छन् । उनीहरूको लागि गोर्जको यो आह्वान उग्र लहड मात्र देखिन सक्छ । मार्क्सवादी मिथकको सर्वहाराले अब मञ्च छोडेको छ ।

क्रान्तिकारी संभाव्यताको परम्परागत श्रमजीवी वर्ग तीव्र रुपमा बिलाउनुसँगै वामपन्थमा रहेका धेरै व्यक्तिहरू १९६८ पछिको अवधिमा क्रान्तिकारी विषयको खोजीमा अन्यत्र लागे । परम्परागत औद्योगिक श्रमजीवी वर्गको बुर्जुवाकरणले केहीलाई हालको पुँजीवादको प्राविधिक/इन्जिनियर/कम्प्युटर विशेषज्ञ बन्नतर्फ डोऱ्यायो । शायद यो, प्रविधिको सेतो तापमा गढेको नयाँ पुँजीवादविरोधी अग्रदस्ता हो । अरुले सहभागितामूलक अवलोकनद्वारा १९६८ र त्यसपछिका विद्यार्थी एक्टिभिस्टहरूमा क्रान्तिकारी सत्यता देखे । सायद, विद्या पुँजीवादको थिचोमिचोसँग भिड्ने छ । तर, प्रभावशाली मोड भने तेस्रो विश्वका उत्पीडित जनतातर्फ मोडिएको थियो । पश्चिमा श्रमजीवी वर्ग कथंकदाचित नरम र भ्रष्ट भएका थिए भने तेस्रो विश्वका दुब्ला र भोका किसान सहरलाई घेरेर स्वप्नभूमि तर्फको मार्ग देखाउनेवाला थिए । तथापि, केहीले भने तेस्रो विश्वका श्रमिकहरूलाई समेत श्रमसामन्ती, किनिएका र सुधारवादी देखे र झुपडवस्तीका "सीमान्त" सुरुको अपठित क्रान्तिकारी उत्साहलाई "क्रान्तिकारी" योजनाको सम्भावित उद्धारक देखे ।

पछिको श्रमजीवी वर्गसम्बन्धी विषयहरू मौलाउनुले वामपन्थमा रहेका केहीले 'वर्गबाट पछि हट्न रोक्न' आह्वान गर्ने तत्परता देखाए (उड,१९८१) । श्रमजीवी वर्गसम्बन्धी परम्परागत मार्क्सवादी विचारको वैकल्पिक दृष्टिहरूलाई "रणनीतिक

टाटउल्टाइ" भनेर आरोपित गरियो र खासगरी गोर्जलाई उनको "निराशाको सल्लाह"को लागि खुबै आलोचना गरियो । उत्तर-मार्क्सवादीहरूले सञ्चालन गरेको "इतिहास र राजनीतिको हचुवापन" को सामना गर्नुपर्दा उड आधारभूत पक्षतर्फ फर्किन् । 'श्रमजीवी वर्ग सम्भाव्यरुपमा क्रान्तिकारी वर्ग हो' भन्ने पैरवी गरिरहनुलाई तात्विक कथनको रुपमा हेरिएन र श्रमजीवी वर्गले क्रान्तिकारी आन्दोलन पैदा नगरेको तथ्यलाई पन्छाइयो । हामीलाई यतिमात्र भनियो कि समाजवादको स्थापनामा श्रमजीवी वर्गको नै ज्यादा प्रत्यक्ष "वस्तुगत स्वार्थ" हुन्छ र यो, परिवर्तन हासिल गर्न "रणनीतिक सामाजिक शक्ति"सहितको एक सामाजिक शक्ति हो (उही) । यो वृत्तान्तको अर्थ जब उनीहरूको संगति र पर्याप्तता घटनाहरूद्वारा अस्वीकृत हुन्छ तब कसरी विचार प्रणाली अन्धो कठमुल्लावादमा फर्कन्छ भन्ने नै हो ।

हामी अरु केही सामान्य समस्या देख्न सक्छौं । गोर्जजस्ता परम्परागत मार्क्सवादका केही आलोचकहरू समेत, जसको आफूहरूले आलोचना गरेका थिए उनीहरूकै उही असंगतिपूर्ण भूमिमा परिचालित भएको देखिन्छ । क्रान्तिकारी विषयको खोजी नै समस्याको रुपमा देखिन्छ, नकि यो भूमिकाको लागि उम्मेदवारको उपयुक्तता, अझ श्रमजीवी वर्गको गठन सम्बन्धी बहसमा तल्लीन सबै पक्ष वर्गलाई प्रक्रियाको रुपमा अवधारणा बनाउनुमा भन्दा संरचनाको खोजीमा पीडित भएका देखिन्छन् । सामाजिक "व्यवस्था" र वर्ग "नागरिक"को बोली विरुद्ध गिव्सन-ग्राहमले" वर्गीय राजनीतिलाई यी नियामक र तैपनि, विशेषाधिकारयुक्त परिदृश्यबाट मुक्त गर्न आवश्यक भएको ........ (र) समाजलाई जटिल बेमेलको रुपमा बुझ्न आह्वान गरेका छन्, जसमा वर्गले बहु र विभिन्न रुप ग्रहण गर्न सक्छ" (गिव्सन-ग्राहम, १९९६ :५८)/अब हामी पुँजीवादलाई विकेन्द्रित तथा खण्डित रुपमा र वर्गको प्रक्रियालाई विविध तथा असमान ढङ्गमा विकसित भएको रुपमा ठम्याउन सक्छौं । यो सरलरुपमा "वर्गबाहिर" को परिदृश्य भने होइन ।

**उत्तर मार्क्सवादी मजदुरहरू**

श्रमजीवी वर्गलाई केही अलि अनौठोलाग्ने कट्टरपन्थी मार्क्सवादी चिन्तनहरूलाई चिरफार गरेपछि अब यहाँ केही उत्तर मार्क्सवादी सिद्धान्तहरूको चर्चा गर्नु पर्ने देखिन्छ । सबैखाले वास्तविकतावाद विरुद्ध उत्तर मार्क्सवादी प्रणेताहरू जस्तै अर्नेस्ट लाँकल तथा च्यान्टल मौफहरूले समकालीन सामाजिक सङ्घर्षमा बहुलता र राजनीतिको आकष्मिक प्रकृतिलाई विशेष जोड दिएका छन् । सन् १९८० को मध्यताका उनीहरूले यस्तो विचार राखेका थिए :

अहिलेको संकट भनेको समाजवादको थोक अवधारणा हो, जुन श्रमजीवी वर्ग केन्द्रित समाज रुपान्तरणको लागि गर्नुपर्ने क्रान्तिको विशेष जोडदार भूमिकामा र पूर्ण एकात्मक र एकैखाले सामूहिक इच्छाले भुत्तो राजनीतिलाई काम चलाइदेला भन्ने भ्रामक आसामा अडिएको छ ।

सर्वहारावर्ग नै आफ्नो कठिन गन्तव्यतिर द्रुतगतिमा अघि बढ्नसक्छ भन्ने विचार उत्तरसंरचनावादीहरूको आलोचना अथवा वास्तविक धरातलमा सन् १९८९ को घटनाक्रम पछि व्युत्पन्न परिस्थितिहरूको सामना गर्न सकेन ।

परम्परागत मार्क्सवादी विचार अनुसार वर्ग र श्रमजीवी वर्गमा विरोधाभास देखिन्छ । यसका आलोचकहरूले "वर्गको अवसान" भनिरहेका बेला कट्टरपन्थीहरू निजी रुपमा काम गर्ने श्रमजीवीवर्गको विघटनको रोदनको बेला केवल "वर्गबाट प्रत्यावर्तनको" लागि विश्राम भन्दै थिए । वास्तवमा, बिब्सन ग्रामको तर्कलाई हेर्दा "जे अवसान वा विघटन हो, त्यो श्रमजीवी वर्गको कल्पना हो र यसको उद्देश्य जुन रुपमा देखाइएको छ, त्यो औद्योगिक पुँजीवादी विकासको एकछत्र अवधारणाको एक हिस्सा हो" (१९९६:६९) अहिले हामी पुँजीवादी विविधता र सामाजिक सङ्घर्षको बहुलताका बारेमा अत्यन्त सजग भएका छौं । जाति, लिङ्ग, यौनिकता, धर्म अपाङ्गता र क्षेत्र जस्ता सबै कुराहरू वर्गसँग छुट्टाछुट्टै एवं गाँसिएर समेत आउँछन् । सामाजिक रुपान्तरणको कुनै एक निश्चित सीमा छैन । अत्याचारहरू बढ्दै गएका छन्, जतातत‍ै दमनलाई प्रतिकार गर्नेहरू पनि बढ्दै छन् । काल्पनिक सर्वहारावर्गको हातबाट मात्र वा अरु कुनै शक्तिबाट एक्लै रुपान्तरण सम्भव छैन ।

अन्य धेरै विषयमध्ये शान्ति, वातावरण र महिला आन्दोलन जस्ता मुद्दाहरू विशेष गरी १९८० को दशकका 'नयाँ' सामाजिक आन्दोलनमा यत्रतत्र उठ्ने विषयवस्तुहरू थिए । औद्योगिकबाट उत्तर-औद्योगिक सामाजिक रुपान्तरणले गर्दा प्रस्टरुपले नवीन सामाजिक आयामहरू देखिएका थिए । पुरातन वितरणको विवादलाई नवीन पहिचान सहितका सामाजिक रुपान्तरणका गुणात्मक चिन्तनहरूले पाखा लगाइदिएका थिए । एक प्रकारले भन्ने नै हो भने सांस्कृतिक उपादेयताले आर्थिक उपादेयतालाई छायाँमा पारिदिएको थियो । स्वर्गिय पुँजीवादबाट सिर्जिएका नयाँखाले प्रतिरोधको जवाफको लागि नवीन सामाजिक आन्दोलनहरू देखापर्दै थिए । यी आन्दोलनहरूका आन्तरिक कार्यहरूको बारेमा डेभिड स्ल्याटरले भनेका छन् कि "सहकार्य सम्बन्धको खोजिमेलो, आन्तरिक निर्णयमा उच्चस्तरीय सहभागितालाई दिइएको महत्व, सामाजिक भिन्नताहरूको सम्मान र व्यक्ति-व्यक्ति सम्बन्धको सामाजिक सांस्कृतिक महत्वको संयोजनलाई नवीन सामाजिक आन्दोलनको लागि चाहिने अर्को एक महत्वपूर्ण कारक तत्वको रुपमा मान्न सकिन्छ" (१९८४:७) । हामीले यहाँ विशेष ध्यान दिनुपर्ने विषय भनेको यी व्यवहारहरू कति मात्रामा ती धेरै परम्परागत श्रम आन्दोलनहरूसँग गाँसिएका छन् भन्ने नै हो ।

चिश्चयनै, विगत १०-१५ वर्षका "सामाजिक आन्दोलन संयोजनका" संकेतलाई हेर्ने हो भने तिनले बढी मात्रामा 'नवीन' सामाजिक आन्दोलनका गति र मान्यतालाई आत्मसात गरेको महसुस हुन्छ । अर्धसीमावर्ती राष्ट्रहरू जस्तै ब्राजिल र दक्षिण अफ्रिका तथा कतिपय अवस्थामा अमेरिकामा नै समेत 'नवीन युनियनवाद' का व्यावहारिक कार्यनीतिहरू मौलाइरहेका छन् । अन्तरसंघीय प्रजातान्त्रिक विधिहरू, लैङ्गिक समानता र परिमाणात्मक भन्दा गुणात्मक कार्यनीतिहरू सम्बन्धी चिन्तनहरू

हिजोआज बढी प्रचलनमा रहेका छन् । प्राचीन राज्यकेन्द्रित कार्यनीतिहरूलाई हाल नागरिक समाजतर्फ अभिमुखीकरण गरी बढी सुहाउँदो बनाइएको छ । ट्रेड यूनियनवादीहरू श्रमिकवर्गका दुई लिङ्ग हुन्छन् भन्ने स्वीकार्न बढी आतुर देखिन्छन्, जसलाई सामान्य सूत्रले मेटाउन सकिन्न । एक अर्थमा, यदाकदा विरलै भए पनि, श्रमजीवी वर्गको व्यवहारले मार्क्सवादी शास्त्रीयताभित्रका मनोमानी "प्रतिनिधिहरू"को पुर्ववतधारणालाई समेत उछिनेको छ ।

शास्त्रीय मार्क्सवादको वर्गवादी धारणामा आएको कुनै एक विचलन हेर्ने हो भने त्यो हो लैङ्गिकता । हेदी हार्टमनले उनको प्रभावकारी लेखमा भनेका छन् :

"वर्ग", "श्रमका सञ्चित सिपाही" "ज्यालादारी श्रमिक" जस्ता मार्क्सवादी विश्लेषणका वर्गीकरणहरूले किन खास मानिसहरू खास स्थानहरूमा रहन्छन् भन्ने कुरालाई समेटेको छैन । किन महिलाहरू परिवारभित्र तथा बाहिर पुरुष अधिनस्थ रहन्छन् भन्ने कुरामा पनि कुनै जानकारी दिइएको छैन । पुंजीजस्ता मार्क्सवादी वर्गीकरणहरू लिङ्गीय हिसाबले अन्धा छन् । (हार्टमन, १९८६:८)

यसप्रकार आलोचनाका भेलहरू एकपटक आएपछि, मार्क्सवादी चेतनामा सोधपुछ गर्नुपर्ने अन्य केही विषयहरू देखिए, जस्तैः मानविकी तथा समाजशास्त्र जुन, सामान्यतः महिलावादी उथलपुथलको लागि प्रतिरोधात्मक रह्यो । श्रमजीवी वर्गको निर्माण खासगरी काममा, श्रम प्रक्रिया, अनि लिङ्गिकृत नागरिकता जस्ता सबै विषयमा हाम्रा बुझाइहरू रुपान्तरित भए । रोस ब्यक्सन्डल र उनका सहयोगी लेखकहरूले जबर्जस्ती सम्झाउने ह्यारी ब्रेभरम्यानको पुस्तक 'शास्त्रीय श्रम र एकाधिकार पुँजी' (१९७४) जसमा लेखिएको थियो कि "श्रमिक वर्गका दुई लिङ्गहरू हुन्छन्" (ब्याक्सन्डल लगायत, १९७६) लाई सजिलै बिर्सन सकिन्नथ्यो ।

यद्यपि, त्यसबेलासम्म मार्क्सवादमा महिलावादी आलोचनाले स्थान पाए तापनि, यो केही आंशिक र तोडमोड गरिएको हुन्थ्यो । यसको ज्वलन्त उदाहरणको लागि तथाकथित घरेलु-श्रम विवादलाई लिन सकिन्छ, जसमा मार्क्सवादीहरूले १९८० को दशकमा सक्दो शक्ति खचिएका थिए । यो महिलाहरूको घरेलु श्रमलाई पुँजीवादी घेराभित्र कुण्ठित गर्ने र त्यसलाई मार्क्सवादी शब्दहरूको आवरणले ढाक्ने प्रयास थियो । यसको लक्ष्य महिलाको पीडाभन्दा पुँजीवादअन्तर्गतको घरेलु श्रमको संक्षिप्त भूमिकामा थियो । निहित प्रश्न यो थियो कि घरेलु श्रम अतिरिक्त मूल्यको हिसाबले उत्पादक, अनुत्पादक के हो ? महिलाको घरेलु श्रमलाई कामको रुपमा मान्यता दिनु निश्चय नै एक अग्रगामी कदम थियो तर त्यसबेलासम्म पनि यो पूर्ण-उत्पादनमूलक हो कि होइन भनेर रुमलिनु एक पश्चगामी कदम थियो । मार्क्सवाद प्रयत्न गररै पनि उत्पादकत्ववादी तर्कभित्र कतै अल्झिन पुग्यो । भलै वर्गलाई उत्पादनसम्म ल्याइयो र चेतनाका स्वरुपहरू र उत्पादन सम्बन्ध भन्दा बाहिर हुने क्रियाकलापहरूलाई विरलै ध्यान दिइयो ।

हालैका वर्षहरूमा विश्वव्यापीकरणको विषयवस्तुले श्रमिक वर्गको समालोचनात्मक अध्ययनलाई सबभन्दा बढी प्रभाव पारेको छ । यस प्रक्रियामा मार्क्सको पनि आफ्नै सानदार धारणा रहेको थियो :

विश्वबजार सृजना गर्ने अभिप्राय प्रत्यक्ष रुपले पुँजीको अवधारणासँग जोडिएको हुन्छ। प्रत्येक सीमाबन्धनहरू अवरोधको रुपमा देखापर्छन्, .... यस अवधारणा अनुसार, पुँजी राष्ट्रिय सीमाभन्दा टाढासम्म पुग्दछ ... यसैक्रममा यो आफैमा ध्वंसात्मक हुँदै, उत्पादनको बलमा, आवश्यकताको वृद्धिमा र उत्पादनको समग्र विकासमा खडा हुने सबै अवरोधहरूलाई भत्काउँदै, लगातार आमूल परिवर्तन गराइराख्छ ।

हालैका वर्षहरूमा अरु कुराहरू जस्तै आर्थिक सम्बन्ध पनि अन्तरराष्ट्रिय आयामलाई फड्को मार्दै साँच्चै विश्वव्यापी भएको छ । यो एकीकरणको प्रक्रियाले श्रमको संसारमा पारेको दूरगामी प्रभाव हो। मार्क्सले आङ्कलन गरेजस्तै पुँजीले आफ्नो अगाडि खडा भएका कुनै पनि राष्ट्रिय सीमाहरूलाई वास्ता गर्दैन । संसारका सबै आर्थिक, सामाजिक र सांस्कृतिक जीवनका पाटाहरूमा पुँजीवाद गहिरोसँग गाडिएको छ । नयाँ 'विश्व कारखानाहरू' मा श्रमिकहरू एक पटक फेरि केबल निर्जीव वस्तु भएका छन् । राज्य नियन्त्रणको अस्तित्वमा नै प्रश्न खडा भएको बखत गरिएका राज्य नियन्त्रणकारी सङ्घर्षका दौरानहरूको प्रतिफल ह्रासात्मक हुनु अस्वाभाविक होइन ।

विश्वव्यापीकरणसँग हातेमालो गर्दै पुँजीले सूचना र ज्ञान नियन्त्रित नयाँ प्राविधिक युगतर्फ छलाङ मारिरहेको छ । यसले गर्दा पुँजीको हितमा श्रम र पुँजीको सम्बन्धलाई ऐतिहासिक रुपले पुनर्परिभाषित गराएको छ। परम्परागत श्रमिक वर्गहरूको श्रमिक तितरवितरलाई लचकतामा उपलब्ध पुँजी र अनुकूलताको शक्तिको रुपमा बढाइचढाइ गराइएको थियो भने श्रम र यसका सङ्गठनहरूलाई बेलोचदार र नयाँ तरिकालाई अपनाउन असफल भनेर चिनाइन्थ्यो । यस सन्दर्भमा मेनुअल क्यासेल्स यसरी टिप्पणी गर्छन् :

श्रमिक सङ्गठनहरू, जो एकपक्षीय संरचनात्मक रणनीतिका प्रमुख अवरोधका रुपमा चिनिन्थे, लाई नयाँखाले श्रमिकहरू (जस्तै : महिला, युवा, आप्रवासीहरू) लाई प्रतिनिधित्वका लागि, नयाँ कार्यथलोहरूको लागि (जस्तै : निजी क्षेत्रका कार्यालयहरू, उच्च प्रविधिमूलक उद्योगहरू), र सङ्गठनको नयाँ स्वरुपमा काम सुचारु गर्नको लागि (जस्तै : विश्वव्यापीरुपका व्यावसायिक सञ्जाल) अनुकूल हुन नसकेको भनेर कमजोर गराइयो । (क्यासेल्स, १९९६:२७८)

यस्तो लाग्छ कि 'नवीन' सामाजिक आन्दोलनका पाठहरू अति ढिला सिकियो जसले गर्दा आलस्यता र कठमुल्लावादका मृत हातहरूले रजाई गर्न पाए ।

खासगरी यी प्रवृत्तिहरूमाथि मार्क्सवादीहरू र उग्रसुधारवादीहरूबाट व्यापक प्रतिक्रियाहरू आइरहेका थिए। जसलाई जे मन लाग्यो, त्यही गर्ने बहुराष्ट्रिय कम्पनीहरू र श्रमबीचको असमान खेल मैदानमाथि रुन्चे स्वरमा असहमति जाहेर गर्ने एक प्रवृत्ति छ । अर्कोतिर फेरि बेरोजगार भई बस्नु पर्ने अन्धकार भविष्यको त्रासदी छ । श्रम र

श्रमिकको लागि नयाँ उत्तरसंरचनावादी विचार समेत देखापर्ने सङ्केत छ । उदाहरणको लागि क्याथरिन क्यासीले 'विकेन्द्रिकृत कार्यस्थल' को नयाँ अवधारणा ल्याएकी छिन्, जुन नयाँ सूचना प्रविधिले श्रमलाई राष्ट्रिय सीमा भन्दा पर पुऱ्याउन सक्ने क्षमताको कारण सृजना भएको हो (१९९६:१८५) । यसभन्दा अझ अगाडि उनको तर्क छ कि परिष्कृत सूचना प्रविधि र भावी श्रमको पुनर्गठनले अझ व्यापक रुपमा कार्यस्थललाई विकेन्द्रित गर्दै जान्छ । १९८० ताकासम्म हामीले काम गरेका कार्यालयहरू वा उत्पादन गृहहरूको तुलनामा आज हामीले काम गरिरहेका स्थलहरू धेरै नै विस्तारित र व्यापक भइसकेका छन् । यी नयाँ विकेन्द्रित कार्यस्थलहरूको प्रशासनिक तहहरूमा समेत सञ्जाल स्थापित हुने हुँदा उद्यमहरूभित्र आन्तरिक प्रभाव समेत रहन्छ ।

यदि अब हामी वर्गलाई विकेन्द्रित रुपमा बुझ्छौं भने यसले बितिसकेको आधुनिकतावादी परिघटनाजस्तो वर्गको अन्त्यको उच्चारण समेत गर्दैन, सर्वहारा वर्गलाई विशेषाधिकार प्राप्त सुविधासम्पन्न कार्यस्थल नहुँदैमा (तर यसको परिभाषा हुन बाँकी नै छ) हामीले आन्दोलनलाई वास्ता गरेनौं भन्न मिल्दैन । हामीले के पहिचान गर्न जरुरी छ भने यो वा त्यो सङ्घर्षको नाममा हुने बल-जफ्तीलाई समाजवाद नै हो भन्न मिल्दैन । हामीले बुझ्न जरुरी छ कि कार्यस्थलमा मात्र वर्ग सिर्जना हुने होइन यसमा त अति नै समवेदनशील सांस्कृतिक पक्ष समेत निहित हुन्छ । हामीले सदैव औद्योगिकृत उत्तरका श्रमिकहरू र गरीब दक्षिणका महिला र पुरुष, अनि हरेक स्वरुपमा हुने जातिवादका दुखिरहने घाउहरूका भिन्नताहरूलाई सम्बोधन गर्न सक्नुपर्छ । समकालीन पुँजीवादको एउटा वास्तविकता भनेको श्रम संसारको विकेन्द्रिकरण हो । कुनै पनि हत्कण्डाबाट यो वास्तविकतालाई उल्टो घुमाएर काल्पनिक सर्वहारावर्गलाई पुनः केन्द्रीकृत गर्न सकिन्न । यसबाहेक उत्तर मार्क्सवादी समालोचनात्मक सिद्धान्त समाजको विकेन्द्रीकृत प्रकृतिबाट सुरु भई विविधतालाई बुझेर त्यसलाई स्वागत गर्दै विगतलाई होइन भविष्यलाई हेर्दै बलियो बनिरहेको छ ।

*(रोनाल्डो मंकद्वारा लिखित पुस्तक 'मार्क्स @ २०००' को*
*'ग्रेभ डिमर्स लिमिटेड' अग्निशिखाद्वारा गरिएको आंशिक भावानुवाद)*

# ऐतिहासिक कोणबाट उत्पादन सम्बन्ध र वर्ग सङ्घर्ष

- उमेश उपाध्याय

### १. पाँच कालखण्डमा

उत्पादन सम्बन्ध र वर्गहरू तथा राजनीतिक बाहकहरूलाई भिन्न-भिन्न कालाखण्ड परिवर्तनहरू अनुसार ऐतिहासिक दृष्टिकोणबाट हेर्न सकिन्छ । धेरै सूक्ष्म विश्लेषणमा नगई सहज वर्गीकरणबाट हेर्ने हो भने पाँच काल खण्डमा राख्न सकिन्छ । समकालीन सन्दर्भलाई छुट्टै हेर्नुपर्ने हुन्छ ।

<table>
<tr><th>कालखण्ड</th><th>उत्पादन सम्बन्ध</th><th>वर्ग र वर्ग सङ्घर्ष</th><th>राजनीतिक बाहकहरू</th></tr>
<tr><td>प्राचीन नेपाल</td><td>उत्पादनको मूल साधन भूमि भएकाले भूमि आश्रित दास आधारित उत्पादन सम्बन्ध, स्वतन्त्र समुदायहरूको स्थानीय तहमा पारिवारिक ढाँचाको उत्पादन सम्बन्ध</td><td rowspan="3">अभिजात्य वर्ग, साना ठूला व्यापारीहरू, दासहरू, अर्धदास किसानहरू-सिल्पीहरू । वर्ण व्यवस्थामा आधारित वर्ग संरचना। आत्मनिर्भर साना-साना समुदायहरू । आर्थिक गतिविधि कम - कम वर्ग विविधता कमजोर सङ्घर्ष।<br><br>तर कडा दमन कठोर दण्ड व्यवस्था<br>सङ्घर्षको दमन गर्ने दुई मुख्य हतियार - धर्म र राजनीति</td><td rowspan="3">अभिजात्य वर्ग, दरबारहरू, स्थानीय तहका मुखियाहरू, कूल- गोत्र- समुदायका प्रभावशालीहरू</td></tr>
<tr><td>मध्य युगिन नेपाल</td><td>प्राचीन नेपालको उत्पादन सम्बन्ध कायम, तर आर्थिक गतिविधिमा वृद्धि र व्यापारको विस्तारले सम्बन्धमा परिवर्तनहरू सुरु । काममा आधारित जातीय विभाजनको हिन्दू वर्ण व्यवस्थाको प्रभाव जनजातिहरूमा समेत विस्तारले वर्ग विविधतामा वृद्धि। स्वरोजगार गरीब किसानी प्रणाली फैलदो</td></tr>
<tr><td>एकीकरण पूर्वको नेपाल</td><td>दासतामा आधारित भूमि सम्बन्धसँगै स्वरोजगार गरीब किसानी प्रणाली र सामन्तवादी उत्पादन सम्बन्धले गति लिन थालेको, रैती आधारित जमिन्दारी प्रथाको सुरुवात मध्ययुगिन ढाँचामा भए पनि परिवर्तन उन्मुख अवस्था टुक्रे युध्दहरूबाट दिक्क भई नयाँ शासकीय प्रणालीतर्फ आम मानिसको चासो बढेको।</td></tr>
</table>


| | | | |
|---|---|---|---|
| **एकीकरण पछिको नेपाल** | सामन्तवाद शक्तिशाली हुँदै गएकाले दास आधारित उत्पादन सम्बन्ध समाप्त, शासक वर्ग र सहयोगीहरूबीच भूमिको बाँडफाँड र सन्तुलन।<br>कमारा अमलेख समेत भएको।<br>रैती आधारित जमिन्दारी प्रथा बलियो भएको। | समुदायहरूका स्वतन्त्रताहरू दमित, तर सङ्घर्ष कमजोर, त्यसैले शासकीय वर्गमा आपसी सत्ता सङ्घर्ष पछिल्लो अवधिमा तीव्र – षडयन्त्रहरूका श्रृङ्खलाहरू। सङ्घर्ष दमन गर्न तीन मुख्य हतियार – धर्म, राजनीति र षडयन्त्र। | सामन्ती अभिजात्य वर्ग, दरबार, स्थानीय जमिन्दार र मुखियाहरू। बाह्य विश्वको प्रतिनिधिको रुपमा बेलायत |
| **दोस्रो विश्वयुद्ध पछिको नेपाल** | आत्तिएको सामन्तवाद र परिवर्तनकारी शक्तिहरूबीच सङ्घर्ष र समन्वयका श्रृङ्खलाहरू, नेपाली समाजको सांगठनिक जीवनमा प्रवेश, उत्पादन सम्बन्धमा परिवर्तनहरू, परम्परागत कारखाना प्रणालीमा आधारित औद्योगिक सम्बन्धको सुरुआत<br>स्वरोजगार किसानी प्रणाली पनि व्यवस्थित हुन थालेको | किसान सङ्गठनहरू र ट्रेड यूनियनहरूको स्थापना। विद्यार्थी सङ्गठनहरू वर्ग सङ्घर्षका बलिया सहयोगीको रुपमा स्थापित। मध्यम वर्गको उदय र सकारात्मक-नकारात्मक दुवै पक्षमा प्रभावशाली भूमिका। सङ्गठन निर्माण गर्ने र गर्न नदिने बीच सङ्घर्ष प्रमुख, आत्तिएको सामन्तवाद पनि आफ्ना सहयोगी सङ्गठनहरूको ढाल बनाउन क्रियाशील | अभिजात्य वर्ग, दरबार, राजनितिक दलहरू, विविध सङ्गठनहरू, बाह्य विश्वबाट भारत चीन, बेलायत-अमेरिका |

## २. उत्पादन सम्बन्धका देखिएका पक्षहरू

### भूमि आधारित/कृषि आधारित उत्पादन सम्बन्ध

- सम्पत्तिमाथि स्वामित्व मुख्य निर्धारक तत्व - मुख्य सम्पत्तिको रुपमा भूमि
- बाँधा पन र दासता व्याप्त - दासताका प्रत्यक्ष-अप्रत्यक्ष विविध रुपहरू
- काम नगर्नेहरूलाई सम्मान गर्ने र काम गर्नेहरूलाई अपहेलना गर्ने संस्कृति

**सामन्ती उत्पादन सम्बन्धको मूल आधार - श्रम र उपभोग बीचको दूरी**




काममा सहभागिता र काम नगरी उपभोग बीचको दूरी जति बढ्यो, उति बढी सुख, उति बढी मर्यादा उति बढी इज्जत । अरुमाथि नियन्त्रण र हैकम लाद्न सकेमा मात्र यो दूरीलाई बढाउन सकिन्छ, अधिकतम दूरीमा **कुलीनता र सम्भ्रान्तता** हुन्छ ।

कु-स विन्दुलाई माथि माथि ठेल्दै जान काममा सहभागितालाई शून्यतिर तल-तल झार्दै जानुपर्ने हुन्छ, काममा सहभागिता न्यूनतम पार्नलाई - दास र सेवकहरू अधिकतम पार्नुपर्छ र मात्र कु-स अधिकतम हुन्छ ।

दास र सेवकहरू तथा श्रममा संलग्नहरूलाई भाग्य र सहिष्णुतामा राख्न अन्याय - अत्याचारलाई न्यायपूर्ण ठहराउनु जरुरी भएकाले चाहियो पुनर्जन्म र पुनर्जन्मको फल ।

दास मोचन र कमारा अमलेख यही मान्यताको एक कडी हो । दास र कमाराहरूको जीविकाको भार बोक्नु र नियन्त्रणको तनाव बोक्नु भन्दा ठूलो सङ्ख्यामा/मात्रामा निःशुल्क श्रमलाई कम झमेलामा उपयोग गर्नु बढी सजिलो बुझेर दास मोचन र कमारा अमलेख भएको हो । दास/कमारा प्रथा सुरु भएकै नरबलि दिने प्रक्रियालाई अन्त गरेर हो । अघिल्लो समयमा युद्धमा जितेकालाई नरबलि दिनुभन्दा दास-दासी बनाएर उत्पादन र सेवाको काम लगाउनुमा फाइदा थियो ।

उत्पादन सम्बन्धमा यथास्थिति कायम राख्नकै लागि काम गर्ने मानिसलाई सङ्गठित हुन रोक्नुपर्ने भयो त्यसैले सङ्गठनहरूको दमन सामन्ती उत्पादन सम्बन्धमा स्वाभाविक ।

**पुँजी आधारित – प्रविधि आधारित उत्पादन सम्बन्ध**

- परम्परागत कारखाना प्रणालीमा आधारित औद्योगिक ढाँचाभित्रको उत्पादन सम्बन्ध पनि नेपालमा पुरानै सामन्ती मानसिकतामा जकडिएको
- जमिन्दार वर्ग नै क्रमशः उद्यमी-व्यवसायी वर्गमा आर्थिक गतिविधिको हिसाबले रुपान्तरण हुँदै गएकाले संस्कारको हिसाबले सामन्ती मानसिकता कायम रहेको

- आर्थिक नियन्त्रण र राजनीतिक वर्चस्व क्षय हुँदै गए पनि सामन्तवाद मानसिकता र संस्कारमा बाक्लिएर बसेकोले श्रम लगानीकर्ता र पुँजी लगानीकर्ताको समान धरातलमा उभिने उत्पादन सम्बन्ध विकसित हुन नसकेको
- औद्योगिक मजदुर वर्ग र सेवा/ज्ञानमूलक श्रमजीवी वर्ग वा बौद्धिक श्रमजीवी वर्ग पनि भूमि आधारबाट मुक्त भइनसकेको
- आधुनिक सेवा/ज्ञानमूलक पकेटहरूको उत्पादन सम्बन्ध प्राविधिक सीपमा आधारित भएकोले अलिक फरक किसिमले विकसित हुन खोजिरहेको

**३. वर्ग सङ्घर्षमा राजनीतिक दल**

- कमजोर वर्ग - दृष्टि, त्यसैले वर्ग सङ्घर्षका उद्देश्यहरूलाई सम्बोधन गर्न नसकेको
  - ➛ सत्तालाई स्वीकार्दै कुनै ज्यादती विरुद्धको वर्ग सङ्घर्ष
  - ➛ कामका अवस्थामा सुधारका लागि वर्ग सङ्घर्ष (आर्थिक र सुविधा सम्बन्धी)
  - ➛ सामाजिक रुपान्तरणको अभिष्ट सहितको वर्ग सङ्घर्ष
  - ➛ सत्ता परिवर्तनमा केन्द्रित वर्ग सङ्घर्ष
- वर्गीय विषयलाई सम्बोधन गर्न विफल त्यसैले जहिले पनि असन्तुलित
- वर्ग विषयबाट सामाजिक समूहका द्वन्द्वहरूले आकार लिंदै जाँदा दलहरू निरिह भई सामाजिक द्वन्द्व चक्रमा फस्दै गएको । वर्ग+तीन (जेण्डर+जाति/जनजाति+क्षेत्र) को आर्थिक सामाजिक सन्तुलनमा ध्यान नगएको
- वर्ग सङ्घर्षका दुई महत्वपूर्ण बाहकहरू
  - ➛ अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेसन केन्द्र - पछि नेकपा (माले) र (एमाले) मा रुपान्तरित ७० को दशकमा
  - ➛ माओवादीहरू २० औं शताब्दीको अन्त्य र एक्काइसौं शताव्दी जोड्ने अन्तिम एक दशकमा
  - ➛ त्यसैको बलमा नेकपा एमाले र नेकपा माओवादी निर्णायक शक्तिको रुपमा स्थापित, तर सैद्धान्तिक/व्यावहारिक हिसाबले धान्न नसकेर, विकसित स्थितिलाई सिद्धान्तीकरण गर्न नसकेर दुवै शक्ति अन्योलको डाइभर्सनमा छन् ।

  अरु राजनीतिक दलको वर्ग सङ्घर्ष खाली सुगा-रटान र ओठे सेवामात्र ।
- दलहरूबाट
  - ➛ सिद्धान्त र व्यवहार दुवैमा 'वर्ग' सधैं उपेक्षित
  - ➛ सिद्धान्तमा - चिनियाँ नवजनवादी क्रान्तिको वर्ग विश्लेषणको अनुकरण
  - ➛ व्यवहारमा - विद्यार्थी समुदायमा राजनीतिक आन्दोलन आश्रित र दलहरू मध्यम वर्गमा केन्द्रित - त्यसैले श्रमिक आन्दोलन उपेक्षित, वर्गीय विषय उपेक्षित - गाउँको आन्दोलनमा पनि शहरको आन्दोलनमा पनि ।

- २०४६ अघि राजनीति पूर्णतः विद्यार्थी आधारित २०४६ पछि शहरी मध्यम वर्ग र सुविधामुखी बौद्धिक समूह आधारित, गाउँआधारित भनिएको माओवादी राजनीति पनि वर्ग आधारित नभई हतियारको एडभेन्चर र भयमा आधारित ।
- ठूला जनपरिचालनका लागि मात्र - शहरी सडकमा मान्छेको भौतिक उपस्थितिको लागि मात्र भीडको हिसाबले श्रमिक र किसानमा ध्यान दिइने प्रवृत्ति ।


**४. नेपाली राजनीतिमा वर्गीय पहुँच र प्रभाव**

वर्ग संरचनाहरूलाई ध्रुविकृत त्रिकोणमा हेर्दा

- सामन्ती सम्बन्ध/भूमि सम्बन्धमा आश्रित - ग्रामिण वर्ग संरचना
- परम्परागत औद्योगिक सम्बन्धमा आश्रित - शहरी वर्ग संरचना
- आधुनिक सेवा/ज्ञान आधारित अर्थतन्त्रमा आश्रित - शहरी वर्ग संरचना
- ग्रामिण वर्ग सङ्घर्षले शहरको वर्ग सङ्घर्षलाई प्रभावित नगरी सफल नभएको - शहरसँग नजोडी संस्थागत स्वरुप लिन नपाएको
- समकालीन नेपालमा वर्ग संक्रमण - विश्वव्यापीकरणको प्रभावको रुपमा
- रेमिटेन्स - आधारित वर्ग संक्रमण

पुरानो समयदेखि वर्तमानसम्म जसरी उधिने/खोतले पनि तीन वर्गीय मूलधार छन् :

सामन्ती वर्ग - उद्यमी/व्यवसायी वर्ग - श्रमजीवी वर्ग




**आर्थिक हिसाबले**


**सामन्ती वर्ग**को प्रभाव घट्दो - आकार पनि घट्दो, त्यसैले यथास्थितिलाई कायम राख्नका लागि समाजको पुनर्संरचना र रुपान्तरणलाई छेक्न खोजिरहेको - शक्तिको बलमा होइन षड्यन्त्रबाट ।

**उद्यमी व्यवसायी वर्ग**को प्रभाव बढ्दो - आकार बढ्दो - महत्वाकाङ्क्षा बढ्दो - संयुक्त लगानी र बहुराष्ट्रिय कम्पनीसँग जोडिएर जान तम्सिएको - स्वरोजगार पेशेवर दक्ष र बौद्धिक समुदायलाई आफूसँग जोडेर झन् प्रभावशाली हुन खोजिरहेको -

राज्यलाई आफ्नो पक्षमा राख्न र मिडियालाई नियन्त्रणमा राख्न क्रियाशील - वैचारिक सीमाहरूबाट मुक्त - लाभमा केन्द्रित ।

**श्रमजीवी वर्ग** (ट्रेड युनियनहरू र किसान सङ्गठनहरू) पुरानै वैचारिक सीमाहरूमा विभाजित, तर शक्ति सुदृढीकरणको लागि प्रयत्नशील - समाज रुपान्तरणमा नेतृत्वकारी हुन नसकेको - तर निर्णायक भएर पनि आफ्नो शक्तिको मूल्य नपाएको । राज्यलाई पुँजीपक्षीयताबाट हटाएर श्रम र पुँजीबीच सन्तुलित व्यवहार गर्ने बनाउन श्रमजीवी वर्गको प्रभाव विस्तार गर्नु आवश्यक ।

समाज र राज्यमा प्रभावको स्थिति



# रूपान्तरण र सामाजिक-साँस्कृतिक पक्ष

भाग-२ तेस्रो सत्र



# सन्दर्भ र प्रश्नहरू

- विष्णु रिमाल

अबको सत्रमा हामी सामाजिक सांस्कृतिक विषय अन्तर्गत शक्ति संरचना र शक्ति समीकरणको बारेमा छलफल गर्छौं। सन्दर्भ, आजको लोकतन्त्र; यसमा म दुईतीनवटा विषय कोट्याउनु पर्ने आवश्यकता ठान्दछु। अघि हामीले अर्धसामन्ती, अर्धऔपनिवेशिक विषयको पनि कुरा गऱ्यौं। दलाल नोकरशाही पुँजीवादको कुरा पनि गऱ्यौं। हामी निष्कर्षमा चाहिँ पुगेका छैनौं। धेरै साथीहरूले छलफल अझ गर्नुपर्छ भन्नु भएको छ। त्यसैले यसमा नेपालको राजनीतिक–सामाजिक स्थितिको थप नयाँ कुरा राख्नुपर्छ जस्तो लाग्छ।

यस सन्दर्भमा, तीनवटा ऐतिहासिक मितिलाई ख्याल गर्नुपर्छ कि भन्ने मलाई लागेको छ। पहिलो मिति वि.सं. १८७३ हो, यहाँ सुगौली सन्धि पछिको नेपाललाई हामी जोड्न सक्छौं। अर्धसामन्ती, अर्धऔपनिवेशिक कुरा गरिरहँदा सुगौली सन्धिपछि नेपालले ठूलो भूभाग मात्र गुमाएन, यसले आफ्नो सम्प्रभुता पनि गुमायो भन्ने इतिहासमा उल्लेख भएको पाइन्छ। त्यो सन्धिपछि ब्रिटिस–इण्डियाले "नेपालले कुनै पनि देशसित दौत्य सम्बन्ध राख्नु पऱ्यो, बरव्यवहार गर्नु पऱ्यो भने बेलायतलाई सोधेर मात्रै गर्नुपर्छ" भन्ने व्यवस्था गऱ्यो। त्यसले गर्दा नेपाल औपचारिक ढंगले अर्धऔपनिवेशिक अवस्थामा झरेको मिति सुगौली सन्धि हो भन्ने हाम्रो बुझाइ छ। दोस्रो हो, वि.सं. १९५५, त्यो वर्ष तिब्बतसित एउटा सम्झौता भएको थियो– "तिब्बतको सरकार र नेपाल सरकारबीच तेस्रो शक्तिले आक्रमण गरेमा एक अर्कालाई सहयोग गर्ने" भन्ने। तर कर्णेल फ्रान्सीस योङ्गहस्वैण्डले तिब्बतमा आक्रमण गरिसकेपछि वि.सं. १९६१ मा चन्द्र शमशेरले पुरानो सम्झौतालाई लत्याएर 'मन–वचन–र कर्म'ले ब्रिटिस इन्डियालाई सहयोग गरे । जसले गर्दा तिब्बतले नेपाल अब आफ्नो पक्षमा छैन भन्ने ठानेर ब्रिटिस इन्डियासित सम्झौता गऱ्यो। ब्रिटिस इन्डियासित सम्झौता गरिसकेपछि तिब्बतले नेपालसित अब व्यापार नगर्ने, सिधै भारतसित गर्नुपर्छ भनेर नेपालको कोदारी मार्ग बन्द गऱ्यो। त्यो मितिसम्म नेपाल "ट्रान्जिट-कन्ट्री"को रूपमा रहेको थियो। हामी 'भोट'बाट सामान ल्याउँथ्यौं, 'हिन्दुस्तान'मा बेच्थ्यौं, हिन्दुस्तानबाट

सामान ल्याउँथ्यौं भोटमा बेच्थ्यौं। त्यो हिसाबले हाम्रो अर्थतन्त्र चलिरहेको थियो। तर, १९६१ को तिब्बत र ब्रिटिस इण्डिया सरकारको सम्झौता पछि नेपाल ट्रान्जिट प्वाइन्ट रहेन, नेपालमा भारतीय एकाधिकार पुँजीवादको प्रवेश शुरु भयो। यही घटनाबाट बेलायतपछि भारतको वर्चस्व नेपालको राजनीतिमा हुन गयो। तेस्रो, वि. सं. २००७ साल– जतिखेर हामीले प्रजातन्त्र आयो भनेका थियौं। ठीक त्यही समयको हाराहारीमा मोहन शमशेरले अब बेलायतसित मात्रै दौत्य सम्बन्ध राखेर हुँदैन, अबको महाशक्ति अमेरिका भएकोले ऊसित पनि हाम्रो सम्बन्ध हुनुपर्छ भने। २००७ सालको हाराहारीमा अमेरिकासित सम्बन्ध राख्न थालियो। त्यसपछि नेपालमा तेस्रो शक्तिको रूपमा अमेरिकाले पनि प्रवेश गर्‍यो र अहिलेसम्म नेपालको राजनीतिमा "एङ्गलो साक्सन" शक्ति संरचना भनेर चिनिने, बेलायत, भारत र अमेरिका सम्मिलित शक्तिको प्रभाव अझै पनि रहिरहेको कुरालाई हामीले ख्याल गर्नुपर्छ।

यसैलाई प्रस्ट्याउन तीनवटा विषयमा हामी चर्चा गर्ने छौं– शक्ति संरचना र समिकरणको विश्लेषण; "पेडागोजी अफ दि अप्रेस्ड" अर्थात "उत्पीडितहरूको लागि शिक्षा"का विषय र राजनीति र वर्चस्वसँग सम्बन्धित विषय। आन्तोनियो ग्राम्स्सीको 'हेजमोनी' अर्थात 'वर्चस्व'को बारेमा चर्चा गर्नेछौं।

त्यसपछिको अर्को विषय सांस्कृतिक विषय हो। हामी नेपालमा रहेको सामन्ती संस्कार, रुढीवादी परम्परा, उपेक्षित संस्कृतिको बारेमा छलफल गर्नेछौं। यसैसँग जोडेर श्रमजीवी वर्गीय संस्कृति भनेको कस्तो हुनुपर्छ र 'त्यसमा रूपान्तरण कसरी' भन्ने विश्लेषणमा हामी सहभागी हुनेछौं।

नेपालको शक्ति संरचना, शक्ति समीकरण र लोकतन्त्र : एक विश्लेषण
- डा. अर्जुन कार्की
२३९

पाउलो फ्रेरीको पुस्तक, 'पेडागोजी अफ दि अप्रेस्ड'को संक्षिप्त विश्लेषण
- गौरी प्रधान
२४९

नेपालमा रहेको सामन्ती संस्कार, रुढीवादी परम्परा र उपेक्षित संस्कृति- एक विश्लेषण
- मोदनाथ प्रश्रित
२६०

वर्चस्व, मार्क्सवाद र जबजसँग प्रश्नहरू
- घनश्याम भुसाल
२७५

विचार र बहस



# नेपालको शक्ति संरचना, शक्ति समीकरण र लोकतन्त्र : एक विश्लेषण

- डा. अर्जुन कार्की

शक्ति र शक्तिको संरचनाको बुझाइ, अवधारणामा सँधै हाम्रो समाजमा र अरु समाजमा पनि सकारात्मक भन्दा नकारात्मक अर्थ बढी लाग्ने गरेको छ । शक्ति र शक्तिको संरचना भनेको फोहरी, निर्मम, निर्दयी र खराब भन्ने अर्थबाट आम मानिसले बुझ्ने गर्छन् । त्यो शक्ति चाहिँ कसरी प्राप्त हुन्छ त ?

हामी आफूले अङ्गालेको सिद्धान्त र दर्शनको कुरा गर्दा शक्तिको स्रोत जनता हुन्, मजदुर-किसान हुन् भनेर पढ्ने, लेख्ने, बोल्ने गरेका छौं । तर वास्तवमा हिजोआजको समाजमा पैसा, विद्वता, सूचना, कठीन परिश्रम र पद- यी पाँचवटा तत्व नै शक्ति प्राप्त गर्ने स्रोतहरू हुन् भनिएको छ । हिजो हामी किन माथापच्ची गरिरहेका थियौं, किन झगडा गरिरहेका थियौं, किन हामी द्वन्द्वमा फसेका थियौं भन्ने कुराको अर्थ सायद यी पाँचवटा कुराले लाउन सक्ला । शक्ति संरचनाको कुरा गर्दा यो संरचना विभिन्न खालको समीकरणहरूले बनेको हुन्छ । शक्तिमा भएको मान्छेले नकारात्मक सोचाइ हुँदा हुँदै पनि, यसले जनताको र राष्ट्रको, त्यसमा पनि गरीब दुःखी किसान, मजदुरको सेवा गर्छ भन्ने एउटा खालको आकाङ्क्षा जनतामा रहेको हुन्छ । तर जनताको पक्षमा, गरीबको पक्षमा, मजदुरको पक्षमा, किसानको पक्षमा रहनका लागि शक्तिमा भएको मान्छेसँग स्रोत र इच्छाशक्ति चाहिन्छ । साधन र स्रोतले सम्पन्न सरकार हुन्छ, तर उसले गरीब दुःखीको, किसान र मजदुरको, पछाडि पारिएको मान्छेहरूको हितमा त्यो साधन र स्रोत प्रयोग गर्दैन । त्यहाँनेर राजनीतिक इच्छाशक्तिको अभाव हुन्छ । कहिलेकाहीँ राजनीतिक इच्छाशक्ति प्रशस्त भएको तर शक्तिको अभ्यास गर्ने मान्छेसँग स्रोत र साधन चाहिँ नभएको विडम्बनापूर्ण स्थिति पनि हुन्छ ।

"शक्ति संरचना भनेको एउटा यस्तो प्रणाली हो, जसले ठूलो जनसमुदायको निम्ति निर्णय गर्छ । उक्त निर्णय कतिञ्जेलसम्म रहने, त्यसलाई कसरी कार्यान्वयन

*जनमतद्वारा शक्ति संरचनाको सिर्जना गर्ने, यो मत लोकतन्त्रमा हुन्छ । तर अधिनायकवादी निर्णय प्रक्रियामा चाहिँ कुनै एक व्यक्तिलाई शक्तिमा नियुक्त गरिन्छ र उसका हरेक निर्णयहरूलाई अरुले मान्न बाध्य पारिन्छ ।*

गर्ने र त्यो शक्ति कति समयको निम्ति क्रियाशील रहन्छ भन्ने पनि निर्णय गर्छ । लोकतन्त्रमा जनतालाई यस विषयमा चेतना जगाउँदै तथा शिक्षित गर्दै निर्वाचनद्वारा नेतृत्व चयन गर्ने र जनमत सङ्ग्रह अथवा जनमत मार्फत विविध प्रतिस्पर्धी विचारहरूमध्ये कुनै एक निश्चित विचारधारालाई राजनीतिक दल र नेतृत्वको आधारमा आम जनसमुदायद्वारा अनुमोदित गर्ने गरिन्छ । जसले गर्दा निर्णय गर्न सहज हुन्छ र यस प्रकारको जनताको निर्णयपश्चात सामान्यतया पराजित विचार तथा नेतृत्वहरू तत्कालै युद्धमा नफर्किकन अर्को निर्वाचनसम्म कुर्छन् ।”

यो एउटा परिभाषा हो । जनमतद्वारा शक्ति संरचनाको सिर्जना गर्ने, यो मत लोकतन्त्रमा हुन्छ । तर अधिनायकवादी निर्णय प्रक्रियामा चाहिँ कुनै एक व्यक्तिलाई शक्तिमा नियुक्त गरिन्छ र उसका हरेक निर्णयहरूलाई अरुले मान्न बाध्य पारिन्छ । यसमा एउटा मात्र शक्ति केन्द्र वा सञ्जाल रहन्छ । शक्ति संरचना शब्दले केही स्थिर परिस्थितिको झझल्को दिने भए तापनि वास्तवमा यो गतिशील, समावेशी र समाजको परिवर्तित वास्तविकता र जनआकाङ्क्षालाई आत्मसात गर्नको निम्ति लचकदार हुनुपर्छ भन्ने भनाइ छ । यसो गर्न असफल हुने बित्तिकै यसले जुन जनताको वैधानिकता प्राप्त गरी कार्य गरिरहेको हुन्छ तिनैबाट विधिवत चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ । अर्को समावेशी लोकतन्त्रको कुरा छ । वास्तवमा समावेशी लोकतन्त्रको सिद्धान्तकार ताकिस फोटोपाउलोसलाई मानिंदो रहेछ । बेलायतमा बस्ने ताकिसले लण्डन स्कुल अफ इकोनोमिक्समा पढाउनु भएको हो र समावेशी लोकतन्त्र भन्ने जर्नल पनि प्रकाशित गर्नु हुँदोरहेछ । त्यस विषयको प्रसिद्ध किताब पनि प्रकाशित गर्नुभएको रहेछ । उहाँ के भन्नुहुन्छ भने समावेशी लोकतन्त्र शास्त्रीय लोकतन्त्र र समाजवादलाई संश्लेषण गरेर यी दुईवटाका राम्रा पक्षलाई विकास गरिएको एउटा सिद्धान्त हो । यसले ऱ्याडिकल ग्रीन, महिलावाद, आदिवासी जनजातिहरूको मुद्दा र दक्षिणी गोलार्धमा भइरहेका

मुक्ति आन्दोलन र युद्धहरूको मुद्दालाई समेट्छ । समावेशी लोकतन्त्र भनेको एक प्रकारको सामाजिक ढाँचा हो जसले सामाजिक परिवेश अर्थनीति, राजनीति र प्रकृतिलाई पुनर्समायोजन गरेर सामाजिक पद्धतिको रुपमा राजनीतिक प्रणालीलाई विकास गर्छ भनिएको छ । यो ताकिसको भनाइ हो ।

हाम्रो देश नेपाल दक्षिण एशियाको सबैभन्दा पुरानो राज्यमा पर्दो रहेछ । हाम्रो अहिलेसम्मको राजनीतिक परिवर्तनलाई हेर्ने हो भने गत २३८ वर्षमा ६/७ वटा मुख्य राजनीतिक परिवर्तनहरू भएका छन् । तर हामीले के देखिरहेका छौं भने अहिलेसम्मका राजनीतिक परिवर्तनहरू कुनैबाट पनि हाम्रो स्वशासित, स्वतन्त्र, सम्प्रभु खालको राजनीतिक परिवर्तन भएको रहेनछ । २००७ सालसम्म ब्रिटिस इन्डियाको प्रभावमा यहाँ राणा शासन टिकेको रहेछ । राणा शासनभित्र पनि कुन बेला को कति प्रभावशाली हुने भन्ने कुरा ब्रिटिस इन्डियाले निर्धारण गर्दोरहेछ । त्यसपछि भारतमा जो सत्तामा आयो त्यसले नेपालको शक्तिको संरचनामा हैकम चलाउँदो रहेछ । सात सालपछाडिको स्थिति हेर्ने हो भने भारतमा पनि स्वतन्त्रता सङ्ग्राम भएर बेलायतीहरूले छोडेर गएपछि त्यहाँ छुट्टै राजनीतिक संरचना सिर्जना भइरहेको स्थिति आयो । नेपालको पनि राजनीतिक कुलिनहरू, भारतमा राजनीतिक व्यक्तित्वहरूसँग सम्बन्ध भएका व्यक्तिहरू, पहिला राणाकालमा प्रतिपक्षमा भएका मान्छेहरू, विद्रोह गरेका मान्छेहरूको भारतमा राजनीतिक सम्बन्ध राम्रो भयो र राणा शासन भगाएर बहुदलीय व्यवस्या ल्याउने काम भयो । ०१५ सालको चुनाबमा नेपाली काँग्रेसलाई दुईतिहाई जिताउने काम भयो, अनि ०१७ सालमा निर्वाचित प्रधानमन्त्रीलाई फाल्ने काम भयो । त्यसपछाडि पञ्चायती व्यवस्था ल्याउने काम र ०३६ सालमा जनमतसङ्ग्रह गराउने काम भयो । हामीले भनेको प्रजातन्त्र ०४६ सालमा ल्याउने काम भयो र अहिले भरखर हामीले ल्याएको लोकतन्त्रसम्म हेर्ने हो भने भारत साँचो अर्थमा नेपालको शक्ति संरचनालाई निर्माण गर्न, ध्वस्त गर्न, पुनर्निमाण गर्नको निम्ति सबैभन्दा ठूलो भूमिका खेलिरहेको शक्ति रहेछ । धेरैपल्ट

> *नेपालमा हामीले भन्ने गरेका छौं- सत्ताको परिवर्तन भयो, शक्ति संरचनाहरूमा परिवर्तन भयो, रुपान्तरण भयो । तर . . . अहिलेसम्म सत्ता परिवर्तन भएकै रहेनछ ।*

नेपालमा हामीले भन्ने गरेका छौं- सत्ताको परिवर्तन भयो, शक्ति संरचनाहरूमा परिवर्तन भयो, रुपान्तरण भयो । तर म विकास राजनीतिको अध्ययन गर्ने मान्छे भएकोले के देख्छु भने वास्तवमा अहिलेसम्म सत्ता परिवर्तन भएकै रहेनछ । वर्गीय हिसाबले, राज्यसत्ताको हिसाबले, सार्वभौमिकताको हिसाबले, नेपाली जनताको आफ्नो पहिचानको हिसाबले जुन सत्ता र शक्ति संरचनाहरूमा परिवर्तन हुनुपर्थ्यो त्यो भएको छैन ।

हाम्रो देशको शक्तिको स्रोतहरू कहाँ छन् त ? एउटा रमाइलो प्रसङ्ग; सरकार परिवर्तनको बेला नेपाली काँग्रेसको एकजना ठूलै नेताले भने- गिरिजाबाबुले चाहेको एकजनालाई पनि यसपाली मन्त्री बनाउन सकिएन । के भनेको होला, म छक्क परें । गिरिजा प्रसाद नै सबैभन्दा शक्तिशाली मान्छे भन्ने हामीले बुझेको थियौं । गिरिजाबाबुले चाहेको मान्छे एकजना पनि मन्त्री भएन, अर्थात प्रधानमन्त्रीले मन्त्री छान्न पाउनु भएन र त्यसो भए को मन्त्री हुन्छ, को सांसद हुन्छ, को न्यायाधीश हुन्छ कसले तय गर्छ? उद्योगपतिमा को, पुलिसमा को, सेनामा को- शक्ति प्रयोग गर्ने केन्द्रहरू यसैगरी छरिएर रहेका छन् ।

मेरो एकजना साथी हुनुहुन्छ निकारागुवाको । उहाँ निकारागुवाको क्रान्ति पछाडि संयुक्त राष्ट्रसंघको राजदूत भएर आउनु भएको थियो । मेरो उहाँसँग नैरोबीमा भेट भयो । मैले “नेपालमा हामीहरूले ठूलो परिवर्तन ल्यायौं” भनें । सबै मान्छेहरूले ‘बधाई’ भने । निकारागुवाली साथीले दुई-तीन वटा कुरा सोधे- तिमीहरूले सेना बनायौ ? हाम्रो सेना छदैछ भनेर भनें । पुलिस बनायौ ? होइन, हाम्रो छ भनेर भनें । न्यायाधीशहरू फेर्‍यौ ? होइन, हाम्रो पुरानै छ भनें । नयाँ संसद बनायौ ? हामीले पुरानैबाट काम चलायौं भनें । उनले भने- त्यसो भए तिम्रो देशमा के परिवर्तन भयो र केका लागि म तिमीलाई बधाई दिउँ ?

मैले उद्योगी-व्यापारीहरूको वर्ग स्रोत र हाम्रो राजनीतिक सत्ता शक्तिमा रहेका मान्छेहरूको वर्ग स्रोतको कुराहरू गरें । मैले न्यायाधीशको कुराहरू गरें, मैले प्रहरी, सेनाको कुरा गरें । केही पनि परिवर्तन भएको छैन । ठूलो परिवर्तन भयो भनिएको छ । चिन्तन सबभन्दा ठूलो कुरा हो, झण्डा होइन । मानसिकता क्रान्तिकारी, जनमुखी, मजदुरमुखी, किसानमुखी भयो भने मात्र त्यसले काम गर्दो रहेछ । नभए हाम्रो राज्य सत्ता, शक्ति केन्द्र तथा शक्ति सञ्चालन र शक्तिको संरचनाहरूलाई परिचालन गर्ने कुरामा ठूलो सङ्कट र समस्या आउने रहेछ । ज्ञानेन्द्रलाई त हामीले पाखा लगायौं तर ज्ञानेन्द्रको जस्तै चिन्तन र मानसिकता भएका धेरै मानिसहरू हाम्रो समाजमा, कम्युनिस्ट र काँग्रेस पार्टीहरूभित्र, लोकतान्त्रिक पार्टीहरूभित्र हुन सक्छन् । त्यस विरुद्धको क्रान्ति र त्यस विरुद्धको लडाइ पूरा भएको छैन ।

शक्ति केन्द्र र शक्ति संरचना पार्टीभित्र पनि हुन्छ । पार्टीभित्र शक्तिको परिचालन कसरी हुन्छ, शक्ति केन्द्रमा मान्छेहरू कसरी पुग्छन्, शक्तिको उपयोग कसरी हुन्छ भन्ने कुराले राज्यको शक्तिलाई कसरी सञ्चालन गर्ने भन्ने कुराको पनि निर्धारण गर्दोरहेछ । लगभग ५ वर्ष अगाडि डा. बाबुराम भट्टराई, क. प्रचण्ड र कृष्ण बहादुर महरासँग भेट भएको थियो । मैले भनें- “तपाईंहरूले अहिलेसम्म मार्क्सवाद, लेनिनवाद, माओवादको आधारमा राजनीति गरिरहनु भएको छैन । मगर, गुरुङ, लिम्बु, तामाङ, थारुहरूलाई तिम्रो सत्ता, सरकार बनाइ दिन्छु भनेर सरकारै घोषणा गरिदिएर तपाईंहरूले जात, जाति आधारित राजनीति गर्नुभएको छ । मार्क्सवाद, लेनिनवाद, माओवादमा कहाँ छ यो कुरा? तपाईंहरू त एकदिन मूलधारको राजनीतिमा आउनु हुन्छ, तर यो राज्यले ठूलो समस्या भोग्नुपर्छ ।” उहाँहरूले “तपाईंको क्रान्तिप्रति विश्वास नभएको, मार्क्सवाद, लेनिनवाद प्रतिको बुझाइ नभएको” भनेर मलाई भन्नुभएको थियो । अहिले उहाँहरू नभन्दै यो ठाउँमा आइसक्नु भएको छ । एकचोटि मलाई प्रचण्डले पछिल्लो पटक भेट्दा तपाईंले भनेको धेरै कुरा हो रहेछ भनेर पनि भन्नुभएको छ । तर मलाई अहिले दुःख केमा लागिरहेको छ भने माओवादीले गरेको

> *चिन्तन सबभन्दा ठूलो कुरा हो, झण्डा होइन । मानसिकता क्रान्तिकारी, जनमुखी, मजदुरमुखी, किसानमुखी भयो भने मात्र त्यसले काम गर्दो रहेछ ।*

गल्तीबाट हाम्रा अरु पार्टीहरूले नसिकेर त्यसैको नक्कल गरे । माओवादीले थारुको संस्था बनायो, हामीले पनि बनायौं । माओवादीले 'मगर सङ्गठन' बनाउँदा हामीले त्यो गलत काम हो भनेनौ, त्यसै गऱ्यौं ।

एक महिना अगाडि एकजना क्यानेडियन राजनीतिज्ञ आएका थिए, उनले बहुत दुःखका साथ एउटा कुरा उठाए । दक्षिण एशिया मात्र एउटा यस्तो क्षेत्र हो, जहाँ मन्त्री भएको मान्छे मन्त्रीबाट खुस्किंदा, सांसद भएको मान्छेले चुनाब हार्दा यति भावविह्वल हुन्छ कि मानी लिउँ उसले ठूलो चिज गुमाएको छ । ऊ आफ्नो जिन्दगीमा अपमानित महसुस गर्छ । जबकि अरु ठाउँमा, अरु मुलुकमा चुनाब हार्नु एकदमै सामान्य कुरा हो र हारेको मान्छेमा अपमान बोध हुँदैन । मन्त्री भएको मान्छे मन्त्रीबाट खुस्किनु स्वाभाविक कुरा हो, ठूलो कुरा होइन । सत्ता र कुर्सी फरक-फरक कुरा हो । मन्त्री हुनु भनेको एउटा कुर्सीमा पुग्नु मात्र हो, सत्तामा पुगेको होइन ।

शक्ति केन्द्रको कुरा गर्दा नागरिक समाजभित्र पनि यही समस्या छ । मलाई एकजना बुद्धिजीवीले भन्नुभयो । समाजवादी होइदैमा नेपाली काँग्रेसको बुद्धिजीवी होइदो रहेनछ; मार्क्सवादी लेनिनवादी होइदैमा एमालेको बुद्धिजीवी होइदो रहेनछ । पार्टीको सदस्य भएको कारणले मात्रै काँग्रेसको वा एमालेको बुद्धिजीवी होइने रहेछ । यसरी कहिलेकाहीँ हामीजस्तो मान्छेहरूले पनि शक्तिको संरचना र शक्तिको परिचालकहरूलाई गलत काम गरेर उत्साहित गर्ने गर्छौं । नेताहरूले पनि आफूलाई चित्त बुझ्ने कुरा नभन्दा यो बाठो भएछ, यो बढी जान्ने भएछ भनेर लिने गर्छन् ।

कहिले कहिले सार्वभौम र स्वायत्त भन्ने कुरा भ्रम मात्रै होकि जस्तो लाग्छ । भारतको प्रभाव नेपालमा धेरै छ । नेपालमा राजनीतिक हिसाबले मात्रै होइन,

आर्थिक हिसाबमा, सांस्कृतिक हिसाबमा पनि भारत ज्यादै प्रभावशाली रहेको छ । नेपालका सबै प्रमुख सत्ताधारीहरूको सम्बन्ध भारतको सत्ताधारीहरूसँग ज्यादै राम्रो रहेको छ । आर्थिक हिसाबले भन्ने हो भने, जिफन्टकै रिपोर्टमा मैले भेट्टाएँ, करिब करिब ३५ प्रतिशत भन्दा बढी प्रत्यक्ष विदेशी लगानी भारतबाट यहाँ भएको छ, त्यसपछि दोस्रोमा अमेरिकाको भएको छ । त्यस्तै, अरु शक्तिहरू, हामीले तिनलाई कहिलेकाहीं शक्तिको रुपमा हेर्दैनौं, तर जसले आम नेपाली जनताको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक जीवनमा प्रभाव पार्छन् । जस्तो विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष । राजनीतिक मुद्दाहरू उठाउँदा हाम्रो कहिल्यै पनि त्यहाँ दृष्टि पुगिरहेको हुँदैन । २००७ सालदेखि अहिलेसम्म हामीले बनाएको सबै योजना, बजेट, कार्यक्रम हेर्ने हो भने सबै गरीबमुखी, गाउँमुखी, जनमुखी तर हाम्रा योजनाहरू कति सार्वभौम रहे, नेपालले बनाएको योजनाहरू हाम्रो मुलुकमा कति लागू भए त ? फ्रेमवर्क सधैं वर्ल्ड बैंक, आइएमएफले सिफारिस गरेका छन् । उनीहरूले खाका बनाइदिन्छन्, त्यसमा हाम्रा योजनाकारहरू, बुद्धिजीवीहरू कन्सल्ट्यान्टको रुपमा गर्छन् । खाली कोठाहरू भरेर त्यो डकुमेन्ट पठाए पछि त्यो नेपालको, नेपाली जनताको योजना पत्र बन्छ । त्यसले गर्दा नै गरिबी, अन्याय, दमन, शोषण बढ्छ, विद्रोह, द्वन्द्व, लडाइ, युद्ध हुन्छ । यसरी विश्वबैंक, आइएमएफ (अन्तर्राष्ट्रिय मुद्रा कोष), दाताहरू, संयुक्त राष्ट्र संघहरूको भूमिका पनि मुलुकमा लोकतान्त्रिकरण गर्न, दिगो र दीर्घकालीन शान्ति स्थापना गर्नका निम्ति महत्वपूर्ण हुन्छ । त्यसकारण तिनीहरू पनि हाम्रो सन्दर्भमा शक्तिका केन्द्रहरू र शक्तिका संरचनाभित्र पर्छन् । विश्वव्यापीकरणको जमानामा यिनीहरूका नीति र कार्यक्रमले हामी सम्पूर्णका जीवनमा प्रभाव पार्ने भएकोले यिनीहरूको बारेमा पनि हामीले बुझ्नुपर्छ ।

शक्ति सञ्चालन र शक्ति रुपान्तरणको प्रक्रियाबाट अलिकति बाहिर निस्किएर हेर्ने हो भने त्रिकोणात्मक शक्ति सम्बन्धहरूले काम गरिरहेको मैले देखेको छु ।

*२००७ सालदेखि अहिलेसम्म हामीले बनाएको सबै योजना, बजेट, कार्यक्रम हेर्ने हो भने सबै गरीबमुखी, गाउँमुखी, जनमुखी तर हाम्रा योजनाहरू कति सार्वभौम रहे, नेपालले बनाएको योजनाहरू हाम्रो मुलुकमा कति लागू भए त ?*

त्रिकोणात्मक भनेको नेपाल एउटा कुनामा, अमेरिका एउटा कुनामा र भारत अर्को कुनामा । यो सम्बन्ध अन्तर्क्रियात्मक पनि छ, गतिशील पनि छ । हाम्रो अनुभवलाई अन्तिममा ल्याएर जोड्दा, हामीले जतिबेला माओवादी र सात दलको बीचमा १२ बुँदे सहमति कायम गर्‍यौं, त्यतिबेला अमेरिका यसको विरुद्धमा थियो । अमेरिका यसको विरुद्धमा हुँदाहुँदै पनि भारतलाई बुझाउन सक्यौं । यही त्रिकोणात्मक शक्ति संरचनाभित्र रहेर हाम्रो मुलुकले खेल्ने भूमिकालाई हेर्दा एउटा यस्तो स्थितिसम्म देखिन्छ कि कहिलेकाहीं अमेरिका भारत भएर आउने, कहिलेकाहीं भारतले अमेरिकालाई देखाएर हामीलाई अलग्याएर, हाम्रो स्वार्थ, हाम्रो सार्वभौमिकता र हाम्रो स्वतन्त्र पहिचानलाई चुनौती दिने कामहरू भइरहेका छन् ।

एकहप्ता अगाडिको यूएनको रिपोर्ट हेर्ने हो भने २० वटाभन्दा बढी निराश समूहहरूले मुलुकको विभिन्न कुनाबाट द्वन्द्व चर्काउन सुरु गरेका छन् । त्यो शक्ति संरचनालाई चुनौती दिनका लागि हो । यो किन भइरहेको छ भन्ने बारेमा हामी यसको रुप पक्ष र संकेतका बारेमा धेरै छलफल र बहस गर्छौं तर यसको कारणलाई चाहिँ हामी बुझ्दैन । अहिलेको सरकारले नियोजितरूपमा हिंसालाई प्रवर्धन गरिरहेको देखिन्छ । किनभने हिंसा नै संस्कृति भएको छ । मधेसको केही मान्छेहरूले केही मुद्दाहरू उठाए, हाम्रो कुरा सुनिनुपर्छ भने, सुनिएन । जब मधेसको मान्छेले घर जलाउन थाले, सालिक ढाल्न थाले, मान्छे मार्न थाले, तब मात्र वार्ता गर्न आउ भनियो । त्यति नै बेला जनजातिहरूले आफ्नो कुरा सुन्न भनिराखेका थिए । हामी पनि वार्तामा जान्छौं भन्दा त्यसलाई बेवास्ता गरियो । जब जनजातिहरूले हडताल गर्न थाले, आगो लाउन थाले, तबमात्र तिमी पनि वार्तामा आउ भनियो । अहिले दलितले हामी कुरा गर्न चाहन्छौं भनिराखेका छन् । तर टायर बालेको छैन, नेपाल बन्द गरेको छैन, त्यसैले दलितलाई अहिलेसम्म बोलाइएको छैन । यसरी राज्यको, शक्तिको, शक्तिको संरचनामा बस्ने मान्छेहरूको ध्यान तान्न मान्छे मार्नुपर्ने रहेछ, टायर बाल्नुपर्ने रहेछ, घरमा आगो लाउनुपर्ने रहेछ, सालिक ढाल्नुपर्ने रहेछ, अनि

मात्रै हुने रहेछ भन्ने खालको कुरालाई राज्यले वैधानिकरण गर्न खोजेको हो कि जस्तो लाग्छ। अहिले हामी मेलमिलापको कुरा गरिराखेका छौं। मेलमिलाप कसको बीचमा, गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल र प्रचण्डको बीचमा ? तर रोल्पा, रुकुम, सोलुखुम्बु, ओखलढुंगा, खोटाङमा जहाँ माओवादीले एमालेका मान्छे मारेका थिए, जहाँ माओवादीले काँग्रेसका मान्छे मारेका थिए, काँग्रेस-माओवादी-एमालेको भिडन्त भएको थियो, त्यो ठाउँमा मेलमिलाप कसरी गर्ने भन्ने बारे छलफल गरेका छैनौं । यति लामो समय भयो । लोकतन्त्र र शान्तिको माने काठमाडौंमा बस्ने तपाईं- हामी र दुर्गम तथा पिछडिएको गाउँमा बस्ने मान्छेको निम्ति फरक हुन्छ। हाम्रा लागि लोकतन्त्र संसदमा को जाने, को मन्त्री हुने, को प्रधानमन्त्री हुने भन्ने भइराखेको छ। तर गाउँमा बस्ने मान्छेको निम्ति लोकतन्त्र खानेपानी, सिंचाई, कुलो, भोकमरी, जीविका निर्वाहको विषय भइराखेको छ । यसलाई शक्ति संरचनाले हेर्ने कि नहेर्ने ? यसलाई शक्ति समीकरणको, शान्ति निर्माणको विषय बनाउने कि नबनाउने ? लोकतान्त्रीकरणको विषय बनाउने कि नबनाउने ? यी विषयहरू आजको शक्ति संरचना, आजको शक्ति केन्द्रले सोच्ने विषय हुन् ।



# पाउलो फ्रेरीको पुस्तक, 'पेडागोजी अफ दि अप्रेस्ड'को संक्षिप्त विश्लेषण

- गौरी प्रधान

यो पुस्तक मैले सबभन्दा पहिले सन् १९८८ मा प्रगतिशील शिक्षासम्बन्धी कार्यशाला गोष्ठीमा कार्यपत्र लेख्न सन्दर्भ ग्रन्थहरू अध्ययन गर्ने सिलसिलामा पढेको थिएँ । स्वाभाविक रुपमा करिब २० वर्ष अगाडि र अहिले पढ्दा किताबको जुन सार हो त्यो विगतमा भन्दा धेरै फरक हिसाबबाट मैले पाएको छु । मेरो प्रस्तुतिमा मूलतः अलिकति परिचय, पुस्तकको मूल आधार, त्यसले उठाएका मूल सवाल र सरोकारहरू के के हुन् र त्यसपछि राष्ट्रिय, अन्तर्राष्ट्रिय समीक्षाले त्यसलाई के भनेको छ, त्यो कुरालाई नेपालसँग जोड्न सकिन्छ कि सकिँदैन र मेरा आफ्ना सिकाइहरूको बारेमा हुनेछन् । यो अलि दार्शनिक विषयवस्तुमा केन्द्रित छ । यसलाई सामाजिक रुपान्तरणको लागि क्रियाशील संवादमा आधारित शिक्षण विधि भनेर मैले बनाएको छु ।

यो किताब पहिले पोर्चुगिज मूल भाषामा निस्केको हो तर पछाडि धेरै भाषाहरूमा अनुदित भएको छ । यसको बिक्री वितरण हालसम्म करिब १० लाख भइसकेको अनुमान गरिन्छ । यसका लेखक ब्राजिलका नागरिक हुनुहुन्छ । उहाँको जन्म १९२१ मा भएको थियो । अहिले उहाँको मृत्यु भइसकेको छ । उहाँको वर्गीय पृष्ठभूमि गरीब तथा सर्वहारा हो, तर कतिपय ठाउँमा निम्न मध्यम वर्ग भनेर पनि लेखिएको छ । उहाँले शिक्षाशास्त्रमा १९५९ मा विद्यावारिधी गर्नुभएको थियो । उहाँको विशेषज्ञता शिक्षाको इतिहास र दर्शन हो । उहाँले आफ्नो किताबमा मार्क्सको सन्दर्भ पनि धेरै चोटि जोड्नु भएको छ । १९६४ को सैनिक विद्रोहको दौरान उहाँ जेल पर्नु भएको थियो । त्यसपछि उहाँ निर्वासनमा चिली जानुभयो । यो किताब त्यही बेला उहाँले प्रकाशित गर्नुभएको हो । उहाँका प्रमुख कृतिहरूमा पेडागोजी अफ द अप्रेस्ड, पेडागोजी अफ होप र पेडागोजी अफ द फ्रिडम हुन् । उहाँको मुख्य योगदान चाहिँ साक्षरता र शैक्षिक जागरणको माध्यमबाट सामाजिक रुपान्तरणमा रहेको छ । यसको मुख्य सन्देश परिवर्तन भन्ने कुरा सम्भव मात्रै होइन अनिवार्य पनि छ भन्ने हो । तर मानिसमा आफ्नै मेहनतले समाजमा विद्यमान आर्थिक

*स्वतन्त्रता र मुक्ति सम्भव छ तर अरु कसैले ल्याइदिएको मुक्ति दिगो हुँदैन । मानिस शोषण र उत्पीडनको जञ्जालबाट मुक्त हुन सबैभन्दा पहिला आफ्नो दिमागलाई सबैखाले भय र पराधीनताबाट मुक्त गर्न जरुरी छ ।*

सामाजिक र राजनीतिक सम्बन्धहरूमा ल्याएको चेतनाले मात्रै त्यो सबल र दिगो हुन्छ। स्वतन्त्रता र मुक्ति सम्भव छ तर अरु कसैले ल्याइदिएको मुक्ति दिगो हुँदैन। मानिस शोषण र उत्पीडनको जञ्जालबाट मुक्त हुन सबैभन्दा पहिला आफ्नो दिमागलाई सबैखाले भय र पराधीनताबाट मुक्त गर्न जरुरी छ। त्यसपछि मात्र त्यसले मुक्ति ल्याउन सक्दछ भन्ने उहाँको सन्देश हो। यो किताब उत्पीडितहरूका साथै उनीहरूको साथमा बाँच्ने र उनीहरूको पक्षमा लड्नेहरूको निम्ति समर्पण गरिएको छ। यो पुस्तकमा लेखकले मूलतः उत्पीडक र उत्पीडितहरूको सम्बन्ध, शक्ति सम्बन्ध र त्यसका विभिन्न चरणहरूलाई उल्लेख गर्नुभएको छ । भोक, गरिबी, उत्पीडनविरुद्धको सङ्घर्षलाई अग्रगति दिन र समाजमा सकारात्मक परिवर्तन ल्याउन यस पुस्तकले सिङ्गो विश्वमा नै एक खालको तरङ्ग पैदा गरेको छ।

पुस्तकका विषयवस्तुहरू चारभागमा विभाजित छन्- उत्पीडनबाट मुक्तिको सिद्धान्त, मानवीयकरणको सवाल, क्रियाशील संवादमा आधारित शिक्षा, परिवर्तनका निम्ति द्वन्द्वात्मक प्रक्रिया। लेखकले यो किताबमा उत्पीडित वर्ग र समुदायहरूको स्वायत्तता, स्वतन्त्रता र सहभागिताको मूल आधार के के हुनुपर्दछ भन्ने कुराको सैद्धान्तिक बहस अगाडि सार्नुभएको छ । साथै, उहाँले युगौंदेखि चल्दै आएको उत्पीडक र उत्पीडितहरूको शक्ति सङ्घर्षको अन्तरवस्तु र त्यसलाई बुझ्ने तरिकाबारे आफ्नो सोच प्रस्तुत गर्नुभएको छ । पाउलो फ्रेरीको भनाइमा उत्पीडितहरूलाई सपना बाँडेर ल्याएको परिवर्तन वास्तवमा दिगो र प्रभावकारी हुँदैन । परिवर्तन व्यक्ति वा समुदायले आफ्नै दैनिकी र अनुभवहरूबाट सिकेका शृङ्खलाबद्ध शिक्षण विधिबाट मात्रै सम्भव छ। आफ्नो वास्तविक जीवनबाट टाढा रहेर बुनेका सपनाहरूबाट बनेका परिवर्तनहरू यथार्थमा सही र टिकाउ हुँदैनन् । उहाँको भनाइमा संसारमा विद्यमान उत्पीडनको स्वरुप र संरचना वास्तवमा उत्पीडकहरूमा विद्यमान विशेषताबोध, उन्माद र उत्पीडितहरूमा विद्यमान हीनताबोधको भावनाबाट संरक्षित र समृद्ध रहेको छ। यी दुबै वर्गहरूमा विद्यमान

अवास्तविक र अप्राकृतिक सोचको कारण मानवताको सवाल दिनानुदिन खस्किँदै गइरहेको छ । उहाँले यो किताबमा धेरै यस्ता नयाँ शब्दहरू प्रयोग गर्नुभएको छ, ती शब्दको अर्थ शब्दकोषमा पनि पाइदैन । उहाँ भन्नुहुन्छ- मुक्तिकामीहरूको दिमागमा जहिले पनि पहिलेका उत्पीडकहरूको छायाँ परिराखेको हुन्छ र त्यो रहेसम्म मुक्तिकामी नेताहरूले पनि वास्तवमा उत्पीडनबाट समुदायलाई मुक्त गर्न सक्दैनन्, स्वतन्त्रताको डर पनि मान्छेमा छ ।

पाउलोको भनाइमा उत्पीडितहरूसँग आफ्नो मुक्तिको निम्ति दुईवटा मुख्य बाटाहरू छन् । यसको निम्ति सबैभन्दा पहिले उत्पीडितहरूले आफूमाथि भइरहेको उत्पीडनको भार, त्यसको स्वरुप र प्रक्रियालाई गहन ढङ्गले बुझ्न सक्नु पर्दछ । यसको बुझाइ जति गहन हुन्छ, उत्पीडन विरुद्धको सङ्घर्षमा त्यसको प्रतिविम्ब पनि त्यत्तिकै सशक्त र जागरुक हुन्छ । दोस्रो कुरा, वास्तवमा यस्तो अवस्थाको सिर्जना होस्, जहाँ एकातिर उत्पीडितहरू उत्पीडनको पीडाबाट मुक्त हुन्छन् भने उत्पीडकहरू अरुलाई उत्पीडन गर्न आफ्नै विकास र सुरक्षाको निम्ति पनि हानिकारक हुने भन्ने महसुस गर्छन् ।

उहाँको तर्क छ- उत्पीडन भन्ने कुरा आधारभूत रुपमै एउटा हिंसा हो । हिंसा कसैको पनि हितको कुरा होइन । यसले अन्ततः प्रतिहिंसालाई निम्त्याउँछ । यो तथ्य उत्पीडकले बुझ्के भने उत्पीडन गर्दैनन् । मानव जीवनमा वास्तविक मुक्ति तबमात्रै सम्भव छ, जब उसले आफ्नो दिमागबाट उत्पीडकको तस्बीरलाई खारेज गर्दछ र आफ्नो स्वायत्तता र जिम्मेवारीलाई सचेत ढङ्गले अङ्गिकार गर्दछ । उत्पीडकको तस्बीर दिमागमा राखेर मुक्ति खोज्नु भोलिको निम्ति सिर्जनशील कुरा होइन । त्यसबाट टाढा हुन सकिन्छ या नयाँ रुपमा जान सकिन्छ । तर भोलिको सपना सोच्नु पर्दछ, उत्पीडकको तस्बीर होइन । उत्पीडितहरूको सबैभन्दा ठूलो कमजोरी आफ्नो जीविका र विकास उत्पीडकहरूको विवेकमाथि भर परेको महसुस

*यथार्थमा उत्पीडकहरू यति कमजोर हुन्छन् कि उनीहरू उत्पीडितहरूको सहयोग बिना आफूलाई कहिल्यै पनि सुरक्षित र व्यवस्थित महसुस गर्न सक्दैनन् ।*

गर्नु हो । यथार्थमा उत्पीडकहरू यति कमजोर हुन्छन् कि उनीहरू उत्पीडितहरूको सहयोग बिना आफूलाई कहिल्यै पनि सुरक्षित र व्यवस्थित महसुस गर्न सक्दैनन् । उत्पीडकहरूको धन-दौलत र प्रतिष्ठा सबै वास्तवमा उत्पीडितहरूको दया, माया, विवेकमा भर परेको हुन्छ । उत्पीडितहरू जब सङ्गठित भएर उत्पीडन विरुद्ध जागेर उठ्छन्, तब उनीहरू एकैचोटि दरबार र महलको ऐसआरामबाट भुईंमा पछारिन पुग्छन् । उत्पीडकहरूलाई आफू सक्षम, सबल र आरामले ओतप्रोत छौं भन्ने भ्रमजालबाट मुक्त गर्न पनि उत्पीडितहरू सचेत, सजग र सङ्गठित हुन जरुरी छ । पाउलो भन्नुहुन्छ- उत्पीडकहरू उत्पीडितहरूको सहयोगबिना आफ्नै पौरखमा कहिले पनि उत्पीडन गर्न सक्दैन । उत्पीडितहरूको सहयोगबिना कुनै पनि उत्पीडक कसैलाई पनि शोषण गर्न जाँदैन । किनभने उसले जुत्ता पालिस गर्न जानेको हुँदैन ।

मानव अस्तित्व मौनतामा सम्भव छैन । उत्पीडितहरूले मौनताको संस्कारलाई तोड्नु पर्दछ । उहाँको भनाइमा उत्पीडकहरू सामान्यतया कहिल्यै आफै रुपान्तरित हुँदैनन्, त्यसको लागि उत्पीडितहरूले नै सचेत सङ्घर्षलाई अगाडि बढाउन सक्नु पर्दछ । यसमा हरेक मानिसले उदाइरहेका नेताहरूमा आफूलाई पाउनैपर्छ र नेताहरूले पनि आफूलाई जनतामा पाउनुपर्छ ।

उहाँले अहिलेको शिक्षा प्रणालीलाई बैंकिङ एडुकेसन भनेर नामाकरण गर्नुभएको छ । बैंकिङ एडुकेसन भनेको विद्यार्थीको दिमाग बैंकको बचत खाता जस्तो हो, जहाँ शिक्षकले चाहेको बेला पैसा राख्छ र नचाहेको बेला झिक्छ । त्यस्तो शिक्षा हामीले पढिराखेका छौं- उहाँ भन्नुहुन्छ । संसारमा भइरहेको जतिपनि शोषण र उत्पीडनको जालो छ, त्यसको मूल स्रोत वर्तमान शिक्षाको स्वरुप, त्यसको जनविरोधी उद्देश्य र सिक्ने सिकाउने विधि हो । त्यसलाई नै उहाँले बैंकिङ अवधारणामा आधारित शिक्षा भन्नुभएको हो । यसप्रकारको शिक्षाले राष्ट्रियता, राष्ट्रिय अर्थतन्त्र, राष्ट्रिय

पहिचान, उत्पादकत्वको वृद्धि र त्यसमा मजदुर वर्गको पहुँचभन्दा औपनिवेशिक र साम्राज्यवादी सोचलाई बढावा दिने पाठ्यपुस्तक, पाठ्यक्रम र सिक्ने सिकाउने विधि तय गरेको हुन्छ। यस्तो किसिमको शिक्षाले मानिसलाई स्वतन्त्र र स्वायत्त नबनाई दास बनाउने काम गर्दछ। मानिसका सिर्जनशील दिमागहरूलाई शिक्षा र तालिमको माध्यमबाट दास बनाउने उपायलाई पुँजीवादी र दक्षिणपन्थी तत्वहरूले व्यवस्थित ढङ्गले अगाडि बढाइरहेका हुन्छन् । जसलाई विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोश, विश्व व्यापार सङ्गठन जस्ता पुँजीवादी आर्थिक संस्थाहरूले पृष्ठपोषण गरिराखेका हुन्छन् । अहिलेको शिक्षाले शिक्षकलाई विषय र विद्यार्थीलाई वस्तु बनाएको छ । यसप्रकारको शिक्षाको सिक्ने सिकाउने विधि असाध्यै अवैज्ञानिक र विद्यार्थीको सिर्जनशीलतालाई साँघुरो पार्ने खालको हुन्छ । यस्तो शिक्षाले विद्यार्थीलाई स्वतन्त्र, स्वायत्त र सक्षम बनाउँदैन, बरु उत्पीडकहरूको स्वार्थ परिपूर्तिको साधन बनाउँछ । यो शिक्षाले शिक्षकको दिमागमा भएको कुराहरू विद्यार्थीको दिमागमा सार्ने प्रयत्न गर्दछ र शिक्षक जान्ने र विद्यार्थी नजान्ने, शिक्षक विषय र विद्यार्थी वस्तु बनेको हुन्छ। त्यसैले यदि हामीले उत्पीडकहरूबाट साँचो अर्थमा मुक्ति चाहेको हो भने वर्तमान शिक्षा प्रणालीमा आमूल परिवर्तन ल्याउनु अति जरुरी छ।

पाउलो भन्नुहुन्छ- “संवाद बिना सञ्चार हुँदैन र सञ्चार बिना सही शिक्षा हुँदैन। सार्थक शिक्षा शिक्षक र विद्यार्थीको लोकतान्त्रिक सम्बन्ध र सहकार्यमा आधारित हुने गर्दछ। यसले बालबालिकालाई दृष्टिकोणमुखी, फराकिलो, वास्तविकतालाई थाहा दिने, समालोचनात्मक, सकारात्मक र उत्पादनशील बनाउँछ। कुनैपनि समस्या र त्यसको समाधानको कुरा गर्दा हामीले समस्याको सही पहिचान र ज्ञानको यथार्थ जान्न सक्नु पर्दछ । र, सो कुरा संवादमा आधारित अध्ययन र अनुसन्धानबाट मात्रै सम्भव हुन्छ।” सिद्धान्तहरूको व्यावहारिक रुपान्तरणको बारेमा उहाँले ‘वर्क इज इक्वेल टु वर्क’ (काम बराबर काम) भन्ने फर्मुला ल्याउनुभयो र सिद्धान्तहरू

*उत्पीडित वर्गले . . . उत्पीडकहरूले अङ्गिकार गरेको संस्कार विरुद्ध संवादमा आधारित सहयोग, सङ्गठन, सहकार्य, एकता र सांस्कृतिक संश्लेषणलाई बढाउन सक्नु पर्दछ ।*

व्यवहारमा रुपान्तरण हुनको लागि कार्यप्रक्रियामा वास्तविकताको प्रतिविम्बन हुन जरुरी छ भन्नुभयो । सामाजिक रुपान्तरणको कुरा गर्दा विद्यमान सामाजिक आर्थिक र राजनीतिक अन्तरविरोधहरूको व्यवस्थित ढङ्गले अध्ययन नगरिकन, त्यसलाई नबुझिकन नयाँ व्यवस्था सिर्जना गर्न खोज्नु राम्रो कुरा होइन । कुनै नयाँ व्यवस्था सिर्जना गर्नको निम्ति हामीले पनि सामाजिक- आर्थिक (सोसियो इकोनोमिक) र सांस्कृतिक प्रत्याभूतिलाई बुझ्न जरुरी छ भन्ने उहाँको तर्क छ । यसको निम्ति गहन सिकाइका प्रक्रियाहरू अपनाउनु पर्दछ ।

चिलीमा ४ वर्ष ६ महिना निर्वासनमा बस्दा उहाँले ब्राजिलका किसानहरूबीच सञ्चालन गरेको सम्वाद र ज्ञानमा आधारित जनसाक्षरता अभियानबाट प्राप्त अनुभव र कामको प्रतिविम्बन नै यो किताव पेडोगोजी अफ द अप्रेस्ड हो । खाली किताबी ज्ञानको आधारमा होइन, व्यवहारमा नै आफू किसानहरूको बीचमै गएर त्यहाँबाट सिकेको ज्ञानहरूलाई आधार बनाएर लेखेको भन्ने उहाँले पुष्टि गर्न खोज्नुभएको छ । उहाँले प्रेमको सिद्धान्तको बारेमा कुरा उठाउनु भएको छ । जसले यो जगत, जीवन र जनतालाई माया गर्न जान्दैन, उसले वास्तविक संवादमा प्रवेश गर्न पनि सक्दैन । उसले क्रान्तिको मूल कुरालाई बुझ्न र बुझाउन पनि सक्दैन । सामाजिक रुपान्तरणको बाटोमा सचेतीकरण, मानवीकरण र परिवर्तनको प्रक्रियालाई सफल र प्रभावकारी बनाउनु छ भने हामीले प्रगतिशील शिक्षाको अवधारणालाई अङ्गिकार गर्नु पर्दछ । तर यस्तो कुरा सही क्रियाशील संवादबिना संभव हुँदैन । त्यसको निष्कर्षहरूमा उत्पीडकहरूले सयौं र हजारौं वर्षदेखि संवादहीन संस्कारको आडमा जाल, झेल, तिकडम, सांस्कृतिक हस्तक्षेप, 'फुटाउ र शासन गर' को सिद्धान्तअनुसार आफ्नो शक्ति, प्रतिष्ठा र सम्पत्तिलाई जोगाइरहेका छन् । त्यसैले उत्पीडित वर्गले क्रान्ति वा सामाजिक रुपान्तरणलाई साँचो अर्थमा अगाडि बढाउनु छ भने उत्पीडकहरूले अङ्गिकार गरेको संस्कार विरुद्ध संवादमा आधारित सहयोग, सङ्गठन, सहकार्य, एकता र सांस्कृतिक संश्लेषणलाई बढाउन सक्नु पर्दछ ।

सामाजिक रुपान्तरणको निम्ति सबैभन्दा महत्वपूर्ण कुरा उत्पीडितहरूमा आफ्नो शक्ति माथिको भरोसा र संसार परिवर्तन गर्छु भन्ने दृढता र दृष्टिकोण हुनु पनि हो । यसको निम्ति उनीहरूमा आसा, भरोसा र विश्वास हुन अति जरुरी छ ।

पुस्तकको समीक्षा र टिप्पणीको सम्बन्धमा केही अन्तर्राष्ट्रिय विद्वानहरूको केही शब्दहरू मैले यहाँ उल्लेख गरेको छु । बीसौं शताब्दीको अन्तिम चौथाइको सुरुवातकै अवस्थामा सुरु भएको सामाजिक रुपान्तरणको निम्ति संवादमुखी शैक्षिक जागरण र अनुभवमा आधारित दृष्टिकोण पेडागोजी अफ द अप्रेस्ड विश्वका उपनिवेशवादी र साम्राज्यवादी तत्वहरूलाई थर्काउने एउटा सशक्त माध्यम, राजनीतिक रुपमा जनताका पक्षमा अभिप्रेरित गर्ने सो पुस्तकलाई इभार इलिचले साँचो अर्थमा क्रान्तिकारी शिक्षण विधि भन्नुभएको छ। सारा हेन्ड्रिक्सले सन् १९९० र त्यसपछाडिको उत्तरआधुनिक विश्वलाई सम्बोधन हुने खालको समालोचनात्मक सन्देश बोकेको एक सशक्त पुस्तक हो भनेर व्याख्या गर्नुभएको छ । बर्कत शाह काकरले पुस्तक प्रकाशनको ३ दशकभन्दा बेसी अवधिपछाडि पनि पेडागोजी अफ द अप्रेस्ड समालोचनाको संसारमा अहिले पनि जागरुक रहेको र साँचो अर्थमा थुप्रै नयाँ विचारकहरूको निम्ति आधार बनेको भन्नुभएको छ ।

तर यसका केही आलोचक र विरोधीहरू पनि छन् । यो पुस्तक प्रकाशित भएको सुरुवातकै दिनदेखि केही सवालहरूमा विश्लेषकहरूले उक्त पुस्तकको अवधारणालाई लिएर कडा टिप्पणी र आलोचना गरेका छन् । जुन टिप्पणीहरू अहिले नेपालको सन्दर्भमा पनि सान्दर्भिक छ । उनीहरूको भनाइमा पेडागोजी अफ द अप्रेस्ड परम्परागत वर्गीय दृष्टिकोणमा मात्रै आधारित छ । पाउलो फ्रेरीले क्रान्ति र सामाजिक रुपान्तरणको कुरा गर्दा लैंगिक धारणा, जात, जाति, जनजाति, भाषा र बहुवर्गीय सामाजिक संरचनालाई नजरअन्दाज गर्न खोजेको भन्दै समीक्षकहरूले तीव्र आलोचना गरेका छन् । तर, यदि समाजमा सामाजिक न्याय, स्वतन्त्रता र

*शिक्षा र साक्षरताको माध्यमबाट समाजमा रुपान्तरण ल्याउने हो भने राष्ट्रिय शिक्षा पद्धतिको लक्ष्य, उद्देश्य र कार्यक्रममा व्यापक फेरबदल गरी जनपक्षीय बनाउनु पर्दछ ।*

मानवअधिकारका विषयलाई प्राथमिकता दिइएन भने त्यो बिनाको सामाजिक रुपान्तरण दिगो र प्रभावकारी हुने छैन भन्ने उहाँको टिप्पणी रहेको थियो ।

मलाई लाग्छ, पेडागोजी अफ द अप्रेस्ड विश्वका सम्पूर्ण मुक्तिकामी जनताको निम्ति एउटा प्रभावकारी सशक्त सन्दर्भसामग्री हो । हुन त, उपरोक्त पुस्तकको मूल विषय शिक्षा र साक्षरता जागरण, सिक्ने सिकाउने विधि, सिकाइ र अनुभवहरूमा आधारित छ, तर यसले शिक्षा शास्त्रका विषयवस्तुहरू मात्रै सम्बोधन नगरी समाजशास्त्र र राजनीतिशास्त्रका विषयवस्तुहरूसँग पनि बलियो अन्तरसम्बन्ध कायम गरेको छ । शिक्षा र साक्षरताको माध्यमबाट सामाजिक रुपान्तरण गर्न चाहनेको निम्ति यो पुस्तक उत्साहको एउटा बलियो स्रोत बनेको छ । एकातिर हाम्रो देश नेपालमा राष्ट्रिय मूलधारको शिक्षामा गरीब तथा असमावेशी समुदायको पहुँच र सहभागितालाई प्रभावकारी बनाउन सकेका छैनौं भने अर्कोतिर शिक्षामा गुणस्तरीयता, मौलिकता, सान्दर्भिकता र जनपक्षीयताको व्यापक कमी रहेको देखिन्छ । तसर्थ, शिक्षा र साक्षरताको माध्यमबाट समाजमा रुपान्तरण ल्याउने हो भने राष्ट्रिय शिक्षा पद्धतिको लक्ष्य, उद्देश्य र कार्यक्रममा व्यापक फेरबदल गरी जनपक्षीय बनाउनु पर्दछ । पाउलो फ्रेरीले भने झैं नेपालको शिक्षा प्रणाली बैंकिङ्ग शिक्षा प्रणालीमा आधारित छ । तसर्थ हालको शिक्षाको स्वरुप र सिक्ने सिकाउने विधिलाई सहभागितामूलक र संवादमूलक बनाउन, समस्याको समाधान र आवश्यकतामा आधारित बनाउन व्यापक रुपान्तरण गर्नु पर्दछ । राष्ट्रिय विकासको सवालमा विशेष गरी महिला, दलित, जनजाति, मधेसी, अपाङ्ग तथा अन्य सीमान्त समुदायका मानिसहरूलाई सामाजिक समावेशीकरणको आधारमा संवाद र अन्तरक्रियाको माध्यमबाट मूलप्रवाहीकरण गरी सामाजिक रुपान्तरण गर्नु पर्दछ । परिवर्तित राजनीतिक परिवेशको सन्दर्भमा नेपाल अहिले संघीय, समावेशी र लोकतान्त्रिक गणतन्त्रात्मक दिशामा अगाडि बढिरहेको हुँदा हामीले हाम्रो सामाजिक अन्तरविरोधहरूको विश्लेषण गर्दा मित्र शक्ति को हुन्, शत्रु पक्ष

को हुन्, सत्य तथ्यको आधारमा छुट्याउनु पर्दछ । सामाजिक रुपान्तरणको निम्ति कोरा सिद्धान्तको पछाडि नलागी सत्य, तथ्य र ज्ञानमा आधारित जानकारी, ज्ञान र विज्ञानमा आधारित अध्ययन, विश्लेषण, जनपक्षीय शक्तिहरूको बीचमा बृहत्तर एकता, समझदारी र सहयोगको भावना प्रवाहित गर्ने, उनीहरू बीच निरन्तर संवाद, अन्तरक्रिया र सहकार्य गर्दै मौनताको संस्कारलाई अन्त गर्न अगाडि बढ्नु पर्दछ ।

'अब के गर्ने' भन्ने लेनिनको महत्वपूर्ण रचनाहरूको सङ्ग्रहमा उहाँले भन्नुभएको छ- 'एउटा क्रान्तिकारी विचारको अभावमा कहीँ पनि क्रान्तिकारी परिवर्तन हुन सक्दैन ।' नयाँ नेपालको सन्दर्भमा त्यो क्रान्तिकारी विचार के हो । जसले उत्पीडितहरूलाई अझै सशक्त र सबल हुन र उत्पीडकहरूलाई उनीहरूको वास्तविक तस्बीर थाहा दिन मद्दत गर्दछ । हामीले त्यस्तो कुन सोच र संवादलाई अङ्गिकार गर्नु पर्दछ जसले उत्पीडितहरूलाई हीनताबोधबाट र उत्पीडकहरूलाई ठालूपनबाट मुक्त गर्दछ र समाजमा दिगो शान्ति स्थापना गर्दछ । क्रान्ति र परिवर्तनका नेताहरू यदि जनतासँग गतिशील संवाद गर्दैनन् र सामाजिक अन्तरविरोधहरूको ठोस र वैज्ञानिक विश्लेषण नगरी कठमुल्लापनको आधारमा मात्रै नेतृत्व गर्छन् भने त्यस्ता नेताहरूबाट वास्तविक क्रान्ति र सामाजिक रुपान्तरण सम्भव छैन ।

हाम्रो समाजमा बिस्तारै मौनताको संस्कृति तोड्दै जनताले आवाज दिन थालेका छन् । तर, सामाजिक परिवर्तनको दौरान समाजमा हुने हानी, नोक्सानी र विध्वंसहरूको कसरी न्यूनीकरण गर्ने, क्रान्तिलाई हिंसात्मक आक्रमण र प्रतिरोधमा भन्दा व्यापक जनताको सहभागितामा आधारित शान्तिपूर्ण जनआन्दोलनको माध्यम बनाउने र सबैको स्वामित्व, सहभागिता र पहुँच हुने खालको परिवर्तनलाई दिगो कसरी बनाउने ? यो किताब र अनुभवबाट प्राप्त सिकाइहरूका आधारमा मैले यो प्रस्तुतिको निचोड यसरी निकालेको छु ।

*हाम्रो समाजमा बिस्तारै मौनताको संस्कृति तोड्दै जनताले आवाज दिन थालेका छन् ।*

जगतको बारे सोचौं, तर आफ्नै धरातल बनाऔं, मौनताको संस्कारलाई तोडौं, दिमागलाई स्वतन्त्र बनाऔं । मुक्तिको लागि लडौं । चेतनालाई जगाऔं र भ्रमलाई तोडौं । द्वन्द्वात्मक संवादलाई जगाऔं, विवादलाई घटाऔं, परोपकारले परिवर्तन ल्याउँदैन, श्रमलाई सम्मान गरौं, शोषणलाई परास्त गरौं । पुस्तान्तरणलाई तोडौं, सामाजिक रुपान्तरणको प्रक्रियासँग जोडौं । विविधतालाई सम्मान गरौं, ऐक्यबद्धतालाई जगाऔं । सुनुवाइलाई जगाऔं, प्रवचनलाई घटाऔं, अन्धकारलाई नसरापौं, उज्यालोलाई जगाऔं । अन्तिममा, पाउलो फ्रेरीको एउटा भनाइ पेश गर्छु- 'कुनै पनि व्यक्ति तबसम्म मानव बन्न सक्दैन जबसम्म उसले अर्को व्यक्तिलाई मानव बन्नै दिंदैन ।'



# नेपालमा रहेको सामन्ती संस्कार, रुढीवादी परम्परा र उपेक्षित संस्कृति– एक विश्लेषण

– मोदनाथ प्रश्रित

नेपाली संस्कृतिको बनोट कस्तो छ भन्ने विषयमा अलिकति बताएपछि मात्रै हाम्रो आधुनिक संस्कृतिको रुप कस्तो होला, के के राख्नु पर्ला, के के छोड्नु पर्ला, भन्ने कुरातिर जान सकिन्छ भन्ने लाग्छ । परम्परादेखि भनिँदै आए पनि अहिले मार्क्सवादी कोणबाट नभनिएको विषयबाट म सुरु गर्न चाहन्छु । सामान्तवादी संस्कृतिमा आउनको लागि त्यसभन्दा पहिलेबाट थालनी गर्नुपर्छ । सबैले जानेकै कुरा हो कि सभ्यता अघि अघि हिंड्छ र संस्कृति पछि पछि बन्छ । सभ्यता बनाउन सकिन्छ, संस्कृति बनाउन सकिन्न, बन्दै जान्छ । संस्कृति बनाउँछु भन्नेहरू प्रायः त्यति सफल भएका छैनन् । माओ त्सेतुङले सांस्कृतिक क्रान्ति गर्छु भन्दा सकेनन् । संस्कृति बनाउने भन्दा हाम्रा कामले बन्ने विषय हो । त्यसो भएर संस्कृति धेरै पछिसम्म रहन्छ । सभ्यता पहिले आउँछ र पछिबाट अलि चाँडै भत्कन्छ ।

नेपाली संस्कृतिका आधारहरू के हुन् भन्दा हाम्रो समाजको अहिलेको बनोट जस्तो छ, संस्कृतिको प्रतिविम्ब स्वभावतः त्यस्तै हुन्छ । संसारमा हाम्रो नेपाल जस्तो मानवसभ्यता र संस्कृतिको विचित्र सङ्ग्रहालय अन्त कतै छ कि छैन? नेपालमा ७-८ वटा सभ्यता र संस्कृतिहरू जीवित छन् । जंगलमा नितान्त घर नबनाइकन हिंड्ने राउटे एक चरण, जंगलबाट गुफाभित्र पसेका र अझै गुफाबाट निस्कन नभ्याएका चेपाङ दोस्रो चरण । अनि, पशुपालकको युगमा गोठमा बस्ने हिमाली क्षेत्रका शेर्पाहरू । हाम्रो समाज अहिले सामन्ती छ । दासप्रथाका रुपहरू जीवित छन् र सामन्ती समाजबाट पुँजीवादतिर संक्रमण गर्ने प्रक्रियामा छ । समाजवादी सोचहरू मात्रै आएका छन् । यो सन्दर्भमा हामीले संस्कृतिको बाटो निरुपण गर्नु परेको छ । तर, परम्परागत संस्कृतिलाई नचिनिकन वर्तमान संस्कृतिलाई चिन्न सकिंदैन र भावी संस्कृतिको बारेमा मार्ग निर्धारण गर्न गाह्रो पर्छ ।

म देवी संस्कृतिबाट सुरुवात गर्छु। संस्कृतिको कुरा गर्दा मातृसत्तात्मक समाजलाई म देवी संस्कृति भन्छु। विशेष गरेर अहिले जनजातिका आवाज उठेको सन्दर्भमा हाम्रो नेपालमा बस्ने विभिन्न जाति/जनजातिहरूले आफ्नै संस्कृतिको स्वरुपलाई पनि बुझ्न सकेनन्। बुझ्न नसक्दा मेरो संस्कृतिलाई तेरो र तेरो संस्कृतिलाई मेरो भन्ने भएको छ। यद्यपि, संस्कृति साझा भइसकेको छ। हाम्रो राष्ट्र एउटा हो र सबैका संस्कृति साझा भइसकेका छन्। तैपनि आफ्नो उद्गमका दृष्टिकोणले जुन जुन जातिका संस्कृतिका स्रोत जे हुन्, त्यो आ-आफ्नो ठाउँमा चिन्ने हो भने त्यसलाई सार्वजनिकीकरण र राष्ट्रियकरण गर्न सजिलो हुन्छ।

यस दृष्टिकोणले देवी संस्कृति अर्थात अति आदिम मानव सभ्यता, जंगल संस्कृतिको पनि अति प्राचीन अवस्थाबाट मैले यो उठान गरेको छु। अहिले हामी नारी उत्थानको कुरा गरिराखेका छौं। तर यही समाज हो जहाँ हामी नारीको नाममा गुह्येश्वरीमा गएर नारीको गुप्तांगलाई ढोग्छौं। हुन त नारी आमा हुन्, हामी जहाँबाट आएका हौं, त्यसलाई ढोग्नु कुनै आश्चर्य हैन। तर, जसलाई अहिले दासी ठान्छौं उनलाई हामीले त्यहीं गएर पुजेका छौं। हामी मनकामना जान्छौं। गोरखकाली जान्छौं। तपाईं नेपालमा जहाँ पनि जानुहुन्छ, पहिले देवीलाई ढोग्नु हुन्छ। त्यत्रो ढोग्ने गरेको सभ्यतालाई लात हान्ने ठाउँमा हामी कसरी पुग्यौं ? हामी मातृसत्तात्मक संस्कृति, सभ्यता भनेर भन्छौं। त्यसैको अवशेष हाम्रो समाजमा छन् र मातृतन्त्रका अवशेषको रुपमा हाम्रो समाजमा अहिलेसम्म पनि मामाचेला र फुपूचेली विवाह गर्न सक्ने सभ्यता छ। भाउजूसँग देवरले विवाह गर्ने सभ्यता छ। पाँचवटा पति राख्ने सभ्यता छ। यो सभ्यताले बिल्कुल आदिम संस्कृतिको प्रतिनिधित्व गर्छ। यो जीवित छ। तर राउटे सभ्यताको कुरा गर्दा उनीहरू, एकचोटि सभ्य समाजमा आएर विभिन्न कारणले विस्थापित भएर फेरि जंगलमा पसेका रहेछन्। त्यसो हुँदा जंगलवासी भएर पनि उनीहरू चेपाङभन्दा नयाँ हुन्। उनीहरूमा विधवा प्रथा पनि छ। राउटेलाई एकनम्बरमा राख्न उचित छैन। जंगलवासी भने पनि

*आफ्नो ढङ्गमका दृष्टिकोणले जुन जुन जातिका संस्कृतिका स्रोत जे हुन्, त्यो आ-आफ्नो ठाउँमा चिन्ने हो भने त्यसलाई सार्वजनिकीकरण र राष्ट्रियकरण गर्न सजिलो हुन्छ ।*

हाम्रो देशको सबैभन्दा आदिम युगलाई प्रतिनिधित्व गर्ने संस्कृति हो । जो चेपाङ गुफाबाट निस्कन मानिराखेका छैनन् । तपाईं जुनसकै जनजातिमा, आदिम खालको जनजातिकोमा जानुभयो भने त्यहाँ देवीलाई स्थापना गरेको देख्नु हुन्छ । यद्यपि देवीलाई अरुले पनि पूजा गर्छन् । तर मनकामनामा जानुभयो भने त्यहाँ मगर जातिले पूजा गरेको देख्नुहुन्छ । पूर्वतिर राई जातिले पूजा गरेको देख्छौं । त्यसो भएर जनजाति मातृसत्ता नजिक छ । स्वभावतः जनजातिभित्र महिलाहरूको स्थान उच्च छ । त्यसो भएर देवी पूजा गर्ने ठाउँमा ऊ छ ।

दोस्रो चरणमा हामीहरू जब जान्छौं, त्यसमा गुठीहरू पनि छन् । सबै मन्दिरमा गुठीहरू छन्, अर्थात त्यहाँ सामुदायिक सम्पत्ति छ । मन्दिरको पूजाको लागि आदिम समाजमा जुन सामुदायिक सम्पत्ति थियो, अहिले त्यहाँ पनि केही गुठीको रुपमा, केही विर्ताको रुपमा, केही कुसविर्ताको रुपमा विभिन्न मन्दिरमा गुठीहरू छन् । त्यसले आदिम सामुदायिक सम्पत्तिको पनि विवरण दिन्छ । यसरी, जनजाति क्षेत्रमा महिलाहरूको जुन उच्च स्थान छ, यसले के सावित गर्छ भने त्यो आदिम मातृतन्त्रात्मक संस्कृतिको निकटतम छ । म गौर जेलमा बसेको थिएँ, त्यो जनजातीय क्षेत्र हो । त्यहाँ बाहिरतिर मन्दिर छ । त्यो मन्दिरमा १० अवतारको मूर्ति राखिएको छ । मन्दिरको नाम छ जेलियामाई । देउतालाई पनि उनीहरूले देवीको नामबाट पुकारिरहेका छन् । यो संस्कृतिको एउटा चरण हो, त्यो हाम्रो देशमा जीवित र शक्तिशाली छ । हामीले नेपालका जनजातिलाई कति शिक्षित गर्न सकेका छौं ? आदिम संस्कृतिबाट आधुनिक संस्कृतिमा ल्याउन कत्तिको कोसिस गरेका छौं ? बारा जिल्लाको गडीमाईमा गएर हेर्नु भयो भने त्यहाँ संसारभरिमा सबैभन्दा बढी बलि दिइन्छ । एउटा ढुंगामाथि त्यत्रो जीवहरूको हत्या गर्ने चेतना कहाँबाट आयो ? अर्थात, हामीकहाँ त्यो आदिम संस्कृतिको संस्कार, त्यो भूत जीवित छ । त्यो संस्कृतिबाट आधुनिक संस्कृतिमा ल्याउने कोसिस नगरिकन मार्क्सवादी संस्कृतिको भाषण गरेर मात्रै हुँदैन । हरेक मार्क्सवादीका घरमा जाँदा श्रीमतीहरूले

देउता राखेको देख्नुहुन्छ । हाम्रा एमालेका नेताहरूको घरभित्र तपाईंहरूले त्यो देख्न सक्नुहुन्छ । संस्कार बन्नको लागि र संस्कार परिवर्तन गर्नको लागि धेरै समय लाग्छ । त्यसैले जनजातिका साथीहरूलाई मैले दशैं बहिष्कार नगर्नुहोस् भनेको हो । बलि दिने कुरा वैदिक संस्कृतिबाट आएको होइन । वैदिक संस्कृतिमा भैंसी, सुंगुर, कुखुरा काटेर बलि दिने चलन छैन । आफ्नो संस्कृतिलाई अर्काको भनेर नपन्छनुस्, आफ्नो संस्कृतिलाई चिन्यौ भने भविष्यको संस्कृति निर्माण गर्न पनि हामीलाई सजिलो हुन्छ ।

शिव संस्कृति, आदिम समाज भन्दा पुरानो मातृतन्त्री संस्कृति थियो । शिव पार्वती अहिलेको नाम हो । पहिलेको नाम हो गौरीशंकर । शंकर, सीताराम, राधेश्याम; पहिले महिलाको नाम पछि पुरुषको नाम । तपाईं एउटा तस्बीरको कल्पना गर्नुहोस्, शिव उभिएको अर्धनारी नटेश्वर-पार्वती बाघमा चढ्छिन्, शिव गोरुमा चढ्छन् । शक्ति कसको बलियो छ ? शिव चेतना हो, तर निस्क्रिय छ, पार्वती शक्ति हो । शक्ति नभइकन शिवले सृष्टि गर्न सक्दैन । पार्वतीसँग जोडिएपछि मात्रै शिव शक्तिशाली हुन्छ । वैदिक संस्कृतिको वेदान्तले के भन्छ भने ब्रम्ह प्रमुख हो, माया छाया मात्रै हो । सबै कुरा जे गर्छ ब्रम्हले मात्रै गर्छ । त्यसो भएर वैदिक संस्कृति पितृसत्तात्मक छ, शिव संस्कृति मातृसत्ताको नजिक छ, संक्रमणकालीन छ । सिङ्गो शैव दर्शनको सिद्धान्त के हो भने नारी र शक्ति भनेको पृथ्वी हो । शैव दर्शनले पृथ्वीलाई मान्छ । विष्णुको धाम वैकुण्ठलोक, सूर्यलोक, कता कता छ । त्यसो भएर वैदिक संस्कृतिको केन्द्र सूर्यतिर छ, आकाशतिर छ । शिव संस्कृतिको केन्द्र धर्तीमा छ । यो माटोमा छ । पार्वती भनेको पर्वतकी छोरी हो । त्यो भूमि हो । यस अर्थमा हाम्रो शिवसंस्कृति टिक्नुको आधार यस्तो हो । यसले कुन युगको प्रतिनिधित्व गर्छ ? हामी सबलाई थाहा छ, नेपालीहरू पाशुपत देशका मालिक भए । पाशुपत शब्दले नै के जाहेर गर्छ भने त्यो पशुपालक युग हो । शिव संस्कृति पशुपालक युगको मान्छेले स्थापित गरेको हो । शिव संस्कृति आदिम युगको कुनै

> *वैदिक संस्कृति पितृसत्तात्मक छ, शिव संस्कृति मातृसत्ताको नजिक छ, वैदिक संस्कृतिको केन्द्र सूर्यतिर छ, आकाशतिर छ । शिव संस्कृतिको केन्द्र धर्तीमा छ । यो माटोमा छ ।*

छुट्टै देवीदेवताको कल्पना नभएको युगको हो । मान्छेको सृष्टि कसले गर्छ भन्दा उसले अन्त केही पनि हेरेन । बा-आमाको सम्भोगबाट सृष्टि हुन्छ । त्यसो भएर शिवलिंगको पूजा गरे, गुह्येश्वरीको पूजा गरे । हामीले आदिम संस्कृतिलाई पूजा गरिराखेका छौं र कुनै भौतिक संसारसँग, आध्यात्मिक संसारसँग त्यसको केही पनि मतलब छैन । यसरी सृष्टि गर्ने शक्तिको रुपमा देखियो । हामी नेपालीहरूमा त्यो शक्तिपूजा आजको नेता पूजासम्म आएको छ । हिजो देवीको शक्ति पूजा गर्थ्यौं, त्यसपछि विष्णुको शक्तिपूजा गर्थ्यौं, कहिले इन्द्रको शक्तिपूजा गर्थ्यौं, कहिले राजाको शक्तिपूजा गर्थ्यौं, अहिले नेताको शक्तिपूजा गर्छौं । शक्ति आर्जन गर्नुपर्छ, शक्ति पूजा गर्नु हुँदैन । शक्तिलाई नियन्त्रण गर्ने कुरा हो । शक्तिपूजा दासहरूले गर्ने हो, शक्तिआर्जन गर्ने नेताहरूले हो । तपाईंले शिवगण भनेर सुन्नु भएको छ, ११ रुद्र भनेर सुन्नु भएको छ । यक्ष, याक्खा हाम्रो राई लिम्बु मध्येको थर हो । यक्ष भनेको रावणको दाई कुवेर, शिवका साथी हुन् । शिव संस्कृति किराँतमा बढी प्रभावी छ, यक्षमा छ, रक्ष अर्थात राक्षसहरूमा छ, असुरमा छ, गन्धर्वहरूमा छ, र त्यसपछि भूत, प्रेत, पिसाचमा छ । अहिले हामीले घृणा गर्ने जातिजस्तो लाग्छ, तर तिनीहरू त्यस समयका जाति हुन् । नेपालमा भूत, बोक्सी थर भएका मान्छे छन् । साकिनी, डाकिनी भने पनि तिनीहरू सब जातिबाट विभिन्न ठाउँबाट बनेका हुन् । ती आदिम समाजका जाति हुन् । त्यसपछि शिव संस्कृतिबाट समाजले पाएको कुरा तन्त्रशास्त्र, यन्त्रशास्त्र अर्थात शस्त्रास्त्र विद्या, योग हुन् । तन्त्रशास्त्रको उद्गम स्रोत, शिव व्यक्ति होइन, जनकजस्तो एउटा वंश हो । विष्णु वैदिक संस्कृतिको देवता- मन्त्र विभाग । शिव संस्कृति- तन्त्र विभाग । गण्डकीदेखि पश्चिमका सबै बाहुन, क्षत्रीहरूका घरमा वैदिक मन्त्रले, वैदिक विधिले पूजा गरेको देख्नु हुन्छ । त्यहाँदेखि पूर्वका सम्पूर्ण जनजातिमा तान्त्रिक विधिले पूजा गरेको देख्नु हुन्छ । त्यसो भएको हुनाले शिवको तान्त्रिक संस्कृति अहिले हामीमा छ र संस्कृतिको प्रभाव कति गहिरो छ भन्ने कुरा नबुझिकन त्यत्तिकै सांस्कृतिक क्रान्ति हुँदैन । नेपाली संस्कृतिमा शक्तिपूजाप्रति, तान्त्रिक विधिप्रति कति निष्ठा छ, त्यो कुराको

अत्तो/पत्तो नपाइकन, तान्त्रिक संस्कृतिलाई उन्मूलन नगरिकन तपाईं मार्क्सवादी संस्कृति हाल्न सक्नु हुन्न । हतियार उठाएर झापामा सङ्घर्ष गर्ने हामी जेलमा बस्दा मोहनचन्द्रजीले एउटा बाकस लुकाएर राख्नुहुन्थ्यो । त्यो कसैलाई खोल्न दिनु हुन्नथ्यो । तर, एकदिन उहाँले बिहानै हामी नउठ्दै पिपलमा पानी चढाएको देखियो । त्यसपछि मैले यसमा के राख्नु भएको छ भनेर बाकस खोलेर हेर्दा ३-४ वटा पुस्तकले ढाकेर एउटा देवीको तस्बीर राखेको देखियो । त्यहाँ दिनदिनै फूल चढाउनु हुँदोरहेछ ।

त्यहाँबाट सुरु हुन्छ हाम्रो क्रान्ति । यो त  एकातिर खड्ग उठाएर मान्छे काट्ने क्रान्ति अर्कोतिर देवी पुज्ने तान्त्रिक क्रान्ति भयो । त्यसैले तान्त्रिक दिमागलाई, शिवलिङ्ग पूजा गर्ने दिमागलाई तपाईंले मार्क्सवादी, लेनिनवादी र आजको युगको समावेशी प्रजातन्त्रमा कसरी ल्याउनुहुन्छ ? यो अन्तरविरोधलाई तपाईं हामी कसरी हटाउँछौं ? यो संस्कृतिलाई तपाईं हामी कसरी मेट्छौं ? त्यसो भएर सांस्कृतिक क्रान्ति भन्ने कुरा हत्तपत्त एकदम टिपेक्स लगाए जस्तो गरेर, एकदम चक्कूले खुर्केजस्तो हुँदैन यसलाई गम्भीरताका साथ लिनुपर्छ र बलियो अध्ययन गर्नुपर्छ ।

त्यसपछि तपाईंले वाममार्गी संस्कृति देख्नु हुन्छ । यो वाममार्गी संस्कृति तिब्बतमा बढी प्रभावित छ । शिव संस्कृति पनि त्यहाँ छ । पछि वैदिक संस्कृति र शिव संस्कृतिमा द्वन्द्व थियो । लामो समयको लडाइपछि शिवसँग हाम्रो सम्बन्ध गाँसियो । जुन देवी संस्कृतिको कुरा गऱ्यौं, यो आजभन्दा १० हजार वर्ष पुरानो संस्कृति हो । मैले जुन शिव संस्कृतिको कुरा गरें, आजभन्दा ५-६ हजार वर्ष पहिलेको संस्कृति हो । शिव संस्कृति संयोजनकारी संस्कृति थियो । सबैलाई हतियार पनि दिने, तन्त्रशास्त्र पनि दिने । शिवसंस्कृतिको एउटा पक्ष सङ्गीत हो । शिवलाई हामी नटराज भन्छौं, डमरु लिएर नाचेको शिव । सङ्गीतको आदिगुरु, योगको क्षेत्रमा शिव ध्यानमा बसेका देखिन्छन् । तन्त्रको क्षेत्रमा शिव मसानघाटमा बसेका देखिन्छन् ।

*तान्त्रिक दिमागलाई, शिवलिङ्ग पूजा गर्ने दिमागलाई तपाईंले मार्क्सवादी, लेनिनवादी र आजको युगको समावेशी प्रजातन्त्रमा कसरी त्याउनुहुन्छ? . . . यो संस्कृतिलाई तपाईं हामी कसरी मेट्छौं?*

त्यसो भएको हुनाले विश्वमा एशिया नै संस्कृतिको मूल हो । सबभन्दा पहिले मध्य एशियाबाटै संस्कृतिको उद्‌गम भएको भनिन्छ । १४ औं शताब्दी उता, जतिखेर युरोप प्लेटो, अरस्तुभन्दा पहिलेको युगमा थियो, त्यसभन्दा हजारौं वर्ष पहिले शिव संस्कृतिले यी चिजहरूको आविष्कार गरिसकेको थियो । यस अर्थमा हामी एशियावासीहरूले गर्व गर्नुपर्छ । वैदिक संस्कृति पितृसत्तात्मक छ, सूर्य केन्द्रित छ । वेदको सबभन्दा ठूलो मन्त्र गायत्री मन्त्र हो । यो सूर्यकेन्द्रित हो । सूर्य पिता, पृथ्वी माता भनिएको छ । माओवादी साथीहरूले त वेदलाई जलाउनुपर्छ भन्थे । एउटा मन्त्रले भन्छ- हाम्री पृथ्वीरुपी, गौमाता आफ्नो दूधरुपी पानीलाई लिएर आफ्ना पितारुपी सूर्यको निरन्तर परिक्रमा गर्छिन् । कहाँ थिए कोपर्निकस ? कहाँ थिए ब्रुनो ? १४-१५ औं शताब्दीको ब्रुनो भन्दा ४ हजार वर्ष अघिको ऋग्वेदमा यो विज्ञान छ । ऋग्वेद पढ्दै जानुभयो भने विज्ञानका धेरै कुरा तपाईंहरूले पाउनु हुन्छ । वैदिक संस्कृतिले ब्रम्ह चेतना हो, प्रमुख हो, माया गौण हो भन्छ । वैदिक संस्कृतिमा सामाजिक श्रम विभाजनमा वर्ण व्यवस्था आएको हो । पितृसत्ता उठिसकेपछि, लगभग कृषिमा प्रवेश गरिसकेपछि वर्णव्यवस्था आयो । ऋग्वेदमा वर्ण व्यवस्था धेरै छैन, पछि यजुर्वेदमा आएको छ । त्यहाँ ब्राम्हण र राजाको प्रभुत्व छ । त्यहाँ दासप्रथा छ । सामन्ती समाजसम्म वैदिक संस्कृति विस्तारित हुँदै, मनुस्मृतिसम्म आइपुगेको छ । वैदिक संस्कृतिले भन्छ 'सर्वम् ब्रम्हमयम् जगत' । सम्पूर्ण मानव, सम्पूर्ण प्राणी हामी एक हौं भन्ने सिद्धान्त यसले दिन्छ । सबै ठाउँमा शान्ति होस्, पृथ्वीमा शान्ति होस् भन्ने उदात्त भावना र विचारहरू त्यहाँ छन् । तर त्यो उदात्त भावना सामन्तवादी युगमा आइपुग्दा जातपात छुवाछूतले गर्दा ह्रास भयो । उदात्त संस्कृतिको ह्रास भएर पुरोहितवादमा खस्यो । वेद, उपनिषद, दर्शन, आयुर्वेद आदि संस्कृतिका ग्रन्थहरूको सङ्ख्या एक लाखभन्दा बढी छ । त्यत्रो ज्ञानको संसारलाई बाहुनको जातको हो, हाम्रो होइन, तेरो हो, तेरो होइन, भन्ने हो ? संसारभरिको, मानवजातिले आर्जन गरेको ज्ञान हाम्रो साझा ज्ञान हो । किराँतको मुन्धुम् होस् कि तामाङको तम्बाकोतेन् रिमझिम होस्, अथवा अरुहरूको- ती मानवजातिको

सम्पदा हुन् । सबैबाट हामीले सिक्नुपर्छ र ज्ञानबाट लाभान्वित हुनुपर्छ । ज्ञान भन्ने कुरालाई तेरो र मेरो भन्न थालेपछि मान्छे कहिले अगाडि बढ्दैन । संकीर्णता भयो भने हामी फाट्छौं, बृहत चिन्तन भयो भने हामी जोडिन्छौं । वैदिक संस्कृतिको ह्रास भएपछि त्यसमा वर्ण व्यवस्था आयो, छुवाछूत आयो । महान् देवी भनिने नारीहरू दास भए । यसपछि संकीर्णता बढ्दा यो वर्ण व्यवस्था बिग्रिएर नै हाम्रो समाजमा अहिले जातीय कुरा उठेको हो । आर्थिक क्रान्ति बराबर, सबलाई शिक्षा बराबर भनेको भए के हुन्थ्यो ? बाहुनले बाहेक पढ्न पाइँदैन, तराईको कायस्थ र भूमिहार बाहुनले बाहेक अरुले पढ्न पाउँदैन भनेर बन्द गरेपछि, नारीले पढ्नै पाइँदैन भनेपछि, नारी पछाडि परे । जनजाति पछाडि परे, दलितहरूले त वेद सुन्नै हुँदैन, तेल तताएर कानमा हालिदिनुपर्छ, भन्ने भएपछि उनीहरू पछाडि पर्दै पर्दै आए । अहिले मान्छेले कुरा बुझ्न थाले ए वेद भनेको त हे सूर्य, बुद्धि बढाइदेउ भनेको रहेछ । त्यसो भएको हुनाले अहिलेको सम्पूर्ण कुराको विकृतिको प्रमुख कारण वैदिक संस्कृतिमा जन्मेको वर्ण व्यवस्था हो । मानवतालाई अपमान गरेको हुनाले वैदिक संस्कृति पतनतिर गयो । त्यसो भएको हुनाले वैदिक संस्कृति भन्दा अझै पनि शिव संस्कृतिमा समाजलाई जोड्ने केही तत्वहरू छन् । किनभने शिव संस्कृतिलाई धेरैले मनपराएका छन् ।

तन्त्रशास्त्र र वैदिक संस्कृति बीच एउटा मौलिक अन्तर छ । तन्त्रशास्त्रले यो पृथ्वी केन्द्र, मान्छे सर्वश्रेष्ठ हो भन्छ । वैदिक संस्कृतिले देउता सर्वश्रेष्ठ भन्छ । वैदिक संस्कृतिले देउता ढोग्छ, तान्त्रिक संस्कृतिले देउतालाई आदेश दिन्छ । त्यसो भएर यो भौतिकवादको नजिक छ । वैदिक संस्कृतिकै धारबाट आएका हुन् गौतम बुद्ध । तर उनले के देखे भने वैदिक संस्कृतिमा वर्ण व्यवस्था छ, जातपात छ, छुवाछूत छ, मानवताको विरोध छ । शिवसंस्कृतिमा यो तन्त्रशास्त्र छ, वाममार्ग छ, गुप्तांग पूजा छ । अब के गर्ने त भन्दा शिवसंस्कृतिबाट योग सिक्ने शिवसंस्कृतिको साधना गर्ने, हिमालमा बस्न सक्नेगरी साधना सिक्ने, विष्णु संस्कृतिबाट उपनिषद सिक्ने, दर्शन

*तन्त्रशास्त्रले यो पृथ्वी केन्द्र, मान्छे सर्वश्रेष्ठ हो भन्छ । वैदिक संस्कृतिले देवता सर्वश्रेष्ठ भन्छ । वैदिक संस्कृतिले देवता ढोग्छ, तान्त्रिक संस्कृतिले देवतालाई आदेश दिन्छ ।*

सिक्ने । यी दुईवटालाई मिलाएर नयाँ मानवतावादी दर्शन खडा गर्नुपर्छ भनेर उनले एउटा नयाँ मानवतावादी दर्शन ल्याए । उपनिषदको सार र शिवसंस्कृतिको सार पनि अध्ययन गरेर उनले मानिस सब बराबर हुन् भने । नेपालको एउटा चिन्तकको एउटा ज्ञानमार्गले आज २१ औं शताब्दीमा आउँदाखेरि एक अर्ब जनता उनका अनुयायी छन् । यसबाट के कुरा सावित हुन्छ भन्दा मान्छे ज्ञानको बन्धनमा बाँधिने चिज हो, ऊ हतियारको बन्धनमा बाँधिदैन । त्यसो भएर बुद्धको दर्शन आजभन्दा २५ सय वर्ष पुरानो भए तापनि अत्यन्त वैज्ञानिक छ । संस्कृति हामीले जन्माएका हौं आजको लागि पनि, आजको हाम्रो समाजवादी, साम्यवादी युगको लागि पनि बुद्ध संस्कृति महान सम्पदा हो । त्यसमा रहेको अनुत्पादक जोगीहरू, भिक्षुहरू उत्पादन गर्ने कुरा बेग्लै हो, त्यो चाहिँ आवश्यक छैन । भिक्षुहरूलाई पनि हामीले उत्पादक शक्तिको रुपमा रुपान्तरण गर्न सकिन्छ । किनकि त्यहाँ तपस्या गराइरहेका मान्छेहरू समाज सेवामा लाग्न सक्छन् र अरु डाक्टर जस्तो पैसा मोलमोलाइ नगरिकन उनीहरूले सेवा गर्न सक्छन् । त्यो शक्तिलाई पनि हामीले उपयोग गर्न सक्नुपर्छ ।

बुद्ध संस्कृतिपछि अब हामी आधुनिक संस्कृतिमा जाउँ । यी हाम्रा पुराना सांस्कृतिक सम्पदा, सांस्कृतिक विकृतिहरूको तस्बीरहरू हामीले राम्रोसँग बुझ्यौं भने बल्ल हामीले पुँजीवादी संस्कृतिबाट कति लिने, कति गर्ने भन्ने बुझ्छौं । पुँजीवादी संस्कृतिको मूल दर्शन इसाई दर्शन हो । त्यो बाइबल हो । हाम्रो ज्ञानको परम्परा युरोपकोभन्दा धेरै पुरानो छ । हामी धेरै अगाडि छौं, तर युरोप अगाडि कसरी भयो, हामी किन पछाडि पर्‍यौं ? तपाईं खाली इटालीदेखि माथितिर जर्मनतिर, बेलायततिर जानुभयो भने त्यो सम्पूर्ण भूभाग वर्षको एक पटक खेती हुने ठाउँ हो । ६ महिना त्यहाँ हिउँ पर्छ त्यसो भएर त्यहाँ खेती हुँदैन । खेती नहुने ठाउँको मान्छेले विकल्प रोज्छ, व्यापार रोज्छ । त्यसो भएको हुनाले उनीहरूले डुंगाको आविष्कार गरे, आदिम समयदेखि नै व्यापार गर्न थालेको हुनाले उनीहरू व्यापारीको रुपमा परिणत हामीभन्दा अगाडि गए । हाम्रो नेपाल भने बहुजातीय

भयो । यो बहुजातीयता हाम्रो सम्पदा हो । प्रत्येक जातिले एउटा एउटा ज्ञान, एउटा एउटा देउता ल्याएको हुनाले हजार देउता भए । हजार ज्ञान भए, हजार जडिबुटी भए, यहाँ हाम्रो प्राकृतिक साधन स्रोत भरपुर भएको हुनाले हामी गरीब भएका हौं, हामी अल्छी भएका हौं । सामन्ती व्यवस्थालाई गाली गरेर मसान घाटमा लगेर गाडौं भन्ने होइन । जब हामी आदिम देवीलाई पुज्छौं, हामी शिव संस्कृतिलाई लिन सक्छौं भने सामन्ती व्यवस्थाबाट के लिन सक्छौं त ? सामन्ती व्यवस्थाले पनि हामीलाई केही चिज दिएको छ कि छैन ? दिएको छ । सामन्ती व्यवस्थाले कविलातन्त्री युगबाट राज्यको युगमा ल्यायो । कविलातन्त्रबाट कपिलवस्तुको गणतन्त्रबाट आधुनिक राज्यमा ल्याउनु नै समाज विकासको नेतृत्व हो । त्यसको लागि आजभन्दा १५ सय वर्ष पहिलेको लिच्छवि राज्यलाई सम्झनुपर्छ । ११ सय वर्ष पुरानो जुम्लाको खस राज्यलाई सम्झनुपर्छ । त्यो राज्य काठमाडौंसम्म आएको थियो । त्यसपछि काठमाडौंको मल्ल राज्यलाई सम्झनुपर्छ । यक्ष मल्लले गण्डकीसम्म सीमा पुर्‍याएका थिए । सेन राज्यलाई सम्झनुपर्छ, पाल्पादेखि उता किराँतसम्म आफ्नो सम्बन्ध जोडेको थियो । ती राज्यहरू बन्दै खुम्चिंदै, बन्दै खुम्चिंदै गरेको सामन्तवादले हो । सामन्ती व्यवस्थाले नै हाम्रो नेपालको भूमिको इलाका कोरेको हो । यो कुरालाई बिर्स्यौं भने हामी इतिहासबाट बल्ङ्याङ्ग खान्छौं । सामन्तवाद मूर्दावाद भन्दाभन्दै नेपाललाई नै इन्कार गर्ने तिर गयौं भने हामी साह्रै बेवकुफ बन्छौं । कसैले पनि त्यस्तो गर्दैन, माओले पनि गरेनन् । माओले चीनको एकीकरण गर्ने २२ सय वर्ष पुराना हाम्रा सियो हाङ महान सम्राट भने, रुसले महान पिटर भन्यो, जर्मनीले बिस्मार्क भन्यो, हामी चाहिँ गाली गरेर मूर्ति फोर्ने, यो मूर्खता नगरौं । सामन्ती व्यवस्थाले दिएको चिजलाई तपाईं इन्कार गर्न सक्नुहुन्न । जसले तपाईं हामीलाई एउटै सूत्रमा बाँध्यो । रत्नकुमार वान्तवादेखि ईश्वर पोखरेल, प्रश्रित र घनश्यामदेखि गौरी प्रधानलाई एउटै मालामा बाँध्ने पृथ्वी नारायण हुन् । राजाहरू तरवारै लिएर लड्छन्, यताका पनि लडे, उताका पनि लडे । कसको खुट्टा काटे, कसको कान काटे, त्यसको हिसाब गरेर कहीँ काम लाग्छ र माओवादीले

*अहिले हामी सामन्तवादी संस्कृतिमा छौं र आधुनिक संस्कृतिमा आउन खोजेका छौं । धेरै साथीले हाम्रो देशमा पुँजीवादी संस्कृति भित्रियो भन्नुभएको छ । पुँजीवादी संस्कृति भित्रिएको छैन, पुँजीवादी सभ्यता भित्रिएको हो ।*

१४ हजार काटे, उनीहरूकै नेतालाई सरकारको प्रवक्ता बनाइसक्यौं । त्यसो भएको हुनाले इतिहासमा यस्ता कुराको हिसाब किताब गर्नु हुँदैन । हरेक साम्राज्य बन्दाखेरि मान्छे मारिएकै छन् । अशोकले लाख मान्छे काटे । राजाहरूले विस्तार नगरेको भए राज्य बन्ने थिएन । सामन्त भनेर खाली गाली गरेर हुँदैन । उनीहरू हाम्रा पूर्वजहरू हुन् । त्यसो भएको हुनाले पुर्खाहरूको योगदानहरूको सम्मान गर्न सकौं । यस्ता रिस इबी लिएर राष्ट्र बलियो बनाउन सकिंदैन ।

अहिले हामी सामन्तवादी संस्कृतिमा छौं र आधुनिक संस्कृतिमा आउन खोजेका छौं । धेरै साथीले हाम्रो देशमा पुँजीवादी संस्कृति भित्रियो भन्नुभएको छ । पुँजीवादी संस्कृति भित्रिएको छैन, पुँजीवादी सभ्यता भित्रिएको हो । पुँजीवादी संस्कृति भित्रिएपछि बल्ल त्यो आर्थिक उत्पादन गर्न सक्षम हुन्छ । त्यो आएको छैन, लुगा मात्र आएको छ, गाडी मात्रै आएको छ, सभ्यताको आवरण मात्रै आएको छ । त्यो पुँजीवादी संस्कृति ल्याउने प्रयत्नमा छौं । नयाँ जनवादी संस्कृति भनेको पुँजीवादी संस्कृति ल्याउने प्रयत्न हो । हाम्रो सामन्ती व्यवस्थामा त्यो क्रमशः विकसित हुनुपर्ने हो, हुन सकेन । यहाँ पुँजीवाद औपनिवेशिक रुपमा आयो, अङ्ग्रेजको माध्यमबाट सामान बोकेर राणा कालमा आयो । नयाँ र आधुनिक शिक्षाको नाम उत्पादनमा अयोग्य जमात तयार गर्ने शिक्षा आयो । हामीले लिएको शिक्षा पुँजीवादी होइन, पुँजीवादीको छाया मात्रै हो । यसले उत्पादक बनाउँदैन । औद्योगिक पुँजीवाद बल्ल अलिअलि भित्रिंदै छ नेवारमा, मारवाडीमा, थकालीमा, मुसलमानमा । बाहुनहरू धेरै भएको हुनाले बिग्रिएको हो । बाहुनमा सामन्तवाद फाल्नलाई गाह्रो भएको छ । जनै फालेर, टुप्पी फालेर मात्रै जाँदैन सामन्तवाद । पुँजीवादी संस्कृति लिनुपर्ने आवश्यकता छ ।

हामीले गर्व गर्ने कुरा आफ्नो राष्ट्र हो, हामी राष्ट्रको युगमा छौं, अन्तर्राष्ट्रियवादी गीत गाएका छौं । अन्तर्राष्ट्रियवादी गीत सभ्यता हो, राष्ट्रिय संस्कृति हो । तर त्यो

अन्तर्राष्ट्रियवादलाई हामीले संस्कृति बनाउन सकेका छैनौं । त्यसो भएर आफ्नो राष्ट्र, राष्ट्रियता, परम्परागत संस्कृतिका सकारात्मक पक्ष आदिलाई बिर्साउँदै पश्चिमी पुँजीवादी प्रणालीप्रति आत्मसमर्पणको निरिह भावना बढ्दै गएको छ । हामीले यसलाई मेट्नुपर्छ । उपनिवेशी पुँजीवादले हामीलाई त्यस्तो बनाएको छ । भाषा, सभ्यता र संस्कृतिमा आफ्नो परिचय नै विलोप हुने खतरा बढेको छ । राष्ट्रको एउटा अङ्ग भाषा हो । नेपाली भाषामा भयंकर आक्रमण हुँदा पनि यतातिर हाम्रो चासो किन नबढ्ने ? अङ्ग्रेजीका दुईचारवटा शब्द घुसाएर बोल्दा आफूलाई सभ्य ठान्ने, हीन प्रवृत्ति हो । त्यसले राष्ट्रलाई बलियो बनाउँदैन । आग्रह गर्न चाहन्छु, तपाईंले भाषा जोगाउनु भएन भने राष्ट्रको एउटा खुट्टा भाँचिन्छ । किनभने भाषा, भूगोल, संस्कृति, मनोविज्ञान, अर्थतन्त्र- यी पाँचवटा खुट्टामा राष्ट्र अडिएको हुन्छ । त्यसो भएर अङ्ग्रेजी पनि शुद्ध बोल्नुस्, नेपाली पनि शुद्ध बोल्नुस्, आ-आफ्नो भाषा पनि शुद्ध बोल्नुस् ।

हाम्रो नयाँ संस्कृतिको अगाडि रहेको सङ्कट के हो ? सङ्कट के हो भने देशमा पुँजीवादी उद्योग व्यवसाय र पर्याप्त श्रमजीवीवर्ग तयार नहुँदै बाहिरी प्रभावको चेतनाबाट हाम्रा सबै कुरा फैलिएका छन् । हाम्रो पार्टी पनि बाहिरी प्रभावबाट बनाएका छौं, विचारको प्रभावबाट बनाएका छौं । हामीले सबै नारा, कार्यक्रम पनि पुँजीपति वर्ग तयार नहुँदै पुँजीवादी कार्यक्रम, श्रमजीवी वर्ग नआउँदै नयाँ जनवादी कार्यक्रम बनाएका छौं । काल्पनिक तरिकाले पहिले बनाएका छौं, विचारबाट प्रेरित भएर बनाएका छौं, त्यो हाम्रो कमजोरी हो । त्यसो भएको हुनाले हामीले त्यसलाई लागू गर्न सक्दैनौं । किनभने त्यसको वस्तुगत आधार तयार नगरिकन तपाईंले त्यो चिज दिनु हुन्छ भने त्यसलाई लागू गर्न सक्नु हुन्न । श्रमजीवी वर्गको भावनात्मक प्रतिनिधित्वको दावी गरेर उठेको नेतृत्व श्रमजीवी वर्ग होइन । त्यसो हुनाले श्रम, सिर्जना र श्रमजीवी जनताप्रति कम संवेदनशील र नेतृत्वको गुटबन्दीपूर्ण होडमा संलग्न संकीर्ण प्रवृत्तिको विस्तार भएको हो । ऊ श्रमजीवी वर्गबाट आएको पनि

> *हामीले सबै नारा, कार्यक्रम पनि पुँजीपति वर्ग तयार नहुँदै पुँजीवादी कार्यक्रम, श्रमजीवी वर्ग नआउँदै नयाँ जनवादी कार्यक्रम बनाएका छौं । काल्पनिक तरिकाले पहिले बनाएका छौं; विचारबाट प्रेरित भएर बनाएका छौं ।*

होइन, श्रमजीवी वर्गप्रति ममता पनि छैन । हामीले औद्योगिक क्रान्ति गर्नको लागि पुँजीवादका नियम बुझेका छौं कि छैनौं ? पहिले पुँजीवाद सबै खराब भन्दै समाजवादको मात्रै गाथा गायौं । जग नहालीकन छानाको गाथा गाएको हुनाले हामी पछाडि पर्‍यौं । त्यसो भएर आधुनिक पुँजीवादका सङ्कटहरू, त्यसबाट निस्कने बाटोसहित पहिले पुँजीवादको आधार तय गर्नको लागि हामीले पुँजीवादको नियम पढ्नुपर्छ । पुँजीवादी अर्थशास्त्र नपढिकन समाजवादी अर्थशास्त्र बुझिँदैन । केवल सङ्घर्ष गर्न जान्ने तर व्यवस्थापन, सिर्जनशीलताको पक्ष ज्यादै कमजोर भएको सङ्गठनको विस्तार, भौतिकवादी दर्शन ग्रहण गर्ने नाममा मानवता, जन संस्कृतिका असल परम्पराप्रति कम संवेदनशील, धर्म कर्मको यान्त्रिक विरोध भयो । सामाजिक कामको धेरै श्रृंखला धर्मसँग गाँसिएको छ र त्यसपछि कर्तव्यसँग । म कम्युनिस्ट हुँ, श्रमजीवी जनताको लागि लड्नु पर्‍यो, यो धर्म हो । धर्मका राम्रा पक्षहरू अहिले पनि उपयोगी हुन्छन् । हामी द्वन्द्वात्मक भौतिकवाद भन्छौं तर हामीमा यान्त्रिक भौतिकवाद बढी छ । हरेक कुरालाई यान्त्रिक तरिकाले सोच्छौं ।

जनवाद र समाजवाद युगको अग्र संवाहक हुनाले जनतामा प्रभाव निरन्तर बढ्यो । हामीले पुँजीवाद बुझे पनि नबुझेपनि आजको जनवाद भन्ने कुरा, समाजवाद भन्ने कुरा युगको धारा हुनाले जनतामा लोकप्रिय भएको छ । परम्परागत संस्कृतिका राम्रा पक्षको संरक्षण र नराम्रा पक्षको त्याग गरौं । पूर्वजहरूले गरेका गौरवशाली कामहरूको सम्मान गरौं र नराम्रा कामको मात्र समीक्षासहित विरोध गरौं । सबै धर्मका मानवतावादी पक्ष ग्रहण गरौं र रुढी तथा अन्धविश्वासका पक्षलाई हटाउँदै लैजाऔं । देवी संस्कृतिबाट नारीको सम्मान गर्ने कुरा सिकौं । पशुबलि जस्ता हिंसात्मक संस्कृति हटाऔं । शिव संस्कृतिबाट योग सिकौं, संस्कृतिमा सङ्गीत छ, त्यसोभएर जनजातिहरूमा सङ्गीत छ । जनजातिबाट सङ्गीत सिकौं । ब्राम्हण संस्कृतिबाट उपनिषद सिकौं । शिव संस्कृतिको अघोरपन्थी कुसंस्कार र तान्त्रिक अन्धविश्वास भूत, प्रेत, बोक्सी आदिलाई निर्मूल गरौं । बुद्ध संस्कृतिको

मानवता, पञ्चशीलजस्ता कुरा सिकौं र बौद्ध भिक्षुहरूको त्यागमय जीवनलाई समाजसेवाका विविध क्षेत्रतिर प्रयोग गरौं, अनुत्पादक भिक्षु नबढाऔं । सामन्तवादी युगले स्थापित गरेको देशभक्ति, कला, सबै जातजाति मिलेर बस्ने आदि भावनाको जगेर्ना गरौं, वर्ण व्यवस्था, नारी, जनजाति र दलितको अपहेलना, चाकडीवाद, नातावाद, भाग्यवाद, निरंकुश र लोभी राजतन्त्रसहित सम्पूर्ण सामन्ती व्यवस्थालाई परास्त गरौं । पुँजीवादको उत्पादनशीलता, आविष्कार, प्रतिस्पर्धा, प्रतिनिधिमूलक राज्य व्यवस्थालाई अँगाल्दै उपनिवेशी, परनिर्भर, विदेशपूजक, पलायनवादी, दासमनोवृत्तिलाई परास्त गरौं, लोकतान्त्रिक संस्कृतिको तीव्र विकास गरौं । समाजवादको महान ध्येयमा दृढतासाथ अघि बढौं । त्यसै अनुसारको विशाल उदात्त मानवतावादी संस्कृतिको विकास गरौं । नेतापूजक, यान्त्रिक नक्कल र गुटवादको घातक संस्कारलाई परास्त गरौं ।



# वर्चस्व, मार्क्सवाद र जबजसँग प्रश्नहरू

- घनश्याम भुसाल

साम्राज्यवाद अहिले झन् झन् किन शक्तिशाली हुँदै गएको हो ? यत्रो शोषण, अन्याय, अत्याचार भएपछि पनि संसारमा फेरिपनि किन क्रान्ति नभएको हो ? यी विभिन्न प्रश्नहरूको बारेमा उत्तर दिने मोडेल चाहिँ हामीसँग धेरै पुरानो थियो । मार्क्स र एंगेल्सकै कालसम्म खासगरी समाजका अध्ययन पद्धतिका सन्दर्भमा जे भनियो त्यसमा मात्रै टाँसिने स्थिति रह्यो । हामीसँग प्रश्नहरू एकदमै नयाँ उठ्दै गए तर बासी उत्तरहरूको चाङ लाग्दै गयो । यही सन्दर्भमा ग्राम्स्सीको योगदान बढी महत्वपूर्ण छ भन्ने लाग्छ ।

ग्राम्स्सी खासगरी उनले जेलमा बस्दा लेखेका करिब ३० वटा जति नोटबुकहरूबाट चिनिन्छन् । उनी सन् १८९१ मा इटलीमा जन्मेका एकजना मार्क्सवादी, पछि इटलीयन कम्युनिस्ट पार्टीको संस्थापक र महासचिव थिए । सन् १९२७ मा गिरफ्तार भएर दस वर्षपछि जेलबाट छुटेपछि त्यही बीचमा उनको निधन भयो । ग्राम्स्सीलाई मार्क्सवादभन्दा एकदम अलग्ग राख्ने प्रयत्नहरू पनि कतिपय मान्छेहरूले विभिन्न कोणबाट व्याख्यासहित गरेका थिए । उनी मार्क्सवादबाट टाढा गएका थिए, उनी असल थिए अथवा मार्क्सवादी चिन्तन केही थिएन भन्ने हिसाबले पनि विश्लेषण गरिएको सन्दर्भमा पनि मैले यो 'वर्चस्व र मार्क्सवाद' भन्ने शीर्षकलाई जोडेको हुँ । हाम्रा लागि यो पद्धति काम लाग्ला कि नलाग्ला भन्ने विषयमा मैले 'जबजका प्रश्नहरू' भनेर शीर्षकमा जोडेको हुँ । हेजमोनी अर्थात प्रभुत्व र हैकम भन्ने शब्द प्रायः प्रचलनमा छन् । तर त्यो भन्दा राम्रो वर्चस्व हुन्छ कि भन्ने मात्रै मलाई लागेको हो । हेजमोनीलाई हामीले पनि सुरुमा प्रभुत्ववाद भनेका रहेछौं । प्रभुत्ववाद त हुँदै हुँदैन, प्रभुत्व अलिकति अर्थ लाग्ला । हैकमले अलिकति अर्थ देला । ती दुईवटैले भन्दा वर्चस्वले अलिक राम्रो अर्थ दिन्छ कि भनेर वर्चस्व राखिएको छ ।

सन् १८५९ मा 'राजनीतिक अर्थशास्त्रको आलोचनामा एक आलेख' भन्ने मार्क्सको किताब प्रकाशित भयो । त्यसको भूमिकामा उनले सुरुमै भनेका छन्- "जब म

> *पुरानो समाजको उत्पादक शक्तिले पर्याप्त विकास नगरिकन कुनै पनि समाज आजसम्म भत्केन र नयाँ आउने समाजले पनि पुरानो समाजका गर्भभित्रका अन्तरविरोधहरू पर्याप्त विकसित नभइकन फड्को मार्दैन ।*

यो टुंगोमा पुगें कि सामाजिक आधारले सामाजिक परिसंरचनालाई निर्धारण गर्छ र यसर्थ मानिसको चेतना सामाजिक आधारले निर्माण गर्छ, चेतनाले सामाजिक आधार निर्धारण गर्ने होइन र सामाजिक आधारमा हुने रुपान्तरणले ढिलो वा चाँडो सम्पूर्ण परिसंरचनामा पनि परिवर्तन लिएर आउँछ ।"

साथसाथै उनले यो पनि भने कि पुरानो समाजको उत्पादक शक्तिले पर्याप्त विकास नगरिकन कुनै पनि समाज आजसम्म भत्केन र नयाँ आउने समाजले पनि पुरानो समाजका गर्भभित्रका अन्तरविरोधहरू पर्याप्त विकसित नभइकन फड्को मार्दैन । यसरी दुईवटा कुरा खासगरी एक सामाजिक आधारले परिसंरचनालाई निर्धारण गर्छ, र सामाजिक परिवर्तन भन्ने कुरा उत्पादक शक्तिको विकास त्यो अवस्थासम्म नपुगिकन, पूर्ण विकास नगरिकन सामाजिक परिवर्तन हुँदैन, पुरानो व्यवस्था भत्किँदैन, नयाँ व्यवस्था आउँदैन भनेर उनले भने । मार्क्सले राखेको जुन प्रस्थावना छ, उनले आफ्नो दृष्टिकोणलाई जसरी संश्लेषण गरेका छन् त्यो कुरालाई राखेपछि मैले केही प्रश्न उठाएको छु । यसमा उल्लेख गरिएका निम्न वाक्य वा वाक्यांशहरूलाई विचार गरौं ।

> वास्तविक आधारअनुरुप सामाजिक, चेतना निर्धारित हुन्छ । वस्तुगत जीवनको उत्पादन पद्धतिले सामाजिक, राजनीतिक र बौद्धिक जीवनको सामान्य प्रक्रिया निर्धारित हुन्छ । सामाजिक अस्तित्वले मानिसको चेतनालाई निर्धारण गर्दछ । विकासको खास अवस्थामा समाजका उत्पादक शक्तिहरूको उत्पादन सम्बन्धसँग अन्तरविरोध उत्पन्न हुन्छ, तब क्रान्तिको युग सुरु हुन्छ । आर्थिक आधारमा हुने रुपान्तरणले ढिलो वा चाँडो सम्पूर्ण परिसंरचनामा रुपान्तरण ल्याउँछ । अहिलेसम्म कुनै पनि सामाजिक व्यवस्था त्यसको उत्पादक शक्तिको पर्याप्त विकास नभइकन भत्किएको छैन । पुरानो समाजभित्रको वस्तुगत परिस्थिति परिपक्व नभइकन नयाँ उन्नत उत्पादन सम्बन्धले पुरानोलाई विस्थापित गर्न सक्दैन ।

यी वाक्यांशहरूलाई हेर्दा के देखिन्छ भने वास्तवमा सामाजिक रुपान्तरण भनेको उत्पादक शक्तिको विकास, उत्पादन पद्धतिको विकास, आर्थिक जीवनको विकास "हदसम्म" पुगिसकेपछि क्रान्ति, सामाजिक परिवर्तन र सामाजिक रुपान्तरण हुन्छ। मार्क्सकै भनाइ अनुसार पनि आर्थिक जीवन, उत्पादन पद्धति, उत्पादन सम्बन्ध भन्ने कुरा मान्छेको चेतनाले निर्धारण गर्ने होइन, यो उसको आफ्नै चेतनाभन्दा स्वतन्त्र हुन्छ। यसका आधारमा पछि मार्क्सवादलाई कसरी बुझियो भन्दा आर्थिक जीवनका स्वाभाविक आफ्नै अन्तरविरोधहरूको कारणले ती जसरी विकसित हुँदै जान्छन् क्रान्ति पनि त्यसरी नै हुँदै जान्छ, समाज त्यसरी नै परिवर्तन हुँदै जान्छ। यसै हिसाबले भनियो अन्ततः जनताको जित हुन्छ । समाज परिवर्तन गर्नेमा मान्छेको चाहिँ के भूमिका हुन्छ ? मान्छेको चेतनाको के भूमिका हुन्छ ? सङ्गठनको के भूमिका हुन्छ ? त्यसको परिचालनको के भूमिका हुन्छ ? चिन्तन, विचार, खोज, अनुसन्धानहरूको केही भूमिका हुन्छ कि हुँदैन भन्ने विषयमा भने बहुत कम छलफल भएको छ। पछि मार्क्सवादलाई स्थापित गर्न सबभन्दा योगदान गरेका प्लेखानोभ पनि यसमा लागेनन्। उनी मार्क्सवाद दर्शन हो भन्ने सिद्ध गर्नमा लागे। काउत्स्की पनि करिब करिब त्यसैमा लागे । लेनिनले त्यतापट्टि ध्यानै दिएनन् । तर सबैले 'मार्क्सवाद, आर्थिक नियतिवाद' भने । काउत्स्कीका विचारहरू हेर्दा उनी बढ्ता आर्थिक नियतिवादी भए भन्ने लाग्छ । आमरुपमा मार्क्सवादीहरूका दृष्टिकोणहरू आर्थिक नियतिवादबाट प्रभावित भए । लेनिनको विश्लेषण उनको कृति खासगरी 'राज्य र क्रान्ति'लाई हेर्दा बढी संकल्पवादी छ । सन् १९१७, अक्टोबर वरिपरिका उनका लेख रचनाहरू बढी संकल्पवादी छन् अथवा मान्छेले सोचेपछि, बल गरेपछि, सचेत भएपछि, संकल्प गरेपछि संसार फेर्न सकिन्छ भन्ने बढ्ता जोड लेनिनमा देखिन्छ। काउत्स्कीले मान्छेको भूमिकालाई कम देखेका छन् र उनमा समाज क्रमशः आफ्नो गतिमा परिवर्तन हुँदै गएर समाजवाद आउँछ, साम्यवाद आउँछ, आइछाड्छ भन्ने प्रभावहरू बढ्ता छन्।

> ‘के मान्छे क्रान्ति ब्यहोर्न बाध्य छ? मान्छे क्रान्तिको दास हो ? मान्छेको चेतनाबाट स्वतन्त्र रहेका आर्थिक जीवनका नियमको दास हो ? त्यसका आदेशहरू मात्रै तामेल गर्छ ? अथवा उसको कुनै भूमिका छैन ?

यही बीचमा सोभियत संघमा क्रान्ति भएको दुई महिना पछि नै ग्राम्स्सीले मार्क्सको ‘पुँजी’को विरुद्ध रुसमा क्रान्ति भयो भनेर एउटा लेख लेखेका छन् । यद्यपि, त्यसलाई बौद्धिक हिसाबले हेर्दा त्यो धेरै पछिल्ला रचनाहरू जस्तो समृद्ध छैन । विश्वयुद्धले, रुसको रोग, भोक, गरिबीले गर्दा जनताको इच्छालाई यति बढ्ता प्रवाहित गऱ्यो, यति छिटो बढाइदियो र परिपक्व बनाइदियो कि त्यहाँ बोल्सेभिक क्रान्ति संभव भयो भन्ने सम्मको मात्रै व्याख्या उनले गरेका छन् । त्यसमा एउटा प्रश्न के उठाएका छन् भने ‘मार्क्सले जसरी समाजको परिवर्तन, आर्थिक जीवनमा भएका परिवर्तनले क्रान्ति लिएर आउँछ भनेका थिए, जुन चरणमा आउँछ भनेका थिए अथवा पुँजीवाद एकदम परिपक्व भइसके पछाडि समाजवाद आउँछ भनेका थिए, त्यो रुसमा भएन ।’ वास्तवमा एकदमै कमजोर, पुँजीवादको भर्खरै विकास हुँदै गरेको, अरु पश्चिम युरोपको तुलनामा कम विकास भएको रुसमा क्रान्ति किन भयो भन्ने प्रश्न उनले लेखमा उठाएका छन् । ‘के मान्छे क्रान्ति ब्यहोर्न बाध्य छ ? मान्छे क्रान्तिको दास हो ? मान्छेको चेतनाबाट स्वतन्त्र रहेका आर्थिक जीवनका नियमको दास हो ? त्यसका आदेशहरू मात्रै तामेल गर्छ ? अथवा उसको कुनै भूमिका छैन ? त्यसको चेतनाको, त्यसको सङ्गठनको कुनै भूमिका छैन ?’ भन्ने प्रश्नहरूमै ग्राम्स्सी बढी केन्द्रित रहेका छन् । ग्राम्स्सीको योगदान सबभन्दा बढी त्यसैमा छ ।

समस्याको उठानमा उनी के भन्छन् भने वास्तवमा सामाजिक आधारले संरचनालाई, सामाजिक ढाँचाले उपरिढाँचालाई चाहिँ जस्ताको तस्तै प्रभावित पार्छ भन्ने कुरा गलत हो । पछि गएर त खासगरी ‘प्रिजन नोटबुक’मा “मान्छेका विचारधारात्मक सांस्कृतिक विविध जटिलताहरू हुन्छन् जो आधार भत्किसकेर पनि भत्किँदैन अथवा तिनीहरूले धेरै समय लिन्छन् । त्यसो भएकोले मान्छेलाई एकदमै आर्थिक आधारको खेलौना मात्रै ठान्नु हुँदैन” भन्ने कुरालाई उनले उठाएका छन् । मार्क्सवादका बारेमा आर्थिक आधारले सबै कुरालाई निर्धारण गर्छ भनेर जुन भनिएको थियो,

त्यसमाथि उनी प्रश्न खडा गर्छन् र के भन्छन् भने राजनीति र विचारधाराका हरेक उतारचढावलाई सामाजिक आधारको हुबहु अभिव्यक्तिका रुपमा प्रस्तुत गर्न र व्याख्या गर्न सकिन्छ भन्ने दावीलाई उनी भन्छन्- यसलाई सिद्धान्तको रुपमा केटौले सिद्धान्तको रुपमा खण्डन गरिनुपर्छ। मार्क्सका प्रमाणका आधारमा व्याख्या गरिनुपर्छ।" सामाजिक आधारको हुबहु अभिव्यक्ति संरचनामा हुन्छ भन्ने कुरा मार्क्सवाद अनुकूल छैन र यो कुरालाई खण्डन गरिनुपर्छ भनेर उनले भनेका छन् । इतिहासले यान्त्रिक भौतिकवादी दृष्टिकोणले अथवा आर्थिक नियतिवादी दृष्टिकोणले मानिसका कमजोरीका लागि ठाउँ दिंदैन । किनकि, त्यसले हरेक राजनीतिक घटनालाई आधारद्वारा पहिले नै हुबहु निश्चित भइसकेको मान्दछ र आधारमा आएको परिवर्तनको अभिव्यक्ति मात्रै त्यसले मान्दछ। यस अर्थमा उनी के भन्छन् भने आधार र परिणामका बीचको सम्बन्ध सोझो र सरल हुँदैन। आर्थिक तत्वहरू मात्रै मानव इतिहासको अभिलेखका लागि पर्याप्त छैनन् । इतिहासका घटनाहरूको अभिलेख राख्ने काम धेरै जटिल र द्विविधापूर्ण हुन्छ। त्यसका लागि सबै स्पिरिचुयल र व्यावहारिक गतिविधिको गहिरो अध्ययन हुनु आवश्यक छ । स्पिरिचुयल भन्ने जुन शब्द छ, उनले त्यसलाई एकदमै आत्मिक भनेर भौतिक दुनियाँसँग सम्बन्ध नराखेको भन्ने अर्थमा प्रयोग गरेका होइनन्, मानसिक, वैचारिक यी सबै क्रियाकलापको अर्थमा भनेका हुन्। यसर्थ मान्छेको आत्मिक दुनियाँ अथवा वैचारिक दुनियाँको पनि, त्यसको जटिलताको पनि हामीले अलग्गै अध्ययन गर्नुपर्छ भनेर उनले समस्याको निदान गरेका छन्।

**वर्चस्वको परिभाषा**

मार्क्सवादले सामान्यतया क्रान्ति कसरी होला, कसरी हुन्छ भनेर भन्दा अतिरिक्त श्रमको निरन्तर शोषण नगरिकन पुँजीवाद बाँच्दैन। जति त्यसले निरन्तर शोषण बढाउँछ, त्यत्ति नै मात्रामा संसारमा सर्वहाराकरण गर्छ। सर्वहाराकरण यो हदसम्म पुग्छ कि सर्वहारा वर्ग एकजुट हुन्छ, सङ्गठित हुन्छ र क्रान्ति गर्ने फैसला गर्छ।

*"सर्वहारा वर्ग त्यस हदसम्म नेतृत्वकारी र नियन्त्रणकारी बन्न सक्छ, जुन हदसम्म उसले अरु वर्गहरूसँग सहकार्यको व्यवस्था मिलाउँछ र बहुसङ्ख्यक श्रमजीवीहरूलाई पुँजीपति वर्ग विरुद्ध परिचालित गर्न सक्छ ।"*

उसले सत्ता कब्जा गर्छ । यस हिसाबले मात्रै मार्क्सवादको व्याख्या गरियो अथवा यसलाई लिइयो । यसरी सत्ता कब्जा गर्ने, नेतृत्व गर्ने, समाजको भोलिको नेता हुने कुरा कम्युनिस्ट पार्टीको घोषणा पत्रमा पनि यत्रतत्र छ । त्यो, जर्मन विचारधारामा पनि यत्रतत्र छ । पछि अरु रचनाहरूमा पनि यस्तै छ- "सत्ता कब्जा गर्नु, समाजको व्यवस्थालाई आफ्नो हातमा लिनु, त्यसको नेतृत्वका रुपमा आफू स्थापित हुनु ! यी सबैलाई एउटै अर्थमा, मार्क्स, एंगेल्स र लेनिनलाई पनि यसरी मात्रै व्याख्या गरिएको छ । ग्राम्स्सीले ठीक यहींनेर नियन्त्रण र नेतृत्वलाई अलग अलग अभ्यासको रुपमा परिभाषित गर्न थाले । सन् १९२६ मा लेखेको "नोट्स अन साउदर्न क्वेसनमा" उनले लेखे- "सर्वहारा वर्ग त्यस हदसम्म नेतृत्वकारी र नियन्त्रणकारी बन्न सक्छ, जुन हदसम्म उसले अरु वर्गहरूसँग सहकार्यको व्यवस्था मिलाउँछ र बहुसङ्ख्यक श्रमजीवीहरूलाई पुँजीपति वर्ग विरुद्ध परिचालित गर्न सक्छ ।" यसको अगाडि/पछाडिको सन्दर्भ इटलीको तात्कालिक सन्दर्भमा केन्द्रित छ । यसरी नेतृत्व र नियन्त्रणको एकीकृत अभ्यासलाई उनले वर्चस्व (हेजमोनी) भनेर परिभाषित गरे । यसमा ग्राम्स्सीको धारणाको विशिष्ट महत्व के छ भने उनले नेतृत्व र नियन्त्रणलाई सामान्य तत्व मात्रै होइन वर्चस्वको निर्माणमा अलग अलग प्रवर्गको द्वन्द्वात्मक सम्बन्धको रुपमा अगाडि ल्याए । यसभन्दा अगाडि हामीले के भनेर मार्क्सवादलाई बुझ्यौं भन्दा आधार एउटा प्रवर्ग हो र संरचना एउटा प्रवर्ग हो । मैले बुझ्दा उनको मौलिक योगदान भनेको उपरिसंरचनाभित्रै द्वन्द्वात्मक सम्बन्ध, त्यो पनि दुईवटा अलग अलग प्रवर्गको रुपमा उनले नियन्त्रण र नेतृत्वलाई जसरी उभ्याए, त्यो नै हो भन्ने लाग्छ । जसले पछिको समाजको विकासलाई, समाजका घटनाहरूलाई, खासगरी राजनीति, राजनीतिक वर्चस्व र प्रवाहसँग जोडिएर भएका घटनाहरूलाई विश्लेषण गर्न सजिलो बनायो भन्ने मलाई लाग्छ ।

प्रश्रितजीले "ब्रम्हको छाया माया मात्रै हो" भने जस्तै, आर्थिक गतिविधिको हुबहु छाया समाजको उपरिसंरचना हो भनेर व्याख्या गरिएको कुरालाई यिनले "होइन"

भनेर प्रश्न उठाए। यस्तो प्रश्न उनले मात्रै नभएर अरु धेरैले पनि उठाएका थिए। यसैले ग्राम्स्सीको योगदान भनेको यसलाई व्याख्या गर्ने कुरामा रह्यो । उनी भन्छन्- एउटा वर्ग दुई तरिकाले वर्चस्वशाली बन्छ। एकातिर ऊ नियन्त्रणकारी हुन्छ भने अर्कोतिर नेतृत्वकारी। त्यसले आफ्ना सहयोगी वर्गको नेतृत्व गर्छ भने विरोधीहरूलाई दमन गर्छ। जति उसले सहयोगी वर्गहरूको दायरालाई फैलाउँछ, त्यतिनै स्वभावैले विरोधी वर्गहरूको स्वार्थहरूलाई किनारा लगाउँछ। जति त्यो बढ्ला त्यति यो घट्दै जान्छ भन्ने नै उनको पछिल्लो विश्लेषण छ। यस अनुसार वर्चस्वभित्र सहमति र दमनका दुईवटा दायरा छन्। त्यसको द्वन्द्वात्मक सम्बन्ध अनुसार सहमतिको दायरा जति फराकिलो हुन्छ दमनको दायरा त्यति साँघुरिंदै जान्छ । त्यसैगरी दमनको दायरा जति बढ्दै जान्छ सहमतिको दायरा त्यति साँघुरिंदै जान्छ। वर्चस्व सम्बन्धी यो पद्धतिको प्रयोग गर्दै ग्राम्स्सीले इतिहास र त्यसका घटनाहरूको विश्लेषण गर्न सजिलो बनाएका छन्। वर्चस्वको परिभाषालाई सजिलो पार्ने गरी फ्रान्सेली राज्य क्रान्तिबारे उनको टिप्पणी यस्तो छः

फ्रान्सेली क्रान्तिकारीहरू (जाकोबिनहरू) ले पुँजीपतिवर्गको सरकार मात्रै बनाएनन्, त्यो भन्दा बढी गरे । उनीहरूले पुँजीपति वर्गको राज्य बनाए । त्यो वर्गलाई नेतृत्वकारी र राष्ट्रको वर्चस्वशाली वर्ग बनाए। अर्को भाषामा भन्दा उनीहरूले राज्यको स्थायी आधार तयार गरे र एकीकृत फ्रान्सेली राष्ट्र बनाए। अथवा, त्यो एउटा युगबाट नयाँ युगमा गयो जुन युगलाई अब पछाडि फर्काउन सकिंदैन भन्ने अर्थमा बुझ्नुपर्छ भन्ने लाग्छ । यसरी सम्पूर्ण समाजलाई तिनीहरूले परिवर्तन गरे । त्यो एउटा युगिन घटना थियो, किनभने पुँजीपति वर्ग सरकारमा गएको मात्रै होइन, उसले सम्पूर्ण समाज, त्यसको दृष्टिकोण, त्यसको नियम-कानुन र राज्य व्यवस्थालाई त्यहाँ पुऱ्यायो। जसको कारक यो वर्चस्व थियो भन्ने कुरालाई बुझ्नुपर्छ। ग्राम्स्सीको यो व्याख्याबाट हामी के बुझ्दछौं भने कुनै वर्गका हित र राज्य एउटै कुरा होइनन्। यसरी विश्लेषणलाई अझै फराकिलो पार्दै जाँदा के भन्न

*वर्चस्वभित्र सहमति र दमनका दुईवटा दायरा छन् । त्यसको द्वन्द्वात्मक सम्बन्ध अनुसार सहमतिको दायरा जति फराकिलो हुन्छ दमनको दायरा त्यति साँघुरिँदै जान्छ ।*

सकिन्छ भने "वर्ग र वर्गीय राज्य" पनि एउटै होइनन् । जस्तो कि, 'राज्य र क्रान्ति' पढेको आधारमा लेनिनलाई हेर्दा र लेनिनलाई मार्क्सवादको व्याख्याताको रुपमा हेर्दा आमरुपमा के बुझियो भन्दा राज्य समाजबाट निरन्तर टाढिदै जाने एउटा संयन्त्र हो । यस्तो संयन्त्र जसले शोषण मात्रै गर्छ, अन्याय- अत्याचार मात्रै गर्छ, दमन मात्रै गर्छ, त्यसैले त्यसलाई ध्वस्त गरिनुपर्छ, । तर राज्यको दमनकारी चरित्र मात्रै हुन्छ भन्ने त्यो भन्दा अगाडिका मार्क्सवादीका धारणा विपरीत लेनिन, वर्ग र राज्यका बीचमा पनि अन्तरविरोध हुन्छ भन्छन् । वर्गले आफ्ना हितहरू सम्पूर्ण रुपले लागु गर्न चाहन्छ । तर त्यसो गर्दा राज्य रहँदैन । त्यो राज्यले कुनै न कुनै हिसाबको एउटा आफ्नो दायरा, समर्थन र नेतृत्वको दायरा बनाउँछ । कसैलाई दमन गर्नका लागि पनि उसले आफ्नो वर्गका सम्पूर्ण हितहरूलाई जस्ताको तस्तै लागू गर्न सक्दैन । त्यसले कहीँ न कहीँ सम्झौता गर्छ, तब मात्रै त्यो राज्य रहन्छ भन्ने ग्राम्स्सीको व्याख्या छ ।

राज्य मूलतः सामाजिक अवस्थाको सामान्य अभिव्यक्ति हो भने वर्ग त्यो सामाजिक अवस्थामा एउटा वर्चस्वशाली समूह मात्रै हो, अथवा सामाजिक अवस्थामा उसका सीमाहरू पनि छन् । शासक वर्गले आफूले भनेजस्तो सबै कुरा गर्न सक्दैन, त्यो राज्यमा अभिव्यक्त हुन्छ । तर वर्ग आफैमा उसका हितहरूको कारणले आफ्ना सम्पूर्ण हितहरू लाद्न चाहन्छ । अर्कातिर राज्यको चरित्र चाहिँ जस्ताको तस्तै आफ्ना सम्पूर्ण हितहरूलाई लागू गर्न नसक्ने, कहीँ न कहीँ उसले सम्झौता गर्नुपर्ने, कहीँ न कहीँ अरुका हितहरूलाई त्यसले आफूसँग एकाकार गर्नुपर्ने हुन्छ । यसर्थ, राज्यलाई जुनसुकै हालतमा पनि जस्तोसुकै अवस्थामा पनि तोडिहाल्नुपर्छ, भत्काइ हाल्नुपर्छ भन्ने लेनिनको 'राज्य र क्रान्ति'को जुन सार छ यसमाथि उनको यो प्रस्थापनाले प्रश्न खडा गर्छ भन्ने मलाई लाग्छ । वर्गले उसका हितहरूको प्रतिनिधित्व गर्छ भने राज्यले त्यो वर्गका हित मात्रै होइन त्यसका सीमाहरू पनि निश्चित गरिदिन्छ । यसप्रकार राज्य सामाजिक अवस्थाको संरचनात्मक अभिव्यक्ति

हो भने त्यसको सत्ता चाहिँ वर्चस्व हो । जो सहयोगी वर्गहरूको स्वीकृति र विरोधी वर्गमाथि नियन्त्रणका रुपमा सँगसँगै देखापर्छ। यसरी वर्चस्व भनेको केवल तात्कालिक राजनीतिक नियन्त्रण मात्रै होइन बरु सामाजिक सत्ता हो ।

**वर्चस्वको दायरा र प्रक्रिया**

राज्यले आफूलाई पुँजीपति वर्गमा निहित (कर्पोरेटिस्ट) ठान्छ। अङ्ग्रेजीमा कर्पोरेटिस्ट भनेको अरु बिजनेस क्लास आदि/इत्यादिसँग सम्बन्धित हुन्छ, तर, मेरो बुझाइमा यहाँ यसलाई 'निहित' भन्ने अर्थमा धेरै ठाउँमा प्रयोग गरिएको छ । ग्राम्स्सीका अनुसार राज्य खास समूहका हितहरूको विस्तारका लागि उपयुक्त अवस्था तयार पार्न बनेको निकाय हो । तर त्यो समूहका हितहरूको विकास र विस्तारका लागि सबैका हितहरूको विस्तार र विकासको चालक शक्तिका रुपमा उसले आफूलाई ल्याउन बाध्य हुन्छ । माथिल्लो शासक समूहका हितहरू तल्लो शासित समूहका हितहरूसँग आबद्ध छन्। राज्य चाहिँ मुख्य शासक समूह र तल्ला शासित समूहका अन्तरविरोधी हितहरूका बीचको वैधानिक क्षेत्रमा अस्थिर सन्तुलन उत्पन्न गर्ने र समाधान गर्ने एउटा निरन्तर प्रक्रिया हो, एउटा निरन्तर संस्था हो । त्यस्तो सन्तुलन जहाँ माथिल्लो समूहका स्वार्थहरू निश्चित हदसम्म मात्रै हाबी रहन्छन्। ग्राम्स्सीले उठाएको यो ठूलै प्रश्न हो भन्ने लाग्छ ।

शासक वर्गले आफूलाई वर्चस्वशाली वर्गको रुपमा स्थापित गर्न अन्य वर्गका हितहरूको प्रतिनिधिका रुपमा पनि उभ्याउनैपर्छ। यदि वर्चस्वशाली वर्गले आफ्ना हितहरूलाई अन्य वर्गका हितहरूसँग संयोजन गर्न सकेन भने उसको वर्चस्वमा सङ्कट आउँछ र वर्चस्वशाली वर्गको त्यो सङ्कट सम्पूर्ण समाजको सङ्कटको रुपमा देखापर्छ। उनी भन्छन्- शासक वर्गको वर्चस्वमा कतिखेर सङ्कट आउँछ ? या त अरु वर्गले राखेका मागहरू पूरा गर्न गरिने राजनीतिक पहलमा असफल हुँदा; धेरै जनसमुदायसँग सहमति कायम गर्न असफल हुँदा या धेरै जनसमुदायहरू मुख्यतः

> कुनै एउटा वर्ग वर्चस्वशाली हुनका लागि उसले राज्यमा मात्रै नियन्त्रण गरेर पुग्दैन; नागरिक समाजमा पनि उसको वर्चस्व स्थापित हुनैपर्छ ।

किसान र निम्नपुँजीपति बुद्धिजीवीहरू राजनीतिक निस्क्रियताको अवस्थाबाट अचानक सक्रियताको अवस्थामा आउँदा सङ्कट आउँछ । तात्कालिक मागहरू लिएर उनीहरू अगाडि आउँछन् र ती मागहरूलाई क्रान्तिसँग जोडछन् । सत्ताको यो सङ्कट भनेको वर्चस्वको सङ्कट हो, सम्पूर्ण राज्यको सङ्कट हो । त्यसलाई उनले 'अर्गानिक क्राइसिस' भनेका छन् । यस्तो सङ्कट आउन नदिन वा आफ्नो वर्चस्व कायम राखी रहन शासक वर्गले नागरिक समाजमाथिको वर्चस्वलाई कायम राखी रहनुपर्छ ।

नागरिक समाज भनेको, उनको अर्थमा, गैरराज्य सम्पूर्ण क्षेत्र नागरिक समाज हो । तसर्थ त्यसमाथिको प्रभुत्व राज्यले बनाइरहनुपर्छ, किनकि ग्राम्स्सीका अनुसार सम्पूर्ण सामाजिक उपरिढाँचाका मुख्य तत्वमध्ये नागरिक समाज पनि राज्य जत्तिकै महत्वपूर्ण हुन्छ । उनको विश्लेषण छ, हामीले उपरिढाँचाका दुईवटा मुख्य दायराहरूलाई पहिचान गर्न सक्छौं । एउटालाई नागरिक समाज भन्न सकिन्छ भने दोस्रो राजनीतिक समाज वा राज्य । ती दुईवटा दायराहरू एकातिर शासक समूहले समाजभरि अभ्यास गर्ने वर्चस्वको लक्ष्य अनुरुप हुन्छन्, अर्कोतिर राज्यबाट अभ्यास गरिने प्रत्यक्ष अधीनस्तता वा नियन्त्रणअनुरुप हुन्छ । वर्चस्वभित्रै यी दुईवटा कुरा रहन्छ अथवा वर्चस्व भनेको नेतृत्वकारी भूमिका पनि हो, प्रभुत्वकारी भूमिका पनि हो । यसको अर्थ के हो भने नागरिक समाज, जसलाई ग्राम्स्सीले गैरराज्य निजी सामाजिक सम्बन्धका रुपमा लिएका छन्, राज्य र वर्चस्वका दायरा हुन् । कुनै एउटा वर्ग वर्चस्वशाली हुनका लागि उसले राज्यमा मात्रै नियन्त्रण गरेर पुग्दैन, नागरिक समाजमा पनि उसको वर्चस्व स्थापित हुनैपर्छ । निष्कर्षमा भन्दा- समाजका विभिन्न वर्गहरूमध्ये शासक वर्गले आफ्ना निहित वर्गीय हितहरूलाई अन्य वर्गका हितहरूसँग समन्वय गरेर वर्चस्व स्थापित गर्दछ । त्यस्तो वर्चस्वको अभ्यास मूलतः राज्य र नागरिक समाज मार्फत गर्दछ ।

त्यसो भए शासक वर्गका विरुद्ध श्रमजीवी जनताले क्रान्ति कसरी गर्छन् त ? त्यसमा सर्वहारा वर्गको के भूमिका हुन्छ ? सर्वप्रथम, सर्वहारा वर्गले माथि उल्लेख भए झैं आफ्ना हितहरूलाई अन्य सहयोगी वर्गका हितहरूसँग एकीकृत गर्नुपर्छ । उनको यो भनाइ धेरै नै महत्वपूर्ण छ, जसलाई आधार बनाएर पछि अरु सांस्कृतिक सिद्धान्तहरू पनि बनेका छन् । कुनैपनि ऐतिहासिक घटना सामूहिक मानिसद्वारा सम्पन्न हुन सक्दछ । त्यो सामूहिक मानिसले समान र सामूहिक विश्व दृष्टिकोणको आधारमा छरिएका अनेकौं इच्छाहरूलाई एउटा सांस्कृतिक-सामाजिक एकतामा ल्याउने र अनेकौं उद्देश्यहरूलाई एउटै उद्देश्य बनाउने पूर्वापेक्षा गर्दछ । एउटा यस्तो सामाजिककर्ताका रुपमा समाज आफै उभिन्छ, उभिने एउटा प्रक्रिया सम्पन्न हुन्छ, त्यसपछाडि मात्रै त्यो ऐतिहासिक घटना अथवा समाजको परिवर्तन हुन्छ । त्यो हुनुभन्दा अगाडि एउटा आमविश्वदृष्टिकोण बनाउनुपर्छ । सर्वहारा वर्गले पनि आफ्ना अरु सहयोगी वर्गहरूमा आफ्नो हितलाई बिस्तार गर्छ, उनीहरूलाई एकीकृत गर्छ, आफ्ना शत्रु पुँजीपति वर्गलाई त्यसले एक्ल्याउँछ र यसरी मात्रै उसले अरु धेरै वर्गहरूमा आफ्ना हितहरूलाई एकीकृत गरेर प्रभाव जमाउँछ । अथवा, क्रान्तिभन्दा अगाडि नै ऊ प्रभुत्वशाली भइसकेको हुन्छ । समाज अथवा त्यो सर्वहारा वर्गले आमरुपमा पहिले नै समाजमा प्रभुत्वशाली नभइकन क्रान्ति अगाडि बढाउन सक्दैन, सम्पन्न गर्न सक्दैन ।

हामी के मान्दछौं भने विचारधारा भनेको हितहरूको अभिव्यक्ति हो । विचारधाराको यो परिभाषालाई माथि उल्लेख गरिएको सामाजिक मानिस र सांस्कृतिक- सामाजिक एकतासँग जोड्दा के भन्न सकिन्छ भने सर्वहारा वर्गले आफ्नो त्यो 'कर्पोरेटिस्ट' विचारधारालाई अरु वर्गका विचारधारासँग जोड्दा नयाँ बृहत विचारधारा वा विश्वदृष्टिकोण विस्तारित हुन्छ । तब मात्रै, ग्राम्स्सीको शब्दमा, 'अर्गानिक आइडियोलोजी' बन्न पुग्छ । अनि सर्वहारा वर्गले अरु वर्गहरूको नेतृत्वदायी वर्गको रुपमा आफूलाई स्थापित गर्दै जान्छ र हिजो गौण रहेको, तल रहेको, शासित रहेको

*सर्वहारा वर्गले पनि आफ्ना अरु सहयोगी वर्गहरूमा आफ्नो हितलाई बिस्तार गर्छ, भनीहरूलाई एकीकृत गर्छ, आफ्ना शत्रु पुँजीपति वर्गलाई त्यसले एक्ल्याउँछ . . .*

त्यो विचारधारात्मक दायरा अब पहिलो हुँदै माथि बढेर जान्छ । उसले जित्छ, यसरी सामाजिक परिवर्तन हुन्छ । यो जति बढ्दै जान्छ पुँजीपतिमाथि, सत्तामाथि सङ्कट बढ्छ ।

सामूहिक मानिस र सामूहिक हितलाई राष्ट्रिय र वर्चस्वशाली बनाउन सर्वहारा वर्गले कुन माध्यम अपनाउँछ वा कस्ता क्रियाकलाप गर्छ भन्ने प्रश्न स्वाभाविक छ । हितहरूलाई एकाकार गर्ने प्रक्रिया नै वर्चस्व निर्माणको मुख्य कारक भएकाले विभिन्न हितहरूको पहिचान र तिनीहरूसँग राखिने सम्बन्धको निर्धारण अनिवार्य हुन्छ । त्यस्तो काम नैतिक राजनीतिक नेतृत्वबाट सम्पन्न गरिन्छ भन्ने ग्राम्स्सीको धारणा छ । तर त्यस्तो नैतिक राजनीतिक नेतृत्वलाई समाजको आधारभूत तथ्यहरू र आर्थिक जीवनसँग जोडिएन भने त्यो नेतृत्व समाजबाट अलग हुन्छ भन्ने कुरामा ग्राम्स्सीको जोड छ । यद्यपि, वर्चस्व नैतिक र राजनीतिक हुन्छ, त्यो आर्थिक पनि हुनैपर्छ । शासक वर्गले अभ्यास गरेका निर्णायक आर्थिक गतिविधिहरूका केन्द्रमा पनि अनिवार्य रुपले आधारित हुनैपर्छ अथवा मान्छेको सामाजिक, आर्थिक जीवनसँग जोडिएन भने ती हितहरू जोडिएर बन्ने जुन विचारधारा हुन्छ त्यो 'फल्स कन्ससनेस' (गलत विचारधारा) मात्रै बन्छ भन्ने उनको जोड हो । यस प्रकार हामी के निष्कर्षमा पुग्दछौं भने सर्वहारा वर्गले आर्थिक हितहरूका आधारमा समाजका अन्य वर्गका हितहरूलाई समेत आफ्ना हितहरूसँग एकाकार गर्दै, जस अन्तरगत सामाजिक सांस्कृतिक ती सम्पूर्ण इच्छा- आकाङ्क्षाहरू पर्दछन्, आफ्नो वर्चस्वको दायरालाई विस्तार गर्दै गएर शासक वर्गलाई सङ्कटमा पार्छ र अन्ततः आफ्नो वर्चस्व स्थापित गर्दछ ।

अन्त्यमा के भन्न सकिन्छ भने, मार्क्सवादमा सामाजिक ढाँचा र उपरिढाँचा, क्रान्तिको अवस्था, राज्य क्रान्तिका मुख्य र सहायक शक्तिहरू, क्रान्तिकारी प्रक्रियाको विकास र त्यसमा चेतनाको भूमिका जस्ता मुद्दामा उठेका प्रश्नहरूलाई

ग्राम्स्सीले वर्चस्वको व्याख्या मार्फत मार्क्सवादी सिद्धान्तको दायराभित्र उत्तर दिएका छन् । ग्राम्स्सीका आधारमा, ग्राम्स्सीका जगमा मार्क्स र एंगेल्स प्रशस्त मात्रामा उपस्थित छन् र उनीहरूले ग्राम्स्सीका यी धारणाहरूलाई द्वन्द्ववादभित्रै रहेर ती आधारहरू उनीहरूले पहिले नै राखिदिएका छन् । तपाईंहरूले आफ्ना हितहरूलाई फैलाउँदै फैलाउँदै जानुभयो, शत्रुलाई एक्ल्याउँछु भनेर फैलाउँदै जानुभयो भने एउटा यस्तो अवस्था आउँछ जुन अवस्थामा तपाईंको आफ्नो हित नै 'डाइलुट' हुन्छ, तपाईंको आफ्नो हित नै रहँदैन । तपाईं त्यो ठाउँसम्म जानुभयो भने पनि तपाईंआफ्नो हितलाई प्रतिनिधित्व गर्न सक्नु हुन्न । पुँजीपति किन सङ्कटमा पर्छ भन्दा उसले आफ्ना हितहरूलाई बढी भन्दा बढी फैलाउने त प्रयत्न गर्छ, तर धेरै फैलाउँदा उसको शोषण कम हुन्छ, उसलाई नाफा कम हुन्छ, शोषण गर्न सक्दैन, नाफा हुँदैन । तरपनि उसले आफ्नो हितलाई भुल्न सक्दैन उसले, आफ्ना हितलाई भुल्न नसक्दा यी सामाजिक वर्गहरूलाई आफ्नो पक्षमा लिन सक्दैन । यसरी ऊ सङ्कटमा पर्छ भन्ने ग्राम्स्सीको पद्धति हो । मार्क्सवादमा उनको मौलिक योगदान यो हो भन्ने मलाई लाग्छ ।

जनताको बहुदलीय जनवादमा प्रजातान्त्रिक आन्दोलनमा श्रेष्ठता भन्ने जुन शब्द छ, त्यो ग्राम्स्सीको 'हेजमोनी' अथवा वर्चस्व जस्तै लाग्छ मलाई । जनताको बहुदलीय जनवादमा श्रेष्ठताको अर्थ र ग्राम्स्सीको मोडेलमा 'हेजमोनी'को अर्थ उस्तै उस्तै हुन् जस्तो लाग्छ । त्यसो हो भने यसलाई हामीले अब कसरी समृद्ध पार्न सक्छौं होला? प्रश्न यिनै होलान्- नेपाली समाजको मुख्य क्रान्तिकारी वर्ग कुन हो ? त्यसका सहयोगी वर्गहरू कुन कुन हुन् ? तिनका अलग अलग विचारधाराहरूको पहिचान कसरी गर्ने ? हाम्रो सन्दर्भमा "अर्गानिक आइडियोलोजी" कुन हो ? त्यस्तो क्रान्तिकारी, एकीकृत विचारधारा कसरी निर्माण हुन्छ ? यो प्रश्नको उत्तर दिन सकियो भने हामीले ग्राम्स्सीको मोडेललाई जनताको बहुदलीय जनवादमा प्रयोग गर्न सक्नेछौं ।

थिच्ने मान्छे र थिचिने मान्छे दुइटैसँगै बसेर बहस गर्नुपर्छ २९१
- देवराज दाहाल

मान्छेहरू दुई प्रकारले बन्दी हुन्छ– शारीरिक र मानसिक रुपमा २९७
- रघु पन्त

आजका मुद्दाहरूलाई बहुदलीय जनवादसँग कसरी तादात्म्यता मिलाउने ३०१
- योगेश भट्टराई

# बहस । टिप्पणीहरू

# थिच्ने मान्छे र थिचिने मान्छे दुइटैसँगै बसेर बहस गर्नुपर्छ



- देवराज दाहाल

पाउलो फ्रेरीले के सोचेर, जनताबाट सिकेको ज्ञानलाई उनीहरूकै मुक्तिको लागि प्रयोग गर्नुभयो, त्यसको बारेमा अलिकति भन्छु । मोदनाथजीले भन्नुभएको धेरै कुराहरू चाखलाग्दो लाग्यो । समाज शास्त्रमा के भनिन्छ भने ज्ञानको स्रोत भनेकै जनता हो । उनीहरूले सिर्जना गरेको संस्थाहरू, उनीहरूले दिएका विचारहरू, त्यहाँबाट उत्पन्न संघहरू, संस्कृति, धर्मको कुराहरू यी सबै त्यससँग गाँसिएका हुन्छन् । त्यसलाई हामीले समग्रतामा हेर्‍यौं भने निष्कर्षमा पुग्छौं जस्तो लाग्छ । ग्राम्स्सीले अर्गानिक इन्टेलेक्चुएल (आङ्गिक बुद्धिजीवी) को कुरा उठाएका छन् । मजदुर आन्दोलनबाट कुनै नेतृत्व उठेको छ र त्यसको सङ्घर्षका अनुभवहरूलाई ज्ञानमा रुपान्तरण गरेर आफ्नो वर्गको समस्या समाधान गर्न सक्ने बुद्धिजीवीलाई 'आङ्गिक' भन्छन् । त्यसले त्यो वर्गलाई खराब गर्दैन । हामीले पढेको धेरै पुस्तकहरू बाहिरको वस्तुस्थिति, बाहिरको सन्दर्भसँग गाँसिएको हुनाले हामी कुन हदसम्म 'अर्गानिक' छौं, हामीले समाजलाई कत्तिको मुक्ति दिन सक्छौं, त्यो बारेमा हामीले पुनर्विचार गर्नैपर्छ जस्तो लाग्छ । किनभने अहिलेसम्म देशमा चेतना आयो तर त्यो चेतना अनुसारको संस्थाहरू निर्माण भएनन्, त्यो चेतना अनुसारको हामीले राज्यव्यवस्था बनाउन सकेनौं । चेतना अनुसारको विकास पनि भएन । विकासका जुन पूर्वाधारहरू हुन्, तिनले गरिबी निवारण गर्न सकेनन् । गरिबी बढ्दै गइरहेको छ, असमानता बढ्दै गइरहेको छ, विभेदीकरण बढ्दै गइरहेको छ, द्वन्द्व बढिरहेको छ र विकास पूर्णतः असफल भएको देखिन्छ । यो किन भयो त भन्दा जुन बुद्धिजीवीले विचार दियो, ऊ त्यो प्रति उत्तरदायी भएन । किन भएन भने ऊ अर्गानिक नै थिएन, आङ्गिक नै थिएन । आङ्गिक भएको भए समाजलाई त्यसले खराबी गर्छ कि राम्रो गर्छ भनेर सोच्थ्यो । यो सन्दर्भमा ग्राम्स्सीलाई हेर्नुपर्छ जस्तो लाग्छ । दोस्रो, पाउलो फ्रेरीले ज्ञानलाई 'डाइलेक्टिक' नै भनेका छन् । यो 'डाइलेक्टिकली' जान्छ अर्थात थिच्ने मान्छे र थिचिने मान्छे दुईटै सँगै बसेर बहस गर्नुपर्छ । त्यो भएपछि दुईटैमा

चेतना अभिवृद्धि हुन्छ । जस्तो मैले यहाँ समस्या के देखिरहेको छु भने दलितको कार्यक्रममा दलित मात्रै हुन्छन् । उनीहरू आफू चेतनशील हुन्छन्, तर जुन थिच्ने वर्ग हो ऊ शिक्षित हुँदैन । जब ऊ थिचिरहन्छ तल जति कराए पनि त्यो आवाज सुनिंदैन ।

ग्राम्स्सीले जुन कुरा गरे त्यो सांस्कृतिक मौनताको वर्चस्व हो । भौतिक शक्तिबाट मात्रै काम हुँदैन, सांस्कृतिक शक्ति पनि हुनुपर्छ । पढेको मान्छेको अगाडि नपढेको मान्छे बस्यो भने एउटाले भाषण गर्छ अर्को सुनिरहन्छ । उसको संस्कृति नै मौनताको संस्कृति हुन्छ । यस्तो संस्कृतिमा बोल्ने, उसलाई प्रभाव पार्ने, आफ्नो पक्षमा ल्याउने, अनि आफूले चाहेको अनुसार काम गराउने हुन्छ । मार्क्सको राजनीतिक कम छ, आर्थिक ज्यादा छ, भौतिक ज्यादा छ । ग्राम्स्सीले राजनीतिलाई पुनः आफ्नो क्षेत्रमा ल्याएका छन् । किनभने निर्णय लिने क्षेत्र नै राजनीति हो, अर्थतन्त्र होइन, प्रविधि होइन, अरुहरू होइन भनेर भनेका छन् । त्यसो भएको हुनाले ग्राम्स्सी र मार्क्समा अलिकति फरक छ ।

शोषणमूलक समाज हुन्छ, एउटा ठूलो, अर्को सानो, सानालाई थिचिरहेको हुन्छ, त्यसो हुनाले कसरी विनिर्माण गर्ने, कसले गर्ने भन्ने प्रश्नमा पाउलो फ्रेरी भन्छन्- जो थिचिएका छन् तिनीहरू नै अगाडि आउनुपर्छ । हामीले रुपान्तरणको जुन कुरा गर्‍यौं, त्यो रुपान्तरणको पनि तर्क के हो भने जसलाई रुपान्तरण गर्नु पर्ने ऊ कर्ता नै हुनुपर्छ, पछि पछि हिंड्ने होइन कि कर्ताको रुपमा अगाडि आउनुपर्छ, तब मात्रै रुपान्तरित हुन सक्दछ । यो विचार ग्राम्स्सीसँग अलिकति मिल्छ । पाउलो फ्रेरी चाहिँ भन्छन्- ज्ञान भनेको सन्दर्भमा नै आउँछ, त्यसैले त्यो सन्दर्भले समस्या उत्पादन गरेको हुन्छ । त्यो समस्या समाधान गर्नको निम्ति बहस गर्नुपर्छ, दुईटै पक्ष विपक्ष बहस गरेपछि निष्कर्षमा जान सकिन्छ । यसको प्रक्रिया बहस हो । त्यसले तीन खालको ज्ञानलाई सहयोग

> *जो थिचिएका छन् तिनीहरू नै अगाडि आउनुपर्छ । हामीले रुपान्तरणको जुन कुरा गऱ्यौं; त्यो रुपान्तरणको पनि तर्क के हो भने जसलाई रुपान्तरण गर्नु पर्ने क कर्ता नै हुनुपर्छ, पछि पछि हिँड्ने होइन:..*

गर्छ । एउटा, समस्या समाधान गर्न विभिन्न पक्षहरू मिलेर ज्ञान नै उत्पादन गर्न सकिन्छ । दोस्रो, त्यो ज्ञानलाई नीति निर्माणमा पनि प्रयोग गर्न सकिन्छ । तेस्रो, समाजमा एउटाले अर्कोलाई थिच्ने जुन सामाजिक सम्बन्ध हो, त्यसलाई पनि रुपान्तरण गर्न सकिन्छ । तर त्यसको लागि दुईटै चेतनशील हुनुपर्छ । त्यो हिसाबले हेर्दा पाउलो फ्रेरीलाई बुद्धको नजिक देख्छौं । प्रक्रिया चाहिँ द्वन्द्वात्मक नै छ, तर बुद्धको जस्तो दुईटै पक्ष बसेर समस्याको समाधान गर्नुपर्छ भन्ने देखिन्छ । त्यसकै आधारमा समाजलाई परिवर्तन गर्न सकिन्छ भन्ने पाउलो फ्रेरीको सोचाइ छ । पाउलो फ्रेरीले मान्छेले सन्दर्भ अनुसार बहस गर्ने, बहस गरेको आधारमा मनन गर्ने, फेरि त्यसलाई सोच्ने, त्यो ठीक छ कि छैन, त्यसको आधारमा सामाजिक ज्ञानहरू बढ्दै जान्छ भन्ने कुरामा जोड दिएका छन् । यसले पहिलेको गल्तीहरूलाई हटाउन सकिन्छ । उनको काम कसरी जनतालाई सचेतनता दिने, चेतना अनुसारको कार्य गर्न पनि लगाउने भन्ने हो । यहाँ उनको सोचाइ योर्गन हावरमासको सञ्चार सम्बन्धी सिद्धान्त- "कम्युनिकेटिभ एक्सन" अर्थात सूचनासँग कार्य गर्ने क्षमता पनि सँगसँगै वृद्धि गर्नुपर्छ भन्ने सोचाइसँग मिल्छ ।

ज्ञानमा स्वामित्व भएन भने के हुन्छ? त्यसले औपनिवेशीकरण नै गर्छ । त्यसो हुनाले ज्ञान उत्पादनमा जनता आफै भिड्नुपर्छ, आफै लाग्नुपर्छ, सहभागीमूलक ज्ञान जति उत्पादन गर्छौं, त्यति नै समाज चेतनशील हुँदै जान्छ र समाजको परिवर्तन हुँदै जान्छ । शिक्षकले पनि विद्यार्थीको कुरा सुन्ने, आफ्नो कुरा पनि भन्ने, अनि त्यसको आधारमा बहस गर्ने, त्यो गरेपछि हामी संश्लेषणतिर जान सक्छौं र समस्याको समाधान गर्न सक्छौं । हामी अहिले उत्तरआधुनिकवादी ज्याक डेरिडाहरूको कुरा बढी गरिरहेका छौं । वास्तवमा संसारको पहिलो विनिर्माणवादी बुद्ध नै हुन् । उनले के भनेका छन् भने जातीय प्रणाली उत्पीडनकारी छ, शक्ति आधारित छ । त्यो शक्तिलाई त्यसबेलाको ज्ञानले न्यायोचित ठहऱ्याएको छ ।

त्यसो भएको हुनाले त्यसलाई पूरा फेर्नुपर्छ । बुद्धको जुन सोचाइ थियो, उनको पनि त्यस्तै छ । नयाँ किसिमको सचेतनशील वर्ग वा जनता समाजमा उत्पादन भयो भने नयाँ संस्कृति सिर्जना हुन सक्छ र मौनताको संस्कृति खत्तम हुन सक्छ । सबैजना सहभागी हुनसक्छन्, सबैको सशक्तीकरण हुन्छ र समाजको संरचना, राज्यव्यवस्था न्यायपूर्ण भएर जान सक्छ भन्ने पाउलो फ्रेरिको सिद्धान्त हो । उनको खास सिद्धान्त नै आफै सहभागी भएर कसरी ज्ञान उत्पादन गर्ने र समाजलाई सुधार गर्ने भन्ने हो ।

नागरिक समाजको बारेमा ग्राम्स्सीले धेरै कुरा गरेका छन्, अप्रत्यक्ष रुपमा पाउलो फ्रेरीले पनि गरेका छन् । नागरिक समाजको राज्यसँग, अर्थतन्त्रसँग, आफ्नो पुरानो समाजसँग सम्बन्धको कुरा गर्दा उनीहरूले तीनवटैबाट स्वायत्त किसिमको हुनुपर्छ भनेका छन् । नागरिक समाज भनेको विवेकीकरणतिर गएको समाज हो, त्यसले समाजलाई आधुनिकीकरण तिर लैजान्छ । समाजको जुन गतिशीलता हो, त्यसले प्रदान गर्छ । एउटा पहरेदारको रुपमा पनि काम गर्छ । त्यो हिसाबले पाउलो फ्रेरिले विचार ल्याएका छन् । त्यो ‘अर्गानिक इन्टेलेक्चुयल’सँग जोडिएको हुन्छ । ज्ञान त्यो संस्कृतिको उपज हो भन्ने हामीले बुझ्नुपर्छ । कुनै पनि कुरा हुबहु लागू हुन सक्दैन, त्यस्तो कुनै पनि सिद्धान्त हुन सक्दैन । हाम्रो संस्था, हाम्रो कानुन, हाम्रा नियमहरू, हाम्रो मूल्य र मान्यताहरू पुँजीवादी रुपमा गइसकेका छैनन् । त्यसैले हामी, संविधान, राज्य, कानुनको हिसाबले हेर्दा अहिले पनि सामन्ती अवशेषमै छौं जस्तो लाग्छ । अब यसलाई पाउलो फ्रेरीसँग जोड्छु । ब्राजिल र दक्षिण अफ्रिकामा जुन सामाजिक आन्दोलन भयो त्यो खालको आन्दोलन यहाँ आवश्यक छ । त्यसले समाजको एकीकरण पनि गर्छ र समाजलाई खासगरी वातावरण, महिला, शान्ति जस्ता विभिन्न कुराहरूमा एक किसिमको सचेतनता पनि दिन्छ ।

> *नागरिक समाज भनेको विवेकीकरणतिर गएको समाज हो, त्यसले समाजलाई आधुनिकीकरण तिर लैजान्छ । समाजको जुन गतिशीलता हो, त्यसले प्रदान गर्छ । एउटा पहरेदारको रूपमा पनि काम गर्छ ।*

लेनिनले वर्गीय चेतनाबाट राज्य कब्जा गरेका होइनन्, माओ त्सेतुङले पनि होइनन् । माओ त्सेतुङले साम्राज्यवादको विरुद्धमा समाजलाई परिचालन गरे, पछि सामन्तवादको विरुद्धमा लागे । त्यसैले माओको लेखहरू हेर्‍यौं भने राष्ट्रवादी देख्छौं, उनको विश्व दृष्टिकोण पनि त्यस्तै खालको छ । पुँजीवादको माथिल्लो स्तर भनेको साम्राज्यवाद नै हो भनेर लेनिनले जुन भनेका छन्, त्यो केही हदसम्म ठीक छ । तर केही हदमा किन ठीक छैन भने साम्राज्यवादपछि पुँजीवाद पनि कतिपय ठाउँमा आइरहेको छ । औद्योगिक क्रान्तिको बेला लेखिएका जतिपनि ज्ञानहरू छन्, अब अहिले सूचनामूलक क्रान्ति भएको हुनाले त्यसका केही कुराहरू ठीक छन्, केही कुरा हामीले नयाँ सन्दर्भमा सोच्नुपर्छ । यो सूचनामूलक क्रान्तिले औद्योगिक क्रान्तिमा आधारित समाज साम्यवाद र पुँजीवाद दुईटैमा अन्तरविरोध ल्याइदिएको छ । पुँजीवाद कसरी त्यस्तो अन्तर्विरोधमा फसिरहेको छ भन्ने थाहा पाउन जर्ज सोरजको किताब पढ्दा हुन्छ । उनले 'कन्ट्राडिक्सन अफ क्यापिटालिज्म' भन्ने किताब लेखेका छन् ।

नेपाली समाज सबभन्दा बढी पुँजी र श्रमको बीचमा छ । ६ महिना खान पुग्ने, ६ महिना खान नपुग्ने, अलिकति जमिन भएको, पूरै भूमिहीन नभएको वर्गको बाहुल्यता छ । त्यसलाई 'माइकल काल्की' थ्योरी भनिन्छ । माइकल काल्की पोल्याण्डका पोलिटिकल इकोनोमिस्ट हुन् । उनले हार्वर्ड युनिभर्सिटीमा पढाउँथे । मिश्रित अर्थशास्त्रका उनी प्रवक्ता पनि हुन् । उनको एउटा शब्द छ- 'इन्टरमेडियटर रिजिम', यो दुईटाको बीचको भएको हुनाले इन्टरमेडियटर रिजिम भनिएको हो । त्यसको बारेमा बङ्गलादेशमा धेरै लेखिएको छ । बङ्गलादेशका विद्वानहरूले खासगरी प्रो. रहमान सुभानले बङ्गलादेशलाई इन्टरमेडियटर रिजिम नै भन्नुभएको छ । हाम्रो पनि त्यही समस्या हो, हामी त्यही लाइनमा गइरहेका छौं । हाम्रो राजनीतिको अर्को विरोधाभास के हो भने राजनीतिक शक्ति आमजनतामा छ, निर्वाचनको बेला नेताहरू आमजनतामा जानुपर्छ, निर्वाचन जितेपछि वर्गमा

आउने बाध्यता छ । यो अस्थिर राजनीति भयो । अस्थिर राजनीतिले नीति नै बनाउन सक्दैन । किनभने त्यसको प्राथमिकता हुँदैन, त्यसको विश्वदृष्टिकोण हुँदैन । त्यसैले हामी जहिले पनि एकपछि अर्को सङ्कटमा गइरहेका हुन्छौं र त्यसको समाधान हुँदैन । यो हाम्रो धरातलीय यथार्थ हो । यसलाई सम्बोधन गरेर नीतिहरू बनाउनुपर्छ जस्तो लाग्छ । बाहिरबाट आएको ज्ञानलाई हामीले आन्तरिकीकरण कसरी गर्ने त ? कुन सुहाउँदो छ, कुन छैन ? पूर्णतः लिनु भन्दा पनि सुहाउने जति लिने, नसुहाउने जति नलिने गर्नुपर्छ ।

# मान्छेहरू दुई प्रकारले बन्दी हुन्छ– शारीरिक र मानसिक रुपमा



- रघु पन्त

वास्तवमा मुलुकमा हस्तक्षेप बढेको छ । संसारमा जहाँको पनि राजनीतिक इतिहासलाई हेर्‍यौं भने हामी देख्छौं, जब देशभित्रका राजनीतिक शक्तिहरूको बीचमा द्वन्द्व बढ्छ, छिमेकका प्रभुत्वशाली देशहरूको हस्तक्षेप बढेको छ । २००७ सालमा काँग्रेसले सङ्घर्ष गर्‍यो, त्रिभुवन देश छोडेर गए, त्यसपछि राजा, काँग्रेस र राणालाई मिलाउने काम भारतले मध्यस्थता गरेर गर्‍यो । दिल्ली सम्झौता बलजफ्ती गरायो, नमान्दा नमान्दै के.आइ.सिंहलाई थुनेर पनि गरायो । अहिले प्रचण्डले बाहिर आएर १२ बुँदे सम्झौता गर्नुमा भारतको हात रह्यो भनेर भनेका छन् । हामीले देखिरहेका छौं, धेरै कुराहरूमा हस्तक्षेप छ । तर त्यो हस्तक्षेपलाई परास्त गर्न अथवा त्यसलाई कम गर्न सकिरहेका छैनौं । यो शक्ति संरचना, शक्ति समीकरणको कुरामा ध्यान दिनुपर्ने कुरा हो । विश्वबैंकको, आइएमएफको जुन हस्तक्षेप छ, त्यसतर्फ पनि ध्यान दिनुपर्छ । हामीले चीनबाट सिक्नुपर्छ । जस्तो १९४९ अगाडि चीन कहिले ब्रिटिसहरूको अधीनमा देख्छौं । हङकङ लगे । त्यसपछि आएर जापानीहरूको अधीनमा । त्यसपछि अमेरिकाको हस्तक्षेपमा गयो । त्यसरी पटक पटक विदेशी शक्तिहरूको हस्तक्षेपमा परेको त्यो चीन १९४९ को क्रान्तिपछि आफ्नो शक्ति, निर्णय क्षमतालाई पुनर्स्थापित गरेर आज शक्ति राष्ट्रको रुपमा, एउटा उदाउँदो महाशक्ति राष्ट्रको रुपमा देखापरेको छ । यसले के देखाउँछ भने राष्ट्र एकीकृत भयो, जनता एकीकृत भए र त्यहाँका पार्टी र नेताले राष्ट्रको भावनालाई प्रतिनिधित्व गरे भने आफ्नो निर्णय क्षमतालाई पुनर्स्थापित गर्न सक्छन् । त्यसैले हामी हाम्रो देशको अन्तर्विरोध समाधान गर्नेतर्फ जानुपर्छ ।

म ग्राम्स्सीलाई उद्धरण गर्न चाहन्छु । जस्तो अर्जुनजीले भन्नुभएको थियो- २० वटा हिंसात्मक समूहहरू अहिले विभिन्न नाममा तराईमा छन् । ग्राम्स्सी के भन्छन् भने- अहिले सत्तामा रहिरहेको पार्टीले यो सत्ताको केकलाई विद्रोहमा गएको अथवा विरोध गरेको समूहलाई जति बाँड्न सक्छ, त्यति यो टिकाउ हुँदै जान्छ । वास्तवमा

अहिले नेपाल राज्य अत्यन्त कमजोर छ । असफल राज्य त भन्न मिल्दैन तर अत्यन्त कमजोर राज्यको अवस्थामा छ भन्ने कुरा विभिन्न राजदूतहरूले पनि विभिन्न सन्दर्भमा भनेका छन् । गौरीजीले सटिक ढङ्गले, पाउलोको पेडागोजी अफ द अप्रेस्डको बारेमा धेरै महत्वपूर्ण कुराहरू राख्नु भएको छ । पाउलो फ्रेरिको चर्चा नेपालमा र नेपाली वामपन्थी बुद्धिजीवीमा हुन थालेको हालसाल होइन, झण्डै डेढ दशक भयो । पाउलो फ्रेरीको नीतिमा जानुपर्छ भनेर डेढ दशक अघि वाम आन्दोलनभित्र चर्चा परिचर्चाको विषय बनेको थियो । वास्तवमा उनको सबभन्दा महत्वपूर्ण कुरा शिक्षा परिवर्तनको र परिवर्तन टिकाउने आधार हो भन्ने नै हो । हामीले जनवादी शिक्षा भनेको डेढ दशक, दुई दशक भयो । जनवादी शिक्षा भनेको के हो व्याख्या गर भन्यौं भने हाम्रा शिक्षा मन्त्रीदेखि अखिलका विद्यार्थीहरूसँग कसैलाई त्यसको राम्रो रुप रेखा थाहा छैन । त्यसो भएर पाउलो फ्रेरीले उठाएका कतिपय कुराहरूलाई हामी प्रयोग गर्न सक्छौं र शिक्षालाई परिवर्तनको आधार बनाउन सक्छौं । प्रश्रितको प्रस्तुति, हामीले एकदम सरल भाषामा बडो राम्रो ढङ्गले बुझेका छौं । अहिले पृथ्वीनारायण शाहलाई एउटा भिन्दै ढङ्गले हेरेर आक्रमण गर्ने र उनको राज्य विस्तारलाई सामन्ती राज्य विस्तार मात्रै हो भनेर जसरी हेरिएको छ वास्तवमा यो तर्कसङ्गत भएन भन्ने लाग्छ । यो इतिहासलाई हेर्ने सही दृष्टिकोण पनि होइन । शाहले गर्‍यो भनेर त्यो सकारात्मक भएको होइन । पृथ्वीनारायण शाहको ठाउँमा पृथ्वीनारायण उपाध्यायले गरेको भएपनि, पृथ्वीनारायण लिम्बुले गरेको भएपनि, पृथ्वीनारायण श्रेष्ठले गरेको भएपनि पृथ्वीनारायण मगरले गरेको भए पनि त्यो एकीकरण नेपाल र नेपालीको पहिचानको लागि महत्वपूर्ण हुने थियो । ब्रिटिस साम्राज्यवादले डेढसय/दुईसय राज्यमा विभाजित भारतलाई एकीकृत गर्‍यो । श्रीलंकासम्म पुग्यो । आजको पाकिस्तान र बङ्गलादेश पनि यही अखण्डित भारतको हिस्सा थियो । तर आज भारतका कुनैपनि मार्क्सवादीहरू ब्रिटिसहरूले एकीकृत गरिदिएको हुनाले त्यो एकीकरण गलत हो भन्दैनन् । साम्राज्यवादले हस्तक्षेप गर्दागर्दै पनि त्यसका सकारात्मक पक्षहरू पनि छन् भनेर आफ्नो राष्ट्रिय पहिचानलाई स्थापित गरिरहेका छन् भने हामी आफ्नो

> *पुरानो भत्किएको आधारहरूमा नयाँ विचार र नयाँ राष्ट्रवादको जग बसाउन सकेनौं भने, एकीकरणका नयाँ आधार निर्माण गर्न सकेनौं भने नेपाल राष्ट्र एकीकृत रहन्छ कि रहँदैन भन्ने प्रश्न. . .*

इतिहासबाट मुख फर्काएर नयाँ खण्डीकरणको दिशातर्फ जानु हुँदैन । त्यसैले यसलाई हेर्ने एउटा सही मार्क्सवादी दृष्टिकोण हामीले पनि बनाउनुपर्छ ।

हिजो राजालाई अनेकतामा एकताको प्रतीक बनाएर व्याख्या गर्दै आइएको थियो । एकताका धेरै आधारहरूलाई, राष्ट्रवादको धेरै आधारहरूलाई ०६२-६३ को जनआन्दोलनले प्रश्नभित्र पारेको छ, तिनीहरूलाई भत्काउँदै लगेको छ । महत्वपूर्ण कुरा के हो भने, यो पुरानो भत्किएको आधारहरूमा नयाँ विचार र नयाँ राष्ट्रवादको जग बसाउन सकेनौं भने, एकीकरणका नयाँ आधार निर्माण गर्न सकेनौं भने नेपाल राष्ट्र एकीकृत रहन्छ कि रहँदैन भन्ने प्रश्न अत्यन्त गम्भीर रुपले उठेको छ । यो दिशातिर हाम्रो ध्यान जानुपर्छ ।

घनश्यामजीको प्रस्तुति बारेमा वास्तवमा हामीले मार्क्स पढ्यौं, लेनिन पढ्यौं, तर ट्राटस्कीलाई पढेनौं, रोजालाई पढेनौं । यिनीहरूलाई पनि हामीले लेनिनकै आँखाले हेर्‍यौं । हामीले बर्न्स्टीन पढेनौं, काउत्स्की पढेनौं । हामीले यिनीहरूलाई मार्क्सवाद, लेनिनवाद र माओको विचारहरूमा मात्रै पढ्दै आयौं । मार्क्सवाद-लेनिनवादको सन्दर्भमा मात्रै पढ्दै आयौं । मलाई लाग्छ ग्राम्स्सी र रोजा लक्जेम्बर्ग त हामीले पढ्नैपर्छ । ग्राम्स्सीको किताबको जुन एउटा सारसंक्षेप घनश्यामजीले ल्याउनु भएको छ, त्यसको लागि धन्यवाद दिन्छु । संक्षिप्त रुपमा सारलाई उहाँले ल्याउनु भएको छ । हामीसँग निश्चित मान्यता, निश्चित विचारहरू थिए । कसैले हाम्रो मान्यता र अङ्गिकार गरेका विचारहरूमाथि प्रश्न उठाउनासाथ हामी त्यसलाई विजातीय ठान्थ्यौं, अछूत ठान्थ्यौं । त्यति मात्रै नभएर शंका पनि गर्थ्यौं, यसले किन यस्तो कुरा उठायो ? अहिले हामी यस्तोखाले प्रवृत्तिबाट धेरै हदसम्म मुक्त भएका छौं । जसरी हामी नयाँ नयाँ विचारहरूलाई आफ्नो सन्दर्भमा खोज्दै छौं र व्याख्या गर्दैछौं, त्यतातिर जाने हो भने वास्तवमा भविष्य हामीसँग छ ।

मान्छेहरू दुई प्रकारले बन्दी हुन्छ भन्छन् । शारीरिक रुपमा र मानसिक रुपमा । सत्य र तथ्यलाई हेर्ने हो भने मानसिक बन्धनबाट मुक्त हुनुपर्ने आवश्यकता छ । यो बन्धन भनेको वैचारिक आग्रहका बन्धनहरू हुन सक्छन्, संस्कारका बन्धनहरू हुन सक्छन् । आग्रही र पूर्वाग्रही बनाइने कुराबाट मुक्त भएर सबै कुरालाई सापेक्ष रुपमा बुझ्नु पर्दछ जसले वास्तविकतालाई ठम्याउन हामीलाई मद्दत गरोस् । विविध दृष्टिकोणबाट वस्तुलाई हेर्नुपर्छ । हामीसँग एउटा निश्चित विचार भएपछि हामी मार्क्सवादलाई मार्क्सवादी दृष्टिकोणबाट हेर्छौं तर मार्क्सवाद विरोधीहरूले त्यसलाई कसरी हेर्छन् ? मार्क्सवादका आलोचकहरूले त्यसलाई कसरी हेर्छन् भन्ने कुरा मार्क्सवादीले थाहा पाउनु जरुरी छ । सकारात्मक रूपमा त्यसको समीक्षा गर्न र त्यसलाई अझै गहिराइमा गएर बुझ्न वास्तवमा सजिलो हुन्छ भन्ने मेरो अनुभव हो । हाम्रो इतिहास, संस्कृति, भूगोल र तिनका विशेषता र समाजलाई प्रश्रितले भन्नु भएजस्तै बुझ्न बाँकी धेरै कुराहरू छन् । वर र पिपल रोप्ने कुरालाई विज्ञानले नयाँ ढङ्गले प्रमाणित गऱ्यो । किनभने वनस्पतिहरूमध्ये सबैभन्दा बढी कार्वन लिएर अक्सिजन छोड्ने विरुवा पिपल हो । प्रश्रितले महत्वपूर्ण कुराहरू ल्याउनुभयो । हामीले हाम्रो इतिहासका नकारात्मक कुराहरूलाई मात्रै होइन, हाम्रो संस्कृति र इतिहासका सकारात्मक पक्षहरूलाई पनि देख्नुपर्छ र त्यसलाई नयाँ सन्दर्भमा व्याख्या गर्नुपर्छ, नयाँ सन्दर्भसँग जोड्नुपर्छ । जर्मन नाटककार गेटेको प्रसिद्ध नाटक छ- फाउस्ट । त्यसको एउटा पात्र के भन्छ भने सिद्धान्तको रंग खैरो हुन्छ, जीवनको रंग हरियो । जब सिद्धान्त र जीवनका बीच द्वन्द्व उत्पन्न हुन्छ तब जीवनले आफ्नै बाटो लिन्छ र सिद्धान्त एकातिर पर्छ । वास्तवमा हाम्रो राजनीतिक जीवनमा यो धेरै प्रयोग भइरहेको छ । हामीले कतिपय मान्यता अङ्गीकृत गरिरहेका छौं । तर वास्तवमा त्यसलाई कार्यान्वयन गरिरहेका छौं कि छैनौं ? यसको पुनर्मूल्याङ्कन गर्न जरुरी छ । वास्तवमा हामीले राजनीतिदेखि जीवन, साहित्य, सङ्गीत, कुनै पनि कुराहरूलाई राम्ररी जोड्न सकेका छैनौं ।

# आजका मुद्दाहरूलाई बहुदलीय जनवादसँग कसरी तादात्म्यता मिलाउने

-योगेश भट्टराई



अहिले जतिपनि नयाँ नयाँ सवालहरू उठिरहेका छन्, त्यसमा हिजोको उत्तरले भएन, नयाँ उत्तरहरू खोज्नु पऱ्यो भन्ने सन्दर्भमा यो कार्यक्रम महत्वपूर्ण हुन्छ भन्ने लाग्छ। नेकपा (एमाले) अगाडि बढ्ने बाटो भनेको यसको वैचारिक स्पष्टता नै हो, त्यो बाहेक अर्को बाटोबाट हामी जान सक्दैनौं। नेपाली काँग्रेसजस्तो कुनै नेताको आदेशबाट अथवा कुनै नेताको निर्देशनबाट, निर्णयबाट एमाले चल्न सक्दैन । त्यसैले यसले आफ्नो विचारधारालाई नै बढी प्रस्ट बनाउनुपर्छ । आजका मुद्दाहरूलाई पार्टीको कार्यक्रमसँग, बहुदलीय जनवादसँग कसरी तादात्म्यता मिलाउने भन्ने सन्दर्भमा नै विशेषगरी बहुदलीय जनवादलाई केन्द्रमा राखेर नै यो बहस भएको छ । बहस सुन्दा वास्तवमा बहुदलीय जनवादका कतिपय पक्षहरूमा पनि हामीले पुनर्विचार गर्नुपर्ने, समीक्षा गर्नुपर्ने ठाउँमा पुगेका छौं कि भन्ने आभास मिलिरहेको छ । यहाँ मैले केही विषयवस्तुहरू मात्रै अगाडि सार्न खोजेको छु । विषयवस्तुहरूलाई अगाडि सार्ने र त्यस विषयमा हामी प्रस्ट हुनुपर्छ भन्ने लाग्छ ।

विशेषगरी राज्यका विभिन्न मोडेलहरू र हामीले भन्दै आएको सर्वहारा वर्गको अधिनायकत्वको मोडेल अथवा त्यसको विकल्पमा पुँजीवादीहरूले खडा गरेको बजारमुखी अर्थतन्त्रको आधारमा खडा भएको उदारवादी मोडेल अथवा कुनै व्यक्तिगत तानाशाहले आफ्नो सत्ता टिकाउनको लागि खडा गरेको सैन्य सत्तावादी मोडेल, यी विभिन्न मोडेलहरू असफल भइसके । अनुभवलाई ध्यानमा राख्दै सामाजिक न्याय, समतामूलक समाज, अवसर र साधनमाथिको समान पहुँच, मानवअधिकार र प्रजातन्त्रका आधारभूत सिद्धान्त सहितको लोककल्याणकारी राज्य निर्माण गर्नुपर्छ भन्ने र यो अवधारणाबाट राज्यको नयाँ ढाँचामा जानुपर्छ भन्ने सन्दर्भमा जनताको बहुदलीय जनवाद हामीले अगाडि सारेका हौं भन्ने लाग्दछ । यसलाई अगाडि सार्दा बहुदलीय जनवादका दुईवटा स्रोतहरू थिए,

जस्तो लाग्छ, एउटा, नेपालको आधा शताब्दी लामो कम्युनिस्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलनका अनुभव, त्यस्तै विश्वको समाजवादी आन्दोलन, खासगरेर अक्टोबर क्रान्ति पछाडि खडा भएका समाजवादी देशको विकास र पछिल्लो चरणमा आएर त्यसको विघटन । यी दुईवटा घटनाहरू बहुदलीय जनवादको लागि आधार थिए, स्रोतहरू थिए । जतिबेला हामी त्यो छलफल चलाउँदै थियौं, त्यसको अगुवाको रुपमा मदन भण्डारी हुनुहुन्थ्यो । उहाँसँग दुईवटा सीमा थिए जस्तो लाग्छ । अहिले उहाँ हुनुहुन्न, त्यसो भएकोले हामी अनुमान गर्ने हिसाबले मात्र कुरा गर्न सक्छौ । त्यतिबेला सम्मको अध्ययन एउटा सीमा हो । किनभने, अहिले हामी जतिपनि मुद्दाहरू सतहमा देखिरहेका छौं ती मुद्दा ०४९ सालमा सबै प्रस्ट ढङ्गले आइसकेका थिएनन् । दोस्रो, नेकपा एमालेभित्रको एउटा उग्रवामपन्थी विरासतले हामीलाई वैचारिक रूपमा फड्को मार्ने ठाउँमा लान सकेको थिएन । ०२७ सालदेखिको जुन कार्यनीति हामीले बोक्दै आइरहेका थियौं त्यसलाई हामीले सम्पूर्ण हिसाबले छोडिसकेका थिएनौं । हाम्रो तल्लो पङ्क्ति त्यसबाट अझ बढी प्रभावित थियो । आफैभित्र पनि र समाज तथा अन्य विभिन्न राजनीतिक दलको हिसाबले पनि उग्रवामपन्थ छंदै थियो । त्यो एउटा अवस्थाले हामीलाई प्रभावित गरिराखेको थियो । अर्को, सन् १९९० का छेउछाउका घटनाहरूले हामीलाई प्रभावित गरेका थिए । छिटो परिवर्तन हुनुपर्छ भन्ने अवस्थामा हुँदाहुँदै पनि कतिपय स्थितिमा प्रतिरक्षात्मक मानसिकता, उग्रवामपन्थी मानसिकता पनि हामीसँग थियो । प्रतिरक्षात्मक मानसिकताले आज हामीलाई कहाँसम्म ल्याइराखेको छ भने खानेपानीको निजीकरण गर्दा पनि समर्थन गर्नुपर्ने अथवा शिक्षा स्वास्थ्यजस्ता सेवामूलक विषयलाई पनि बजारमा छोड्नको निम्ति बाध्य हुनुपर्ने अवस्था छ । बहुदलीय जनवादलाई हामीले अन्धाले हात्ती छामेजस्तो ढङ्गले पनि बुझिराखेको अवस्था छ ।

> *मजदुर वर्गको सङ्ख्या, चरित्र, बजारमा आइराखेको परिवर्तन, यी सबै कारणले हिजो हामीले परिभाषित गरेजस्तो मजदुरवर्ग अब नेपालमा छैन ।*

हामीले प्रस्ट बनाउनुपर्ने कतिपय विषय छन् जस्तो लाग्छ- बल प्रयोगको विषय, क्रान्तिमा अगाडि बढ्ने सम्बन्धमा । बल प्रयोगको विषयमा पनि हामीले सुविधा अनुसारको व्याख्या गर्दै आएका छौं । अलि क्रान्तिकारी, अलि उग्रवामपन्थी सोचबाट आएका मानिसहरू छन् भने तिनीहरूको जमातमा हामीहरू भन्ने गर्छौं- बहुदलीय जनवादले बल प्रयोगको सिद्धान्त कहाँ छोडेको छ ? सरकार बनाउने, अधिकतम प्रगतिशील सुधार गर्ने, समाजलाई रुपान्तरण गर्ने, त्यहाँ बाधा भयो भने फड्को मार्ने, बल प्रयोग गर्ने कुरा लेखेकै छ नि । त्यस्तै, अब शान्तिपूर्ण जनआन्दोलन नै हाम्रो मुख्य बाटो हो भनेर भनेका छौं । तर शान्तिपूर्ण जनआन्दोलनलाई मुख्य बाटो हो भनिरहँदा बल प्रयोगको सिद्धान्त र यसमा भएका अन्तरविरोधहरूलाई हामीले प्रस्ट बनाउनुपर्छ जस्तो लाग्छ । शान्तिपूर्ण जनआन्दोलन हाम्रो कार्यनीतिक कुरा हो कि रणनीतिक कुरा हो ? यो कार्यनीतिक कुरा मात्र हो भने सिङ्गो बहुदलीय जनवादले शान्तिपूर्ण ढङ्गले अगाडि बढ्ने संकल्प गरेको छ, त्यसमा अझै प्रस्टता भएन कि । त्यसकारण यो रणनीतिक महत्वको सवाल पनि हुन सक्छ ? अलि प्रस्ट पार्नुपर्छ जस्तो लाग्छ । त्यस्तै अधिनायकत्वको सवाल छ । हामी निर्वाचनको माध्यमबाट प्रतिस्पर्धाबाट अगाडि बढ्ने भनिसकेपछि यो अधिनायकत्वको विषय कहाँनेर उपयुक्त हुन्छ ? कि त यसलाई एउटा नेतृत्व वा वर्चस्व के भनेर परिभाषित गर्नुपर्ने हो, त्यो ठाउँमा जानु पर्‍यो, अथवा यसलाई कसरी हामीले हाम्रो सिद्धान्तमा उपयुक्त बनाउने हो, यो पनि छलफलको एउटा विषय हो भन्ने लाग्छ । त्यस्तै क्रान्तिको नेतृत्व गर्ने विषयमा अहिले पनि हाम्रो दस्तावेजमा मजदुर, किसानको नेतृत्वमा अन्य निम्न पुँजीपतिदेखि राष्ट्रिय पुँजीपतिसम्मका यता धनी किसानसम्मका सहयोगी शक्तिहरूको आधारमा यो क्रान्ति गर्ने भनिएको छ । मजदुर वर्गको सङ्ख्या, चरित्र, बजारमा आइराखेको परिवर्तन, यी सबै कारणले हिजो हामीले परिभाषित गरेजस्तो मजदुरवर्ग अब नेपालमा छैन । त्यसो भएकोले अब यस विषयमा पनि छलफल चलाउनुपर्छ जस्तो लाग्छ । त्यस्तै सङ्गठनात्मक क्षेत्रमा

पनि प्रतिस्पर्धाको कुरा हामी गर्छौं । जनवादी केन्द्रीयताको कुरा पनि हामी गरिराखेका छौं । प्रतिस्पर्धा र जनवादी केन्द्रीयता, यी दुईवटा अन्तरसम्बन्धित हुन सक्छन् कि सक्दैनन्, यी दुईवटाका बीचमा अन्तरविरोध छ कि छैन, एउटाले बढी आदेशको कुरा गर्छ, अर्कोले बढी प्रजातन्त्रको कुरा गरिराखेको छ । त्यसकारण हामी कुन दिशातिर जाने, विरोधाभास छन् कि जस्तो लाग्छ । त्यस्तै, प्रतिस्पर्धाबाट नेतृत्व निर्माण गर्न सङ्गठनात्मक सवालमा पनि प्रतिस्पर्धाका निम्ति कस्तो अवसर हामीले सिर्जना गर्ने ? एमालेको पाँचौं महाधिवेशनदेखि विचारमा लगातार विभिन्न ढङ्गले प्रतिस्पर्धा भएको छ । त्यसले पार्टी निर्माणमा सहयोग दिएको छ कि, अझै हामीलाई कमजोर बनाइराखेको छ ? यसको मतलब प्रतिस्पर्धालाई बेवास्ता गर्नुपर्छ भनेको होइन । तर, त्यसका निम्ति अझै वातावरण बनाउन आवश्यक छ जस्तो लाग्छ । स्वच्छ प्रतिस्पर्धा हामीले कसरी गर्ने ? जित्ने र हार्ने बीचका सम्बन्धहरूलाई कसरी विकास गर्ने । अनि, पार्टीमा हार्नेहरूको स्थान र भूमिका कहाँ हुने ? यस्ता अनेकौं प्रश्नहरू छन् ।

आज हामी राज्यको पुनर्संरचना गर्ने, संघात्मक मोडेलमा लाने, जनतालाई सशक्तीकरण गर्नको निम्ति विभिन्न उत्पीडित दलित समुदायलाई राज्यको मूलधारमा ल्याउने, उनीहरूको सहभागिता बढाउने कुरा गर्दैछौं । पार्टीभित्र पनि जुन अत्यधिक अधिकारहरू केन्द्रमा सीमित भएका छन्, ती अधिकारहरूलाई तल कसरी लाने ? छलफल गर्नुपर्छ जस्तो लाग्छ । त्यसले पार्टीलाई बढी लोकतान्त्रीकरण गर्ने, कार्यकर्ताको भूमिका र महत्वलाई स्थापित गर्ने र त्यस हिसाबले पार्टी आमकार्यकर्ताको सहभागिताबाट जान सक्छ जस्तो लाग्छ । त्यस्तै, कुनै पनि विचार अगाडि सारिसकेपछि त्यसलाई बोक्ने संस्थाहरू निर्माण नहुँदा त्यो विचार तलसम्म प्रभावकारी हुँदैन । ०४६ सालपछाडि हामीले जुन उपलब्धि हासिल गर्‍यौं त्यो अनुसारको संस्था बनाउन सकेनौं । ०६२/६३ को आन्दोलनपछाडि पनि आन्दोलनले दिएको म्यान्डेट बोक्न सक्ने संस्थाहरू

> *स्वच्छ प्रतिस्पर्धा हामीले कसरी गर्ने ?*
> *जित्ने र हार्ने बीचका सम्बन्धहरूलाई*
> *कसरी विकास गर्ने । अनि, पार्टीमा*
> *हार्नेहरूको स्थान र भूमिका कहाँ हुने ?*

निर्माण भएका छैनन् । उपलब्धिहरू फेरि पनि गुम्ने अवस्था छ । ०४९ सालदेखि आजसम्म बहुदलीय जनवादलाई बोक्न सक्ने दिशामा सङ्गठनहरू निर्माण गर्नुपर्छ भन्ने स्थिति बनेन । कतिपय देशको र हाम्रो देशको आन्दोलनमा भिन्नता के देखियो भने अब चिनियाँ क्रान्तिको अथवा अक्टोवर क्रान्तिका कुरा गर्ने हो भने कुनै खास पार्टीको नेतृत्वमा अन्य पार्टीहरू सहयोगी भूमिकाका साथ अगाडि बढ्ने । हाम्रोमा कुनै खास पार्टीको नेतृत्वमा होइन, धेरै भन्दा धेरै पार्टीको सामूहिक नेतृत्वमा आन्दोलन चलिराखेको छ । अब यसलाई कसरी व्यवस्थित गर्ने भन्ने सन्दर्भमा पनि समस्या उत्पन्न भएको छ । एमालेको मात्रै अगुवाइमा गत आन्दोलन भएको भए हाम्रो दिशाबाट मुलुकलाई लान्थ्यौं । काँग्रेसको मात्रै भएको भए अथवा माओवादीको मात्रै भएको भए उसको दिशाबाट लान्थ्यो होला । आज हाम्रो बीचमा र समाजमा अन्यौल छ, एउटा संक्रमणकालीन स्थितिमा पनि अन्यौल कायम छ । यसपछाडिका कारण त्यही होला जस्तो लाग्छ । हाम्रो समस्या, हाम्रो विचार र वर्गआधार बीचको अन्तरविरोध पनि हो । हामीले जुन विचार बोकेका छौं त्यसले कुन वर्गका लागि आधार बनाउने त ? वास्तवमा यसमा पनि हाम्रो केही अन्यौलहरू छन् । त्यस्तै, हाम्रो पार्टी पंक्तिलाई सिर्जनशील र उत्पादनशील गर्ने कुरा पनि विचारसँगै गाँसिएकै छ । जस्तो प्रश्रितले भन्नुभयो- पुँजीवादी संस्कृतिमा चाहिँ मान्छे बढी उत्पादनशील हुन्छ, तब उसले विकास गरिराखेको छ ।

०४६ सालको आन्दोलनसम्म पार्टीको कार्यकर्ताहरूको घरव्यवहार आदि इत्यादिको विषयमा हामी कम सोच्थ्यौं । किनभने हामीसँग घरव्यवहार गरेका पार्टी कार्यकर्ताको सङ्ख्या सानो थियो । बालबच्चा भएका, आफ्नो घरायसी समस्याबाट पीडित मान्छेहरूको एकदमै सानो सङ्ख्या थियो । जसले गर्दा एउटा झोला बोकाइदिएर हिंड भनेपछि दुई महिनासम्म घर नगएर ऊ हिंडिनै रहन्थ्यो । आज लगभग ९० प्रतिशत पङ्क्ति यस्तो स्थितिमा छ कि उसले त्यो

विषयमा पनि आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने भएको छ । यस्तो अवस्थामा हाम्रो पार्टीको पङ्क्तिलाई हामीले कसरी सिर्जनशील बनाउने, कसरी उत्पादनशील बनाउने र कसरी हिजोको गतिशीलतालाई कायम राखी रहने ? यी विषयलाई ठीक ढङ्गले सम्बोधन गर्न सकेनौं, ठीक जवाफ दिन सकेनौं भने हाम्रो पङ्क्ति आफैभित्र जेलिन सक्छ । त्यो जेलिएको पङ्क्तिले यो समाजको चुनौतीहरूको सामना गर्न सक्दैन । यी विषयमा छलफल चलाउन अनुरोध गर्न चाहन्छु ।



# आजका मुद्दाहरूलाई बहुदलीय जनवादसँग कसरी तादात्म्यता मिलाउने

- मुकुन्द न्यौपाने, सत्रका सहजकर्ता

प्रश्रितजीले राख्नुभएका कुराबाट संस्कारबाट संस्कृति बन्ने रहेछ, समाजले संस्कार बनाउँछ, जुन संस्कारबाट हामी हुर्केका छौं वास्तवमा ती आदतबानीको रुपमा गइसकेपछि पार्टीभित्र पनि तिनै संस्कार देखिन्छन् भन्ने बुझिन्छ । अब प्रश्रितजीले ल्याएका कुरामा शिवजीका यति राम्रा कुरा रहेछन् । शिवजीले योग सिकाए, म निरन्तर गरिराखेको छु । मैले राम्रै कुरा सिकेछु भन्ने लाग्यो । हाम्रो संस्कृति के रहेछ भने ब्रम्हाको कहीँ पूजा हुँदैन । शिवजीको लिङ्गको पूजा हुन्छ अब यी दुईवटा कुरालाई विश्लेषण गर्ने हो भने कसैको लिङ्ग पूजा हुने सज्जनको मुख पनि पूजा नहुने, यो किन आयो ? ब्रम्हा वितण्डा गर्दै नहिंड्ने भनिएकोले ? यति भन्दै यो सत्र यहीँ समाप्त भएको घोषणा गर्दछु ।

"पेडागोजी अफ दी अप्रेस्ड" एक विश्लेषण ३११
सन्दर्भ : सामाजिक रुपान्तरणको लागि क्रियाशील संवादमा आधारित अभियान
- गौरी प्रधान

नेपालमा रहेको सामन्ती संस्कार, रुढीवादी परम्परा र उपेक्षित संस्कृति- एक विश्लेषण ३३१
- मोदनाथ प्रश्रित

वर्चस्व, मार्क्सवाद र जबजसँग प्रश्नहरू ३४९
- घनश्याम भुसाल

# कार्यपत्र र सन्दर्भ सामग्रीहरू

# "पेडागोजी अफ दी अप्रेस्ड" एक विश्लेषण

सन्दर्भ : सामाजिक रुपान्तरणको लागि क्रियाशील संवादमा आधारित अभियान

- गौरी प्रधान

**पुस्तक र लेखकको संक्षिप्त परिचय**

- पुस्तकको नाम : पेडागोजी अफ दी अप्रेस्ड (Pedagogy of the Oppressed)
- प्रथम प्रकाशन : सन् १९६८
- मूल भाषा : पोर्चुगिज (तर पछाडि धेरै भाषाहरूमा अनुवादित)
- **लेखक : पाउलो फ्रेरी**
- नागरिक : ब्राजिल
- जन्म : १९२१ Recife, ब्राजिल
- वर्गीय पृष्ठमूमि : गरीब तथा सर्वहारा
- शिक्षा : शिक्षा शास्त्रमा विद्यावारिधी (Ph.D. 1959)
- विशेषज्ञता : शिक्षाको इतिहास र दर्शन
- मनपर्ने विचारकहरू : Sarfre and Mounier, Eric Fromm and Louis Althusser, Ortega y. , Gasset and, Mao, Martin Luther King, Che Guevara, Unamuno and Marcause.
- कारावास : १७ दिन (१९६४ को सैनिक विद्रोहको दौरान)
- निर्वासन : ४ वर्ष ६ महिना/चिली
- मुख्य कृतिहरू : पेडागोजी अफ दी अप्रेस्ड, पेडागोजी अफ होप, पेडागोजी अफ फ्रीडम
- मुख्य योगदान : साक्षरता र शैक्षिक जागरणको माध्यमबाट सामाजिक रुपान्तरण, उदाहरण ब्राजिलको किसानहरू बीच प्रौढ शिक्षाको माध्यमबाट प्राप्त जनजागरण र सामाजिक रुपान्तरण
- **मुख्य सन्देश** : परिवर्तन भन्ने कुरा सम्भव मात्रै होइन, अनिवार्य पनि छ । तर मानिसमा आफ्नै मिहेनतले समाजमा विद्यमान आर्थिक, सामाजिक र राजनैतिक सम्बन्धहरूमा ल्याएको चेतना मात्रै सबल र दिगो हुन्छ । स्वतन्त्रता र मुक्ति सम्भव छ, तर अरु कसैले ल्याइदिएको मुक्ति दिगो हुँदैन । मानिसले शोषण

र उत्पीडनको जञ्जालबाट मुक्त हुन सबैभन्दा पहिला आफ्नो दिमागलाई सबैखाले डर, भय र पराधीनताबाट मुक्त गर्न जरुरी छ ।

**पुस्तकबारे संक्षिप्त विश्लेषण**

- भूमिका लेख्ने व्यक्ति : रिचार्ड साउल्ल
- समर्पण : ती उत्पीडितहरूलाई, साथै उनीहरूको साथमा बाँच्ने र उनीहरूको पक्षमा लड्नेहरूको निम्ति
- प्राक्कथन : लेखक स्वयंको
- पुस्तक पेज सङ्ख्या : १८६
- प्रकाशक : The Continumm Publishing Corp. New York

**पुस्तकको स्वरुप र विषयवस्तुबारे**

भोक, गरिबवी र उत्पीडन विरुद्धको संघर्षलाई अग्रगति दिन र समाजमा सकारात्मक परिवर्तन ल्याउन यस पुस्तकले सिंगो विश्वमा नै एकखालको तरंग पैदा गरेको छ । उक्त पुस्तकमा विषयवस्तुहरू मुख्यतया ४ भागमा विभाजित गरिएका छन् ।

१. उत्पीडनबाट मुक्तिको सिद्धान्त
२. मानवीयकरणको सवाल
३. क्रियाशील संवादमा आधारित शिक्षा
४. परिवर्तनका निम्ति द्वन्द्वात्मक प्रक्रिया

**सैद्धान्तिक सोचको आधार**

- लेखकले यस परिच्छेदमा उत्पीडित वर्ग र समुदायहरूको स्वायत्तता, स्वतन्त्रता र सहभागिताको मूल आधार के के हुनुपर्दछ भन्ने कुराको सैद्धान्तिक बहस अगाडि सार्नु भएको छ। साथै, उहाँले युगौंदेखि चल्दै आएको उत्पीडक र उत्पीडितहरूको शक्ति संघर्षको अन्तरवस्तु र त्यसलाई बुझ्ने तरिकाबारे आफ्नो सोच प्रस्तुत गर्नुभएको छ ।
- पाउलो फ्रेरीको भनाइमा उत्पीडितहरूलाई सपना बाँडेर ल्याएको परिवर्तन वास्तवमा दिगो र प्रभावकारी हुँदैनन् । परिवर्तन भन्ने कुरा व्यक्ति वा समुदायले आफ्नै दैनिकी र अनुभवहरूबाट सिकेका श्रृङ्खलाबद्ध शिक्षण विधिबाट मात्रै सम्भव छ। आफ्नो वास्तविक जीवनबाट टाढा रहेर बुनेका सपनाहरूबाट बनेका परिवर्तनहरू यथार्थमा सही र टीकाउ हुँदैन ।

**"हेगेलियन द्वन्द्ववाद" बाट प्रभावित**

पाउलो फ्रेरीको द्वन्द्वान्मक सोचको निर्माण "हेगेलियन द्वन्द्ववाद" बाट प्रभावित भएको देखिन्छ। उहाँको भनाइमा संसारमा विद्यमान उत्पीडनको स्वरुप र संरचना वास्तवमा उत्पीडकहरूमा विद्यमान विशिष्टताबोध, उन्माद र उत्पीडितहरूमा विद्यमान हीनताबोधको भावनाबाट संरक्षित र सम्बन्धित रहेको छ। यी दुवै वर्गहरूमा विद्यमान अवास्तविक र अप्राकृतिक सोचको कारण मानवताको सवाल दिनानुदिन खस्किँदै गइरहेको छ । वास्तवमा सत्य, तथ्य र वास्तविकताको आधारमा यी दुवै वर्गमा विद्यमान गलत चिन्तनलाई हटाउन गहन सम्वाद र सम्वादमा आधारित परिवर्तन आवश्यक पर्दछ। यसले उत्पीडक र उत्पीडित दुवै वर्गलाई वास्तविकता थाहा दिनेछ र उनीहरूलाई भ्रमको संसारबाट मुक्त गर्नेछ।

**मुक्तिको बाटो**

उहाँको भनाइमा उत्पीडितहरूसँग आफ्नो मुक्तिको निम्ति दुईवटा मुख्य बाटाहरू छन्। यसको निम्ति सबैभन्दा पहिले उत्पीडितहरूले आफूमाथि भइरहेको उत्पीडनको भार, त्यसको स्वरुप र प्रक्रियाबारे गहन ढङ्गले बुझ्न सक्नु पर्दछ । यसको बुझाइ जति गहन हुन्छ उत्पीडन विरुद्धको संघर्षमा त्यसको प्रतिविम्बन पनि त्यत्तिकै सशक्त र जागरुक हुन्छ। दोस्रो कुरा वास्तवमा यस्तो अवस्थाको सिर्जना हो, जहाँ एकातिर उत्पीडितहरू उत्पीडनको पीडाबाट मुक्त हुन्छन् भने उत्पीडकहरू अरुलाई उत्पीडन गर्नु आफ्नै विकास र सुरक्षाको निम्ति पनि हानीकारक हुन्छ भन्ने आधारभूत कुरा महसुस गर्दछन्।

यसको निम्ति संसारमा गिर्दै गएको शान्ति र मानवताको भावनालाई उठाउन जरुरी छ। किनभने उत्पीडन भन्ने कुरा आधारभूत रुपमै एउटा हिंसा हो, हिंसा भन्ने कुरा कसैको पनि हितको कुरा होइन र यसले अन्ततः प्रतिहिंसालाई निम्त्याउँछ।

उहाँको तर्क छ, मानव जीवनमा वास्तविक मुक्ति भनेको तब मात्रै सम्भव छ, जब उसले आफ्नो दिमागबाट उत्पीडकको तस्वीरलाई मेट्दछ र आफ्नो स्वायत्तता र जिम्मेवारीलाई सचेत ढङ्गले अङ्गिकार गर्दछ।

उत्पीडितहरूको सबैभन्दा ठूलो कमजोरी आफ्नो जीविका र विकास उत्पीडकहरूको विवेकमाथि भर परेको महसुस गर्नु हो। यथार्थमा उत्पीडकहरू यति कमजोर हुन्छन् कि उनीहरू उत्पीडितहरूको सहयोग बिना आफूलाई कहिल्यै पनि सुरक्षित र व्यवस्थित महसुस गर्न सक्दैनन्।

### उत्पीडकहरूको वास्तविक चरित्र

उत्पीडकहरूको धन, दौलत, प्रतिष्ठा सबै कुरा वास्तवमा उत्पीडितहरूको दया, माया र विवेकमा भर परेको हुन्छ। उत्पीडितहरू जब संगठित हुँदै उत्पीडनको विरुद्ध जागेर उठ्छन् तब उनीहरू एकैचोटि दरबार र महलको ऐस-आरामबाट भुइँमा पछारिन पुग्छन् ।

त्यसैले उत्पीडकहरूलाई आफू सक्षम, सबल र स्रोतले ओतप्रोत छौं भन्ने भ्रमजालबाट मुक्त गर्न पनि उत्पीडितहरू सचेत, सजग र संगठित हुनु जरुरी छ। पाउलो भन्नु हुन्छ, "उत्पीडकहरू उत्पीडितहरूको सहयोग बिना आफ्नै पौरखमा कहिल्यै पनि कसैलाई उत्पीडन गर्न सक्दैनन् ।

### "मौनताको संस्कार"

"मानव अस्तित्व मौनतामा सम्भव छैन ।" यसको निम्ति उत्पीडितहरूले "मौनताको संस्कार" (Culture of Silence) लाई तोड्नु पर्दछ । उहाँको भनाइमा, उत्पीकडहरू सामान्यतया कहिल्यै पनि आफै रुपान्तरित हुँदैनन्, त्यसको लागि उत्पीडितहरूले सचेतनामा आधारित संघर्षलाई अगाडि बढाउनु पर्दछ। उहाँ भन्नुहुन्छ :-

> मानिसले आफूलाई उदीयमान नेताभित्र खोज्नु पर्छ र नेताले आफूलाई जनताभित्र खोज्नु पर्छ ।
> "The people must find themselves in the emerging leaders, and the latter must find themselves in the people" (Friere, 2002, p. 163).

### बैंकिङ् शिक्षा र उत्पीडन

संसारमा भइरहेको जतिपनि शोषण र उत्पीडनको जालो छ, त्यसको मूल स्रोत वर्तमान शिक्षाको स्वरुप, त्यसको जनविरोधी उद्देश्य र सिक्ने-सिकाउने विधि हो। जसलाई उहाँले "बैंकिङ् अवधारणा" मा आधारित शिक्षा भन्नुभएको छ।

यस प्रकारको शिक्षाले राष्ट्रियता, राष्ट्रिय अर्थतन्त्र, राष्ट्रिय पहिचान, उत्पादकत्वको वृद्धि र त्यसमा मजदूर वर्गको पहुँच भन्दा औपनिवेशिक र साम्राज्यवादी सोचलाई बढावा दिने पाठ्यपुस्तक, पाठ्यक्रम र सिक्ने सिकाउने विधि तय गरिएको हुन्छ।

### वर्तमान शिक्षाले कसको पक्षपोषण गरेको छ

यस्तो किसिमको शिक्षाले मानिसलाई स्वतन्त्र र स्वायत्त नबनाई दास बनाउने काम गर्दछ । मानिसका सिर्जनशील दिमागहरूलाई शिक्षा र तालिमको माध्यमबाट दास बनाउने उपायलाई पुँजीवादी र दक्षिणपन्थी तत्वहरूले व्यवस्थित ढंगले अगाडि बढाइरहेका छन् । जसलाई विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व व्यापार सङ्गठन

जस्ता पुँजीवादी आर्थिक संघ संस्थाहरूले पृष्ठपोषण गरिरहेको छ । हालको शिक्षा मुख्यतः प्रवचनमा आधारित छ, यसले अन्तरक्रिया र परिसंवादलाई प्राथमिकता दिंदैन ।

**मुक्ति शिक्षाको उद्देश्य**

शिक्षा भन्ने कुरा कसैले दिने र कसैले लिने विषय होइन । अहिलेको शिक्षाले शिक्षकलाई "विषय" र विद्यार्थीलाई "वस्तु" बनाएको हुन्छ । यस प्रकारको शिक्षाको सिक्ने-सिकाउने विधि असाध्य अवैज्ञानिक र विद्यार्थीको सिर्जनशीलतालाई साँघुरो पार्नेखाले हुन्छ । यस्तो शिक्षाले विद्यार्थीलाई स्वतन्त्र, स्वायत्त र सक्षम बनाउँदैन, बरु उत्पीडकहरूको स्वार्थपूर्तिको साधन बनाउँछ । त्यसैले यदि हामीले उत्पीडकहरूबाट साँचो अर्थमा मुक्ति चाहेको हो भने वर्तमान शिक्षा प्रणालीमा आमूल परिवर्तन ल्याउनु पर्दछ ।

> **"संवाद बिना सञ्चार हुन्न, र सञ्चार बिना सही शिक्षा हुन सक्दैन ।"**
> "Without dialogue there is no communication, and without communication there can be no true education."

**सार्थक शिक्षाको अवधारणा**

पउलोले "समस्या उजागर गर्ने" मुक्ति शिक्षाको पैरवी गर्नुभएको छ । यसखाले शिक्षा शिक्षक र विद्यार्थीको "लोकतान्त्रिक सम्बन्ध र सहकार्य" मा आधारित हुने गर्दछ । यसले बालबालिकालाई दृष्टिकोणमुखी, फराकिलो, वास्तविकतालाई थाहा दिने समालोचनात्मक, सकारात्मक र उत्पादनशील बनाउँछ । कुनै पनि समस्या र त्यसको समाधानको कुरा गर्दा हामीले समस्याको सही पहिचान र ज्ञानको यथार्थ जान्न सक्नु पर्दछ र सो कुरा संवादमा आधारित अध्ययन र अनुसन्धानबाट मात्रै सम्भव छ ।

**सिद्धान्तहरूको व्यावहारिक रुपान्तरण**

सिद्धान्तहरू व्यवहारमा रुपान्तरण हुनका लागि कार्य प्रक्रियामा वास्तविकताको प्रतिविम्बन हुन जरुरी छ । सामाजिक रुपान्तरणको कुरा गर्दा विद्यमान सामाजिक, आर्थिक र राजनैतिक अन्तरविरोधहरूलाई व्यवस्थित ढङ्गले अध्ययन नगरीकन, त्यसलाई नबुझीकन नयाँ व्यवस्था सिर्जना गर्न खोज्नु राम्रो कुरा होइन ।

**गहन सिकाइका प्रक्रियाहरू**

"पेडागोजी अफ दी अप्रेस्ड" चिलीमा चार वर्ष छ महिना निर्वासनमा बस्दा पाउलोले ब्राजिलका किसानहरू बीच सञ्चालन गरेको संवाद र ज्ञानमा आधारित जन साक्षरता अभियानबाट प्राप्त अनुभव र कामको प्रतिविम्बन हो । यसको निम्ति "गहन सिकाइका प्रक्रियाहरू" लाई अँगाल्नु जरुरी छ ।

**सम्वाद र सहकार्यमा आधारित शिक्षा**

कुनै पनि समस्याको पहिचान, बुझाइ र त्यसको वास्तविक प्रतिविम्बन संवादको माध्यमबाट मात्र हुन सक्दछ । तर विद्यमान शिक्षा प्रणालीमा समस्या पहिचान र समाधानको निम्ति शिक्षक र विद्यार्थी बीच बहस र सम्वाद हुँदैन । अहिलेको शिक्षा प्रणाली त लाग्छ विद्यार्थीको दिमाग वाणिज्य बैंकको "बचत खाता" हो, जहाँ शिक्षकले चाहेको ज्ञान र सूचनाको कुरा शिक्षकको इच्छा र आवश्यकता अनुसार चेकबाट पैसा राख्ने र झिक्ने जस्तो भइरहेको छ । त्यसैले सिक्ने-सिकाउने प्रक्रियामा सबैभन्दा राम्रो कुरा भनेको सम्वाद हो, जसले शिक्षक र विद्यार्थी बीचको असमझदारी र अन्तरविरोधहरूलाई सिलसिलाबद्ध ढङ्गले समाधान गर्दछ । सम्वाद र सहकार्यमा आधारित शिक्षाले शिक्षक र विद्यार्थी दुवैलाई एकार्काप्रति जिम्मेवार एवं एकार्कालाई समस्या समाधान वा सत्यतथ्यको सङ्कलन र पहिचानमा सहयोगी बनाउँछ ।

**वास्तविक प्रेमको सिद्धान्त र प्रगतिशील शिक्षा**

कुनै पनि सम्वादको आधार भनेको वास्तविक प्रेमको मूल्य र मान्यता हो । जसले यो जगत, जीवन र जनतालाई माया गर्न जान्दैन, उसले वास्तविक सम्वादमा प्रवेश गर्न पनि सक्दैन र उसले क्रान्तिको मूल कुरालाई बुझ्न र बुझाउन पनि सक्दैन । सामाजिक रुपान्तरणको बाटोमा सचेतीकरण, मानवीकरण र परिवर्तनको प्रक्रियाहरूलाई सफल र प्रभावकारी बनाउनु छ भने हामीले प्रगतिशील शिक्षाको अवधारणालाई अङ्गिकार गर्नु पर्दछ । तर यस्तो कुरा सही क्रियाशील सम्वाद बिना सम्भव हुँदैन ।

**निष्कर्ष**

विश्वमा हुनेखाने र गरीखाने वर्ग अर्थात उत्पीडक र उत्पीडितको बीचको अन्तरविरोध र संघर्ष कुनै नयाँ कुरा होइन । यो युगौंदेखि चलिरहेको छ, अझै धेरै लामो समयसम्म चलिरहने छ । उत्पीडकहरूले सयौं र हज्जारौं वर्षहरूदेखि संवादहीन संस्कारको आडमा 'जाल-झेल, तिकडम, सांस्कृतिक हस्तक्षेप, फुटाउ र शासन गर' को सिद्धान्त अनुसार आफ्नो शक्ति, प्रतिष्ठा र सम्पत्तिलाई जोगाइरहेका छन् । यस क्रममा उनीहरू कोही सफल भएका छन् भने कोही असफल ।

तर उत्पीडित वर्गले क्रान्ति वा सामाजिक रुपान्तरणलाई साँचो अर्थमा अगाडि बढाउनु छ भने उत्पीडकहरूले अङ्गिकार गरेको संस्कारको विरुद्ध सम्वादमा आधारित सहयोग, सङ्गठन, सहकार्य, एकता र सांस्कृतिक संश्लेषणलाई बढाउन सक्नु पर्दछ । सामाजिक रुपान्तरणको निम्ति सबैभन्दा महत्वपूर्ण कुरा उत्पीडितहरूमा आफ्नो शक्ति माथिको भरोसा र संसार परिवर्तनको दृढता र दृष्टिकोण हुनु पनि हो । यसको निम्ति उनीहरूमा आशा, भरोसा र विश्वास हुनु अति जरुरी छ ।

**पुस्तकको समीक्षा र टिप्पणी**

बीसौं शताब्दीको अन्तिम चौंथाइको शुरुवातकै अवस्थामा सुरु भएको "सामाजिक रुपान्तरणको निम्ति सम्वादमुखी शैक्षिक जागरण" र सो अनुभवमा आधारित दृष्टिकोण "पेडागोजी अफ दी अप्रेस्ड" विश्वका उपनिवेशवादी र साम्राज्यवादी तत्वहरूलाई थर्काउने एउटा सशक्त माध्यम बन्यो ।

राजनैतिक रुपमा जनताका पक्षमा अभिप्रेरित गर्ने सो पुस्तकलाई इभान इलीचले *साँचो अर्थमा क्रान्तिकारी शिक्षण विधि हो* भन्नुभएको छ ।

त्यस्तै सारा हेन्ड्रीक्स (ओआईएसटी/युटी) Sarah Hendricks (OIST/UT) ले *सन् १९९० र त्यस पछाडिको उत्तर आधुनिक विश्वलाई सम्बोधन हुने खालको समालोचनात्मक सन्देश बोकेको एक सशक्त पुस्तक* भनेर व्याख्या गर्नुभएको छ ।

बर्कत शाह काकरले पुस्तक प्रकाशनको *तीन दशकभन्दा बेसी अवधि पछि पनि "पेडागोजी अफ दि अप्रेस्ड" समालोचनाको संसारमा अहिले पनि जागरुक रहेको र साँचो अर्थमा थुप्रै नयाँ विचारहरूको निम्ति आधार बनेको* भन्नुभएको छ ।

**आलोचना र विरोध**

पाउलो फ्रेरीद्वारा लिखित "पेडागोजी अफ दि अप्रेस्ड" का विश्वमा लाखौं समर्थक र प्रशंसकहरू छन् । सयौं विश्लेषकहरूले उक्त पुस्तकको समालोचनात्मक समीक्षा गरेका छन् । तर यो पुस्तक प्रकाशित भएको शुरुवातकै दिनदेखि केही सवालहरूमा विश्लेषकहरूले उक्त पुस्तकको अवधारणालाई लिएर कडा टीप्पणी र आलोचना पनि गरेका छन् । उनीहरूको भनाइमा "पेडागोजी अफ दि अप्रेस्ड परम्परागत वर्गीय दुष्टिकोणमा मात्रै आधारित छ । फ्रेरीले क्रान्ति र सामाजिक रुपान्तरणको कुरा गर्दा लैंगिक धारणा (जेन्डर), जात, जाति-जनजाति, भाषा र बहुवर्गीय सामाजिक संरचनालाई नजरअन्दाज गरेका छन् ।"

तर सामाजिक न्याय, स्वतन्त्रता र मानवअधिकार बिनाको सामाजिक रुपान्तरण दिगो र प्रभावकारी हुने छैन ।

पाउलो फ्रेरीले पछिल्ला संस्करणहरूमा यी सुझावहरूलाई समाविष्ट गर्न खोजेपनि त्यसलाई "अन्तस्करण" मा नराखेको तर उल्लेख मात्रै गर्न खोजेको आरोप छ । तर चाखलाग्दो कुरा के छ भने सन् १९७० को दशकमा महिला साक्षरता अभियानलाई अगाडि बढाउने सन्दर्भमा विश्व महिला नेतृहरूले "पेडागोजी अफ दि अप्रेस्ड" को महत्वपूर्ण सहयोग लिएको र त्यसलाई पैरवी गरेका उदाहरणहरू प्रशस्त भेटिन्छन् ।

**"पेडागोजी अफ दी अप्रेस्ड" – सन्दर्भ नेपालको**

"पेडागोजी अफ दी अप्रेस्ड" विश्वका सम्पूर्ण मुक्तिकामी जनताको निम्ति एउटा प्रभावकारी र सशक्त सन्दर्भ सामग्री हो । हुन त उपरोक्त पुस्तकको मूल विषय शिक्षा र साक्षरता जागरण, सिक्ने-सिकाउने विधि र सिकाइ र अनुभवहरूमा आधारित छ । तर यसले शिक्षा शास्त्रका विषय वस्तुहरू मात्रै सम्बोधन नगरी समाजशास्त्र र राजनीति शास्त्रका विषय वस्तुहरूमा पनि बलियो अन्तरसम्बन्ध कायम गरेको छ । शिक्षा र साक्षरताको माध्यमबाट सामाजिक रुपान्तरण गर्न चाहनेका निम्ति त यो पुस्तक उत्साहको एउटा बलियो स्रोत बनेको छ । नेपालको सन्दर्भमा भन्नुपर्दा हामीले उपरोक्त पुस्तकको अध्ययनबाट नयाँ नेपालको निर्माणको सवालमा निम्नानुसारको निष्कर्ष निकाल्न सक्दछौं ।

१ एकातिर हाम्रो देशमा राष्ट्रिय मूलधारको शिक्षामा गरीब तथा असमावेशी समुदायको पहुँच र सहभागितालाई प्रभावकारी बनाउन सकेका छैनौं भने अर्कोतिर शिक्षामा गुणस्तरीयता, मौलिकता, सान्दर्भिकता र जनपक्षीयताको व्यापक कमी रहेको देखिन्छ । तसर्थ, शिक्षा र साक्षरताको माध्यमबाट समाजमा रुपान्तरण ल्याउने हो भने राष्ट्रिय शिक्षा पद्धतिको लक्ष्य, उद्देश्य र कार्यक्रममा व्यापक फेरबदल गरी जनपक्षीय बनाउनु पर्दछ ।

२ पाउलो फ्रेरीले भने झैं नेपालको शिक्षा प्रणाली "बैंकिङ्ग शिक्षा" मा आधारित छ । तसर्थ हालको शिक्षाको स्वरुप र सिक्ने सिकाउने विधिलाई सहभागितामूलक र संवादमूलक बनाउन समस्याको समाधान र आवश्यकतामा आधारित बनाउन व्यापक रुपान्तरण गर्नु पर्दछ ।

३ राष्ट्रिय विकासको सवालमा, विशेषगरी महिला, दलित, जनजाति, मधेसी, अपाङ्ग, तथा अन्य सीमान्त समुदायका मानिसहरूलाई सामाजिक समावेशीकरणको आधारमा सम्वाद र अन्तरक्रियाको माध्यमबाट मूल प्रवाहिकरण गरी सामाजिक रुपान्तरण गर्नु पर्दछ ।

४ परिवर्तित राजनैतिक परिवेशको सन्दर्भमा नेपाल अहिले संघीय, समावेशी र लोकतान्त्रिक गणतन्त्रात्मक दिशामा अगाडि बढिरहेको हुँदा हामीले हाम्रो सामाजिक अन्तरविरोधहरूको विश्लेषण गर्दा मित्र शक्ति को हुन्, शत्रु पक्ष को हुन् भन्ने सत्य-तथ्यको आधारमा छुट्याउनु पर्दछ ।

५ त्यसैगरी नेपालको सन्दर्भमा उत्पीडक र उत्पीडितहरूको वर्ग विश्लेषण गर्दा आर्थिक आधारमा मात्रै नटेकी हाम्रो सामाजिक-सांस्कृतिक संरचना र सम्बन्धहरूको पनि वैज्ञानिक विश्लेषण हुन जरुरी छ ।

६ हाम्रो समाजमा उत्पीडित वर्ग र पक्षहरूलाई हीनताबोध त्याग्न आफ्नो शक्ति, सम्बन्ध र सम्भावनाहरूलाई सबल र सुदृढ बनाउन प्रयोग गरिने शिक्षा, सचेतीकरण, प्रशिक्षण, सहभागिता र सङ्गठनलाई दृष्टिकोणमुखी र क्रियाशील सम्वादमा आधारित बनाउन जरुरी छ। परोपकारी भावनाले मात्रै समाजमा परिवर्तन आउँदैनन्। त्यसको निम्ति क्रान्तिकारी सोच आवश्यक हुन्छ।

७ सामाजिक रुपान्तरणको निम्ति कोरा सिद्धान्तको पछाडि नलागी सत्यतथ्य र ज्ञानमा आधारित जानकारी, ज्ञान र विज्ञानमा आधारित अध्ययन-विश्लेषण, जनपक्षीय शक्तिहरू बीच बृहत्तर एकता, समभ्रुदारी र सहयोगको भावना प्रवाहित गर्न उनीहरू बीच निरन्तर सम्वाद, अन्तरक्रिया र सहकार्य गर्दै मौनताको संस्कारलाई अन्त्य गर्न अगाडि बढ्नु पर्दछ।

८ "अब के गर्ने ?" भन्ने लेनिनको महत्वपूर्ण रचनाहरूको संग्रहमा उहाँले भन्नुभएको छ, "एउटा क्रान्तिकारी विचारको अभावमा (कहीँ पनि) क्रान्तिकारी परिवर्तन हुन सक्दैन।" नयाँ नेपालको सन्दर्भमा त्यो क्रान्तिकारी विचार के हो ? जसले उत्पीडितहरूलाई अभ्रै सशक्त र सबल हुन र उत्पीडकहरूलाई उनीहरूको वास्तविक तस्बीर थाहा दिन मद्दत गर्दछ। हामीले त्यस्तो कुन सोच र सम्वादलाई अङ्गिकार गर्नु पर्दछ, जसले उत्पीडितहरूलाई "हीनताबोध"बाट र उत्पीडकहरूलाई "ठालुपन" बाट मुक्त गर्दछ र समाजमा दिगो शान्ति खडा गर्दछ।

९ क्रान्ति र परिवर्तनका नेताहरू यदि जनतासँग गतिशील सम्वाद गर्दैनन् र सामाजिक अन्तरविरोधहरूको ठोस र वैज्ञानिक विश्लेषण नगरी खाली कठमुल्लापनको आधारमा मात्रै नेतृत्व गरिरहन्छन् भने त्यस्ता नेताहरूबाट वास्तविक क्रान्ति र सामाजिक रुपान्तरण सम्भव छैन।

१० हाम्रो समाजमा बिस्तारै "मौनताको संस्कृति" तोड्दै जनताले आवाज दिन थाल्नु छ। तर सामाजिक परिवर्तनको दौरान समाजमा हुने हानी-नोक्सानी र विध्वंसहरूको कसरी न्यूनीकरण गर्ने ? क्रान्तिलाई हिंसात्मक आक्रमण र प्रतिरोधमा भन्दा व्यापक जनताको सहभागितामा आधारित शान्तिपूर्ण जनान्दोलनको माध्यमबाट सबैको स्वामित्व, सहभागिता र पहुँच हुनेखाले परिवर्तनलाई दिगो कसरी बनाउने ?

**अनुभवबाट प्राप्त शिक्षा र सिकाइहरू**

- जगतको बारे सोचौं, तर आफ्नै धरातल बनाऔं।
- मौनताको संस्कारलाई तोडौं।
- दिमागलाई स्वतन्त्र बनाऔं र मुक्तिका लागि लडौं।
- चेतनालाई जगाऔं, भ्रमलाई तोडौं।

- द्वन्द्वात्मक (सिर्जनशील) सम्वादलाई जगाऔं, विवादलाई घटाऔं ।
- परोपकारले परिवर्तन ल्याउँदैन ।
- श्रमलाई सम्मान गरौं, शोषणलाई परास्त गरौं ।
- पुस्तान्तरणलाई तोडौं, सामाजिक रुपान्तरणको प्रक्रियासँग जोडौं ।
- विविधतालाई सम्मान गरौं, ऐक्यबद्धतालाई जगाऔं ।
- सुनुवाइलाई जगाऔं, प्रवचनलाई घटाऔं ।
- अन्धकारलाई नसरापौं, उज्यालोलाई जगाऔं ।

"कुनै पनि व्यक्ति तबसम्म मानव बन्न सक्दैन जबसम्म उसले अर्को व्यक्तिलाई मानव बन्न दिंदैन ।"

- पाउलो फ्रेरी

# नेपाली संस्कृति र राष्ट्रियताको विकास

- मोदनाथ प्रश्रित

कुनै पनि देशको संस्कृति र राष्ट्रियता प्राचीनकालदेखि वर्तमानसम्मका त्यहाँका मानवीय गतिविधिमा आधारित हुन्छ । त्यतिमात्र नभई इतिहास पूर्वका त्यस क्षेत्रका विविध घटना र छिमेकी भूमिका घटनाहरूले पनि त्यसमा प्रभाव पारेका हुन्छन् । एसियाको दक्षिणी भूभाग, पूर्वी गोलार्द्धका चारै महादेशको बीचमा पर्छ । यो ती सबैको आवत-जावतको अति पुरानो स्थल मार्ग भएकोले हाम्रो संस्कृति र राष्ट्रियतामा चारै महादेशका धेरै कुराको प्रभाव परेको छ । (हेर्नुहोस् नक्शा १)

नयाँ ढुंगे युग (इ.पू. १२०००) भन्दा पहिले संसारमा कहीं पनि मानिसहरू ठूलो सङ्ख्यामा एकै ठाउँ स्थायी बसोबास गरेर बस्नु संभव थिएन । प्राकृतिक फल, कन्दमूल, सागपात र माछा-मासुबाट जीवन चलाउनु पर्ने हुनाले मान्छेका ससाना



गण जंगल, ताल, नदी किनार र पहाडहरूमा घुमिरहन्थे । तिनीहरूले जब ढुंगाका नयाँ खाले औजार बनाउन सिके तब मात्र क्रमशः पशुपालन र प्रारंभिक खाले भस्मेखेतीको शुरुवात भयो । विश्वमा पशुपालन इ.पू. १२००० र प्रारंभिक खेती इ.पू. १०००० वर्षतिर शुरुभएको र पहिलो गाउँ इ.पू. १०००० वर्षतिर नै स्थापित भएका संकेतहरू पाइएका छन् । त्यसैले विश्वको कुनै पनि देश या राष्ट्रले आफ्नो इतिहास, संस्कृति र राष्ट्रियताका आधार र उत्थानका मूर्त स्रोतहरू यसै कालावधिमा केन्द्रित भएर खोज्नुपर्छ । तर आदिम घुमन्ते मानव जातिका कतिपय भौतिक र सांस्कृतिक अवशेषहरूले इतिहासपूर्वका लाखौं वर्ष ओगटेका छन् । त्यस्ता खोजबाट राष्ट्रिय गौरव बढाउने काममा पनि सबै देशका अनुसन्धाताहरू लागेका छन् ।

**नेपाल भूमिभित्र इतिहासपूर्वका संकेतहरू**

आदिम वानर प्रजातिबाट नर-वानरमा संक्रमण हुँदै मानवमा रूपान्तरित हुन करोडौं वर्ष लागेको छ । त्यो संक्रमण सबभन्दा पहिले आ-आफ्नो मुलुक या महादेशमा भएको थियो भन्ने दावी पनि यत्र तत्र हुने गरेको छ । नयाँ नयाँ खोज र नयाँ नयाँ प्रमाण भेटिंदै गएकाले कसैले पनि अन्तिम निष्कर्ष देखाउन सक्ने कुरै भएन । तर सबभन्दा पुराना प्रमाण जुटाउन अन्वेषकहरूले निरन्तर प्रयत्न गरिरहेका छन् । नेपालमा अहिलेसम्म निम्नखाले पुरातात्विक अवशेष भेटिएका छन् र तिनको समय यसप्रकार मानिएको छ-

१. बुटवलनजिक तिनाउ नदीको पश्चिमतटभन्दा थोरैमाथि एक करोड दशलाख वर्ष पुरानो नर-वानरका दाँतको अवशेष भेटिएको छ ।
२. बर्दिया जिल्लाको दानव तालको छेउमा भेटिएको ढुंगाको छुरी त्यहाँ ५-६ लाख वर्ष पूर्व बस्ने मानवको अवशेष मानिएको छ ।
३. नवलपरासीको दण्डानदी किनार (कोट टाँडी)मा २ देखि ६ लाख वर्ष पुराना ढुंगे औजार भेटिएका छन् । ती छुरी, हाते बन्चरो, छिनो र घन प्रकारका छन् । दाङ्को ग्वार खोला र देउखुरी उपत्यकामा पनि त्यसखाले औजार पाइएका छन् ।
४. काठमाडौंको बुढानीलकण्ठनजिक धोवीखोलाको किनारमा करिब ३२ हजार वर्ष पुराना ढुंगे हतियार पाइएका छन् । यी सबै पुरानो ढुंगे जुगका प्रमाण हुन् ।
५. सुर्खेत उपत्यकामा भेटिएका ढुंगे कोदाला र बन्चराहरू मध्य ढुंगे युग अर्थात् ई.पू. १५००० को आसपासका मानिएका छन् ।
६. थाकखोला (मुस्ताङ)को आसपासका गुफाहरू र नवलपरासीको त्रिवेणीघाट वरपरका ढुंगे हतियार ई.पू. ५००० वर्ष आसपासका अर्थात् नयाँ ढुंगे युगका मानिएका छन् ।

नेपालको वर्तमान भूमिभित्र एक करोड वर्षभित्रका नरवानरदेखि नयाँ ढुंगे युगसम्मका क्रमवद्ध प्रमाण भेटिँदै पनि छन् । हिमाल, पहाड र तराईको विविध भूगोल र जल, बन सहित जैविक विविधता भएको यो भूमि मानवसहित सबै प्राणीको विकासका लागि ज्यादै उपयुक्त रहेको छ । माथिका तथ्यले प्रष्ट पार्छन्- यस भूमिभित्र मानवसमाज विकासको निरन्तरता रहेको छ । प्राकृतिक अनुकूलता र चार महादेशको मध्यवर्ती यात्रापथ भएकोले सबैतिरबाट आएका मानव समुदायको यहाँ बसोबास हुँदै गयो । त्यसै कारणले नेपाल र भारतमा अत्यधिक मात्रामा बहुजातीय उपस्थिति हुन पुगेको हो ।

**पौराणिक इतिहासले देखाएका सन्दर्भहरू**

तन्त्र, योग, वेद, उपनिषद, पुराण, महाकाव्य आदि ग्रन्थ र अनुश्रुतिहरूले नेपालको पौराणिक इतिहासबारे अनेक संकेत दिएका छन् । उत्तर पूर्वी हिमाली क्षेत्र वैदिक युगभन्दा धेरै अघिदेखि रुद्र देश, किराँतदेश र शिवसंस्कृतिको उद्‌गम भूमिको रूपमा प्रसिद्ध थियो । वैदिक र पौराणिक साहित्यमा 'एकादश रुद्र' अर्थात रुद्रका एघार गणको प्रशस्त चर्चा छ । तिनीहरू लडाकु र उग्र स्वभावको रूपमा चर्चित छन् । वेदका कतिपय ऋचा रुद्रसँग भयभीत भएर 'हामीमाथि आक्रमण नगर, हामीलाई नमार' भन्ने स्तुतिको रूपमा रचिएका छन् । त्यस वर्णनले रुद्रहरूको बर्बर र शिकारी युगको संकेत गर्छ ।

रुद्रहरूको विकसित र परिष्कृत रूप शिव-संस्कृतिको रूपमा देखापरेको छ । अमरकोषले आदित्य, विश्व, बसु आदि सहित रुद्रहरूलाई एकै पंक्तिमा राखेर ती सबैलाई गणदेवता भनेको छ । यसबाट रुद्र आर्यमूलकै अनि प्राचीन शाखा जस्तो देखिन्छ । तर रुद्रहरू कैलाश केन्द्रित उत्तर-पूर्वी हिमाली क्षेत्रतिर फैलिंदै गएर लामै समयसम्म मंगोल-किराँतहरूसँग घुलमिल भई आर्य र किराँत मिश्रित जाति बन्न पुगे जस्तो देखिन्छ । शिवलाई यक्षस्वरूप, किराँतेश्वर, वामदेव (वाम मार्गी देवता) आदि भनिएको कुराले पनि यही संकेत मिल्छ । रुद्रहरूमा लिंगपूजा प्रचलित थियो र वेदका केही मन्त्रमा लिंगपूजकहरूको निन्दा गरिएको छ । वैदिकमूलका दक्ष प्रजापतिले शिवलाई छोरी दिन नमानेको, उनको निन्दा गरेको, दक्षपुत्री सतीदेवीले शिवलाई पति वरण गरेको, पछि माइतीबाट हेला भई आत्महत्या गरेको आदि कुराले वैदिक आर्य र रुद्रहरूको पुरानो सम्बन्ध निकै टाढा पुगेर लगभग बिर्सि सकिएको देखिन्छ ।

शिव रुद्रहरूभित्रको सन्त र विद्वत् परम्परा हो । तन्त्रशास्त्रका प्रणेता शिव मानिन्छन् । वैदिक संस्कृतिमा मन्त्र र शिवसंस्कृतिमा तन्त्रको प्रधानता छ । पुराणहरूले गण्डकी (नारायणी) पूर्वलाई शिव क्षेत्र र पश्चिमलाई विष्णु क्षेत्र भनेका छन् । नेपालमा शिव पशुपति नामले विख्यात छन् । शिव योगशास्त्र र नाटय संगीत शास्त्रका पनि प्रवर्तक मानिन्छन् । (हेर्नुहोस् चित्र १)

तन्त्रशास्त्र आदिम समाजदेखि व्यापक रूपमा प्रचलित विद्या हो । धार्मिक पूजा, बलिदान, सन्तान उत्पादन, स्वास्थ्य उपचार, टुनामुना र जादुको चमत्कार आदि धेरै क्षेत्रसित यो सम्बन्धित छ । यो संसारका सबैजसो जनजातिहरूमा विभिन्न रूपले प्रचलित छ । नेपालको सन्दर्भमा वैदिक संस्कृतिका अनुयायीहरूमा केही कम र अरु सबै जाति-जनजाति-क्षेत्रमा यसको प्रभाव बढी छ । स्मशानघाटमा बसेर मुर्दाको टाउको सामु राखी तन्त्रको साधना गर्ने शिवबाट नै अधिकांश तन्त्रहरूको उपदेश पार्वतीले पाएको र उनले अरुमा प्रचार गरेको कुरा तन्त्रशास्त्रहरूमा उल्लेख पाइन्छ । तन्त्रशास्त्रलाई महाविद्या भनिएको छ ।

**योग विद्या** हिमालमा पनि नांगै बसेर योग साधना गर्ने शिवकथा विख्यात छ । शिव कामदेव विजयी योगेश्वर मानिन्छन् । वैदिक संस्कृतिका अनुयायीहरूले शिवसंस्कृतिबाटै योगशास्त्रको शिक्षा पाएको देखिन्छ ।


**व्याकरण** प्रसिद्ध प्राचीन संस्कृत व्याकरणकार पाणिनि मुनिले शिवका डमरुको आवाजबाट व्याकरणका मूल १४ सूत्र पाएको कुरा पुराणप्रसिद्ध छ । त्यो बरदान पाएको ठाउँ नेपालको अर्घाखाँची जिल्लाको पणेना दह हो भन्ने कुरा 'पाणिनि तपोभूमि' पुस्तकले बताएको छ ।

**धनुर्विद्या** शिवसंस्कृति, धनुर्विद्या (शस्त्रास्त्रविज्ञान र युद्धकौशल)को पनि उद्गम स्रोत हो । देव-दानवहरूले शिवबाट युद्धकौशल सिकेको, शक्तिशाली शस्त्रास्त्र पाएको उल्लेख पाइन्छ । मिथिलाका जनकको दरबारमा रहेको विशाल शिवधनुको चर्चा रामायणमा छ । शिवको एउटा नाम पिनाकी (धनुर्धारी) पनि हो ।

**नाटय-संगीत** नाटय संगीतको मूल उद्गम शिव संस्कृति हो । शिवलाई नटराज, महानट भनिन्छ । उनको ताण्डव नृत्य प्रसिद्ध छ । शिव र पार्वती सँगसँगै नाच्छन् । संगीतालयहरूमा शिवको नाट्य मुद्राको चित्र राखिनुको कारण त्यही हो ।

**पृथ्वीकेन्द्रित दर्शन** शिवलोक, शिवधाम कतै आकाशतिर हैन, पृथ्वीकै हिमाली क्षेत्रको कैलाश हो । शिवकी पत्नी हिमालय पर्वतको दुर्ग (गुफा)मा जन्मेकी पार्वती या शैलजा हुन् । शैव दर्शनले मानवलाई योग, ध्यान, उपचार, आदिद्वारा स्वस्थ, शक्तिशाली बनाउने, बाहिरी आक्रमणबाट सुरक्षित रहने नाचगानद्वारा मनोरञ्जन गर्ने,

चित्र १



पशुपालनको विकास गर्ने र जीवनलाई सुखमय, शान्तिमय बनाउने कुरामा बढी जोड दिन्छ । यो दर्शन धेरै कुरामा पृथ्वी केन्द्रित छ ।

**नारी शक्तिको सम्मान** शैव दर्शनमा पुरुष (शिव) चेतना हो । सृष्टिको भौतिक आधार नारी हो । नारी शक्तिविना शिव सृष्टि गर्न असमर्थ छ । सृष्टिमा नारीको प्रमुख हात छ । त्यसैले त्यहाँ नारी शक्तिको संमान हुन्छ । शिव र पार्वतीको संयुक्त रूप 'अर्धनारीश्वर' मानिन्छ । त्यसैले शिव संस्कृतिको प्रभाव भएका जनजातिहरूमा नारीको स्थान केही उच्च छ र विशेष सम्मान पनि गरिन्छ ।

**बहुजातीय एकता** शिव संस्कृतिमा जातीय भेदभाव, छुवाछुत केही छैन । अनेकौं जाति-जनजातिको संमिलित रूप शिव परिवारमा देखिन्छ । त्यहाँ विरोधी जस्ता देखिने गरुड, नाग, मुसो, मयूर, वृषभ (साँढे), बाघ आदि मिलेर बसेको देखाइएको छ । यी सबै विभिन्न गणजातिका प्रतीक हुन् । रुद्रगणको नजिक यक्ष, गन्धर्व, किन्नर आदि गणजातिको उल्लेख पाइन्छ ।

नेपाल शिव क्षेत्र (पशुपति क्षेत्र)को रूपमा प्रसिद्ध छ । यो शिव संस्कृति वैदिक युगभन्दा निकै पुरानो हो । त्यसको विस्तार सिन्धु संस्कृतिसम्म पुगेका प्रमाण भेटिएका छन् । किराँत-मंगोल समुदायमा पार्वतीलाई सुम्निमा र शिवलाई पारुहाङ् भनिन्छ । वैदिक संस्कृति र शिव संस्कृतिको बीचमा शुरुमा विरोध र टक्कर देखिएको थियो । पछि वैदिक संस्कृतिभित्रका द्वन्द्व-युद्ध, जातीय विरोध आदिमा शिव संस्कृतिले मेलमिलाप गराई शान्ति स्थापना गरेकोले शिवलाई देवताभन्दा माथिका महादेव भन्ने नाम र सम्मान दिएको देखिन्छ । पहिलेदेखि तिएन श्यान पर्वत एवं तिब्बत र नेपालतिर फैलिएको शिव संस्कृति पछि दक्षिणपूर्वी एसियासम्म फैलियो । अहिलेसम्म पनि नेपाली समाजमा शिव संस्कृतिको समन्वयवादी दर्शन प्रभावशाली छ । पशुपति र गुह्येश्वरी (पार्वती)को दर्शन गर्न दक्षिण एसियाभरिका मान्छे काठमाडौं, कैलाश, काशी र रामेश्वरम्सम्म पुग्छन् । शिव संस्कृतिमा शिव, पार्वती, गणेश, कर्तिकेय र भैरवहरू देवताको रूपमा परम्परादेखि पूजित छन् ।

आदिम समाजमा शिवसंस्कृति नपुगेका दक्षिण एसियाका जनजातिहरूमा पनि तान्त्रिक संस्कृतिको प्रभाव यत्रतत्र रहेको कुरा अहिलेसम्म जनजाति क्षेत्रमा रहेका तान्त्रिक संस्कारहरूले प्रष्ट पार्छन् ।

नेपालमा प्रभावशाली रहेको शिवसंस्कृति कम्तीमा पनि ई.पू. ३००० वर्ष पुरानो भएको अन्दाज हुन्छ । किनभने ऋग्वेदको समय लगभग इ.पू. २५०० तिर शुरु भएको मानिन्छ । सिन्धु संस्कृति त्यसभन्दा कम्तीमा एक हजार वर्ष पुरानो भएर मात्र त्यतिको समृद्ध हुन सके होला । नेपाली बहुजातीय संस्कृतिको अन्वेषण गर्ने क्रममा शिवसंस्कृतिको गहन अध्ययन गर्नु आवश्यक छ ।

**मिथिलाको वैदिक संस्कृति**

नेपाली भूभागमा वैदिक आर्यमूलका मानिसहरूको प्रथम प्रवेशबारे प्राचीन वैदिक ग्रन्थ 'शतपथ ब्राह्मण' र अरु पौराणिक ग्रन्थहरूमा पनि सूचनामूलक विवरण पाइन्छ । ऋग्वैदिक आर्यहरू ई.पू. २००० सम्म भारतको प्रयाग (इलाहावाद) र काशीसम्म फैलिइसकेका थिए । प्रयागमा त्यसबेला गंगा र जमुना नदीको बीचबाट आएको सरस्वती नदी मिसिन्थ्यो । अहिले त्यो सुकिसकेको छ । त्यही सरस्वतीको फाँटमा इक्ष्वाकुवंशी गणराज निमिको नेतृत्वमा जनपद बसेको थियो । उनका कुलगुरु वशिष्ठ थिए । एउटा यज्ञको विषयमा विवाद भएपछि वरिशष्ठ ऋषिले श्राप दिएर निमिको हत्या गरे । त्यसपछि त्यहाँ बस्न उचित नदेखि निमिका छोरा मिथिले गौतम रहू गणलाई कुल गुरु बनाएर पुर्ख्यौली यज्ञकुण्डको आगो लिएर नयाँ बस्तीको खोजमा पूर्वतिर लागे । नारायणी नदी तरेपछि उनीहरूले प्रशस्त नदीनाला भएको, विशाल निर्जन जंगल भेटाए र त्यही आगोद्वारा जंगल साफ गरी नयाँ बस्ती बसाए । मिथिले बसाएको बस्ती हुनाले मिथिला भनियो । गौतम रहूगण ऋग्वेदका मन्त्रद्रष्टा ऋषि हुनाले मिथिलाको स्थापना ऋग्वेद युगमै भएको देखिन्छ ।

रामायण र पुराणहरूले मिथिको वंशावली दिएका छन् । त्यसअनुसार मिथिपछि बाइसौं पुस्तामा सीताका बाबु सीरध्वज जनकको नाम छ । अन्वेषकहरूले रामायणको समय ई.पू. १६०० अनुमान गरेका छन् । यसबाट मिथिलाको स्थापना ई.पू. २००० वर्षतिर भएको अनुमान हुन्छ । प्राचीन वैदिक संस्कृतिका केन्द्र प्रयाग, काशी आदि जस्तै मिथिला पनि एक केन्द्र थियो । यसै ठाउँमा वैदिक चिन्तक याज्ञबल्क्यले वाजसनेयी संहिता (शुक्ल यजुर्वेद)को प्रतिपादन गरेका थिए । मिथिलाको जनक सभामा दक्षिण एसियाका ठूल्ठूला दार्शनिक, उपनिषद्कार र स्मृतिकारहरूका सभा-सम्मेलन भैरहन्थे । त्यहाँ पुरुष-महिला दुवैले उच्च शिक्षा पाउँथे । याज्ञबल्क्यकी पत्नी गार्गी र मैत्रेयी त्यस समयका विख्यात दार्शनिक विदुषी थिए ।

प्रसिद्ध उपनिषद् ग्रन्थ 'वृहत् आरण्यक उपनिषद्' को सिर्जना मिथिलाभूमिमै भएको थियो । जनकपुरले नै त्यस उपनिषद्मा 'असतोमा सद्गमय, तमसोमा ज्योर्गिमय, मृत्योर्मामृतं गमय' (मलाई असत्यबाट सत्यतिर, अन्धकारबाट उज्यालोतिर र मृत्युदेखि

चित्र २



अमरतातिर लैजाऊ) जस्तो अमर उद्घोष गरेको थियो । पुरानो वैदिक युगमा यज्ञ र कर्मकाण्डको प्रधानता थियो । उपनिषद् कालमा ज्ञानले प्रधान ठाउँ पायो । यसप्रकार मिथिलामा त्यसबेला ठूलो वौद्धिक क्रान्ति भएको थियो ।

अयोध्याका राम र जनकपुरकी सीताको विवाहले र उनीहरूको वनवासले वैदिक संस्कृतिको झन् विस्तार भयो । मिथिलामा पशुपालन, कृषि र व्यापारको विस्तारले श्रम र सीपको विभाजन बढ्दै गयो र त्यसैबाट वर्ण व्यवस्था पनि फैलियो ।

रामायणकालमै मिथिलाको पश्चिमी किनार नारायणीतटको बाल्मीकि आश्रमका सीता निर्वासित हुँदा त्यही नै संस्कृतको आदि महाकाव्य 'बाल्मीकि रामायण' जस्तो महान् कृति जन्म्यो । (हेर्नुहोस् चित्र २)

**वेद** ऋग्वेद, यजुर्वेद र सामवेद विश्वका सबभन्दा प्राचीन गन्थ मानिन्छन् । ऋग्वेद चार हजार वर्ष पुरानो विश्वको पहिलो ग्रन्थ हो । त्यसमा प्राचीन चिन्तन, ज्ञान र समाजको सांस्कृतिक, आर्थिक व्यवस्थाको वर्णन छ । नेपालभूमि (मिथिला) मा ऋग्वेदका अनेकौं ऋचाहरूको सिर्जना भएको थियो । यज्ञ सम्बन्धी ज्ञान र पद्धति यजुर्वेदमा छ । संगीतवद्ध वेद सामवेद हो । वैदिक आर्य र दक्षिण एसियाका अन्य प्राचीन जातिहरूको ज्ञान-विज्ञानको समन्वय अथर्ववेद हो ।

**उपनिषद्** दक्षिण एसियाको प्राचीन दार्शनिक क्रान्ति र जीवनपद्धतिबारे मार्गदर्शन गर्ने कृतिहरू ।

**स्मृति** प्राचीन समाज-व्यवस्थाका नियम-कानुन र आचारसंहिताका पथपदर्शक कृति ।

**वाल्मीकि रामायण** संस्कृतको आदि महाकाव्य हो र यो विश्वविख्यात कृति हो । यसमा वैदिक आर्य संस्कृतिको दक्षिणी भारतमा विस्तारको वर्णन छ ।

यी सबै ग्रन्थको निर्माणमा नेपाली भूमिको पनि विशेष भूमिका रहेको छ ।

मिथिलाको कृषि क्रान्तिले नेपालका पहाडी भूभागहरूसम्म कृषि र व्यापारको विस्तार भएको थियो । मिथिलाको संस्कृति र सभ्यता पछि गएर दक्षिणपूर्वी एसियासम्म विस्तार भएको थियो । थाइल्याण्डका राजा भूमिबलले मिथिलाका महाजनकबारे हालै एक पुस्तक प्रकाशित गरेका छन् ।

सीताका बाबु सीरध्वज जनकपछि त्यो वंश ३२ पुस्तासम्म चलेको थियो । अन्तिम कराल जनकको समयमा जनविद्रोहद्वारा त्यो राजवंश समाप्त भयो ।

**मुन्धुम संस्कृति**

नेपालको हिमाली र पहाडी भूभागमा मंगोलबंशी नाग, किराँत, यक्ष, गन्धर्व आदिको बसोबास शिव संस्कृतिको समयदेखि नै थियो । उनीहरू शिव संस्कृतिसँग समन्वय गरी बसेका थिए । रामायण, महाभारत र पुराणहरूमा नाग, किरात आदिको प्रशस्त वर्णन पाइन्छ । नाग र किराँतहरूका पनि अनेक शाखा थिए । भारतमा नागवंशीहरू माथि पटक पटक दमन भयो । उनीहरूले पहाडी क्षेत्रमा सुरक्षित आश्रय लिए । नाग

र किराँतहरूका प्राचीन गाथा मुन्धुमको रूपमा विख्यात छन् । तिनमा सृष्टिदेखि प्राचीन समाज र सामाजिक, धार्मिक सांस्कृतिक विषयका वर्णन छन् । मुन्धुमहरूमा तन्त्रशास्त्रीय विषयहरूको प्रधानता छ। केही किराँतवंशीहरू पछिसम्म शिव संस्कृतिका अनुयायी थिए । अहिलेसम्म पनि मंगोल-किराँत वंशीहरूले मौखिक या लिखित रूपमा प्राचीन मुन्धुमहरू सुरक्षित राखेका छन् । मुन्धुमहरूमा उनीहरूको गणतान्त्रिक जीवन पद्धतिको वर्णन छ । तिनमा पुरुषभन्दा महिलाको सम्मानजनक स्थान छ । महिलाहरूमाथि पुरुषको दमन र नियन्त्रण कम छ। महिलाहरू पुनर्विवाह गर्न स्वतन्त्र छन् । नाग संस्कृतिको समन्वय शिव संस्कृतिमा देखिन्छ ।

**गोपालवंशी, महिषपालवंशी यादवहरू**

मिथिला क्षेत्रमा पशुपालन र कृषिको विकास हुँदै गएपछि त्यतातिरका आभीर-यादवहरू पशुका चरनहरू खोज्दै पहाडतिर निस्कन थाले । तिनीहरू वाग्मती नदीकिनारको बाटो काठमाडौं उपत्यकामा आएर पशुपालन संस्कृतिको विस्तार गरे । उपत्यकामा मातृपूजक (मातृतन्त्री) संस्कृतिको प्रधानता थियो । देवीका मन्दिरहरूमा तान्त्रिक विधिले पशुहरूको बलि चढाइन्थ्यो । प्राचीन नरबलिका अवशेष पनि थिए । नरदेवी त्यसैको अवशेष हो भनिन्छ। गोपालवंशीहरूले पशुबलि नदिइने माता तीर्थको स्थापना गरे ।

**मंगोलवंशीहरूको नेपाल आगमन**

तिब्बततिरको जमीनमा कम पानी पर्ने हुनाले जंगल, घाँस र खेती कम हुन्छ। त्यसैले त्यताका चौंरी र भेडा च्यांग्रा पाल्ने मंगोलवंशीहरू जब हिमालका गल्छीहरूबाट नेपालतिर पस्थे, यहाँका हरिया जंगल, पानी, फलफूल, कन्दमूल आदिमा रमाएर यतै बस्थे। उनीहरू गाईको मासु पनि खान्थे। तर दक्षिणबाट आएका यादवहरूले गाईलाई देवता जस्तै मान्थे र पालनपोषण गर्थे ।

आभीर-यादवहरूसँग नागवंशीहरूको टक्कर पर्‍यो । सायद पशुको रक्षा र चरनको विषयमा टक्कर पर्‍यो होला। नागवंशीहरू हारेर यहाँबाट बस्ती उठाई पूर्वतिर लागे। अहिलेको नागाल्याण्ड (भारत)का नागा (नाग) हरूका मुन्धुममा नेपालबाट त्यहाँ गएको उल्लेख छ भनिन्छ ।

नेपाल उपत्यकाका प्राचीन नागहरू शक्ति (देवी) र शिवका उपासक थिए । त्यसको अवशेष अहिले पनि शिवलिंगमा नाग बेरिएको र देवीहरूका मन्दिर चारैतिरबाट नागले रक्षा गरेको प्रतीक कायमै रहेको छ ।

नागहरूको युगमा पूजित शिव (पशुपति)को प्रतीक लिंग माटामुनि पुरिएको थियो होला । गाई चराउने गोपालवंशीहरूले त्यो पत्ता लगाएर त्यसको पूजा फेरि चलाएको उल्लेख पाइन्छ ।

आभीरहरूभन्दा पछि सत्तामा आएका किराँतहरूले शिव, पार्वती र नागको पूजा-परम्परा अघि बढाए । तिब्बती मूलका केही शाखा र मगरवंशका कतिपय शाखा नागवंशी मानिन्छन् । किराँतहरूले स्थापना गरेका किराँतेश्वर महादेव अहिलेसम्म पूजित छन् । शिवशक्ति पूजक तन्त्रवाद निकै हदसम्म भौतिकवादी चरित्रको थियो ।

**कपिलको सांख्य दर्शन**

नेपालको कपिलवस्तु जिल्लाको नाम सांख्य दर्शनका प्रणेता कपिलमुनिको नामबाट चलेको हो । कपिलको आश्रममा आएका वुद्धका पूर्वजहरूले उनको निर्देशबाट कपिलवस्तु नामक बस्ती बसाएको उल्लेख पाइन्छ । कपिलको समय ई.पू. ७०० को आसपास रहेको थियो ।

उपनिषद्कालीन सांख्यदर्शन मूल रूपमा भौतिकवादी थियो । त्यसले जगत् का सृष्टिको मूल कारण प्रकृतिलाई मानेको छ । प्रकृतिबाट स्वभावतः भौतिक संसार, प्राणीहरू, तिनका इन्द्रिय, मन चेतना आदिको सिर्जना हुँदै जान्छ भन्ने त्यसको धारणा छ । सांख्य दर्शनको प्रभाव नेपाली संस्कृतिमा परेको छ । त्यो प्रकारान्तरले बुद्धको दर्शनबाट व्यक्त भएको छ । सांख्य दर्शनलाई प्रचारमा ल्याउनसके नेपालको चिन्तन र संस्कृति अझ फराकिलो हुनेछ ।

**बौद्ध दर्शन**

गौतम बुद्ध (ई.पू. ५६३-४८३) उपनिषदकालीन दार्शनिक र महान् समाज सुधारक थिए । उनको समयमा तान्त्रिक परम्पराहरूमा ज्यादै विकृति आएको थियो । मानिसहरूमा अन्धविश्वास बढेर मसानको साधना गर्ने, तान्त्रिक साधनाको नामा मद्य, मांस, मदिरा, मैथुनका अश्लील र भद्दा प्रयोग बढेका थिए । अर्कातिर वैदिक वर्णाश्रम व्यवस्थामा जातपात, छुवाछुत व्यापक भएको थियो । श्रमजीवीहरूलाई शिक्षा र सामाजिक प्रतिष्ठाबाट वञ्चित गरिएको थियो । पण्डित-पुरोहितहरू एकातिर 'संसार झुट्टा हो, ब्रह्म मात्र साँचो हो' भन्ने पाठ पढाउँथे भने अर्कातिर कर्मकाण्डका अनेक तरिका निकालेर दान, दक्षिणा लिएर आफू मालामाल हुन्थे । ती सबै कुराको विरोध गर्दै तर्क र तथ्यमा आधारित मानव समतामुखी, शान्ति र अहिंसावादी चिन्तन वुद्धले अघि सारे । उनको चिन्तनमा सांख्य दर्शनको पनि प्रभाव परेको छ । वुद्धको चिन्तन प्रणाली वैज्ञानिक थियो र जीवन त्यागमय र अत्यन्त सादा थियो ।

हिन्दू वर्णव्यवस्थाबाट पीडितहरूले र विश्वका अनेक देशका मानिसले बुद्धका शान्ति र मानवतावादी विचार मन पराउँदै गए । उनको दर्शन र व्यवहार आजको युगसम्म पनि विश्वव्यापी रूपमा अत्यन्त लोकप्रिय छ । वर्णवादी ब्राह्मण क्षत्रियहरूबाट वौद्ध दर्शनको ज्यादै चर्को विरोध र दमन भएकोले त्यसले मूल थलोमा आफ्नो प्रभाव निरन्तर कायम राख्न सकेन । तर संसारभरि वुद्धको चिन्तन अहिले पनि लोकप्रिय छ । विश्वका एक अर्वभन्दा बढी मानिसमा वौद्ध चिन्तनको गहिरो प्रभाव अहिलेसम्म पनि

छ । नेपालले विश्वलाई दिएको सबभन्दा ठूलो ज्ञानको उपहार हो यो । बुद्ध जन्मेकै कारणले संसारभरका बौद्धहरूको महान् तीर्थस्थल बनेको छ नेपाल । लुम्बिनीको एक पटक यात्रा गर्न नचाहने मानिस संसारमा को होला ?

सीताले आदर्श र स्वाभिमानी नारीको रूपमा दक्षिण एसियाभरि प्रभाव पारेकी छन् । भृकुटीले तिब्बत र चीनमा बौद्ध संस्कृति र नेपाली कला फिंजाएर नेपालको नाम अमर गरेकी छन् । अरनिकोले चीनमा उन्नत वास्तुकला, मूर्तिकला र रसायन शास्त्र फैलाएर नेपालको नाम अमर बनाएका छन् ।

**नेपाली संस्कृति र कलामा विभिन्न जातिको योगदान**

नेपाल चार महादेशको बीचमा परेकोले यस ठाउँमा चारै महादेशका अनेक जाति जनजातिहरू घुम्दै फिर्दै आएर परम्परादेखि बसोबास गर्दै आएका छन् । मंगोल र आर्यजातिका विभिन्न शाखाका मानिसहरूको यहाँ बसोबास छ । निग्रो या आष्ट्रिक मूलका र द्रविड मूलका मानिस पनि यहाँ छन् ।

भारत उर्वर समतल भूभाग र वन नदी आदिले सम्पन्न विशाल मुलुक हुनाले त्यहाँ बारम्बार बाहिरी मुलुकबाट आक्रमण हुँदै रह्यो । त्यहाँका स्थानीय बासिन्दा आफ्नो सुरक्षा, बसोबासको खोजी एवं आस्था र संस्कृतिको सुरक्षानिम्ति समय समयमा नेपाल आएर स्थायी बासिन्दा भई बसेका हुन् । अर्कातिर हिमालपारिको विशाल तिब्बत भूमि कम वर्षा हुनाले अर्ध मरुभूमि जस्तो रहेको छ । यता हिमाल दक्षिणको नेपाल सदा हराभरा रहन्छ । त्यसले गर्दा हिमाल पारिका पशुचारी कवीला र व्यापारीहरूका लागि नेपाल हजारौं वर्ष अघिदेखि आकर्षण र आश्रय स्थल हुँदै आएको छ । मंगोल मूलका अनेक जनजातिहरू मध्ये धेरैजसो सिधै हिमाल पार गरेर यता आएका थिए भने केही आसाम बर्मातिरबाट यता पसेका थिए । केही किराँतवंशीहरू अफगानिस्तान इरानको बाटो घुमेर पनि नेपाल आएका थिए ।

**खस संस्कृति**

मध्य एसियातिरबाट खस जातिका मान्छे आई पश्चिम नेपालमा फैलिए । उनीहरूमा मस्टो संस्कृति (शैव र वैदिक संस्कृतिको मिश्रित रूप) प्रचलित थियो । पहिले तिनीहरूमा वर्णव्यवस्था थिएन । मध्यकालमा वैदिक ब्राम्हण-क्षत्रियहरूको सम्पर्कले वर्णव्यवस्थामा प्रवेश गरे । नेपाली भाषा उनीहरूकै देन हो ।

भारत र तराईतिरबाट खेतीपाती र श्रमविभाजनको अनुभव लिएर आएका शाक्य, कोलिम, मल्ल, लिच्छवी, बज्जी आदिले नेपालको तराई र मध्यपहाडी क्षेत्रमा आएर खेतीपाती र पशुपालनकै पेसा अङ्गाले । उत्तरबाट आउनेहरू हिमाली र मध्यपहाडी क्षेत्रमा आई शिकार र पशुपालनमा बढी आश्रित भइ अन्न, नुन, जडीबुटी, घिउ, छुर्पी आदिको व्यापारतिर लागे । तराइतिर बसेका थारु, धिमाल, राजवंशी आदिले भने खेती, नदी र बन क्षेत्रमा आश्रित भई जीविका चलाउँदै आए ।

समयक्रममा तराइमा आर्यमूल, द्रविद र आष्ट्रिक मूलका विभिन्न शाखाका मानिसहरू जम्मा हुँदै गए । त्यता जङ्गल, पानी र खेतीयोग्य भूमि हुनाले खेती, व्यापार बढ्दै गयो । पछि इस्लामधर्मी मुलसमानहरू पनि आए । हिन्दु, वौद्ध, मुलसलमान मिलेर बसे ।

प्राचीन कालदेखि नेपालमै बसेर या पछि बाहिरबाट आएर खानीबाट धातु झिक्ने, औजार, भाँडाकुडा, कपडा, जुत्ता आदि जस्ता प्राविधिक काम गर्नेहरू र नाचगान, बजान गर्नेहरू वर्णव्यवस्था अन्तर्गत दलितको रूपमा अपमानित भएर गाउँका किसानहरूलाई श्रम र सीप बेचेर बस्न बाध्य भए ।

यसरी चारैतिरबाट विभिन्न जाति-जनजातिका मानिस नेपाल आएका हुनाले उनीहरूले धेरै किसिमका ज्ञान, अनुभव, कला, शिल्प, यस देशमा भित्र्याए । नेपालमा धेरै थरी भाषा संस्कृति, देवीदेवता, रीतिरिवाज, चाडबाड आदि हुनाको कारण यही हो । यहाँ दक्षिणबाट वर्ण व्यवस्था नपसेको भए धेरै नेपालीहरू घुलमिल गरी समान संस्कृति निर्माण गर्न सफल हुन्थे होला । वर्ण व्यवस्था फैलिएको कारणले र सबै जाति-जनजातिको बीचमा जातपात र छुवाछुतको यस्तो भेदभावपूर्ण व्यवस्था चल्यो कि अहिलेसम्म पनि त्यस रोगबाट हामी पूर्ण मुक्त हुन सकेका छैनौं । तर पनि बहुजातीय ज्ञान र अनुभवको कारणले हाम्रो संस्कृति ज्यादै विविधता युक्त र समृद्ध छ ।

**परिवार, कुल, गण र जनको विकास**

विश्वका विभिन्न भूभागमा आदिम कालमा मानिसका ससाना परिवार हुन्थे । ती परिवारको कुल या वंश पाँच सात पुस्तासम्म चलेपछि त्यसले एउटा गणको रूप लिन्थ्यो । पहिलेको जंगली युगमा हजारौं मानिस एकै ठाउँमा बसेर गुजारा चल्न सक्तैनथ्यो । गण ठूलो भएपछि आ-आफ्नो कुलका समूह अलग-अलग गणमा छुट्टिन्थे र आहारा पाइने नयाँ जंगलतिर लाग्थे । त्यसरी गण छुट्टिने क्रम निरन्तर चलिरहन्थ्यो । गण छुट्टिंदा कुनै परिपक्व महिला या पुरुष गणका नेता चुनिन्थे । जंगली युगमा गणहरू टाढा टाढा पुगेपछि फेरि भेट हुन गाह्रो पर्थ्यो । छुट्टिएर जानेहरूले पुरानो ठाउँका कुराकानी सम्झेर नयाँ पुस्तालाई सुनाउँदै जान्थे ।

मानव समाज पशुपालक र खेतीपातीको युगमा पुगेपछि जंगल या गाउँको नजीक-नजीक बस्न थाले । उनीहरूले समय, ठाउँ र परिस्थिति अनुसार मातृ पूजा, कुल पूजा, नदी पूजा, जंगल पूजा जस्ता चाडबाड मनाउन थाले । त्यस्ता चाडबाडमा विभिन्न गणले भेटघाट गरेर रमाइलो गर्न थाले । त्यसपछि उनीहरूले गणहरूको सामूहिक सङ्गठन पनि बनाउन थाले । त्यस सामूहिक सङ्गठनलाई 'जन', 'कविला' या 'गोत्र' भनिन्थ्यो । सबै गणहरू फैलिएको क्षेत्रलाई 'जनपद' भनिन्थ्यो । सबै गणका प्रतिनिधि मिलेर 'गण परिषद' बनाउँथे र जनको नेता चुन्थे । जनको भेला गर्ने, नायक चुन्ने, परस्पर उठेका विवाद समाधान गर्ने नियम-विधानहरू बनाउँथे । यसरी गणतन्त्रहरू बने ।

सरस्वती नदीतटबाट नारायणीपूर्व आएको समूह मिथिगण थियो । त्यो गण फैलिएर धेरै गण बने । ती गणको सामूहिक नाम 'विदेह' थियो । त्यसरी नै किराँतहरूको जनपाद किराँत, शाक्यहरूको कपिलवस्तु, मगरहरूको मगरात, खसहरूको खसान, थारुहरूको थरुहट, मल्लहरूको मल्लाज, नेवारहरूको नेपा, लिम्बु खम्बुहरूको लिम्बुवान, खम्बुवान आदि जनपद बन्दै गए । जनपदमा पशुपालन, खेती, व्यापार आदि बढ्दै गएपछि त्यहाँका मान्छे कोही धनी र कोही गरीब हुँदै गए । धनीहरूले आफ्नै जनका मान्छेलाई या अरु जनबाट जितेर ल्याएका मान्छेलाई कमारा कमारी बनाउन थाले । यसरी गणतन्त्रभित्र नै धनी र गरीब, मालिक र दासका दुई वर्ग देखापरे । दुईवर्ग बनेपछि त्यहाँ स्वभावैले शासक वर्ग र शासित वर्गको स्थिति आयो । अनि धनी र शासक वर्गले दास र गरीव वर्गलाई अधीनमा राखेर कज्याउन नियम कानुन बनाउन थाले । धनीको अदवमा नबस्ने र नियम कानुन नमान्नेलाई सजाय दिने कानुन बने । गरीब र दासलाई पिटेर, बाँधेर, थुनेर अङ्गभंग पारिदिएर र कतैकतै अछूत घोषित गरेर शासन गर्ने राज्यसत्ता जन्म्यो । त्यहाँ मालिक वर्गका लागि गणतन्त्र र दास एवं गरीवका लागि राजतन्त्र हुनथाल्यो । त्यस्ता राज्यलाई गणराज्य भनिन्थ्यो । विदेह, शाक्य, कोलिय, किराँत आदिका गणराज्य यसै खालका थिए ।

खेती, शिल्पकारी र व्यापारको विस्तार हुँदै गएपछि विभिन्न जनमा कविलाहरूको सम्बन्ध बढ्दै जान्छ । ती धेरैथरी एउटै बजारमा पसल थापेर या घर बनाएर बस्न थाल्छन् । धेरै कविलाका चालचलनमा या गणहरूकै बीचमा टक्कर पर्न थालेपछि तिनीहरूको सामूहिक सभा बस्न थाल्छ र सबैले एक अर्काका रीतिरिवाजलाई मान्यता दिएर मिलेर बस्ने नियम विधान बन्न थाल्छन् । सँगै बस्दा एक अर्का कविलाको बीचमा बिहाबारी चल्न थाल्छ । सबैका गीत-नाच, चाड-पर्व आदि पनि साझा बन्दै जान्छन् । यसरी जनभन्दा माथि 'जाति' को जन्म हुन्छ ।

हामीले काठमाण्डूको नेवार जातिमा हेरयौं भने त्यसभित्र नाग, गोपालवंशी यादव, शाक्य, कोलिय, विदेह, लिच्छवी, मल्ल, खस, ठकुरी, हिमाली, तिव्वती आदि अनेकौं जन र जातिहरूको सम्मिश्रण देख्छौं । ती सबै मिलेर नेवार जाति बन्यो । त्यसरी नै दर्जनौं किराँत जन र विविध भाषाभाषी मिलेर राई जाति बने । चार जाते र सोह्र जाते मंगोल वंशी मिलेर गुरुङ जाति बनेको छ । कठरिया, दँगौरिया, राना आदि मिलेर थारु जाति बनेको छ । आर्यमूलका अनेकौं हाँगाविंगा मिलेर पश्चिमको खस जाति बनेको छ । तामाङ, मगर, ब्राह्मण, क्षेत्री, लिम्बु, कायस्थ, कुर्मी, यादव, मुसलमान आदि धेरै जन या गणहरू मिलेर बनेका जातिहरू हुन् । शिकार, पशुपालन कृषि जस्ता थोरै व्यवसायमा भर परी एकै क्षेत्रमा बसोबास भएमा धेरै जनका मान्छे मिलेर पनि एउटै जन बन्छ । सेर्पा, थारु, सतार, झांगड, तामाङ आदिको स्थिति अहिलेसम्म पनि लगभग जन अथवा जनजातिकै अवस्थामा छ ।

जब कुनै जनजातिहरू अरु जातिसँग घुलमिल हुन थाल्छन्, धेरै जातिसँग मिलेर एउटै गाउँमा बस्छन्, शिक्षादीक्षा र बन्द-व्यापारमा अघि बढ्छन्, शहर-बजार

र देश-विदेश घुमेर आधुनिक जीवन शैली र संस्कृति अंगाल्न थाल्छन्, त्यसपछि उनीहरू क्रमशः 'जन'बाट जातिको अवस्थातिर रूपान्तरित हुन्छन् । नेपालका चार ' जनजाति' राई, लिम्बु, मगर र गुरुङ लामो समयदेखि नेपाल, भारत र बेलायतको सैनिक सेवामा ठूलो मात्रामा सामेल भए । तिनीहरू स्वदेशी र विदेशी सैनिक सेवामा ठूलो मात्रामा सामेल भए । तिनीहरू स्वदेशी र विदेशी सैनिकहरूसँग समेत लामो समयसम्म घुलमिल भए र एक अर्काका भाषा संस्कृतिसँग परिचित भए । तिनीहरूका श्रीमती, छोराछोरीहरू पनि प्रायशः सँगै बसेर एक अर्काबाट प्रभावित भए । सैनिक सेवाको सन्दर्भमा उनीहरूले अत्याधुनिक हात हतियार, रेल, बस, हवाइजहाज, जेट आदिको प्रयोग गरे । अत्याधुनिक सैन्य प्रशिक्षण पाए । अङ्ग्रेजी संस्कृतिसँग परिचित भए । त्यहाँबाट फर्केर आफ्ना घर, गाउँ र सहरका टोल समेत पश्चिमी शैलीमा निर्माण गरे । उनीहरूको पहिरन, घरभित्रको सजावट यूरोपेली शैलीमा हुन थाल्यो । तिनका नयाँ पुस्ता अङ्ग्रेजी शिक्षा, अङ्ग्रेजी बाजा र नाचगानमा रमाउन थाले । त्यसरी आर्जन गरेको पैसाले उनीहरूले आधुनिक व्यवसायहरू पनि चलाउन थले । युवा पुस्तामा अन्तर्जातीय विवाह पनि चल्न थाल्यो । उनीहरू भारत र बेलायतमा बस्ती बसाएर बस्न थाले । नेपालमै रहेकाहरूको नयाँ पुस्ता पनि शिक्षित हुँदैछ । उनीहरूको ठूलै सङ्ख्या अत्याधुनिक पहिरनमा सजिएर हिंड्छ, क्लवहरूमा गएर नाचगान गर्छ, बार र होटलमा खानपिन गर्छ । यी सबै कुराले गर्दा उपर्युक्त चार जनजातिहरू जनको अवस्थाबाट जातिको स्तरमा रूपान्तरित भैसकेका छन् ।

नेपालको तराई क्षेत्रमा कृषिको प्रधानता हुनाले सबैजसो जनजाति कुनै न कुनै रूपमा कृषिसँग जोडिएका छन् । ठूलो बजार भएको भारतसँग हाम्रो तराई, पूर्व-पश्चिम वारपार जोडिएको छ र त्यहाँ शहर-बजार र यातायातको विकास हुँदैछ । धेरैजसो उद्योग तराईतिर नै खुलेकाले गाउँ-सहरका जाति-जनजातिका थुप्रै मान्छे आधुनिक उद्योग र कृषिमा ज्यालादारी काम गर्न नेपाल र भारतका बजारतिर निस्कन्छन् । सहर, सडकका छेउछाउ र गाउँहरूमा पनि विभिन्न आधुनिक सानातिना रोजगारी चलिरहेका छन् । गाउँका श्रमजीवीहरू वैदेशिक रोजगारीमा पनि ठूलो मात्रामा गैरहेका छन् । यी सबै कुराले तराईको जनजातीय स्थितिमा पनि परिवर्तन आउँदैछ । 'दलित समुदाय'का मानिसहरू पनि नयाँ जागरणमा अघि बढ्दैछन् । यी सब कुराले सबै जात-जातिको निकटतम घुलमिलको नयाँ नेपाली संस्कृति विकसित भैरहेको छ ।

**नेपाली जनताको अन्तर्राष्ट्रिय सम्बन्ध**

नेपाल संयुक्त राष्ट्र संघको सदस्य भएको धेरै भैसक्यो । अनेकौं देशसँग नेपालको दौत्य सम्बन्ध गाँसिइसकेको छ । सयौं वर्षदेखि सैनिक र अन्य विविध सेवाबाट पनि नेपालीहरूको वैदेशिक सम्बन्ध बढ्दै गएको छ । भारत लगायत संसारका अनेकौं देशमा नेपाली विद्यार्थीहरू अध्ययनको लागि ठूलै सङ्ख्यामा जाने गरेका छन् । विदेशमा व्यापार-उद्योग-नोकरी लगायत विविध पेसा अङ्गाल्ने नेपालीको सङ्ख्या पनि ठूलै

भैसकेको छ । नेपाली खेलाडीहरूले पनि विश्वका अेनकौं देशसँग मैत्री सम्बन्ध बढाएका छन् ।

नेपाल विश्वकै लागि हिमाल, पहाड, नदीनाला जस्ता प्राकृतिक सौन्दर्य, जातीय र सांस्कृतिक विविधता, सगरमाथा, पशुपति, लुम्बिनी, जनकपुर, बराहक्षेत्र, स्वर्गद्वारी, मुक्तिनाथ आदि जस्ता महत्वपूर्ण धार्मिक-सांस्कृतिक क्षेत्र, वास्तुकला, काष्ठकला, मूर्तिकला आदि जस्ता अनेक कुराले ज्यादै आकर्षणको केन्द्र बनेको छ । प्रतिवर्ष अनेक देशका लाखौं पर्यटक यहाँ आउँछन् । तिनीहरूसँग नेपाली जनताको सम्पर्क र घुलमिलपना बढ्दैछ । विदेशीहरूले नेपालका विविध विशेषताहरूको निकै प्रशंसा गर्छन् ।

यस्ता अनेकौं कुरा छन्, जसले नेपाली जनतामा राष्ट्रिय भावनाको विकास गर्न सहयोग पुर्‍याउँदै आएका छन् । नेपालमा सयौं जाति-जनजाति भएका अनेकौं जिल्लालाई आधुनिक यातायातले जोड्दैछ । देश सानो आकारको भएको र नेपाली जनता मिलनसार हुनाले सबै जात जातिको बीचमा चिना-परिचय बढ्दै गएको छ । सबै जातिका मान्छे राजधानीमा, बजारमा, स्कूल-कलेजमा, हाटबजार र मेलाहरूमा, देशैभरि हुने अनेक जात्राहरूमा भेटघाट भइरहन्छन् । उनीहरूको परिचय र मित्रताको क्षेत्र पनि बढ्दै गएको छ ।

२००६ साल यता राजनीतिक दलहरूका सङ्गठन, गतिविधि र आन्दोलन बढ्दैआएका, अनेकौं दलका सङ्गठन गाउँगाउँ पुगेका, जनताले पटक पटक ठूलठूला आन्दोलनमा संयुक्त रूपले सहभागिता जनाएका, आम निर्वाचनहरूमा आ-आफ्ना उम्मेदवारलाई जिताउन मेरिमेटी लाग्ने गरेका आदि अनेक कारण छन् । ती सबले जनतामा सामूहिक राष्ट्रिय एकताको भावना विकास गर्न निरन्तर सघाउँदै आएका छन् । यी सब कुराले 'हामी नेपाली, हाम्रो नेपाल, हाम्रो विकास र हाम्रो प्रतिष्ठा' जस्ता भावनाको विकास भएको छ ।

**राज्य र राष्ट्रको क्रमिक विस्तार र विकास**

नेपालका तराई क्षेत्रमा गणतन्त्रात्मक राज्य व्यवस्थाको वीजारोपण ई.पू. २००० तिर भएपछि क्रमशः त्यसको विकास विस्तार र रूपान्तरण हुँदै आएको छ । ई.पू. १२०० तिर काठमाडौंमा गोपाल वंशी यादवहरूको गणतन्त्र, ई.पू. ८०० तिर किराँतहरूको गणतन्त्र, ई.पू. ७०० तिर कपिलवस्तु र नवलपरासीमा शाक्य र कोलियहरूका गणतन्त्र हुँदै ईसाको दोस्रो शताब्दीमा काठमाडौंमा लिच्छवीहरूको गणराज्य स्थापना भएको देखिन्छ ।

भारतको वैशालीबाट काठमाडौं आउने लिच्छवीहरूले भारतमा सामन्तवादी राज्यव्यवस्था, खेतीपाती र शिक्षादीक्षाका धेरै कुराको अनुभव लिएर आएका थिए । उनीहरूले त्यहाँ मगध, अवध र काशी जस्ता राज्यहरूद्वारा चलाइएका ठूल्ठूला युद्ध भोगेका थिए । राज्य विस्तारद्वारा लिच्छवी, विदेह, बज्जी, मल्ल, शाक्य आदि जस्ता

गणराज्यहरू परास्त भएका अनुभव पनि तिनले हासिल गरेका थिए। त्यसैले उनीहरूले नेपालमा किराँतहरूलाई युद्धमा हराएर शुरूमा वौद्ध आदर्शमा आधारित गण राज्य ३०० वर्ष जति चलाए । त्यस क्रममा भारतमा वर्ण व्यवस्थावादी सामन्ती गुप्त साम्राज्यको विस्तार भएपछि लिच्छवीहरूले नेपालमा पनि त्यसै शैलीमा हिन्दू वर्ण व्यवस्थामा आधारित सामन्ती राज्यव्यवस्थाको विस्तार शुरु गरे । त्यसका पहिला संस्थापक लिच्छवी राजा शंकरदेव (अनु. ई. ४२४-४४४) मानिन्छन् ।

**नेपालको लिच्छवीकालीन राज्य**

लिच्छवी कालीन अभिलेखहरूको आधारमा नेपालको त्यो सामन्ती राज्य पूर्वमा कोशीदेखि पश्चिममा कर्णाली नदीसम्म फैलिएको थियो । (हेर्नुहोस् नक्शा २)

लिच्छवी राज्यभन्दा पहिले नेपालमा विभिन्न क्षेत्रमा विभिन्न जातिका गणराज्यहरू थिए । तिनीहरूका राज्यसीमा आ-आफ्नै जाति, भाषा, संस्कृतिका समुदायहरूका वस्तीहरूसम्म सीमित थिए। तर पनि नेपाल शब्दले भने ठूलो भौगोलिक क्षेत्रलाई चिनाउँथ्यो । बुद्धको समय (ई.पू. ५६३-४८३) तिर नेपाल शब्द प्रचलनमा आइसकेको थियो । त्यसैताका रचिएको 'अथर्व परिशिष्ट (कूर्म विभाग)' मा कामाक्षा (आसाम), उदुम्बर (पंजाव), मिथिला र हिमालबीचको भूभागलाई 'नेपाल विषय' भनेको छ। यसको अर्थ हो त्यसबेला उक्त चार किल्ला भित्र नेपालबाहेक अर्को कुनै उल्लेख्य देश (भूटान जस्तो) देखापरेको थिएन ।

बुद्धको समयमा नेपालको पश्चिम तराईमा कपिलवस्तु र कोलियभूमि दुई गणतन्त्र थिए । पूर्वमा मिथिलाको विदेह राज्य ई.पू. सातौं शताब्दीतिर जनविद्रोहबाट ध्वस्त भैसकेको थियो । बुद्धको समयमा नेपालमा किराँतहरूको गणतन्त्रात्मक राज्य व्यवस्था थियो । काठमाडौंमा राजधानी भएको गणतन्त्रको सीमा कहाँसम्म फैलिएको थियो भन्ने उल्लेख कतै पाइन्न ।


नक्शा २



त्यसपछि अभिलेखहरूद्वारा प्रमाणित इतिहास लिच्छवीकालदेखि नै शुरुभएको हो। लिच्छवी राज्यले वाग्मती उपत्यका र त्यस वरपरका गणराज्यका पुराना बाँकीटाँकी अवशेष र परम्पराहरू तोडेर केन्द्रीय सामन्ती शासन शुरु गरेको हो। त्यसताका जग्गा, जागिर र विर्ता आदिको आधारमा सैनिक सङ्गठन निर्माण गरिन्थ्यो। तर ठूल्ठूला नदी र जंगल, पहाड भएको देशमा एकपटक युद्धद्वारा राज्य जित्दैमा केन्द्रले सधैंभरि त्यसमा नियन्त्रण कायम राख्न सक्तैनथ्यो। राज्यभित्र रहेका विभिन्न राज्य र गणराज्यहरूले मौका पर्नासाथ विद्रोह गरेर टाउको उठाउँथे या स्थानीय सामन्तहरूले आफ्ना ससाना रजौटा कायम गर्थे। केन्द्रीय राज्यले समय समयमा सैनिक अभिमान चलाएर तिनलाई हराई फेरि आफ्नो शासन चलाउँथ्यो। लिच्छवी कालको त्यो राज्य व्यवस्था ई. ७५६ तिरबाट क्रमशः कमजोर हुँदै गई आठौं शताब्दीको मध्यतिर पूरै समाप्त भयो। त्यसपछि वाग्मती उपत्यकामा ३०० वर्ष जति कुनै उल्लेख्य काम नभएको ठकुरी राज्य चल्यो भने त्यसपछि ई. १२०० देखि मल्ल राज्य कायम भयो। यक्ष मल्लको समय (ई. १४२८-८२) मा एक पटक टाढाटाढासम्म विजय अभियान चल्यो, तर त्यो लामो समय टिक्न सकेन। अन्तमा यक्ष मल्लले ई. १८४२ मा काठमाडौं, पाटन र भक्तपुरका तीनवटा राज्य बनाई तीन छोरालाई बाँडिदिए। त्यसपछि वाग्मती उपत्यकाका मल्ल राज्यहरू प्रायः परस्पर विरोधीका रूपमा अस्तित्वमा रहे।

**जुम्ला केन्द्रित खस–मल्ल र पालको सिजा राज्य**

सन् ९९६ मा स्थापित कर्णालीको खस-मल्ल र पालहरूको राज्य क्रमशः जम्कँदै गयो। त्यस राज्यका जितारि मल्लले राज्यविस्तारको पूर्वी अभियानमा ई. १२८७ तिर काठमाडौंलाई समेत जितेर त्यसलाई केही समय करद राज्य बनाए। तेह्रौं शताब्दीमा त्यो राज्य त्रिशूली नदीदेखि पश्चिम कुमाउसम्म र उत्तरमा तिब्बतको गुगेप्रदेशसमेत सामेल गरी दक्षिणमा वर्तमान तराईसम्म फैलिएको थियो। रिपु मल्लले



पनि पूर्वी विजय अभियान चलाउँदा लुम्बिनीको अशोक स्तम्भमा (वि. १३६९ मा) "रिपुमल्लश्चिरञ्जयतु" भन्ने अभिलेख कुँदाएका थिए । त्यो अभिलेख अहिलेसम्म यथावत् छ र त्यसले कर्णालीकेन्द्रित खस-मल्ल राज्यमा पश्चिम तराई समावेश भएको संकेत गर्छ । त्यो राज्य वि.सं. १३७७ मा पूर्व काठमाडौंदेखि पश्चिम जमुना नदीसम्म फैलिएको थियो । सन् १५१३ मा स्थानीय विद्रोह र केन्द्रको कमजोरीले सिजा राज्य क्रमश: भत्कँदै गयो । त्यसपछि महाकाली-पूर्व कर्णाली प्रदेशमा 'बाइसे' र गण्डकी प्रदेशमा 'चौविसे' राज्य-रजौटा समूह देखापरे । (हेर्नुहोस् नक्शा ३)


### नारायणी–कोसीसम्मको कर्णाटवंशी राज्य

ई. १०९७ देखि १३२५ सम्म बाराको सिमरौनगढमा राजधानी भएको कर्णाटवंशी (डोय) राज्य चल्यो । त्यो राज्य पूर्वी तराईको वर्तमान नेपाली सिमानाभन्दा केही दक्षिणसम्म फैलिएको थियो भनिन्छ । त्यस राज्यले हिन्दू वर्णव्यवस्थामा आधारित शासन चलाएको थियो । सन् १३२५ मा मुसलमानी आक्रमणद्वारा त्यो राजधानी ध्वस्त भयो । त्यहाँको राजपरिवार पूर्वी पहाडको बाटो वाग्मती उपत्यकातिर लाग्यो । राजाको बाटामै मृत्यु भयो । राजपरिवारका सदस्यहरू भक्तपुर दरवारमा आश्रित भए । (हेर्नुहोस् नक्शा ४)

### पाल्पादेखि मोरंगसम्मको सेन राज्य

पूर्वी नेपालको पहाडी भागमा वि. ८१३ देखि १५७० सम्म किराँतहरूका स्वतन्त्र गणराज्यहरू थिए । ई. १५१३ देखि १७६२ सम्म पाल्पादेखि मोरंग र पूर्वी पहाडको किराँत प्रदेशसम्म मणिमुकुन्द सेनद्वारा स्थापित सेन राज्य चलेको थियो । त्यसमा रूपन्देही पूर्व मोरंगसम्मको तराईका साथै तनहुँ र मकवानपुर सामेल थिए । मणिमुकुन्द सेनका छोराहरूले त्यो राज्य तीन भाइमा अंशवण्डा गरेपछि पाल्पा, रूपन्देही, नवलपरासी र तनहुँको एउटा राज्य, मकवानपुर र नारायणीदेखि वाग्मती नदीसम्मको दोस्रो राज्य र

नक्शा ४







वाग्मती पूर्व कोशीसम्मको तेस्रो समेत गरी तीन राज्य चलेका थिए । पूर्वको विजयपुर राज्य र पहाडी किराँतप्रदेशसँग सम्झौता भई सेनवंशको राजा र किराँत वंशको मन्त्री हुने गरी शासन चलेको थियो । (हेर्नुहोस् नक्शा ५)

**वि.सं. १८०० (सन् १७४३) मा नेपालको स्थिति**

पृथ्वीनारायण शाहको नेतृत्वमा नेपालको एकीकरण शुरु हुनुभन्दा अगाडि नेपालको स्थिति कस्तो थियो ? त्यसबेला सम्पूर्ण नेपाल छिन्नभिन्न अवस्थामा थियो । कर्णाली प्रदेशमा २२, गण्डकी प्रदेशमा २४, गोर्खा १, वाग्मती उपत्यकामा ३, सेन राज्य ३ (पूर्वका ११ किराँती गणराज्यहरू पूर्वी सेन राज्यका मातहत थिए) समेत ५३ राज्य-रजौटा थिए । त्यस बेलाको देशको नक्सा यस्तो थियो । (हेर्नुहोस् नक्शा ६)

लिच्छवीकाल, खस-मल्लकाल र मल्लकालमा ठूलठूलो आकारमा रहेका नेपालका राजकीय नक्सा, छिन्नभिन्न भएर ५३ टुक्रामा विभाजित हुँदा नेपाली जनताले अनेकखाले झमेला बेहोर्नु पर्‍यो । त्यस्तो अवस्था झण्डै तीन सय वर्षजति रह्यो । त्यसबेला स-साना राजा-रजौटाहरूको बीचमा सीमा, जंगल, पहाड, खोलो, कुलो, आदि विषयमा बारबार विवाद र लडाइ भैरहन्थे । उनीहरूले एक-अर्कामाथि आक्रमण गर्दा रैती (जनता)लाई हाक पारेर खुकुरी, खुँडा, तर्वार आदिका साथै दुई-चारदिनलाई आफूले खाने अन्नपानी समेत आ-आफ्नै घरबाट बोक्न लगाई लडाइँमा लैजान्थे । जनताले युद्धको तालिम पाएका हुँदैनथे, त्यसैले जथाभावी घम्साघम्सीका लडाइँमा धेरैले व्यर्थैमा ज्यान गुमाउनुपर्थ्यो । त्यसताक भारतको रक्सौलबाट भक्तपुरसम्म सामान ल्याउँदा चार ठाउँ भन्सारकर तिर्नुपर्थ्यो । बीच-बीचका रजौटाभित्रका ठालुहरूद्वारा सामान खोसिने-लुटिने भैरहन्थ्यो । राजा र साहूहरूको खेतीपातीमा रैतीहरूले बेठी-बेगारीमा (विना ज्याला) काम गर्नुपर्थ्यो । विवाहको निम्ति एउटा रजौटाबाट अर्को रजौटामा जाँदा लडाइँ पर्ने र गहना-कपडा खोसिने डरले ठूलै जन्तीको साथमा बन्दुक पड्काउँदै

नक्शा ६




जानु पर्थ्यो । ससाना राज्य-रजौटा शक्तिहीन हुनाले खानी खन्ने, कपडा बुन्ने आदि उद्योग र ठूला व्यापार चल्न सक्तैनथे । पाठशाला चलाएर विद्यार्थीले पढ्ने अवसर मिल्दैनथ्यो । त्यसैले समाज अल्छी, अशिक्षित थियो । साहूहरूले चर्को व्याजमा असामी लगाउँथे र पैसा तिर्न नसके घर बारी खेत, गाईभैंसी, बाख्रा, भेडा साहूले लैजान्थे । एक-डेढ हजार वर्षसम्म पूर्व पश्चिम र माझमा समेत ठूलो आकारमा फैलिने गरेको नेपाल त्यसरी छिया छिया हुँदा त्यसले राष्ट्रको रूप लिनसक्ने संभावना खतम भएको थियो । राजा-रजौटाहरूको परस्परको कचिंगलले जनता ज्यादै दिग्दार भएका थिए । उनीहरू चाहन्थे, एउटा अलि ठूलो केन्द्रीय शक्तिशाली राज्य भए जनता, बटुवा, व्यापारी एवं उद्यमशील मानिसहरूलाई अलि सुविधा र सुरक्षा हुने थियो ।

त्यसबेला भारतमा अङ्ग्रेजहरूले व्यापारिक उपनिवेश बढाउन युद्ध चलाई त्यहाँका राजा-रजौटाहरूलाई परास्त गर्दै थिए । नेपाल कब्जा गर्ने ध्येयले परिस्थितिको अध्ययन गर्न यहाँ पादरीहरू पठाइएका थिए । त्यस्तो अवस्थामा गोर्खाका राजा पृथ्वीनारायण शाहले आफ्ना भाइ-भारदार र छरछिमेकीसँग सल्लाह गरी वि.सं. १८०० देखि पुरानो नेपालका खण्डित भागहरू जोडेर राज्य विस्तार गर्ने अभियान चलाए । त्यसमा गोर्खाका जनताले प्रतिपरिवार एक-एक रूपैयाँ उठाएर हतियार किन्न सहयोग गरेका थिए । पृथ्वीनारायणले नुवाकोटबाट पूर्वतिर शुरु गरेको युद्धमा ठाउँ ठाउँमा ठूल्ठूलै टक्कर परेपनि विजययात्रा अगाडि बढ्दै गयो । त्यो देखेपछि अनेकौं राजा-रजौटा र केन्द्रीय शक्तिशाली राज्य चाहने जनताले पृथ्वीनारायणलाई सघाउँदै गए । काठमाडौं उपत्यका हुँदै खम्बुवानसम्म विजय गरेको केही समयपछि पृथ्वीनारायणको देहान्त भयो । त्यसपछि उनकी जेठी बुहारी राजेन्द्रलक्ष्मी र कान्छा छोरा बहादुर शाहको नेतृत्वमा विजय यात्रा अघि बढ्यो । त्यो बढ्दै जाँदा नेपालको राज्य सीमा पूर्वमा तिष्टा नदी र पश्चिममा कुमाउँको काँगडासँग फैलियो । बीचबीचमा अङ्ग्रेजसँग ठूलठूला

लडाइ परे । धेरै ठाउँ नेपालीले जिते । त्यो नेपालको सीमा विस्तारको उत्कर्षकाल थियो । त्यसै समयले नै नेपाली वीरतालाई संसारसामु चिनाएको थियो ।

त्यस समयमा भारतमा अङ्ग्रेजहरू उपनिवेश विस्तार गरेर निकै बलिया हुँदै गएका थिए । उनीहरूले नेपालको विस्तारलाई ठूलो चुनौती ठानेर धेरै ठाउँबाट ठूलो मात्राको आक्रमण गरे । त्यस युद्धमा नेपालले पच्चीस-छब्बीस वर्ष प्रशासन चलाएका पश्चिम र पूर्वका थुप्रै भूभाग गुमाउनु पर्‍यो । अन्ततः ई. १८१६ मा भएको सुगौली सन्धिदेखि नेपालको वर्तमान सीमा (जसमा पश्चिमका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर सामेल थिएनन्) कायम भयो । पश्चिमका चार जिल्ला पछि जंगबहादुरले अङ्ग्रेजलाई युद्धमा सघाएबापत फिर्ता भएका हुन् । जेहोस्, त्यो राज्य विस्तारको युग थियो । नेपालीले पुरानो समयका आफ्ना दुई तिहाई भूभाग पुनः जोडे । सिंगो भारत कब्जा गर्ने अङ्ग्रेजले नेपालका केही भूभाग कब्जा गर्‍यो । त्यसपछि युद्ध रोकियो । नेपालको सीमा-मेची-महाकाली-मुस्ताङ्-मर्चवारसम्म सीमित भयो ।

## आधुनिक राष्ट्रको रूपमा नेपाल

ई. १८१६ देखि कायम भएको नेपालको भूभाग नै हाम्रो राष्ट्रको मूल आधार हो । बाइसे, चौविसे आदि जस्ता इलाकीय-राजा-रजौटाहरूको पारस्परिक द्वन्द्वबाट मुक्त यसभूमिलाई अनेक जाति, भाषा र संस्कृतिका जनताले साझा भूमिको रूपमा फेरि प्राप्त गरे । तीन चारसय वर्षदेखि छिन्नभिन्न भएको नेपाल फेरि एउटै राज्यमा जोडियो । त्यसैले यसलाई इतिहासकारहरूले नेपालको पुनः एकीकरण भने । नेपालको अधिकार क्षेत्रको एकतिहाइ भूभाग गुमेको भए पनि हाम्रो उदीयमान राष्ट्रको मूल तत्वको रूपमा आधारभूमि स्थापित भयो ।

## आधुनिक राष्ट्रका पाँच प्रमुख अङ्ग

नेपालको भूमि एकीकरण हुँदा केन्द्रीय सामन्ती शासनसहितको राज्यको रूपमा अस्तित्वमा आएको थियो । तर विश्वमा आधुनिक औद्योगिक क्रान्तिको युग शुरु भएकोले नेपाल पनि क्रमशः आधुनिक राष्ट्रको रूपमा परिणत हुने संभावनाको ढोका खुल्यो । नेपालभन्दा पछि एकीकृत भएका जर्मनी, इटाली र संयुक्त राज्य अमेरिका जस्ता राष्ट्र औद्योगिक क्रान्तिको कारणले शक्तिशाली बन्न पुगे । तर नेपालको दुर्भाग्य ! अङ्ग्रेज उपनिवेशवादीहरूले आफ्नो पृष्ठपोषक राणाशाहीको स्थापनाद्वारा नेपालको एकीकरणका समर्थकहरूलाई कोतपर्व र भण्डारखाल पर्वमा सिध्याउने षड् यन्त्र रचे । त्यसपछि नेपाललाई आफ्नो एकलौटी बजार बनाएर यहाँका परम्परागत उद्योगहरूलाई धराशायी पार्ने काम अङ्ग्रेजबाट भयो । शिक्षा, प्रविधि, उद्योग, आधुनिक प्रशासन आदि सबै कुराबाट नेपाललाई वञ्चित गरी यसलाई गोर्खा भर्तिकेन्द्रको रूपमा परिणत गरियो । त्यसले नेपालको स्वाभिमान, नवजागरण र आर्थिक प्रगतिका सबै बाटा बन्द भए । नेपाल सामन्ती र अर्धउपनिवेशी रूपमा परिणत भयो । त्यसपछि

नेपाल १०४ वर्षे अन्धकार युग बेहोरी २००७ देखि लोकतान्त्रिक आन्दोलन शुरु गरेर निरंकुश राजतन्त्र र निर्दलीय पंचायती व्यवस्था जस्ता विघ्न-बाधा हटाउँदै २०६३ को उन्नत जनआन्दोलनको चरणसम्म आइपुग्यो । यस लामो अवधिमा नेपालले राष्ट्रका अरु अङ्गलाई पनि केही मात्रामा मूर्तरूप दिने प्रयास गर्दै आएको छ ।

हाम्रो देश बहुजातीय र बहुभाषी भएकोले सबैले बुझ्न सक्ने एउटै भाषाको विकास पनि यहाँ निकै जटिल विषय हो । तर नेपालका अरु विभिन्न भाषाहरूको क्षेत्रीय स्थितिले गर्दा एकहजार वर्ष पहिले सिजा (जुम्ला) प्रदेशमा जन्मेको भाषाले हाल नेपालका असी प्रतिशत जनताले बुझ्न सक्ने स्थितिसम्म आफूलाई विकसित गरेको छ ।

**नेपाली भाषा विस्तारित हुन सक्नुका कारणहरू**

नेपालमा भारोपेली र भोटबर्मेली समूहका भाषा सबभन्दा बढी क्षेत्रमा बोलिन्छन् । ती सबैमध्ये नेपाली भाषा सबभन्दा बढी क्षेत्रमा फैलिनुका निम्न कारण छन् । (हेर्नुहोस् नक्शा ७)

भोट-बर्मेली शाखाका भाषा बोल्ने मगर, गुरुङ, तामाङ, सेर्पा, राई, लिम्बु आदिका प्राचीन पुर्खा पशुपालक युगभन्दा पहिले नै अनेक, हाँगा-बिंगामा फैलिएर विभिन्न दिशामा छरिंदै निकै टाढा-टाढा पुगे । धेरै शताब्दीपछि तिनका केही हाँगा-बिगा हिमालको दक्षिणी भेगका विभिन्न ठाउँमा आएर बसोबास गरे । त्यसैले ती समुदायका भाषाहरूमा पशुपालन युगभन्दा पहिले प्रयोग हुने गरेका शब्दहरूको अर्थ प्रायः मिल्दछ । जस्तै- रुख, आगो, घुँवा, मासु, आँखा, आँसु, आमा आदि । तर पाल्तु पशु र कृषि युगका गाई, गोरु, कोदालो, हलो, घर, गोठ जस्ता शब्दका अर्थ मिल्दैनन् । त्यसैले यी जातिले एक अर्काका भाषा अहिलेसम्म पनि बुझ्न सक्तैनन् । राई जाति भित्रैका विभिन्न भाषा एक अर्काले नबुझ्ने स्थिति छ । यी सबैको मूल भाषा र व्याकरण पनि नेपालमा कतै प्रचलित छैन ।

नक्शा ७



अर्कातिर भारोपेली भाषा समूहको संस्कृतबाट निस्केका नेपाली, मैथिली, भोजपुरी, अवधि, खस आदि भाषाका जंगली युगदेखि अहिलेसम्मको जीवनमा प्रयोग हुने अधिकांश शब्दका अर्थ मिल्दछन् । ती भाषा अहिले हाम्रै देशभित्र र भारतका विभिन्न प्रान्तमा पनि प्रचलित छन् ।

प्राचीनकालमा नेपालको तराई क्षेत्रमा संस्कृत भाषा र त्यसबाट निस्केका प्राकृत भाषाहरू प्रचलित थिए । लिच्छवीहरूले नेपालमा राज्यविस्तार गर्दा संस्कृतलाई राजकीय भाषा बनाएका थिए । तराईको संस्कृति पहाडतिर फैलिंदा सबैतिर संस्कृत फैलियो । पश्चिम नेपालमा संस्कृत परिवारकै सन्तान खस भाषा प्रचलनमा थियो र त्यसैबाट नेपाली भाषाको उद्‌गम भएको हो । मध्यकालमा तराईबाट मैथिली, भोजपुरी, अवधि भाषीहरू पहाडतिर आउने जाने गर्न थालो । मुसलमानी आक्रमण पहाडसम्म पनि पुगेपछि पन्ध्रौं शताब्दीदेखि कुमाउँ गढवालदेखि हिन्दू धर्म मान्नेहरू पूर्वी अभियानमा लागे । त्यसै क्रममा खस भाषाले साझा नेपाली भाषाको रूप लिंदै गयो । त्यो भाषा पूर्व र दक्षिणतिर फैलिंदा अवधि, भोजपुरी र मैथिलीको समेत सम्पर्कले नेपाली भाषाको रूपमा मौलाउने मौका पायो । यो भाषा थोरै प्रयासले पनि मैथिली, भोजपुरी, अवधि, हिन्दी आदि भाषाभाषीहरूले बुझ्न र सिक्न सक्ने हुनाले पूरै नेपाल र सिक्किम, दार्जिलिङ, भुटान र आसामसम्म फैलिंदै गयो । यिनै कारणले अरु भाषाले राष्ट्रव्यापी रूप लिन सकेनन् र नेपाली भाषाले मात्र त्यो अवसर पायो ।

अहिले नेपाली भाषा हिमाल, पहाड र तराईको सम्पूर्ण जनसङ्ख्यामध्ये असी प्रतिशतले सामान्य रूपमा बोल्न र बुझ्न सक्छन् । नेपाली भाषीहरू देशका सबै भागमा छरिएका छन् । यस भाषामा सबभन्दा धेरै साहित्यको लेखन-प्रकाशन भएको छ । सबभन्दा धेरै पत्रपत्रिका यसै भाषामा प्रकाशित हुन्छन् र रेडियो र टेलिभिजनका प्रसारणको ठूलो क्षेत्र पनि यसै भाषामा छ । यो केवल सरकारको जोड बलले मात्र भएको नभई यसमा उपर्युक्त विविध कारण रहेकाले यस भाषाले बहुसंख्यक नेपालीको परस्पर सम्पर्कको भूमिका खेल्न थाल्यो । अरु सबै भाषा प्रायः जातीय र क्षेत्रीय रूपमा सीमित रहेकाले तिनले सबै नेपालीको सम्पर्क भाषा बन्ने स्तर प्राप्त गर्न सकेका छैनन् । नेपाल राष्ट्रको भूमि पछिको दोस्रो अङ्ग बनेको नेपाली भाषाको यो स्थिति सबले बुझ्नु आवश्यक छ ।

**संस्कृति**

राष्ट्रको तेस्रो अङ्ग संस्कृति हो । माथि संस्कृतिका विविध पक्षको चर्चा भैसकेको छ । सबै जाति-जनजातिका संस्कृतिहरूले सामूहिक र साझा रूप लिने क्रम बढ्दैछ । सबै संस्कृतिको सम्मिलन हुँदा नेपाली संस्कृति अत्यधिक समृद्ध र विविधतायुक्त छ । नेपालका विविध जातिको बीचमा पारस्परिक स्नेह र हार्दिकता जति बढ्दैजानेछ र शिक्षाको क्षेत्रमा हामी जति अघि बढ्नेछौं हाम्रो संस्कृति पनि त्यति नै बलियो हुँदै जाने छ ।

**अर्थतन्त्र**

राष्ट्रको चौथो अङ्ग अर्थतन्त्र हो। नेपाल कृषि र पशुपालनमा परम्परादेखि नै आत्मनिर्भर थियो । अहिले केही जिल्लामा उद्योगको साथै अधिकांश जिल्लामा व्यापारको विस्तार भएको छ । आधुनिक उद्योग व्यापारलाई विस्तार गर्ने सडक संजालले अधिकांश जिल्लालाई छोएको छ । हिमाली जिल्लाहरूतिर सडक लैजान प्रयास भैरहेको छ । नेपाली जनतामा उद्योग-व्यापार विस्तारको उत्साह बढ्दो छ। विश्वका अनेकौं देशसँग नेपालको व्यापार सम्बन्ध भएको छ । समग्र रूपले हेर्दा नेपालको अर्थतन्त्र पछाडि नै छ तर परिश्रमी जनताले कृषि, पशुपालन, उद्योग-व्यापार र वैदेशिक रोजगारीबाट आय आर्जनको क्षेत्रलाई विस्तार गर्दै लगेका छन् । देशमा प्राकृतिक स्रोत-साधनको विशाल भण्डार छ । देशमा शान्ति, लोकतान्त्रिक शासन र औद्योगिक व्यवस्थापनको विकासक्रमले हाम्रो अर्थतन्त्रलाई पनि बहुआयामिक रूपले अघि बढाउन सक्नेछन् । अहिलेकै स्थितिमा पनि राष्ट्रको एक अङ्गको रूपमा अर्थतन्त्रले सामान्य आकार लिएको कुरा स्वीकार गर्नुपर्छ। सहीढंगले मानव शक्ति र स्रोत साधन परिचालन गरेमा यो देश समृद्धिको दिशामा अघि बढ्न गाह्रो छैन ।

**मनोवैज्ञानिक पक्ष**

राष्ट्रको पाँचौं अङ्गको रूपमा भावनात्मक एकता या मनोवैज्ञानिक पक्ष रहेको हुन्छ। हजारौं वर्षदेखि देश फैलिने र टुक्रिने क्रम चले पनि यहाँ भाषा र संस्कृतिले व्यापकता पाउँदै गएको थियो। अहिले हिमाल, पहाड र तराई सबैतिरका जनतालाई लोकतान्त्रिक, साहित्यिक, सांस्कृतिक आन्दोलन र दलीय सङ्गठनहरूले व्यापक रूपले भावनात्मक एकतामा जोड्दै लगेका छन्। भारतले हाम्रो कुनै ठाउँमा सीमा मिच्यो भनेको सुन्दा सम्पूर्ण नेपालीको मनमा आक्रोश जन्मन्छ । जनता विविध चाडपर्व र सांस्कृतिक माध्यमबाट निरन्तर जोडिंदै गएका छन् ।

यति हुँदाहुँदै पनि देशको यातायात व्यवस्था कम विकसित हुनाले, धेरै जनता गरिबीको जाँतोमा पिसिरहेकाले, धनी र गरीबको दायरा निकै चौडा हुनाले र सबै जाति र क्षेत्रका जनतालाई जोड्ने आर्थिक औद्योगिक क्षेत्र कमजोर हुनाले राष्ट्रको मनोवैज्ञानिक या भावनात्मक एकताको पक्ष अझै पनि कमजोर अवस्थामा नै छ ।

**वर्तमान स्थितिमा हाम्रो कर्तव्य**

यस प्रकार संस्कृति र राष्ट्रियताका विकासको लामो इतिहास बोकेका हामी नेपाली अहिले नयाँ युगमा प्रवेशको तयारीमा छौं। हामी सोह्रसय वर्षको सामन्ती निरंकुशतन्त्रको युगबाट लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गर्दैछौं। चीन र भारत जस्ता विकासमा निकै अघि बढेका दुई विशाल देशको बीचमा, भूपरिवेष्टित अवस्थामा रहेको नेपाललाई अघि बढाउने कुरा निकै जटिल र चुनौतीपूर्ण छ । तर हामी, राम्रो राजनीतिक सुझबुझसहित देशका सम्पूर्ण जनता एकतावद्ध भएर अघि बढ्न सक्यौं भने डेढ दुई

दशकमा देशलाई समृद्धिको दिशामा निकै अगाडि बढाउन सक्नेछौं । त्यसनिम्ति हामीले निम्न लिखित कार्यभार पूरा गर्दै अघि बढ्नु आवश्यक छ ।

१. सबभन्दा पहिले हामीले सबै क्षेत्र र जातिका जनताको बीचमा समान अधिकार वितरणद्वारा राष्ट्रिय एकताको भावना बढाउँदै जानुपर्छ । वि.सं. २००७ देखि थाती रहँदै आएको संविधान सभाको चुनाव सफल पार्नु तत्कालको हाम्रो ऐतिहासिक कार्यभार हो । यसलाई असफल पार्न सामन्ती प्रतिक्रियावादी शक्तिहरू क्रियाशील छन् । उनीहरू जनता र राजनीतिक दलहरूको एकता टुटाएर लोकतान्त्रिक गणतन्त्रको बाटो छेक्ने षड्यन्त्रमा लागेका छन् । सबै दल र जनता मिलेर यी षड्यन्त्रहरूलाई असफल पार्दै युगान्तकारी संविधान निर्माण गरी नयाँ युग सुहाउँदो लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरेर अघि बढ्ने कुरामा सम्पूर्ण शक्ति लगाउनु पर्छ ।

२. नेपालको अहिलेसम्मको शासन प्रणाली र विकास प्रक्रिया केन्द्रमुखी छ । सम्पूर्ण राज्यप्रणाली र विकास प्रक्रियालाई क्षेत्र, जाति, भाषा, संस्कृतिका समस्या समाधान गर्ने गरी राज्यको संघात्मक संरचनाद्वारा राष्ट्रको समानुपातिक विकासको बाटोमा अघि बढ्नुपर्छ ।

३. लामो सामन्तवादी इतिहासमा वर्णव्यवस्था (जातपात छुवाछुतप्रथा) गाँसिएकोले यसले समाजमा भयङ्कर विकृति-विसंगतिको विस्तार भएको छ । हाम्रो सम्पूर्ण प्रयास मानव-मानवबीचको जातपातको भेदभाव पूर्ण रूपले समाप्त पारी समान मानव मर्यादा स्थापित गर्ने कुरामा केन्द्रित हुनुपर्छ ।

४. हाम्रो मुलुक बहुजाति, बहुसंस्कृति, बहुभाषा र बहु भूगोल भएको कुरा सर्वविदित छ । यस विशिष्ट स्थितिले गर्दा शिक्षा, आर्थिक अवस्था, सांस्कृतिक चेतना जस्ता कुरामा व्यापक असमानता छ । अहिले पनि ४० प्रतिशत भन्दा बढी जनता पूर्णतः निरक्षर र अत्यधिक गरिब छन् । आगामी लोकतान्त्रिक गणतन्त्र व्यवस्थामा यी सबै समस्या समाधानको मूर्त योजना बनाएर अघि बढ्नु आवश्यक छ ।


५. सामन्ती पुरुषसत्तामा आधारित समाज हजारौं वर्षदेखि चल्दै आएकोले महिलाहरू शिक्षा, सम्पत्ति, सामाजिक मर्यादा र व्यवहारमा समान निर्णयको हकबाट वञ्चित छन् । आगामी संविधान र व्यवस्थाले सबै क्षेत्रमा महिला र पुरुषको समान हक र मर्यादा कायम गर्ने व्यवस्था गर्नुपर्छ । त्यसलाई पूरा गर्न सरकार सबै दल र विशेषज्ञहरू पूर्ण रूपले क्रियाशील हुनुपर्छ ।

६. हाम्रो देश वन, जल, प्राकृतिक सौन्दर्य, जैविक र सांस्कृतिक विविधता, खनिज तत्व, कृषि योग्य भूमि आदि धेरै कुरामा समृद्ध छ । तर तिनको व्यवस्थित औद्योगिक विकास प्रयास नभएकोले त्यसलाई पूरा गर्ने काममा लाग्नु हाम्रो कर्तव्य हो । हाम्रो सबै प्राकृतिक स्रोत साधनमा सबै जनताको समान अधिकारको व्यवस्था गरी देशको आवश्यकता र विश्व-बजारको माग अनुरूप तिनको योजनावद्ध विकास गर्नुपर्छ र त्यसको प्रतिफल समान वितरणको दिशातिर अघि बढ्नुपर्छ ।


७. हामी अहिले विदेशी संस्कृतितिर बढी लहसिँदै गएका छौं । जसले गर्दा हाम्रो संस्कृतिका राम्रा र मौलिक पक्ष ओझेल पर्दैछन् । हामी आफ्नो संस्कृतिलाई युगानुरूप परिस्कृत गर्दै अघि बढ्नु आवश्यक छ ।

८. पन्ध-बीस वर्षमा एसियाली मापदण्डमा पुग्ने गरी हाम्रो विकास र प्रगति यात्रा अघि बढाउनु पर्छ ।

**प्रश्रित २०६४।३।२७**



सुगौली सन्धि पूर्वको नेपाल
सिक्कीम
सेन राज्य
काठमाडौं
चौबिसी राज्य
बाइसी राज्य
कुमाउँ
गढवाल

## पृथ्वीनारायण पूर्वको नेपाल




कर्णाली प्रदेशमा बाइसे (बाइसवटा),
गण्डकी प्रदेशमा चौबिसे (चौबिसवटा), गोर्खा (एक),
पाल्पा, रुपन्देहीदेखि सुनसरी मोरंगसम्म तीनवटा सेन राज्य
लिम्बुवान र खुम्बुवान पूर्वी सेनराज्यको मातहतमा रहेका ।

## वर्तमान नेपाल





## लिच्छवी राज्य

### कोशी नदी र कर्णालीको बीच भाग




## जुम्ला (सिजा) केन्द्रित खसमल्ल राज्य

त्रिशूली नदीभन्दा पश्चिम पूरै नेपाल र
तिब्बतको पुराङ गुगे, मानसरोवरसमेत
भारतको केदारसम्म





## कर्णाटवंशी सिमरौनगढ राज्य

नारायणीपूर्व कोशीसम्म तराईका सबै जिल्ला र
तनहुँ, मकवानपुर सिन्धुली र उदयपुरसमेत हालको
तराईदेखि दक्षिणतिर चम्पारनसम्म



## सेन राज्य

पाल्पा तनहुँ रुपन्देहीदेखि पूर्व नवलपरासी चितवन मकवानपुर
सिन्धुली उदयपुर हुँदै एक पटक सिक्किमसम्म पुगेको ।
नेपालको वर्तमान सीमादेखि केही दक्षिणसम्म सीमा पुगेको ।
खुम्वुवान र लिम्वुवान समेत सामेल भएको ।



# वर्चस्व, मार्क्सवाद र जबजसँग प्रश्नहरू

- घनश्याम भुसाल

**सन्दर्भ र प्रश्न**

सन् १८५९ मा मार्क्सद्वारा लेखिएको निम्न सन्दर्भ समाज विज्ञानमा मार्क्सका सिद्धान्तहरूको सबैभन्दा मुख्य प्रस्थापना हो । मार्क्स भन्छन् :

> "मानिस आफ्नो सामाजिक अस्तित्वमा अनिवार्य रूपले निश्चित उत्पादन सम्बन्धहरूमा प्रवेश गर्दछ। ....... यी उत्पादन सम्बन्धहरूको समग्रताले समाजको आर्थिक संरचना, वास्तविक आधार निर्माण गर्दछ, जसमाथि एउटा कानुनी र राजनीतिक उपरिढाँचा खडा हुन्छ र त्यसै अनुरूप सामाजिक चेतना निर्धारित हुन्छ। वस्तुगत जीवनको उत्पादन पद्धतिले सामाजिक, राजनीतिक र बौद्धिक जीवनको सामान्य प्रक्रिया निर्धारण गर्दछ । मानिसको चेतनाले उसको अस्तित्वलाई निर्धारण गर्दैन, बरु सामाजिक अस्तित्वले मानिसको चेतनालाई निर्धारण गर्दछ। विकासको खास अवस्थामा समाजका वस्तुगत उत्पादक शक्तिहरूको विद्यमान उत्पादन सम्बन्धसँग ......... अन्तरविरोध उत्पन्न हुन्छ। ती सम्बन्धहरू उत्पादक शक्तिहरूको विकासका माध्यमबाट बाधकमा परिणत हुन्छन् तब सामाजिक क्रान्तिको युग शुरु हुन्छ। ............आर्थिक आधारमा हुने रूपान्तरणले ढिलो वा चाँडो सम्पूर्ण उपरिढाँचामा रूपान्तरण ल्याउँछ। त्यस्तो रूपान्तरणको अध्ययन गर्दा उत्पादनको आर्थिक अवस्थाको भौतिक रूपान्तरण र .....विचारधारात्मक रूपहरूका बीचको अन्तरविरोधको भिन्नतालाई बुभ्नु पर्छ जसका बारेमा मानिस सचेत बन्छ र त्यो अन्तरविरोधको हिसाब किताब चुक्ता गर्छ .....अहिलेसम्म कुनै पनि सामाजिक व्यवस्था त्यसको उत्पादक शक्तिको पर्याप्त विकास नभइकन भत्किएको छैन, साथै पुरानो समाज भित्रको वस्तुगत परिस्थिति परिपक्व नभइकन नयाँ नयाँ उन्नत उत्पादन सम्बन्धले पुरानोलाई विस्थापित गर्न सक्दैन ।"[1]

1 Karl Marx, Introduction to A contribution to the critique of political Economy, 1859.

यसमा उल्लेख गरिएका निम्न वाक्य वा वाक्यांश माथि विचार गरौ :

'**वास्तविक आधार**......अनुरूप सामाजिक चेतना निर्धारित हुन्छ', 'वस्तुगत जीवनको उत्पादन पद्धतिले सामाजिक, राजनीतिक र बौद्धिक जीवनको सामान्य प्रक्रिया निर्धारण हुन्छ', 'सामाजिक अस्तित्वले मानिसको चेतनालाई निर्धारण गर्दछ', 'विकासको खास अवस्थामा समाजका ....उत्पादक शक्तिहरूको ......उत्पादन सम्बन्धसँग अन्तरविरोध उत्पन्न हुन्छ..... तब क्रान्तिको युग सुरु हुन्छ', 'आर्थिक आधारमा हुने रूपान्तरणले ढिलो या चाँडो सम्पूर्ण उपरिसंरचनामा रूपान्तरण ल्याउँछ' 'अहिले सम्म कुनै पनि सामाजिक व्यवस्था त्यसको उत्पादक शक्तिको पर्याप्त विकास नभइकन भत्किएको छैन, पुरानो समाज भित्रको वस्तुगत परिस्थिति परिपक्व नभइकन नयाँ उन्नत उत्पादन सम्बन्धले पुरानोलाई विस्थापित गर्न सक्दैन ।'

यी सबैको आधारमा सामाजिक परिवर्तन मानिसका इच्छाबाट स्वतन्त्र छ, अथवा कुनै पनि सामाजिक परिवर्तनमा मानिसको भूमिका हुँदैन, आफ्नो इच्छाबाट स्वतन्त्र वस्तुगत दुनियाँका परिवर्तनलाई उसले चुपचाप ब्यहोर्नु बाहेक ऊसँग अर्को कुनै उपाय छैन भनेर मार्क्सवादको व्याख्या गर्न थालियो। मार्क्सवाद विरोधीहरू; खासगरी उदारवादी चिन्तकहरूले मार्क्सको उक्त प्रस्थापनालाई 'आर्थिक नियतिवादी' भनेर आलोचना गरे । मार्क्सवादीहरू- कार्ल काउत्स्की, ज्यार्जी प्लेखानोव र लेनिन समेतले त्यस्तो आलोचनालाई कुनै ध्यान दिएनन् । 'मार्क्सवाद आर्थिक नियतिवाद' होइन भनेर सामान्य दावी त यीनीहरूले गरिरहे, तर सैद्धान्तिक विवेचनाबाट त्यसको पुष्टि गरेनन् ।

सन् १९१७ अक्टुवरमा भएको रुसी वोल्सेविक क्रान्तिको सैद्धान्तिक वैधता के हो भन्ने बारेमा पनि कमै मात्र छलफल भयो । काउत्स्कीको 'सर्वहारा अधिनायकत्व' र लेनिनको 'गद्दार काउत्स्की' नामका रचनाहरूमध्ये काउत्स्कीको व्याख्यामा मार्क्सको उपरोक्त प्रस्थापनाको 'नियतिवादी' प्रवृत्ति बढी छ भने लेनिन चाहिँ बढी संकल्पवादी देखिन्छन् । अक्टोबर क्रान्तिको दुई महिना पछि (१९१७ डिसम्बर) अन्तोनियो ग्राम्स्सीले उक्त क्रान्तिलाई विभिन्न सामाजिक जटिलता बीच तीव्ररूपमा तयार भएको 'जनताको चहाना' को अभिव्यक्त घटनाका रूपमा व्याख्या गरे । (मार्क्सको कृति) 'पुँजीका विरुद्ध क्रान्ति' शीर्षक दिएर ग्राम्स्सीले आफ्नो विश्लेषणलाई 'आर्थिक नियतिवाद' भन्दा अलग्गै राखिदिएका छन् । तर एउटा सिङ्गो प्रक्रियाका रूपमा क्रान्ति कसरी हुन्छ ? क्रान्तिमा मानिसको (चेतना, संकल्प वा प्रयत्नको) के भूमिका हुन्छ ? 'मानिसको चेतनाबाट स्वतन्त्र' रहने 'वस्तुगत उत्पादन पद्धति' र मानिसको चेतना (विचारधारा) कसरी सम्बन्धित हुन्छन् र तिनीहरूको आ-आफ्नो भूमिका के हुन्छ ? जस्ता प्रश्नहरू मार्क्सवादीहरूका बीचमा अनुत्तरित नै रहे ।

एकातिर पछौटे रुसमा क्रान्ति हुनु, तर पुँजीवादले धेरै विकास गरिसकेका पश्चिम युरोप र अमेरिकामा क्रान्ति नहुनु, पुँजीवादको विकास भइसकेका इटली र जर्मनीमा फासिस्ट र नाजी शक्तिहरूको उदय हुँदै जानु, पहिलो विश्व युद्धताका बढेका

युरोपेली मजदुर आन्दोलनहरू कमजोर बन्दै जानु, अर्कोतर्फ कम्युनिस्ट पार्टीहरू उग्रधारतर्फ ढल्किँदै जानु, सोभियत संघको समाज झन्झन् नोकरशाही केन्द्रीयतामा आधारित हुँदै जानु जस्ता घटना बीच ग्राम्स्सीले आफ्नो जेल जीवनमा सामाजिक क्रान्तिलाई मध्यमा राखेर आफ्ना विचारहरू लेखे । उनका विचारहरूमध्ये 'वर्चस्व' सम्बन्धी धारणा महत्वपूर्ण योगदानमध्ये गनिन्छ ।

**ग्राम्स्सीद्वारा समस्याको उठान**

उपरिसंरचना आर्थिक जीवनको प्रत्यक्ष प्रतिविम्ब मात्रै हो भनेर मार्क्सवादको व्याख्या गर्ने परिपाटीबारे आफ्नो अवलोकनलाई ग्राम्स्सीले यसरी हेर्छन् :

> "राजनीति र विचारधाराका हरेक उतार-चढावलाई सामाजिक आधारको हुबहु अभिव्यक्तिका रूपमा प्रस्तुत गर्न र व्याख्या गर्न सकिन्छ भन्ने दाबीलाई केहीले सिद्धान्तको रूपमा खण्डन गरिनुपर्छ साथै मार्क्सका प्रमाणका आधारमा व्यवहारकै खण्डन गरिनु पर्छ ।"[२]

पहिले नै निश्चित भइसकेका आर्थिक आदेशहरू तामेल गर्ने प्राणीको रूपमा मानिसलाई व्याख्या गर्ने पद्धतिलाई 'यान्त्रिक भौतिकवादी' भन्दै, त्यसले मानिसलाई गल्ती गर्ने ठाउँ नै दिंदैन भन्ने कुरामा जोड दिंदै उनी भन्छन् :

> "इतिहासको यान्त्रिक भौतिकवादी दृष्टिकोणले (मानिसका) कमजोरीको लागि ठाउँ दिंदैन किनकि त्यसले हरेक राजनीतिक घटनालाई आधारद्वारा पहिले नै हुबहु निश्चित भइसकेको मान्दछ, केवल आधारमा आएको परिवर्तनको अभिव्यक्ति मान्दछ ।"[३]

त्यो समस्याको निदान गर्दै ग्राम्स्सी भन्छन् :

> "आधार र परिणाम (premise and consequence) का बीचको सम्बन्ध सोझो र सरल हुँदैन; आर्थिक तथ्यहरू मात्रै मानव इतिहासको अभिलेखका लागि पर्याप्त छैनन् । त्यो (इतिहासका घटनाहरूको अभिलेख राख्ने काम) धेरै जटिल र द्विविधापूर्ण (confusing) हुन्छ, त्यसका लागि सबै spiritual / practical गतिविधिको गहिरो अध्ययन आवश्यक हुन्छ ।"[४]

2 Stucture and Superstructure, A Gramsci Reader, Lawrence and Wishart, London-1988.
3 ibid
4 Chantal Mouffe(ed), Gramci and Marxist Theory, 1979

**वर्चस्वको परिभाषा**

मार्क्सवादले सर्वहारा क्रान्तिलाई आम रूपमा यसरी व्याख्या गऱ्यो :

- पुँजीवादी समाजका अन्तरनिहित अन्तरविरोध (सामाजिक उत्पादन र व्यक्तिगत स्वामित्व) ले समाजमा सङ्कट उत्पन्न गर्छ, ती सङ्कटहरू सामाजिक व्यवस्थाको मुख्य अङ्ग 'राज्य' मा अभिव्यक्त हुन्छन् ।
- पुँजीवादी उत्पादनको चरित्र (निरन्तर नाफा कमाउनुका अतिरिक्त श्रमको निरन्तर शोषण) ले गर्दा श्रमिक जनतालाई सर्वाहाराकरण गर्छ, उद्योगमा सर्वहारा वर्गलाई संगठित गर्छ र पुँजीवादी 'राज्य'मा कब्जा जमाउन सक्ने बनाउँछ ।
- यसरी राज्यमा सर्वहारावर्गको नियन्त्रण, कब्जा वा नेतृत्व स्थापित हुन्छ ।

ग्राम्स्सीले यहीँनेर 'नियन्त्रण' र 'नेतृत्व' लाई अलग-अलग अभ्यासका रूपमा परिभाषित गर्न थाले । सन् १९२६ मा लेखिएको "नोट्स अन साउदर्न कोइस्चन" मा उनले लेखे :

> "सर्वहारा वर्ग त्यस हदसम्म नेतृत्वकारी (leading) र नियन्त्रणकारी (dominant) बन्न सक्छ जुन हदसम्म उसले (अरू वर्गहरूसँग) सहकार्यको व्यवस्था मिलाउँछ र बहुसङ्ख्यक श्रमजीवीहरूलाई पुँजीपति वर्गको विरुद्ध परिचालित गर्न सक्छ"[५]

यसरी नेतृत्व र नियन्त्रणको एकीकृत अभ्यासलाई उनले 'वर्चस्व' भनेर परिभाषित गरे । यसमा ग्राम्स्सीको धारणाको विशिष्ट महत्व के छ भने उनले 'नेतृत्व' र 'नियन्त्रण' लाई सामान्य तत्व मात्र होइन बरु 'वर्चस्व'को निमार्णमा ती दुईलाई अलग-अलग प्रवर्ग (Category) को द्वन्द्वात्मक सम्बन्धको रूपमा अगाडि ल्याए । पछि "प्रिजन नोटबुक्स"मा त्यसैलाई अझ स्पष्ट पार्दै उनले लेखे :

> "एउटा वर्ग दुई तरिकाले वर्चस्वशाली हुन्छ : एकातिर ऊ नियन्त्रणकारी हुन्छ भने अर्कोतिर नेतृत्वकारी । त्यसले आफ्ना सहयोगी वर्गहरूको नेतृत्व गर्छ भने विरोधी वर्गहरूलाई दमन गर्छ ।"[६]

यस अनुसार वर्चस्वभित्र सहमति र दमनका दुईवटा दायरा छन् । यसको द्वन्द्वात्मक सम्बन्ध अनुसार सहमतिको दायरा जति फराकिलो हुन्छ दमनको दायरा

5 ibid, p–178
6 ibid, p-181-182

त्यतिनै साँघुरिदै जान्छ, त्यसै गरी दमनको दायरा जति बढ्दै जान्छ सहमतिको दायरा त्यति नै साँघुरिदै जान्छ ।

वर्चस्व सम्बन्धी यो पद्धतिको प्रयोग गर्दै ग्राम्स्सीले इतिहास र त्यसका घटनाहरूको विश्लेषण गर्न सजिलो बनाएका छन् । वर्चस्वको परिभाषालाई सजिलो पार्नेगरी फ्रान्सेली राज्य क्रान्तिबारे उनको टिप्पणी छ :

> "(ज्याकोविनहरूले) पुँजीपति वर्गको सरकारमात्र बनाएनन्, त्यो भन्दा बढी गरे : उनीहरूले पुँजीपति वर्गको राज्य बनाए, त्यो वर्गलाई नेतृत्वकारी वर्ग बनाए, राष्ट्रको वर्चस्वशाली वर्ग बनाए । अर्को भाषामा भन्ने हो भने उनीहरूले राज्यको स्थायी आधार तयार गरे र एकीकृत फ्रान्सेली राष्ट्र बनाए ।"[७]

ग्राम्स्सीको यो व्याख्याबाट हामीले के बुझ्दछौं भने कुनै वर्गका हित र राज्य एउटै कुरा होइनन् । यसरी हाम्रो विश्लेषणलाई अझ फराकिलो पार्दै जाँदा के भन्न सकिन्छ भने वर्ग र वर्गीय राज्य पनि एउटै होइनन् । राज्य मूलतः सामाजिक अवस्थाको सामान्य अभिव्यक्ति हो भने वर्ग त्यो सामाजिक अवस्थामा एउटा वर्चस्वशाली समूह हो । वर्गले उसका हितहरूको प्रतिनिधित्व गर्छ भने राज्यले त्यो वर्गका हित मात्रै होइन, त्यसका सीमाहरू पनि निश्चित गरिदिन्छ । यस प्रकार राज्य सामाजिक अवस्थाको संरचनात्मक अभिव्यक्ति हो भने त्यसको सत्ता चाहिँ वर्चस्व हो, जो सहयोगी वर्गहरूको स्वीकृति र विरोधीवर्गमाथि नियन्त्रणका रूपमा देखापर्छ । यसरी वर्चस्व भनेको केवल तात्कालिक राजनीतिक नियन्त्रण मात्रै होइन, बरु सामाजिक सत्ता हो ।

**वर्चस्वको दायरा र प्रक्रिया**

राज्यले आफूलाई पुँजीपति वर्गको निहित (Corporatist) स्वार्थपूर्ति गर्ने यन्त्रको रूपमा मात्रै अगाडि ल्याउन सक्दैन, बरु उसले आफ्ना हितहरूलाई समाजिक हितका रूपमा पेश गर्नुपर्छ  त्यसका लागि उसले आफूबाहेक अरू वर्गका हितहरूसँग पनि कुनै न कुनै हिसाबले एकाकार हुनैपर्छ । ग्राम्स्सीका अनुसार :

> "के कुरा साँचो हो भने राज्य खास समूहको (हितहरूको) विस्तारका लागि उपयुक्त अवस्था तयार गर्न बनेको निकाय (organ) का रूपमा देखा पर्छ । तर त्यो निश्चित समूहका हितहरूको विकास र विस्तारलाई सबैका हितहरूको विस्तारको र सबै 'राष्ट्रिय' शक्तिहरूको विकासको चालक शक्तिका रूपमा विचार गरिन्छ तथा प्रस्तुत गरिन्छ । .....के

7 Antonio Gramsci, Observations on certain Aspects of the structure of political parties in periods of organic crisis in Prison Notebooks.

> विचार गरिन्छ भने माथिल्लो (शासक) समूहका हितहरू तल्लो (शोषित) समूहहरूका हितसँग आबद्ध छन् र राज्य चाहिँ मुख्य (शासक) समूह र तल्ला (शोषित) समूहका हितहरूका बीचको वैधानिक क्षेत्रमा अस्थिर-सन्तुलन उत्पन्न गर्ने र समाधान गर्ने निरन्तर प्रक्रिया हो– त्यस्तो सन्तुलन जहाँ माथिल्लो समूहका स्वार्थहरू हाबी हुन्छन् तर निश्चित हदसम्म मात्रै ।"[८]

यस अनुसार शासक वर्गले आफूलाई वर्चस्वशाली वर्गका रूपमा स्थापित गर्न अन्य वर्गका हितहरूको प्रतिनिधिका रूपमा पनि उभ्याउनै पर्छ । यदि वर्चस्वशाली वर्गले आफना हितहरूलाई अन्यवर्गका हितसँग संयोजन गर्न सकेन भने उसको वर्चस्वमा सङ्कट आउँछ र वर्चस्वशाली वर्गको त्यो सङ्कट सम्पूर्ण समाजको सङ्कटको रूपमा देखा पर्छ । ग्राम्स्सीका अनुसार :

> "शासक वर्गको वर्चस्वमा कतिखेर सङ्कट आउँछ भने या त अरू वर्गले राखेका मागहरू पूरा गर्ने राजनीतिक पहलमा शासक वर्ग असफल हुन्छ अथवा धेरै जनसमुदायसँग सहमति कायम गर्न असफल हुन्छ या धेरै जनसमुदायहरू (मुख्यतः किसानहरू र निम्न पुँजीपति बुद्धिजीवीहरू) राजनीतिक निस्क्रियताको अवस्थाबाट अचानक सक्रियताको अवस्थामा आउँछन् र आफ्ना तात्कालिक मागहरूलाई क्रान्तिसँग जोडिदिन्छन् । यो 'सत्ताको सङ्कट' नै वर्चस्वको सङ्कट हो, सम्पूर्ण राज्यको सङ्कट हो ।"[९]

त्यस्तो सङ्कट आउन नदिन वा आफनो वर्चस्व कायम राखिरहन शासक वर्गले नागरिक समाजमाथि वर्चस्वलाई कायम राखि रहनुपर्छ । किनकि ग्राम्स्सीका अनुसार सम्पूर्ण सामाजिक उपरिढाँचाका मुख्य तत्वमध्ये नागरिक समाज पनि राज्य जतिकै महत्वपूर्ण हुन्छ । उनको विश्लेषण छ :

> "हामीले उपरिढाँचाका दुई ओटा मुख्य दायराहरूलाई पहिचान गर्न सक्छौं । एउटालाई नागरिक समाज भन्न सकिन्छ भने ............दोस्रोलाई 'राजनीतिक समाज' वा राज्य । .............ती दुईवटा दायराहरू, एकातिर शासक समूहले समाजभरि अभ्यास गर्ने वर्चस्वको लक्ष्य अनुरूप हुन्छन्, अर्कोतिर राज्यबाट अभ्यास गरिने प्रत्यक्ष अधीनस्तता वा नियन्त्रण अनुरूप हुन्छन् ।"[१०]

8 Chantal Mouffe(ed), Gramsci and Marxist Theory, 1979
9 ibid,p-191
10 ibid

यसको अर्थ के हो भने नागरिक समाज (जसलाई ग्राम्स्सीले सम्पूर्ण गैर-राज्य 'निजी' सामाजिक सम्बन्धका रूपमा लिएका छन्) र राज्य वर्चस्वका दायरा हुन्, अथवा कुनै एउटा वर्ग वर्चस्वशाली हुनका लागि उसले राज्यमा मात्रै नियन्त्रण गरेर पुग्दैन, नागरिक समाजमा पनि उसको वर्चस्व स्थापित हुनैपर्छ ।

माथिको सन्दर्भबाट हामी के निष्कर्षमा पुग्दछौं भने समाजका विभिन्न वर्गहरूमध्ये शासक वर्गले आफ्ना निहित वर्गीय हितहरूलाई अन्य वर्गका हितहरूसँग संयोजन गरेर वर्चस्व स्थापित गर्दछ । त्यस्तो वर्चस्वको अभ्यास मूलतः राज्य र नागरिक समाज मार्फत् गर्दछ । त्यसो भए शासक वर्गका विरुद्ध श्रमजीवी जनताले क्रान्ति कसरी गर्छन् त ? त्यसमा सर्वहारा वर्गको के भूमिका हुन्छ त ?

सर्वप्रथमतः सर्वहारा वर्गले, माथि उल्लेख भएझैं, आफ्ना हितहरूलाई अन्य सहयोगी वर्गका हितहरूसँग एकीकृत गर्नुपर्छ । किनभने :

> "कुनैपनि ऐतिहासिक घटना 'सामूहिक मानिस' द्वारा मात्रै सम्पन्न हुनसक्दछ । त्यो सामूहिक मानिस' ले समान र सामूहिक विश्व दृष्टिकोणका आधारमा छरिएका अनेकौं इच्छाहरूलाई एउटा 'सांस्कृतिक-सामाजिक' एकतामा ल्याउने र अनेकौं उद्देश्यहरूलाई एउटै उद्देश्य बनाउने पूर्वापेक्षा गर्दछ ।"[११]

हामी के मान्दछौँ भने विचारधारा भनेको हितहरूको अभिव्यक्ति हो । विचारधाराको यो परिभाषालाई माथि उल्लेख गरिएको 'सामूहिक मानिस' र 'सांस्कृतिक-सामाजिक एकता' सँग जोड्दा के भन्न सकिन्छ भने सर्वहारा वर्गले आफ्नो 'निहित' विचारधारालाई अरू वर्गका विचारधाराहरूसँग जोड्दा नयाँ बृहत-विचारधारा वा विश्व दृष्टिकोण (Organic Ideolodgy) बन्न पुग्दछ, यसरी सर्वहारावर्गले अरू वर्गहरूको नेतृत्वदायी वर्गका रूपमा आफूलाई स्थापित गर्दै जान्छ :

> "…..अब पहिले गौण वा तल्लो वा तात्कालिक रहेको (विचारधारात्मक दायरा) नयाँ विचारधारात्मक र सैद्धान्तिक योगको केन्द्र, मुख्य बन्न जान्छ ।"[१२]

यो नेतृत्व वा वर्चस्वको अभ्यास जति-जति बढ्दै जान्छ, शासक वर्गको वर्चस्व त्यति-त्यति साँघुरिदै जान्छ । यो प्रक्रियालाई ग्राम्स्सी "वार अफ पोजिसन" भन्दछन् । वर्चस्वको यो दायरा बढ्दै जाँदा, माथि भनिएझैं, शासक वर्गमा वर्चस्वको सङ्कट बढ्दै जान्छ र ऊ तात्कालिक दमन र षडयन्त्रमा भरपर्दै जान्छ । अन्ततः "अर्गानिक

11 ibid, p-191
12 ibid

क्राइसिस"लाई व्यवस्था गर्न नसक्दा शासक वर्गको वर्चस्व समाप्त हुन्छ, यो परिवर्तन नै क्रान्ति हो ।

'सामूहिक मानिस' र 'सामूहिक हित' लाई राष्ट्रिय र वर्चस्वशाली बनाउन सर्वहारा वर्गले कुन माध्यम अपनाउँछ वा कस्ता क्रियाकलाप गर्छ भन्ने प्रश्न उठ्नु स्वाभाविक छ । हितहरूलाई एकाकार गर्ने प्रक्रिया नै वर्चस्व निर्माणको मुख्य कारक भएकाले विभिन्न हितहरूको पहिचान र तिनीहरूसँग राखिने सम्बन्धको निर्धारण अनिवार्य हुन्छ । त्यस्तो काम नैतिक-राजनीतिक नेतृत्वबाट सम्पन्न गरिन्छ भन्ने ग्राम्स्सीको धारणा छ । तर त्यस्तो नैतिक-राजनीतिक नेतृत्व समाजको आधारभूत तथ्यहरू, आर्थिक जीवनसँग जोडिएन भने त्यो नेतृत्व समाजबाट अलग हुन्छ । ग्राम्स्सी भन्छन् :

> "यद्यपि वर्चस्व नैतिक-राजनैतिक हुन्छ, यो आर्थिक पनि हुनैपर्छ । शासक वर्गले अभ्यास गरेका निर्णायक आर्थिक गतिविधिहरूका केन्द्रमा पनि अनिवार्यरूपले आधारित हुनैपर्छ ।"[१३]

यसप्रकार हामी के निष्कर्षमा पुग्छौं भने सर्वहारावर्गले आर्थिक हितहरूका आधारमा समाजका अन्य वर्गका हितहरू समेत आफ्ना हितसँग एकाकार गर्दै आफ्नो वर्चस्वको दायरा विस्तार गर्दै गएर शासक वर्गलाई सङ्कटमा पार्छ र अन्त्यतः आफ्नो वर्चस्व स्थापित गर्छ ।

अन्त्यमा, के भन्न सकिन्छ भने मार्क्सवादमा सामाजिक ढाँचा र उपरिढाँचा, क्रान्तिको अवस्था, राज्य, क्रान्तिका मुख्य र सहायक शक्तिहरू, क्रान्तिकारी प्रक्रियाको विकास र त्यसमा चेतनाको भूमिका जस्ता मुद्दामा उठेका प्रश्नहरूलाई ग्राम्स्सीले वर्चस्वको व्याख्या मार्फत् मार्क्सवादी सिद्धान्तकै दायराभित्र उत्तरहरू प्रस्तुत गरेका छन् । उपरीढाँचाका दुई मुख्य प्रवर्गहरूको द्वन्द्वात्मक सम्बन्धको व्याख्या ग्राम्स्सीको मौलिक योगदान हो ।

**मार्क्सवादभित्र वर्चस्वका आधारहरू**

वर्चस्व सम्बन्धी ग्राम्स्सीको अवधारणा मार्क्सवाद भित्रैबाट भएको थियो भन्ने कुरा बुझ्न निम्न सन्दर्भ सहयोगी हुन्छन् :

> "मानिस परिस्थितिहरू र शिक्षा-दीक्षाको उपज हो, त्यसैले परिवर्तित मानिस भिन्न परिस्थितिहरू र भिन्न शिक्षा-दीक्षाको उपज हो भन्ने भौतिकवादले के कुरा बिर्सिदिन्छ भने मानिसहरूले नै परिस्थितिहरूलाई

13 ibid,p-183

बदल्छन् र (जस्तो कि) शिक्षक स्वयंलाई शिक्षाको आवश्यकता हुन्छ ।"[१४]

... इतिहासको भौतिकवादी अवधारणाका अनुसार, इतिहासको निर्णायक तत्व अन्ततोगत्वा वास्तविक जीवनको उत्पादन र पुनरुत्पादन हो । यसभन्दा बढी, न मार्क्सले, न मैले नै, कहिले पनि भनेका छैनौं, अतः यदि कसैले यसलाई तोडमोड गरेर आर्थिक तत्वनै एकमात्र निर्णायक तत्व हो भन्छ भने, उसले हाम्रो प्रस्थापनालाई निरर्थक, अमूर्त र खोक्रो शब्दावली मात्र बनाइदिन्छ । आर्थिक परिस्थिति आधार हो, तर उपरिढाँचाका विविध तत्वहरू ...... ले ऐतिहासिक संघर्षको प्रक्रियामा प्रभाव पार्दछन् र धेरैजसो, मुख्यतः त्यसको रूप निर्धारणमा यिनीहरूकै तौल बढी हुन्छ ।...... यस्तो नहुँदो हो त इतिहासको कुनै (पनि) युगमा यस सिद्धान्तलाई इच्छा अनुसार लागू गर्न गणितको सरलतम समिकरण हल गर्नुभन्दा सजिलो हुनेछ ।"[१५]

"मजदुरहरूसँग सफलताका लागि एउटा चीज छ, त्यो हो- सङ्ख्या । तर सङ्ख्या तब मात्रै निर्णायक हुन्छ जब जनसमुदाय सङ्गठनमा आबद्ध हुन्छन् र ज्ञानले उनीहरूको नेतृत्व गर्छ"[१६]

...इतिहास कसरी निर्माण हुन्छ भने अन्तिम परिणाम सधै अनेकौं व्यक्तिगत इच्छाहरूको द्वन्द्वबाट उत्पन्न हुन्छ, जुन (द्वन्द्वहरू) स्वयंमा जीवनका असङ्ख्य विशिष्ट परिस्थितिहरूबाट निर्मित हुन्छन् । यसरी त्यहाँ अनगिन्ती, आपसमा गुत्थिएका शक्तिहरू हुन्छन्, शक्तिका समानान्तर चतुर्भुजहरूको एउटा अनन्त श्रृङ्खला हुन्छ, जसले एउटा परिणाम (resultant) उत्पन्न गर्छ- (त्यही नै) ऐतिहासिक घटना हो । यसलाई समग्ररूपमा अचेतनरूपले र इच्छारहित शक्तिको परिणाम (product) का रूपमा पनि हेर्न सकिन्छ, किनभने प्रत्येक व्यक्तिका इच्छालाई अन्य हरेक व्यक्तिका इच्छाले अवरुद्ध गरिदिन्छन् र (त्यसरी) कसैले पनि नचाहेको परिणाम उत्पन्न हुन्छ । तर हरेक व्यक्तिका चाहनाहरू....इच्छा गरे अनुसार पूरा हुँदैनन्, बरु एउटा सामूहिक मध्यविन्दु (aggregate mean) मा एउटा साझा परिणाममा समाहित हुन्छन् भन्नुको अर्थ ती (इच्छाहरूको) मूल्य शून्य बराबर हुन्छ भन्ने होइन, बरु ती प्रत्येक (इच्छाहरू) ले परिणाममा योगदान गर्छन् र त्यस हदसम्म त्यस परिणाममा समावेश हुन्छन्"[१७]

---

14 Karl Marx, Theses on Feuerbach, 1845.

15 एङ्गेल्स, जोजेफ ब्लोखलाई चिठी, १८९० सेप्टेम्बर २१, यसबारे अन्य पत्रहरू पनि सान्दर्भिक छन् - कोनराड श्मिड्टलाई १८९० अगस्त ५, कोनराड श्मिडटलाई १८९० अक्टुबर २७, फ्रान्ज मेहरिङ्गलाई १८९३ जुलाई १४, ब्रेल्स्लाव बोरगियसलाई १८९४ जनवरी २५ आदि ।

16 Karl Marx, Address to the General Council-1864.

17 मार्क्स-एंगेल्स, पत्रव्यवहार, प्रगति प्रकाशन, मास्को-१९८२

> "....त्यो नयाँ वर्ग, जसले आफूलाई आफूभन्दा पहिले शासन गर्ने वर्गको ठाउँमा पुऱ्याउँछ, त्यसले आफ्नो उद्देश्य पूरा गर्नका लागि आफ्ना हितहरूलाई समाजका अरू सबै सदस्यका हितका रूपमा प्रस्तुत गर्न बाध्य हुन्छ,......उसले आफ्ना विचारहरूलाई सार्वभौमिक रूप दिनुपर्छ र ती विचारहरू मात्रै उचित र सार्वभौमिकरूपले वैध हुन् भन्ने देखाउनुपर्छ । क्रान्तिमा संलग्न रहेको वर्ग शुरुदेखि नै.....एउटा वर्गका रूपमा होइन, बरु पूरै समाजको प्रतिनिधिका रूपमा, एउटा शासक वर्गका विरुद्ध समाजको पूरै जनसमुदायका रूपमा देखापर्छ ।"[१८]
>
> ".....हामीले मानिसका मस्तिष्कमा विचारहरूलाई भौतिकवादी दृष्टिले हेऱ्यौं, वास्तविक वस्तुहरूलाई निरपेक्ष विचार (absolute concept) को यो वा त्यो अवस्था (stage) को विम्ब (image) को रूपमा होइन बरु ती विचारहरूलाई वास्तविक वस्तुहरू विम्बको रूपमा हेऱ्यौं । यसरी द्वन्द्ववाद स्वतः नै बाह्य जगत र मानव चिन्तन दुवैका गतिको सामान्य नियमको विज्ञान बन्न पुग्यो ।[१९]

**जनताको बहुदलीय जनवाद र वर्चस्वको सैद्धान्तिक ढाँचा**

जनताको बहुदलीय जनवादले प्रजातान्त्रिक आन्दोलनमा 'श्रेष्ठता' को जुन धारणा अगाडि सारेको छ, त्यो सिद्धान्ततः वर्चस्वको धारणासँग मेल खान्छ । तर त्यसलाई यी प्रश्नहरूको सन्दर्भमा परिपुष्टि गर्नु आवश्यक छः

- नेपाली समाजको मुख्य क्रान्तिकारी वर्ग कुन हो ?
- त्यसका सहयोगी वर्गहरू कुन-कुन हुन् ?
- तिनीहरूका अलग-अलग विचारधाराहरूको पहिचान कसरी गर्ने?
- हाम्रो सन्दर्भमा "अर्गानिक आइडियोलोजी"को निर्माण कसरी हुन्छ ? आदि ।

18 Marx- Engels, German Ideology.

19 Fredrich Engels, Fourth Chapter, Ludwig Feuerbach and the Classical German Philosophy- 1888

# सामाजिक रूपान्तरणका लागि पुनर्संरचना: ट्रेड युनियनका विषयहरू

भाग-३ निष्कर्ष सत्र



# सन्दर्भ र प्रश्नहरू

- विष्णु रिमाल

हामी, तय गरिएको कार्यक्रमको अन्तिम सत्रमा प्रवेश गर्दैछौं। पहिलो दिनको पहिलो सत्रमा "सहभागितामूलक लोकतन्त्र" भन्ने विषयबाट आफ्नो छलफल थालेका थियौं। हाम्रा मित्र देवराज दाहालले नेपाली राजनीति र रूपान्तरणको विषयमा गर्नुभएको प्रस्तुतिलाई हामीले छलफलको मुख्य अङ्ग बनाएका थियौं। हामीले एउटा सत्रभरि "श्रमिक नियन्त्रित ट्रेड यूनियन"को कुरा गऱ्यौं र त्यसलाई बल पऱ्याउन कै लागि थप सन्दर्भ सामग्रीको रूपमा मित्र राजन भट्टराईलाई डोनाल्ड सासोनद्वारा लेखिएको किताब– एक सय वर्षको समाजवादी अनुभवको सार प्रस्तुति गर्न लगायौं। जबसम्म समाजको वर्ग संरचना बुझिदैन, तबसम्म सामाजिक रूपान्तरणको प्रश्न अधुरो रहन सक्छ। नेपालको वर्ग–बनोट, विभिन्न वर्ग र ती वर्गहरू बीचको आपसी सम्बन्धबारे छलफल गऱ्यौं।

दोस्रो सत्रमा हामीले आर्थिक शोषणको विषयमा केन्द्रित भएर छलफललाई अगाडि लैजान खोज्यौं। कल्याणकारी राज्यको बारेमा चर्चा गर्ने क्रममा "यस्तो राज्य व्यवस्था कसले वा कुन विचारधारावालाले सुरु गऱ्यो भन्ने विषय गौण हो। मूल कुरा त कल्याणकारी राज्य व्यवस्था मार्क्सवाद मिल्दो छ वा छैन भन्ने हो"भन्नेमा हामी पुग्यौं। त्यसपछि, कल्याणकारी राज्य व्यवस्था हाम्रो एजेण्डा बन्छ कि बन्दैन भन्ने विषयमा छलफल गऱ्यौं।

यी सबै विषयमा छलफल गरिरहँदा हामीले "जनताको बहुदलीय जनवाद"लाई नेपाली सन्दर्भको रूपमा जोड्न खोजेका थियौं।

रोनाल्डो मन्कद्वारा लिखित किताब– 'मार्क्स एट २०००' मार्फत श्रमको क्षेत्र र उत्पादन प्रक्रियामा आएका परिवर्तनहरूबारे हामीले बुझ्ने प्रयत्न गऱ्यौं। मार्क्सको समयमा के थियो, मार्क्सपछिको समयमा के आयो, त्यसलाई नेपालको सन्दर्भ

कसरी पनि जोड्नुपर्छ भन्नेमा मित्र उमेश उपाध्यायले “नेपालको उत्पादन सम्बन्ध र वर्ग सङ्घर्षको इतिहास”लाई संक्षेपमा प्रस्तुत गर्नुभयो।

जबसम्म हामी वर्ग सङ्घर्षको इतिहास बुझ्दैनौं, हामीले आफ्नो उत्पादन सम्बन्धलाई कसरी परिवर्तन गर्दै आयौं भन्ने पनि बुझिँदैन। हामीले कहाँ ठीक गऱ्यौं वा बेठिक गऱ्यौं भन्ने पनि बुझिदैन। त्यस्तै, 'वर्ग सङ्घर्ष भनेको भयानक युद्ध, मारकाट–दङ्गा फसाद मात्रै होइन, उत्पादनको साधनमाथिको स्वामित्वमा श्रमिक वर्गको पहुँच बढाउने प्रक्रिया पनि हो भनेर हामीले चर्चा गऱ्यौं । हामीले सारमा के कुरालाई जोड दिन खोज्यौं भने 'अहिलेको सन्दर्भमा कम्तीमा पनि कल्याणकारी राज्य व्यवस्था लागू हुन सक्नु भनेको नेपालमा समाजवाद लागू गरे सरह हो।'

हामीले शक्ति संरचना र समीकरणको बारेमा छलफल गऱ्यौं। डा. अर्जुन कार्कीले यो विषयमा विचार राख्नु भएको थियो। 'पेडागोजी अफ द अप्रेस्ड' को गौरी प्रधानको प्रस्तुतिले यसलाई बुझ्न सहयोग पुग्यो भन्ने हामीलाई लागेको छ।

यसैसँग जोडिएको अर्को विषयको रूपमा हामीले मार्क्सको प्रसिद्ध रचना “अलाइनेसन (पराईकरण)” लिएका छौं। 'एलाइनेसन'को ठीक उल्था “पराईकरण” हो–होइन, आजको सत्रमा हामीले छलफल गर्न सक्छौं। कार्ल मार्क्सलाई पढ्दा अतिरिक्त मूल्यको सिद्धान्त हामीले धेरै पढ्यौं। अतिरिक्त मूल्यको सिद्धान्तभन्दा पनि मनन गर्नुपर्ने महत्वपूर्ण सिद्धान्त “थ्योरी अफ अलाइनेसन” हो भन्ने मेरो व्यक्तिगत मान्यता रहेको छ। अलाइनेसन भनेको के हो भनेर छ्याङ्ग बुझ्नको लागि “शक्ति समीकरण, शक्ति संरचना र उत्पीडन र उत्पीडक”को सम्बन्ध बुझ्न जरुरी छ। 'अलाइनेसन' बुझियो भने परिवर्तनको बाटो कस्तो हुनेछ भन्ने बुझ्न सकिन्छ भनेर यो विषयलाई छलफलमा राखेका हौ।

क. मोदनाथ प्रश्रितले साह्रै रमाइलोसँग संस्कार र संस्कृतिसँग सम्बन्धित विषय राख्नुभयो। उहाँले चर्चित नेता पद्मरत्न तुलाधरको उदाहरण दिंदै भन्नुभयो–"कुनै बेला राष्ट्रिय नेता पद्मरत्नलाई अहिले शंखधर साख्वा, न्हूदँया भिन्तुना र त्यसपछि समयबजी खानेकुरासँग जोडेर मात्र चिनिन्छ किन? माओवादी नेता प्रचण्ड २६ वर्षपछि खुला मञ्चमा सार्वजनिक हुँदा समेत "संस्कृति" भनेर देखाएको झाँकी "मयुर नाच, लौरो ठोक्ने नाच, थाल ठटाउने नाच'मा मात्रै सीमित रह्यो किन?" तसर्थ संस्कृति भनेको सांस्कृतिक कार्यक्रमको रूपमा देखाउने विषय मात्रै हो कि हामीले पालना गर्नु पर्ने कुरा हो? यो हामीले बुझ्नुपर्छ। हाम्रो इतिहास के हो, हामी कुन धरातलमा उभिएका छौं, त्यो बुझ्यौं भने मात्रै समाजलाई ठीक ठाउँमा हिंडाउन सक्छौं भन्ने आशयमा हामीले छलफल गर्‍यौं। मलाई लाग्छ क. प्रश्रितले देवी संस्कृतिबाट शुरु गरेर आधुनिक संस्कृतिसम्म जुन विचार राख्नुभयो साथीहरूले यसको महत्व र नकारात्मक कुरा पनि बुझ्नुभयो। कुन छोड्नु पर्ने, कुन लिनु पर्ने छर्लंग नभए पनि सबैलाई 'छिपछिपे' ज्ञान अवश्य भयो होला। संस्कृतिसँग हामीले एउटा अन्तर्राष्ट्रिय अनुभवलाई जोड्ने प्रयत्न गर्‍यौं– 'ग्राम्स्सी र हेजमोनी'। हेजमोनी भन्ने शब्दलाई घनश्यामजीले 'वर्चस्व' भनेर उल्था गर्नु भएको छ।

यो सत्रमा सहभागितामूलक लोकतन्त्र, श्रमिकनियन्त्रित ट्रेड यूनियन, १०० वर्षको समाजवादको अध्ययनपछि त्यसले सङ्केत गरेको वर्ग संरचना र वर्ग समीकरणको सन्दर्भ हामीले केही मनन गर्‍यौं भन्ने लागेको छ। त्यसैले यो निष्कर्ष सत्रमा, नेपालको वर्ग संरचना, वर्ग स्वरूपको बारेमा प्रस्तुति र छलफल हुनेछ।

नेपालमा वर्ग संरचना, स्वामित्वको विषय ३६७
- डा. शिव शर्मा

विश्वव्यापीकरणको सन्दर्भमा मार्क्सको "थ्योरी अफ अलाइनेसन"को संक्षिप्त विश्लेषण ३७३
- डा. गोविन्द नेपाल

# विचार र बहस



# नेपालमा वर्ग संरचना, स्वामित्वको विषय

- डा. शिव शर्मा

म एउटा अनुसन्धानकर्ताको हैसियतले वर्ग संरचना र स्वामित्वको विषयमा अलि फरक पाटो लिन खोजेको छु । मध्यम वर्गमा को को पर्छ, फलानो फलानो निम्न मध्यम वर्गमा भन्न छोडेर म यसको मेथडोलोजिकल मुद्दामा प्रवेश गर्छु । जब श्रमको विभाजन सुरु भयो, उत्पादन पद्धतिमा श्रम विभाजन सुरु भयो, त्यसले समाजलाई वर्गमा विभाजन गर्‍यो । उत्पादनका साधनमाथिको स्वामित्व र प्रयोग, वर्ग विभाजनको आधार हो । वर्ग शब्दको मार्क्सवादी हिसाबले गरिएको प्रयोग भन्दा अहिले अलि जहाँ पायो त्यहीँ प्रयोग भएको देखिन्छ । "वर्ग" लाई स्रोत साधनमा स्वामित्वको हिसाबले मात्रै प्रयोग गर्नुपर्छ, नत्र त्यसले गलत ठाँउमा पुर्‍याउँछ ।

परम्परागत उत्पादनका साधनहरू जमिन, श्रम, पुँजी, उद्यम व्यवसायमा फेरबदल आएको छ । उत्पादनका साधनहरूको प्रकृति, त्यसको स्वरुपहरूमा पनि परिवर्तन भएको हुनाले कतिपय ठाउँमा हामीलाई विश्लेषण गर्दा गाह्रो भइरहेको छ । जस्तो, नलेज इकोनोमीको कुरा आयो । त्यसलाई उत्पादनको साधन मान्ने कि नमान्ने ? अनि, त्यसमा संलग्न भएका श्रमिकहरू, रोजगारी दिनेहरूको कसरी विश्लेषण गर्ने ? प्रकृयागत ढँगले "यसरी गर्ने" भन्ने कुरा निश्चित गर्दै पनि जानुपर्छ । मैले बुझेको मार्क्सवादी विश्लेषण अनुसार "श्रमिक वर्गले प्रायः सबै श्रम खर्चन्छन्, साधनको स्वामीले प्रायः सबै फाइदा लिन्छन् ।" त्यहाँ शोषण मुद्दा आउँछ । परम्परागत कारखाना अथवा खेत भन्ने कुराहरूबाट अब परिवर्तित भएको सम्बन्धमा सेवा उत्पादन गर्ने, वस्तु उत्पादन गर्ने, अरु अरु किसिमका उत्पादनका थलोहरूको सम्बन्धमा पनि हामीले हेर्दा त्यसको फाइदा साधनको स्वामीले लिन्छ । जसले उत्पादनको साधन नियन्त्रण गर्छ, उसले श्रमिकहरूको शोषण गर्छ । पुँजीवादी उत्पादन प्रणालीमा श्रमिकले उत्पादनमा गरेको योगदान भन्दा कम पाउँछ- सेवा उत्पादन र वस्तु उत्पादन दुबैमा । अङ्कको भाषामा, उसले दुई सय रुपैयाँको योगदान गरेको छ भने ज्याला ६० रुपैयाँ, १ सय रुपैयाँ पाउँछ, अरु मालिकले

> *न्यायोचित ज्याला, सम्मानजनक काम मात्रै मुद्दा होइन, त्यो संरचनालाई भत्काउने पनि मुद्दा हो । जुन वातावरण छ, जुन अरू संरचनाहरू छन्, ती सधैं वाधक हुन्छन् ।*

राख्छ । यसलाई अतिरिक्त उत्पादन भन्ने पनि अवधारणा छन् । नवशास्त्रीय आर्थिक विश्लेषणमा यसलाई 'मार्जिनल प्रडक्ट' भनियो । त्यस्तै यूलर्स थ्योरम भनिन्छ । त्यो भनेको सेवा उत्पादन गर्न, वस्तु उत्पादन गर्न जुन उत्पादनको साधनहरू लाग्छन् तिनीहरूको सीमान्त उत्पादन, अर्थात श्रमिकको ज्याला, पुँजीको ब्याज, जग्गाको भाडा, ती सबैलाई गुणेर राख्ने हो भने आउटपुट मिलान हुन्छ भन्ने हो । नवशास्त्रीय विश्लेषणमा पनि, आधारभूत रुपमा के हो भने श्रमिकले पु¥याएको योगदान बराबरको ज्याला पाउने हो भने त्यहाँ शोषण भएन भन्ने नै हो ।

मार्क्सवादी विश्लेषण अनुसार आर्थिक प्रणाली जुन वर्गको हातमा हुन्छ, उसले आफूलाई सुहाउँदो अरु संरचना पनि निर्माण गर्छ । उसले सिङ्गो राजनीतिक, सामाजिक, धार्मिक, सांस्कृतिक, कानुनी, अदालत, स्कुल पाठशाला सबै आफ्नो वर्ग स्वार्थको लागि नियन्त्रण गरेको हुन्छ । जुन संरचनात्मक परिवर्तनका कुराहरू छन्, वास्तवमा त्यही संरचनालाई ध्वस्त गर्ने भन्ने कुरा हो । न्यायोचित ज्याला, सम्मानजनक काम मात्रै मुद्दा होइन, त्यो संरचनालाई भत्काउने पनि मुद्दा हो । जुन वातावरण छ, जुन अरु संरचनाहरू छन्, ती सधैं वाधक हुन्छन् । त्यसले गर्दा समग्र संरचनात्मक परिवर्तन पनि ट्रेड युनियनहरूको एउटा मुद्दा हुनुपर्छ ।

सम्पत्ति सम्बन्ध भूमि सम्बन्धमा आधारित गरेर वर्ग संरचनालाई हेर्ने एउटा मेथडोलोजी हो, औद्योगिक सम्बन्धका आधारमा, वस्तु तथा सेवा उत्पादनका आधारमा हेर्ने अर्को हो । 'कोसित कति उत्पादनका साधन छन्' भन्ने विषय वर्ग संरचना नाप्ने प्रमुख कडी रह्यो । उत्पादनका साधनमा भएको जुन वर्चस्व छ, जुन नियन्त्रण छ, त्यसको आधारमा वर्ग विश्लेषण गरिनुपर्छ । वर्ग संरचनाको विश्लेषण गर्ने अर्को पाटो श्रमिकहरूको लेखाजोखाबाट सुरु गर्ने हो । कृषि श्रमिकको अध्ययन गरेर उसले गर्ने काम, उसको श्रम सम्बन्धका विषयमा, ऊसित सम्पर्कमा भएका

जग्गाधनीहरूको सम्बन्धमा तलबाट माथि हेर्ने प्रक्रियाभन्दा माथिबाट तल हेर्ने गर्नुपर्ने हो कि ?

श्रम गर्ने थलोको परिवर्तनका विषयहरू छन् । कारखाना श्रमिकको चरित्रमा परिवर्तन भएको परिस्थिति छ । सीप र कामका प्रकृतिमा पनि विविधिकरण भइरहेको छ । त्यसले गर्दा पनि श्रमकेन्द्रित वर्ग संरचनाको अध्ययन गर्दा श्रमकेन्द्रित पहुँच लिनुपर्छ भन्ने मेरो भनाइ छ । श्रमिकबीचको विविधता बुझ्न पनि सजिलो हुने छ । श्रमिक भनेर सोलोडोलो एउटा पाटोमा बुझ्ने भन्दा श्रमिकभित्रको विविधता र शोषणका प्रक्रिया, अरु सामाजिक-आर्थिक कुराहरूको प्रक्रियाहरूमा अलि गहिरिएर बुझ्न सकिन्छ कि भन्ने पनि हो । हामीले श्रमिक वर्गलाई बाँड्यौं भने, कृषि श्रमिक, औद्योगिक श्रमिकमा, औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिकमै पनि विभिन्न उपवर्गहरू हुनसक्छन् । होटेल रेष्टुराँका श्रमिकहरू, पसल श्रमिकहरू, निर्माण श्रमिक, यातायात श्रमिक, भरिया श्रमिकलाई "क्वान्टिफिकेसन" गर्न पनि छिटै सकिन्छ । श्रम क्षेत्रमा नयाँ आयामहरू थपिएका छन् । स्वरोजगार श्रमिकको जुन पाटो छ, ह्वात्तै बढेर गइरहेको छ ।

काठमाडौंमा मात्रै काम गर्ने श्रमिकहरूलाई हेर्ने हो भने ७५-८० प्रतिशत अनौपचारिक क्षेत्रमा छन् । आम रुपमा घरेलु कामदारको सङ्ख्या पनि ठूलो छ । प्रवासी श्रमिकहरूको सङ्ख्या व्हात्तै बढेको छ । भारतमा मात्रै १५ देखि २० लाख सिजनल श्रमिकहरू काम गर्छन् । तेस्रो मुलुकमा काम गर्न जाने श्रमिकहरू १०/१२ लाखको सङ्ख्यामा छन् । त्यस्तै, सुरक्षा श्रमिकको सङ्ख्या बढेर आयो । सिङ्गो नेपालभरि सङ्गठित सुरक्षा व्यवसायमा संलग्न श्रमिकहरूको सङ्ख्या दुई/अढाई लाखको हाराहारीमा हुनुपर्छ । श्वेतपोश श्रमिकहरूको पाटोबाट हामी माथि उक्लिनु पर्‍यो । कोसित रोजगारको सम्बन्ध छ, स्रोत साधनको पहुँचको हिसाबले, शोषणको हिसाबले रोजगार दिनेको चरित्र कस्तो छ, भन्नेमा प्रकृयागत ढङ्गले जानुपर्छ ।

> *कारखाना श्रमिकको चरित्रमा परिवर्तन भएको परिस्थिति छ । सीप र कामका प्रकृतिमा पनि विविधिकरण भइरहेको छ । त्यसले गर्दा पनि श्रमकेन्द्रित वर्ग संरचनाको अध्ययन गर्दा श्रमकेन्द्रित पहुँच लिनुपर्छ*

एकदुईवटा उदाहरण हेरौं - हालसालै राष्ट्रिय श्रम प्रतिष्ठानबाट हामीले रिक्सा श्रमिकबारे अध्ययन गर्न खोजेका छौं । नेपालभरि रिक्सा धनी मेरो अन्दाजमा २० देखि ३० हजार छन् । रिक्सा चालकको सङ्ख्या झण्डै १ लाखको हाराहारीमा छ । स्वरोजगार रोजगारीको स्थिति के हो भने रिक्साचालकहरू स्वरोजगार हुन् । रिक्सा कसैको हुन्छ, उसले बहालको आधारमा रिक्सा चलाउँछ । रिक्सा चलाएर ज्याला आर्जन गर्छ, तर उसले कति भाडा लिन पाउने भन्ने चाहिँ नियन्त्रित हुन्छ । नगरपालिकाले तोक्छ- फलानो चोकदेखि फलानो चोक गएको यति पैसा; यहाँदेखि त्यहाँसम्म ५ रुपैयाँ, १० रुपैयाँ भनेर नियन्त्रण गर्छ । तर रिक्सा मालिकले लिने बहाल अनियन्त्रित छ । कसैलाई मतलब हुँदैन- उसले दिनको २५ रुपैयाँ लिन्छ कि, ३५ रुपैयाँ लिन्छ कि ५० रुपैयाँ लिन्छ । रिक्सा चालकको विरुद्धमा हाम्रो निर्णयहरू हुने, उसले आर्जन गर्न खोज्ने कुरालाई नियन्त्रित गर्ने, तर रिक्सा बहालमा लगाउने मान्छेको पक्षमा सधैं निर्णय गर्ने ? र रिक्सा किन्नलाई चाहिने स्रोत साधनहरू बैंकबाट लिने व्यवस्था ऊसित हुने, त्यसको निम्ति ब्याज हुने, उसले अनियन्त्रित रिक्सा बहाल उठाउन पाउने, त्यसको निम्ति कुनै पनि नियन्त्रणको संयन्त्र नहुने ! रिक्सा चालक श्रमिकको निम्ति चाहिँ सबै तिर नियन्त्रण गर्ने संयन्त्र- लाइसेन्स लिनुपर्ने, यसो गर्नुपर्ने, उसो गर्नुपर्ने । काठमाडौंमा १२ देखि १५ हजार ट्याक्सी चालकहरूको रोजगारदाता र रोजगारीको सम्बन्ध हेर्नुभयो भने त्यस्तै देखिन्छ । श्रमिक भनेर भन्दा सजिलो छ, तर श्रमिकभित्रको तानाबाना फरक छ - दैनिक ज्यालादारीमा काम गर्नेदेखि पिस रेटमा काम गर्ने, उत्पादन साधन बहालमा लिएर चलाउनेसम्म छन् । त्यसले गर्दा हाम्रो अध्ययनका विधिलाई सिङ्गै श्रमिक भनेर लिने हो भने त्यो बोधो हुन्छ, त्यसले सबै समस्याहरूलाई राम्ररी उजागर गर्न सक्दैन । नेपालभरिमा इंटा भट्टाको सङ्ख्या ५–६ सयको हाराहारीमा छ र श्रमिकहरूको सङ्ख्या झण्डै ३ देखि ४ लाखको हाराहारीमा छ । सबै इंटा भट्टाको रोजगारी मौसमी छ । ज्याला पिस रेटमा छ । वर्षको ५-६ महिना गाउँघरबाट आएर इंटा भट्टामा बसेर काम गर्दा १ हजार इंटा पाऱ्यो भने ३ सय रुपैयाँ पाउने, अढाई सय रुपैयाँ पाउने, १

हजार इंटा बोक्यो भने डेढ सय रुपैयाँ पाउने भन्ने छ। सिङ्गै परिवार काम गर्छन्। इंटा भट्टावालालाई एउटा वर्ग भनेर राख्यौं र श्रमिकलाई अर्को बनाएर राख्यौं भने त्यो सम्बन्धका दायरा र प्रक्रियाहरू कस्ता छन्, शोषणका माध्यमहरू कहाँ कहाँ छन् भनेर हेर्नुपर्छ।

अब अरु तीनवटा विषयमा चर्चा गरौं - एउटा विषय वर्ग रुपान्तरणको कुरा हो। नेपालको सन्दर्भमा तीनचारवटा कुरा वर्ग रुपान्तरणमा हावी भएको देखिन्छ। एउटा, राज्यको स्रोत साधनको उपयोग र दुरुपयोग गरेर वर्ग रुपान्तरण हुने प्रक्रिया नेपालमा व्यापक छ। राज्यको स्रोत साधनको उपयोग र दुरुपयोग गर्ने अथवा वित्तीय संस्थामा पहुँच पुऱ्याएर वर्ग रुपान्तरण हुने चाहिँ प्रायः निम्न मध्यम अथवा मध्यम वर्ग हो। सबभन्दा तलको वर्गको यी कुराहरूमा पहुँच छैन, तसर्थ त्यो वर्ग स्थिर छ। अर्को, खासगरी जग्गाको मूल्यमा परिवर्तन भएर पनि वर्गमा रुपान्तरण भएको देखिन्छ। वैदेशिक अवसरको उपयोग गरेर पनि रुपान्तरण भएको प्रायः देखिन्छ। तेस्रो मुलुकमा आप्रवासी श्रमिकहरूको जुन प्रवाह छ, यसले पनि वर्ग रुपान्तरणमा ठूलो प्रभाव पारिराखेको छ। स्वामित्वको रुपान्तरण पनि गहन विषय छ। जुन किसिमले जग्गाको स्वामित्व एकजनामा अथवा फ्याक्टरीको स्वामित्व एकजनामा अथवा बैंकको स्वामित्व एकजनामा भन्ने थियो ती कुराहरूमा अहिले व्यापक परिवर्तन आइरहेको छ। समूह स्वामित्वको कुराहरू आइराखेका छन्। सेयरको आधारमा स्वामित्वको कुराहरू आइराखेका छन्। एउटा फ्याक्टरी एउटा व्यक्तिले स्वामित्वमा राख्न सक्दैन, सबै सेयर होल्डरहरूले राख्छन्। वैदेशिक लगानीको कुरा आएको छ। संस्थागत स्वामित्व र सहकारीको कुरा आएको छ। यसले गर्दा वर्ग विश्लेषणलाई गतिशील प्रक्रिया बनाउनुपर्छ भन्ने मैले बुझें। किनभने, स्वामित्वको रूपमा नै परिवर्तन आएको छ।



# विश्वव्यापीकरणको सन्दर्भमा मार्क्सको "थ्योरी अफ अलाइनेसन"को संक्षिप्त विश्लेषण

- डा. गोविन्द नेपाल

थ्योरी अफ अलाइनेसनबारे अलिकति चर्चा गर्नु पर्दा सबभन्दा पहिलो समस्या यसको नेपाली रुपान्तरणमा भयो । सारअनुसार यसको शीर्षक के हुन सक्छ भनेर मैले पराइकरणको सिद्धान्त भनें । शीर्षकको क्रममा कसैले 'अलगाव'को सिद्धान्त भन्ने चलनचल्तीमा रहेको भने कसैले 'पृथकीकरण'को सिद्धान्त भने । त्यस्तै 'नियन्त्रण भङ्गता'को सिद्धान्त वा 'विच्छेदीकरण'को सिद्धान्त पनि भनेका छन् ।

विश्वव्यापीकरणको सन्दर्भमा पराइकरणको सिद्धान्त भन्नाले के देखियो भने श्रमिकको श्रममाथिको नियन्त्रण चाहिँ गुम्ने र त्यो श्रमिकले आफ्नो श्रम गरेर जुन तयार गरेको वस्तु छ त्यो वस्तु स्वयं श्रमिकको विरुद्धमा उत्रने, अथवा श्रमिकको शोषण गर्ने जुन स्थिति छ, त्यो कुरालाई अलाइनेसन (पराइकरण) भन्ने शब्दले जनाउँदो रहेछ । अर्थात्, श्रमिकले अरुको उत्पादनका साधनहरू प्रयोग गरेर जुन वस्तु उत्पादन गर्छ, त्यो वस्तुमाथि अधिकार चाहिँ त्यो उत्पादनका साधनको स्वामीको हुन्छ । श्रमिकले आफ्नो श्रम प्रयोग गरेर अरु उत्पादनका साधन बनायो भने त्यसले फेरि त्यो श्रमिकको शोषण गर्छ । त्यसरी आफूले बनाएको चिज आफै विरुद्ध उत्रने स्थिति त्यो वस्तुले आफैलाई शोषण गर्ने स्थिति हो । जस्तो, मेसिन बनायो, त्यही मेसिनले भोलि रोजगारीमा आफूसँग प्रतिस्पर्धा गर्छ । मेसिनले आफैलाई विस्थापन गर्न सक्छ । खासगरेर श्रमद्वारा निर्मित वस्तुमाथि श्रमिकको नियन्त्रण जब गुम्छ त्यसले यो वर्ग उत्पत्ति र वर्ग विभाजनलाई तीव्रता दिने गर्छ । यस सम्बन्धमा मार्क्सले "इकानोमिक एण्ड फिलोसोफिक मनुस्क्रीप्ट" भनेर १८८४ मा अलाइनेसनको चारवटा पक्षको बारेमा चर्चा गरेको भेटिन्छ । ती पक्ष हुन्- श्रमिकबाट श्रमजन्य वस्तुको पराइकरण अथवा उत्पादन गरेर त्यो वस्तु ऊबाट टाढा रह्यो, उत्पादन प्रक्रियामा श्रमिकको नियन्त्रण नहुनु, आफ्नो मानव मित्रहरूबाट श्रमिक टाढा हुनु र मानवीय प्रकृतिबाट श्रमिक टाढा हुनु । त्यस क्रममा सबभन्दा पहिला बुझ्नुपर्ने कुरा मानवीय श्रमको प्रकृति तथा पशु श्रम

> *बाँच्नको निम्ति पशु र मान्छे दुबैले श्रम गर्ने प्रक्रिया त छदैछ तर फरक के हो भन्दा मावनीय श्रम चेतनायुक्त हुन्छ भने पशुको श्रम चाहिँ चेतनायुक्त हुँदैन ।*

प्रकृतिमा के भिन्नता छ भनेर हेर्नु हो । काम गर्नु, प्रकृतिले मानवलाई अस्तित्वको लागि लादेको एउटा सर्त हो । काम नगरिकन मानिस बाँच्न सक्दैन । त्यसो हुनाले काम गर्नु, प्राकृतिक स्रोत-साधनहरूबाट वस्तु तथा सेवाहरूको निर्माण गर्नु मानव अस्तित्वको निम्ति आवश्यक छ । बाँच्नको निम्ति पशु र मान्छे दुबैले श्रम गर्ने प्रक्रिया त छदैछ तर फरक के हो भन्दा मावनीय श्रम चेतनायुक्त हुन्छ भने पशुको श्रम चाहिँ चेतनायुक्त हुँदैन ।

चेतनायुक्त र चेतनाहीनको अवस्थालाई कसरी चित्रण गरिएको छ भन्दा मान्छेले कुनै पनि चिज बनाउनु अगाडि त्यसको स्वरुपको बारेमा परिकल्पना गर्छ र त्यस अनुसार बनाउँदै जान्छ भने पशुले चाहिँ बनाउँदै गएपछि स्वरुप बन्छ । पहिले नै कुनै कल्पना गरेर कुनै एउटा स्वरुपको चित्र राखेर बनाएको हुँदैन । त्यसले गर्दा चेतनायुक्त र चेतनाहीन कामको प्रकृतिमा फरक छ । दोस्रो कुरा, मान्छेले पहिलाको अनुभवबाट सिक्दै आफ्नो कामलाई अलिकति उच्च स्तरमा लैजान्छ । उसले हिजोको सफलतामा टेक्दै नयाँ नयाँ आविष्कारहरू गर्दै जान्छ । कुनै पनि कामलाई छिटो र कम समय दिएर, कम स्रोत र साधन प्रयोग गरी बढी गुणयुक्त वस्तु तथा सेवा उत्पादन गर्ने कुरा सिक्दै जान्छ । पशुमा त्यो सिक्ने प्रक्रिया हुँदैन । यसरी मानवीय श्रम र पशुश्रमको बीचमा भिन्नता छ ।

श्रमजन्य वस्तुबाट श्रमिक पराइकरणमा, आफैले बनाएको वस्तुमा आफ्नो नियन्त्रण गुम्ने तर त्यसमाथि पुँजीपतिको नियन्त्रण हुने प्रक्रियाले क्रमशः वर्ग बन्दै जान्छ । आय निर्माणमा उसको जति योगदान छ, त्यो अनुसारको हिस्सा श्रमिकले भन्दा बढी अर्कोले हडप्दै जान्छ । त्यसले गर्दा उसको वस्तुमाथि आफ्नै सिर्जनामाथि नियन्त्रण गुम्छ र साधन पुँजीपतिको हुँदै जान्छ । यसले के देखाउँछ भन्दा कुनैपनि वस्तु बनाउँदा उसले सिर्जनात्मक प्रतिभा प्रयोग गर्छ, आफ्नो मेहेनत प्रयोग गर्छ, तर त्यसको सट्टामा उसले जीवन निर्वाहको निम्ति आवश्यक वस्तुहरू मात्र किन्ने

पैसा पाउँछ । यसरी त्यो पैसाले श्रमिकलाई आफ्नो सिर्जनासँग, ऊद्वारा सिर्जित वस्तुसँग सम्बन्ध विच्छेद गराइरहेको हुन्छ । एक ठाउँमा राम्रोसँग भनिएको छ- सबैलाई आफ्ना चिजहरूसँग छुट्याउने एउटा तत्व पैसा हो । पैसाले गर्दा श्रमिक आफ्नो सिर्जनासँग छुट्यो । कतिपय मानिसहरू पैसाकै कारणले गर्दा आफ्ना नाता सम्बन्धहरूसँग, साथी इष्टमित्रहरूसँग टाढा रहेका छन् । मान्छे व्यक्तिवादी भइरहेको छ । करिअरको नाममा परिवारसँग पनि टाढा छ । श्रमिकले पैसा लिन्छ तर त्यो पैसाले फेरि त्यस्तै किसिमको आफ्नो सिर्जनात्मक वस्तु खरिद गर्न सक्दैन । उसले खाली त्यो बाँच्ने, लाउने, खाने वस्तु मात्रै खरिद गर्न सक्छ । पुँजीवादमा श्रमिकले जति वस्तु उत्पादन गर्दै जान्छ त्यति त्यति उसले आफूलाई सस्तो वस्तुमा परिणत गर्दै जान्छ । तर धनी हुँदै जाने पुँजीपतिको भने वार्गेनिङ पावर बढ्दै जान्छ र उसलाई शोषण गर्दै जान्छ ।

श्रमजन्य वस्तुबाट श्रमिकको पराइकरणलाई यसरी व्याख्या गरिएको छ । उत्पादन प्रक्रियाबाट श्रमिकको पराइकरण हुन्छ । पहिला, प्रारम्भिक कालमा कुन वस्तु कसरी उत्पादन गर्ने, त्यसको उत्पादन प्रक्रिया के हो भन्ने कुरा श्रमिकको नियन्त्रणमा थियो । सानो स्केलको हुँदा त्यो यसरी गर्छु, यो त्यसरी गर्छु भनेर श्रमिकले निर्धारण गर्थ्यो भने अब पुँजीवादमा आउँदा त्यो प्रक्रियाको निर्धारण पुँजीपतिले गर्ने भयो । पुँजीपतिले निर्धारण गरेको प्रक्रियाभित्र अब उसले काम गर्ने हो । उसले जे जसरी काम गर्ने भन्छ त्यो अनुसार श्रमिकले काम गर्नुपर्छ । त्यसमा यस्तो गर्छु, उस्तो गर्छु, यसरी जान्छु, यो गर्दिन भन्ने स्वतन्त्रता श्रमिकलाई छैन । त्यसले गर्दा उत्पादन प्रक्रियामा पुँजीपतिको पूर्णतः नियन्त्रण हुन्छ, श्रमिकको हुँदैन । त्यसो हुनाले उत्पादन प्रक्रियामा श्रमिकको नियन्त्रण नभइसकेपछि उसले एउटा मेसिनको रुपमा काम गरेको अनुभूति गर्छ । त्यहाँ सिर्जनात्मक रुपमा काम गर्न उसलाई जाँगर हुँदैन । किनभने उसले बाध्यतामा काम गरिरहेको छ, अर्काले तोकेको अवस्था र तोकेको प्रक्रियामा काम गरिरहेको हुन्छ ।

*मेसिनजस्तो गरी काम गर्दा चेतना र सिर्जनाको प्रयोग हुने ठाउँ नभइसकेपछि अब मान्छे र मेसिन उस्तै उस्तै भएर काम गर्नु पर्दा मानवीय प्रकृतिबाट पनि श्रमिक टाढा भयो ।*

"मित्रबाट श्रमिकको पराइकरण" भन्ने अर्को अवधारणा पनि छ। यो भित्र पुँजीपति र श्रमिक दुबैलाई लिइएको छ। जस्तो, पुँजीपतिसँग अलिकति मनमुटाव के हुन्छ भन्दा, उसले त शोषण गरिराखेको छ। त्यसले गर्दा त्यो मानव त हो, तर पनि श्रमिकवर्ग पुँजीपतिदेखि टाढा हुन्छ। यो त हामीले बुझिराखेकै कुरा भयो। दोस्रोमा के छ भन्दा, आफ्नै श्रमिक साथीहरूसँग पनि ऊ टाढा किन हुन्छ भने कामको लागि श्रमिक साथीहरूको बीचमा प्रतिस्पर्धा पर्छ । सबैलाई रोजगारी पुग्दैन, रोजगारीको लागि प्रतिस्पर्धा श्रमिकसँगै हुन्छ। श्रमिक-श्रमिक बीचको प्रतिस्पर्धालाई "सब्जेक्टिभ कम्पिटिसन" भनिन्छ र श्रमिक र पुँजीपतिको बीचको प्रतिस्पर्धीलाई "अब्जेक्टिभ कम्पिटिसन" भनेर परिभाषित गरिएको छ। श्रमिकको मानवीय प्रकृति भनेको उसले चेतनायुक्त हिसाबबाट काम गर्ने भन्ने हो । तर, मेसिनजस्तो गरी काम गर्दा चेतना र सिर्जनाको प्रयोग हुने ठाउँ नभइसकेपछि अब मान्छे र मेसिन उस्तै उस्तै भएर काम गर्नु पर्दा मानवीय प्रकृतिबाट पनि श्रमिक टाढा भयो। यहाँ युनियनको कुरा छैन, व्यक्तिगत श्रमिकको कुरा भइरहेको छ। तर श्रमिकले जति वस्तु उत्पादन गरेपनि, त्यसबाट सम्पत्तिको सिर्जना जति गरेपनि सम्पत्तिमाथि पुँजीपतिको हात हुने हुनाले उसको कुनै पनि अधिकार हुँदैन। बाध्यात्मक श्रममा श्रमिकको इच्छा, आकाङ्क्षा, चाख र क्षमता प्रतिविम्बित हुँदैन ।

"अलाइनेसन"को प्रभाव के होला त ? श्रमिकको चार वटा पक्षमा अर्थात् उसले उत्पादन गरेको वस्तुमाथि नियन्त्रणको अभाव भयो, उत्पादन प्रक्रियामा नियन्त्रणको अभाव भयो, श्रमिक आफ्नो मानव मित्रहरूसँग टाढा रह्यो, मानवीय प्रकृतिदेखि ऊ टाढा छ।

यो सिद्धान्तको तात्पर्य के हो त? सिर्जनशीलता र नवीनतम प्रयोगको कमी हुने भयो । दुई-चार वटा आविष्कार होला, तर अधिकांश फ्याक्ट्रीहरूमा उत्पादनको प्रक्रियामै सिर्जनशीलताको कमी हुने देखियो। श्रम गर्दा मान्छेले सन्तुष्टिको अभाव

महसुस गर्ने भयो । जसरी आफूले आफ्नो उत्पादनको साधन प्रयोग गरेर उत्पादन कार्यमा लाग्दा सकेसम्म राम्रो गरौं भनेर कोसिस गरेको हुन्छ, त्यसरी अर्काको काम गर्दा त्यो किसिमको सन्तुष्टिको अभाव रहन्छ । अलाइनेसनले गर्दा आर्थिक-सामाजिक असमानता देखिने भयो । किनभने, उसले बनाएको वस्तु अर्काले हडप्ने भइसकेपछि यसले आर्थिक-सामाजिक असमानता सिर्जना गर्ने भयो । शोषण भइसकेपछि त्यो शोषण गर्ने र शोषितको बीचको आर्थिक-सामाजिक असमानताको दर आउने नै भयो ।

"सम्पन्नता बीचको गरिबी" भन्ने एउटा अवधारणा छ । त्यो पनि देखिने भयो । प्रशस्त मात्रामा उत्पादनहरू भइराखेको छ, उत्पादकहरूको त्यसमा नियन्त्रण छैन, उत्पादकहरू ती वस्तु तथा सेवाहरूको प्रयोगबाट वञ्चित छन्, उनीहरू चाहिँ सडकमा छन् । यसरी सम्पन्नता बीच गरिबीको अवस्था सिर्जना हुन्छ र वर्ग, वर्ग सङ्घर्ष, द्वन्द्व र अशान्ति सिर्जना हुन्छ । जब जब श्रमिकले उत्पादन गरेको वस्तु यसरी पुँजीपतिहरूले हडपेर सम्पत्तिको सिर्जना गर्दै जान्छन्, उनीहरूको उत्पादनका साधनहरूको वृद्धि हुँदै जान्छ, फलस्वरुप उनीहरू बढी नाफा कमाउनको लागि लालायित हुँदै जान्छन् । यसले गर्दा वातावरण विनासको अवस्था आउँछ । यति मात्रै नभएर, मानवता पनि खतरा हुन्छ किनभने शोषणमा अडेको सामाजिक-आर्थिक सम्बन्धले मानवतामाथि खतरा उत्पन्न गर्छ । विश्वव्यापीकरणले विश्वको विभिन्न भागलाई जोडी दियो । अर्थात एक ठाउँबाट अर्को ठाउँमा सजिलैसँग पुँजी, प्रविधि, मानिसको प्रवाहका साथै सञ्चारको प्रवाह भइदियो । त्यसैगरी विश्वव्यापी सन्जाल र शक्तिको पुनर्विन्यास विश्वव्यापीकरणले ल्याइदियो । विश्वव्यापीकरणको अवस्थामा श्रमिकहरूको सम्बन्ध कस्तो हुन्छ, उत्पादनसम्बन्ध कस्तो हुन्छ भन्दा विश्वव्यापीकरणले अलाइनेसनको प्रक्रियालाई अझ बढी तीव्रता प्रदान गरेको छ भन्ने घटनाहरूले देखिन्छ । उदाहरणको लागि अहिले कुनै पनि वस्तुको विभिन्न पार्टपुर्जाहरूको उत्पादन विभिन्न ठाउँमा हुन्छ । विभिन्न ठाउँमा पार्टपुर्जा, विभिन्न

> *विश्वव्यापीकरणले विश्वको विभिन्न भागलाई जोडी दियो । अर्थात एक ठाउँबाट अर्को ठाउँमा सजिलैसँग पुँजी, प्रविधि, मानिसको प्रवाहका साथै सञ्चारको प्रवाह भइदियो ।*

चिप्सहरूको उत्पादन हुने हुनाले श्रमिकलाई आफूले के चिज उत्पादन गर्दैछु भन्ने पनि थाहा हुँदैन । त्यसैले आफ्नै सिर्जनाबाट श्रमिकहरू अलाइनेटेड छन् । उत्पादन प्रक्रियामा त उसको नियन्त्रण छँदैछैन । मेसिनको एउटा पार्टपुर्जाको रुपमा श्रमिक छ । अहिले उत्पादन एकदम सानो सानो प्रक्रिया, उपप्रक्रियाहरूमा बाँडिएको हुनाले श्रम विभाजनको डिग्री बढी भएको हुनाले श्रमिकहरू अझ बढी अलाइनेटेड हुँदै गइरहेको अवस्था छ ।

अर्को कुरा, अहिले विश्वव्यापीकरणको सन्दर्भमा पुँजी र प्रविधि बढी चलायमान भयो, तर त्यही हिसाबले श्रमिकहरू चलायमान छैनन् । श्रमिकहरू स्थिर, पुँजी र प्रविधि चाहिँ चलायमान । अब पुँजी र प्रविधि कहाँनेर अतिरिक्त बचत छ भन्दै खोज्दै चलायमान हुँदै छ । यदि जापानी श्रमिक महंगो भयो भने नेपाली श्रमिकले काम गर्दा त्यो अतिरिक्त बचत बढ्छ भने पुँजी चाहिँ नेपाल आउँछ । अझ कुनै 'पार्टस् आउटसोर्सिङ'को कुरा पनि आयो अब । अमेरिकामा कुनै चिज बनाउँदा महंगो पर्छ भने त्यो चिज भारतमा बनाउने भनेर आउटसोर्सिङ गर्ने भए । यसरी कहाँ कहाँ गएर कहाँ, कुन क्षेत्रका श्रमिकलाई कति शोषण गर्न सकिन्छ र आफ्नो नाफालाई अधिकतम पार्न सकिन्छ भन्ने क्रममा पुँजी दौडिरहेको हुन्छ । त्यही क्रममा विभिन्न ठाउँका श्रमिकको शोषण भइरहेको हुन्छ । यो प्रक्रिया पनि विश्वव्यापीकरणमा तीव्र छ ।

यसरी हेर्दा विश्वव्यापीकरणले अलाइनेसन गर्ने प्रक्रियालाई तीव्रता प्रदान गरेको देखिन्छ । विश्वव्यापीकरणको क्रममा अझ प्रतिस्पर्धा बढ्दैछ । उत्पादकहरूकै बीचमा पनि प्रतिस्पर्धा बढ्दै छ । यसो भएपछि उत्पादन लागत नघटाइकन उनीहरूले नाफा प्राप्त गर्न सक्ने कुरा भएन । त्यसको निम्ति उसले अब त्यो उत्पादन प्रक्रियामा कतिपय अवस्थामा श्रमलाई हटाएर त्यसको सट्टामा मेसिन प्रयोग गर्छ । त्यसले गर्दा श्रमिकको रोजगारी घट्छ । जसले मेसिन बनायो,

मेसिनले नै उसलाई विस्थापित गर्छ। हिजोको अवस्थामा मान्छेले साधनलाई प्रयोग गर्थ्यो भने अब मान्छेलाई साधनले प्रयोग गरिराखेको छ । साधनले मान्छेलाई विस्थापित गर्दैछ ।

विश्वव्यापीकरणले राष्ट्रिय स्वायत्तताको क्षयीकरण भइरहेको छ, राष्ट्रिय नीतिहरू बनाउँदा त्यसमा प्रभाव पर्छ । प्रत्यक्ष विदेशी लगानीको सन्दर्भमा नेपालको श्रम नीति लगानीकर्ताको हितमा छैन, त्यसलाई बदल्नुपर्छ भनेर अन्तर्राष्ट्रिय लगानीकर्ताहरूको गुनासो छ । यसरी राष्ट्रिय रुपमा पनि श्रमिकहरूको हितको रक्षा गर्न गाह्रो भइरहेको छ । श्रमिक वर्गको हितको प्रतिनिधित्व गर्नको निम्ति युनियनीकरण नै प्रमुख बाटो हो । जुन जारी पनि छ र अझ "एक युनियन"को अवधारणा समेत अगाडि बढिरहेको छ ।
भर्खर विकसित हुँदै गएको प्रवृत्ति भनेको जनस्तरको विश्वव्यापीकरण हो। राज्यको स्तरबाट भएका विश्वव्यापीकरणले माथिबाट तल शोषण गर्न सक्ने संभावना भयो भने जनताको स्तरबाट त्यसलाई चुनौती दिएर जान सक्छ। तर, अबको सङ्घर्ष एकपक्षीय मात्रै छैन। उत्पादन पनि बढाउने र श्रमिकको पारिश्रमिक र सुविधामा पनि वृद्धि गर्दै जानुपर्ने 'पुँजीपति र श्रमिकको प्रतिस्पर्धा' को चरणमा हामी छौं ।

सामाजिक रुपान्तरणको प्रक्रिया एउटा त औपचारिक क्षेत्रको रोजगारीको अंशमा वृद्धि हो । अहिले ठूलो सङ्ख्या अनौपचारिक क्षेत्रमा छ । त्यसमा सुरक्षाका कुराहरू भएन, त्यसले गर्दा औपचारिक क्षेत्रको रोजगारीमा श्रमिकहरूको बढी संलग्नतालाई जोड दिनु पर्‍यो । त्यसलाई औपचारिकीकरणमा लैजानुपर्ने भयो । कम्तीमा आइएलओका अन्तर्राष्ट्रिय श्रम मापदण्डहरूलाई लागू गर्न सकियो भने त्यसले रुपान्तरणको प्रक्रियालाई अगाडि बढाउँछ। त्यसैगरी अन्तर्राष्ट्रिय क्षेत्र तथा राष्ट्रिय श्रमनीति तर्जुमामा सहभागिताका कुरा छन्। यसमा सहभागिताका लागि निश्चित संस्थाहरूको निर्माणको आवश्यकता पर्दछ । व्यवसायमा साझेदारीको

> *श्रमिक वर्गको हितको प्रतिनिधित्व गर्नको निम्ति युनियनीकरण नै प्रमुख बाटो हो । जुन जारी पनि छ र अझ "एक युनियन"को अवधारणा समेत अगाडि बढिरहेको छ ।*

कुराहरू अलि अलि आउन थालेको छ । सामाजिक रुपान्तरणको प्रभाव के होला त, के मा देखिएला त ? श्रमिक वर्गको सामाजिक कार्यमा सहभागिता । अहिले हाम्रो स्थिति के भयो भन्दा तपाईं १८ घण्टा अर्काको काम गरिराख्नुभयो भने तपाईं त्यो सामाजिक कामहरू गर्न सक्नु हुन्न । त्यसो हुनाले रुपान्तरणको प्रक्रियामा आफूले गरेको श्रमको योगदान अनुसार आफूले प्रतिफल पाउन थालेपछि हामीसँग समयको बचत हुनसक्छ र त्यो समय हामीले सामाजिक कार्यमा लगाउन सक्छौं । व्यवसायमा श्रमिक वर्गको सहभागिता बढ्न सक्ला । श्रमिकहरूको सबलीकरण अर्थात ज्ञान, सीप, सूचना, चेतनामा अभिवृद्धि होला र मानवीयकरणको स्थिति देखिएला ।

एउटै बाटोबाट मात्र 'मध्यम वर्ग' बढिरहेको छैन ३८५
- डा. डिल्लीराज खनाल

वर्गको बारेमा अध्ययन गर्न हिजो हामीसँग शास्त्रीय विधि थियो ३८७
- प्रमेश हमाल

बिन्दा पाण्डे / कमल गौतम / बिना श्रेष्ठ / चूडामणि जंगाली / घनश्याम भुसाल / ईश्वर पोखरेल / केशव बडाल ३९१

# बहस । टिप्पणीहरू



# एउटै बाटोबाट मात्र 'मध्यम वर्ग' बढिरहेको छैन

- डा. डिल्लीराज खनाल

श्रम आन्दोलनसँग जोडिएको पक्ष भनेको वस्तु र मूल्यको अन्तरसम्बन्ध हो । यसलाई प्रभाव पार्ने मूल कारक तत्व चाहिँ उत्पादनका ढाँचाहरू र प्रणालीहरू हो । विभिन्न प्रकारका उत्पादन ढाँचा, त्यसको उत्पादनको सङ्गठनात्मक स्वरुप, र त्यो सङ्गठनात्मक स्वरुपले पुँजीपति र श्रमिक बीचको अन्तरसम्बन्धलाई, त्यसको वर्गीय स्वरुपलाई निर्धारण गर्छ । जुन स्थापित नियम र कानुनहरू छन् वा बन्ने गरेका कानुनहरू छन्, ती कानुनहरूसँगै जोडिएर बन्ने नीति नियमहरू छन्, तिनीहरूले त्यो सम्बन्धलाई कसरी प्रभाव पारिरहेका छन् र हाम्रो वर्गीय स्वरुपमा के कस्तो प्रभाव पारिरहेको छ भन्ने कुरालाई जोडेर हेर्नुपर्छ । अहिलेसम्म परम्परागत रुपमा जुन विश्लेषण आएका छन्, त्यसको आधारमा जस्ता मान्यता र दृष्टिकोण बनेका छन्, र निश्चित गरिएका जुन वर्ग विभाजनहरू छन्, तिनमा अहिले परिवर्तन आइरहेको छ ।

सामाजिक रुपान्तरण गर्दा हामीले लोककल्याणकारी राज्य व्यवस्थालाई सुनिश्चित गर्दै श्रमिक वर्गका हक-हित, अधिकारहरूलाई रक्षा गर्दै उनीहरूको हितमा त्यसलाई सम्मानजनक, लोककल्याणकारी परिपाटीमा अगाडि कसरी लान सकिन्छ भनेर थप छलफल र विश्लेषण गर्नुपर्ने स्थिति देखिएको छ । हाम्रा नीति नियम र त्यसले निर्माण गरेका संस्थाहरूमार्फत हाम्रो आन्दोलनलाई पुँजीवादी क्रान्तिको दिशामा कसरी लिएर जान सक्छौं भन्ने नै अहिलेको चुनौती हो भन्ने मलाई लाग्छ । उत्पादनका साधनहरू- जमिन, पुँजी, प्रविधि वा कच्चा पदार्थलाई कसरी व्यवहार गर्ने भन्ने कुरा अहिले पनि थप छलफल र बहसको विषय हो । आजै हामी यी विषयमा निष्कर्षमा पुग्न सक्दैनौं ।

विश्लेषणको आधार जमिन भन्यौं भने त्यसलाई सूक्ष्मरुपमा जमिन, जमिनभित्रको वितरण अथवा विभिन्न साना, सीमान्त किसान, मध्यम र ठूला किसानहरूमा

त्यसको वितरणको स्वरुप के छ हेर्नुपर्ने हुन्छ । त्यसका दुईवटा पाटा छन् । त्यसलाई साधनको रुपमा लिंदा (जस्तो कृषिकै कुरा गर्दा) हामी कृषि श्रमिकको कूल आयमा हिस्सा कति हो, अझ त्यसमा पनि आफै उत्पादन गर्ने कृषकहरूको आयको हिस्सा कति हो, ठूला किसान वा सामन्तको हिस्सा कति हो, भनेर हेर्दै अहिलेका औपचारिक वा अनौपचारिक नीतिनियमले वितरणमा के प्रभाव पारिरहेका छन् भन्ने हेर्नपर्ने हुन्छ। ९-१० वर्षकै बीचमा व्यापक मात्रामा कृषिमा सर्वहाराकरण भइरहेको छ । २००१ को जनगणनाले पनि २४-२५ प्रतिशत मान्छेहरू भूमिहीन छन् भन्ने कुरा स्थापित गरिरहेको छ । यसको अर्थ के हो भने एउटै बाटोबाट मात्र मध्यम वर्ग बढिरहेको छैन; माथिबाट-तलबाट दुबै हिसाबले बढिरहेको छ । हामीले अँगालेका नीतिहरूले पनि सीमान्तीकरण र सर्वहाराकरणको प्रक्रियालाई यो बीचमा बढाइरहेको छ ।

त्यस्तैगरी उद्योग र सेवा क्षेत्रको कुरालाई पनि उद्योगीहरू कति छन्, साना उद्योग, मझौला उद्योग कति, ठूला कति छन्, विदेशी कम्पनीहरू कति छन्, त्यसमा कस्ता कस्ता श्रमिकहरू छन्, उत्पादनको प्रक्रियामा उनीहरूको हिस्सा कति छ, अहिलेका परिवर्तित नीतिहरूले के प्रभाव पारिरहेका छन् भन्ने विश्लेषणको एउटा एकीकृत पाटो बनाउन सकिन्छ भन्ने लाग्छ । त्यो किन जरुरी छ भने हामीले चाहेको भन्दा फरक दिशामा अहिलेको वर्गीय संक्रमण अगाडि बढिरहेको छ। जुन ढङ्गले अहिलेको नवउदारवादले नियम, कानुनमा हस्तक्षेप गर्ने, तदनुरुप संस्था-संरचनाहरू बनाउने र मजदुर वर्गको हक हितलाई झन सीमान्तकृत गर्न धक्का दिइरहेको छ, त्यसलाई सँगै राखेर हामीले हेर्ने, विश्लेषण गर्ने र तदनुरुप आन्दोलनका स्वरुपहरूलाई, वर्ग सङ्घर्षका स्वरुपहरूलाई अगाडि बढाएर जानुपर्छ भन्ने लाग्छ । 'अलगाव'को प्रक्रिया विश्वव्यापीकरणको प्रक्रियासँगै जसरी बढेर गएको छ, त्यसलाई सच्याउनको निम्ति पनि हामीले यी दुईवटा पक्षहरूलाई सँगै राखेर गयौं भने ठीकै हुन्छ भन्ने लाग्छ ।



# वर्गको बारेमा अध्ययन गर्न हिजो हामीसँग शास्त्रीय विधि थियो

- प्रमेश हमाल

मार्क्सवाद समाजको परिवर्तन गर्ने, एउटा उत्पादन पद्धतिबाट अर्को पद्धतिमा लैजाने विज्ञान हो । त्यसलाई हामीले अहिलेको सन्दर्भमा रचनात्मक रुपले प्रयोग गर्नुपर्छ । मार्क्सले पुँजीवादको व्याख्या गर्दा श्रमकेन्द्रित विचारहरूलाई लिएर आउनु भएको हो । संसारमा कुनै चिजको बारेमा हामीले गम्भीरतापूर्वक अध्ययन गर्नुपर्छ भने त्यो श्रम हो- मानव श्रम, सिर्जनाको स्रोत । अहिलेको सम्पूर्ण विकासको, मानव सुखको योग मानवको सचेत श्रमको परिणाम हो । भवन, प्रविधिहरू, बहुराष्ट्रिय कम्पनी, स्याटलाइट, टेलिभिजन सबै मानवीय श्रमका परिणामहरू हुन् । मार्क्सले यही श्रमलाई कसरी प्रयोग गरेर, कसरी यसबाट मुनाफा लिएर, कसरी आर्जन गरेर पुँजीको निर्माण भयो, कसरी शोषण भयो, विभिन्न कालदेखिका उत्पादनमूलक सम्बन्धहरू, शोषणमूलक सम्बन्धहरूको विकास भयो, पुँजीवाद आयो भन्ने निरुपण गर्नुभएको हो । त्यसैले "थ्योरी अफ अलाइनेसन" मार्क्सको अत्यन्त महत्वपूर्ण योगदान हो ।

मान्छेले श्रम गर्छ र श्रम गरेर वस्तु उत्पादन गर्छ । मान्छेले श्रम गर्छ, श्रमको प्रक्रियामा लाग्छ । मान्छेले श्रम गर्छ, त्यो श्रमले एउटा सम्बन्ध कायम गर्छ । तर ती सबै कुराहरूसँग उसको सम्बन्ध विच्छेद हुन्छ । सम्बन्ध विच्छेद गरिन्छ, विच्छेद तुल्याइन्छ । यसलाई अघि अलगाव भनियो । यसलाई पराइकरण हैन, विच्छेदन पनि भन्न सकिन्छ- सम्बन्धको विच्छेदन वस्तुसँगको, मानवसँगको । मान्छेले गरेको श्रममाथि, बनाएको वस्तुमाथि स्वामित्वलाई खत्तम बनाउने कुरा, जुन उत्पादनको प्रक्रियामा लागेको छ, त्यो प्रक्रियाबाट अलग बनाउने कुरा, जुन वस्तु उत्पादन गर्नको निम्ति उत्पादक शक्तिहरूको बीचमा उसको शक्ति कायम भएको थियो, त्यो सम्बन्धलाई विस्थापित गर्ने कुरा । यो अत्यन्त गम्भीर विषय हो, त्यसैले अलाइनेसनबारेमा अलिकति गम्भीरतापूर्वक अध्ययन गर्नुपर्छ भन्ने मलाई लागेको छ ।

एकदिन म टेलिभिजनमा समाचार हेर्दै थिएँ । घटना राजस्थानको हो । राजस्थानमा कतिपय अस्पतालहरूमा अहिले बच्चा उत्पादन गर्ने काम गरिन्छ । महिलाहरूलाई किनिन्छ, उनीहरूको स्वास्थ्य परीक्षण गरिन्छ र त्यसपछि कुनै जोडीहरूको भ्रुणलाई उनको पाठेघरमा प्रत्यारोपण गरिन्छ, । त्यसपछि १० महिनासम्म डाक्टरहरूको रेखदेखमा अत्यन्त सुविस्ताका साथ राखिन्छ । त्यसपछि बच्चा जन्मिन्छ, त्यो महिलालाई केही खुराकी दिएर उनले ९ महिना गरेको जुन सेवा छ त्यो सेवावापत खास पारिश्रमिक दिएर पठाइन्छ । बच्चा भने छुट्टै आमाबाबुलाई दिएर पठाइन्छ । मानवीय इतिहासमा वस्तुमाथिको यो भन्दा खतरनाक “अलाइनेसन” के हुनसक्छ? अहिलेको विश्वव्यापीकरणको प्रक्रियाले यो कुरा जनाएको छ । अलाइनेसन भनेको मानवोचित जीवन निर्वाह गर्ने स्थितिबाट पनि वञ्चित हुनु हो ।

जुन बेला मार्क्सले पुँजीको थेसिसलाई अगाडि लिएर आउँदै हुनुहुन्थ्यो, त्यो बेलाको भन्दा अहिले स्थिति बिल्कुल फरक भइसकेको छ । उहाँले श्रमको जुन किसिमको अवस्था देख्नुभएको थियो, त्यो भन्दा खतरनाक अवस्था अहिलेको विश्वव्यापीकरणले लिएर आएको छ । स्वीडेन जस्तो कल्याणकारी राज्यमा पनि विश्वव्यापीकरणले कस्तो किसिमको असर दियो भने त्यहाँको पुँजी आउटसोर्सिङ हुने, अनि उनीहरूले हिजो उपभोग गरिरहेको मानवोचित सुविधाहरूबाट वञ्चित हुने प्रक्रियाहरू सुरु भयो । श्रमिकहरूको आफ्नो श्रममाथि जुन अधिकार र नियन्त्रण थियो त्यो पनि क्रमिक रुपमा गुमाउँदै गइरहेका छन् । अहिले प्रत्यक्ष विदेशी लगानीको हिसाबले चीन सम्भवतः संसारको १ नम्बर नै हो कि जस्तो लाग्छ । हामी एउटा अध्ययनको सिलसिलामा त्यहाँ पुगेका थियौं । अत्यन्त भव्य अफिसमा जाँदा हामीले त्यहाँको डेपुटी डाइरेक्टरले गरेको व्यवहारलाई दुर्व्यवहार नै सम्झ्यौं । हामीसँग उनले हात पनि मिलाउन चाहेनन् । त्यस्तै, एउटा ६० तले भवनको कुनै कन्फरेन्स रुममा हाम्रो मिटिङ राखिएको थियो । हिरा जुहारातले झकिझकाउ भएको महिला उपस्थित थिइन् । उनले हामीसँग हात मिलाउने कष्ट पनि गरिनन् । त्यही देशमा अहिले

> *हिजोको श्रमनीति, राष्ट्रिय उत्पादनका संरक्षणका नीतिहरू, हिजो कामदार वर्गलाई दिने अनुदानहरू, कामदार वर्गलाई पक्षपोषण गर्ने कुराहरू अहिले क्रमिक रुपमा कमजोर बनाइएका छन् ।*

प्रत्यक्ष विदेशी लगानी अत्यन्त तीव्र गतिले विकास भएको छ । अहिले अलगावको कुरा गर्दा भन्नैपर्छ, त्यहाँको लगानीले त्यहाँकै श्रमलाई अत्यन्त थोरै पारिश्रमिकमा किन्छ । यही कारण चीनले संसारको अर्थव्यवस्थामा आफ्नो वर्चस्व कायम गरेको होला । त्यो वर्चस्व कायम गर्नको निम्ति प्रत्यक्ष विदेशी लगानी चीनको बाटो हुँदै गएको छ । र, यो प्रक्रियालाई अहिले राष्ट्रिय नीतिहरूले तोड्न सकेका छैनन् । हिजोको श्रमनीति, राष्ट्रिय उत्पादनका संरक्षणका नीतिहरू, हिजो कामदार वर्गलाई दिने अनुदानहरू, कामदार वर्गलाई पक्षपोषण गर्ने कुराहरू अहिले क्रमिक रुपमा कमजोर बनाइएका छन् । विश्वव्यापीकरणले यस्ता किसिमका नकारात्मक प्रभावहरू पारेको छ । यो वस्तुमाथिको सम्बन्ध विच्छेद, प्रक्रियामाथिको सम्बन्ध विच्छेद, त्यसपछि आएर उत्पादनको साधनमाथिको सम्बन्ध विच्छेद र मानवोचित व्यवहार गर्ने, मानवोचित जीवन निर्वाह गर्ने स्थितिबाट विच्छेदिकरण हुँदै गएको यो श्रमलाई कसरी एउटा सशक्त आमूल परिवर्तनकारी बनाउने? कसरी रुपान्तरणको तहमा पुऱ्याउने? यो विषय अहिलेको यो सत्रमा नै टुङ्गिने विषय पनि होइन । यसलाई गम्भीरतापूर्वक ट्रेड युनियनले अगाडि लैजान्छ भन्ने मलाई विश्वास छ ।

वर्गको बारेमा अध्ययन गर्ने हिजो हामीसँग शास्त्रीय विधि थियो र मार्क्सले सजिलो बनाइदिनु भएको थियो । किनभने त्यो बेला तीव्र अन्तरविरोध पनि थियो । श्रममाथिको शोषणको आधार र उत्पादनका साधनमाथिको स्वामित्वको आधार नै वर्ग विश्लेषण अथवा वर्ग निर्माणको सजिलो प्रक्रियाको रूपमा उहाँले उल्लेख गर्नुभएको थियो । अहिले पुँजीवादी क्षेत्रका अथवा पुँजीवाद र समाजवादमा मध्यस्थ भएर काम गर्ने सामाजिक जनवादीहरू अथवा समाजवादीहरूले पनि यसमा केही योगदान गरिसकेका छन् । यही योगदानमा हामीले विधिहरूमा केही थप्नुपर्ने हो कि भन्ने लाग्छ । त्यसमा एउटा हाम्रो तरिका छ, सम्पत्तिको हिसाबले, लगानीको हिसाबले अहिले धेरै बहुराष्ट्रिय कम्पनीहरू छन्, कर्पोरेट कम्पनीहरू छन्, त्यसको हामीले कसरी मूल्याङ्कन गर्ने, त्यो एउटा पक्ष छ । त्यसलाई हामी बेवास्ता गर्न

सक्दैनौं। किनकि त्यो शोषणको मूल कुरा हो। त्यसपछि उत्पादनको प्रक्रियामा लाग्ने श्रमिकहरू छन्, अहिले श्रमिकहरू एकै प्रकारका छैनन्। औपचारिक, अनौपचारिक क्षेत्रका श्रमिकहरू, पेशागतहरू पनि, बौद्धिक श्रमगर्नेहरू पनि छन्, उनीहरूका विभिन्न स्तरहरू छन्, कसरी व्याख्या गर्ने ? दोस्रो, श्रमको उपयोगिताको हिसाबले। तेस्रो, उपभोगको ढाँचाबाट श्रमको उपयोगिताको हिसाबले जाँदा आयको हिसाबमा पनि जान सक्छौं। त्यो लगानीबाट प्राप्त हुने, विभिन्न किसिमका साधनहरूबाट प्राप्त हुने र अरु विविध किसिमका आयहरूको आधारमा पनि।

अहिले माओवादीका नेताहरू मन्त्री बनेका छन्। उनीहरू सर्वहाराकृत भए कि भएनन्। उनीहरूको वर्ग अब सर्वहारा रह्यो कि रहेन ? साधनमाथि उनीहरू कस्तो किसिमको हस्तक्षेप गर्छन्, कस्तो जीवन शैली छ, त्यो पनि उपभोगका ढाँचाबाट हामी अध्ययन गर्न सक्छौं कि भन्ने लाग्छ। वर्गको बारेमा विश्लेषण गर्ने जुन स्थापित कुरा छन्, मानव विकास सूचकांकबाट पनि हामी वर्गहरूका बारेमा अन्दाज लगाउन सक्छौं। त्यस्तै किसिमले सशक्तीकरणको सूचकाङ्कबाट पनि अध्ययन गर्नुपर्ने हो कि। त्यसपछि विभिन्न स्रोत र साधनमाथिको पहुँच, राज्यमाथिको पहुँचको हिसाबले पनि हेर्नुपर्ने हो कि। यी कुराहरूको आधारमा हामीले वर्गहरूको विश्लेषणको प्रयत्न गऱ्यौं भने त्यसले अलि मद्दत गर्छ कि जस्तो लाग्छ। अहिले जुन किसिमको विश्वव्यापी रुपमा रहेको बजार, विश्वव्यापी रुपमा रहेको श्रमको पहुँच छ, त्यसमा हामीले पनि केही गर्न सक्छौं कि, केही गरिरहेका छौं कि, त्यसको बारेमा केही अध्ययन होस् भन्ने चाहन्छु। समग्रमा वर्ग विश्लेषण गर्न सक्यौं भने, हाम्रो शत्रु को हो, मित्र को हो, हामी कसरी आन्दोलनमा अगाडि बढ्ने, कसरी मजदुर आन्दोलनलाई एकीकृत गर्ने, मजदुर आन्दोलनलाई राजनीतिक आन्दोलनसँग कसरी जोड्ने, कसरी आधारभूत रुपमा परिवर्तन गर्ने, कसरी राज्यमा हाम्रो पहुँच पुऱ्याउने भन्ने कुराहरूमा हामी अगाडि बढ्न सकौंला भन्ने लाग्छ। यी कुरामा ट्रेड युनियनले निश्चित रुपमा वैचारिक र सांगठनिक रुपमा आफूलाई उन्नत बनाउँदै जानेछ भन्ने विश्वासका साथ मेरो टिप्पणी यहीं रोक्न चाहन्छु।

**बिन्दा पाण्डे**



वर्ग संरचनाको कुरामा हामीले छलफल गरिराखेका छौं । जिफन्टको सन्दर्भमा भन्दा हामीले यो भन्दा पहिलाको महाधिवेशनदेखि वर्ग प्लस तीन भनेर त्यसलाई राखेका थियौं । यसबारेमा विस्तृत रूपमा जानुपर्ने अझै आवश्यकता छ । श्रमिकहरूले नियन्त्रित गरेको ट्रेड युनियन आन्दोलनको कुरा गरिराख्दा कुन क्षेत्रमा सबभन्दा बढी श्रमजीवी वर्ग छन् र ती श्रमजीवीहरूमा हाम्रो ट्रेड युनियन आन्दोलनको पहुँच के छ भन्ने हिसाबले पनि सोच्नुपर्छ भन्ने लाग्छ । पार्टीको सन्दर्भमा सोच्दा यो सही समय हुन सक्छ; अर्को साल एमालेले महाधिवेशन गर्दै छ । विशेषज्ञहरूको एउटा छुट्टै टिम बनाएर अहिलेको आवश्यकता अनुसार वर्ग विश्लेषण गर्ने हो भने हाम्रो पार्टीमा श्रमजीवी वर्ग वा कुन वर्गको सबैभन्दा पहुँच छ, बुझ्न यसले सहयोग पुग्छ जस्तो लाग्छ ।

हामीले चाहेर वा नचाहेर “जातिभित्र वर्ग खोज्ने” भन्दाभन्दै पनि “वर्गभित्र कुन क्षेत्र वा कुन जाति”को बढी पहुँच छ, कसको संलग्नता बढी छ, लैंगिक दृष्टिकोणबाट कति सन्तुलित/असन्तुलित छ छलफल गर्नैपर्ने अवस्था छ । यो विश्लेषणले आन्दोलनमा, निर्णय गर्ने ठाउँमा, नीति बनाउने ठाउँमा र परिचालन गर्ने क्रममा कसको सहभागिता कुन तहमा छ भन्ने कुरा हेर्न पनि सहयोग पुग्छ । यो सन्दर्भमा सबभन्दा पहिला श्रमजीवी वर्गलाई नै हामीले कसरी वर्गीकरण गर्ने भन्नेतर्फ पनि हेर्नुपर्छ भन्ने लाग्छ । हामीले श्रमिक नियन्त्रित ट्रेड युनियनको जुन कुरा गरिराखेका छौं, यो हामी आफैले पनि अब अध्ययन गर्नुपर्ने र आफैले त्यो प्रक्रिया सुरु गर्नुपर्ने आवश्यकता छ । ९० प्रतिशत श्रमिकहरू अनौपचारिक क्षेत्रमा हुँदा हुँदै पनि अहिलेसम्म हाम्रो ट्रेड युनियनको काम चाहिँ औपचारिक

क्षेत्रमा बढी केन्द्रित भएको हो भने यसको बारेमा पनि हामीले पुनर्विचार गर्नुपर्ने हुन सक्छ। "पार्टीले युनियन चलाउने हो कि श्रमजीवी वर्गले पार्टी चलाउने हो अथवा यी दुई बीचको सम्बन्ध के हुने" भन्ने प्रश्न उठेको छ।

राजनीतिक पार्टी र सामाजिक आन्दोलनसँग कुन कुन क्षेत्रमा कसरी ट्रेड युनियन आन्दोलनले आफ्नो कामलाई समन्वय गरेर जान सक्छ र कुन कुन क्षेत्रमा एकअर्कालाई सहयोग गर्ने स्थिति रहन्छ भन्ने निर्क्यौल गरेर जान सके समस्याहरू रहदैनन् भन्ने लाग्छ । पार्टी र युनियनको साथीहरूकै बीचमा छलफल गरेर स्पष्ट भएर जान सके आन्दोलनलाई सशक्त बनाएर जान सहयोग पुग्छ। ट्रेड युनियन आन्दोलनलाई विश्वव्यापी रुपमा नै ऐक्यबद्धता आन्दोलनको रुपमा विकास गर्न र स्थानीय आन्दोलनलाई अन्तर्राष्ट्रिय आन्दोलनसँग जोड्नको लागि सोच्नुपर्छ भन्ने लाग्छ। श्रमजीवी वर्गको बीचमा अथवा कसरी तलसम्म आधारभूत अधिकारका कुराहरूलाई हामीले पुऱ्याउन सक्छौं भन्ने सवाल पनि छ। श्रमजीवी वर्गका आधारभूत तहमै हामीले राजनीतिक विषय र आधारभूत अधिकारका कुराहरूलाई लैजाने र त्यहाँबाट हामीले हाम्रो राजनीतिक प्रक्रियामा फिडब्याकहरू लिने कुराको कुन चाहिँ सबभन्दा उचित र उत्तम विधि हुन सक्छ भन्ने सन्दर्भमा ट्रेड युनियन र राजनीतिक पार्टी दुबै पक्षबाट सोचिनु जरुरी छ। सामाजिक सुरक्षाको र कल्याणकारी राज्यको सन्दर्भमा खासगरी राजनीतिक पार्टीको दृष्टिकोण स्पष्ट भएर आउँदा ट्रेड युनियनकै हिसाबले पनि यसलाई तलसम्म लैजानको लागि धेरै सहयोग पुग्छ भन्ने लाग्छ।

## कमल गौतम



वर्ग रुपान्तरणको मुख्य कारक तत्व खुला अर्थतन्त्र पनि हो भन्ने लाग्छ । शोषण र यसका आधारहरू जुन विवेचना भएको छ ज्यादै राम्रो छ । हामीले रिक्सा मालिक र रिक्सा मजदुरलाई कुन रुपमा लिने ? हामीले विश्वव्यापीकरणलाई खाली नकारात्मक ढङ्गले मात्र अलि बढी लियौं कि भन्ने कुरा आएको छ । यसको सकारात्मक पक्षलाई पनि हामीले सँगसँगै अगाडि सार्दा फाइदा हुन्छ । जस्तै, हाम्रोजस्तो आधारभूत संरचना तयार नभएको मुलुकमा विश्वव्यापीकरणले फाइदा पो गरेको छ कि?! जुन बहुराष्ट्रिय निगमहरू आएका छन् त्यसले रोजगारी थपेको छ भन्ने मैले महसुस गरेको छु । ठीकै हो, हिजो खोलामा गिट्टी कुटेर खानेको सङ्ख्या जुन थियो अब क्रसरले निषेध गरेको छ । तर त्यो क्षेत्र बढिरहेको छ, त्यसमा रोजगारी बढिरहेको छ । कृषि क्षेत्र बाहेक अन्य क्षेत्रमा पूर्वाधार तयारै नभएका मुलुकहरूमा अविकसित मुलुकहरूमा, विश्वव्यापीरणले फाइदा पुगेको छ कि ! नेपाली श्रमिकहरू पनि अन्तर्राष्ट्रिय श्रम क्षेत्रमा आफ्नो पहुँच राख्ने खालको हैसियतले काम गर्न थालेका छन्, त्यो पाटोलाई पनि हेर्नुपर्छ जस्तो लाग्छ । अतिरिक्त मूल्यको सिद्धान्तमा पनि थपव्याख्या गर्न जरुरी छ । जापान, युरोपका मुलुकहरूमा यो सिद्धान्तले त्यति काम नगरेको हो कि भन्ने मलाई लागेको छ । मार्क्सवाददेखि अहिलेसम्म विचारधारात्मक रुपमा जे जत्ति थपिएका छन्, तिनको बारेमा र उत्तर आधुनिकतावादको बारेमा अझ गहन ढङ्गले अध्ययन गर्नुपर्छ भन्ने लाग्छ ।

**बिना श्रेष्ठ**



यहाँ पार्टीका कमरेडहरू पनि हुनुहुन्छ । हाम्रै पार्टीका कमरेडहरूको वर्ग पनि रुपान्तरित भइराखेको मलाई महसुस भइराखेको छ । नेकपा (एमाले)ले आफ्नो पार्टी सुदृढ गर्ने क्रममा अब हामी यो वर्गमा छौं भन्ने किटानका साथ अगाडि बढ्नुपर्छ भन्ने लाग्छ । पार्टीले पछिल्लो कालमा आएर जसरी जातीय सङ्गठनहरूको निर्माण गरेको छ, यसले विचलन ल्याउँछ भन्ने मैले महसुस गरेको छु । यो जातीय सङ्गठन बनाउने भन्दा पनि अल्पविकसित रुपमा रहेको जातिलाई उठाउने कुरा राम्रो हो ।

**चूडामणि जंगाली**



हाम्रो मुलुकमा अहिले पनि भूमिहीन मान्छेहरूको सङ्ख्या ठूलो छ । तथ्याङ्कको आधारमा भन्ने हो भने अहिले ८ लाख परिवारभन्दा बढीसँग खेतीयोग्य भूमि छैन । त्यसमा पनि लगभग २ लाखभन्दा बढी दलित श्रमिकहरू छन्, उनीहरूसँग घडेरी पनि छैन । उत्पादनको साधनमा उनीहरूको पहुँच भएन भने ती श्रमिकहरूमाथि न्याय हुन सक्दैन । अहिले पुनर्संरचनामा जाँदा मुलुकमा रहेका झण्डै १४ प्रतिशत उत्पीडित दलितहरूको बारेमा ख्याल गर्नुपर्छ । उनीहरूले सीप आधारित आफ्नो हैसियत गुमाएका छन्, सामाजिक हिसाबले "अछूत"को रूपमा उनीहरू वहिष्कृत छन् ।

अहिले जति पनि नयाँ नयाँ मुद्दाहरू आएका छन् भन्ने कुरा उठेको छ, सारमा ती सबै पुरानै मुद्दा हुन्; रुपमात्रै फेरेर आएका । नयाँ ढङ्गबाट त्यसको उत्तर खोज्न सकिएन भने हामीले सोचेको रुपान्तरणको दिशातिर मुलुक जान सक्दैन भन्ने लाग्छ ।

**घनश्याम भुसाल**



अलाइनेसन (अलगाव) को बारेमा हाम्रो व्याख्या एकतर्फी भयो कि भन्ने लाग्छ । मार्क्सले अलाइनेसनको बारेमा गरेको विश्लेषण यो पुँजीवादी समाज कति अमानवीय आधारमा टिकेको छ भन्ने मुख्य प्रस्थापना हो । एकातिर वस्तु र पुँजीवादले श्रमिकलाई अमानवीय बनाउँदै जान्छ र त्यो अमानवीयकरणको कर्ता आफै भएको हुनाले पुँजीपति आफै अमानवीय छ । यसरी समग्रतामा समाजलाई यसले अमानवीय बनाउँछ भन्ने यसको मुख्य प्रस्थापना हो भन्ने मैले बुझेको छु । यसर्थ, अहिलेको व्याख्यामा के देखिन्छ भने मजदुर चाहिँ अमानवीयकरण तर्फ जाँदैछ भनेर भनेपछि पुँजीपतिको बारेमा भने त्यो मानवीय हुन्छ अथवा त्यो मानवीय छ भन्ने देखिन्छ । यस्तो होइन । समाजलाई नै त्यसले अमानवीयकरण गर्छ । एकातिर मजदुरलाई, एकातिर आफैलाई भन्ने अर्थमा भन्ने व्याख्या भएन भने त्यो एकलकाँटे हुन्छ कि भन्ने लाग्छ। मार्क्सकै प्रस्थापनाबाट सुरु गरौं भन्ने मेरो अनुरोध हो । त्यो पुँजीको तेस्रो खण्डको अन्तिम लेख हो र मार्क्सले वर्ग भन्ने शीर्षकमा एक पेजमात्रै लेखे ।

त्यसमा उनले दुई वटा आधार देखाएका छन् । जीवनयापनको स्रोत के हो र त्यसको स्तर कति हो भनेर देखाएका छन्। त्यो विधिबाट अहिले पनि संसारभरि

वर्गको विश्लेषण गर्न सकिन्छ भन्ने लाग्छ । जीवनयापनको स्रोत श्रम हो, श्रम गरेर जो खान्छ त्यो श्रमिक हो, नाफा जसले लिन्छ त्यो पुँजीपति हो । मध्यम वर्गलाई मार्क्सले त्यति ठाउँ दिएका छैनन् । तर अहिलेको जीवनलाई हेर्दा, अहिलेको संसारलाई हेर्दा मध्यम वर्ग देखिन्छ, यो सत्यलाई मान्नुपर्छ । जो नाफा पनि गर्छ र अर्काको श्रम पनि शोषण गर्छ त्यो मध्यम वर्ग हो । यसरी पेशा पेशामा बाँड्दै गयौं भने हाम्रो वर्ग सङ्घर्ष झन् फितलो हुँदै जाने, झन् छितरिँदै जाने र धेरै जनगणलाई एक ठाउँमा राखेर प्रतिक्रियावादको विरोधमा अथवा सामाजिक रुपान्तरणको पक्षमा हामी जान सक्दैनौं । हामी समाज परिवर्तन गर्ने कर्मीहरू पनि हौं । यस अर्थमा त्यो सिद्धान्तलाई हाम्रो अनुकूल बनाएर व्याख्या गर्नको लागि सोच्न मेरो अनुरोध छ ।

### ईश्वर पोखे्रल



श्रमको विविधीकरणको सूक्ष्म व्याख्या, गम्भीर ढङ्गको विश्लेषण नहुने हो भने परिवर्तनको लागि अगाडि सारिएको श्रमिक आन्दोलनले गन्तव्य प्राप्त गर्न सक्दैन । अहिले राजनीतिक आन्दोलनमा श्रमको यो विविधीकरणलाई राम्ररी चिन्हित गर्ने कुरामा समस्याहरू छन् भन्ने लाग्दछ । श्रमलाई परम्परावादी ढङ्गले बुझ्ने र व्याख्या गर्ने, त्यस आधारमा श्रमिक आन्दोलनलाई चिन्न खोज्ने बुझाइबाट अहिले पनि पार्टीका नेताहरू ग्रस्त छौं । यो जडतालाई तोड्ने कुरा अहिले चुनौतीको रुपमा रहेको छ । यो चुनौतीलाई ख्याल गरेर जिफन्टले शोधमूलक ढङ्गले आधारभूत तहमा, कार्यथलोमा गएर केही अध्ययन र विश्लेषण अगाडि नसार्ने हो भने, जडतामा धक्का नमार्ने हो भने श्रमिक आन्दोलन गन्तव्यमा पुग्न सक्दैन ।

जहाँसम्म वर्ग विश्लेषणको कुरा छ, डा. शिव शर्माले उत्पादनका साधनहरूमाथिको स्वामित्वको प्रश्नमा मात्रै आधारित भएर वर्ग विश्लेषण गर्नुभन्दा अहिलेको परिवर्तित सन्दर्भलाई ख्याल गरेर वर्ग विश्लेषणका केही नयाँ आधारहरू पनि लिनुपर्छ भन्ने आशय व्यक्त गर्नुभयो। वर्ग विश्लेषणका आधारभूत जुन सर्तहरू, मान्यताहरू हुन्, त्यसमा परिवर्तन गर्नुपर्छ भन्ने मलाई लाग्दैन। किनभने समाज विकासको एउटा वैज्ञानिक निष्कर्षद्वारा हामीले के बुझेका छौं भने उत्पादनका साधनहरूको विषय भनेको समाज विकासलाई चिन्ने एउटा महत्वपूर्ण वैज्ञानिक आधार हो । त्यसो हुनाले हामी त्यहाँबाट फर्कन सक्दैनौं । यो मूल कुरा हो । तर सँगसँगै, उत्पादनका साधनहरूमाथि स्वामित्वको प्रश्न मात्रै होइन, सम्पत्ति आर्जनका उपायहरू पनि योसित सम्बन्धित छ । आर्जित सम्पत्तिको मात्राको विषय पनि छ। जीवन शैलीको विषय पनि छ। हामीले वर्ग विश्लेषण थाल्दा, हामीले आफ्नो कार्यथलोको विश्लेषण गर्दा यी आधारहरूलाई पनि ख्याल गरेका हौं । आज हामीले नयाँ आयामहरूको बारेमा सोचिरहेको बेला विगतमा हामी कुन आधारमा उभिएका थियौं भन्ने कुरा बिर्सनु हुँदैन । र, अहिले श्रममा 'विविधीकरण'को जुन चरित्र विकास हुँदैछ, यसलाई हामीले सूक्ष्म ढङ्गले विश्लेषण गर्नु पर्दछ। हिजो परम्परागत ढङ्गले बुझ्न खोजेको उत्पादनका साधनहरूलाई त्यही हिजोको बुझाइकै आधारमा अहिले छाम्न खोज्यौं- बुझ्न खोज्यौं भने सायद सम्भव हुँदैन। नयाँ स्थिति देखा परेको छ। बरु त्यसमा हाम्रो अध्ययन केन्द्रित हुनु पर्‍यो- उसले सम्पत्ति आर्जन गर्ने माध्यमहरू के हो, शोषण गरेर हो वा आफ्नो श्रमशक्ति बेचेर हो ? यी मूलभूत कुराहरू हुन्। जतिसुकै परिवर्तन होस् यो ऐतिहासिक भौतिकवादले सिकाएको एउटा विषय हो । यस आधारमा नै हामीले बुझ्नुपर्छ भन्ने लाग्छ।

वर्ग विश्लेषणको सन्दर्भमा नजानिंदो किसिमले एउटा परम्परावादबाट हामी आक्रान्त पनि छौं। जस्तो, एकचोटि वर्ग विश्लेषण गरिदिएपछि सधैंभरि पुग्यो,

यस्तो हुन सक्दैन । वर्ग विश्लेषण निरन्तरको प्रक्रिया हो । वर्गहरू निरन्तर परिवर्तन भइरहने हुँदा परिवर्तन चाहने शक्तिहरूले निरन्तर वर्ग विश्लेषण गरिरहनु पर्दछ । वर्गहरूमा आएको निरन्तर परिवर्तनलाई सूक्ष्म ढङ्गले अध्ययन गरेर आफ्ना वर्गनीतिहरू, वर्गदृष्टिकोणहरू निर्माण गरिनु पर्दछ । १५-२० वर्ष अगाडि गरेको वर्ग विश्लेषणको आधारमा नीतिनिर्माण गर्ने कोसिस गऱ्यौं भने प्रश्नहरू ताजा हुन्छन्, उत्तर बासी हुन जान्छ । दुःखका साथ भन्नुपर्छ, हामी वर्ग विश्लेषणमा रुचि राख्नेहरू पनि वर्ग विश्लेषणबाट विमुख हुँदैछौं । त्यसैहुनाले हाम्रो वर्ग नीति भुत्ते हुने, वर्ग दृष्टिकोणहरू कमजोर हुने र वास्तवमा लडाइमा को शत्रु र को मित्रहरू हुन् भन्ने छुट्याउन नसक्ने भएका छौं ।

एउटा मूलभूत मुद्दा- 'नेकपा एमाले र जिफन्टको बीचमा सम्बन्ध के हो ? यो वर्किङ पार्टनर मात्रै हो वा एमालेको जनसङ्गठन हो ?' यो गम्भीर छलफलको विषय छ । यो उठ्दै छ । यसको समुचित उत्तर औपचारिक ढङ्गले आइसकेको छैन । वास्तवमा हामीले जिफन्टलाई एमालेको जनसङ्गठन बुझ्दै आएका छौं । तर यसको कामको चरित्रले यो जुन दिशातर्फ जाँदैछ र जुन बृहत ढङ्गले आफूलाई लैजान खोज्दैछ । यो वर्किङ पार्टनर हुनुपर्छ भनेर यसका दस्तावेजहरूमा आउन थालेका छन् । जिफन्ट र एमालेको नेतृत्वको बीचमा यो विषयलाई कसरी बुझ्ने हो ठेगान गर्न बाँकी छ । ठीक ढङ्गले यसको उत्तर आएन भने यसले पनि धेरै समस्याहरू सिर्जना गर्न सक्छ । यो कुरा श्रममा देखापरेको विविधीकरण, श्रमिक आन्दोलनको चरित्रमा आएको परिवर्तनलाई राजनीतिक उचाइबाट कसरी बुझ्ने र विश्लेषण गर्ने भन्ने कुरासित पनि गाँसिएको छ ।

**केशव बडाल**



डा. डिल्ली खनालले 'भूमिहीन हुने क्रम तीव्र ढङ्गले गइरहेको' भन्नुभएको छ, त्यसमा अलिकति सच्याउनुपर्छ । अहिले मलेसिया र खाडी क्षेत्रमा जाने क्रममा तीव्रता आएको छ- खासगरी तराई क्षेत्रबाट मैले धनुषा, महोत्तरी, सिराहा, सर्लाहीतिर सामान्य जानकारी लिंदा के प्रवृत्ति देखिन्छ भने जमिन, घडेरी, शहरको नजिकै, अलिकति बजारको नजिकै किन्ने, छोरीको विवाह गर्ने, त्यसपछि घर छैन भने घर किन्ने । पहिले करिब करिब भूमिहीन भएका मान्छेले जग्गा प्रशस्त मात्रामा जोडेका छन् र यो तरिकाले पनि भूमिहीनको तीव्रतालाई अलि रोक लगाएको छ । पुराना जुन भूमिहीनहरू छन्, जसले नागरिकता नै पाएका थिएनन् र पाएर पनि वैदेशिक रोजगारमा जान सकेका थिएनन्, उनीहरूको हालत चौपट छ । ८ लाख ३ हजार छाप्रो भएका, जमिन नभएका र २ लाख १७ हजार भूमिहीन, त्यसमा पनि अधिकांश दलित छन् । तराईका दलितहरू, झनै पीडित छन् । १२ वर्ष पहिले उच्चस्तरीय भूमिसुधार आयोगले प्रतिवेदन प्रस्तुत गर्दा, "कसरी यो तथ्याङ्क आयो ? भूमिहीन १० लाख त छँदै छैन" भनेर सारा विशेषज्ञहरूले हामीलाई भन्थे । तर सन् २००१ को तथ्याङ्कले १० लाख २० हजार भूमिहीन किसान देखायो । त्यसबीचमा नेकपा (एमाले)कै प्रयत्नले ६५ हजार परिवारले जमिन पाएका छन् । त्यो पहिलेको तथ्याङ्क ठीकै रहेछ र तीव्र ढङ्गले भूमिहीन हुने क्रम भएको पनि होइन । पुराना भूमिहीनलाई कसैले जमिन दिएर धेरै थोरै पाएको पनि होइन । ११ हजार कमैया परिवारले जमीन पाएका छन् । भूमिहीनता घट्ने क्रममा छ, एकदम तीव्र बढ्दैछ भन्ने निराशाजनक तस्बीर प्रस्तुत नगरौं भन्ने मेरो आशय हो ।



# प्रत्युत्तर

- शिव शर्मा

आएका टिप्पणी र सल्लाहले बुद्धि विकास गर्न मद्दत नै गर्छ। वास्तवमा हामीले व्यवस्थित रुपमा अध्ययन गर्ने प्रक्रिया थाल्यौं । जिफन्टको योजना आयोगको सदस्यको रुपमा सल्लाहकार भएको नाताले यसलाई भोलिको दिनमा कसरी अलि बढी बुझ्ने किसिमले, बढी काम लाग्ने किसिमले बढाउन सकिन्छ भन्नेमा हामी लाग्छौं, मेरो सहभागिता रहिरहने छ ।



# प्रत्युत्तर - गोविन्द नेपाल

दुई वटा कुरामा अलिकति प्रस्ट गर्नुपर्ने देखिरहेको छु । एउटा त, विश्वव्यापीकरणबाट श्रमिकहरूले पनि प्राप्त गरिराखेका फाइदाबारेमा कुरा आएन, सकारात्मक कुरा मौन भयो, खाली नकरात्मक कुरा आए भन्ने छ । त्यसमा खास के हो भन्दा, हामीले श्रमिकलाई कति फाइदा भयो बेफाइदा भयो, भन्ने भन्दा पनि अलाइनेसनको प्रक्रिया कस्तो छ, त्यसमा कति तीव्रता आएको छ, भन्ने हेरेका हौं । जुन चार वटा पक्षमा अलाइनेसनको कुरा आयो, त्यो त्यहाँ विद्यमान छ र त्यसमा तीव्रता पनि छ भन्ने हो । यद्यपि, त्यसमा जाँदा यसका सकारात्मक कुराहरू पनि आउन सक्छन् । डेनमार्कको हामीले चर्चा गऱ्यौं, ३२ हजार कामदारले काम गरिरहेको बियर फ्याक्ट्रीमा पछि मेकानाइजेसनका कारण करिब २०० ले मात्र काम गर्नपाए । तरपनि, तिनीहरू जो रोजगारबाट मुक्त भए, तिनीहरूको अवस्था भने चिन्ताजनक छैन, उनीहरूले अन्य रोजगार प्राप्त गरिरहेका छन् । यो सत्य हो । यस सन्दर्भमा जोसेफ स्टिगलिजको 'ग्लोबलाइजेसन एण्ड डिस्कन्टेन्ट' भन्ने किताबमा प्रस्ट रुपमा के भनिएको छ भने विकसित देशहरूमा सामूहिक सौदावाजी प्रक्रिया उच्च भएको हुनाले र सबै श्रम मापदण्डहरू कायम गर्ने हुनाले त्यहाँ रोजगारबाट बाहिरिएका मानिसहरूको पनि तुरुन्त पुनर्स्थापना हुन सक्ने स्थिति छ; विभिन्न सामाजिक सुरक्षाको कारणले गर्दा आर्थिक हैसियत श्रेयस्कर हुनसक्छ । तर विकासोन्मुख देशहरूमा राज्य पनि कमजोर र सामाजिक सुरक्षा प्रणाली पनि नभएको हुनाले त्यहाँ रोजगारबाट हात धुँदा श्रमिकको विचल्ली हुनसक्छ । यो किसिमको पीडाहरू देखिन्छ । हामीकहाँ पनि निजीकरण भएका उद्योगहरूबाट विस्थापित श्रमिकहरूको अहिले के अवस्था छ भन्ने यथार्थतः थाहा छैन, तर सामान्यतः उनीहरूको रोजगारीको स्थिति, सुरक्षाको स्थितिहरू राम्रो नभएको अनुमान गर्न सकिन्छ ।



## "पदार्थ कहिल्यै विनाश हुँदैन" भन्ने मार्क्सको परिभाषा थियो

- मुकुन्द न्यौपाने, सत्रका सहजकर्ता

अब हामी सत्रको अन्तिममा पुग्यौं । मलाई पनि केही जिज्ञासाहरू आए । यहाँ धेरै कुराहरू मार्क्सवादको सेरोफेरोमा रहेर उठेका छन् पुँजीवाद, वर्ग, सर्वहारा । कतिपय विषयहरू अर्थशास्त्र र दर्शनशास्त्रका पनि उठे । जसरी समय निरन्तर फेरिंदै जान्छ बुझाइहरू फेरिएनन् भने हामी रुढीवादी हुन्छौं भन्ने मार्क्सवादकै केही उदाहरणहरू दिन चाहन्छु ।

मार्क्स जतिखेर अध्ययन गर्दै हुनुहुन्थ्यो त्यो बेला फायरवाखको सिद्धान्तहरू पनि उहाँको निम्ति अत्यन्त नयाँ थिए । तर उहाँले के आरोप लगाउनुभयो फायरवाखको भौतिकवाद भनेको रुढीवादी भौतिकवाद हो । जतिखेर फायरवाख लेख्दैथिए त्यतिखेर विज्ञानको विकास अत्यन्तै कमजोर थियो । एंगेल्सले फायरवाखको बारेमा लेख्दा के भन्छन् भने विज्ञानले जे स्तरको विकास गरेको थियो त्यही अनुसार उनले खोज गरे । त्यसैले अलिकति भौतिकवादको पक्षमा लेख्ने काम गरे । मार्क्सलाई त्यही आरोप मार्क्स मरिसकेपछि लाग्यो । मार्क्सले परमाणुलाई पदार्थको अन्तिम रुप हो भन्ने अर्थमा व्याख्या गर्नु भयो । "पदार्थ कहिल्यै विनाश हुँदैन" भन्ने मार्क्सको परिभाषा थियो । पछि जब परमाणुमा इलेक्ट्रोन र प्रोटोन फेला पऱ्यो, पुँजीवादी दार्शनिकहरूले मार्क्स असफल हुन्, किनभन्दा उनले पदार्थ विनाश हुँदैन भनेका थिए, परमाणु अन्तिम रुप भन्थे । इलेक्ट्रोन पदार्थ होइन, त्यसले हरेक परमाणु इलेक्ट्रोनमा फेरिंदै जान्छ र यसरी विनाश हुन्छ, एक समयमा यो पदार्थ सबै विनाश हुन्छ भनेपछि मार्क्स असफल भए भने लेनिनले मार्क्सको रक्षामा पदार्थको परिभाषा भन्ने लेख लेखे । उनी के भन्छन् भने मार्क्सको बेला विज्ञानले त्यो तहसम्म विकास गरिसकेको थिएन । विज्ञानले इलेक्ट्रोन पत्तै लगाएको थिएन, परमाणु मात्रै पत्ता लगाएको थियो । त्यसैले मार्क्सले त्यो तहसम्म मात्रै विश्लेषण गर्नुभयो । त्यसैले इलेक्ट्रोन पनि

पदार्थ हो । चेतनाभन्दा बाहिर रहेका सबै कुरा पदार्थ हुन् भनेर पुँजीवादी दार्शनिकहरूको खण्डन गर्दै मार्क्सको बचाउ लेनिनले गरे ।

यसरी हामी के देख्छौं भने, विज्ञानको स्तर जति अगाडि बढ्दै जान्छ त्यति त्यति दर्शन पछि पछि कुद्दै गएको देखिन्छ । यसरी हेर्दै जाँदा विज्ञानले दिएको ज्ञानलाई प्रयोग गरेर दर्शन अगाडि बढेको देख्छौं । अलिकति युद्धको क्षेत्रमा चर्चा गर्ने हो भने मार्क्सको कुनै किताबमा हवाइ युद्धको चर्चा छैन । लेनिनका कुनै किताबमा परमाणु युद्धको चर्चा छैन । तर माओ-त्से-तुङको किताबमा परमाणु युद्धको चर्चा छ । तर ७० को दशक उता जाँदा स्टार वारको कुरा माओ-त्से-तुङका किताबमा पनि छैन । त्यसैले विज्ञान र प्रविधिको विकास सँगसँगै ज्ञान र दर्शन पनि फेरिनु पर्दोरहेछ । दर्शनले पनि आफ्ना मान्यता फेर्दै गएको यी कुराबाट देखिन्छ । मार्क्सको अकाट्य सत्य म एउटै कुरालाई मान्छु द्वन्द्वात्मक भौतिकवादको सार छ ! "निरन्तर विकास, निरन्तर नवीकरण र निरन्तर अग्रगमन, यो नै विकासको सार कुरा हो । आजको समाज आजको मान्छे आजका मान्छेको सम्बन्ध कुन स्तरमा छ, त्यही स्तरबाट तिमीले केलायौ भने द्वन्द्ववादलाई फेला पार्छौ ।"

अन्तिममा मलाई प्रस्तुतिहरू र टिप्पणीहरूबाट मानव जातिको बारेमा अझ अध्ययन गर्न कति हो कति बाँकी रहेछ भन्ने अनुभूति भएको छ । यसतर्फ अलिकति ध्यान जाओस् । वास्तवमा चेतना भनेको के हो भन्ने बारेमा मानव र जीवनको बारेमा पनि जोडेर अध्ययन गरियोस्, विद्वानहरूलाई मेरो सुझाव मात्रै हो ।

मेचीदेखि महाकाली सम्मका हाम्रा महासंघका साथीहरूमा सुन्ने धैर्यता प्रशस्त रहेछ, समय थोरै भएछ । ७ दिनको कार्यक्रम चलाउनुपर्ने रहेछ भनेर महसुस भएको छ । बढी दिन लगाएर यस्तै कार्यक्रम फेरि हुने नै छ भन्ने आशा राख्दै अहिले यसपटकको सबै कार्यक्रम समाप्त भएको घोषणा गर्दछु ।

वर्ग संरचना र स्वामित्वको विषय ४०७
- डा. शिव शर्मा

विश्वव्यापीकरणको सन्दर्भमा पराइकरणको सिद्धान्त ४१०
- डा. गोविन्द नेपाल

# कार्यपत्र र सन्दर्भ सामग्रीहरू

# वर्ग संरचना र स्वामित्वको विषय

- डा. शिव शर्मा

**वर्ग संरचना र स्वामित्व**

श्रम विभाजन (Division of Labour) ले समाजलाई वर्गमा विभाजन गर्‍यो र स्वाभाविक रुपले वर्ग बीच खिचातानी (द्वन्द्व) शुरु भयो ।

वर्ग बीच खिचातानी (द्वन्द्व) हुन्छ

**वर्ग विभाजनको आधार**

- उत्पादनका साधनमा स्वामित्व र प्रयोग
    - जमिन, पुँजी, प्रविधि, कच्चा पदार्थ
    - (हुँदाहुँदा 'वर्ग' शब्दको प्रयोग मनलाग्दो भएको छ)
- श्रमिक वर्गले सबै वा प्रायः सबै श्रम खर्चने, साधन स्वामीले सबै वा प्रायः सबै फाइदा लिने
- जसले उत्पादनका साधन नियन्त्रण गर्छ, उसले श्रम गर्नेको शोषण गर्छ
- पुँजीवादी समाज / उत्पादन प्रणालीमा श्रमिकले उत्पादनमा पुर्‍याएको योगदान भन्दा कम पाउँछ

मार्क्स भन्छन् : "जुन वर्गले समाजको आर्थिक जीवनमा नियन्त्रण गर्छ, उसैले सामाजिक जीवनका सबै पक्ष नियन्त्रित गर्छ ।"

- सिंगो राजनीतिक, सामाजिक, धार्मिक, सांस्कृतिक, कानुनी पक्षहरू वर्ग शोषणका पृष्ठपोषकका रुपमा विकसित हुन्छन्
- संरचनात्मक परिवर्तन त्यसैको लागि ?
- न्यायोचित ज्याला, सम्मानजनक काम आदि मात्र मुद्दा होइनन्
- वर्ग संरचना हेर्ने / बुझ्ने प्रचलित तरिकाहरू
    - सम्पत्ति सम्बन्ध / भूमि सम्बन्धमा आधारित
    - औद्योगिक सम्बन्धमा आधारित (वस्तु तथा सेवा उत्पादन)
- कोसित कति उत्पादनका साधन (धेरै, मध्यम, थोरै) छ भन्ने आधारमा उच्च, मध्यम, निम्न मध्यम वर्गमा स्थान हुने
- श्रमको उपयोग र "शोषण" गौण रहने

- वर्ग संरचना विश्लेषण गर्ने अर्को बाटो - श्रमिकको लेखाजोखाबाट
- श्रम गर्ने थलो परिवर्तित
- कारखाना - श्रमिक चरित्रमा परिवर्तन
- सीप, कामका प्रकृतिमा विविधीकरण
- काम लगाउने को हो र सम्बन्ध के छ हेर्न
- शोषितको कोणबाट कुरा उत्थान गर्न
- श्रमिक बीचको विविधता बुझ्न

**मुख्य श्रमिक समूहहरू**

- कृषि श्रमिक
- उद्योग श्रमिक
    - औपचारिक
    - अनौपचारिक (इटा भट्टा लगायत)
- होटल/रेस्टुराँ श्रमिक
- व्यापार/पसल श्रमिक
- निर्माण श्रमिक
- यातायात श्रमिक
- भरिया श्रमिक
- रिक्सा चालक
- स्वरोजगार
    - उत्पादन
    - सेवा
    - व्यापार
- घरेलु कामदार
- घर आधारित काम गर्ने
- प्रवासी श्रमिक
- सुरक्षा श्रमिक
- शवेतपोषाक श्रमजीवी

**रिक्सा श्रमिक**

- रिक्सा धनी : २० देखि ३० हजार
- रिक्सा चालक : १ लाख
- स्वरोजगारी : स्वरोजगारी
- साधन : बहालको आधारमा
- भाडा : नियन्त्रित

- रिक्सा बहाल : अनियन्त्रित
  (Political Economy of decision making)
  - ट्याक्सी चालक श्रमिक पनि उस्तै
  - उत्पादनको साधनमा स्वामित्व, कि सानो पुँजी मुद्दा ??

**इटा भट्टा श्रमिक**

- स्वामित्व : प्रायः व्यक्ति
- सङ्ख्या : ५००
- श्रमिक : ३ देखि ४ लाख
- रोजगारी : मौसमी, वर्षको ६ महिना
- ज्याला : पीस रेट
  - शोषणको स्वरुप र माध्यम
  - Policy failure र शोषण

**वर्ग रुपान्तरण**

- राज्यको स्रोत साधन उपयोग/दुरुपयोग गरेर
- वित्तीय संस्थामा पहुँच लिएर
- उत्पादनका साधन (जग्गा) को मूल्य परिवर्तन
- वैदेशिक अवसरको उपयोग गरेर

**स्वामित्वको रुपान्तरण**

- समूह स्वामित्व
- सेयरको आधारमा स्वामित्व
- वैदेशिक लगानी
- संस्थागत स्वामित्व (सहकारी समेत)
- वर्ग विश्लेषणलाई गतिशील प्रक्रियाका रुपमा बुझ्नुपर्ने

**के खोजेका हौं ?**

- विद्यमान उत्पादन प्रणालीमा सामाजिक न्याय ?
- उत्पादनको साधनमा स्वामित्व ?
- उत्पादनका साधनमा अंश

# विश्वव्यापीकरणको सन्दर्भमा पराइकरणको सिद्धान्त

- डा. गोविन्द नेपाल

**पराइकरणको सिद्धान्त के हो ?**

- पराइकरण भन्नाले खास गरेर श्रमिकको श्रम माथिको नियन्त्रण गुम्नु मात्र हैन त्यो श्रमको उपयोगबाट बनेको वस्तु स्वयं श्रमिकहरूको विरूद्धमा उत्रने स्थिति पनि हो ।
- श्रमद्वारा निर्मित वस्तुमाथि श्रमिकको नियन्त्रण गुम्नुले वर्ग उत्पत्ति र वर्ग विभाजनलाई तीव्रता दिने गर्दछ ।

**मानवीय श्रमको प्रकृति र पशु श्रमको प्रकृतिमा भिन्नता**

- मानवीय आवश्यकता पूर्ति गर्न प्रकृतिमा श्रम गर्नु "मानव अस्तित्वको लागि प्रकृतिद्वारा लादिएको सर्त" हो ।
- बाँच्नको निम्ति मान्छे र पशु दुवैले श्रम गर्ने भए पनि मानवीय श्रम चेतनायुक्त हुन्छ भने पशुश्रम चेतनाहीन हुन्छ ।
- मान्छेले पुराना सफलताहरूमा टेक्दै नयाँ तरिकाहरूबाट उत्पादन गर्दै जान्छ भने पशुले आफ्नो पुरानै कार्यलाई बराबर दोहऱ्याउँछ ।
- श्रम एउटा गतिशील प्रक्रिया हो जसको माध्यमबाट श्रमिकले संसारलाई नयाँ आकार दिने र बदल्ने काम गर्दछ ।

**पराइकरणका पक्षहरू**

मार्क्सले "Economic and Philosophic manuscripts (1884)" मा पराइकरणको अवधारणाका चारपक्षहरूबारे चर्चा गरेका छन्ः-

क) श्रमिकबाट श्रमजन्य वस्तुको पराइकरण
ख) उत्पादन प्रक्रियाबाट श्रमिकको पराइकरण
ग) मानव मित्रहरूबाट श्रमिकको पराइकरण
घ) मानवीय प्रकृतिबाट श्रमिकको पराइकरण

**श्रमजन्य वस्तुबाट श्रमिकको पराइकरण**

- श्रमिक आफूले बनाएको वस्तुबाट टाढा हुन्छ, उसले बनाएको वस्तुमा अरूको (पुँजीपतिको) अधिकार/स्वामित्व स्थापित हुन्छ ।
- श्रमिकलाई उसले सिर्जना गरेको मूल्यभन्दा कम दिइन्छ । मालिकले बाँकी सबै हडप्छ ।
- श्रमिकले वस्तु उत्पादनमा सिर्जनात्मक शक्ति लगाउँछ तर त्यसको बदला उसले पैसा पाउँछ जसबाट लाउने-खाने चिज किन्न सकिन्छ तर सिर्जन शक्ति किन्न सकिदैन ।
- पुँजीवादमा श्रमिकले जति वस्तु बढी उत्पादन गर्दै जान्छ ऊ त्यति सस्तो वस्तुमा परिणत हुँदै जान्छ ।

**उत्पादन प्रक्रियाबाट श्रमिकको पराइकरण**

- श्रमिकहरूको उत्पादन प्रक्रियामा नियन्त्रण नहुँदा काम गर्ने वातावरण, काम गर्ने तरिका र काम गर्दा शारीरिक तथा मानसिक असर पर्ने कुराहरूमा श्रमिकहरूको कुनै नियन्त्रण हुँदैन ।
- काम गर्ने प्रक्रियामाथि श्रमिकको नियन्त्रण नहुने हुनाले उसले बाध्यतामा काम गरेको अनुभूति गर्दछ र उसको काम सिर्जनात्मक हुन सक्दैन ।

**श्रमिकहरूको मानव मित्रहरूबाट पराइकरण**

- आफूलाई शोषण गर्ने पुँजीपतिहरूबाट श्रमिकहरू टाढा हुन्छन् ।
- श्रमिकहरूले अरू श्रमिकलाई पनि श्रम बजारको प्रतिस्पर्धी ठान्छन् र भित्रबाट त्यति नजिक हुँदैनन् ।

**श्रमिकको मानवीय प्रकृतिबाट पराइकरण**

- बाध्यता र विवसतामा काम गर्ने र मेसिनभैंm काम गर्ने हुनाले श्रमिकहरूले सचेतनताका साथ संसार बदल्ने क्षमता राख्दैनन् ।
- श्रम विभाजनले प्रशस्त मात्रामा वस्तु उत्पादन गर्न त सक्यो तर पुँजीवादी प्रणालीमा सम्पत्तिको सिर्जना गर्ने श्रमिकलाई नै फाइदाबाट वन्चित गराइयो ।
- बाध्यात्मक श्रममा श्रमिकको इच्छा, आकाङ्क्षा, चाख र क्षमता प्रतिविम्बित हुँदैन ।

**पराइकरणको प्रभाव**

- सिर्जनशीलता र नवीनतम प्रयोगको कमी
- श्रम गर्दा मानव सन्तुष्टिको अभाव
- आर्थिक-सामाजिक असमानता र सम्पन्नता बीचको गरिबी

- वर्ग सिर्जना र वर्ग संघर्ष तथा द्वन्द्व र अशान्ति
- नाफाको निम्ति वातावरणीय विनाश
- मानवतामाथि खतरा

**विश्वव्यापीकरण**

- विश्वव्यापीकरण परिवर्तनको एउटा यस्तो प्रक्रिया हो जसले संसारको हरेक भौगोलिक क्षेत्रको अर्थ व्यवस्था, प्रविधि, राजनीति, सञ्चार, सभ्यता र वातावरणलाई प्रभाव पारेको हुन्छ ।
- यो एउटा यस्तो प्रक्रिया हो जसले पुँजी, प्रविधि, वस्तु तथा मानवको अन्तरमहाद्विपीय, क्षेत्रीय प्रवाहमा गुणात्मक एवं मात्रात्मक वृद्धि गर्दछ एवं क्षेत्रीय विश्वव्यापी सञ्जाल सिर्जना गर्दछ र शक्तिको पुनर्विन्यास गर्दछ ।

**विश्वव्यापीकरण र पराइकरण**

- विभिन्न भौगोलिक क्षेत्रमा विभिन्न पार्टपूर्जाको उत्पादन तथा वस्तु निर्माण प्रक्रियाले गर्दा श्रमिकहरू आफूले कतिपय अवस्थामा के वस्तुको निर्माण किन गर्दैछन् भन्ने कुरा पनि थाहा नपाउन सक्दछन् । यसले गर्दा वस्तुबाट त्यसका निर्माता श्रमिकहरू झन् टाढा हुँदै जान्छन् ।
- पुँजी र प्रविधिको बढ्दो गतिशीलताले तुलनात्मक रूपमा स्थिर श्रमिकहरूको बढी शोषण गर्दैछ र पुँजीपतिले बढी अतिरिक्त बचत प्राप्त गर्दैछ अर्थात श्रमिकहरूको शोषण गर्दैछ ।
- उत्पादन प्रक्रियालाई धेरै उप प्रक्रियाहरूमा विभाजन गरी श्रम विभाजनको सिद्धान्त अनुसार प्रत्येक उप प्रक्रियामा एउटा-एउटा श्रमिकलाई काममा लगाउने हुँदा आधुनिक उत्पादन प्रणालीले श्रमिकलाई उत्पादन प्रक्रियाबाट अलग बनाउँदै लगेको छ ।
- उत्पादन प्रक्रिया श्रमिकको नियन्त्रणबाट झन् बढी बाहिरिदै छ ।
- नाफाको दौडमा मेसिनहरूले मानिसहरूसँग प्रतिस्पर्धा गर्दैछन् र श्रमलाई विस्थापित गर्दैछन् ।
- कामको निम्ति श्रमिकहरू बीचको प्रतिस्पर्धा बढ्दै छ र श्रमिकहरू आफ्नै मानिसहरूबाट पनि टाढा हुँदैछन् । ।
- विश्व्यापीकरणले राष्ट्रिय स्वायत्तताको क्षयीकरण गरेको छ र कल्याणकारी नीतिहरू तर्जुमा गरी श्रमिक वर्गको हक हित रक्षा गर्ने कुरामा बेलाबेलामा तगारो हालेको छ ।

**श्रमको सामाजिक रूपान्तरणको माध्यम**

- श्रमिक वर्गको हित प्रतिनिधित्व गर्न अन्तर्राष्ट्रिय, स्थानीय युनियनको निर्माण गर्ने
- नागरिक समाजका संस्थाहरूको माध्यमबाट "जनस्तरको विश्वव्यापीकरण" गर्दै अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय संस्थाहरूले श्रमिकसम्बन्धी लिने नीतिलाई प्रभावित गर्ने
- वस्तुगत प्रतिस्पर्धा बढाई उत्पादनमा पनि बढी योगदान दिने र आफ्नो पारिश्रमिक तथा सुविधा वृद्धि गर्ने

**सामाजिक रूपान्तरणको प्रक्रिया**

- औपचारिक क्षेत्रको रोजगारको अंशमा वृद्धि
- अन्तर्राष्ट्रिय श्रम मापदण्डको प्राप्ति
- अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय श्रम नीति तर्जुमामा सहभागिता
- व्यवसायमा साझेदारीको प्राप्ति

**सामाजिक रूपान्तरणको प्रभाव**

- श्रमिक वर्गको सामाजिक कार्यमा सहभागिता
- श्रमिक वर्गको व्यवसायमा सहभागिता
- सिर्जनात्मक कार्यमा लाग्ने श्रमिकहरूलाई समयको पर्याप्तता
- श्रमिकहरूको बालबच्चाहरूको गुणात्मक शिक्षामा पहुँच
- श्रमिकहरूको सवलीकरण (ज्ञान, सीप, सूचना तथा चेतनामा अभिवृद्धि)
- प्रतिष्ठित श्रम/मानवीयकरण

# सहभागी परिचय

## संयोजक – विष्णु रिमाल

- अध्यक्ष, नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)
- पोलिटब्युरो सदस्य : नेकपा एमाले
- संविधान सभा सदस्य : नेकपा एमाले
- इन्जीनियरिङ्ग र व्यवस्थापनको शैक्षिक पृष्ठभूमि तर राजनीति र श्रमिक आन्दोलनमा समर्पित पूर्णकालीन नेता
- श्रम र श्रमिकका एजेण्डा र विचारमा केन्द्रित दर्जनभन्दा बढी कृतिको सम्पादन र लेखन

## लेखक/प्रस्तोता

## लेफ बिजेलिन

- स्वीडेनका श्रमिकहरूको, केन्द्रिय सङ्गठन SAC का सक्रिय अधिकारकर्मी
- लुण्ड यूनिभर्सिटीको फार्माकोलोजी विभागका प्रोफेसर
- विगत २५ वर्ष देखि पचासौं पटक नेपाल भ्रमण गरिसकेका र नेपालका बारेमा असल जानकार
- स्वीडिस  पत्रिकाहरूमा नेपाल, नेपाली श्रमिक आन्दोलन र नेपाली समाजबारे लेखहरूको प्रकाशन

## अरोकिया दास

- मलेसियाको एउटा कारखानाबाट सक्रिय जीवनको शुरुआत
- सिगटुर- सचिवालयका संचालक यूनियनकर्मी
- एशिया प्रशान्त क्षेत्रिय श्रमिक ऐक्यबद्धता लिंक (ए पी डब्लु एस एल) का संस्थापकहरू मध्येका एक
- यातायात उपकरण  सम्बन्धी उद्योग र यूनियनका महासचिवको रुपमा लामो यूनियन गतिविधि । १९८६-८९ ट्रेड यूनियन गतिविधि बापत जेल जीवन
- वामपन्थी कोणबाट यूनियन आन्दोलन सम्बन्धी चिन्तन र लेखनमा संलग्न

## देवराज दाहाल

- त्रिभुवन विश्वविद्यालयका प्राध्यापक राजनीति शास्त्रका विद्वान
- फ्रेडरिक ईबर्ट फाउन्डेसन जर्मनीको नेपाल कार्यालयका प्रमुख
- राजनीतिक अर्थशास्त्रका अध्येता चिन्तन र लेखनमा निरन्तर सक्रिय व्यक्तित्व
- राष्ट्रिय अन्तर्राष्ट्रिय जर्नलहरूमा यत्रतत्र सैद्धान्तिक /वैचारिक लेखहरू तथा दर्जनौं पुस्तकहरू प्रकाशित

## राजन भट्टराई

- प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार
- परराष्ट्र मामिलाका अध्येता र शोधकर्ता तथा विज्ञ
- विद्यार्थी राजनीतिबाट सक्रिय राजनीतिक जीवनमा प्रवेश
- नेकपा एमाले विदेश विभागका सदस्य

## गौरी प्रधान

- राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता
- सिविनका संस्थापक कार्यकारी निर्देशक तथा अध्यक्ष
- बालश्रम प्रयोग विरुद्धको आन्दोलन र अभियानका नेपालमा सुरुआतकर्ता
- अस्सीको दशकका विद्यार्थी आन्दोलनका नेता

## कृष्ण उपाध्याय

- एन्टी स्लेभरी इन्टरनेसनल - लण्डनमा बाँधा श्रम विरुद्ध कार्यक्रमका कार्यक्रम अधिकृत- दक्षिण एशिया अभियानमा क्रियाशील
- सुरुमा विद्यार्थी आन्दोलनमा र पछि मानव अधिकारकर्मीको रुपमा इन्सेकमा संलग्न
- अनुसन्धानकर्ता र विद्यावारिधिको शोधमा समेत संलग्न

## डा. शिव शर्मा

- राष्ट्रिय श्रम प्रतिष्ठानका महासचिव
- अस्ट्रेलियाबाट कृषि श्रममा विद्यावारिधिको उपाधि प्राप्त
- उच्चस्तरीय भूमिसुधार  आयोग (२०५०) का सदस्य
- निरन्तर अनुसन्धानमा संलग्न अर्थशास्त्री
- दर्जनौं पुस्तकाकार कृति प्रकाशित

## मोदनाथ प्रश्रित

- नेकपा एमालेका नेता - वरिष्ठ राजनीतिक व्यक्तित्व एवं पूर्वमन्त्री
- ख्यातिप्राप्त कवि र साहित्यकार
- कैयौं पुस्तकका लेखक
- सांस्कृतिक /सामाजिक आन्दोलनका समेत अग्रणी चिन्तक

## घनश्याम भुसाल

- ८० को दशकका विद्यार्थी आन्दोलनका व्यक्तित्व र त्यसपछि सक्रिय राजनीतिमा क्रियाशील

- नेकपा एमालेका केन्द्रीय सदस्य
- युवा पुस्ताका अध्ययनशील, चिन्तनशील, राजनीतिक र समाजशास्त्रीय लेखनमा निरन्तर सक्रिय व्यक्तित्व
- पुस्तकाकार कृतिहरूको समेत प्रकाशन

## डा. गोविन्द नेपाल

- त्रिभुवन विश्व विद्यालयका प्राध्यापक
- उर्जा विज्ञ – जलस्रोतविद
- अनुसन्धान र लेखनमा निरन्तर क्रियाशील
- धेरै कृतिहरू प्रकाशित भइसकेका अर्थशास्त्री

## डा. अर्जुन कार्की

- कृषि विज्ञ – भूमि सम्बन्ध, वर्ग र द्वन्द्व विषयमा शोध र विद्यावारिधि प्राप्त
- गरीबी उन्मूलनका लागि दक्षिण एशियाली मञ्च (SAAPE) का संस्थापक
- नेपाल ग्रामीण पुनरर्निर्माण संस्था (RRN) का संस्थापक अध्यक्ष
- मानव अधिकार आन्दोलनमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त अधिकारकर्मी
- अल्पविकसित देशहरूको अध्यक्ष
- गैसस महासंघका अध्यक्ष

## उमेश उपाध्याय

- नेपाल ट्रेड यूनियन महासंघका महासचिव
- नेकपा एमालेका केन्द्रीय सल्लाहकार
- श्रमिक आन्दोलनमा निरन्तर क्रियाशील र श्रम सम्बन्धी अनुसन्धानमा सक्रिय
- धेरै कृतिहरूको सम्पादन र लेखन
- अर्थशास्त्री एवं त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक

## सत्राध्यक्ष / परिसंवादकर्ता

## ईश्वर पोख्रेल

- महासचिव, नेकपा (एमाले)
- पूर्व मन्त्री
- राजनीतिक लेखहरू लेखिरहने
- पुस्तकका लेखक

**शंकर पोखेल**

- सचिव, नेकपा (एमाले)
- मन्त्री
- राजनीतिक लेखहरू लेखिरहने
- पुस्तकका लेखक

**मुकुन्द न्यौपाने**

- जिफन्ट महाधिवेशन प्रतिनिधि परिषदका प्रमुख
- पूर्व अध्यक्ष, जिफन्ट
- पोलिटब्युरो सदस्य, नेकपा (एमाले)
- पूर्व श्रम मन्त्री

**केशव बडाल**

- पोलिटब्युरो सदस्य, नेकपा (एमाले)
- पूर्व मन्त्री
- राष्ट्रिय सहकारी संघका अध्यक्ष

**प्रदीप ज्ञवाली**

- पोलिटब्युरो सदस्य, प्रचार विभाग प्रमुख, नेकपा (एमाले)
- पूर्व मन्त्री

**रघुजी पन्त**

- पोलिटब्युरो सदस्य, नेकपा (एमाले)
- प्रधानमन्त्रीका प्रमुख सल्लाहकार
- पूर्व मन्त्री

**प्रमेश हमाल**

- पोलिटब्युरो सदस्य, नेकपा (एमाले)
- बेनलक्स देशका लागि राजदूत
- नेकपा (एमाले) केन्द्रीय लेखा समितिका सभापति
- अर्थ राजनीतिका विज्ञ

**योगश भट्टराई**

- केन्द्रीय सदस्य, नेकपा (एमाले)

## डा. डिल्ली खनाल

- अर्थ शास्त्री
- शोधकर्ता तथा पुस्तकका लेखक
- पूर्व सांसद
- राष्ट्रिय योजना आयोगका पूर्व सदस्य

## सहभागीहरू

- ललित बस्नेत
- विनोद श्रेष्ठ
- चूडामणि जंगली
- उद्धव केसी
- हरिदत्त जोशी
- विना श्रेष्ठ
- विन्दा पाण्डे
- विष्णु लम्साल
- जनक चौधरी
- जितेन्द्र जोंछें
- विदुर कार्की
- रमेश बडाल
- जितेन्द्र श्रेष्ठ
- दिपक पौडेल
- नरनाथ लुइटेल
- मधुसुदन खतिवडा
- दिनेश राई
- मोहन नेपाली
- कमल गौतम
- गुणराम आचार्य
- जोगीलाल यादव
- त्रिविक्रम ज्ञवाली
- धर्मानन्द पन्त
- केशवराज गिरी
- सुरेन्द्र राई -
- कमलेश झा
- देवबहादुर बम
- अमला श्रेष्ठ
- सीता लामा

- मञ्जु थापा
- ओम कोइराला
- कवीन्द्र शेखर रिमाल
- गोमा तिमिल्सिना
- वुद्धि आचार्य
- बलराम खत्री
- राजिव घिमिरे
- छविलाल उप्रेती
- सूर्यमोहन सुवेदी
- रेनुका पाण्डे
- मोतीराज सुनुवार
- कृष्ण रिमाल
- प्रल्हाद ओली
- गोविन्द भट्टराई

उत्पीडितहरूलाई सपना बाँडेर ल्याएको परिवर्तन वास्तवमा दिगो र प्रभावकारी हुँदैन । परिवर्तन भन्ने कुरा व्यक्ति वा समुदायले आफ्नै दैनिकी र अनुभवहरूबाट सिकेका श्रृङ्खलाबद्ध शिक्षण विधिबाट मात्रै सम्भव छ । आफ्नो वास्तविक जीवनबाट टाढा रहेर बुनेको सपनाहरूबाट बनेका परिवर्तनहरु यथार्थमा सही र टिकाउ हुँदैनन् ।

सपना बढी बाँडेपछि छिट्टै मोहभङ्ग हुन्छ,
अनि मान्छेहरु निराश हुन्छन् । हामी पनि पार्टीबाट
बढी अपेक्षा गर्छौं, र त छिट्टै सपना भाँचिन्छ,
अनि हामी कमजोर हुन्छौं । पार्टीहरूका बाध्यताले गर्दा पनि
अलि बढी सपनाको खेती हुने गरेको हो कि,
यो कुरालाई पनि हामीले मनन गर्नु जरूरी छ ।

www.gefont.org

printed in nepal by **gefont**

जिफन्ट प्रकाशन ११४

9 789937 819732